नेपाली पुरालेखन परिचय

डा. महेशकुमार आचार्य

लेखक परिचय :

नाम : डा. महेशकुमार आचार्य
पद : सह-प्राध्यापक
जन्म : रम्दी गाविस-२ प्यूठान, राप्ती अञ्चल,
स्नातकोत्तर शिक्षा : नेपाली इतिहास,संस्कृति तथा पुरातत्त्व केन्द्रिय विभाग त्रि.वि.बाट
विद्यावारिधि शिक्षा : मानविकी सङ्काय, डिनको कार्यालय त्रि.वि.बाट
हाल : नेपाली इतिहास, संस्कृति र पुरातत्त्व केन्द्रिय विभाग त्रि.वि. कीर्तिपुरमा प्राध्यापनरत

पदक तथा विभूषण :

१ नेपाल विद्याभूषण 'क' विद्यावारिधि उपाधि ~~प्राप्त गरे बापत सद्प्रतिबाट~~
२ महेन्द्र विद्याभूषण 'ख' स्नातकोत्तर तहमा (प्रथम ~~भए बापत) तत्कालीन राजा विरेन्द्रबाट~~
३ गोकुल चन्द्र स्वर्ण पदक, संस्कृति विषयमा स्नातकोत्तर तहमा ~~सर्वप्रथम भए बापत~~

अनुसन्धान तथा प्रकाशन

१ 'प्राग् इतिहास र पुरातत्वको परिचय' पाठ्य पुस्तक
२ 'नेपालको पुरातत्त्व र प्राचीन सभ्यता' पाठ्य पुस्तक
३ 'पोखराका नेवार समुदायमा प्रचलित प्रमुख जात्राहरु' विश्वविद्यालय अनुदान आयोगमा प्रस्तुत अनुसन्धान प्रतिवेदन
४ 'लिच्छविकालका सामाजिक कुरितिहरु' पृथ्वीनारायण क्यम्पस पोखराको अनुसन्धान समितिमा प्रस्तुत अनुसन्धान प्रतिवेदन
५ 'रोल्पा जिल्लाका खाम मगरहरुको सामाजिक सरचना' स्नातकोत्तर शोध प्रतिवेदन
६ 'गण्डकी क्षेत्रका मुसलमानहरुको संस्कृति र सास्कृतिक परिवर्तन' विद्यावारिधि शोध प्रतिवेदन
७ विभिन्न पत्रिकामा करिव २ दर्जन अनुसन्धान मुलक लेखहरु प्रकाशित ।

प्राक्कथन

सन् १८८० भन्दा अघि नेपालका मन्दिर र राजदरबार परिसरमा यत्रतत्र छरिएर रहेका अभिलेखहरू एक रहस्यका विषय मात्र रहेका थिए । ती अभिलेखमा विगतको इतिहास र संस्कृतिका महत्त्वपूर्ण विवरणहरू समेटिएको छ भन्ने कसैलाई थाहै थिएन । यस्ता अभिलेखका लिपिहरू पढ्ने र बुझ्ने मानिसको अभावमा यी अभिलेखमा लेखिएको नेपालको गौरवशाली इतिहास र संस्कृतिका दुर्लभ विवरणहरू विद्यार्थी एवं जिज्ञासुहरू समक्ष आइपुग्नै सकेको थिएन । सन् १८८० मा भारतका पण्डित भगवानलाल इन्द्राजीले नेपालका अभिलेखहरू पढ्ने र प्रकाशित गर्ने कार्यको सुरुवात गरेका हुन् । अभिलेख पढ्ने प्रयास भएको धेरै पछि अन्वेषकहरूको ध्यान नेपालका हस्तलिखित ग्रन्थहरूको अध्ययनतर्फ आकर्षित भएको हो । त्यसबेलादेखि आजसम्म आइपुग्दा अर्थात् सन् २०१४ सम्म आइपुग्दाको १३४ वर्षे लामो अवधिमा हजारौंको सङ्ख्यमा लिच्छवि र मध्यकालका अभिलेखहरू सङ्कलन र प्रकाशनको कार्यहरू भैसकेको छ । शाह राजाहरूले आफ्नो दरबारमा सङ्कलन गरेको हस्तलिखित ग्रन्थहरूको विशाल भण्डार दरबार स्कुल, वीरपुस्तकालय हुँदै हाल राष्ट्रिय अभिलेखालयमा आएर व्यवस्थित सङ्ग्रह भैसकको छ । ती ग्रन्थहरूको *माइक्रोफिल्म* निर्माण गर्ने र सर्वसाधारणले समेत सहजै अध्ययन अवलोकन गर्न सकिने चरणमा आइपुगेको छ । यति हुंदा पनि नेपालका पुराना अभिलेख र हस्तलिखित ग्रन्थहरूका अक्षर बुझ्न, ती अभिलेखहरूको अध्ययनको इतिहास जान्न, हस्तलिखित ग्रन्थहरूमा प्रयुक्त लेखनका विविध आयामहरूको बारेमा जानकारी लिन धेरै मानिसको रुचि जाग्रित हुन सकेको छैन । इतिहास अध्ययनका दृष्टिले यो विडम्बनाको विषय हो । यस्तो अवस्थामा त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास संस्कृति र पुरातत्त्व विभागले भने स्नातक र स्नातकोत्तर तहमा पुरालेखन र अभिलेखशास्त्रको पढाइ गर्दै आएको छ । विश्वविद्यालयको यही प्रयासले गर्दा नेपाली अभिलेख र पुराना हस्तलिखित ग्रन्थहरूमा प्रयुक्त पुरालेखनको ज्ञान जीवित रहन सकेको छ । हाल विश्वविद्यालयले स्नातकोत्तर तहलाई *सेमेस्टर* प्रणालीबाट सञ्चालन गर्ने निर्णय गरेको छ । संस्कृति विभागले अहिलेको नयाँ पाठ्यक्रममा पनि पुरालेखन र अभिलेख विषयलाई विशेष महत्त्वकासाथ समावेश गरेको छ । नेपालको पुरालेखन विषयको परिमार्जित् नयाँ पाठ्यक्रम अनुसारको पाठ्यपुस्तकको अभाव नहोस् भनी यो पुस्तक तयार पारिएको हो । स्नातकोत्तर तह प्रथम *सेमेस्टरका* विद्यार्थीहरूलाई 'नेपालको पुरालेखन' विषयको अध्ययनमा यो पुस्तक निकै उपयोगी र सहयोगी हुने विश्वास गरिएको छ ।

पुस्तक लेखनको यो अन्तिम चरणमा आइपुग्दा लेखनकार्यमा प्रत्यक्ष र परोक्षरूपले सहयोग गर्नु हुने विभिन्न महानुभावहरूको सहयोग र सदभाव मेरो स्मरणमा आइरहेको छ । उहाँहरू सबैलाई धन्यवाद दिनु म आफ्नो कर्तव्य ठान्दछु । पहिलो पटक मलाई ब्राह्मी र लिच्छवि लिपिका वर्णमालासंग परिचय गराउने र यस विषयमा रुचि उत्पन्न गराउनु हुने मेरा आदरणीय गुरु डा.दिनेशचन्द रेग्मी प्रति विशेष आभार प्रकट गर्दछु । लेखन कार्यमा मलाई सधैं प्रेरणा र मार्गदर्शन दिइरहनुहुने आदरणीय गुरुहरू प्रा.डा.प्रेम खत्री र प्रा.डा.पेशल दाहाल मेरो प्राज्ञिक जीवनका मार्गदर्शक र प्रेरणाका स्रोत हुनुहुन्छ । उहाँहरू प्रति विशेष श्रद्धा प्रकट गर्दछु । पुस्तकको भूमिका लेखेर पुस्तकको गरिमा अभिवृद्धि गरिदिनुहुने संस्कृति विभागका आदरणीय विभागीय प्रमुख प्रा.डा.धनबहादुर कुंवरज्यू प्रति पनि विशेष धन्यवाद एवं आभार प्रकट गर्दछु । लेखनको क्रममा दुर्लभ पुस्तकहरू र अध्ययन सामग्रीहरू प्रदान गरेर सहयोग गर्नु हुने नेपाल सरकार, पुरातत्त्व विभागका प्रमुख पुरातत्त्व अधिकृत एवं मेरा अनन्य मित्र श्री रामबहादुर कुँवर प्रति विशेष आभार प्रकट गर्दछु । पुस्तकको भाषिक परिमार्जन एवं शुद्धताका लागि अहोरात्र खट्नु हुने मेरी स्नेही पत्नी श्रीमती सरिता सुवेदी प्रति पनि विशेष आभार प्रकट गर्दछु । अन्त्यमा पुस्तकमा हुनसक्ने कमिकमजोरीहरू औंल्याई दिनु हुन, रचनात्मक सुझाव प्रदान गर्नु हुन र स्वस्थ समालोचना गरी पुस्तकलाई परिमार्जन गर्ने कार्यमा सहयोग गरिदिनु हुन सम्पूर्ण पाठकहरूसंग विनम्र अनुरोध गर्दछु ।

मिति : २०७० माघ १० गते ।

डा. महेशकुमार आचार्य
सह-प्राध्यापक

विषय सूची

अध्याय एक : प्राचीन लेखनको अध्ययन

पृष्ठ

१.१ पुरालेखनको अर्थ र क्षेत्र १
१.२ लेखनको आरम्भ र विकास ६
१.२.१ लेखनको अर्थ ६
१.२.२ लेखनको आरम्भ ९
१.२.३ लेखनको विकास १२
क) शब्द-अक्षरात्मक लेखन २०
ख) अक्षरात्मक लेखन २३
ग) वर्णात्मक लेखन २५
१.३ सिन्धुलेखन ३३
१.४ भारतीय आर्य लेखनको प्राचीनता ३३
१.४.१ वैदिक कालका आर्यहरूले निरन्तर रूपमा लेखन अभ्यास गरिरहेका थिए भन्ने तर्क ३४
१.४.२ भारतीय आर्यहरूले वैदिककालपछि मात्र विदेशबाट लेखनकला भित्राएका थिए भन्ने तर्क ४१

अध्याय दुईः अभिलेखशास्त्र

२.१ अभिलेखशास्त्रको अर्थ ४९
२.२ अभिलेखशास्त्रको अध्ययन क्षेत्र ५१
२.३ नेपाली अभिलेख अध्ययनका प्रमुख स्रोतहरू ५६
२.४ नेपालमा अभिलेख अध्ययनको इतिहास ६३
२.५ नेपाली अभिलेख लेखनका प्रमुख साधनहरू ६८
२.६ नेपाली अभिलेख उत्कृण गर्दा प्रयुक्त औजार र विधि ७६
२.७ अभिलेख उत्कृण गर्दा हुने त्रुटि र त्यसको सुधार ८०

अध्याय तीन : नेपाली अभिलेखका प्रकार

३.१ सरकारी अभिलेखहरू ८५
३.१.१ राजाज्ञा, आदेश वा राजकीय घोषणा ८५
३.१.२ प्रशासनिक वा प्रसादशासन ८६
३.१.३ सरकारी दानदातव्य ८८
३.१.४. प्रशस्ति ९०
३.१.५ सन्धि पत्र ९४
३.२ व्यक्तिगत अभिलेखहरू ९५
३.२.१ संस्मरणात्मक अभिलेख ९६
३.२.२ व्यक्तिगत दानदातव्य सम्बन्धी ९७
३.३ नेपाली अभिलेख अभिव्यक्तिका प्राविधिक पक्ष १००
३.३.१ अभिलेखको सुरुवात र अन्त्य गर्ने सूत्र १००
३.३.२ नेपाली अभिलेखको भाषा र शैली ११०
३.३.३ नेपाली अभिलेखको ढाँचा, कला र शिल्प ११५
३.४ नेपालको इतिहास र संस्कृतिको अध्ययनमा अभिलेखको महत्त्व १२०
३.४.१ नेपालको इतिहास अध्ययनमा अभिलेखको महत्त्व १२१
३.४.२ नेपालको प्राचीन संस्कृतिको अध्ययनमा अभिलेखको महत्त्व १२६
३.५ नेपाली अभिलेखहरूका कमजोरी वा त्रुटिहरू १३२

अध्याय चारः नेपालका हस्तलिखित सामग्रीहरू

४.१ नेपालका हस्तलिखित सामग्रीहरूको परिचय १३८
४.१.१ हस्तलिखित सामग्रीहरू १३९
क) ताडपत्र १३९
ख) भूर्जपत्र/भोजपत्र १४२
ग) कागत १४४
४.१.२ नेपाली हस्तलिखित सामग्रीहरूको आकार १४६

४.१.३ नेपाली हस्तलिखित ग्रन्थहरूको लेखन.............................१५०
४.१.४ नेपाली हस्तलिखित ग्रन्थका चित्रहरू १५४
४.१.५ नेपाली हस्तलिखित ग्रन्थका समापन वाक्यहरू....................१५६
४.२ नेपालको ग्रन्थकला १५९
४.३ नेपालका अभिलेख र हस्तलिखित सामग्रीहरूमा प्रयुक्त संवत् १६१
४.३.१ शक संवत् १६१
४.३.२ मानदेव संवत् १६६
४.३.३ नेपाल संवत् १७१
४.३.४ विक्रम संवत् १७४
४.४.नेपाली हस्तलिखित ग्रन्थ अध्ययनको इतिहास...................... १७६

अध्याय-पाँच :प्राचीन अङ्कलेखन प्रणालीहरूको अध्ययन :

५.१ प्राचीन अङ्कलेखन पद्धति..१८५
५.१.१ अङ्क चिन्हहरू.. १८५
५.१.२ सङ्ख्या लेख्ने विधि १८९
५.१.३ पद्धतिको नाम १९१
५.२ दशमलव अङ्क पद्धति १९५
५.३ शब्द अङ्क पद्धति १९८
५.४ अक्षर अङ्क पद्धति २०४
सन्दर्भ सामग्री सूची २०९

अध्याय एक

प्राचीन लेखनको अध्ययन
(STUDY OF ANCIENT WRITING)

१.१. पुरालेखनको अर्थ र क्षेत्र
(Meaning and Scope of Palaeography)

अर्थ (Meaning) : पुरालेखन शब्द 'पुरा' र 'लेखन' जस्ता दुई अलग
शब्दहरू मिलेर बनेको हो । यसको अर्थ क्रमशः'पुरानो' र 'लेख' भन्ने हुन्छ ।
त्यसैले यसको शाब्दिक अर्थ प्राचीनकालमा लेखिएको लेख भन्ने हुन्छ र यस
शब्दले प्राचीन लेखहरूको अध्ययन गर्ने विषयलाई समेत बुझाउने गर्दछ । यस
शब्दलाई बुझाउने अंग्रेजी शब्द *प्यालिअ्ग्राफी* (Palaeography)[♣] को उत्पत्ति
प्राचीन ग्रीक भाषाको Palaios र graphein शब्दहरू मिलेर भएको हो ।
जसको अर्थ पनि प्राचीन ग्रीक भाषामा क्रमशः 'पुरानो' र 'लेखन' भन्ने नै
हुन्छ । यसरी अंग्रेजी भाषाको *प्यालिअ्ग्राफी* शब्दको शाब्दिक अर्थ पनि पुरानो
लेख(writing) वा प्राचीन लेख्य सामग्री(document)हरूको अध्ययन भन्ने नै
हुन्छ । व्यापक अर्थमा भने लेखनकलाको इतिहास अध्ययन गर्ने, प्राचीन
समयमा लेखिएका लिखित सामग्रीहरूको अक्षर पढ्ने, त्यसमा भएको भाव
बुझ्ने, त्यसको व्याख्या विश्लेषण गर्ने र त्यस्ता प्राचीन सामग्रीहरूको
वर्गीकरण गर्ने व्यापक क्षेत्र समेटिएको अध्ययनको एक विषय नै पुरालेखन वा
प्यालिअ्ग्राफी हो । यसो भए तापनि पुरालेखनशास्त्रमा अंग्रेजी भाषाका तीन
फरक शब्दहरू Palaeography, Epigraphy र Calligraphy लाई फरक-फरक

♣ जसको ब्रिटिश अंग्रेजीमा हिज्जे Palaeography लेखिन्छ र यु.एस.अंग्रेजीमा Paleography लेख्ने प्रचलन रहेको छ ।

k|frLg n]vgsf] cWoog

अर्थमा प्रयोग गरिएको पाइन्छ । व्यापक अर्थमा सबै खालका प्राचीन
लेखहरूको अध्ययन गर्ने शास्त्र पुरालेखन वा Palaeopgraphy हो ।
सूक्ष्मरूपमा भने पुरालेखन सामग्रीहरूको स्वरूप अनुसार तिनको अध्ययन गर्ने
विषय फरक रहेका छन् । प्रस्तर, धातु, काठ, माटो आदि कडा माध्यममा
उत्कृणाक्षरमा लेखिएका प्राचीन लेख्य सामग्रीहरूको अध्ययन गर्ने शास्त्रलाई
Epigraphy भन्ने गरिन्छ । यी बाहेक प्राचीन ताडपत्र, भोजपत्र, कपडा, कागज
जस्ता कमजोर माध्ययमा मसीले लेखिएका सामग्रीहरूको अध्ययन
Palaeography विषयमा हुने गर्दछ । मसी वा रङले कमजोर माध्ययममा
लेखिएका यस्ता सामग्रीहरूको अध्ययन Epigraphy मा हुँदैन । त्यसैले सबै
खालका प्राचीन हस्तलिखित सामग्री वा पाण्डुलिपिको अध्ययन गर्ने विषयको
रूपमा पुरालेखनशास्त्रलाई बुझ्ने गरिन्छ । यद्यपि पुरालेखनशास्त्रमा
अभिलेखहरूको पनि अध्ययन हुने गर्दछ । पुरालेखन अन्तर्गतकै सुन्दर र
कलात्मक अक्षरमा लेखिएका लेखहरूको अध्ययनCalligraphy विषय अन्तर्गत
हुने गर्दछ । यसलाई सु-लेखन भन्न सकिन्छ । सुन वा चाँदीका मसीले
लेखिएका, अक्षरहरूलाई नै कलात्मक चित्रको रूप दिइएका, कलात्मक रूपले
संयुक्ताक्षरहरूमा लेखिएका वा अलंकृत किसिमका डिको, शिरोरेखा र रेखान्तको
प्रयोग गरिएका लेखहरू सु-लेखन वा Calligraphy अन्तर्गत पर्दछन् । यसरी
सूक्ष्मरूपमा हेर्दा पुरालेखन शब्दको प्रयोग विशेष गरेर प्राचीन हस्तलिखित
सामग्रीहरूको अध्ययनमा बढी केन्द्रित रहेको पाइन्छ । यस पुस्तकको पछिल्लो
अध्यायमा अभिलेखशास्त्रको अर्थ स्पष्ट गरिएको छ । त्यसैले यहा
पुरालेखनशास्त्रको अर्थलाई विशेष रूपले स्पष्ट गर्न खोजिएको छ । प्राचीन
समयमा लेखिएका ताडपत्र, भोजपत्र, नीलपत्र र अन्य कागजपत्रहरूमा रङ वा
मसीले लेखिएका हस्तलिखित ग्रन्थहरूको समग्र पक्षको अध्ययन गर्ने विषय नै
वास्तवमा पुरालेखनशास्त्र हो । छोटो शब्दमा पुरालेखनशास्त्र अध्ययनको एक
त्यस्तो विषय हो जसमा प्राचीन कालमा लेखिएका हस्तलिखित ग्रन्थहरू वा
त्यस्ता पुराना लेख्य सामग्रीहरूको भौतिक स्वरूपको र त्यसमा अन्तरनिहित
अर्थ वा भाव पक्षको अध्ययन गरी त्यस्ता लेखहरूको समग्र पक्षलाई प्रकाशमा
ल्याउने कार्य गर्दछ ।

पुराना भए तापनि छापाखानामा छापिएका, फोटोकपि गरिएका, लिथो वा
टाइप गरिएका अक्षरहरू वा यस्ता अक्षर भएका ग्रन्थहरू यसको अध्ययन
क्षेत्रमा पर्दैनन् । त्यसैले हातले लेखिएका ताडपत्र, भोजपत्र, नीलपत्र, कागजपत्र,
कपडा आदिका लेखहरू वा अक्षरहरूको बारेमा अध्ययन गर्ने विषय

पुरालेखनशास्त्र हो । अर्को शब्दमा हस्तलेखन संस्कृतिको अध्ययन गर्ने विषयको रूपमा पनि पुरालेखनलाई लिन सकिन्छ ।

पुरालेखनको क्षेत्र(Scope of Palaeography) : पुरालेखनशास्त्रले गर्ने अध्ययनको क्षेत्र वा यस विषयको कार्यक्षेत्रका विषयमा स्पष्ट हुँदा यसको वास्तविक अर्थ अझै स्पष्ट हुन्छ । त्यसैले अब यसको अध्ययन क्षेत्रका विषयमा वा यस विषयले गर्ने कार्यका बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ ।

क) पुरालेखनको वर्णन (Description of ancient writing): पुरालेखनशास्त्रको प्रमुख क्षेत्र प्राप्त हुन आएका प्राचीन पाण्डुलिपि वा हस्तलिखित सामग्रीहरूको समग्र पक्षको वर्णन गर्नु हो । यस्तो वर्णनमा मुख्य दुई पक्ष समावेश भएका हुन्छन् । पहिलो यसमा प्रयोग भएको लेखनको बाह्य पक्षको वर्णन हो । लेखमा प्रयोग भएको लिपि वा अक्षरहरूको कलात्मकता, लिपिको लेखनशैली, अक्षरहरूको उत्पत्ति र विकास, अक्षरहरूका साथमा प्रयोग भएका अन्य चिन्ह वा चित्रहरूको बाह्य स्वरूप आदिको वर्णन पर्दछन् । यस बाहेक बाह्य स्वरूपको वर्णन भित्र, लेखन सामग्रीहरूको विषयमा , ग्रन्थहरूको निर्माण शैली वा ग्रन्थकलाका विषयमा गरिने वर्णन समेत पर्दछन् । उदाहरणका लागि नेपालको राष्ट्रिय अभिलेखालयमा रहेका नेपाली हस्तलिखित ग्रन्थहरूको सन्दर्भमा कुनै पनि ग्रन्थ ताडपत्र, भोजपत्र, नीलपत्र वा कागजपत्र आदि मध्ये कुन माध्यममा लेखिएको छ ?, कस्तो अक्षर वा लिपिको प्रयोग भएको छ ? लिपिको कलात्मकता कस्तो छ वा विकासको कुन चरणमा रहेको छ ? कुन भाषामा लेखिएको छ ? कस्तो रङ वा मसीको प्रयोग गरी कुन साधनले लेखिएको छ ? लेखन गति कस्तो रहेको छ ? ग्रन्थहरू कसरी निर्माण गरिएको छ ? जस्ता विभिन्न कुराको वर्णन गर्नु वा त्यस सम्बन्धी जानकारी प्रकाशमा ल्याउनु पुरालेखनशास्त्रको सबैभन्दा महत्त्वपूर्ण कार्य मानिन्छ ।

प्राचीन लेखनको यस्तो बाहिरी पक्षको वर्णन बाहेक अक्षरहरू पढेर यसमा लेखिएका विषयवस्तु वा लेखको आन्तरिक पक्षको बारेमा प्रकाश पार्नु वा वर्णन गर्नु पनि यसको प्रमुख कार्यक्षेत्र हो । अधिकांश हस्तलिखित ग्रन्थहरूमा वर्तमान समयमा प्रचलनमा नरहेका लिपि र भाषामा लेखहरू लेखिएका हुन्छन् । यी अक्षरहरू चिन्नु र यसमा लेखिएको विषयवस्तुको बारेमा वर्णन गर्नु निकै चुनौतिपूर्ण कार्य मानिन्छ । नेपालमा पाइएका हस्तलिखित ग्रन्थहरू धर्म, ज्योतिष, इतिहास, दैनिकी, कामशास्त्र, तन्त्र, कर्मकाण्ड, कोश, नाटक, कथा, गीत, दर्शन, धनुर्वेद, अश्वशास्त्र, नीति, वर्णमाला, वैद्यक(

चिकित्सा), संगीत, व्याकरण जस्ता अनेकौ विषयमा लेखिएका छन् । यी विषय छुट्टाउने काम पुरालेखनशास्त्रको हो । यसरी ग्रन्थहरूमा प्रस्तुत गरिएको विषयका बारेमा वर्णन गर्नु पनि पुरालेखनशास्त्रको अध्ययन क्षेत्रमा पर्दछ ।

ख) पुरालेखनको आशय प्रष्टीकरण (Decipherment of ancient writing): अंग्रेजी शब्द Decipherment को अर्थ प्राचीन लेखहरूमा भएका अस्पष्ट हस्तलिपिको र त्यसमा भएका सङ्क्षिप्त अक्षर वा सङ्केतलाई बुझ्नु र भन्न खोजेको कुरा पत्ता लगाउनु भन्ने हो । यस्तो कार्य पनि पुरालेखनशास्त्रकै अध्ययन क्षेत्रमा पर्दछ । पुराना हस्तलिखित सामग्रीहरूमा छापाखानामा जस्तै एकनासका र स्पष्ट अक्षरहरू हुँदैनन् । हरेक व्यक्तिका हस्ताक्षर स्वभावैले फरक हुन्छन् । यस्ता कठिन हस्ताक्षर पढेर भन्न खोजिएको कुरा बुझ्ने काम निकै चुनौतिपूर्ण हुन्छ । कतिपय पुरालेखन सामग्रीहरूमा तत्कालीन समाजले बुझ्ने गरी पूर्ण शब्द नलेखी सङ्क्षिप्त अक्षर वा सङ्केतहरूमा पनि लेखिएको हुन सक्छ । यस्ता सङ्क्षेपीकरणलाई तत्कालीन इतिहास र संस्कृतिको आधारमा व्याख्या गरी बुझ्नु वा बुझाउनु पनि यस विषयको काम मानिन्छ । कतिपय ग्रन्थहरूमा माना पाथी बुझाउन मा. पा. जस्ता सङ्क्षिप्त रूप मात्र लेखिएको हुन्छ । कपडाको नाप बुझाउन गजको सङ्क्षिप्त रूप ग. मात्र लेखिएको हुनसक्छ । नगदको एकाइ बुझाउन मो. रु. आदि मात्र लेखिएको हुनसक्छ । यस्ता कतिपय कुराहरू वर्तमान समयमा प्रचलनबाट हटिसकेको र बुझ्न कठिन हुनसक्छ । माना, पाथी, गज, जस्ता पूर्ण शब्द लेखिएको भए तापनि ती कुरा समाजमा प्रचलनबाट हटिसकेको भए बुझ्न कठिन हुन्छ । यस्ता कुराहरूको अर्थ स्पष्ट गरी लेखको आशय स्पष्ट पार्नु पुरालेखनशास्त्रको दोस्रो महत्त्वपूर्ण कार्य मानिन्छ ।

ग) पुरालेखन सामग्रीहरूको व्याख्या (Interpretation of ancient writing): पुरालेखनशास्त्रको अर्को ज्यादै महत्त्वपूर्ण कार्य प्राचीन हस्तलिखित सामग्रीहरूको व्याख्या र विश्लेषण गर्नु हो । यो कार्य यस विषयको ज्यादै चुनौतिपूर्ण कार्य पनि हो । हस्तलिखित ग्रन्थहरूको रचना तत्कालीन समयमा विभिन्न उद्देश्यले भएको हुन्छ । ती उद्देश्य आजभोलि असान्दर्भिक भएको हुनसक्छ । यसैले हस्तलिखित ग्रन्थमा लेखिएको शब्द वा वाक्यहरूको अर्थ आजभोलि बेग्लै किसिमले पनि गर्नुपर्ने हुन्छ । तत्कालीन राजाहरूलाई खुसी पार्न पण्डितहरूले लेखेका वंशावलीहरूमा राजालाई अतिशयोक्तिपूर्ण तरिकाले वीर, साहसी, दानी, प्रजावत्सल तथा विजेताको रूपमा वर्णन गरिएको

हुनसक्छ । कतिपय राजालाई पौराणिक राजाको सन्ततिको रूपमा व्याख्या गरिएको हुन्छ । यस्ता अतिशयोक्तिहरूबाट तटस्थ रही प्राचीन ग्रन्थहरूको यथार्थपरक विश्लेषण वा व्याख्या गर्ने कार्य पुरालेखन्शास्त्रले मात्र गर्दछ । नेपालका वंशावलीहरूमा विष्णुमतिको बालुवा सुनमा परिणत भएको र सोही सुनबाट शङ्खधरले सबै जनताको ऋण तिरी दिएर नेपाल संवत्को प्रचलन सुरु गरेको अपत्यारिलो विवरण दिएको पाइन्छ । यस्तो विवरण जस्ताको तस्तै अर्थ गर्दा इतिहास हाँसोको विषय बन्न सक्छ । यसको अर्थ एकजना उदार व्यापारीले ऋणमोचन गरी दिएर नयाँ संवत् सुरु गराएको भन्ने मात्र हुनसक्छ । तत्कालीन समयमा सबैले जानेको कुरा भनेर ज्यादै महत्त्वपूर्ण कुरा उल्लेख नै नगरिएको हुनसक्छ । जसलाई आजभोलि सर्वसाधारणलाई बुझ्न र व्याख्या गर्न कठिन हुनसक्छ । यस्ता अपूर्णतालाई अन्य स्रोतबाट तथ्य सङ्कलन गरी पूर्णता दिएर विषयवस्तुको व्याख्या गर्ने कार्य पनि पुरालेखनशास्त्रले गर्दछ । कतिपय हस्तलिखित ग्रन्थहरूमा काव्यात्मक प्रस्तुति रहेको हुन्छ । यस्ता लेख्य सामग्रीहरूमा विषयवस्तुलाई साङ्केतिक रूपमा वा अलंकृत रूपमा लेखिएको हुनसक्छ । यस्तो काव्यात्मक प्रस्तुतिलाई यथार्थरूपमा व्याख्या विश्लेषण गर्ने कार्य पनि यसै विषयले गर्ने गर्दछ । यसरी लेखाईमा रहेको कमी (*ग्याप*)लाई पूर्णता दिने किसिमले, लेखाईमा रहेको अतिशयोक्ति हट्ने किसिमले, अपत्यारिला विवरणहरूको आशय मात्र बुझ्ने किसिमले र काव्यात्मक प्रस्तुतिलाई यथार्थपरक किसिमले व्याख्या र विश्लेषण गर्ने कार्य पनि पुरालेखनशास्त्रको महत्त्वपूर्ण अध्ययन क्षेत्र मानिन्छ ।

घ) पुरालेखनको वर्गीकरण (Classification of ancient writing): पुरालेखनशास्त्रको अध्ययनक्षेत्र भित्र यस्ता पुराना हस्तलिखित सामग्रीहरूको वर्गीकरणको कार्य पनि पर्दछ । हजारौ किसिमका यस्ता सामग्रीहरूको अध्ययनलाई व्यवस्थित तुल्याउन र तिनको उचित व्याख्या विश्लेषण गर्न पनि यस्ता सामग्रीहरूको वर्गीकरणको कार्य अनिवार्य हुन्छ । यो कार्यलाई अनेकौ आधारमा गर्न सकिन्छ । कतिपय हस्तलिखित सामग्रीहरूलाई लेखन माध्यमका आधारमा पनि वर्गीकरण गर्ने प्रचलन रहेको हुन्छ । यस आधारमा ताडपत्र, भोजपत्र, नीलपत्र, कागज, कपडा र छालामा लेखिएका ग्रन्थ जस्ता अनेकौ वर्गमा वर्गीकरण गर्न सकिन्छ । कतिपय पुरालेखन सामग्रीहरूलाई लेख्य भाषाका आधारमा पनि वर्गीकरण गरिएको पाइन्छ । लेखनकार्यमा भाषाको प्रयोग युगअनुसार फरक फरक हुँदै गएको पाइन्छ । यस आधारमा यस्तो वर्गीकरणले स्वत: समयलाई पनि समेटेको हुन्छ । यस्तो वर्गीकरण अनुसार पुरालेखन सामग्रीहरूलाई संस्कृत भाषामा लेखिएका सामग्री, नेवारी भाषामा लेखिएका सामग्री र नेपाली भाषामा लेखिएका सामग्री जस्ता

वर्गमा बाड्न सकिन्छ । नेपालमा पछिल्लो लिच्छविकाल र पूर्व मध्यकालमा लेखिएका हस्तलिखित सामग्रीहरूमा संस्कृत भाषाको प्रयोग भएको पाइन्छ । पछिल्लो मध्यकालमा लेखिएका हस्तलिखित सामग्रीहरू नेवारी भाषामा लेखिएका छन् । आधुनिककालमा लेखिएका हस्तलिखित सामग्रीहरूका नेपाली भाषा वा खस भाषाको प्रयोग भएको पाइन्छ । यस आधारमा पनि पुरालेखन सामग्रीहरूको वर्गीकरण गर्न सकिन्छ । यसै गरी ग्रन्थहरूमा प्रयोग भएको लिपिको आधारमा पनि यस्तो वर्गीकरण गर्न सकिन्छ । जस्तै नेपालका हस्तलिखित सामग्रीहरूलाई उत्तर लिच्छवि, प्राचीन नेवारी, रञ्जना, भूजिमों, प्रचलित नेवारी, तथा देवनागरी लिपिमा लेखिएका ग्रन्थहरूको रूपमा वर्गीकरण गर्न सकिन्छ । यस बाहेक कतिपय अवस्थामा ग्रन्थहरूलाई लेख्य विषयका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । नेपालको राष्ट्रिय अभिलेखालयले संग्रह र अध्ययनको प्रयोजनका लागि यहांका हजारौं ग्रन्थहरूलाई मुख्य चार समूहमा वर्गीकरण गरेको छ । पहिलो ज्योतिष समूहमा ज्योतिष, रामायण, काव्य, छन्द, महात्म्य, कोश, कथा, नीतिशास्त्र, कामशास्त्र,साहित्य, संगीत, पुराण, नाटक र इतिहास सम्बन्धी हस्तलिखित पुस्तकहरूलाई समावेश गरिएको छ । दोस्रो दर्शन समूहमा बौद्ध, वेदान्त, न्याय, साङ्ख्य, वैशेषिक, वैष्णव, शैव, र योग दर्शनका हस्तलिखित ग्रन्थहरूलाई समावेश गरिएको छ । तेस्रो तन्त्र समूहमा बौद्धतन्त्र, वैष्णवतन्त्र, शैवतन्त्र, तान्त्रिक कर्मकाण्ड,, तान्त्रिक स्तोत्र र आयुर्वेदका हस्तलिखित ग्रन्थहरूलाई समावेश गरिएको छ भने चौथो समूह धर्मशास्त्र अन्तर्गत धर्मशास्त्र, वेद, व्याकरण, धार्मिक स्तोत्र र धार्मिक कर्मकाण्डका ग्रन्थहरूलाई राखिएको छ । अभिलेखालयको यो वर्गीकरण विषयका आधारमा गरिएको देखिन्छ । यसरी पुराना लेख्य सामग्रीहरूको वर्गीकरणको काम पनि पुरालेखनशास्त्र अन्तर्गत हुने गर्दछ । त्यसैले यो पनि पुरालेखनशास्त्रको अध्ययन क्षेत्र मानिन्छ । यसरी पुराना लेखहरूको वर्णन, व्याख्या, आशय प्रस्टीकरण र वर्गीकरण गर्ने विषयलाई पुरालेखनशास्त्रको रूपमा बुझ्न सकिन्छ ।

१.२ लेखनको आरम्भ र विकास

(Beginning and Development of Writing) :

१.२.१ लेखनको अर्थ(Meaning of Writing)

पुरालेखनशास्त्रको पहिलो कार्य प्राचीन समयमा लेखनकला कसरी विकसित भएको थियो भन्ने तथ्यको खोजी गर्नु पनि हो । त्यसैले यहां लेखनकलाको आरम्भ र विकासको इतिहास खोजी गर्ने प्रयास गरिएको छ । लेखनकार्यको आरम्भ र विकास कसरी भयो ? भन्ने प्रशनको उत्तर खोज्नु अघि 'लेखन' (

writing) भनेको के हो ? भन्ने कुरामा स्पष्ट हुनु जरुरी छ । त्यसैले यहाँ सर्वप्रथम लेखनको अर्थका विषयमा स्पष्ट पार्न खोजिएको छ । हजारौ वर्षको प्रयासपछि मानिसले विचार सम्प्रेषणका लागि आविष्कार गरेको एक महत्त्वपूर्ण औजार नै लेखन हो । त्यसैले यो एक मानवीय व्यवहार र एक विशेष संस्कृति पनि हो । मानिसले विचार सम्प्रेषणका अनेकौ विधि र तरिकाहरू अपनाउने गरेको छ । यी मध्ये कुन तरिका लेखन हो ? भन्ने विषयमा चर्चा गरौँ ।

गहिरिएर विचार गर्ने हो भने मानिसमा 'अभिव्यक्ति' र 'सम्प्रेषण' जस्ता प्रमुख दुईवटा वाह्य विशेषताहरू रहेको पाइन्छ । यी मध्ये 'अभिव्यक्ति' मानिसको व्यक्तिगत विशेषता हो । यसमा मानिसले हाँस्ने, रुने, आदि प्राकृतिक र कविता, पेन्टिङ् गीत आदि रचना गर्ने कृतिम तरिकाबाट अभिव्यक्तिको कार्य गर्ने गर्दछ । यी कार्यमा ऊ एक्लै सहभागी हुन्छ । त्यसैले अभिव्यक्तिलाई व्यक्तिगत व्यवहार भनिएको हो । 'सम्प्रेषण' कार्यमा भने प्रस्तुत गर्ने र ग्रहण गर्ने दुई पक्ष अनिवार्य आवश्यक हुन्छ । त्यसैले 'सम्प्रेषण' एक सामाजिक व्यवहार हो जसलाई मानिसले श्रव्य, स्पर्श र दृश्यको माध्यमबाट सम्पन्न गर्ने गर्दछ । यी दुई मध्ये लेखन दोस्रो अर्थात् 'सम्प्रेषण' शैलीको मानवीय व्यवहार हो । त्यसैले लेखनको अर्थ मानिसको 'अभिव्यक्ति'को व्यवहारमा खोजी गर्नु आवश्यक देखिदैन । लेखनको अर्थ खोज्न मानिसको सम्प्रेषणका तरिकाहरू मै केन्द्रित हुनु जरुरी देखिन्छ । आइ.जे. गेल्वले सम्प्रेषणका निम्न तीन तरिकाको चर्चा गरेका छन्(Gelb,1965,p.1-10) ।

श्रव्य सम्प्रेषण : मानिसको मनमा उत्पन्न विचार वा भावना सम्प्रेषणको गर्ने एक महत्त्वपूर्ण तरिका श्रव्य(सुन्ने) तरिका हो । यसमा ग्रहण गर्ने पक्षले कानको विशेष उपयोग गर्दछ । संप्रेषण गर्ने पक्षले ताली बजाएर, सिट्ठी बजाएर, घण्टहरू बजाएर तथा सुसेलेर दोस्रो पक्षलाई कुनै कुराको सङ्केत गर्न वा सूचना सम्प्रेषण गर्ने गर्दछ । यी श्रव्य सम्प्रेषणका तरिकाहरू हुन् । यी ज्यादै कमजोर र अपूर्ण तरिका मनिन्छन् । यही कमजोरी हटाउने क्रममा लाखौं वर्षको प्रयास पछि मानिसले भाषाको विकास गरेको हो । त्यसैले हाल प्रचलनमा रहेको पूर्ण विकसित र सहज सम्प्रेषणको श्रव्य तरिका भाषा हो, जसमा मुखको आवाजबाट सम्प्रेषण गरिन्छ र कानबाट ग्रहण गरिन्छ । यस्तो भाषिक सम्प्रेषणलाई लेखन भन्न सकिदैन, किनभने लेखनमा मुख र कानको कुनै भूमिका हुँदैन ।

स्पर्श सम्प्रेषण : मानिसहरू स्पर्शका माध्यमबाट पनि सूचना वा विचार एक अर्कामा सम्प्रेषण गर्ने गर्दछन् । यस विधिमा सम्प्रेषण गर्ने पक्ष र ग्रहण गर्ने

पक्ष दुवैले छालाको उपयोग गर्दछन् । आलिङ्गन गरेर प्रेम अभिव्यक्ति गर्नु, पिठ्युमा धाप मारेर स्यावासी दिनु, चिमोटेर सतर्क पार्नु, ओठ वा मुखमा चुम्बन गरी कामाशक्त भाव प्रकट गर्नु आदि यस्ता स्पर्श सम्प्रेषणका विधिहरू हुन् ।. यी तरिकाहरूबाट मानिसको मनमा भएका भावनाहरू पूर्णरूपमा अरु समक्ष प्रस्तुत गर्न सकिदैन त्यसले यी विधिहरूमा पनि पूर्णता रहेको पाइँदैन । यसमा हालसम्म विकसित सबैभन्दा महत्त्वपूर्ण विधि 'ब्रेल' हो । जन् आँखा नदेख्नेहरूका लागि उपयोगमा आउने गर्दछ । ब्रेल लेखन हो वा होइन भन्ने कुरा विचारणीय रहेको छ । तर यसलाई छाडेर अन्य स्पर्शका विधिहरू पनि लेखन होइनन् ।

दृष्य सम्प्रेषण : सूचना वा विचार सम्प्रेषणको अर्को महत्त्वपूर्ण तरिका दृष्य सम्प्रेषण हो । यसमा अनुहारको हाउभाउबाट, कामको नक्कलबाट, हातको औंलाहरूको इशाराबाट, आँखा सन्काईबाट अनेकौ विचारहरू सम्प्रेषण गर्ने गरिन्छ । अष्ट्रेलियन आदिवासी विधवाहरूले पतिको मृत्युको निश्चित समयसम्म कुरा गर्न नहुने संस्कार रहेको कारणले र *ट्रापिष्ट* भिक्षुहरूले पनि धार्मिक कारणले कुनै समयमा कुरा गर्न नहुँने अवस्थामा यस्तै हाउभाउ र इशाराले विचार र सूचना सम्प्रेषण गर्ने गर्दछन् (Gelb,1965,p.1-10) । यी तरिकाहरू पनि ज्यादै असहज र अपूर्ण रहेका छन् । यी कमजोरी हटाउने क्रममा मानिसले आविष्कार गरेको सवैभन्दा सहज र महत्त्वपूर्ण विधि नै 'लेखन' हो । यसमा सम्प्रेषण कर्ताले कुनै भौतिक वस्तुमा दृष्य चिन्ह वा सङ्केतहरू निर्माण गर्दछ र ग्रहणकर्ताले आँखाको उपयोग गरी त्यसलाई ग्रहण गर्ने गर्दछ । यसरी लेखन भनेको एक त्यस्तो सम्प्रेषणको माध्ययम वा औजार हो जसले चिन्ह वा सङ्केतका माध्यमले दृष्य रूपमा विचार वा सूचना आदान प्रदान गर्न सक्दछ । माथि उल्लेखित तीन विधिहरू मध्ये लेखन(writing)दृष्य सम्प्रेषणसंग सम्बन्धित एक तरिका हो ।

दृष्य सम्प्रेषणका कतिपय तरिकाहरू आमने सामने भएका व्यक्तिहरू बीचमा मात्र उपयोग हुन सक्छन् । लेखन भने धेरैले समान किसिमले उपयोग गर्ने र सामुन्नेमा अनुपस्थित व्यक्तिसम्म पनि सम्प्रेषण गर्न सकिने माध्यम वा विधि हो । त्यसै गरेर कतिपय अवस्थामा वस्तुलाई नै देखाएर पनि सूचना सम्प्रेषण गरिन्छ र कतिपय अवस्थामा वस्तुमाथि कुनै चिन्ह, चित्र वा सङ्केत बनाएर विचार वा सूचना सम्प्रेषण गर्ने गरिन्छ । यी मध्ये वस्तु देखाउने विधि नभै वस्तुमा चिन्ह वा चित्र बनाउने विधि मात्र लेखन हो ।

यतिले मात्र लेखनको सही अर्थ स्पष्ट हुँदैन । लेखन दृष्य सम्प्रेषणको ज्यादै सशक्त र प्रभावकारी साधन हो । तर दृष्यरूपकै सबै खालका चिन्ह वा

सङ्केतहरू सम्प्रेषण कार्यमा सशक्त हुँदैनन् । कोरिएका रेखा, चित्र, वा सबै आकृतिहरू विचार र सूचना सम्प्रेषणमा पूर्ण र व्यवस्थित हुँदैन । त्यसैले 'लेखन' हुनको लागि थप अर्को पक्ष पनि यस्ता चिन्हमा समावेश भएको हुनुपर्दछ । त्यो हो चिन्हले ग्रहण गर्ने भाषिक ध्वनिको एकाइ । अर्थात् कुनै दृष्यरूपको चिन्हले कुनै भाषाको ध्वनि एकाइको प्रतिनिधित्व गर्दछ भने मात्र त्यस्तो चिन्हलाई 'लेखन' भन्न सकिन्छ । त्यसैले मानिसको बोली वा भाषालाई स्थायीरूपले *रेकर्ड* गर्न प्रयोग गरिने औजारको रूपमा पनि लेखनलाई बुझ्न सकिन्छ ।

माथिको छलफलपछि के निष्कर्षमा पुग्न सकिन्छ भने 'लेखन' मानिसले विकसित गरेको विचार सम्प्रेषणको एक त्यस्तो औजार, विधि वा माध्यम हो जसमा चिन्ह, चित्र, वा सङ्केत जस्ता दृष्य आकृतिहरू भाषिक तत्त्व वा निश्चित ध्वनिको एकाइलाई सम्बोधन गर्न उपयोग गरिएको हुन्छ । अर्को शब्दमा बोली वा भाषालाई दृष्यरूपका चिन्हहरूबाट सामुन्ने मा नरहेको मानिससम्म पनि सम्प्रेषण गर्न सकिने एक तरिका वा औजार नै लेखन हो । कुनै भौतिक वस्तुमा आँखाले देख्न (पढ्न) सकिने कुनै आकृति छन् र ती आकृतिलाई धेरै मानिसले बोलीको कुनै एकाइ वा भाषाको कुनै सूक्ष्म एकाइको रूपमा बुझ्दछन् भने ती आकृतिहरू नै 'लेखन' कहलाउँछन् ।

१.२.२ लेखनको आरम्भ (Beginning of Writing)

लेखन मानवीय आविष्कार हो । त्यसैले यो पनि मानव संस्कृतिकै एक महत्त्वपूर्ण हिस्सा हो । सुरु सुरुमा लेखनलाई ईश्वर निर्मित कुरा ठान्ने गरिए तापनि पछि यसलाई अन्य संस्कृति जस्तै क्रमिक विकास प्रकृयाबाट प्राप्त मानवीय उपलब्धि मान्न थालिएको छ । यसको सुरुवात विचार सम्प्रेषण गर्ने सजिलो उपायको खोजी गर्ने क्रममा हजारौं वर्षको प्रयासबाट प्रागऐतिहासिककालमै भएको हो । भाषिक ध्वनिका सूक्ष्म एकाइलाई दृष्य चिन्हहरूका माध्यमबाट एक अर्कामा सम्प्रेषण गर्ने विधिलाई लेखन भनिने कुरा यस अघि नै उल्लेख भै सकेको छ । तर मानिसको मनमा अरू समक्ष प्रस्तुत गर्नुपर्ने वा सम्प्रेषण गर्नुपर्ने विचारहरू भाषाको आविष्कार गर्नुपूर्व पनि हुने गर्दथे । भाषाको आविष्कार हुनुअघि पनि प्रागऐतिहासिककालका मानिसहरूले आफ्ना मनमा भएका भावना वा विचारहरूलाई अनेकौ उपायबाट आफूसँगै बस्ने अन्य मानिसहरू समक्ष प्रस्तुत गर्ने प्रयास गर्दथे । यस्ता प्रयासहरू मध्ये अँध्यारा गुफाहरूमा विभिन्न जनावर र अन्य वस्तुका चित्र निर्माण गरेर विचार सम्प्रेषण गर्न गरिएका प्रयासहरूबाट कालान्तरमा लेखनको जन्म भएको मानिन्छ । त्यसैले यस्ता चित्र मार्फत गरिएको सम्प्रेषणको प्रयासलाई नै लेखनको आरम्भ मान्ने परम्परा रहेको छ । यस्ता प्रागऐतिहासिक चित्रहरू पूर्ण लेखनभित्र पर्दैनन् । तर यी चित्रमार्फत् गरिने सम्प्रेषणलाई निरन्तर परिमार्जन र परिष्कार पार्दै लगेर यसैबाट लेखनको जन्म हुनपुगेको हुँदा यिनलाई लेखन पूर्वको अवस्था अर्थात् भ्रुणलेखन पनि भन्ने प्रचलन रहेको छ । जसरी आमाको

गर्भमा रहेको डिम्ब र शुक्रकिटको मिलनबाट निर्मित भ्रुणलाई पूर्ण मानिस भन्न सकिदैन तर यसैको विकासबाट पछि मानिसको जन्म हुन्छ । त्यसै गरेर प्रागऐतिहासिककालका चित्रहरू पूर्ण लेखन नभए तापनि यसैको विकासबाट कालान्तरमा लेखनको जन्म भएको हुँदा यस्ता चित्रात्मक सम्प्रेषणको प्रयासलाई भ्रुणलेखन भनिएको हो । यस्ता चित्रहरू कुनै कुराको आशय व्यक्त गर्नका लागि बनाइएको हुँदा कतिपय पुरालेखनविदहरूले यस्ता चित्रलाई 'आशयलेखन' अर्थात् Semasiography पनि भन्ने गरेका छन् । लेखनको जन्म हुनुपूर्वको अवस्था वा भ्रुणको अवस्थामा प्रयोग गरिएका चित्रहरू र तिनको विकासको अवस्थालाई आइ.जे. गेल्बले निम्नलिखित चरणमा प्रस्तुत गरेका छन् (1965,p.24-51) ।

क) आरम्भिक चित्रहरू (Primitive Drawings): आजभन्दा करिब १२ हजार वर्षअघि उच्च पुरापाषाणकालका मानिसहरूले आफू बस्ने गुफाका भित्ताहरूमा चित्र बनाउन सुरु गरेका थिए । यस्ता प्रागऐतिहासिक कालका गुफाका भित्तामा कुँदिएका र रङबाट *पेन्टिङ* गरिएका अधिकतम् जनावरका आकृति, केही मानवाकृति, केही मानव हातका आकृति एवं विभिन्न चिन्हहरू फ्रान्सको दक्षिणी भाग र स्पेनबाट प्रशस्त प्राप्त भएका छन् (Burkitt,1992,p.151) ।

यी आकृतिहरूमा कथानकता वा कुनै भाव सम्प्रेषणको भन्दा सौन्दर्य चेतनाको अंश वढी देखिन्छ । यसवेला बनेका चित्रहरूमा स्वतन्त्र किसिमका जनावरका आकृतिहरू अधिक छन् । यस्ता आकृतिहरूमा कुनै अर्न्तसम्वन्ध स्थापित गराउन सकिदैन । त्यसैले यी आकृतिहरूमा लेखनको बीज प्रत्यक्षरूपमा भेटाउन सकिदैन । तर परोक्षरूपमा भने यी पनि वस्तुमा चिन्ह निर्माण गरी केही कुरा भन्न सकिन्छ भन्ने कुराका प्रेरणाका स्रोत बनेको अवश्य देखिन्छ । केही पछिल्लो समयका प्रागऐतिहासिककालका चट्टानमा कोरिएका चित्रहरूमा एकै ठाउँमा मानव,बादल, वर्षा, रूख आदिका चित्रहरू पनि बनाइएको पाइएको छ ।



दक्षिणि रोडेसियाको चट्टानमा बनाइएको 'आरम्भिक चित्र', जसमा वर्षातको उत्सव मनाइएको दृष्य कोरिएको देखिन्छ । चित्र साभार (Gelb,1965, p.25)

यस्ता चित्रहरूमा आकृतिहरूलाई सुन्दर बनाउनमा भन्दा कुनै सन्देश दिन वा कुनै घटनालाई वर्णन गर्न प्रयास गरिएको पाइन्छ । त्यसैले यी चित्रात्मक

आकृतिहरूलाई लेखनको जन्म हुनुपूर्व मानिसले गरेको सम्प्रेषणको अभ्यासको रूपमा लिन सकिन्छ ।

ख) विवरणात्मक-प्रतिनिधिमूलक चित्रहरू

(Descriptive-Representational Pictures):

केही पछिल्लो प्रागऐतिहासिककालमा गुफा वा चट्टानहरूमा विशेषखालका चित्रहरू बनाइएको पाइएको छ । यस्ता चित्रहरूमा सौन्दर्य पक्ष पाइँदैन तर साधारण रेखा कोरेर बनाइएका यस्ता चित्रहरूले केही कुरा भन्न खोजेको जस्तो देखिन्छ । आकृतिहरूलाई सुन्दर बनाउन कुनै चासो नदिइएको तर आकृतिहरूमार्फत केही सन्देश दिन खोजेका यस्ता चित्रहरूलाई विवरणात्मक वा प्रतिनिधिमूलक चित्र भनिएको हो । समूहमा बनाइनु र श्रृङ्खलाबद्ध रूपमा निर्माण गरिने जस्ता विशेषताहरूले यस चरणका चित्रहरू आरम्भिक चित्रभन्दा भिन्न रहेको देखिन्छ । यस्ता चित्रहरूको श्रृङ्खला क्रमशःहेर्दै जाँदा कुनै कथा वर्णन गरिए जस्तो देखिन्छ । यस्ता चित्रहरूमा निर्माताले आफ्नो सौन्दर्य चेतना अभिव्यक्तिका लागि नभै कुनै घटना वा वस्तुको विवरण प्रस्तुत गर्न अथवा कुनै कुराको प्रतिनिधित्त्व हुने गरी चित्र कोर्ने गरेको देखिन्छ । उदाहरणको लागि न्यू मेक्सिकोबाट प्राप्त आदिवासी इण्डियन (रेड इन्डियन) जातिले बनाएको एक प्रागऐतिहासिक चित्रलाई लिन सकिन्छ । यस चित्रमा हिममृग माथितिर दौडिएको र छेवैमा घोडा चढेको मानव भिरबाट खसिरहेको जस्तो रेखाचित्र बनाइएको छ । यसमा कलात्मकता रहेको छैन तर कुनै मानिसको सिकारको असफलतालाई देखाउन खोजेको कुरा सहजै अनुमान गर्न सकिन्छ ।



न्यू मेक्सिकोको चट्टानबाट प्राप्त 'विवरणात्मक प्रतिनिधिमूलक चित्र' जसलाई अमेरिकन (रेड) इन्डियन आदिवासिहरूले कोरेका थिए ।
चित्र साभार : (Gelb,1965, p.29)

त्यसै गरेर अमेरिकाकै मिचिगनबाट प्राप्त(रेड)इण्डियनहरूकै अर्को एक चित्र श्रृङ्खलामा ताल, डुङ्गा चढेका ५१ जना मानिसहरू, जलपंक्षी, घोडाचढेको योद्धा, कछुवा,तीनवटा सूर्य विम्व र गोही तथा सर्प जस्ता आकृतिहरू बनाइएको छ । यसबाट तालपारि भएको एक सैन्य अभियानको वर्णन गर्न खोजको जस्तो देखिन्छ ।

यहाँ जलपंक्षी पहिचान चिन्ह भएको कुनै एक मछुवारको नेतृत्वमा आएका ५१'सैनिकहरूले तीन दिनसम्म वहादुरीका साथ युद्ध गरेको र युद्धको सुखद अन्त्य भएको बताउन खोजिएको देखिन्छ ।



अमेरिकाको मिचिगनबाट प्राप्त रेड इण्डियनहरूले चट्टानमा कोरेको 'विवरणात्मक प्रतिनिधिमलक' चित्रहरू चित्र साभार : (Gelb 1965 p.30)

यहाँ पनि चित्रलाई कलात्मक बनाउनुभन्दा कथा वर्णन गर्नसक्ने होस् भन्ने उद्देश्य लिइएको देखिन्छ । यस्ता चित्रहरू पनि कालान्तरमा लेखन जन्माउने मुख्य आधार बन्न पुगेको देखिन्छ ।

ग) परिचयात्मक-सूत्रात्मक चित्रहरू

(Identifying-Mnemonic Pictures)

चित्रकलाको विकास प्रवाहभन्दा भिन्न स्वरूपमा र भिन्न उद्देश्यले बनाइएका जस्ता देखिने अन्य केही प्रागऐतिहासिक चित्रहरू पनि प्राप्त भएका छन् जसलाई लेखनकलाको जननी मान्न सकिन्छ । यस्ता चित्रहरूमा पनि कलात्मकताभन्दा वर्णनात्मकता वा सम्प्रेषणात्मकता हावी भएको देखिन्छ । कुनै एक चित्रबाट कुनै वस्तु वा घटनालाई परिचित गराउने गरी बनाइएका चित्रलाई परिचयात्मक चित्र भनिएको हो । त्यसै गरेर कुनै उखान, लामो गीत वा कविता र समय वा वर्ष आदि सम्झाउनका लागि बनाइएका चित्रहरूलाई सूत्रात्मक चित्र भनिएको हो । यस चरणमा मानिसले रचना गरेका लामा कथा वा गीतलाई एउटै चित्रबाट स्मरण गराउन खोजिएको देखिन्छ । अमेरिकाको डकोटा क्षेत्रका आदिवासी(रेड) इण्डियनहरूले वर्षको गणनामा यस्तै चित्रहरूको प्रयोग गरेको देखिन्छ ।



अमेरिकाको डकोटा क्षेत्रका रेड इण्डियन आदिवासिहरूले वर्षहरूको सम्झना राख्न बनाएका 'सूत्रात्मक चित्रहरू'
चित्र साभार : (Gelb,1965, p.43)

उनीहरूले दादुरा आएको वर्ष जनाउन दादुरा युक्त मानिसको माथिल्लो भाग, सूर्यले जलाएको वा खडेरी परेको वर्ष जनाउन ज्वाला फ्याकिरहेको पूर्ण सूर्य, भैंसीहरू सप्रिएको वर्ष जनाउन भैंसीको चित्र, रूखहरू भएको वर्ष जनाउन सुकेको रूख आदिका चित्रहरू बनाएको पाइन्छ । कतिपय लामा गीत वा घटना सम्झन त्यससंग सम्बन्धित कुनै एक चित्र पनि बनाइएको हुन्छ । यी चित्रहरू पूर्ण लेखन नभए तापनि गीत, कविता, घटना, वर्ष गणना आदिलाई भविष्यको लागि अभिलेखन गर्ने प्रयासले नै पूर्णलेखनको मार्ग प्रशस्त गरेको थियो । त्यसैले यी कार्य लेखनकलाको आविष्कार गर्न विशेष जिम्मेवार रहेका थिए । यी चित्रबाट अधुरो वा अपूर्ण नै भए तापनि विचार सम्प्रेषण गर्न सकिएको हुंदा चिन्ह वा सङ्केतबाट आवाज वा भाषाको अभिलेखन गर्ने लेखन विकास गर्ने प्रेरणा प्राप्त भएको देखिन्छ ।

१.२.३ लेखनको विकास (Development of Writing)

आवाज वा ध्वनिको अंशलाई कुनै दृष्य चिन्हहरूमार्फत् सम्प्रेषण गर्ने परम्परालाई लेखन भनिन्छ भन्ने कुरा यसअघि नै उल्लेख गरिसकिएको छ । यस्तो लेखन मानव जातिले विचार वा भावना सम्प्रेषणको लागि भाषाको आविष्कार गरिसकेपछि मात्र उत्पत्ति भएको हो । भाषाको आविष्कारपछि कुनै

पनि वस्तु र घटनाहरूलाई निश्चित ध्वनिले सम्वोधन गर्न थालिएको थियो । अर्थात् ती सबैको एक निश्चित आवाजमा नाम राखिएको थियो । यही आवाज वा यसको अंशलाई चिन्हहरूले अभिव्यक्त गर्ने परम्परा लेखन हो । यस अघिका लेखन प्रयासहरू पूर्ण लेखन थिएनन् किनभने त्यसवेला वस्तु वा घटनालाई सम्वोधन गरिने ध्वनिलाई भन्दा त्यसको आकृतिलाई आधार मानेर चित्र वा चिन्हहरू निर्माण गरिएको थियो । यस्तो कठिन अपूर्ण सम्प्रेषणको लामो अभ्यासपछि मात्र मानिसले बोली वा भाषा उच्चारण गर्दा निस्कने आवाज वा ध्वनिलाई बुझाउने चिन्हहरू निर्माण गरेको हो । त्यसैले यस पद्धतिलाई ध्वन्यात्मकलेखन पनि भनिन्छ । यस कार्यले भाषालाई व्यवस्थित रूपले रेकर्ड गरी राख्न सकिन्थ्यो । यस्तो पूर्णलेखन वा ध्वन्यात्मकलेखन पनि धेरै चरणको विकास प्रकृयावाट गुज्रिएर वर्तमान अवस्थामा आइपुगेको थाहा भएको छ । किनभने आरम्भिक अवस्थाको ध्वन्यात्मकलेखन वर्तमान समयको लेखन जस्तो विकसित र सहज थिएन । हालसम्मको खोज र अध्ययनबाट प्राप्त तथ्यअनुसार लेखनकलाको विकासका निम्न चरणहरू पार गर्दै वर्तमान अवस्थामा आइपुगेको देखिएको छ ।

क) शब्द-अक्षरात्मक लेखन (Word-Syllabic Writing) :

ध्वन्यात्मकलेखनको विकास चरणका विषयमा स्पष्ट हुन भन्दा पहिले ध्वनिको समग्र पक्ष र त्यसका सूक्ष्म एकाइका विषयमा स्पष्ट हुनु आवश्यक हुन्छ । भाषिक उच्चारणमा आउने पूर्ण, सग्लो वा अर्थपूर्ण आवाजको अंशलाई 'शब्द' भनिन्छ । यसैलाई अंग्रेजीमा word भनिन्छ । शब्दमा एक वा एक भन्दा धेरै ध्वनि खण्ड वा आवाजका टुक्राहरू आपसमा बाँधिएर एक गुच्छाको रूप लिएको हुन्छ जसको पूर्ण र स्वतन्त्र भाव वा अर्थ निस्कन्छ । अर्को शब्दमा भन्दा अक्षरहरूको सार्थक समूह नै शब्द हो । एक वा एकभन्दा बढी अक्षरहरूले बनेका स्वतन्त्र, अर्थपूर्ण लघुतम् भाषिक एकाइलाई शब्द भनिन्छ । उदाहरणका लागि घर, कलम, म, घरेलु, पानी आदि स्वतन्त्र रूपमा प्रयोग हुने र अर्थपूर्ण पनि हुने भएको हुँदा यी शब्द हुन् । यस्ता शब्द वाक्यमा प्रयोग भएपछि 'पद' बन्दछन् । शब्द भाषिक कार्य सम्पादन गर्ने सबभन्दा महत्त्वपूर्ण एकाइ हो । भाषाको संरचनाका एकाइहरूमध्ये शब्द नै केन्द्रिय एकाइ हो ।

शब्द भनेको अक्षर वा अक्षरहरूको समूह हो भनिसकेपछि अब अक्षर के हो ? भन्ने विषयमा पनि स्पष्ट हुन आवश्यक हुन्छ । शब्दात्मक ध्वनिलाई अझै सानो-सानो एकाइमा खण्डित गर्न सकिन्छ । शब्दभन्दा पनि अझै सानो ध्वनि एकाइलाई 'अक्षर' भनिन्छ । भाषा वा बोलीको उच्चारण गर्दा सासको एक झोक्कामा उच्चारित हुने वर्ण वा वर्ण समूह नै 'अक्षर' हो । यसलाई अंग्रजीमा Syllable भनिन्छ । त्यसैले अक्षर वर्णभन्दा ठूलो र शब्दभन्दा सानो भाषिक एकाइ वा आवाजको खण्ड हो । अक्षरमा एक वा एकभन्दा धेरै

वर्णहरूको उच्चारण रहेको हुन्छ । स्वर वर्ण एउटै पनि अक्षर हुन सक्छ तर व्यन्जन वर्ण एक्लै अक्षर हुन सक्दैन । व्यन्जन वर्णमा स्वर वर्ण मिसिएपछि मात्र अक्षर बन्दछ । कुनै शब्दमा कतिवटा स्वर वर्ण मिसिएका छन् त्यति नै अक्षरहरू रहेको मानिन्छ ।

'अक्षर' वर्ण वा वर्णहरूको समूह हो भनिएको हुँदा अब वर्ण के हो ? भन्ने विषयमा पनि स्पष्ट हुनु आवश्यक देखिन्छ । मानिसका उच्चारण अङ्गहरूद्वारा उच्चारित सबैभन्दा सानो अर्थ भेदक भाषिक एकाइ वर्ण हो । मानिसले मुखबाट अनेक ध्वनि वा आवाज निकाल्न सक्छ । ती सबै आवाजहरू वर्ण होइनन् । जुन ध्वनिले भाषिक अर्थमा परिवर्तन ल्याउन सक्छ त्यस्ता ध्वनिहरू मात्र वर्ण कहलाउछन् । उदाहरणको लागि डकार निस्कदा, खोक्दा, सुसेल्दा निस्कने आवाज वर्ण होइनन् किनकी यी आवजलाई अन्य कुनै आवाजसँग जोडेर हेर्दा अर्थमा कुनै परिवर्तन ल्याउँदैनन् तर क,ख,ग,घ आदि वर्ण हुन् किनभने यिनलाई अन्य कुनै ध्वनिसँग जोड्दा अर्थमा अन्तर आउँछ । जस्तै 'अर्' ध्वनिसँग क जोड्दा कर अर्थात् कुनै दस्तुर बन्दछ । ख जोड्दा खर(घाँस) बन्दछ । ग जोड्दा गर अर्थात् कुनै काम गर्नु भन्ने हुन्छ र घ जोड्दा घर बन्दछ । त्यसैले यी सबै वर्ण हुन् । A ,B,C पनि यस्तै किसिमका वर्णहरू हुन् । यस्ता वर्णलाई अंग्रेजीमा Phoneme भनिन्छ । यसैलाई Alphabet अथवा letterको रूपमा पनि बुझ्ने गरिन्छ । वर्ण भाषाको आधारभूत एकाइ हो । यसलाई अझ सानो खण्डमा टुक्राउन सकिँदैन । यो उच्चार्य र अर्थभेदक हुनुका साथै यसले समान ध्वनिहरूको प्रतिनिधित्व पनि गर्दछ ।

सबै भाषाका वर्णहरू मुख्य दुई किसिमका हुन्छन् । आफू एक्लै पनि उच्चारण हुनसक्ने वर्णलाई स्वरवर्ण भनिन्छ । अ, आ, इ, ए, तथा a, e, i, o, u आदि स्वरवर्ण हुन् । स्वरवर्णको सहयोगबाट मात्र उच्चारित हुने वर्णलाई व्यन्जनवर्ण भनिन्छ । क, ख, b, c, d, आदि व्यञ्जनवर्णहरू हुन् ।

यसरी आवाज वा ध्वनिका खण्डित अंश वा एकाइहरूका बारेमा स्पष्ट भै सकेपछि लेखनको विकासक्रम बुझ्न सजिलो हुन्छ । शब्द, अक्षर र वर्णहरू मध्ये मानिसले आरम्भमा शब्दका चिन्हहरू निर्माण गरेर लेखनको सुरुवात गरेको थियो । आवाज वा ध्वनिका यी तीन एकाइमध्ये सबैभन्दा ठूलो एकाइ शब्द हो । यसलाई उच्चारण गर्दा निस्कने आवाज वा ध्वनिका लागि अलग अगलचिन्ह निर्माण गरी भाव वा विचार संप्रेषण गरिने पद्धति शब्दात्मक लेखन हो । यो चित्रलेखनभन्दा केही सजिलो भए पनि सम्प्रेषणमा पूर्ण थिएन । शब्दका चिन्हहरूले मात्र अभिव्यक्ति स्पष्ट हुँदैनथ्यो । सम्प्रेषणमा हुने यस कठिनाई हटाउन मानिसहरूले शब्दका साथसाथ केही अक्षरका चिन्हहरू पनि आविष्कार गरेर एकैसाथ प्रयोग गर्ने गरेका थिए । यसबाट शब्दको विशेषता

वा अन्य पक्षलाई थप स्पष्ट गर्न सकिन्थ्यो । यसरी शब्दका साथमा केही अक्षरका चिन्ह(Syllabic Sign)हरू समेत निर्माण गरेर शब्द र अक्षरका चिन्हहरूमार्फत् विचार आदान प्रदान गरिएको लेखन परम्परालाई शब्द-अक्षरात्मक लेखन भनिन्छ । यस्तो लेखनमा बहुसङ्ख्यक शब्दका चिन्हहरू प्रचलनमा ल्याइएको थियो भने केही सीमित चिन्हहरूमात्र अक्षरात्मक चिन्हहरू थिए । लेखनकलाको सबैभन्दा पहिलो चरणमा यस्तै लेखनको प्रचलन रहेको पाइएको छ । हालसम्मको अध्ययनबाट संसारमा निम्न लिखित सात ठाउँमा सात अलग किसिमका शब्द-अक्षरात्मक लेखन प्रचलनमा रहेको पाइएको छ(Gelb,1965,p.60)·।

१) मेसोपोटामिया (वर्तमान इराक)मा ई.पू.३१०० देखि ई.सं.७५ सम्म प्रचलनमा रहेको सुमेरियन लेखन, २) एलममा ई.पू. ३००० देखि ई.पू.२२०० सम्म प्रचलनमा रहेको आदिएलामाइट लेखन, ३) सिन्धुघाँटी सभ्यता(हालको भारत र पाकिस्तान)मा ई.पू.२२०० तिर प्रचलनमा रहेको सिन्ध लेखन, ४) चीनमा ई.पू.१३०० देखि हालसम्म प्रचलनमा रहेको चिनीया लेखन, ५) मिश्र(हालको इजिप्ट)मा ई.पू. ३००० देखि ई.सं. ४०० बीचमा प्रचलनमा रहेको इजिप्टियन लेखन, ६) क्रिट र ग्रीसमा ई.पू. २००० देखिई.पू.१२०० बीचमा प्रचलनमा रहेको क्रेटान लेखन र ७) एनातोलिया र सिरिया क्षेत्रमा ई.पू.१५०० देखि ई.पू.७०० बीचमा प्रचलनमा रहेको हिट्टाइट लेखन ।

यी सबै सात ठाउँमा विकसित र प्रचलित लेखन ध्वन्यात्मकलेखनको प्रथम चरणमा विकसित भएका आरम्भिक लेखन थिए । यी मध्ये आदिएलामाइट लेखन, सिन्धलेखन र क्रेटानलेखन अहिलेसम्म पनि पूर्णरूपमा पढ्न सकिएको छैन । त्यसैले यी लेखन आरम्भिक ध्वन्यात्मकलेखन भएको र यिनमा शब्द व्यक्त गर्ने र केही अक्षरका चिन्हहरू रहेको भन्ने बाहेक अन्य लेखन विशेषता जान्न सकिएको छैन । बाँकी चार लेखन भने पढ्न सकिएको छ । त्यसैले यहाँ सातमध्ये चार लेखनका विषयमा सङ्क्षेपमा परिचय दिने प्रयास गरिएको छ ।

सुमेरियन लेखन :वर्तमान इराकको युफ्रेटस र टिग्रीस नदीबीचमा विकसित भएको प्राचीन मेसोपोटामिया सभ्यताको उत्तरतर्फको भू-भागलाई त्यसबेला सुमेर भनिन्थ्यो । त्यस क्षेत्रका बासिन्दा सुमेरियन कहलाउँथे । लडाकु र योद्धाको रूपमा परिचित यी सुमेरियनहरूले दक्षिणतर्फको समथर, मलिलो र खेतीयोग्य भू-भागमा बस्ने अरब मूलका हिब्रुहरूलाई पराजित गरी मेसोपोटामियामा आफ्नो बसोबास कायम गरी उन्नत सहरी सभ्यता विकास गरेका थिए । उनीहरूले नै सर्वप्रथम ध्वन्यात्मकलेखनको सुरुवात गरेका थिए । त्यसबेला करिब ६०० ध्वनि सङ्केत वा चिन्हहरू निर्माण गरी लेख्ने गरेको पाइएको छ । यी मध्ये १०० देखि १५० जति चिन्हहरू अक्षरात्मक चिन्हहरू

रहेका छन् भने बाँकी सबै शब्द बुझाउने चिन्हहरू रहेका छन्(Gelb,1965,p.115) । त्यसैले उनीहरूको लेखन शब्द-अक्षरात्मक लेखन थियो ।

उन्नाइसौं शताब्दीको पूर्वार्धतिर जर्मनका Georg Friderich Grotefend र बेलायतका Henry Rawlinson ले सुमेरियन लेखन पढ्नमा सफतला प्राप्त गरेका थिए । त्यस शताब्दीको अन्त्यसम्ममा सबै चिन्हहरू पहिचान हुन सकेका थिए (Gelb,1965,p.61)। यस लेखनमा प्रयोग भएका चिन्हहरू आरम्भमा सरल किसिमका आकृति वा चित्रहरू नै थिए । चरा, माछा, गधा, गोरु, सूर्य आदि बुझाउन सोही आकृतिका सरल रेखाचित्रलाई नै लेख्य चिन्हको रूपमा प्रयोग गरिएको छ । तर छिटोछिटो लेख्ने अभ्यास गर्दै जाँदा यी आकृति वा चित्रहरू बिस्तारै काँटी वा कीला जस्ता रेखा चिन्हहरूको संयोजनबाट बनेका आकृतिमा परिणत भएको देखिन्छ । त्यसैले सुमेरियनहरूको पछिल्लो लेखनलाई हाल कीलाक्षर (Cuneiform) पनि भनिन्छ ।

यहाँका शब्द र अक्षरका चिन्हहरू मसिना पिन वा काठमा ठोक्ने काँटी जस्ता रेखाहरूलाई ठाडो, तेर्सो, उल्टो वा सुल्टो पारेर बनाइएका आकृति जस्ता देखिन्छन् । करिब ३ हजार वर्षसम्म मेसोपोटामिया क्षेत्रमा यही लेखन प्रचलनमा रहेको थियो । त्यहाँ माटाका पाटीहरूमा तीखो औजारले कोरेर यस्तै कीलाक्षरमा अभिलेखहरू लेखिन्थ्यो र पाटीहरूलाई पोलेर पक्की बनाइन्थ्यो । यसरी सुमेरियन कीलाक्षर लेखन शब्द-अक्षरात्मक लेखनको राम्रो उदाहरण मानिन्छ ।



चित्रात्मक लेखनदेखि सुमेरियन कीलाक्षर लेखनसम्मको विकास प्रकृया । चित्र साभार :(Gelb,1965,p.70)

इजिप्टियन लेखन : अफ्रिका महादेशको उत्तरतर्फ इजिप्ट देश रहेको छ । यही मुलुकमा प्रसिद्ध मिश्रको प्राचीन सभ्यता विकसित भएको थियो । यस सभ्यताका निर्माताहरूले पनि आरम्भिक अवस्थाको ध्वन्यात्मक लेखन प्रयोगमा

ल्याएका थिए । यसैलाई यहाँ इजिप्टियन लेखन भनिएको हो । इजिप्टको यस लेखनमा सुमेरियन लेखनको प्रभाव रहे नरहेको बारेमा स्पष्ट भएको छैन । तर यहाँको लेखनमा पनि त्यहाँको तत्कालीन भाषाका शब्दहरूका लागि र केही अक्षरका लागि चिन्हहरू निर्माण गरी लेख्ने गरिएको पाइएको छ । उनीहरूले करिब ७०० लेखन चिन्हहरू बनाएका थिए जसमध्ये करिब १०० जति अक्षर बुझाउने चिन्हहरू रहेका छन् भने बाँकी सबै शब्द बुझाउने चिन्हहरू रहेका छन्(Gelb,1965,p.115) । यिनै चिन्हहरूको मद्दतले उनीहरूले आफ्नो भाषालाई लिपिबद्ध गर्दथे । त्यसैले यो पनि शब्द-अक्षरात्मक लेखन थियो ।

मिश्रका तत्कालीन धर्मगुरुहरूले धार्मिक विषयवस्तुलाई निकै अलङ्कृत रूपमा लेखाएर सार्वजनिक प्रदर्शनीमा राख्ने गरेको पाइएको छ । अधिक चित्रात्मक शब्द चिन्हहरू रहेको यस्तो लेखनलाई पवित्र लेखन वा *हियरोग्लिफिक*(Hieroglyphic) लेखन पनि भन्ने गरिन्छ । यस्तो लेखन मिश्रवासीले पवित्र वा धार्मिक विषयलाई पत्थरमा कुँदेर लेख्न मात्र प्रयोग गर्दथे भन्ने विश्वास गरिन्छ । यसै आधारमा यसको नाम ग्रीक भाषाको पवित्र बुझाउने शब्दबाट *हियरोग्लिफिक* रहन गएको हो । यो लेखन सार्वजनिक प्रदर्शनका लागि लेखिन्थ्यो र यसमा धार्मिक विषयवस्तु समेटिएको हुन्थ्यो । यो दैनिक व्यवहारको लेखनका लागि थिएन । किनभने यो चित्रात्मक थियो र शीघ्रलेखनका दृष्टिले बढी कठिन थियो । यी शब्द चिन्ह र अक्षर चिन्हहरूलाई शीघ्र लेख्ने अभ्यास गर्दै जाँदा मिश्रका पुरोहितहरूले धस्काएर (*कर्सिभ*) लेख्दै गए । फलस्वरूप केही भिन्न प्रकृतिका चिन्हहरूको विकास हुन पुग्यो, जसलाई हियरेटिक(Hieratic) लेखन भनिन्छ । सर्वसाधारण मिश्रवासीहरूले आफ्नो लागि थप धस्काएर शीघ्रलेखनको अभ्यास गर्दै गए फलस्वरूप हियरोग्लिफिक लेखनबाटै भिन्न तर सरल स्वरूपको चिन्हहरूको विकास हुन पुग्यो । यस्तो लेखन चिन्हलाई जनलेखन वा डेमोटिक(Demotic) लेखन नाम दिइएको छ (Gelb,1965,p.72-75) ।

वास्तवमा यी सबै लेखन चिन्हको विकास मिश्रको *हियरोग्लिफिक* लेखन चिन्हहरूबाट नै भएको थियो ।

सन् १८२२ तिर फ्रान्सेली लिपिविद Francois Champollion ले इजिप्टियन *हियरोग्लिफिक* लेखनलाई सफतलापूर्वक पढेका थिए । उनले यो लेखनलाई ग्रीकको प्रसिद्ध रोसेटा प्रस्तर अभिलेखका



इजिप्टको शब्द-अक्षरात्मक लेखनमा प्रयुक्त *हियरोग्लिफिक, हियरेटिक र डेमोटिक* लेखनका चिन्हहरूको विकासक्रम चित्र साभार : (Gelb,1965,p.76)

अक्षरसँग तुलना गरेर पढ्ने सफलता प्राप्त गरेका हुन् (Gelb, 1965, p.72) । यस लेखनमा पनि आरम्भको *हियरोग्लिफिक* शब्द चिन्हहरू चरा, मानिस, माछा, भाँडा आदि वस्तुका सरल रेखाचित्रवाट बनेका छन् । अक्षर चिन्हहरू भने अमूर्त खालका रेखात्मक चिन्हहरू बनाइएका छन् । *हियरेटिक* र *डेमोटिक* लेखनमा भने ज्यामितीय र रेखात्मक खालका चिन्हहरू अधिक रहेका छन् । यो लेखन सुमेरियन लेखनपछि विकसित भएको हुँदा सुमेरियनहरूकै शब्द र अक्षर चिन्हहरूको प्रेरणावाट यी इजिप्टियन लेखनको उत्पत्ति भएको हुन सक्ने अनुमान गर्न सकिन्छ ।

हिट्टाइट लेखन : मध्यपूर्वका वर्तमान सिरिया, टर्की र लेवनानको विस्तृत भू-भागमा ई.पू.१८०० तिर एक विशाल एनातोलिया देश अस्तित्वमा आएको थियो । यसमा हिट्टाइट जातिका मानिसहरूको विशाल साम्राज्य फुलेफलेको थियो । यस साम्राज्यको राजधानी हातुसामा रहेको थियो र यसको दक्षिणी सीमाना मेसोपोटामियासम्म फैलिएको थियो । उनीहरूले भारोपेली भाषा परिवारको एनातोलिया समूहको हिट्टी भाषा बोल्ने गर्दथे । ई.पू. १५०० तिर उनीहरूको सभ्यता चरम उत्कर्षमा रहेको समयमा उनीहरूले पनि शब्द-अक्षरतात्मक लेखनको विकास गरेका थिए । यसै लेखनलाई हिट्टाइट वा हिट्टी लेखन भनिएको हो । ठाउँ वा देशको आधारमा यस लेखनलाई एनातोलिया लेखन पनि भन्न सकिन्छ । पढ्न सकिएको आरम्भिक ध्वन्यात्मक लेखनमध्ये यो पनि एक हो । यसका शब्दात्मक र अक्षरात्मक चिन्हहरू वीसौं शताब्दीको तीसको दसकमा जर्मनका Helmuth T. Bossert, स्वजरल्याण्डका Emil O. Forrer, चेकोस्लोभाकियाका Bedrich Hrozny, इटलीका Piero Meriggi र अमेरिकाका I.J.Gelb को संयुक्त प्रयासमा मोटामोटीरूपमा पढ्न सकिएको थियो (Gelb,1965,p.81)। हालसम्म पनि सुमेरियन र इजिप्टियन लेखन जस्तै सबै चिन्हहरू भने पढ्न सकिएको छैन ।

यस लेखनमा करिब ४५० जति चिन्हहरू प्रयोग गरिएको पाइएको छ । यी मध्ये ६० वटा चिन्हहरू अक्षरका चिन्हहरू छन् भने बाँकी सबै चिन्हहरू शब्दलाई बुझाउने चिन्हहरू प्रयोग भएका छन्(Gelb,1965,p.115) । इजिप्टको *हियरोग्लिफिक* लेखनको प्रभावले गर्दा यो लेखनमा पनि पवित्र लेखनको शैलीकै चिन्हहरू निर्माण गरिएका छन् ।

त्यसैले यसलाई पनि आइ.जे.गेल्वले हिट्टाइट *हियरोग्लिफिक* लेखन भनेका छन् (1965,p.81) ।

यस लेखनमा पनि आरम्भमा शब्द बुझाउने चरा, मनिसका खुट्टा, माछा, हात, आदि चित्रात्मक चिन्हहरू प्रयोग भएकोमा पछि शीघ्र लेखनको अभ्यास गर्दै जाँदा अमूर्त रेखात्मक चिन्हहरू विकसित हुन



आरम्भिक समयको हिट्टाइटहरूको *हियरोग्लिफिक* शब्द-अक्षरात्मक लेखनको नमुना चित्र आधार : (Gelb.1965, p.82)

पुगेको देखिन्छ । यो लेखन ई.पू. १५०० देखि ई.पू ७०० को बीचमा

समग्र एनातोलिया मा प्रचलनमा रहेको थियो ।

चिनियाँ लेखन : हालसम्म पढ्न सकिएका चार शब्द-अक्षरात्मक लेखनमध्ये चिनियाँ लेखन एक मात्र यस्तो लेखन हो जसलाई पढ्न र बुझ्न कुनै कठिनाई भएन । किनभने यो लेखन हालसम्म पनि निरन्तर प्रचलनमा रहिरहेको छ । यस लेखनमा शब्द बुझाउने चिन्ह नै अत्यधिक रहेका छन् । अक्षरात्मक चिन्हहरू ज्यादै नगन्य रहेका छन् । यस लेखनमा करिव ५०,००० लेख्य चिन्हहरू रहेकोमा ६२ जति चिन्हमात्र अक्षरात्मक छन्(Gelb,1965,p.115) । त्यसले यो शब्दात्मक लेखन जस्तै रहेको छ । चिनियाँहरूकै शब्दलेखनवाट जापानीहरूले अक्षरात्मक लेखनको विकास गरेको विश्वास गरिन्छ तर चिनियाँहरू भने हालसम्म पनि यही शब्द-अक्षरात्मक लेखन नै प्रयोग गरिरहेका छन् । चिनियाँ भाषाका अलग अलग शब्दका लागि अलग चिन्हको व्यवस्था भएको हुँदा अन्य भाषाका शब्दहरू लेखनमा चिन्हको अभावले निकै कठिनाइ हुने गरेको पाइन्छ । उनीहरूका लागि नयाँ ध्वनि वा शब्दका लागि चिन्हको अभावले गर्दा *इङ्लिस*लाई इङ-ची-ली, जिससलाई य-शु, फ्रेन्चलाई फ-लन-ह्सी र टेलिफोनलाई टे-लु-फङ् लेख्नुपर्ने वाध्यता रहेको छ (Gelb,1965,p.87) । हाल अक्षरात्मक चिन्ह धेरै विकास गरिएको छ तर अहिलेसम्म पनि चिनियाँलेखन शब्द-अक्षरात्मक चरणमै रहेको छ ।

यसरी संसारमा ध्वन्यात्मक लेखनको आरम्भमा शब्द-अक्षरात्मक चिन्हहरूवाट लेखन प्रकृया अघि बढाइएको थियो । हालसम्म प्राप्त सातमध्ये चार लेखन मात्र पढ्न सकिएको छ । यी चारै लेखनमा मुख्य चिन्ह साधारण चित्रहरू रहेकोमा विस्तारै ती चित्रहरू ज्यामितीय र अन्य रेखात्मक आकृतिमा वदलिएको पाइन्छ । यी सवै लेखनमा शब्दका चिन्ह, अक्षरका चिन्ह र केही विराम एवं, निश्चयात्मक जस्ता सहायक चिन्हहरू समेत रहेको पाइएको छ । आरम्भिक अवस्थाको यो लेखन सम्प्रेषणका दृष्टिले पूर्ण थिएन त्यसैले चिनियाँ वाहेक अन्य मानिसले यस लेखनमा चित्त वुझाएनन् । अझै सजिलो उपायको खोजी गर्दै गए । यसैको परिणामस्वरूप अक्षरात्मक लेखनको आविष्कार हुन पुग्यो ।

ख) अक्षरात्मक लेखन (Syllabic Writing) : एक वा एक भन्दा धेरै वर्णहरू मिलेर उच्चारित हुने र कम्तीमा एक स्वर वर्ण समावेश भएको ध्वनि

अक्षर हो । उदाहरणको लागि 'भात'मा भ्+आ+त् जस्ता तीन वर्णहरू रहेका छन् । तर यसको उच्चारण सासको एकै झोक्कामा हुने र यहाँ एक मात्र स्वरवर्ण 'आ' रहेको हुँदा 'भात्' एकमात्र अक्षर(syllable) हो । यस्तो एक अक्षरको लागि अलग एक चिन्ह निर्माण गरेर लेखिने लेखनलाई अक्षरात्मक लेखन भनिएको हो । लेखनकलाको विकासमा यस्तो लेखन दोस्रो चरणमा अर्थात् शब्द-अक्षरात्मक लेखनपछि विकास भएको हो । हजारौं शब्दका अलग अगल चिन्ह निर्माण गर्नु र तिनको प्रयोगवाट पनि विचार वा भावको पूर्ण सम्प्रेषण हुन नसक्नु शब्द-अक्षरात्मक लेखनको कमजोरी थियो । यसबाट मुक्ति पाउने उपायको खोजी गर्दै जाँदा पूर्ण अक्षरात्मक लेखनको विकास हुन पुगेको हो । यो शब्द लेखनको तुलनामा निकै सहज उपयोगी र बढी प्रभावकारी सम्प्रेषण थियो । त्यसैले भाषिक उच्चारणमा आउने सीमित अक्षर मात्रका चिन्हको प्रयोगवाट लेखिने लेखन एक महत्त्वपूर्ण आविष्कार थियो ।

अक्षरात्मक लेखनको विकास यसअघि प्रयोगमा आएको शब्द-अक्षरात्मक लेखनवाटै भएको हो । हालसम्म प्राप्त भएका सातवटा शब्द-अक्षरात्मक लेखनमध्ये सुमेरियन, इजिप्टियन, हिट्टाइट र चिनियाँ जस्ता चार लेखन पढ्न वा बुझ्न सकिएको छ । यीबाट कीलाक्षर, पश्चिमी सेमेटिक, साइप्रस तथा जापानी समूहका चारै किसिमका अक्षरात्मक लेखनको विकास भएको पाइएको छ । सवैभन्दा पुरानो सुमेरियन कीलाक्षर लेखनबााट सर्वप्रथम अक्षरात्मक लेखनको विकास भएको हो । प्राचीन सुमेरियन कीलाक्षर लेखन शब्द-अक्षरात्मक लेखन भएर पनि शब्दका साथमा सबैभन्दा धेरै १५० जति अक्षर चिन्ह प्रयोगमा आएको थियो । यस्तो कीलाक्षर लेखन मेसोपोटामिया क्षेत्रको विस्तृत भू-भागमा फैलिएको थियो । आसपासका क्षेत्रमा प्रयोगमा आएका एलामाइट, हुर्रियन, युराटियन, हटिक, लुविन र पेलिक जस्ता लेखनहरू कीलाक्षरवाटै विकसित भएका थिए । यी सबै लेखनका प्रयोग कर्ताहरूमा शब्दका लागि प्रयोग हुने चिन्हवाट भन्दा ध्वनिको अझै सानो एकाइ अर्थात् अक्षरका लागि चिन्ह बनाउँदा थोरै चिन्हमा पनि विचार वा भावलाई धेरै स्पष्टसँग सम्प्रेषण गर्न सम्भव हुन्छ भन्ने चेतना बढ्दै गएको थियो । यसै क्रममा ई.पू. २७५० तिर सुमेरियनहरूलाई अक्काडियन जातिका मानिसहरूले पराजित गरी मेसोपोटामियाको वेविलोनमा नयाँ सभ्यताको सुरुवात गरेका थिए । यहाँ पछिल्लो समयमा एलम र हुर्रियनहरूको पनि आधिपत्य रहन गएको थियो । सुमेरियनहरूको पतनपछि उनीहरूको शब्द-अक्षरात्मक लेखनको परम्परा पनि क्रमशः पतन हुँदै गयो र यस क्षेत्रमा एलम र हुर्रियनहरूले क्रमशः कीलाक्षर स्वरूपमा शब्द चिन्हहरू हटाउदै लगेर कीलाक्षर स्वरूपकै

अक्षरका चिन्हहरू विकास गर्दै लगे । कालान्तरमा मेसोपोटामियाका आसपासमा विकसित सवै शब्द-अक्षरात्मक लेखन अक्षरात्मक लेखनमा परिणत भए । कीलाक्षर समूहका एलामाइट, हुर्रियन, युराटियन, हटिक, लुविन र पेलिक जस्ता अक्षरात्मक लेखनमा करिब १०० देखि १३० जति मात्र अक्षर चिन्हहरू रहेका थिए (Gelb,1965,p.121-164)।

शब्दात्मक लेखनभन्दा अक्षरात्मक लेखन निकै पूर्ण र सहज थियो । त्यसैले अन्य क्षेत्रमा पनि शब्द चिन्हका ठाउँमा अक्षर चिन्ह निर्माण गर्ने परम्परा लोकप्रिय बन्दै गयो । इजिप्ट वा प्राचीन मिश्रको *हियरोग्लिफिक* लेखनवाट पनि शब्दका चिन्हहरू हराउँदै गए र पश्चिमी सेमेटिक क्षेत्रमा♣ फोनेसियन, हिब्रु तथा अरेबिक अक्षरात्मक लेखन विकसित भयो । यस समूहका अक्षरात्मक लेखनमा २२ देखि ३० वटासम्म अक्षर चिन्ह निर्माण र प्रयोग गरिएको थियो । पढ्न नसकिएको क्रेटान शब्द-अक्षरात्मक लेखनवाट साइप्रसक्षेत्रमा करिब ५६ अक्षर चिन्ह भएको अक्षरात्मक लेखनको विकास गरियो ।



♣ भू-भागलाई [illegible] क्षेत्रलाई पश्चिमी सेमेटिक क्षेत्र भनिएको हो । यो मेसोपोटामियाभन्दा मिश्रको सभ्यताको प्रभाव क्षेत्र हो । त्यसैले यहाँको लेखनमा पनि मिश्री लेखनको प्रभाव अधिक हुनु स्वभाविकै हो ।

अन्त्यमा चिनियाँ शब्द-अक्षरात्मक लेखनबाटै जापानीहरूले ४७ अक्षर चिन्ह भएको कातानावा नामक अक्षरात्मक लेखनको विकास गरे(Gelb,1965,p.164) । यस्तो अक्षरात्मक लेखनले अभिव्यक्ति वा सम्प्रेषणलाई निकै सहज बनाएको भए तापनि पूर्ण भने थिएन । त्यसैले अझै सहज उपायको खोजी भैरहेको थियो ।

ग) वर्णात्मक लेखन (Alphabetic Writing) आफै उच्चारित हुन सक्ने 'स्वर' र स्वरको सहयोगले मात्र उच्चारण हुन सक्ने 'व्यञ्जन' जस्ता सबैभन्दा सानो ध्वनिको एकाइ वर्ण हो । वर्णभन्दा सानो ध्वनि एकाइ हुन सक्दैन । अर्थात् वर्ण नै उच्चारित हुन सक्ने सबैभन्दा सूक्ष्म ध्वनि खण्ड हो । यस्ता सूक्ष्म ध्वनि एकाइका रूपमा रहेका स्वर र व्यञ्जन वर्णका लागि अलग अलग चिन्हहरूको व्यवस्था गरिएको सबैभन्दा आधुनिक र व्यवस्थित लेखनलाई वर्णात्मक वा वर्ण लेखन भनिन्छ । यो हालसम्मकै विकसित लेखन अवस्था हो । यस्तो लेखनमा वोलिने भाषाको उच्चारणका आधारमा केही स्वरवर्णका र धेरैजसो व्यञ्जन वर्णका चिन्हहरू बनाइएको हुन्छ । आवश्यक ध्वनिका लागि स्वर र व्यञ्जन वर्णहरूको आवाज मिसाएर अक्षर,शब्द तथा वाक्यहरूको निर्माण गर्न सकिन्छ । त्यसैले यस पद्धतिवाट भाषालाई जस्ताको त्यस्तै लिपिबद्ध गर्न सकिन्छ । यस्तो लेखन वास्तवमा अक्षरको ध्वनिलाई अझै खण्डित गरेर सबैभन्दा सानो ध्वनि अंशको चिन्ह बनाउने प्रयास स्वरूप आविष्कार हुन पुगेको हो ।

प्राचीन ग्रीकका वासिन्दाहरूले सबैभन्दा पहिलो पटक यस्तो वर्णनात्मक लेखनको सुरुवात गरेका हुन् । ई.पू.को आठौं शताब्दीतिर यस्तै वर्णात्मक लेखनमा लेखिएका ग्रीक अभिलेखहरू प्राप्त भएका छन् (Gelb,1965,p.181) । यस आधारमा आठौं शताब्दी आसपासमा यस्तो वर्णात्मक लेखनको आविष्कार भएको अनुमान गर्न सकिन्छ । हुन त दोस्रो सहश्राब्दी ई.पू. देखि नै इजिप्टियन पश्चिमी सेमेटिक अक्षरात्मक लेखनमा अक्षर भित्रको स्वरवर्णलाई संङ्केत गर्न अनेक प्रयासहरू गरिएको देखिन्छ (Gelb,1965,p.197) । मानिसहरूलाई त्यतिवेला देखि नै स्वर वर्णको उच्चारण भाषिक ध्वनिको प्रमुख र निर्णायक तत्त्व हो भन्ने थाहा भैसकेको थियो । तर उनीहरूले भाषिक ध्वनिको समूहवाट स्वरको ध्वनिलाई अलग पार्न र त्यसका लागि अलगै चिन्ह निर्माण गर्न सकेका थिएनन् । यो काममा ग्रीकवासीहरूले पहिलो पटक सफलता प्राप्त गर्न सके र उनीहरू नै आधुनिक वर्णात्मक लेखनका आरम्भकर्ता बन्न सके । त्यसैले यहाँ ग्रीक वर्णमालाको सम्बन्धमा थप स्पष्ट हुनु आवश्यक देखिन्छ ।

ग्रीक वर्णमालाको निर्माण : ग्रीक वा ग्रीस प्राचीन युनान साम्राज्य अर्न्तगतको एक महत्त्वपूर्ण क्षेत्र हो । यहांको ग्रीक वा युनानी वर्णमालाको पूर्ण विकास उनीहरूको भाषा उच्चारण गर्दा प्रयोग हुने स्वर र व्यञ्जन ध्वनिका लागि

अलग अलग चिन्हहरूको निर्माणवाट भएको छ । यो कार्य नै लेखनकलाको इतिहासको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि थियो । किनभने विगत २८०० वर्षदेखि पृथ्वीमा यही वर्णात्मक लेखनबाटै मानिसले सम्प्रेषणको कार्य गर्दै आएको छ । यस अवधिमा पुरानो ग्रीक लेखनमा कुनै तात्त्विक विकास भएको छैन । यस्तो वर्णात्मक लेखनको जननी भने इजिप्टियन शब्द-अक्षरात्मक लेखनका चिन्हहरू नै थिए । यस लेखनबाट पश्चिमी सेमेटिक लेखन समूहका फोनेसियन, हिब्रु तथा अरमाइक अक्षरात्मक लेखनहरू विकसित भएका थिए । यी मध्ये फोनेसियन अक्षरात्मक लेखनमा स्पष्टसँग स्वर र व्यञ्जनको उच्चारण हावी हुने धेरै अक्षर चिन्हहरू थिए । यिनै अक्षरात्मक चिन्हहरूलाई ग्रीक बासीले अनुसरण गर्दै वर्णहरूका अलग चिन्हहरू बनाएका थिए । त्यसैले ग्रीक वर्णहरूमा पश्चिमी सेमेटिक समूहको विशेष गरेर फोनेसियन अक्षर चिन्हहरूको स्पष्ट प्रभाव देखिएको छ । पश्चिमी सेमेटिक भाषामा गोरु बुझाउने 'अलिफ' चिन्हबाट ग्रीक बासीहरूले अ ध्वनि हुने 'अल्फा' चिन्ह निर्माण गरे । घर बुझाउने वेथ चिन्हबाट ग्रीकहरूले ब उच्चारण हुने वेथ् चिन्ह बनाए, ऊँट बुझाउने गिमेल चिन्हबाट ग उच्चारण हुने गामा चिन्ह बनाए । ढोका अर्थ हुने दालेथ् चिन्हवाट ड उच्चारण हुने डेल्टा चिन्ह निर्माण गरे । यसरी ग्रीक बासीहरूले पश्चिमी सेमेटिक समूहको र विशेष गरेर फोनेसियन अक्षरात्मक लेखनका व्यञ्जन उच्चारण हुने चिन्हहरूलाई व्यञ्जनकै रूपमा राखे र आफ्नो भाषालाई आवश्यक हुने थप स्वर चिन्हहरू निर्माण गरे । यसरी स्वर र व्यञ्जन चिन्हहरू समेत जम्मा २२ वर्णहरू भएको वर्णमाला निर्माण गरे । यस्तो उपायवाट बोलीचाली गर्दा उच्चारण हुने जस्तो सुकै ध्वनि वा आवाजलाई पनि लिपिबद्ध गर्न सकिन्थ्यो ।



पश्चिमि सेमेटिक लेखन चिन्ह र ग्रिक वर्णमालाका चिन्हहरूको तालिका

चित्र साभार : (Gelb,1965,p.177)

त्यसैले यो पूर्ण रूपमा भाव सम्प्रेषण गर्न सकिने आधुनिक लेखन थियो । यसबाट प्रभावित भएर आ-आफ्नो भाषालाई आवश्यक पर्ने स्वर वर्ण र व्यञ्जन वर्णका चिन्हहरू निर्माण गरेर लेटिन, हिब्रु, अरबी, खरोस्ठी, ब्राम्ही, तथा इथोपियाई जस्ता अनेक वर्णात्मक लेखनको विकास हुन पुग्यो ।

यसरी करिब १२ हजार वर्षअघि उच्च पुरापाषणकालका मानिसहरूले गुफाका भित्तामा जनावरका चित्र कोरेर मनको भाव सम्प्रेषण गर्न सुरु गरेको प्रयास अनेकौं विकासका चरणहरू पार गर्दै ई.पू.८०० तिर वर्णात्मक लेखनको विकासपछि मात्र पूर्ण हुन पुगेको हो । सुरुमा वस्तु वा घटनाको आकृतिलाई आधार मानेर चित्र वा चिन्ह मार्फत लेख्ने प्रयास गर्दा सम्प्रेषण पूर्ण हुन सकेन । तर मानिसले भाषाको विकास पछि भाषाको उच्चारण गर्दा निस्कने ध्वनिलाई चिन्हमार्फत अभिव्यक्त गर्ने प्रयास गरेपछि निकै सफलता प्राप्त भयो । सुरुमा धेरै ध्वनिहरू मिसिएको शब्दको चिन्ह निर्माण गरियो । यो पूर्ण प्रभावकारी नभएपछि अझै सानो ध्वनि एकाई अक्षरको चिन्ह निर्माण गरियो । यो पनि पूर्ण प्रभावकारी नभए पछि मानिसहरूले सबैभन्दा सानो ध्वनि एकाई अर्थात् वर्णको लागि चिन्ह निर्माण गरेपछि मात्र लेखनले पूर्णता प्राप्त गऱ्यो ।

१.३. सिन्धु लेखन (The Indus Valley Writing) :

परिचय : यसरी संसारमा लेखनको आरम्भ र विकासंका अनेकौं चरण तथा प्रकृयाहरूको चर्चा गरिसकेपछि नेपालको सबैभन्दा नजिकको क्षेत्रमा विकसित भएको सिन्धु लेखनको बारेमा थप जानकारी लिनु आवश्यक देखिन्छ । नेपालमा विकसित पुरालेखनको इतिहास खोजी गर्नमा पनि यसको विशेष आवश्यकता रहेको छ । सिन्ध एक नदीको नाम हो जुन जम्मुकाश्मीर क्षेत्रमा उत्पत्ति भै भारत र पाकिस्तानको सीमा क्षेत्रबाट समुद्रतर्फ बग्दछ । यसै नदी किनारमा विकसित भएको सभ्यतालाई सिन्ध सभ्यता भनिन्छ । यो सभ्भता भारत र पाकिस्तानको विस्तृत भू-भागमा फैलिएको थियो । यसको मुख्य केन्द्र भने पाकिस्तानको पञ्जावप्रान्तको मोन्टगोमेरी जिल्लाको हडप्पा र सिन्धप्रान्तको. लकर्ना जिल्लाको मोहनजोदडो क्षेत्रमा रहेको थियो । यी दुई स्थानमा सन् १९२२ आसपासमा सर जोन मार्सलको नेतृत्वमा गरिएको उत्खनन्बाट अन्य पुरातात्त्विक वस्तुहरूका साथसाथमा माटाका अनेकौं चक्कीहरू प्राप्त भएका छन् । यी चक्कीहरूमा अनेकौं चित्रात्मक चिन्हहरू प्राप्त भएका छन् । पङ्क्तिवद्ध रूपमा र समान आकार एवं उचाइ हुने गरी बनाइएका यी चिन्हहरू कुनै लेख्य चिन्हहरू जस्ता देखिन्छन् । यी चिन्हहरू मेसोपोटामियाको सुमेरियन लेखन र मिश्रबाट प्राप्त *हियरोग्लिफिक* लेखनका

चिन्हहरू जस्तै देखिन्छन् । त्यसैले यी चिन्हहरू कुनै शब्द-अक्षरात्मक लेखनका चिन्हहरू हुन् भन्ने स्पष्ट देखिन्छ । माटाका चक्कीहरूमा कोरिएका यी लेख्य चिन्हहरूलाई नै यहाँ सिन्धुलेखन भनिएको हो । यहाँबाट प्राप्त अधिकांश माटाका चक्कीहरूमा तल्लो भागमा बलिया पशुहरूका आकृति बनाइएको छ र ती आकृति बनाएर खाली भएको शीर्ष भागमा लहरै दुई वा तीन पङ्क्तिमा विभिन्न चित्रात्मक आकृति वा चिन्हहरू कुँदिएका छन् । केही चक्कीहरूमा भने दुई वा तीन पङ्क्तिहरूमा चिन्हहरू मात्र बनाइएका छन् । यी चित्रहरूमा सुन्दरता वा अलंकरणको कुनै प्रयास भएको छैन । त्यसैले यी सौन्दर्य चेतनाले ओतप्रोत भै कोरिएका चित्र नभै कुनै भाव वा आशय सम्प्रेषणको लागि मात्र बनाइएको हो भन्ने स्वतह स्पष्ट हुन्छ । त्यसैले यी लेख्य चिन्ह नै हुन् र कुनै अज्ञात भाषाका शब्द वा अक्षरका ध्वनि बुझाउनका लागि बनाइएका शब्दात्मक वा अक्षरात्मक लेखनका चिन्हहरू नै हुन् भन्ने कुरामा कुनै सन्देह देखिदैन । यसै आधारमा आइ.जे. गेल्वले पनि यी चिन्हहरूलाई विश्वमा प्राप्त सात शब्द-अक्षरात्मक लेखन मध्येको एक लेखन भनेका छन्(Gelb,1965, p.60) ।

चिन्हहरू : सिन्धु सभ्यताका पुरातात्त्विक स्थलहरूबाट हालसम्म प्राप्त माटाका चक्कीहरूबाट पुरालेखनविद् अहमद हसन दानीले जम्मा ५३७ चिन्हहरू सङ्कलन गरेका छन् । यी सबै चिन्हहरू मध्ये जैविक वस्तुसँग सम्बन्धित आठ समूहका जम्मा ९९ चिन्हहरू रहेका छन् । त्यसै गरी विशेष खालका १९ थरिका वस्तुहरूबाट बनाइएका जम्मा १३२ चिन्हहरू रहेका छन् भने बाँकी ३०६ चिन्हहरू अन्य विविध किसिमका रहेका छन्(Dani,1986,p.16) । दानीले यी चिन्हहरूलाई व्यवस्थित किसिमले वर्गीकरण गरेका छन् ।



सिन्धु सभ्यताबाट प्राप्त माटाका टोकनहरू र तिनमा लेखिएका केहि लेखन चिन्हहरू

जैविक चिन्हहरूमा मानिस, माछा, चरा, किरा, सर्प,गंगटा, विच्छी र चौपायाका चित्रात्मक चिन्हहरू रहेका छन् । यस्ता जैविक चिन्हहरूमा

मानिसका चिन्ह अत्यधिक पाइएका छन् । यस्ता मानिसका आकृति गोलो शीर, एक धर्काको शरीर दुई धर्काका हात र दुई धर्काका खुट्टाहरूबाट बनाइएका छन् । यस्ता मानिसहरू पनि सादा, हातमा विभिन्न वस्तुहरू लिएका, खुट्टामा पाङ्ग्रा जोडिएका, उठेका र बसेका जस्ता देखिन्छन् । मानिस पछि माछा र चराका आकृतिहरू पनि प्रशस्त रहेका छन् । यी पनि भिन्नभिन्न आकार प्रकारका देखिन्छन् । थोरै सङ्ख्यामा किरा, सर्प, गंगटा, विच्छी र चौपायका चिन्हहरू बनाइएका छन् । चौपाया कुन जनावरको हो भन्ने छुट्टाउन नसकिने खालका छन् ।

विशेष खालका वस्तुहरूका चिन्ह अर्न्तगत पानी राख्ने जारका र वस्तु राख्ने भाँडाका आकृति पाइएका छन् । यी आकृतिहरूमा भित्र र बाहिरतर्फ स-साना रेखाहरू थप गरिएका छन् । अक्षरमा लगाइएका मात्रा चिन्ह जस्ता देखिने यी रेखाहरू अनेकौ किसिमले बनाइएका छन् । यी बाहेक छाता, जनावरका सिङ , पीपलको पात, कमलको फूल, कुर्ची, सारङ्गी(Harp), हात, बञ्चरो, पाङ्ग्रा, वायु पङ्खा, धनुकाँड र पानीका रेखा चित्रहरू तथा जालिदार झण्डा, पहाड, च्याउ, बिरुवा आदिका अनेक थरी रेखात्मक चिन्हहरू रहेका छन् ।

अर्को समूहमा धेरै किसिमका ज्यामितीय चिन्हहरू रहेका छन् । वृत्त, अर्धवृत्त, अण्डाकार चिन्ह, त्रिकोण, चतुष्कोण, कोण, आयत, कोष्ठक, हालको धन र गुणन चिन्ह जस्ता अनेकौ चिन्हहरू पनि रहेका छन् । यी चिन्हहरूलाई पनि अनेकौ किसिमका रेखाहरू तथा विन्दुहरू थपेर भिन्नभिन्न आकार प्रकारमा निर्माण गरिएका छन् । यिनै थप रेखा र विन्दुहरूको कारणले चिन्हहरूमा व्यापक विविधता देख्न सकिन्छ । त्यसैले यहाँ सिन्धु सभ्यताबाट सङ्कलन गरिएको भनिएका ५३७ चिन्हहरू एउटै वस्तुमा थप गरिएका रेखा, वा विन्दुहरू तथा चित्रका स्वरूपमा देखाइएका भिन्नताले गर्दा बन्न पुगेका हुन् । यहाँ ५३७ अलग अलग वस्तुका चिन्हहरू बनाइएको भने होइन ।

लेखन गति : संसारमा विकसित भएका अनेकौ शैलीका अक्षर वा वर्णहरू भिन्नभिन्न लेखन गतिमा लेख्ने गरिएको पाइन्छ । भारतीय उप-महाद्वीपकै ब्राम्ही वर्णात्मक लेखन बाँयाबाट दायाँतर्फ लेखिन्छ तर यसकै समकालीन खरोष्ठी लेखन यसको ठीक विपरीत दायाँबाट बायाँतर्फ लेख्ने गरिएको पाइन्छ । कतिपय लेखनहरू माथिदेखि तलतर्फ लेखिन्छन् भने कतिपय लेखनहरू एक पङ्क्ति दायाँबाट बायाँतर्फ र अर्को पङ्क्ति बाँयाबाट दायाँतर्फ क्रमशः लेख्दै माथितर्फ अघि बढ्ने खालका पनि हुन्छन् । सिन्धु लेखनको लेखन गति भने

हालसम्म पनि जान्न सकिएको छैन । यहाँका चिन्हहरू तेर्सो किसिमले पङ्क्तिबद्ध हुने गरी लेखिएका छन् । त्यसैले यो लेखन तलबाट माथितर्फ वा माथि बाट तलतर्फको गतिमा लेखिएको होइन भन्ने स्पष्ट भएको छ । तर लेखन दाँयाबाट सुरु भएको छ वा बाँयाबाट भन्ने कुरा भने हालसम्म यकिन गर्न सकिएको छैन । यसको लागि लेखनका साथमा बनाइएका पशुका आकृतिहरूको अवस्थितिलाई आधार मानेर अनुमान गर्नु बढी तथ्यपरक हुन सक्दछ । अक्षरका चिन्हहरू भएका अधिकांश माटाका चक्कीहरूमा निकै बलसाली पशुका आकृतिहरू बनाइएको छ । यी सबै पशुहरू दायाँतर्फ सिङ र बायाँतर्फ पुच्छर हुने गरी उभिएका छन् । यी पशुका चित्रमाथि खाली ठाउँमा तेर्सो पङ्क्तिमा अक्षर लेखिएका छन् । यस आधारमा लेखकले पक्कै पनि पशुका सिङ वा मुख तर्फबाट लेख्न सुरु गरेर पुच्छरतर्फ लेख्दै गएको अनुमान गर्नु बढी उपयुक्त देखिन्छ । त्यसैले यो लेखन भारतको खरोष्ठी लेखन जस्तै अर्थात् हालको उर्दू वा अरबी लेखन जस्तै दायाँबाट बायाँतर्फ लेखन गति रहेको अनुमान गर्न सकिन्छ । यद्यपि अहमद हसन दानीले भने केही चिन्हहरूका आधारमा यो लेखन हालोले खेत जोत्ने किसिमको गतिमा (*boustrophedon style*) लेखिने अनुमान गरेका छन् । अर्थात् यो लेखन एक पङ्क्ति दायाँबाट बायाँतर्फ र दोस्रो पङ्क्ति बायाँबाट दायाँ तर्फ हुँदै अघि बढ्ने हलावर्त वा 'उभय गतिको लेखन रहेको' दानीको अनुमान रहेको छ (उधृतःरेग्मी,वि.सं.२०६०,पृ.९१) । वास्तविकता भने अझै खोजीको विषय रहेको छ ।

अक्षर हुन् भन्ने आधार : सिन्धुलेखन हालसम्म पढन् सकिएको छैन । त्यसैले कतिपय व्यक्तिहरूले यी चिन्हहरू अक्षर नै होइनन् कि ? भन्ने शङ्का पनि व्यक्त गरेको पाइन्छ । कतिपयले यहाँका चिन्हहरूलाई तान्त्रिक चिन्हहरू हुन सक्ने पनि बताएका छन् ♣ । तर गहिरिएर विचार गर्दा यी चिन्हहरू अक्षर नै हुन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ । यसका निम्न आधारहरू रहेका छन् ।

चिन्हहरूमा कलात्मकता भन्दा सम्प्रेषणात्मक विशेषता हुनु अक्षर हुनुको प्रमुख आधार हो । यहाँ मानिस, माछा, चरा तथा विभिन्न वस्तुहरूका चित्रलाई चिन्हको रूप दिइएको छ । तर यी चित्रहरूलाई सुन्दर र कलात्मक बनाउन कुनै प्रयास गरिएको छैन । सानो आकार र सरल किसिमका रेखाहरूबाट यी चिन्हहरू निर्माण गरिएको छ । सकेसम्म छिटो र सजिलो हुने गरी आकृति कोरिएका छन् । चित्रलाई पूर्ण बनाउनमा भन्दा चित्रमा फरकपन

♣ डा.प्राणनाथको यो विचारलाई अहमद हसन दानीले आफ्नो पुस्तक इण्डियन प्यालीयोग्राफीको पृ. १३ मा उधृत गरेका छन् ।

देखाउनका लागि अन्य रेखा वा विन्दुहरू थप गर्न विशेष ध्यान दिइएको छ । त्यसैले यी चिन्हहरू कुनै भाषाको शब्द वा अक्षरात्मक ध्वनि बुझाउन वा सम्प्रेषण गर्नका लागि बनाइएको हो कि ? भन्ने देखिन्छ ।

चिन्हहरूको पङ्क्तिबद्धताले पनि अक्षरतर्फ नै सङ्केत गरेको देखिन्छ । माटाका चक्कीमा बनाइएका यी चिन्हहरूलाई समान दूरीमा र पङ्क्तिवद्ध किसिमले निर्माण गरिएको छ । चक्कीहरूका शीर्ष भागमा एकदेखि तीन वटासम्म पङ्क्ति हुने गरी यी चिन्हहरू बनाइएका छन् । पशुका ठूला आकृतिहरू बनाएर खाली रहेको शीर्ष भागमा यस्ता चिन्हहरू वनाइएको छ । त्यसैले माथिका पङ्क्ति केही लामा र क्रमशः तल्लो पङ्क्तिहरू छोटा रहेका छन् तर चिन्हहरू कतै पनि अव्यवस्थित किसिमले छरिएर रहेका छैनन् । यसबाट पनि यी अक्षर नै हुन् भन्ने देखिन्छ ।

आकारमा समानता हुनुले पनि यी अक्षरात्मक चिन्ह अर्थात् लेखन चिन्हहरू नै हुन् भन्ने देखिन्छ । चित्रमा मानिस, चरा, माछा, चौपाया जस्ता भिन्नभिन्न आकार भएका चित्रहरू रहेका छन् । यथार्थमा यी जैविक वस्तुको आकारमा ज्यादै ठूलो असमानता रहेको हुन्छ । यी चक्कीमा बनाइएका चौपाया र चराको आकारमा कुनै फरक रहेको छैन । उचाइ र चौडाइमा समेत माछाहरू, मेचहरू र मानिसहरू समान छन् । रूख र विच्छीको आकारमा पनि समानता छ । छाता र पहाड पनि समान उचाइका छन् । यस आधारमा पनि यी अन्य कुनै चिन्हहरू नभै अक्षर नै हुन् भन्ने देखिन्छ ।

एकै पङ्क्तिमा पनि कतिपय चिन्हहरू सोही रूपमा वा सामान्य रेखा वा विन्दु थप गरिएको अवस्थामा दोहोरिएको देखिन्छ । जसरी 'मनकामना' शब्द भित्र म अक्षर र न अक्षर दुई ठाउँमा दोहोरिएर प्रयोग भै एक शब्द बनेको छ त्यसै गरी सिन्धु लेखनमा उही रूपमा वा सामान्य रेखा वा विन्दु थप गरिएको अवस्थामा दोहोराएर प्रयोग गरिएको चिन्हहरूले पनि कुनै वाक्य वा भाव व्यक्त गरेको हो कि ? जस्तो देखिन्छ । यस्ता दोहोरिएका चिन्हहरूले पनि यी लेखन चिन्ह नै हुन् भन्ने कुरालाई थप पुष्टि गरेका छन् ।

शब्दमा अक्षरका चिन्ह जोडिए जस्तै अथवा व्यञ्जन वर्णमा स्वरवर्ण मिसिए जसरी सिन्धु सभ्यताका चिन्हहरूमा अनेकौं अतिरिक्त रेखा, विन्दु तथा वस्तुका आकृतिहरू जोडिएका छन् । यी अतिरिक्त चिन्हहरूले पनि यी लेखन चिन्ह नै हुन् भन्ने सङ्केत गर्दछन् । साधारण मानिसका हातमा सिङ, तुलो, चक्र,आदि चिन्ह बनाइनु, भाँडाका आकृतिहरूमा भित्र र बाहिरतर्फ स-साना रेखाहरू थप गरिनु, पाङ्ग्राहरूका भित्री भागमा रेखाहरू थप गरिनु ,

चौपायाका पुच्छरहरूमा रेखाहरू थप गरिनु जस्ता विशेषतालाई हेर्दा मुख्य ध्वनिका चिन्हहरूका साथमा सहायक ध्वनिका चिन्हहरू थप गरिएको जस्तो देखिन्छ । यसबाट पनि यी अन्य कुनै चिन्ह नभै अक्षर वा लेखन चिन्ह हुन् भन्ने देखिन्छ ।

कतिपय माटाका चक्कीहरूमा एउटै चिन्हलाई आपसमा खप्टाएर पनि बनाइएको छ । एक चक्कीमा अण्डाकार आकृतिलाई आपसमा खप्टाएर पनि चिन्ह बनाइएको छ । यस्ता चिन्हलाई अहमद हसन दानीले हिन्दू लेखन परम्परामा व्यञ्जनवर्णमा व्यञ्जनवर्ण जोडिने संयुक्ताक्षर लेखनसँग तुलना गरेका छन् (Dani,1986,p.17) । यस्ता चिन्हहरू हेर्दा क मा क नै जोडेर लेखिने 'क्क', म मा ह जोडेर लेखिने 'म्ह' जस्तो देखिन्छ । चिन्हको यो विशेषताले पनि यी अक्षर हुन् भन्ने विचारलाई समर्थन गरेको देखिन्छ ।

माथि उल्लेख गरिएका विभिन्न विशेषतालाई हेर्दा सिन्धु सभ्यताबाट प्राप्त चिन्हहरू लेखन चिन्ह नै भएको र यी चिन्हहरू लेखन कलाको विकासक्रममा देखापरेको शब्द-अक्षरात्मक चरणकै चिन्हहरू हुन् भन्ने स्पष्ट हुन्छ । त्यसैले अब यी चिन्हहरू अक्षर हुन् वा होइनन् भन्ने कुराको विवाद गरिरहनुको कुनै अर्थ देखिदैन । हालसम्म यी चिन्हहरू पढ्न र अर्थ स्पष्ट पार्ने अनेकौ प्रयासहरू भएका छन् । तैपनि सफलता प्राप्त हुन सकेको छैन । यस क्रममा सिन्धुलेखन पढ्नका लागि हालसम्म भएका प्रयासहरूको चर्चा गर्नु सान्दर्भिक हुने देखिन्छ ।

पढ्नका लागि गरिएका प्रयासहरू: सन् १९२२ मा मोहनजोदाडो र हडप्पा क्षेत्रमा भएका उत्खनन् र ती उत्खनन्बाट माटाका चक्कीहरूमा लेखन चिन्हहरू प्राप्त भएदेखि नै यिनलाई पढ्ने र यी चिन्हले बोकेको भाव वा आशय पत्ता लगाउने अनेकौ कोसिस भएका छन् । यस क्षेत्रमा पहिलो प्रयास गर्ने व्यक्ति L. A. Waddell हुन् । उनले यसका लेखक आर्यहरू हुन् र उनीहरूको लेखन सुमेरियन शब्द-अक्षरात्मक लेखन हो भन्ने मान्यता प्रस्तुत गर्दै यसै आधारमा सिन्धु लेखनलाई पढ्ने प्रयास गरेका थिए । यसबाट उनले कतिपय चिन्हहरूलाई वैदिक र महाकाव्य कालका मुख्य पात्रको नाम हो भनेका थिए(उधृत : Dani,1986,p.13) । तर यो कुरा पूर्णरूपमा पुष्टि हुन भने सकेन । यसपछि यो लेखनलाई पढ्न वा बुझ्न प्रयास गर्ने अर्का व्यक्ति Dr. Pran Nath थिए । उनले या त यी अक्षर तान्त्रिक चिन्ह मात्र हुन् अथवा यी अक्षर संस्कृत वा प्राकृत भाषाका लेख्य चिन्हहरू हुन् भन्ने विचार व्यक्त गरेका थिए । उनी पनि प्राप्त सबै चिन्हहरूलाई पढ्न र संस्कृत वा प्राकृत भाषामै पनि कुनै

अर्थ निकाल्न सफल हुन सकेनन् । यसै गरेर Sankarananda तथा Dr. B.M. Barua ले यी चिन्हहरूलाई वर्णात्मक चिन्ह अर्थात् पूर्णरूपको विकसित लेखन हुन सक्ने वताएका थिए(उधृत:Dani,1986,p.13) । उनीहरूले पनि यी वर्ण भनिएका चिन्हहरूको ध्वनि मूल्यको पहिचान गर्न भने सकेनन् । यसै गरेर प्राध्यापक B.Hrozny ले सिन्ध लेखनका प्रयोगकर्ताहरू भारोपेली समूहकै आद्य हिट्टाइटहरू रहेका थिए भन्ने विचार व्यक्त गर्दै हिट्टाइट भाषाकै आधारमा सिन्धु अभिलेखका चिन्हहरू पढ्ने प्रयास गरेका थिए (उधृत : Dani,1986,p.13) । उनको यो प्रयास पनि सफल हुन सकेन । यसवाट पनि सिन्धु लेखनका चिन्हहरूवाट कुनै सार्थक भाव प्रकट हुन सकेन । यस कार्यमा संलग्न अर्का विद्वान Father H. Heras पनि हुन् । उनले भने सिन्धु लेखनका लेखकहरू द्रविडहरू हुन् भन्ने अनुमान गर्दै सुमेरियन, इजिप्टियन तथा चिनियाँ शब्द-अक्षरात्मक लेखन चिन्हहरूसंग तुलना गर्दै द्रविड भाषामा यी चिन्हहरूको अर्थ खोजी गर्ने प्रयास गरेका थिए(उधृत:Dani,1986,p.13) । उनको यो प्रयास पनि सफल हुन सकेन । उनले पनि द्रविड भाषाको शब्द, अक्षर वा वर्णको ध्वनि मूल्यसँग यी चिन्हहरूको कुनै सम्वन्ध स्थापित गर्न सफल भएनन् । यसै गरेर अर्का विद्वान् Gadd ले केही चिन्हहरूलाई भारोपेली भाषाको 'पुत्र' शब्दको रूपमा पढेका थिए(उधृत:Dani,1986,p.14) । यो पनि सर्वमान्य हुन सकेन । यसरी अनेकौ व्यक्तिहरूले अनेक किसिमले प्रयास गर्दा पनि सिन्धु लेखन पढ्न वा अर्थ स्पष्ट पार्न सकिएको छैन ।

पढ्न नसक्नुका कारण : सिन्धु सभ्यतामा प्रचलनमा रहेको शब्द-अक्षरात्मक लेखन जस्तै अन्य ठाउंका लेखनहरू पढ्न सकिएको छ । मेसोपोटामियाको सुमेरियन कीलाक्षर लेखन यो जस्तै शब्द-अक्षरात्मक थियो । उन्नाइसौं शताब्दीको पूर्वार्धतिर जर्मनका Georg Friderich Grotefend र वेलायतका Henry Rawlinson ले सुमेरियन लेखन पढ्नमा सफतला प्राप्त गरेका थिए(Gelb,1965p.61) मिश्रको सभ्यतामा प्रचलनमा रहेको यस्तै शब्द-अक्षरात्मक लेखनलाई पनि सन् १८२२ तिर फ्रान्सेली लिपिविद Francois Champollion ले सफतलापूर्वक पढेका थिए (ऐजन पृ ७२)। त्यसै गरेर हिट्टाइट शब्द-अक्षरात्मक लेखनलाई बीसौं शताब्दीको तीसको दसकमा जर्मनका Helmuth T. Bossert, स्वजरल्याण्डका Emil O. Forrer, चेकोस्लोभाकियाका Bedrich *Hrozny*, इटलीका Piero Meriggi र अमेरिकाका I.J.Gelb को संयुक्त प्रयासमा मोटामोटी रूपमा पढेका थिए (ऐजन,पृ ८०) । चिनियाँ शब्द-अक्षरात्मक लेखन निरन्तर प्रचलनमा रहेको हुंदा कहिल्यै पनि विस्मरणमा रहेन । तर धेरै कोसिस गर्दा पनि यस्तै प्रकृतिको सिन्धुलेखनलाई हालसम्म कसैले पढ्न

सकेका छैनन् । धेरै जनाको प्रयासका वावजुद कसैलाई सफलता प्राप्त हुन सकेको छैन । यसका पछाडि केही महत्त्वपूर्ण कारणहरू रहेको देखिन्छ ।

सिन्धुलेखन पढ्न नसकिनुको सवैभन्दा महत्त्वपूर्ण कारण यो लेखन कुन भाषामा लेखिएको छ भन्ने थाहा हुन नसक्नु हो । सिन्धु सभ्यतावाट धेरै पुरातात्त्विक अवशेषहरू प्राप्त भए तापनि त्यतिवेलाका मानिसहरूले कुन भाषा वोल्दथे भन्ने कुराको सङ्केतसम्म पनि प्राप्त हुनसकेको छैन । भाषाको जानकारी विना लेखन चिन्हको अर्थ खोज्नु अध्यारो कोठामा कालो विरालो खोज्नु सरह हो । मिश्र, मेसोपोटामिया र एनातोलिया क्षेत्रमा वोलिने तत्कालीन प्राचीन भाषाको जानकारी भएको कारणले त्यहांको लेखन पढ्नमा सफलता मिल्यो तर सिन्धुलेखन भाषाकै पहिचान हुन नसकेको हुंदा पढ्न नसकिएको हो । सिन्धु सभ्यताका निर्माता पनि पहिचान हुन नसक्नु लेखन पढ्न नसकिनुको दोस्रो कारण रहेको छ । त्यहांका वासिन्दा हाल विद्यमान भारतीयहरूमध्ये कुन प्रजातीय समूहका पूर्वज थिए भन्ने थाहा भएको भए उनीहरूको भाषा र संस्कृतिको आँकलन गर्न सकिन्थ्यो । यस्तो आँकलनले पनि उनीहरूको लेखन पठनमा सहयोगी हुन सक्दथ्यो ।

सिन्धु सभ्यतावाट प्राप्त चिन्हहरू ज्यादै सानो आकारका माटाका चक्कीहरूमा मात्र प्राप्त भएका छन् र ठूला अर्थात् लामा अभिलेखहरू प्राप्त भएका छैनन् । यो पनि लेखन पढ्न नसक्नुको ठूलो कारण वन्न पुगेको छ । एकदेखि तीन पङ्क्तिसम्मका केही चिन्हहरूका भरमा मात्र भाषा समेत जानकारी नभएको लेखनको पहिचान गर्नु असम्भव प्राय: हुने गर्दछ । लामा अभिलेखमा चिन्हहरू धेरै ठाउँमा फरक फरक चिन्हका साथमा दोहोरिने गर्दछन् । यसवाट अक्षर पहिचानमा सजिलो हुने गर्दछ । यहाँ यो सुविधा पनि प्राप्त छैन । यो पनि अक्षर पढ्न नसकिनुको एक प्रमुख कारण वन्न पुगेको छ ।

यी वाहेक अन्य केही कारणहरू पनि छन् जसले सिन्धुलेखनलाई पढ्न र वुझ्नमा कठिनाई उत्पन्न गराएका छन् । यी कारणहरूमा सिन्धुक्षेत्रमै केही पछिल्लो समयमा विकसित व्राम्ही र खरोष्ठी जस्ता वर्णात्मक लेखनसंग प्राचीन सिन्धुलेखनको कुनै सम्वन्ध नदेखिनु, लेखन गतिका विषयमा कुनै जानकारी नहुनु, चिन्हहरूका साथमा वनाइएका शक्तिशाली पशुहरूसंग लेखनको कुनै सम्वन्ध रहे-नरहेको विषयमा कुनै जानकारी नहुनु आदि कारणले पनि यो लेखन पढ्न नसकिएको हो । यी विविध कारणहरूमध्ये भाषिक अज्ञानता सवैभन्दा महत्त्वपूर्ण कारण हो । त्यसैले यहाँको लेखन पढ्नका लागि

सर्वप्रथम अनुसन्धानकर्ताहरूको ध्यान तत्कालीन सिन्धुवासीको भाषाको पहिचानतर्फ नै केन्द्रित हुनु पर्ने देखिन्छ ।

१.४ भारतीय आर्य लेखनको प्राचीनता
(Antiquity of Indo-Arya Writing)

भारतीय उप-महाद्वीपमा प्राचीन कालमा विकसित भएका प्रमुख दुई सभ्यता सिन्धु सभ्यता र त्यसपछि विकसित भएको आर्य सभ्यता हो । यी मध्ये पछिल्लो आर्य सभ्यतालाई वैदिक सभ्यता पनि भन्ने गरिन्छ । सिन्धु सभ्यतामा लेखनकला विकसित भएको भौतिक प्रमाणहरू नै प्राप्त भएको छ । यो लेखन आरम्भिक ध्वन्यात्मक लेखन अर्थात् शब्द-अक्षरात्मक लेखन थियो । दुर्भाग्यवस यो लेखन हालसम्म पढ्न भने सकिएको छैन । यसपछि विकसित भएको आर्य सभ्यता वा वैदिक सभ्यतामा लेखनकला विकसित भएको थियो वा थिएन भन्ने कुरा निकै विवाद र बहसको विषय बनिरहेको छ । वैदिक सभ्यता उत्खनन्बाट प्राप्त भएको भौतिक प्रमाण अर्थात् पुरातात्विक प्रमाण सहितको सभ्यता होइन । श्रुति स्मृति परम्पराबाट विकसित हुँदै आएका वेद एवं वैदिक ग्रन्थहरूमा वर्णन भएको आधारमा ज्ञात हुन आएको सभ्यता हो । त्यसैले यो सभ्यता विकास गर्ने आर्यहरू लेखन कलाका विषयमा जानकार थिए वा थिएनन् भन्ने विषयमा स्पष्ट भौतिक प्रमाण प्राप्त हुन सकेको छैन । त्यसैले यो विषय विवादको विषय बन्न पुगेको छ र यो विवाद पनि हालसम्म यथावत् रहेको छ ।

भारतीय भूमिमा सिन्धु सभ्यताको पतन भएपछि बाहिरबाट आएर सिन्धु नदी किनारमा बसोबास आरम्भ गरेका र विस्तारै गंगा यमुना नदी किनारमा विस्तारित भएका आर्यहरूले वैदिक सभ्यताको विकास गरेका थिए । सिन्धु सभ्यता र वैदिक सभ्यता निर्माताहरू एउटै जातिका मानिसहरू थिए भन्ने कुराको पुष्टि हुन सकेको छैन । त्यसैले सिन्धुलेखन परम्पराले वैदिक वा आर्य सभ्यतामा निरन्तरता पाएको कुरा पनि प्रमाणित हुन सकेको छैन । संसारकै सबैभन्दा पुरानो ग्रन्थ मानिने ऋग्वेद, यसपछि आर्यहरूले नै रचना गरेका यजुर्वेद, सामवेद तथा अथर्ववेद, र त्यस पछिका उत्तरवैदिक साहित्यहरू सुरुमै लेखेर रचना गरिएको र ती प्राचीन ग्रन्थका भौतिक स्वरूप प्राप्त भएको भए कुनै विवाद रहदैनथ्यो । तर यी ग्रन्थहरू मुखले रचना गरिएको तथा सम्झेर वा कण्ठस्थ गरेर दोस्रो तेस्रो पुस्ता हुँदै निरन्तर हस्तान्तरित हुँदै आएका थिए । धेरै पछिमात्र यी लिपिबद्ध भएका थिए । सिन्धु सभ्यतापछि भारतमा एकैचोटी ईशापूर्वको तेस्रो शताब्दीतिरका लेख्य प्रमाणहरू मात्र हालसम्म प्राप्त भएका छन् । त्यसैले ई.पू. तेस्रो शताब्दीभन्दा अगाडि र सिन्धु सभ्यता पछाडि

भारतमा लेखनकला प्रचलनमा थियो वा थिएन भन्ने विवादले जन्म लिएको हो । हालसम्म पनि टुङ्गो लाग्न नसकेको यस विवादमा आ-आफ्ना पुस्तकहरू प्रकाशित गर्दै गौरीशंकर हीराचंद ओझा, राजवलि पाण्डे, जर्ज बुलर, म्याक्स मुलर, ए.सि.वर्नेल, डेभिड डिरिन्जर आदिले सक्रियतापूर्वक भाग लिएर पक्ष र विपक्षमा तर्कहरू प्रस्तुत गरेका छन् । यस सम्बन्धमा मुख्यतया निम्न दुई किसिमका तर्कहरू प्रकाशित भएका छन् ।

१.४.१ वैदिककालका आर्यहरूले निरन्तररूपमा लेखन अभ्यास गरिरहेका थिए भन्ने तर्क

केही भारतीय इतिहासकार र पुरातत्वविद्हरूले भारतीय आर्यहरूमा लेखन कलाको ज्ञान थियो भन्ने विषयमा विचारहरू प्रकाशित गरेका छन् । आर्यहरूले अभ्यासमा ल्याएको लेखनको भौतिक प्रमाण प्राप्त नभए तापनि उनीहरूले रचना गरेका वैदिक साहित्य र अन्य प्राचीन ग्रन्थहरूमा उनीहरू लेखनका विषयमा अनविज्ञ नरहेको यथेष्ट प्रमाण रहेको हुँदा वैदिककालदेखि नै भारतमा लेखन कार्य हुने गर्दथ्यो भन्ने तर्क गरेका छन् । यस विचारको मुख्य नेतृत्व भारतीय पुरालेखनविद् गौरीशंकर हीराचंद ओझाले गरेका छन् । उनले आफ्नो 'भारतीय प्राचीन लिपिमालामा' नामक ठूलो शोधग्रन्थका १६ वटा पृष्ठहरू वैदिककालका आर्यहरूमा लेखनकला प्रचलनमा थियो भन्ने पक्षमा प्रमाण प्रस्तुत गर्न खर्च गरेका छन् । अर्का विद्वान राजवलि पाण्डेले पनि आफ्नो पुस्तक 'भारतीय पुरालिपि' मार्फत् ओझालाई समर्थन गरेका छन् । वैदिक सभ्यताका कुनै पनि भौतिक अवशेष प्राप्त नभएको अवस्थामा उनीहरूको लेखनका भौतिक प्रमाण प्राप्त गर्न सम्भव नभए तापनि गौरीशकर हीराचद ओझाले वेद र वैदिक ग्रन्थहरूमा उल्लेख भएका लेखनसंग सम्बन्धित प्रशस्त प्रमाणहरू खोजी गरेर विश्वकै प्राचीन ग्रन्थ मानिने ऋग्वेद र त्यसपछिका उत्तरवैदिक ग्रन्थहरूका रचयिता आर्यहरूले लेख्न जान्दथे भन्ने विचार व्यक्त गरेका छन् ।

भारतमा प्राप्त सबैभन्दा पुराना लेख्य प्रमाण सम्राट आशोकले राखेका अभिलेखहरू हुन् । सुरुसुरुमा केही अभिलेख र सिक्का लेखलाई अशोकपूर्वका मानिन्थ्यो तर अछिल्लो अध्ययनबाट ती सबै अशोकभन्दा पछि लेखिएको प्रमाणित भएका छन् । त्यसैले पढ्न नसकिएको सिन्धुलेखनलाई छाडेर अशोक पूर्वका कुनै लिखित प्रमाण भारतबाट प्राप्त हुन सकेको छैन । प्राचीन भारतमा मौर्य साम्राज्यको स्थापना गर्ने चन्द्रगुप्त मौर्यका नाति यी अशोकले भारतमा ३६ वटा अभिलेख कुँदाएका थिए (रेग्मी,वि.स.२०६०,पृ.१०७) । उनको शासनकाल

ई.पू.२७२ देखि ई.पू.२३२ मानिन्छ (Sircar,1965,p.71) । त्यसैले तेस्रो शताब्दी ई.पू.मा भारतमा लेखनकला रहेको कुरा यी अभिलेखहरूले प्रमाणित गरेका छन् । यस ज्ञात समयबाट ओझाले क्रमशः अज्ञात समयतर्फ लेखन कला प्रचलनमा रहेको निम्नलिखित प्रत्यक्ष र परोक्ष प्रमाणहरू प्रस्तुत गरेका छन् (ओझा,१९७७,पृ.१-१६)।

अशोकपूर्वका अभिलेख : ओझाका अनुसार अशोकका अभिलेखमा प्रयोग भएको ब्राम्ही लिपिमा धेरै पुरानो प्रौढता वा परिपक्वता देखिन्छ । त्यसबाट पनि अशोकपूर्व नै लेखन प्रचलनमा रहेको देखिन्छ । त्यसबाहेक उनले अशोकको राज्यकालमा मात्र नभै त्यसभन्दा पनि अघिदेखि लेखन प्रचलनमा रहेको थियो भन्ने देखाउन अशोकभन्दा पहिले राखिएका भनिएका दुई अभिलेखहरूलाई प्रमाणको रूपमा प्रस्तुत गरेका छन् । पहिलो अजमेरको वडली गाउँबाट प्राप्त अभिलेख हो । यसमा संवत्को रूपमा ८४ औं वर्ष लेखिएको छ । उनले यो संवत्लाई अन्तिम तीर्थङ्कर महावीर जैनको महापरीनिर्वाण भएको ८४ औं वर्ष हो भन्ने मानेर यस अभिलेखलाई ई.पू. ४४३ को (ई.पू.५२७-८४=४४३) हो भनेका छन् । ओझाले अशोकपूर्वको भनेको अर्को अभिलेख पिप्रहवाको स्तुपवाट प्राप्त अस्ति कलशको अभिलेख हो । यसलाई उनले बुद्धको निर्वाणकाल अर्थात् ई.पू.को ४८७ को मानेका छन् (ओझा,१९७७,पृ.३) । यी अभिलेखबाट ओझाले अशोकभन्दा पहिले ई.पू. पाँचौं शताब्दीसम्मका अभिलेखीय प्रमाण प्राप्त भएको बताएका छन् ।

युनानी लेखकको वर्णन : ईश पूर्वको चौथो शताब्दी आसपासमा भारतको भ्रमण गर्ने कतिपय युनानका लेखकहरूले पनि त्यसवेला भारतमा लेखनकला प्रचलनमा रहेको बताएका छन् । ओझा भन्दछन्-ई.पू. ३२६ मा भारत आक्रमण गर्न सिकन्दरका सेनापतिका रूपमा युनानबाट यहाँ आएका निआर्कसले त्यसवेला भारतीयहरूले कपासबाट 'लेख्न'का लागि कागज बनाउने गरेको बताएका छन् । अर्का विद्वान मेगस्थनिज पनि ई.पू. ३०६ को आसपासमा सिरियाको वादशाह सेल्युकस्का राजदूतका रूपमा भारतका चन्द्रगुप्त मौर्यको दरवारमा करिब ५ वर्ष बसेका थिए । उनले आफ्नो पुस्तक 'इण्डीका'मा भारतीयहरूले जन्मपत्र(जन्म कुण्डली ?) बनाउनका लागि जन्म समय 'लेख्ने' गरेको बताएका छन् (ओझा,१९७७,पृ.४) । यी वर्णनले तत्कालीन भारतमा लेखनकला प्रचलनमा रहेको देखाउँछन् ।

बौद्धग्रन्थहरू : बौद्ध धर्मग्रन्थ शुत्तांत वा सूत्रांतको प्रथम खंण्ड प्रथम अध्याय (जसलाई शील ग्रन्थ पनि भनिन्छ) मा भिक्षुहरूले अक्खरिका (एउटाले हावामा

औंला घुमाएर अक्षर 'लेख्ने'र अर्को ले अक्षर बुझ्नु पर्ने खेल) खेल्न नहुने बताइएको छ । त्रिपिटक मध्येको एक विनय पिटकमा 'लेखन' कलाको प्रशंसा गरिएको छ र भिक्षुले कुनै मानिसलाई आत्मघातको प्रशंसामा कुनै लेख 'लेख्न' नहुने कुरा र गृहस्थ युवाको लागि 'लेखनकार्य' जीवन निर्वाहको उत्तम साधन हो भन्ने वाक्य लेखिएको छ । बौद्ध जातकहरूमा राजकीय पत्र, ऋणको अभिलेख, पुस्तक, नातेदार सम्बन्धी 'अभिलेख' सुवर्णपत्रमा कुँदिएका प्रसङ्गहरू वर्णन गरिएका छन् र केही जातकमा पाठशालामा विद्यार्थीले काठका पाटीमा लेख्ने गरेको बताएका छन् । विनयपिटक अर्न्तगत्कै महावग्गमा पनि लेखा, गणना(गुणन), तथा रूप(हिसाव)को पढाइको चर्चा गरिएको छ । ललितविस्तरमा त बुद्धले लिपिशालामा गएर विश्वामित्रवाट चन्दनको पाटीमा सुनको कलमवाट 'लेख्न' सिकेको वर्णन समेत गरिएको छ (ओझा,१९७७,पृ.६)। ओझाका अनुसार यी तथ्यहरूले ई.पू. छैटौ शताब्दीको आंसपाससम्मको लेखन अवस्थाको जानकारी दिने गर्दछन् । जसवाट भारतीयहरूले त्यसवेला व्यापकरूपमा लेखन कार्य गर्ने गरेको देखिन्छ ।

महाकाव्य, धर्मसूत्र, स्मृति र अन्य ग्रन्थहरू: ओझाले पछिल्लो समयमा रचना गरिएका हिन्दू महाकाव्य, धर्मसूत्र, स्मृति तथा अन्य ग्रन्थहरू विशेष गरेर कौटिल्यको अर्थशास्त्र, वात्सायनको कामसूत्र आदिमा पनि लेखन तथा लिखित पुस्तकको प्रशस्त उल्लेख भएको बताएका छन् । महाभारत(१.११२)मा व्यास स्वयंले गणेशलाई महाभारतको 'लेखक' बनाएको बताइएको छ । वशिष्ठ धर्मसूत्र (१६.१० र १४.१५)मा न्यायकर्ता समक्ष 'लिखित' प्रमाण पेश गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । मनुस्मृति (८.१६८)मा जबरजस्ती लेखाइएको 'लेख'लाई अप्रमाणित गराउनु पर्ने उल्लेख गरिएको छ । कौटिल्यको अर्थशास्त्रको १.५.२, १.१२.८,१.१९.६,२.९.२८ आदि धेरै ठाउँमा लेखनको विषयमा चर्चा गरिएको छ । वात्सायनको कामसूत्र(पृ.३३)मा चौसट्टीकला अर्न्तगत् 'पुस्तक वाचन' लाई एक मानिएको छ (ओझा,१९७७,पृ.७)। यी प्रसङ्गहरूले पनि लेखनकलाको प्रचलनतर्फ नै सङ्केत गरेका छन् ।

पाणिनीको अष्टाध्यायी : पाणिनीले रचना गरेको आठ अध्यायको व्याकरण ग्रन्थ पाणिनीको अष्टाध्यायीका नामले चर्चित रहेको छ । विदेशी विद्वान म्याक्समुलरले यो ग्रन्थ ई.पू. पाँचौ शताब्दीमा रचना गरिएको मानेका छन् र यस पुस्तकमा समेत लेखनको कुनै सङ्केत नपाइने बताएका छन् (निहारिका,२००४,पृ.१३१) । ओझाले भने यसै पुस्तकमा लेखन सम्बन्धी अनेक प्रसङ्ग रहेको बताएका छन् । उनका अनुसार यस पुस्तक(३.२.२१, ४.१.४९,

१.३.११ आदि श्लोक)मा लिपि शब्द, लिपिकर तथा यवनानी शब्द बनाउने नियम र ग्रन्थको पनि उल्लेख गरिएको छ । यसै पुस्तकमा त्यसबेला चौपायाको कानमा स्वस्तिक आदि चिन्हहरू तथा पाँच एवं आठ जस्ता अङ्कका चिन्हहरू बनाइने गरिएको पनि उल्लेख गरिएको छ । पाणिनीभन्दा पहिले नै यास्कले निरुक्त (व्याकरणको ग्रन्थ)को रचना गरेका थिए । उनले पनि अनेकौं अग्रज व्याकरणविदहरूको नाम उल्लेख गरेका छन् । त्यसैले भारतमा व्याकरणको रचना गर्ने क्रम पाणिनीभन्दा सयौं वर्ष अघिदेखि निरन्तर चलिरहेको देखिन्छ । लेखन ज्ञान विना व्याकरणको रचना असम्भव देखिन्छ ।

उपनिषद्,आरण्यक र ब्राह्मण साहित्य : उत्तरवैदिककालमा रचना गरिएका उपनिषद्, आरण्यक र ब्राह्मण साहित्यहरूबाट पनि गौरीशंकर हीराचंद ओझाले त्यसबेला लेखनकला प्रचलनमा रहेको सङ्केत गर्ने धेरै प्रसङ्गहरू सङ्कलन गरेका छन् । छान्दोग्य उपनिषद्(२.१०) मा 'अक्षर' शब्द पाइन्छ । यस ग्रन्थ(१.१३ तथा २.२२)मा अ,आ,इ,ई आदि स्वर वर्णका अधिष्ठाता देवता र क देखि म सम्मका स्पर्श वर्णहरूका अधिष्ठाता देवताको नाम उल्लेख गरिएको छ । तैत्तिरीय उपनिषद(१.१)मा वर्ण र मात्राको उल्लेख गरिएको छ । सतपथ ब्राह्मण(१०.५, १.२)मा एक वचन, बहुवचन र तीनवटा लिङ्ग(स्त्री,पुरुष र नपुंशक)को अन्तरका विषयमा विवेचना गरिएको छ । ऐतरेय आरण्यक(३.२.६ तथा ३.१.५)मा स्वरवर्ण, अनेक किसिमका व्यञ्जन वर्ण र घोषका भेद तथा सन्धिको विवेचना गरिएको छ। ऐतरेय ब्राह्मण(५.३२)मा ॐ अक्षर अकार, उकार र मकार वर्णहरूको संयोगबाट बनेको बताइएको छ । त्यसै गरेर तैत्तिरीय संहिता(६.४.७)मा इन्द्रले वाणीलाई व्याकरणबद्ध गरेको कथा बताइएको छ । लेखन ज्ञान विना भाषाको प्रयोग वा ग्रन्थको रचना सम्भव भए पनि व्याकरणको ज्ञान हुनै सक्दैन त्यसैले उपनिषद्कालमा आर्यहरूलाई लेखन ज्ञान थियो भन्ने ओझाको तर्क रहेको छ ।

पछिल्ला वेदहरू : यजुर्वेद तथा अथर्ववेदहरूमा पनि लेखनकला प्रचलनमा रहेको कुराको सङ्केत पाइन्छ । ओझाले आफनो पुस्तक(१९७१,पृ.१२)मा उल्लेख गरे अनुसार यजुर्वेद संहिताको पुरुषमेध प्रकरण(३०.२०)मा गणक अर्थात् ज्योतिष पेशा भएका पुरुषको उल्लेख गरिएको छ। यसै संहिता(१७.२)मा एक, दश, शत्(सय), सहस्र(हजार), अयुत(दसहजार), नियुत (लाख), प्रयुत(दसलाख), अर्बुद(करोड) न्यर्बुद(दसकरोड) समुद्र (अरब), मध्य(दसअरब) अन्त(खरब) तथा परार्द्ध (दसखरब) सम्मको सङ्ख्या दिइएको छ । सामवेदको पंचविंश ब्राह्मण(

१८.३)मा यज्ञको दक्षिणा तोक्ने क्रममा १२ देखि दोब्बर गर्दै जाँदा हुने अङ्कहरू ३,९३,२१६ सम्मको उल्लेख गरिएको छ । अथर्ववेद(७.५०(५२).५)मा जुवा खेल्दा जितेको धनको हिसाब लेखेर राखिने गरेको प्रसङ्ग उल्लेख गरिएको छ । यसरी पछिल्ला तीन वेदहरूमा पनि लेखनकला प्रचलनमा रहेको सङ्केत रहेको विवरणहरू उनले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् ।

ऋग्वेद: भारतीय आर्यहरूले विकसित गरेको वैदिक सभ्यताको आरम्भिक अवस्था बताउने सबैभन्दा पुरानो ग्रन्थ ऋग्वेद हो । यसमा पनि त्यसबेला लेखनकला प्रचलनमा थियो भन्ने प्रसङ्गहरू रहेको ओझाको विचार रहेको छ । उनले बताएअनुसार ऋग्वेद(१०.१४.१६, १०.१३२.३४)मा गायत्री, उष्णिह, अनुष्टुभ, वृहती, विराज, त्रिष्टुभ, र जगति जस्ता छन्दको नाम उल्लेख गरिएको पाइन्छ । अन्य वेद र ब्राह्मण साहित्यमा पनि थप छन्दका नामहरू पाइन्छन् । लेखन ज्ञान विना छन्दको निर्माण र नामकरण सम्भव देखिदैन । ऋग्वेद(१०.३४.२)मा जुवा खेल्दा १ को चिन्ह अङ्कित पासाको कारणले हार्नु परेको विवरण उल्लेख गरिएको छ । ऋग्वेद(१०६२.७)मा कानमा ८ को अङ्क उल्लेख भएका गाई दान गरिएको उल्लेख गरिएको छ । यसरी अङ्क लेखनको प्रसङ्ग र छन्द ज्ञानको प्रसङ्गले ऋग्वेदकालमा पनि लेखनकला आर्यहरूमा प्रचलनमा रहेको थियो भन्ने विचार ओझाले व्यक्त गरेका छन् ।

यसरी छन्द र ज्योतिषको ज्ञान हुनेहरू, दसखरबसम्मको अङ्क र हारजितको हिसाब गर्न सक्नेहरू, गाईको कानमा र जुवाको पासामा अङ्क लेख्न सक्नेहरू र व्याकरणको सूक्ष्म ज्ञान हुनेहरू लेख्न जान्दैनथे भन्न नमिल्ने ओझाको तर्क रहेको छ । उनका अनुसार भारतमा छैटौं शताब्दी ई.पू. सम्म पाठशालाहरू विद्यमान थिए । पाणिनी र यास्कको समयमा अनेकौं विषयका ग्रन्थहरू विद्यमान थिए । उनीहरूभन्दा पहिले ब्राह्मण साहित्य र वेदको रचनाकालमा व्याकरण र छन्दशास्त्र बनिसकेको थियो । अङ्क विद्याको राम्रो अवस्था थियो । वेदको व्याख्या समेत हुन्थ्यो । गणकहरू हुन्थे । जनावरका कानमा र जुवाका पासामा अङ्क लेखिन्थे । जुवामा हारिएका वा जितेको हिसाब लेखिन्थ्यो र समयको एक सेकेण्डको सत्रौं हिस्सा समेतको सूक्ष्म विभाजन बनिसकेको थियो यी सबै लेखनका स्पष्ट उदाहरणहरू हुन् । त्यसैले ऋग्वेदकालदेखि अशोकका अभिलेख प्राप्त नहुँदासम्म निरन्तर लेखन कार्य हुने गरेको तर कमजोर माध्यममा लेखिएका भौतिक प्रमाणहरू प्राप्त हुन नसकेको मात्र हो भन्ने उनको विचार रहेको छ । तर उनले भारतीय आर्यहरूको लेखनकार्य कुन लिपिमा हुन्थ्यो भन्ने विषयमा भने केही उल्लेख गरेका छैनन् ।

प्रमाणहरू प्रतिको आशङ्का : ओझाले ज्यादै ठूलो मेहनतले जुटाएका प्रमाणहरू र तथ्यहरूलाई सबैले स्वीकार गरेका छैनन् । कतिपय विदेशी विद्वानहरूले यी तथ्य र प्रमाणहरूमा प्रशस्त आशङ्का रहेको र यसकै भरमा वैदिककालका आर्यहरूमा लेखन ज्ञान थियो भन्ने पुष्टि हुन नसक्ने विचार व्यक्त गरेका छन् । ओझाले प्रस्तुत गरेका तथ्यहरूमा निम्नलिखित कमजोरी र आशङ्का व्यक्त गर्ने ठाउँ रहेको देखिन्छ -

क) अशोकपूर्वका भनिएका अभिलेखहरूको प्राचीनतामा आशङ्का गरिएको छ । ओझाले अजमेरको वडली गाँउको अभिलेखलाई ई.पू.४४३ को र पिप्रहवावाट प्राप्त अभिलेखलाई बुद्धको महापरीनिर्वाणको समयतिरको अर्थात् ई.पू.४८७ को वताएका थिए । उनले वडली अभिलेखलाई महावीर जैनको परीनिर्वाण भएको ८४ वर्ष पछिको मानेका थिए र पिप्रहवाको अभिलेखलाई बुद्धको महापरीनिर्वाण समयको मानेका थिए । पछिल्लो अध्ययनबाट यी अभिलेखहरू अशोकभन्दा पनि पछिका ठहरिएका छन् । वडली अभिलेखलाइई अहमद हसन दानीले अक्षरहरूको शैलीगत विश्लेषणबाट प्रथम शताब्दी ई.पू.को पूर्वार्धभन्दा पुरानो हुनै नसक्ने बताएका छन् (Dani,1986,p.63) । उनैले पिप्रहवाको अभिलेखलाई तेस्रो शताब्दी ई.पू.को मात्र हुन सक्ने बताएका छन् (p.56) । यसरी यी अभिलेखहरू अशोक वा ती भन्दा पछिका ठहर भए । अर्थात् अशोकपूर्वका अभिलेखीय प्रमाण प्राप्त भएको देखिएन ।

ख) युनानी लेखकहरूको यात्रा वर्णनवाट वैदिककालको लेखन इतिहास जान्न सकिदैन । यी विवरणमा केही सत्यता देखिन्छ तर मेघस्थनिजको 'इण्डिका'को मूल प्रति प्राप्त नभएको हुँदा उनले लेखेको भनि अरूले गरेको उद्धरणमा शङ्का गर्ने ठाउं रहेको देखिन्छ । नियर्कसको विवरण पनि ई.पू ३३६ तिरको मात्र हो । त्यसैले यो विवरणले अशोक भन्दा ५ वा ६ दशक अघिको जानकारी मात्र दिन्छ । यसकै आधारमा वैदिककालको लेखन इतिहास पुष्टि हुन सक्ने देखिदैन ।

ग) बौद्ध धर्मग्रन्थहरू बुद्धको महापरीनिर्वाण भएको निकैपछि मात्र रचना गरिएका हुन् । सबै ग्रन्थहरूको रचनाकार र रचना समय स्पष्ट छैन । कम्तीमा पनि यी ग्रन्थहरूको विवरणले वैदिककालको जानकारी दिन सक्दैनन् । त्यसैले ई.पू. तेस्रो वा बढीमा ई.पू. चौथो शताब्दीभन्दा अघिको लेखन इतिहास बौद्ध ग्रन्थहरूवाट जान्न सकिदैन ।

घ) ऋग्वेद,अन्य तीनवेद, उपनिषद्, ब्राह्मण साहित्य, महाकाव्य, धर्मसूत्र र स्मृति जस्ता हिन्दूधर्म ग्रन्थहरूका विवरणहरू निम्नकारणले गर्दा अकाट्य प्रमाण बन्न सकेका छैनन् ।

- वेद र वैदिक ग्रन्थहरू लेखेर रचना गरिएका होइनन् । मुखै मुखले रचना गरिएको र श्रुति स्मृति परम्परावाट एक पुस्तादेखि अर्को पुस्तासम्म हस्तान्तरण हुँदै आएका ग्रन्थहरू हुन् । हजारौं वर्षपछि मात्र यी लिपिबद्ध भएका थिए । त्यसैले पछिल्लो पुस्तामा हस्तान्तरण हुँदा यिनमा विवरणहरू थपघट हुन सक्ने प्रवल सम्भावना रहन्छ ।
- वैदिक ग्रन्थहरू एकै समयमा एकै व्यक्तिले रचना गरेको होइन । सयौं वर्षको अन्तरालमा धेरै ऋषिहरूले यी ग्रन्थहरूको रचना गरेका हुन् । यिनमा निरन्तर नयाँ पाठ र खण्डहरू थपिन्थे । यसैले यी ग्रन्थका विवरण कुन प्राचीन हुन् र कुन पछि थप गरिएको हो भन्ने एकिन गर्न कठिन छ ।
- वेद र वैदिक साहित्यको मूल प्राचीन ग्रन्थ पाइदैन । पछिल्लो समयमा सारिएका प्रतिहरू मात्र पाइन्छन् । त्यसैले यी ग्रन्थहरूमा मौलिक र प्राचीन विवरण मात्र रहेको छ भन्ने विश्वसनीय आधार देखिदैन ।
- वैदिक साहित्यमा मिथक, रूपक, उपमा, अलंकार तथा अतिशयोक्तिपूर्ण वर्णनको अत्यधिक प्रयोग भएको पाइन्छ । त्यसैले यी ग्रन्थहरूमा प्रयुक्त भाषाको एक मात्र अर्थ निस्कदैन । द्वैध र अनेकार्थी शब्दहरूको प्रयोग तथा ज्यादै क्लिष्ट र दुर्बोध्य भाषाको प्रयोग भएको हुँदा यी ग्रन्थको अनुवाद वा उल्था सधै सन्देह पैदा गर्ने किसिमका हुन्छन् ।
- वेद र वैदिक ग्रन्थहरूको रचना भएको समय र यिनको रचनाक्रमका विषयमा हालसम्म पनि विवादरहित किसिमले टुङ्गो लाग्न सकेको छैन ।
- वैदिक सभ्यताको अस्तित्व प्रमाणित गर्ने कुनै पनि भौतिक पुरातात्त्विक प्रमाण प्राप्त हुन सकेको छैन ।

यस्तो अवस्थामा ओझाले यत्नपूर्वक सङ्कलन गरेका वेद र वैदिक साहित्यका लेखन प्रमाण स्वतह कमजोर बन्न पुगेका छन् । यसै गरेर त्यति धेरै लेखन ज्ञान भएका वैदिक आर्यहरूले लेखेर छोडेका प्रमाण किन प्राप्त भएनन् ? उनीहरूको लेखन कुन लिपिमा हुने गर्दथ्यो ? लेखन ज्ञान भएका

आर्यहरूको पठन पाठन किन श्रुति स्मृति परम्पराको भयो ? किन यी व्याकरण र ज्योतिषका ग्रन्थहरू पनि मुखले कण्ठ गर्न सकिने किसिमले अर्थात् पद्यात्मक शैलीमा रचना गरिए ? वेद र वैदिक साहित्यलाई बुझ्न भन्दा कण्ठ वा मुखाग्र गर्नमा जोडदिने किसिमको अध्ययन परम्परा हिन्दूहरूले किन विकास गरेका होलान् ? सिन्धु सभ्यतावाट समेत लेखन प्रमाण प्राप्त भएको अवस्थामा सोही भूमिमा वैदिक सभ्यता विकसित गर्ने आर्यहरूले भारतको यस विशाल क्षेत्रमा एउटा पनि अभिलेखहरू लेखेर नराख्नुको कारण के हो ? जस्ता प्रश्नको उचित उत्तर दिन नसकेको हुँदा पनि ओझाले प्रस्तुत गरेका तथ्य र प्रमाणहरू कमजोर बन्न पुगेका हुन् । त्यसैले भारतीय आर्यहरूले वैदिककालमै लेखनकला प्रचलनमा ल्याएका थिए र उनीहरू लेख्न जान्दथे भन्ने कुरा अहिलेसम्म पनि प्रमाणित हुन सकेको छैन ।

१.४.२ भारतीय आर्यहरूले वैदिककाल पछि मात्र विदेशबाट लेखनकला भित्राएका थिए भन्ने तर्क

भारतीय इतिहास र संस्कृतिप्रति विशेष आशक्ति नभएका कतिपय विदेशी विद्वानहरूले भारतीय आर्यहरूलाई वैदिककालतिर लेखनकलाको कुनै जानकारी नभएको बताएका छन् । उनीहरूका अनुसार विदेशी लिपिको प्रभाववाट भारतीयहरूले लेखनकला सम्बन्धी ज्ञान आर्जन गरेका थिए । यस्तो विचारको मुख्य नेतृत्व जर्ज बुलरले गरेका छन् भने डेविड डिरिन्जर, म्याक्स मुलर आदि विद्वानहरूले यसको समर्थन गरेका छन् । जर्ज बुलरको विचारमा ब्राम्ही लिपि नै भारतीय आर्यहरूले संस्कृत साहित्यलाई लिपिबद्ध गर्न आविष्कार गरेको सर्वप्राचीन लिपि हो र यो लेखन भारतमा ई.पू. पाँचौ शताब्दीतिर विकास भएको हो । उनले यो लिपि पाँचौ शताब्दीभन्दा केही शताब्दीअघि विकास भएको पनि हुन सक्ने बताएका छन् । म्याक्स मुलरले भने ई.पू. पाचौ शताब्दीमा रचना गरिएको पाणिनीको अष्टाध्यायीमा समेत लेखनको कुनै सङ्केत नपाइने हुँदा पाँचौ शताब्दीपछि मात्र भारतीय आर्यहरूले लेखनकलाको विकास गरेका भन्ने विचार व्यक्त गरेका छन् (निहारिका,२००४,पृ.१३१) । समयका विषयमा भिन्न विचार रहे तापनि यस समूहका विद्वानहरू वैदिककालमा आर्यहरूले लेख्न जान्दैनथे र निकै पछि मात्र लेखनको विकास भएको विषयमा एकमत रहेका छन् । भारतीय आर्यहरूले बाहिरवाट वैदिककालपछि मात्र लेखनकला सिकेका हुन् भन्ने विचारलाई व्यवस्थितरूपले प्रस्तुत गर्ने व्यक्ति जर्ज बुलर हुन् । उनले आफ्नो पुस्तक Indian Palaeography (1980)मा पृष्ठ १५ देखि पृष्ठ २४ सम्म यही विषयमा विस्तृत चर्चा गरेका छन् । उनले

भारतीय आर्यहरूको पहिलो लेखन 'ब्राम्ही' उत्तरी सेमेटिक अक्षरात्मक लेखनवाट प्रभावित भएर भारतमा ई.पू. पाँचौ शताब्दीमा वा त्यसभन्दा केही अघि आविष्कार भएको हो भन्ने कुरा प्रस्ट पार्न अनेकौ तथ्यहरूलाई निम्नअनुसार प्रस्तुत गरेका छन् :

१) भारतीय विश्वास र परम्परा : भारतीयहरू अक्षर वा लेखनको उत्पत्ति सुदूर विगतमा स्वयं भगवान ब्रह्माले गरेको विश्वास गर्दछन् भनी बुलरले यस्ता भारतीय विश्वास सम्वन्धी अनेक उदाहरणहरू प्रस्तुत गरेका छन् । उनले यस्ता विश्वास विभिन्न धर्मग्रन्थहरू, मूर्तिहरू र भारत सम्वन्धी विदेशीहरूका वर्णनवाट सङ्कलन गरी आफ्नो पुस्तकमा प्रस्तुत गरेका छन् (हेर्नुहोस् : Buhler,1980,p.15-17) । हिन्दूधर्म ग्रन्थ नारद स्मृतिमा♣ लेखनकला ब्रह्माले उत्पत्ति गरेको वताइएको छ । सन् ६२० तिर लेखिएको मनुसंहिता र मनुकै वृहस्पति वर्तिकामा पनि लेखन कला ब्रह्मावाट उत्पत्ति भएको वताइएको छ ◆। चिनियाँ यात्री ह्वेनसाङले पनि भारतीयहरूका अक्षर ब्रह्माले वनाएको वताएका छन् । सन् ५८० को वदामीवाट प्राप्त एक ब्रह्माको मूर्तिमा हातमा ताडपत्रको ग्रन्थ समातेको देखाइएको छ । भारतीय हरूकै विश्वासका आधारमा लेखिएको एक चिनियाँ बौद्ध विश्वकोश 'फा वान शू लिन'मा पनि बायाँबाट दाहिनेतर्फ लेखिने सर्वोत्तम लिपिको आविष्कार फाङ(ब्रह्मा)ले गरेका हुन् भनिएको छ । विश्वासका आधारमा लेखिएका यी विवरण र यस्तै विश्वासका आधारमा बनाइएका मूर्तिवाट यी ग्रन्थहरूको रचनाकालतिर आईपुग्दा भारतीयहरूले लेखन वा अक्षर ब्रह्माले नै सृष्टि गरेका हुन् भन्ने विश्वास गर्दथे ।

बुलरले यी विश्वासहरू भारतीय आर्यहरूको लेखन इतिहास प्रमाणित गर्न सङ्कलन गरेका होइनन् । उनको उद्देश्य यी विश्वासहरूवाट भारतमा

♣ जर्ज बुलरले आफ्नो पुस्तकमा नारदस्मृतिमा भनिएको मूल वाक्य उल्लेख गरेका छैनन् । यस स्मृति ग्रन्थमा "नाकरिष्यद्यति ब्रह्मा लिखित चक्षुरुत्तमम् । तत्रैयमस्य लोकस्य नाभविष्यच्छुभा गति : ॥ " अर्थात् यदि ब्रम्हामाले उत्तम आखा जस्तै लेखनको सृष्टि नगरेको भए संसारको यस्तो शुभ-गति हुने थिएन भनिएको छ (उधृत : निहारिका,२००४,पृ.१३०) ।

◆ जर्ज बुलरले मनुस्मृतिको मूल वाक्य पनि आफ्नो पुस्तकमा उल्लेख गरेका छैनन् । यस स्मृतिमा पनि " सणमासिके तु समये भ्रान्तिः सजायते यतः । धात्राक्षराण सृष्टानी पत्रारुढाण्यतः पुरा ॥" अर्थात् 'छ महिना पछि नै कुनै पनि घटनाहरूको वारेमा भ्रम पैदा हुने गर्दछ । त्यसैले ब्रह्माले पानाहरूमाथि लेखिने अक्षरहरूको सृष्टि गरेका हुन्' भनिएको छ (उधृत:ओझा,१९७१,पृ.१ पाद टिप्पणी न. १)

लेखनकलाको प्राचीनता जान्न सकिदैन भन्ने देखाउनका लागि मात्र हो । बुलरका अनुसार ई.पू. तेस्रो शताब्दी देखिनै र विशेष गरेर इस्वी संवत्को आरम्भ हुनेवेलासम्ममा भारतीयहरूले आफ्नो लेखन कसरी र कहिले आविष्कार भएको थियो भन्ने तथ्य बिर्सिसकेका थिए । त्यसैले यसलाई उनीहरू ईश्वरले बनाएको ठान्ने अवस्थामा पुगिसकेका थिए (पृ.१५) । ई.पू. १६८ आसपासमा रचना भएका समवायांगसूत्र तथा पण्णावणासूत्र जस्ता दुई जैन धर्मग्रन्थहरूमा त्यसवेला प्रचलित १८ लिपिहरूका नाम उल्लेख गरिएको छ र अर्को बौद्ध धर्मग्रन्थ ललितविस्तरमा ६४ वटा लिपिहरूको नाम उल्लेख गरिएको छ । यी सूचीमा सर्वप्रथम बंभि वा ब्राह्मी लिपिको नाम लेखिएको छ । यसबाट भारतीयहरूलाई सर्वप्राचीन भारतीय लिपि बायाँबाट दायाँ लेखन गति भएको ब्राह्मी हो भन्ने सम्म थाहा थियो तर उनीहरूलाई यो कहिले र कसरी आविष्कार भएको थियो भन्ने थाहा थिएन । यस्ता परम्परागत विश्वासका आधारमा भारतीय आर्यहरूमा लेखनकलाको प्राचीनता खोजी गर्न सम्भव छैन भन्ने विचार बुलरले व्यक्त गरेका छन् ।

२) साहित्यिक विवरण : गौरीशंकर हीराचंद ओझाले जस्तै जर्ज बुलरले पनि भारतीय आर्यहरूको लेखन इतिहासको खोजी उनीहरूकै साहित्यिक स्रोतमा पनि गरेका छन् । हिन्दू अर्थात् ब्राह्मण साहित्य, बौद्ध साहित्य तथा विगतमा भारतको भ्रमण गर्ने युरोपियनहरूका वर्णनहरूमा पनि बुलरले लेखन इतिहासका तथ्यहरू खोजी गरेका छन् । ओझाले सङ्कलन गरेका वेद र वैदिक ग्रन्थहरूमा उल्लेखित भनिएका लेखन प्रसङ्गहरूलाई भने बुलरले कुनै महत्त्व दिएका छैनन् । उनले महाकाव्य, स्मृति, पाणिनीको अष्टाध्यायी र धर्मसूत्रहरूमा उल्लेख भएका लेखन प्रसङ्ग सङ्कलन गरेका छन् (Buhler,1980,p.19) । वैदिक साहित्य र युरोपियन भ्रमणकर्ताका वृत्तान्तलाई पनि महत्त्वका साथमा चर्चा गरेका छन् ।

बुलरका अनुसार हिन्दूब्राह्मण साहित्य अर्न्तगत्को मनुसंहिताभन्दा पुरानो र मानव धर्मसूत्रभन्दा पछिको वशिष्ठ धर्मसूत्र(१६.१०.१४-१५)मा कानुनी प्रमाणका लागि प्रयुक्त लिखित दस्तावेजको उल्लेख छ । पाणिनीको व्याकरण(अष्टाध्यायी)मा 'यवनायी'(युनानी लिपि), लिपिकार (लेखक) जस्ता शब्दहरू प्रयोग भएको छ । भारतमा प्राप्त लिखित प्रमाणभन्दा पुराना दुई महाकाव्य(रामायण र महाभारत)मा पनि लेखनका अनेकौ प्रसङ्गहरू पाइएका छन् । त्यसै गरेर कामसूत्रमा पनि 'पुस्तक वाचन' जस्ता शब्दहरू रहेका छन्(

Buhler,1980,p.19) । यस आधारमा उत्तर वैदिककालमा भारतमा लेखनकला प्रचलनमा रहेको थियो भन्ने देखाउन बुलरले प्रयास गरेका छन्

कतिपय बौद्ध धर्मग्रन्थहरूमा पनि लेखन प्रसङ्ग रहेको कुरा बुलरले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । उनका अनुसार ई.पू. पाँचौ वा चौथो शताब्दीतिरको अवस्था बताउने यस्ता धेरै बौद्ध धर्मग्रन्थहरूमा लेखनकला प्रचलनमा रहेको सङ्केत पाइन्छ । भिख्खुपाचित्य(२.२) र भिख्खुनी पाचित्य(४९.२) मा लेख, लेखक जस्ता शब्दहरू रहेका छन् । बौद्ध जातकहरूमा व्यक्तिगत र सरकारी चिट्ठीहरूको प्रसङ्ग पाइन्छ । यसै गरेर महावग्ग(१.४३)मा सुवर्णपत्र, पोत्थक (पुस्तक) जस्ता शब्द पाइन्छन् । विनयपिटक र निकायमा अख्खरिका खेलको चर्चा पाइन्छ । त्यसै गरेर महावग्ग(१.४९)मा त आरम्भिक विद्यालयको समेत उल्लेख पाइन्छ । यी आधारहरू प्रस्तुत गर्दै बुलरले भारतमा ई.पू. पाँचौ शताब्दीमा लेखनकला अभ्यासमा रहेको बताएका छन्(Buhler,1980,p.20) ।

उनले ई.पू. चौथो शताब्दीतिर भारतमा आएका केही विदेशीहरूका वर्णनलाई पनि त्यसवेला भारतमा लेखनकला प्रचलनमा रहेको थियो भन्ने प्रमाणका रूपमा प्रस्तुत गरेका छन् । उनले चौथो शताब्दी ई.पू.मा भारत आएका युनानी भ्रमणकर्ता नियर्कसले भारतीयहरूले कपासलाई कुटेर बनाइएको कागजमा चिट्ठी लेख्दछन् भन्ने विवरण लेखेर छोडेको कुरा उल्लेख गरेका छन् । त्यसै गरेर क्यू कर्टियसले भारतीयहरूले रूखको बोक्रामा(भोजपत्र)मा लेख्दछन् भन्ने कुरा आफ्नो यात्रा वृत्तान्तमा लेखाएको कुरा पनि बुलरले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्(Buhler,1980,p.20) । यसबाट उनले ई.पू. ३२७-३२५ तिर भारतीयहरूले लेख्न जानिसकेका थिए भन्ने पुष्टी गर्न खोजेका छन् ।

३) पुरालेखन प्रमाण : बुलरले भारतका विभिन्न स्थानबाट प्राप्त केही अभिलेखहरूलाई तेस्रो शताब्दी ई.पू.मा सम्राट अशोकले राखेका अभिलेखहरूभन्दा पुराना मानेका छन् । यस्ता पुरालेखन प्रमाणका आधारमा उनले अशोकभन्दा पहिले पनि भारतमा लेखनकला ज्ञात थियो भन्ने तर्क प्रस्तुत गरेका छन् । आफ्नो पुस्तक Indian Palaeography (1980,p.21-24) मा उनले अशोकका अभिलेखभन्दा प्राचीन भनिएका केही अभिलेखहरूलाई उदाहरणको रूपमा प्रस्तुत गरेका छन् । भारत मध्यप्रदेशको एरणबाट प्राप्त सिक्कामा लेखिएका अभिलेखलाई बुलरले ई.पू. चौथो शताब्दीतिरको मानेका छन् । कनिङ्घमको भनाइलाई आधार मान्दै बुलरले यी सिक्काहरूलाई मौर्यकालभन्दा अघिका स्वीकार गरेका हुन । यसै गरेर हालको पाकिस्तानको

पञ्जावको शाहदेही क्षेत्रमा पर्ने तक्षशिलाबाट प्राप्त भएका सिक्कामा कुँदिएका अक्षरहरूलाई पनि कनिङ्घमलाई उधृत गर्दै बुलरले ४०० ई.पू.तिरका मानेका छन् । उनले यी सिक्काहरूमा भएका उल्टा अक्षर र दायाँदेखि बायाँतर्फको लेखन गतिका आधारमा अशोकपूर्वका अभिलेख मानेका हुन् । बुलरले अशोकका अभिलेखहरूमा लेखनकलाको परिपक्वता र प्रौढतालाई हेर्दा पनि अशोकभन्दा एक दुईसय वर्ष अघिदेखि नै भारतमा लेखनकला जन्मिसकेको अनुमान गरेका छन् ।

यसरी भारतीयहरूका साहित्यिक प्रमाण, विदेशीहरूको वर्णन तथा पुरालेखन प्रमाणहरूलाई विश्लेषण गर्दै बुलरले भारतमा कम्तीमा पनि ई.पू. पाँचौ शताब्दीतिर लेखनकला प्रचलनमा आएको थियो भन्ने निष्कर्ष निकालेका छन् । समयमा लचिलो बन्दै बुलरले भारतमा प्रचलित ब्राह्मी लेखन पाँचौ शताब्दीभन्दा दुई वा तीन शताब्दी पहिले नै प्रचलनमा आएको हुन सक्ने सम्भावनालाई पनि इन्कार गरेका छैनन् ।

आलोचना : बुलरले प्रस्तुत गरेको विचारमा पनि विभिन्न विद्वानहरूले असहमति र आलोचना प्रस्तुत गरेका छन् । उनको विचारमाथि सबैभन्दा धेरै असहमति प्रकट गर्ने व्यक्ति गौरीशंकर हीराचंद ओझा हुन् । बुलरले वेद तथा उपनिषद्का ग्रन्थहरूमा उल्लेख भएका प्रशस्त लेखन प्रमाणहरूलाई महत्त्व नदिएको कुरा मै ओझाको धेरै असहमति रहेको छ । त्यस बाहेक भारतमा लेखन बाहिरबाट भित्रिएको बुलरको विचारमा पनि ओझाको आपत्ति रहेको छ । तर ओझाकै विचारमा धेरैको असहमति रहेको अवस्थामा वेदका लेखन प्रसङ्गहरूलाई महत्त्व नदिनु बुलरको धेरै ठूलो कमजोरी हो भन्ने देखिदैन । अधिकांश विद्वानहरू बुलरले भारतमा पाँचौ शताब्दी आसपासमा लेखनकलाको विकास भएको भन्ने देखाउन प्रस्तुत गरेका प्रमाण वा आधारहरूकै विषयमा आशङ्का व्यक्त गरेको पाइन्छ । विशेष गरेर बुलरले प्रस्तुत गरेका आधारहरूमा निम्न आशङ्का गरिएको पाइन्छ ।

१) ब्राह्मण साहित्यहरूको प्राचीनता र विश्वसनियता : गौरीशंकर हीराचंद ओझाले प्रस्तुत गरेका वेद र वैदिक साहित्यका लेखन प्रमाणहरू सन्देहका घेरामा परे जस्तै बुलरले प्रस्तुत गरेका ब्राह्मण साहित्यका प्रमाणहरूमा पनि धेरैको अविश्वास रहेको छ । उनले चर्चा गरेका वशिष्ठ धर्मसूत्र, मनु संहिता, रामायण तथा महाभारत जस्ता ग्रन्थहरूको रचनाकाल निश्चित भएको छैन । उनी आफैले पनि दुई महाकाव्यलाई भारतमा प्राप्त लेखन प्रमाणभन्दा पुराना मात्र भनेका छन् । यिनको निश्चित रचना समय

बताएका छैनन् । पाणिनीको व्याकरणलाई उनले ई.पू. ३५० तिरको भनेका छन् तर म्याक्समुलरले यसलाई ई.पू. पाँचौ शताब्दीको(निहारिका,२००४,पृ१३१) र ओझाले ई.पू.छैटौ शताब्दीतिरको (बुद्धको जीवनकालभन्दा पुरानो) भनेका छन् (ओझा,१९७१,पृ६) । यी ग्रन्थहरूका मूल हस्तलिखित ग्रन्थहरू पाइएका छैनन् । पछिल्लो समयमा सारिएका ग्रन्थहरू मात्र पाइन्छन् । यी पनि श्रुति स्मृति ग्रन्थहरू नै हुन् । त्यसैले ग्रन्थका केही खण्ड पछि थप गरिएको हुन सक्ने सम्भावना पनि त्यतिकै रहन्छ । यस्ता ग्रन्थहरूमा उल्लेखित लेखन प्रसङ्गलाई आधार बनाएर ई.पू पाँचौ शताब्दीतिर भारतमा लेखनकला प्रचलनमा रहेको थियो भन्ने प्रमाणित हुने देखिदैन ।

२) बौद्ध साहित्यको प्राचीनता र विश्वसनियता : बुलरले प्रस्तुत गरेका बौद्ध साहित्यहरूका आधारमा ती ग्रन्थहरूको रचनाकालमा भारतमा लेखनकला प्रचलनमा रहेको थियो भन्ने कुरामा त्यति शङ्का गर्ने ठाउँ देखिदैन तर यी ग्रन्थहरूको रचनाकाल भने निश्चित छैन । सामान्यतया यी बुद्धको महापरीनिर्वाण पछि रचना गरिएका हुन् । तर कसले लेखेको हो र कहिले लेखिएको हो भन्ने विषयमा भने कुनै निश्चितता रहेको पाइदैन । भिख्खु तथा भिख्खुनी पाचित्य, जातक कथा तथा बौद्ध निकायहरूको रचना चौथो शताब्दी ई.पू. तिर वा त्यो भन्दा धेरैपछि मात्र भएको पनि हुन सक्दछ किनभने कतिपय जातक कथाहरू हिन्दू पुराणको शैलीमा रचना गरिएका छन् । यही अन्योलताका कारणले बुलरले पनि प्रत्येक ग्रन्थको अलग अलग रचना समय उल्लेख नगरी यी ग्रन्थहरूबाट चौथो पाँचौ शताब्दी ई.पू. तिरको लेखन अवस्था थाहा हुने बताएका छन् । यसरी रचना भएको यकिन समय नै अज्ञात रहेका ग्रन्थहरूका आधारमा पनि ई.पू. पाँचौ शताब्दी आसपासमा लेखनकला भारतमा प्रचलनमा रहेको थियो भन्ने निश्चित नहुने देखिन्छ ।

३) विदेशी यात्रुको अन्योलपूर्ण वर्णन : क्यू. कर्टियस र नियर्कसको वर्णनबाट ई.पू. पाँचौ होइन चौथो शताब्दी (ई.पू.३२७-३२५) तिरको मात्र भारतीय लेखन अवस्था जान्न सकिन्छ ।उनीहरूको अनुसार त्यसबेला भारतीयहरूले कपासबाट बनेको कागजमा र रूखको बोक्रामा लेख्ने गरेको स्पष्ट बुझिन्छ । तर त्यही शताब्दीमा सिरियाबाट राजदूतको रूपमा भारत आएका मेघस्थनिजको बयानमा भने त्यसबेला भारतमा अक्षर ज्ञान नरहेको जस्तो देखिन्छ । मेघस्थनिजको इण्डिकाको मूल पुस्तक प्राप्त नभए तापनि पछिल्लो समयका स्ट्राबो र एरियन जस्ता लेखकहरूले मेघस्थनिजलाई उधृत गर्दै लेखेका छन् " भारतीयहरू अलिखित कानुन मात्र उपयोग

गर्दछन् । ...तिनीहरूलाई लिखित अक्षरहरूको ज्ञान छैन र प्रत्येक (मुद्दा) सम्झना(स्मृति)♣को भरमा मात्र छिन्छन्..." (उधृत: रेग्मी,वि.सं.२०६०,पृ.९८) । क्यू कर्टियस र नियर्कसभन्दा पछि(ई.पू. ३०६ तिर)मात्र मेघस्थनिज भारत आएका हुन् । त्यसैले क्यू कर्टियस र नियर्कसको वर्णन पनि ई.पू. चौथो शताब्दीतिर भारतमा लेखनकला प्रचलनमा रहेको थियो भन्ने कुराको अकाट्य प्रमाण हुन सक्दैन ।

४) सिक्का अभिलेखहरूको प्रचीनता : वुलरले भारतको मध्यप्रदेशस्थित एरणमा प्राप्त भएका प्राचीन सिक्काहरूमा लेखिएको अभिलेख र पाकिस्तानको पञ्जाव साहदेहीस्थित तक्षशिलावाट प्राप्त भएका सिक्काका अभिलेखहरूलाई उनीहरूको उल्टो अक्षर र लेखन गतिलाई आधार मान्दै ई.पू. चौथो शताव्दीका मानेका थिए । यसै आधारमा उनले भारतमा ई.पू. चौथो शताब्दीसम्मको लेखन प्रमाण पाइएको वताएका थिए । वुलरको यो विचारलाई गोयलले ठाडै अस्वीकार गरेका छन् । उनले भारतमा ग्रीक सिक्काहरूको प्रभाववाट ई.पू. दोस्रो शताब्दीदेखि मात्र अक्षर सहितका सिक्का निर्माण हुन थालेको र तक्षशिला तथा एरणका सिक्काहरू पनि ई.पू. दोस्रो शताब्दीतिरका मात्र हुन् भन्ने निष्कर्ष निकालेका छन् (Goyal,1979,p.32) । त्यसै गरेर अहमद हसन दानीले पनि यी सिक्काहरूलाई वुलरले भने जस्तो ई.पू. चौथो शताव्दीका नभै ई.पू.दोस्रो शताब्दीका हुन् भनेका छन्(Dani,1986,P.61) । यसरी वुलरले निकै महत्त्वका साथमा प्रस्तुत गरेका चौथो शताब्दीतिरका र अशोकभन्दा पुराना भनिएका पुरालेखन प्रमाण समयक्रममा निकै कमजोर प्रमाणित हुन गए र अशोकभन्दा पछिका ठहर भए ।

यसरी जर्ज वुलरले निकै यत्नका साथमा ई.पू. पाँचौ शताव्दी आसपासमा उत्तरी सेमेटिक लेखनवाट भारतीयहरूले लेखनकला आरभ्म गरेका हुन् भनी निकालेको निष्कर्ष पनि सर्व स्वीकार्य हुन सकेको छैन । भारतीयहरूले वाहिरवाट लेखनकला सिकेको भन्ने तर्क र ई.पू. पाँचौ शताब्दी वा त्यो भन्दा पनि पहिले लेखनकला यहाँ आरम्भ भैसकेको भन्ने विचार समेतमा आशङ्का व्यक्त गरिएको छ । जसरी वैदिक कालमै लेखनकला प्रचलनमा थियो भन्ने ओझाको मत सर्वस्वीकार्य हुन सकेन त्यसरी नै पाँचौ

♣ केही विद्वानहरू भने यहाँ प्रयोग भएको स्मृति शब्दका आधारमा त्यसवेला धर्मशास्त्र वा स्मृति ग्रन्थलाई आधार मानेर मुद्दा फैसला हुने हुँदा त्यसवेला लेखन ज्ञान रहेको तर्क पनि गर्ने गरेको पाइन्छ ।

शताव्दीमा भारतीयहरूले विदेशीबाट लेखनकला सिके भन्ने विचार पनि स्वीकार्य हुन नसकेपछि यो विवाद हालसम्म पनि यथावत रहेको छ ।

माथिको छलफल पछि के निष्कर्षमा पुग्न सकिन्छ भने भारतमा हालसम्म प्राप्त पद्न सकिएका सवैभन्दा पुराना लेखन प्रमाण मौर्य सम्राट अशोकले ई.पू. तेस्रो शताव्दी(ई.पू.२७४-२३७)मा राखेका अभिलेखहरू नै हुन् । सिन्धुलेखन पछिका कुनै पनि अभिलेखहरू यीभन्दा पुराना प्रमाणित भएका छैनन् । त्यसैले प्रत्यक्ष प्रमाणका आधारमा भन्नुपर्दा भारतीय आर्यहरूमा ई.पू. तेस्रो शताव्दीदेखि मात्र लेखन अभ्यास हुँदै आएको देखिन्छ । तर सवै अवस्थामा प्रत्यक्ष प्रमाणले मात्र सत्यको नजिक पुराउदैनन् । कतिपय अवस्थामा परोक्ष प्रमाणवाट पनि सत्यको खोजी गर्नुपर्ने हुन आउँछ । यस्ता परोक्ष प्रमाणहरू मध्ये अशोकका अभिलेखमा प्रयुक्त व्राह्मी र खरोष्ठी अक्षरहरूको प्रौढता वा उच्चस्तरको विकसित अवस्था, चौथो शताव्दीका युरोपियन यात्रुका वर्णनहरू, वौद्ध साहित्य एवं हिन्दू व्राह्मण साहित्यका वर्णनहरूलाई समेत आधार मानेर विचार गर्दा चौथौ शताव्दी ई.पू.देखि नै भारतीय आर्यहरूले लेख्ने अभ्यास गरिरहेका थिए भन्ने अनुमान गर्नु अस्वभाविक देखिदैन । अरव यात्री अलवेरुनिले आफ्नो भारत यात्रा वृत्तान्तमा 'भारतमा लेखन ज्ञान कलियुगको आरम्भमा सुरु भयो, तर कालान्तरमा सो विर्सियो र पराशरका छोरा व्यासले दैवी प्रेरणा पाएर लेखनलाई पुन: आविष्कार गरे' भन्ने विवरण उल्लेख गरेका छन् । यहाँ उल्लेखित कलियुग♣ (संवत्) ई.पू.३१०१ मा सुरु भएको विश्वास गरिन्छ (Buhler,1980,p.15) । अलवेरुनिको यो भनाइ भित्र नै सत्यको सानो झिल्को लुकेको भान हुन्छ । मध्यकालको आरम्भमा भारत आउने अलवेरुनीले सायद भारतमा प्रचलित तत्कालीन विश्वासलाई आधार मानेर यो कुरा लेखेका हुन सक्छन् । यसवाट मध्यकालसम्म पनि कतिपय भारतीयहरूलाई इसापूर्वको तेस्रो सहस्राव्दीको सिन्धुलेखन लोप भएपछि महाभारतकाल तिर (ई.पू. चौथो शताव्दी आसपासमा) भारतीयहरूले पुन: व्राह्मी लेखन आविष्कार गरेर लेखन कार्य अघि वढाएको अस्पष्ट जानकारी रहेको थियो कि ? भन्ने देखिन्छ । यो सम्भावित वास्तविकता नै कालान्तरमा भारतीयहरूले सुरु गरेको कलियुग(संवत्)को सुरुवाततिरको लेखनपछि (वैदिककालमा) विर्सियो र व्यासले पुन: लेखन आविष्कार गरे भन्ने विश्वासमा वदलिएको पनि अनुमान गर्न सकिन्छ । यही विश्वास अलवेरुनिको टिपोटमा परेको पनि हुन सक्छ । यस आधारमा भारतमा ई.पू.तेस्रो सहस्राव्दी (सिन्धु सभ्यतामा) प्रचलनमा रहेको लेखन ज्ञान

♣ यहाँ उल्लेख गरिएको कलियुग हिन्दू धार्मिक विश्वास अनुसारको कलियुग नभै कलिगत् सवत्‌लाई भनिएको हो । यो संवत् भारतमा मिति लेखनमा प्रयोग हुने गरेको थियो । ई.पू. ३१०१ मा यसको आरम्भ भएको विश्वास गरिन्छ ।

कालान्तरमा विर्सिएपछि व्यासले माहाभारतकालतिर (करिब ई.पू.चौथो शताब्दीतिर) ब्राह्मी लेखनको रूपमा पुनः आविष्कार गरिएको हो कि ? भन्ने अनुमान गर्न सकिन्छ । अहिलेलाई यो अनुमान वाहेक अन्य कुनै निष्कर्ष प्रस्तुत गर्न सकिने अवस्था देखिदैन ।

***

अध्याय दुई

अभिलेखशास्त्र (EPIGRAPHY)

२.१ अभिलेखशास्त्रको अर्थ (Meaning of epigraphy)

अभिलेखशास्त्र प्राचीन अभिलेखहरूको समग्रपक्षको अध्ययन गरी प्राचीन मानवका विविध पक्षहरूको बारेमा प्रकाश पार्ने एक महत्त्वपूर्ण विषय हो । यस विषयमा विगतका मानिसहरूले लेखेर छोडेका भौतिक वस्तु वा लेखोटहरू सङ्कलन गरिन्छ र ती लेखमा भएका अक्षर, भाषा, लिपि चिन्ह तथा चित्रहरू समेतको अध्ययन गरेर त्यस्ता अभिलेख लेख्ने लेखकहरूको समकालीन इतिहास र संस्कृतिको विवरण तयार पारिन्छ । यस्तो शास्त्र वा विषयलाई अंग्रेजी भाषामा Epigraphy भनिन्छ । अभिलेखशास्त्र वा *एपिग्राफी* भनेको अध्ययनको एक त्यस्तो विषय हो जसले अभिलेख वा Inscription हरूको समग्रपक्षको अध्ययन गर्दछ ।

एपिग्राफी भनेको अभिलेख(*इन्स्क्रिप्सन*)हरूको अध्ययन गर्ने विषय भएको हुँदा *एपिग्राफी* वा अभिलेखशास्त्रको स्पष्ट अर्थ बुझ्नको लागि यसैसँग प्रयोग हुने नेपाली भाषाको अभिलेख शब्द र यसैको विकल्पको रूपमा प्रयोग हुने अंग्रेजी भाषाको *इन्स्क्रिप्सन* शब्दको अर्थ बारेमा स्पष्ट हुनु जरुरी हुन्छ । *इन्स्क्रिप्सन* शब्दले एक त्यस्तो लेख्य सामाग्रीतर्फ सङ्केत गर्दछ जुन लेखमा प्रायः निम्न चार विशेषता समावेश भएको हुन्छ । १) प्राचीन समयमा लेखिएको २) प्राचीन विषयवस्तु समेटेर लेखिएको ३) दुङ्गा, धातु, काठ जस्ता कडा र टिकाउ माध्यममा लेखिएको र, ४) सामान्यतया उत्कृण(engraving) गरेर लेखिएको लेख । अर्थात् प्राचीनकालमा प्रचीन विषयवस्तु उल्लेख गरेर कडा माध्ययममा कुँदेर लेखिएका लेखहरू नै *इन्स्क्रिप्सन* हुन् । त्यस्ता *इन्स्क्रिप्सनहरू*को विविध पक्षको अध्ययन गर्ने विषय नै वास्तवमा *एपिग्राफी* हो । नेपाली शब्द अभिलेखले भने यस्ता प्राचीन लेखको साथसाथै अंग्रेजी

भाषाका Record, र Document जस्ता फरक शब्दको समेत अर्थ वोक्ने गरेको पाइन्छ । जस्तै मानदेवको चाँगुनारायण अभिलेख, विद्यार्थीहरूको यस वर्षको भर्ना अभिलेख, राजस्व सङ्कलन सम्वन्धी चालु वर्षको अभिलेख आदि । अंग्रेजी भाषामा चाँगु अभिलेखलाई *इन्स्क्रिप्सन* शब्द प्रयोग हुने गर्दछ भने भर्ना अभिलेख र राजश्व अभिलेखलाई *रेकर्ड* वा *डकुमेन्ट्स* जस्ता शब्दहरूको प्रयोग हुने गर्दछ त्यसैले अभिलेख शब्दले अंग्रेजी भाषाको *इन्स्क्रिप्सन* शब्दको पूर्ण वा वास्तविक अनुवाद हुन सक्ने देखिदैन । त्यसैले अभिलेखशास्त्र वा *एपिग्राफी* भनेको अभिलेखको अध्ययन गर्ने शास्त्रको रूपमा भन्दा *इन्स्क्रिप्सन*हरूको अध्ययन गर्ने शास्त्रको रूपमा वुझ्नु उचित देखिन्छ । यसो भए तापनि नेपाली भाषामा लेखिएको यस पुस्तकमा सजिलोका लागि *एपिग्राफी* शब्दलाई अभिलेखशास्त्र र *इन्स्क्रिप्सन* शब्दलाई वैकल्पिक शब्दको अभावले गर्दा अभिलेख भनिएको छ । त्यसैले अभिलेखशास्त्र एक त्यस्तो विषय हो जसले प्राचीन अभिलेखहरूको समग्रपक्षको अध्ययन गर्दछ ।

अभिलेखशास्त्र वास्तवमा पुरालेखनशास्त्रको एक महत्त्वपूर्ण शाखा हो । पुरालेखनशास्त्रलाई अंग्रेजीमा Palaeography भनिने र यस्तो पुरालेखनशास्त्र वा *प्यालिअग्राफी*मा सबै खालका प्राचीन लेखहरूको अध्ययन गरिने कुरा यसअघि नै (अध्याय एकमा) विस्तृत चर्चा गरिसकिएको छ । ढुङ्गा, धातु, काठ जस्ता कडा माध्ययमा लेखिएका पुराना लेखहरूका साथसाथै केही पछिल्लो समयमा लेखिएका ताडपत्र, भोजपत्र नीलपत्र तथा कागजहरूमा लेखिएका प्राचीन लेखहरूको समेत विस्तृत अध्ययन गर्ने विषय पुरालेखनशास्त्र हो । अभिलेखशास्त्रमा पुरालेखन सामाग्रीहरूमध्ये सुदूर विगतका, कडा माध्यममा उत्कृण गरिएका लिखित सामाग्रीहरूको मात्र अध्ययन गरिन्छ । त्यसैले यो विषय पुरालेखनशास्त्र अर्न्तगतको ज्यादै महत्त्वपूर्ण विषय मानिन्छ । यसर्थ शिला स्तम्भहरूमा, शिलापत्रहरूमा, प्रतिमाका पादपिठहरूमा, ढुङ्गेधारा तथा जलद्रोणीहरूमा, ताम्रपत्रहरूमा, प्राचीन सिक्काहरूमा र काठ एवं माटोका सामग्रीहरूमा लेखिएका लेखहरूको अध्ययन गर्ने विषय अभिलेखशास्त्र हो । यि सामाग्रीहरूबाहेक ताडपत्र, भोजपत्र, नीलपत्र र पुराना कागजपत्रहरूमा लेखिएका पुराना लेखहरूको अध्ययन अभिलेखशास्त्रमा नभै पुरालेखनशास्त्र वा *प्यालिअग्राफी*मा गरिन्छ । यसर्थ अभिलेखशास्त्र वास्तवमा पुरालेखनशास्त्र अन्तर्गतको एक शाखा मात्र हो ।

लेख्ने सिपको विकाससँगै मानिस सभ्यताको चरणमा प्रवेश गरेको हो । सामान्यता मानव जातिमा सौन्दर्य चेतना, आर्थिक सम्वृद्धि, राजनैतिक

चेतनाका साथसाथै शैक्षिक सिल्पको विकास भएको अवस्थालाई मात्र मानव सभ्यता मान्ने गरिन्छ । त्यसैले प्रायः सबै प्राचीन सभ्यताको केन्द्रहरूमा मानिसले आफ्ना बारेमा वर्णन गरेर लेखिएका अनेकौं किसिमका लेख्य सामाग्रीहरू प्राप्त हुने गर्दछन् । लेख्य सामग्रीहरूमध्ये कडा माध्ययममा लेखिने अभिलेखहरू लामो समयसम्म टिक्न सक्ने भएको हुँदा प्राचीन सभ्यताहरूवाट धेरै जसो अभिलेखमा लेखिएका लिखित सामग्रीहरू नै हामीलाई प्राप्त हुने गर्दछन् । लामो समयको अन्तरालपछि प्राप्त हुने त्यस्ता अभिलेखका लेखहरू वर्तमान लेखनभन्दा भिन्न र दुर्वोध्य हुनु स्वभाविकै हो । लेखनकार्य मानव संस्कृतिकै एक अङ्ग पनि हो । अन्य संस्कृति जस्तै लेख्य संस्कृति पनि निरन्तर परिवर्तन र परिमार्जन हुँदै जाने कुरा हो । यसरी परिवर्तन हुने वा फेरिने गुण भएको हुँदा प्राचीन सभ्यतामा प्राप्त हुने लेखन आजभोलि सजिलै पढ्न र वुझ्न नसकिने हुन्छ । यस्ता दुर्वोध्य अभिलेखीय लेखन सामग्रीहरूका अक्षर पहिचान गर्ने, पुराना लिपिहरूलाई वर्तमान लिपिमा लिप्यान्तरण गर्ने, त्यसवेलाका लेखोटहरूलाई वर्तमान समयमा प्रचलनमा रहेका भाषामा अनुवाद गर्ने, त्यस्ता लेख्य सामाग्रीहरूमा उत्कृण गरिएका चिन्ह वा सङ्केतहरूको अर्थ खोजी गर्ने र त्यस्ता प्राचीन लेखोटहरूको आशय स्पष्ट पार्ने विषय नै वास्तवमा अभिलेखशास्त्र हो ।

इतिहास, पुरातत्त्व र संस्कृति जस्ता विषयहरूलाई पूर्णता प्रदान गर्ने विषय पनि अभिलेखशास्त्र हो । यसले प्राचीन अभिलेखहरू खोजी गर्ने र ती अभिलेख पढेर त्यसको व्याख्या गरिदिने हुँदा इतिहास विषयलाई यसले अध्ययन सामग्रीहरू प्रदान गरिदिन्छ । उत्खनन् र अन्वेषणका क्रममा प्राप्त हुने अभिलेखको अर्थ स्पष्ट पार्न पुरातत्त्व विषयलाई अभिलेखशास्त्रकै सहयोग चाहिन्छ । वर्तमान संस्कृतिको उत्पत्ति र विकासक्रमको अध्ययनका लागि पनि अभिलेखशास्त्रकै सहयोग चाहिने हुन्छ । अतः संस्कृति, इतिहास तथा पुरातत्त्व जस्ता विगतका मानिसहरूको अध्ययन गर्ने विषयहरूको सहयोगी विषय पनि अभिलेखशास्त्र नै हो ।

२.२. अभिलेखशास्त्रको अध्ययन क्षेत्र (Scope of epigraphy)

अभिलेखशास्त्रले गर्ने अध्ययनको कार्यक्षेत्र निकै व्यापक रहेको छ । यो विषयको मुख्य क्षेत्र लेखन सामग्रीहरूको अध्ययनमा केन्द्रित रहेको हुन्छ । लेखन सामाग्रीहरूमध्ये सुदूर विगतमा लेखिएका र विगतकै वारेमा वर्णन गरिएका प्राचीन लेखन सामग्रीहरूको अध्ययन मात्र यो विषयको सरोकारको क्षेत्र हो । त्यस्ता सामग्रीहरूमध्ये पनि कडा माध्ययममा कुँदेर वा खोपेर

लेखिएका लेख्य सामग्रीहरूको अध्ययनमा मात्र यो विषय केन्द्रित रहन्छ । यस्ता अभिलेखीय सामग्रीहरूको रूपपक्ष र यसमा भएको सारपक्ष दुवैको गहन एवं विस्तृत अध्ययन गर्नु यस विषयको मुख्य अध्ययन क्षेत्र हो । प्राचीन अभिलेखको रूपपक्ष अन्तर्गत अभिलेख कुँदिएका माध्ययमहरू, अभिलेखीय सामग्रीहरू, अभिलेखहरूको स्वरूप वा बनावट, अभिलेख लेखिएको लिपि, अभिलेखमा प्रयुक्त भाषा, अभिलेखका चिन्ह वा चित्रहरू आदिको अध्ययन समावेश भएको हुन्छ । अर्थात् प्राचीन अभिलेखका यस्ता वाहिरीपक्षको अध्ययन अभिलेखशास्त्रको मुख्य क्षेत्र हो । त्यसै गरेर अभिलेखका सारपक्षको अध्ययन अन्तर्गत् अभिलेखको लिप्यान्तरण एवं भाषा अनुवाद मार्फत् अभिलेखको आशय वा भन्न खोजेको विषय र अभिलेख राख्ने व्यक्तिको अभिव्यक्तिको तात्पर्य स्पष्ट पार्ने कार्य पर्दछन् । यसरी प्राचीन अभिलेखको सारपक्षको अध्ययन पनि अभिलेखशास्त्रको अध्ययन क्षेत्र भित्र पर्दछ । अभिलेखशास्त्रको समग्र कार्यक्षेत्रलाई निम्न बुँदाहरूमा पनि स्पष्ट गर्न सकिन्छ ।

क) अभिलेखीय स्रोत सामग्रीहरूको अध्ययन : प्राचीन अभिलेखहरू कस्ता स्रोत वा सामग्रीहरूवाट प्राप्त हुने गर्दछन् भन्ने विषयको अध्ययन गर्नु अभिलेखशास्त्रको प्रमुख अध्ययन क्षेत्र हो । हजारौँ वर्षअघि लेखिएका लेखहरूको खोजी निकै कठिन र चुनौतिको कार्य हो । यस्ता लेखहरूको खोजी विना अभिलेख अध्ययन असम्भव हुने हुँदा यस्ता अभिलेख प्राप्त हुने मुहान वा स्रोतको पहिचान यस विषयको प्रमुख र प्रारम्भिक कार्य हो । प्राचीन समाजको धर्म, संस्कृति, परम्परा जस्ता कुराहरूले अभिलेखका स्रोत निर्धारण हुने गर्दछन् । उदाहरणका लागि विगतमा हिन्दू धर्ममा आस्था राख्ने समाजमा धार्मिक स्मारकहरूमा, मूर्तिका पादपीठहरूमा, शिवलिङ्गका जलाहारीहरू जस्ता सामग्रीहरूमा अभिलेख खोजी गर्नु आवश्यक हुन्छ । कुनै समाजमा विगतमा मूर्ति पूजा नगर्ने इस्लाम धर्म लोकप्रिय भएको अवस्थामा यस्ता स्रोत सामग्रीमा नभै राजदरवारहरूमा, कुनै पवित्र मजारा एवं मस्जिदजस्ता स्मारकहरूका छेउछाउमा अभिलेख खोजी गर्नु उचित हुन्छ । प्राचीन मेसोपोटामियाको सभ्यतावाट माटाका पाटीमा लेखिएका विस्तृत विवरण सहितका अभिलेख पाइएका छन् । नेपालमा भने बहुसङ्ख्यक अभिलेख विशेष किसिमले कुँदिएका शिलापत्रहरूमा लेखिएको पाइन्छ । कतिपय ठाउँमा जनावरका छालाहरू अभिलेख पाइने स्रोत हुन सक्छन् । तर नेपाल तथा भारत जस्ता मुलुकमा विगतकालदेखि नै जनावरका छालालाई अपवित्र वस्तु मानिने हुँदा यहाँ छालामा अभिलेख पाइने अपेक्षा गर्नु समय र श्रमको खर्च मात्र हुन

सक्छ । यसरी विगतको धार्मिक र सांस्कृतिक पृष्ठभूमिलाई विचार गरेर अभिलेखका स्रोत वा सामाग्रीहरूको खोजी गर्नु अभिलेखशास्त्रको मुख्य अध्ययन क्षेत्र मानिन्छ ।

ख) अभिलेखको लिपि र भाषिक पहिचान : यस विषयको अर्को महत्त्वपूर्ण कार्यक्षेत्र अभिलेखहरूका अक्षर वा लिपिको पहिचान र त्यस्ता अभिलेखमा प्रयुक्त भाषाको पहिचान गर्नु पनि हो । अभिलेखमा प्राय: वर्तमान समयका भन्दा वेग्लै र पहिचान गर्न नसकिने अक्षरहरू हुन्छन् । प्राप्त भएका अक्षर वा चिन्हहरू अक्षरात्मक लेखन, पदात्मक लेखन वा शब्दपदात्मक लेखनमध्ये कस्तो लेखन चरणका लेख्य चिन्ह वा अक्षर हुन् भन्ने कुराको निर्क्योल गर्नु, त्यस्ता अक्षर वा लिपिको लेखन गति पत्ता लगाउनु अर्थात् अक्षरहरू दायाँबाट बायाँतर्फको वा बायाँबाट दायाँतर्फ वा माथिबाट तल वा तलबाट माथितर्फ कसरी लेखिएका छन् भन्ने कुराको टुङ्गो लगाउनु र अक्षरहरूको पहिचान गर्नु प्रमुख कार्य मानिन्छ । यस्ता प्राचीन अभिलेखहरूका अक्षर पहिचान गर्नका लागि कुन भाषामा लेखिएको छ भन्ने कुरा थाहा पाउनु पनि जरुरी हुन्छ । कतिपय अभिलेखहरू विगतमा प्रचलनमा रहेका र हाल लोप भैसकेका भाषाहरूमा पनि लेखिएका हुन सक्छन् । भाषिक इतिहासको अध्ययनबाट मात्र त्यस्ता भाषाको बारेमा जानकारी पाउन सकिन्छ । भारतका मौर्य सम्राट अंशोकका अभिलेख संस्कृत भाषामा लेखिएको अनुमान गरिएको कारणले धेरै लामो समयसम्म ब्राह्मी लिपि पढ्न सकिएको थिएन । पछिल्लो समयमा ती अभिलेख भारतबाट लोप भैसकेको पाली भाषामा लेखिएको थाहा पाएपछि मात्र ब्राह्मी लिपि पढ्न सकिएको हो । नेपालको सन्दर्भमा लिच्छवि लिपिमा लेखिएका अभिलेख प्राप्त भएमा त्यसमा संस्कृत भाषा प्रयोग भएको अनुमान गरेर लिपि पढ्न कोसिस गर्नु उचित हुन्छ । नेवारी लिपिमा लेखिएका अभिलेख प्राप्त भएमा संस्कृत वा नेवारी भाषामा लेखिएको अनुमान गर्दै पढ्न कोसिस गर्नु उचित हुन्छ । त्यसैले अभिलेखमा प्रयुक्त लिपि र भाषाको पहिचान सम्बन्धी कार्य पनि अभिलेखशास्त्रकै क्षेत्र भित्र पर्दछ ।

ग) अभिलेखको लिप्यान्तरण र अनुवाद : अभिलेखशास्त्र वा *एपिग्राफ* विषयको अर्को ज्यादै महत्त्वपूर्ण कार्य प्राचीन अभिलेखका अक्षरहरूलाई वर्तमान समयका सबै इतिहासका विद्यार्थी वा शोधार्थीहरूले पढ्न र बुझ्न सक्ने लिपिमा लिप्यान्तरण गर्नु पनि हो । यसो गरेमा मात्र अभिलेखको प्रमुख विषयवस्तु व्याख्या र विश्लेषण गर्न सकिन्छ । नेपालमा धनवज्र वज्राचार्य, मोहन प्रसाद खनाल, हरेराम जोशी जस्ता प्राचीन अभिलेखका खोजकर्ताहरूले लिच्छवि र

मल्लकालका अभिलेखहरूमा प्रयुक्त लिपिलाई देवनागरी लिपिमा लिप्यान्तरण गरी आफ्ना पुस्तकहरूमा प्रकाशन गरिदिएका छन् ♣। यसबाट त्यस्ता अभिलेखका आधारमा लिच्छवि र मल्लकालको इतिहासका लेखकहरूले विस्तृत इतिहास तयार पार्न सकेका हुन् । त्यसै गरी अभिलेखमा प्रयुक्त भाषा वर्तमान समाजमा बुझ्न नसकिने रहेछ भने त्यस्तो भाषाको अनुवाद गर्नु पनि यस विषयको एक महत्त्वपूर्ण कार्य मानिन्छ । नेपालका लिच्छविकालीन अभिलेखहरूको विषयवस्तु बुझ्न त्यहाँ प्रयुक्त संस्कृत भाषालाई नेपाली वा अंग्रेजी भाषामा अनुवाद गर्नु आवश्यक हुन्छ भने मध्यकालीन अभिलेखहरू सबैले बुझ्न संस्कृत वा नेवारी भाषाबाट ती अभिलेखलाई नेपाली वा अंग्रेजी भाषामा अनुवाद गर्नुपर्दछ । यसरी अभिलेखलाई लिप्यान्तरण गर्नु र अनुवाद गर्नु पनि यस विषयको प्रमुख कार्य क्षेत्र मानिन्छ ।

घ) अभिलेखहरूको वर्गीकरणको कार्य : प्रचीन अभिलेखहरूको पूर्ण पाठ पढेर त्यसमा उल्लेख भएको विषयवस्तुलाई आधार मानेर कुनै देश वा समाजमा पाइने अभिलेखलाई विभिन्न वर्गमा बाड्ने वा वर्गीकरण गर्ने कार्य पनि अभिलेखशास्त्रकै अध्ययन क्षेत्रमा पर्दछ । यस्तो वर्गीकरणले अभिलेखको आशय वा भन्न खोजेको कुरा पहिचान गर्दै त्यसको व्याख्या र विश्लेषण गर्न सजिलो हुन्छ । नेपालमा राज्यको तर्फबाट राखिएका र व्यक्ति विशेषले राखेका गरी मुख्य दुई किसिमका अभिलेखहरू प्राप्त भएका छन् । राज्यले राखेका अभिलेखहरू पनि राजकीय प्रशस्ति, प्रशासकीय आदेश वा नियम सम्बन्धी र राजकीय दानदातव्य जस्ता समूहमा राखेर वर्गीकरण गर्न सकिने अभिलेखहरू प्राप्त भएका छन् । यस्तो वर्गीकरणले मात्र अभिलेखको व्याख्या गर्न सजिलो हुन्छ । राजकीय प्रशस्ति समूहमा पर्ने अभिलेखहरूमा राजाको वंश, उनको राज्य विजयको गौरवगाथा र राजाको आदर्श शासनको ज्यादै बढाइ चढाइ वर्णन गरिएको हुन्छ । यस्ता अभिलेखका वाक्यहरूको जस्ताको तस्तै अर्थ गर्नुभन्दा सन्तुलित आशय मात्र बुझ्नु उचित हुन्छ । यदि नियम कानुन बनाई लागू गर्ने उद्देश्यले राखिएका प्रशासकीय प्रकृतिको अभिलेख वा राजकीय दानको विषय उल्लेख भएको अभिलेख छन् भने त्यस्ता अभिलेखमा गरिएको वर्णन अतिशयोक्तिपूर्ण नभै बढी यथार्थ परक हुन्छन् । यस

♣ धनव्र वज्राचार्यले 'लिच्छविकालका अभिलेख' र 'मल्लकालका अभिलेख' नामका अभिलेख सङ्ग्रहहरूमा, मोहन प्रसाद खनालले 'प्राचीन अभिलेख सङ्ग्रह'मा तथा हरेराम जोशीले 'नेपालको प्राचीन अभिलेख 'नामका ग्रन्थहरू प्रकाशित गरी ती ग्रन्थहरूमा प्राचीन अभिलेखका अक्षरहरूलाई देवनागरी लिपिमा लिप्यान्तरण गरेका छन् ।

अभिलेखको प्रकृति थाहा भएमा अभिलेखमा मेटिएका वा खण्डित भएका अक्षरहरू, अनुमान गर्न र अभिलेख अध्ययनलाई पूर्णता दिन सकिन्छ । त्यसैले अभिलेखहरूको वर्गीकरणको कार्यलाई पनि अभिलेखशास्त्रको एक महत्त्वपूर्ण अध्ययन क्षेत्र मानिन्छ ।

ङ) अभिलेखको स्वरूप र शैलीको अध्ययन : प्रचीन अभिलेखहरूको वाह्य स्वरूप र तिनमा प्रयोग भएको लेखन शैली पनि अभिलेखशास्त्रको अध्ययन क्षेत्र हो । प्राचीन अभिलेख कुँदिएका शिलापत्र वा शिलास्तम्भको वाह्य स्वरूपको वा बनावटको अध्ययन यस विषयमा विशेष महत्त्वपूर्ण मानिन्छन् । किनभने यस्ता अभिलेख लेखिएका भौतिक वस्तुहरूको लेखकीय महत्वका साथसाथै सांस्कृतिक महत्त्व पनि रहेको हुन्छ । अभिलेख कुँदिएका शिवलिङ्गको वाह्य बनावट, अभिलेख कुँदिएका मूर्तिहरूको कलात्मकता र धार्मिकता, अभिलेख कुँदिएका गरुड स्तम्भहरूको धार्मिकता जस्ता विभिन्न पक्षहरूले त्यसवेलाको संस्कृतिका विभिन्न आयामहरूको रहस्योद्‌घाटन गर्दछन् । नेपालको सन्दर्भमा अभिलेख कुँदिएका अशोकका शिलास्तम्भमा पाइने गोलोपन र काठमाण्डौ उपत्यकामा पाइने अभिलेख सहितका गरुड स्तम्भहरूमा पाइने चारपाटे स्वरूपले विगतको भारत र नेपालका आ-आफ्ना कलात्मक मौलिकताको परिचय दिएका छन् । नेपालका शिलापत्रहरू आयताकार भएर पनि शीर्षभागमा विशेष गोलोपन वा अर्धवृत्त आकृति निर्माण गरी विशेष कलात्मक बनाइएको पाइन्छ ।

अभिलेखहरूको लेखनशैली पनि एक महत्वपूर्ण सांस्कृतिक पक्ष हो । यस्तो शैलीगत अध्ययन पनि अभिलेखशास्त्र वा *एपिग्राफी*को क्षेत्रभित्र पर्दछ । नेपालमा अभिलेख लेखनमा एक विशेष शैली अपनाइएको पाइन्छ । समान्यतया नेपालका लिच्छविकालीन अभिलेखहरूमा तत्कालीन लोकप्रिय देवीदेवताको स्तुति, राजाको नाम, राजदरबारको नाम, राजाले आफ्ना प्रजाको कुशलमंगल बारेमा सोधनी गरेको व्यहोरा तथा विस्तृत तिथि मितिको साथमा मात्र उल्लेख गर्न चाहेको कुरा लेखिएको हुन्छ । मध्यकालका अभिलेखमा भने यस्तो औपचारिक विवरणहरू केही कम पाइन्छ । यसरी प्राचीन अभिलेखहरूको शैलीगत अध्ययनको कार्य पनि अभिलेखशास्त्र अन्तर्गत हुने गर्दछ ।

च) अभिलेखको आशय (Decipherment)को अध्ययन वा व्याख्या : प्राचीन अभिलेखहरूमा कतिपय विवरणहरू लाक्षणिक रूपमा पनि उल्लेख गरिएको हुन्छ । कतिपय विवरणहरूमा अतिशयोक्ति हुनसक्छ भने कतिपय अभिलेखका वाक्यहरू अधुरा हुन सक्दछन् । यस्तो अवस्थामा अभिलेख राख्ने व्यक्तिको

आशय पत्ता लगाउनु र त्यस्ता अभिलेखको उचित व्याख्या गर्ने कार्य पनि अभिलेखशास्त्रमा हुने गर्दछ । उदाहरणका लागि पलाञ्चोकवाट प्राप्त सं ४२५ (सन् ५०३) उल्लेखित लिच्छविकालमा विजयस्वामिनीले राखेको एक अभिलेखमा '... महाराज श्री मानदेवले सयभन्दा वढी वर्षसम्म आज्ञा (शासन) गरिरहनु भएको वेलामा ...' भन्ने वाक्य उल्लेख गरिएको छ (वज्राचार्य,२०५३वि.स, पृ.६७) । यहाँ राजा मानदेवले साँच्चिकै एक सयभन्दा धेरै वर्षसम्म शासन गरिरहेका थिए भन्ने अर्थ निकाल्नु हुँदैन । यहाँ मानदेवले लामो समयदेखि शासन गरिरहेको समयमा भन्ने आशय मात्र रहेको बुझ्नु पर्दछ । यसै गरी वलम्वुमा प्राप्त भएको शिवदेव द्वितीयको सं १२९ (सन् ७०५) उल्लेखित अर्को एक अभिलेखमा '..सारा सामन्तहरूका शीरले पाउका नङ झल्झल टल्कने पारिएका..' भन्ने वाक्य उल्लेख गरिएको छ (वज्राचार्य,२०५३वि.सं, पृ.५३२)। यहाँ शिवदेव द्वितीयको खुट्टाका नङ् निकै राम्रा थिए भन्ने अर्थ गर्न मिल्दैन । यहाँ अभिलेखको आशय शिवदेव द्वितीयले सामन्तलाई दवाएर राखेका र खुट्टा ढोग्न वाध्य पारेका थिए भन्ने मात्र हो । त्यसैले विगतको ऐतिहासिक पृष्टभूमिको आधारमा अभिलेखको आशय प्रस्ट पार्नु पनि अभिलेखशास्त्रको प्रमुख कार्यक्षेत्र भित्र पर्दछ ।

यसरी अभिलेखहरू प्राप्त हुन सक्ने सम्भाव्य स्रोत र साधनहरूको पहिचान गर्दै त्यस्ता प्राचीन अभिलेखहरूलाई प्रकाशमा ल्याउनु अभिलेखशास्त्रको प्रारम्भिक कार्य हो । यसका साथै अभिलेखमा लेखिएका अक्षर पहिचान गर्नु, लेखन गति पत्तालगाउनु, अभिलेखको भाषा, चिन्ह र चित्रहरूको अध्ययन गर्नु र अभिलेखमा लेखिएको लेख्य विषयको उचित व्याख्या र विश्लेषण गरी अभिलेख राख्ने व्यक्ति र समाजको ऐतिहासिक र सांस्कृतिक विवरण तयार पार्नु नै अभिलेखशास्त्र अर्थात् *एपिग्राफी*को मुख्य अध्ययन क्षेत्र वा कार्यक्षेत्र हो ।

२.३ नेपाली अभिलेख अध्ययनका प्रमुख स्रोतहरू (Sources for the study of Nepalese epigraphy)

सामान्यतया स्रोत भन्नाले कुनै पनि वस्तु पैदा हुने वा प्राप्त हुने मुहान भन्ने वुझिन्छ । यहा अभिलेख अध्ययनका स्रोत भन्नाले पनि अभिलेखहरू प्राप्त हुने मुहान वा अभिलेख पाउन सकिने वस्तु भन्ने बुझ्नु पर्दछ । अभिलेखहरू पुस्तकालयमा पुस्तकहरू खोजे जस्तै सहजै प्राप्त हुने कुरा होइन । जमिन मुनिवाट उत्खनन् गरेर वा विशेष किसिमले पुरातात्त्विक अन्वेषण गरेर मात्र विभिन्न ऐतिहासिक स्थलहरूवाट अभिलेख प्राप्त गर्न सकिन्छ । विगतका

मानिसले आफ्नो विचार र कार्यलाई चिरस्थायी गराउन यस्ता अभिलेखहरू राख्ने गर्दथे । अतः विगतका मानिसका आस्था, परम्परा र संस्कृतिका आधारमा नै उनीहरूले अभिलेख राख्ने माध्यम वा वस्तु निर्धारण हुने गर्दथ्यो । यसर्थ विगतका मानिसहरूका सांस्कृतिक आस्था वा विश्वासका आधारमा अभिलेख अध्ययनका स्रोतहरू पनि फरकफरक हुनु स्वभाविकै हो । युरोप तथा अरव आदि देशमा प्राचीनकालमा लेखन सामग्रीको सुलभताको अभावमा जनावरका छाला सफा गरेर त्यसमाथि लेख्ने गर्दथे(ओझा,सन् १९७१,पृ.१४७) । भारत र नेपालको भूमिमा भने छाला परम्परागत रूपमा अशुद्ध मानिने हुँदा सामान्यतया लेखन कार्यमा यसको प्रयोग भएको पाइदैन । त्यसैले यहाँ छाला अभिलेखको स्रोत हुन सक्दैन । प्राचीन मेसोपोटामिया(वर्तमान ईराक)मा माटाको झिंगटी जस्तो पाटी बनाई तीखो कलमले अक्षर कोरेर घाममा सुकाई आगोमा पोलिन्थ्यो । भारत र नेपालमा यस्तो चलन चलेन (रेग्मी, वि.स २०६०,पृ.२७) त्यसैले नेपालमा यस्ता माटाका पाटी अभिलेखका स्रोत हुन सकेका छैनन् । यहाँ माटाका स-साना टोकनहरूमा र इँट्टाहरूमा मात्र सङ्क्षिप्त अभिलेखहरू पाइन्छन् । नेपाली समाज विगतमा धेरै धार्मिक आस्थावान समाज थियो त्यसैले यहाँ धार्मिक स्मारक र आसपासका धार्मिक वस्तुहरूमा अधिक अभिलेखहरू उत्कृण गरेको पाइन्छ । यसरी ठाउँ र परिवेशअनुसार अभिलेखका स्रोतहरू पनि भिन्न भिन्न हुने गर्दछन् ।

स्मरणीय कुरा के छ भने पुरालेखनका स्रोतहरू र अभिलेखका स्रोतहरूमा पनि भिन्नता रहेको हुन्छ । पुरालेखनभित्र सवै खालका पुरानालेखहरू पर्दछन् भन्ने कुरा यस अघिनै उल्लेख गरिसकिएको छ । अभिलेख अन्तर्गत भने कडा माध्यममा कुँदेर लेखिएका प्राचीन लेखहरू मात्र पर्दछन् । त्यसैले पुरालेखनका स्रोतहरूभन्दा अभिलेख अध्ययनका स्रोतहरू केही सीमित हुने गर्दछन् । पुरालेखनका माध्यम वा स्रोतहरूको वारेमा पछिल्ला अध्यायहरूमा सन्दर्भअनुसार चर्चा गरिनेछ । यहाँ पुरालेखनका नभै नेपाली अभिलेखका स्रोतहरूको मात्र चर्चा गर्ने प्रयास गरिएको छ । हालसम्म नेपालका विभिन्न ठाउँवाट प्राप्त हुन आएका अभिलेखहरूलाई आधार मान्दा यहाँ अभिलेख प्राप्त हुने स्रोतहरू निम्नअनुसार रहेको देखिन्छ ।

१. शिलापत्र : नेपालमा प्राचीन अभिलेखहरू प्राप्त हुने सवैभन्दा महत्त्वपूर्ण स्रोत शिलापत्रहरू नै हुन् । लिच्छविकालका हालसम्म प्राप्त करिब २०० अभिलेखहरूमध्ये अधिकांश शिलापत्रहरूमा नै लेखिएको पाइएको छ । मध्यकालमा पनि शिलापत्रमा अभिलेख राख्ने परम्परा निकै लोकप्रिय रहेको

थियो । पातलो र आयताकार शिलाहरूलाई सतह चिल्लो पारेर आवश्यक किनारा छोडेर अनेकौ व्यहोराका अभिलेखहरू लेखेको पाइएको छ । थानकोट आदिनारायण स्थानमा प्राप्त लिच्छवि राजा वसन्तदेवले राखेको सं ४२८(सन् ५०६) उल्लेखित अभिलेख, पशुपतिमा लिच्छवि राजा जयदेव (द्वितीय)ले राखेको सं.१५७ (सन् ७३३) उल्लेखित अभिलेख र भिमार्जुनदेव तथा जिष्णु गुप्तले संयुक्त रूपमा थानकोटमा राखेको सं ५७ (सन् ६३३) उल्लेखित अभिलेख लिच्छविकालका उत्कृष्ट र महत्त्वपूर्ण शिलापत्र अभिलेखका उदाहरण हुन् । यी शिलापत्रमा लिच्छविकालका लामा र विस्तृत विवरणहरू कुँदिएको छ । सन् १४५३ तिर यक्षमल्लले भक्तपुरको सुवर्णद्वारको पश्चिमतर्फ भित्तामा टाँसेर राखेको अभिलेख र ने.सं.६८९(सन् १५६९)मा उद्धवसिंहले पाटन मंगलबजार क्षेत्रमा राखेको र हाल छाउनीस्थित राष्ट्रिय संग्रहालयमा राखिएको अभिलेख मध्यकालका उदाहरणीय शिलापत्र अभिलेख हुन् । लिच्छविकालमा कुनै पनि नियम र कानुनहरूलाई यस्ता शिलापत्रमा लेखेर सार्वजनिक ठाउँमा राख्ने चलन थियो[▲]। यस्तो परम्पराको कारणले पनि शिलापत्रहरू नेपालका अभिलेख प्राप्त हुने प्रमुख स्रोत बन्न पुगेको हो ।

२. शिलास्तम्भ : कडा पत्थर कुँदेर बनाइएका अग्ला शिलास्तम्भहरू पनि नेपालमा अभिलेखहरू प्राप्त हुने प्रमुख स्रोतहरू हुन् । हिन्दू तथा बौद्ध मन्दिरहरूको ठीक सामुन्ने देवताका वाहनहरूका शालिक स्थापना गर्नका लागि अग्ला शिलास्तम्भ बनाउने प्रचलन भारत र नेपालमा समेत निकै लोकप्रिय रहेको पाइन्छ । विशेष गरेर वैष्णव मन्दिरमा यस्ता गरुडस्तम्भहरू निर्माण गर्ने परम्परा रहेको छ । विगतमा राजाहरूले आफ्नो राज्य विस्तारको गौरवगाथा लिपिवद्ध गर्न पनि प्रस्तरका स्तम्भहरू निर्माण गर्ने गर्दथे । कतिपय तीर्थयात्रीहरूले आफ्नो तीर्थयात्रालाई चिरस्मरणीय बनाउन पनि शिलास्तम्भहरू निमार्ण गर्ने प्रचलन भारतीय उप-महाद्वीपमा लोकप्रिय छ । यस्ता शिलास्तम्भहरू प्राचीन अभिलेखका प्रमुख स्रोत पनि हुन् । नेपालमा

▲ लिच्छविकालमा कर लगाइएको, हटाइएको, मन्दिरको मरमत, सम्भार र पूजाआजाको नियम बनाइएको कुलो पानीको बन्दोवस्त मिलाइएको जस्ता सबै विवरण शिलापत्रमा लेखेर मन्दिर, चौर वा राजदरबार जस्ता सार्वजनिक स्थलमा राखिएको पाइन्छ । नक्साल नारायणचौरबाट एक महत्त्वपूर्ण लिच्छविकालीन शिलापत्र प्राप्त भएको छ । जसमा त्यसवेलाको न्याय सम्पादन गर्ने कार्यविधि सम्वन्धी महत्त्वपूर्ण कुराहरू पनि उल्लेख गरिएको छ । संवत् र अभिलेख राख्ने व्यक्तिको नाम मेटिएको यो शिलापत्र जयदेव द्वितीयले राखेको अनुमान धनवज्र वज्राचार्यले गरेका छन् । हेर्नुहोस् धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेख, पृ.५६३ ।

यस्ता धेरै शिलास्तम्भहरूबाट महत्त्वपूर्ण अभिलेख प्राप्त भएका छन् । रूपन्देही जिल्लाको लुम्बिनीबाट प्राप्त अशोकको शिलास्तम्भ र कपिलवस्तु जिल्लाको निग्लीहवाबाट प्राप्त अशोकको शिलास्तम्भबाट ब्राह्मी लिपिमा लेखिएका दुई महत्त्वपूर्ण अभिलेख पाइएका छन् । जसमा शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनी भएको र कनकमुनि बुद्धको स्तुपलाई दोब्बर ठूलो पारिएको महत्त्वपूर्ण तथ्य कुँदिएको छ । यसबाहेक चाँगुनारायण मन्दिरको पश्चिमतर्फको लिच्छवि राजा मानदेवको सं ३८६ (सन् ४६४) उल्लेखित अभिलेख र हाँडीगाउँ सत्यनारायण मन्दिरको गरुड स्तम्भमा कुँदिएको लामो अभिलेख शिलास्तम्भका चर्चित अभिलेख मानिन्छन् । मध्यकालमा पनि यस्ता धेरै गरुडस्तम्भहरूमा अभिलेख कुँदिएको पाइएको छ । त्यसैले नेपाली अभिलेखहरूको अर्को महत्त्वपूर्ण स्रोत शिलास्तम्भहरू पनि हुन् । यस्ता शिला स्तम्भहरूबाट लिच्छवि र मध्यकालका ज्यादै महत्त्वपूर्ण लिखित सूचना वा तथ्यहरू सङ्कलन गरिएको छ ।

३. मूर्तिका पादपीठ र शिवलिङ्गका जलहरीहरू : हिन्दू एवं बौद्ध देवदेवीका मूर्ति स्थापना गरिएका आधार ढुङ्गा वा पादपीठहरू नेपालमा अभिलेख पाउन सकिने महत्वपूर्ण स्रोत हुन् । लिच्छवि र मध्यकालमा स्थापना गरिएका धेरै प्रस्तर प्रतिमाका पादपीठहरूमा अभिलेख कुँदिएको पाइएको छ । राजा, राजपरिवारका सदस्य र उच्च वर्गका प्रशासक वा भारदारहरूले आफूले मूर्ति स्थापना गरेको यश लामो समयसम्म फैलिरहोस् र आफ्नो कार्य सन्तान दरसन्तान सम्मले थाहा पाइरहुन् भन्ने उद्देश्यले मूर्तिमा अभिलेख कुँदने प्रचलन सुरु भएको अनुमान गर्न सकिन्छ । काठमाडौंको तिलगंगामा रहेको र लाजिम्पाटमा प्राप्त भै हाल छाउनी संग्रहालयमा रहेको सं ३८९(सन् ४६७) मा लिच्छविराजा मानदेवले राखेका दुइ त्रिविक्रम वामनका मूर्तिफलकको पादपीठमा समान व्यहोराका महत्त्वपूर्ण अभिलेखहरू कुँदिएका छन् । त्यसै गरेर काठमाण्डौको राजकीर्ति महाविहार अर्थात् टेवाहालभित्र पस्ने ढोकै निर बायाँपट्टीको एउटा पसलभित्र महाकालको मूर्ति रहेको छ । त्यस मूर्तिको पादपीठमा पनि एक महत्त्वपूर्ण लिच्छविकालीन अभिलेख कुँदिएको छ (वज्राचार्य,२०५३वि.सं, पृ.५९) । राजा मानदेवको शासनकालमा गुहमित्र नामका व्यापारीले सं.४०२ (सन् ४८०)उल्लेख गरी राखिएको यो अभिलेखमा उनले इन्द्र नामका सूर्य देवताको मूर्ति स्थापना गरेको व्यहोरा उल्लेख गरेका छन् । कीर्तिपुर उमामहेश्वर स्थानमा एक विष्णुको मूर्ति रहेको छ । यसको पादपीठमा पनि मूर्ति स्थापना गर्ने सोमेश्वर बाबुको ने.सं ८०७ (सन् १६८७)को अभिलेख रहेको छ (वज्राचार्य,वि.सं २०५६,पृ.५३३) ।

मूर्ति जस्तै शिवलिङ्गका जलहरीहरूमा पनि अभिलेख राख्ने परम्परा नेपालमा लोकप्रिय रहेको देखिन्छ । त्यसैले यस्ता जलहरी पनि नेपाली अभिलेखका प्रमुख स्रोत हुन् । शिवलिङ्गहरू स्थापना गर्दा सुडोल वा मुख सहितको शिललिङ्गलाई एकापट्टी चुच्चो निकालिएको वृत्ताकार प्रस्तरमा गाडेर राख्ने चलन रहेको छ । शिवलिङ्ग गाडेर वा ठाडो पारेर राखिने विशेष खालको यस्तो आधारलाई जलहरी भन्ने प्रचलन छ । यी जलहरी पनि निकै महत्त्वपूर्ण स्रोत रहेका छन् । अभिलेख खोजी गर्ने खोजकर्ताले शिवङ्गिका जलहरीतर्फ सधै दृष्टि दिनु उचित हुन्छ । लिच्छविकालमा सं ४१९ (सन् ४९७)मा गुणवतिले लाजिम्पाटमा राखेको शिवलिङ्को जलहरीमा, सं४०२ (सन्४८०) मा पशुपति देउपाटनमा रत्नसंघले राखेको शिवलिङ्गको जलहरीमा, सं.३८८(सन्४६६)मा, लाजिम्पाटमा नरवर्माले राखेको शिवलिङ्गको जलहरीमा र यस्ता अनेकौ जलहरीहरूमा अभिलेख कुँदिएको पाइएको छ । त्यसैले यी पनि ज्यादै महत्त्वपूर्ण स्रोत रहिआएका छन् ।

४. **शालिक एवं द्वारपालका शालिकका पादपीठहरू**: मूर्तिमा जस्तै नेपालमा पाइएका कतिपय व्यक्तिका शालिकहरूमा र मन्दिर अगाडि पेटीमा द्वारपालका रूपमा राखिएका जनावरका शालिकहरूका पादपीठमा पनि अभिलेख कुँदिएको पाइएको छ । काठमाडौको मालिगाउँबाट जयवर्माको एक भव्य शालिक प्राप्त भएको छ । हाल राष्ट्रिय संग्रहालय छाउनीमा राखिएको सं १०७ (सन् १८५)को यो शालिकमा लिच्छवि लिपिको एक अभिलेख पाइएको छ । चाँगुनारायणमा निरपेक्ष नामक व्यक्तिले सं ४२७ (सन् ५०५)मा राखेको अभिलेख पाइएको छ जसमा उनले बाबु आमाको शालिक बनाएको व्यहोरा उल्लेख भएको छ । हाल यहाँ शालिक नपाइए तापनि यो अभिलेख शालिकको पादपीठमा कुँदिएको हो भन्ने कुरा अभिलेखकै व्यहोरावाट स्पष्ट हुन्छ । कीर्तिपुर चिलंचो चैत्यको सामुन्नेको न्हयपुगजु भारोको शालिकमा पनि ने.सं. ७९३ (सन्१६७३)को एक अभिलेख रहेको छ (वज्राचार्य,वि.सं २०५६,पृ.५२३) । यसै गरेर कीर्तिपुरकै क्वाचदेग(उमामहेश्वर स्थान)मा द्वारपालको रूपमा एक हात्तीको प्रतिमा बनाइएको छ । यसको पादपीठमा पनि ने.सं.८३२ (सन् १७१२)को एक अभिलेख पाइएको छ । यसरी लिच्छविकाल र मध्यकालमा बनेका व्यक्तिका शालिकहरू र द्वारपाल जनावरका शालिक राखिएका पादपीठहरू पनि अभिलेख पाइने स्रोतहरू हुन् । यद्यपि लिच्छविकालमा व्यक्तिका शालिक निर्माण गर्ने परम्परा त्यति लोकप्रिय भने थिएन ।

५. **जलद्रोणी र ढुङ्गेधाराहरू** : प्राचीनकाल र मध्यकालमा काठमाडौं उपत्यकातिर पानी सङ्कलन गर्न ठूला पत्थरहरूलाई कुँदेर भाँडा निर्माण गरिएका हुन्थे । यस्ता ढुङ्गाका पानी ट्याङ्की जस्ता भाँडाहरूलाई जलद्रोणी भनिन्छ । वटुवाहरूलाई पानी खुवाउन, राजदरवारमा राजा वा रानीहरूले स्नान गर्ने पानी भण्डार गर्न वा अन्य प्रयोजनका लागि पानी जम्मा पार्न यस्ता जलद्रोणीहरू निर्माण गरिन्थे । सर्वजनिक ठाउँमा जलद्रोणीहरू निर्माण गर्नु र वटुवालाई पानीको बन्दोवस्त मिलाइदिनु त्यतिवेलाको ठूलो पुण्यको कार्य थियो । यस्ता जलद्रोणीहरूमा निर्माण कर्ताले अभिलेखहरू लेखाउने गरेको पाइन्छ । यसै गरी लिच्छविकाल र मध्यकालका कतिपय ढुङ्गेधाराहरूमा र त्यस्ता धाराका छेउछाउमा पनि अभिलेख लेखिएको पाइएको छ । काठमाडौको टेवहालमा दक्षिणतर्फको पर्खालमा एउटा जलद्रोणी रहेको छ । यस जलद्रोणीमा शाक्य भिक्षु प्रियपालले आमा बाबुको कल्याणका लागि जलद्रोणी निर्माण गरेको भन्ने व्यहोराको अभिलेख कुँदिएको छ (वज्राचार्य,वि.सं २०५३, पृ.४५४) । ललितपुर करुणचोक यम्पिवहीमा रहेको जलद्रोणीमा पनि लिच्छविकालको एक सङ्क्षिप्त अभिलेख कुँदिएको छ (वज्राचार्य, वि.सं २०५३, पृ.४५७) । यसै गरेर ललितपुर मङ्गलवजारमा भीमसेन मन्दिरको अगाडिको ढुङ्गेधारामा एक अभिलेख कुँदिएको ढुङ्गा गाडिएर रहेको छ (वज्राचार्य,वि.स.२०५३,पृ.४५७) । यस्ता ढुङ्गेधारा र जलद्रोणीहरूमा पाइएका अभिलेखहरूका अनेकौ उदाहरण छन् । त्यसैले नेपाली अभिलेख पाइने स्रोतहरूमा यी वस्तुहरू पनि उल्लेखनीय छन् ।

६. **ताम्रपत्र र सुवर्णपत्रहरू** : मध्यकालका अभिलेखहरू पाइने प्रमुख स्रोत ताम्रपत्र हो । मध्यकालमा बनेका मन्दिर, विहार, स्तुप जस्ता स्मारकका भित्तामा, राजदरवारका भित्तामा र मन्दिर एवं व्यक्तिका भण्डारहरूमा पनि यस्ता ताम्रपत्रहरू पाइएका छन् । मध्यकालमा राज्यहरूबीच गरिने सन्धिहरू यस्तै ताम्रपत्रमा लेखिन्थे । कीर्तिपुर चियुवहीको ने.सं.७७९(सन् १६५८)को ताम्रपत्र अभिलेख, कीर्तिपुर बाघभैरव स्थानका ने.सं.८११(सन् १६९१) को र सोही ठाउँको ने.सं.८२१(सन् १७०१)को ताम्रपत्र अभिलेखलाई(वज्राचार्य, वि.स २०५६, पृ. ५३४ र ५३५) यसको उदाहरण मान्न सकिन्छ । यस्ता सयौं ताम्रपत्र अभिलेखहरू प्राचीन स्मारकका भित्ताहरूमा र भण्डारहरूमा पाइएका छन् । नेपालमा सुवर्ण पत्रमा पनि अभिलेख लेखिएको पाइएको छ । सं.२९ (सन् ६०७)मा अंशुवर्माले चाँगुनारायको शालिकको कवचमुनि रहेका एक सुवर्णपत्रमा अभिलेख लेखाएका छन्(वज्राचार्य,वि.स२०५३,पृ.३१७) । यो एक मात्र सुवर्णपत्र अभिलेखको उदाहरण हो । यसरी सुन र तामाका पत्रहरू पनि नेपालमा अभिलेख पाइने स्रोत बन्न पुगेका छन् ।

७. प्राचीन सिक्काहरू : नेपाल राज्यभित्र लिच्छविकालदेखि सिक्काहरू प्रचलनमा आएको पाइन्छ । तिलौराकोट उत्खननबाट लिच्छविकालीन सिक्काभन्दा पुराना सिक्काहरू पाइए तापनि यी सिक्काहरू तत्कालीन कपिलवस्तु राज्यका सिक्का थिए । लिच्छविकालीन शासक मानदेवले निकालेको मानाङ्क सिक्का नै नेपालको पहिलो सिक्का मानिन्छ । यस बेलादेखि हालसम्म निस्कासन गरिएका सबै नेपाली सिक्काहरूमा चित्र एवं चिन्हका साथमा अक्षरहरू पनि लेखिएका छन् । यस्ता सिक्काहरूमा लामो विवरण सहितको अभिलेख नपाइए तापनि सङ्क्षिप्त तर महत्त्वपूर्ण अभिलेख लेखिएको पाइन्छ । लिच्छविकालीन सिक्कामा राजाको वा प्रमुख कार्यकारी अधिकार प्राप्त व्यक्तिका नाम, रानीको नाम, देवताको नाम, महाराजधिराजस्य जस्ता पदको नामका साथमा कामदोही जस्ता शब्दहरू लेखिएका छन् । मल्लकालका सिक्काहरूमा यस्ता शब्दका अतिरिक्त नेपाल संवत्मा मिति पनि लेखिएको पाइन्छ । त्यसैले लिच्छवि र मल्लकालीन सिक्काहरू पनि नेपाली अभिलेख प्राप्त हुने स्रोतहरू मानिन्छन् ।

८.मन्दिरका घण्टहरू : हिन्दू र बौद्ध देवदेवीका मन्दिरहरू बाहिर भक्तजनले विशाल आकारका घण्टहरू चढाएका हुन्छन् । यस्ता घण्टहरूको बाहिरी भागको घेरामा अभिलेखहरू लेखिएका हुन्छन् । धातुका यस्ता घण्टहरू निर्माण गर्ने क्रममा उल्टा अक्षरका अभिलेख लेखिएको साँचो निमार्ण गरेर त्यस साँचोमा धातुको झोल खन्याएर घण्ट निर्माण गरिएको देखिन्छ । त्यसैले यस्ता घण्टका अभिलेखहरूमा उभारयुक्त अक्षरहरू कुँदिएको पाइन्छ । काठमाडौं उपत्यकाभित्रका तीनवटै मल्ल दरबार परिसरमा र मन्दिर परिसरमा प्रस्तरका दुई खम्बाहरूमा झुण्डाइएका विशाल घण्टहरू रहेका छन् । यी घण्टहरूमा महत्त्वपूर्ण सूचना नपाइए तापनि समान्यतया घण्ट चढाउने व्यक्तिहरूको पूर्वजको सङ्क्षिप्त विवरण र दाताको नाम, मिति, र कस्ता मनोकांक्षाका लागि कुन देवतालाई लक्षित गरी चढाइएको हो भन्ने व्यहोरा पाइन्छ । लिच्छविकालका यस्ता अभिलेखयुक्त घण्ट नपाइए पनि मध्यकालमा बनेका प्रायः सबै घण्टहरूमा यस्ता अभिलेख पाइएका छन् । त्यसैले यस्ता घण्टहरू पनि अभिलेख प्राप्त हुने स्रोत मानिन्छन् ।

९. वास्तुकलामा प्रयुक्त कलात्मक काष्ठ समग्रीहरू :मध्यकालमा बनेका वास्तुकलाका अनुपम नमुनाहरू काठमाडौं उपत्यकाभित्र प्रशस्तै रहेका छन् । यस्ता वास्तुकलामा टुँडाल, तोरण, झ्याल, खम्बा जस्ता अनेकौं काष्ठकलाका सामग्रीहरू प्रयोग भएका पाइन्छन् । यी कलात्मक सामग्रीहरूमा पनि मध्यकालका सङ्क्षिप्त अभिलेखहरू पाइन्छन् । नेवारी लिपिमा लेखिएका यस्ता सङ्क्षिप्त अभिलेखमा यस्ता कलात्मक सामग्रीका निर्माता र कुन देव मन्दिरमा यी चढाइएका हुन् भन्ने विवरण दिइएको पाइन्छ । यस्ता अभिलेखमा विस्तृत इतिहास नपाइए तापनि मन्दिर वा स्मारकहरूको प्राचीनता थाहा पाउन यी

अभिलेखहरू निकै उपयोगी हुन्छन् । भक्तपुरको कुमारी चोकका प्रायः सबै टुँडालहरूमा प्रचलित नेवारी लिपिका सङ्क्षिप्त अभिलेखहरू कुँदिएका छन् । कीर्तिपुर इन्द्रायणी मन्दिरको तोरणमा ने.सं.७९० (सन् १६७०)मा शिवराम भारोले राखेको अभिलेख लेखिएको छ । जसमा तोरण उनैले चढाएको विवरण उल्लेख गरिएको छ (वज्राचार्य,वि.सं २०५६,पृ.५१६)। कतिपय कलात्मक खम्बाहरू र निदालहरूमा पनि छोटा अभिलेख कुँदिएको पाइन्छ । त्यसैले यी पनि अभिलेख प्राप्त हुने स्रोत हुन् ।

१०. माटाका वस्तुहरू : माटाका पाटीहरू अभिलेख लेख्ने ज्यादै सजिलो माध्यम हो । मेसोपोटामियाको सभ्यताबाट माटाका पाटीमा लेखिएका धेरै अभिलेखहरू पाइएका छन् । तर नेपालमा भने अभिलेख लेखनमा यस्ता माटाका पटीहरूको प्रचलन नरहेको कुरा यसअघि पनि उल्लेख भैसकेको छ । यहाँ कतिपय माटाका इँटाहरूमा सङ्क्षिप्त अभिलेख पाइएको छ । काठमाडौको हाँडीगाउँबाट पाइएको इँटामा अंशुवर्माको नाम उल्लेख भएको पाइएको छ भने काठमाडौकै बत्तिसपुतलीबाट प्राप्त इँटामा अमरदेवको नाम उल्लेख भएको पाइएको छ (रेग्मी, वि.सं २०६०,पृ.२७) । कपिलवस्तुको उत्खननबाट गोलो आकारका अक्षरयुक्त गोला माटाका चक्की वा टोकनहरू पाइएका छन् । पोलेर पक्की बनाइएका यस्ता केही टोकनहरूमा ब्राह्मी लिपिमा 'नेगम', 'नेगमय', 'जेथ-किछक्रम', 'दभिलस', 'सकनस्य' जस्ता अभिलेखहरू लेखिएको पाइएको छ (Rijal,1979,p.37) । लामा र वर्णनात्मक अभिलेखहरू नपाइए तापनि यस्ता माटाका इँटा तथा चक्कीहरू पनि नेपाली सङ्क्षिप्त अभिलेखका स्रोतहरू नै हुन् ।

यसरी प्रस्तरका अनेकौ सामग्रीहरू नेपाली अभिलेखका प्रमुख स्रोतहरू मानिन्छन् । यी बाहेक धातुका पाताहरू विशेष गरी ताम्रपत्र, धातुका प्राचीन सिक्काहरू, काठका कलात्मक वस्तु र माटाका सामग्रीहरू समेत अभिलेख प्राप्त हुने महत्त्वपूर्ण स्रोत रहेका छन् । अभिलेख खोजी गर्ने विद्यार्थी तथा अन्वेषणकर्ताहरूले अभिलेख प्राप्त गर्नका लागि यस्तै स्रोतहरूमा दृष्टि पुऱ्याउनु उचित देखिन्छ ।

२.४ नेपालमा अभिलेख अध्ययनको इतिहास (History of epigraphic study in Nepal)

नेपालमा अभिलेख राख्ने व्यक्तिहरूले र अभिलेख पढ्ने व्यक्तिहरूले समेत समकालीन भारतीय लेखन परम्पराबाट प्रेरणा लिएको देखिन्छ । लिच्छविकालका सबै अभिलेखहरू समकालीन भारतीय गुप्तकालीन अभिलेखसंग मिल्दो लिपिमा र भाषामा लेखिएको पाइन्छ । भारतको वैशालीबाट नेपाल आएर शासन आफ्नो हातमा लिन सफल लिच्छविहरूमा भारतीय लेखनको

प्रभाव पर्नु स्वभाविकै थियो । यसै भएर नेपाली लिपिविद् दिनेशचन्द्र रेग्मीले समेत नेपालको लिच्छविलिपिको जन्मको आधार कौशाम्बी शैलीको समुद्र गुप्तको प्रयाग स्तम्भ अभिलेखको लिपिमा खोज्नु पर्ने बताएका छन् (रेग्मी,वि.सं.२०६०, पृ.१५८) । गुप्त लिपिसँग मिल्दोजुल्दो भएको कारणले नै नेपालका अभिलेख पढ्ने कार्य पनि भारतका पण्डित भगवानलाल इन्द्राजी नामक व्यक्तिले सुरु गरेका थिए । यो कार्य भारतमा अभिलेखका अक्षर चिन्ने र अभिलेख पढ्ने कार्यमा पूर्ण सफलता प्राप्त भए पश्चात मात्र सम्भव भएको हो । त्यसैले नेपाली अभिलेख अध्ययनको इतिहासको चर्चा गर्नुअघि भारतमा कसरी प्राचीन अभिलेख पढ्ने कार्य गरियो र प्राचीन लिपिका अक्षर पहिचान गरियो भन्ने कुराको सङ्क्षिप्त इतिहास जान्नु आवश्यक देखिन्छ ।

भारतमा सन् ११९२ मा मुहम्मद गोरीले दिल्लीमाथि कब्जा गेरका थिए र सन् १२०६ देखि कुतुबुद्दीन ऐबकले दिल्लीमा राजधानी बनाई इस्लाम साम्राज्यको स्थापना गरेका थिए । यस वेलासम्म स्थानीय भारतीय नागरिकहरू र अरबबाट आएका मुसलमानहरू समेतका लागि भारतका अभिलेखमा लेखिएका अक्षरहरू एक रहस्य बनिरहेका थिए । विशाल भारतमा छरिएर रहेका अनेकौं अभिलेखमा के कुरा लेखिएको छ भन्ने कसैलाई थाहा थिएन । यही रहस्यका कारण दिल्लीका सुल्तान फिरोज शाहले अशोकका दुई शिलास्तम्भहरू ल्याएर आफ्नो दरवार छेउ गाड्न लगाए । त्यसमा लेखिएको लिपि पढ्ने मानिस खोजी गरे । त्यसमा लेखिएको विषयवस्तु पढ्ने र बुझ्ने कोसिस गरे । तर कुनै पनि व्यक्ति यी अभिलेखमा लेखिएको विवरण पढ्न सकेनन् । त्यसैगरी मुसलमान वादशाह अकबरले पनि यी अभिलेखका अक्षर पढ्ने मानिसको खोजी गरी पढ्ने असफल कोसिस गरेका थिए (ओझा,१९७१,पृ २) । यसबाट १३ औ शताव्दीसम्ममा भारतमा प्राचीन अभिलेखका अक्षर दुर्वोध्य भैसकेको देखिन्छ । यस पछिका कैयौं शताव्दीसम्म पनि यी अभिलेखहरू रहस्यकै रूपमा रहे ।

भारतमा प्राचीन अभिलेख पढ्ने कार्यमा उपनिवेश कायम गरेर बसेका बेलायती विद्वानहरूको निकै महत्त्वपूर्ण योगदान रहेको थियो । सन् १७८४ मा सर विलियम जोन्सको सक्रियतामा एसियाको इतिहास, साहित्य र कलाको खोज र अन्वेषण गर्ने उद्देश्यले एसियाटिक सोसाइटी अफ बंगाल नामक एक विद्वत समाजको स्थापना भयो । यस समाजले भारतका अभिलेखहरू पढ्ने वा अभिलेखका अक्षर चिन्ने प्रयास सुरु गऱ्यो (ओझा,सन् १९७१,पृ३)। फलस्वरूप सन् १७८५ देखि १७८९ बीचमा चार्ल्स विल्किन्स र राधाकान्त शर्मा जस्ता

विद्वानहरूले अभिलेख पढ्ने कार्य गरे । तर यी अभिलेख ज्यादै पुराना अभिलेख थिएनन् । यी बाह्रौं शताब्दीतिरका (वि.सं. १२३०)का अभिलेख थिए । यी अभिलेख पढिसकेपछि गुप्त लिपिका आधाजसो अक्षरहरू यी अभिलेखका अक्षरसँग मिल्दो जुल्दो रहेको पाइयो । यसवाट गुप्त लिपि पढ्न केही सजिलो भयो ।

सन् १८३४ मा कप्तान ट्रायरले अशोक स्तम्भमा समुद्र गुप्तले लेखाएको इलाहवाद अभिलेखका केही पङ्क्ति पढ्न सफल भए । यसै वर्ष डा. मिलले समुद्र गुप्तको इलाहवाद अभिलेख पूर्णरूपमा पढेर गुप्त लिपिका प्रायः सबै अक्षर पहिचान गर्न सफल भए । यसवेलासम्म पनि अशोकका अभिलेखमा लेखिएको लिपि पढ्न सकिएको थिएन । गुप्तकालका अधिकांश अभिलेखहरू संस्कृत भाषामा लेखिएका थिए । यसर्थ अशोकका अभिलेखमा पनि संस्कृत भाषा नै प्रयोग भएको हुनसक्ने अनुमान गरी तिनका अक्षर पढ्ने कोसिस गरियो तर सफलता प्राप्त हुन सकेन । अन्तमा यी अभिलेखमा पालीभाषाको प्रयोग गरिएको थाहा भएपनि सन् १८५८ मा जेम्स प्रिन्सेपले अशोकका अभिलेखमा प्रयोग गरिएको ब्राह्मी लिपि पढेर 'Eassayes on Indian antiquities' ग्रन्थ प्रकाशित गरे । यसरी सन् १७८४वाट सुरु भएको अभिलेख अध्ययन गर्ने भारतीय प्रयास सन् १८५८मा आएर पूर्ण सफल भएको देखिन्छ । भारतीयहरूको यो प्रयास नेपालका अभिलेख पढ्न पनि सहयोगी बन्न पुग्यो ।

नेपालमा प्राप्त भएका प्राचीन अभिलेखहरू पनि ब्राह्मी र लिच्छवि लिपिमै लेखिएका थिए । त्यसैले नेपालमा यी अक्षर चिन्न भारतीयहरूले जस्तै विशेष प्रयास गर्नु परेन । यद्यपि भारतमा सन् १८३४मा ज्ञात भैसकेको गुप्त लिपि र सन् १८५८मै ज्ञात भैसकेको ब्राह्मी लिपि पनि सन् १८८० (वि.सं. १९३७) सम्म नेपालमा कसैले बुझ्न र पढ्न सकेको थिएन । यहाँ मन्दिर र राजदरवार परिसरमा यत्रतत्र छरिएर अभिलेखहरू रहेका थिए तर ती अभिलेखमा विगतको इतिहास र संस्कृतिका महत्त्वपूर्ण विवरण समेटिएको छ भन्ने कसैलाई थाहै थिएन । सन् १८८० मा भारतका पण्डित भगवानलाल इन्द्राजी संयोगले नेपाल घुम्न आएको बेलामा चाँगुनारायण क्षेत्रमा गुप्त लिपिसँग मिल्दो लिपिमा लेखिएको अभिलेख देखेपछि उनको ध्यान त्यसतर्फ आकर्षित भयो । उनले पहिलो पटक २३ वटा नेपाली अभिलेख सङ्कलन गरी पढेर भारतबाट प्रकाशित गरेका थिए । उनले यी अभिलेखहरू 'Twenty three inscriptions from Nepal,Together with some considerations on the chronology of Nepal'शीर्षकमा प्रकाशित गरेका थिए । यसक्रममा उनले लिच्छविकालका १५ वटा अभिलेख प्रकाशित गराएका थिए (वज्राचार्य, वि.स

२०५३, पृ.ट) । यो नै नेपालमा अभिलेख अध्ययनको सुरुवात थियो । यसै वर्ष जर्ज बुलर र इन्द्राजीले संयुक्त रूपमा Indian Antiquary नामक पत्रिकाको जुन-अगस्ट अङ्कमा Inscription from Nepal शीर्षकमा पनि लिच्छविकालका १५ अभिलेखहरू प्रकाशित गरेका थिए ।

नेपालमा पनि महत्त्वपूर्ण विवरण सहितका अभिलेखहरू रहेको कुरा थाहा भएपछि अन्य केही विदेशी विद्वानहरूले समेत नेपालका अभिलेखहरू खोजी र प्रकाशन गर्ने प्रयास गरे । सन् १८८६ (वि.सं.१९४३)मा वेलायतका प्राध्यापक सेसिल वेण्डालले थप ४ वटा लिच्छविकालीन अभिलेखहरू खोज्ने, पढ्ने र प्रकाशन गर्ने कार्य गरे । यस पछि सन् १८९६मा लुम्बिनीको खोजीमा नेपालको तराईक्षेत्रमा अन्वेषण गर्दै जाँदा वेलायतका पुरातत्त्वविद् ए.ए.फुहररले लुम्बिनी र निग्लीहवामा सम्राट अशोकले राखेका दुई स्तम्भ अभिलेखहरू फेला पारे । यी अभिलेखमा ब्राह्मी लिपि र पाली भाषामा अभिलेख लेखिएको थियो । भारतमा पढिसकिएको यो लिपि उनको लागि परिचित थियो । त्यसैले उनले यी अभिलेखहरू पनि पढेर प्रकाशमा ल्याए । यी कार्यहरूले नेपालका अभिलेखहरू खोजी गर्न र प्रकाशन गर्नमा अन्य व्यक्तिहरूलाई थप प्रेरणा प्राप्त भयो । सन् १९०८मा फ्रान्सका प्राध्यापक सिल्भाँलेभीले लिच्छविकालका २१ वटा अभिलेखहरू सङ्कलन, लिप्यान्तरण, अनुवाद र व्याख्या समेत गरी प्रकाशित गरे ।

यसरी सुरुमा नेपालको अभिलेख अध्ययनको सुरुवात विदेशी विद्वानहरूबाट भयो । नेपालका इतिहास अन्वेषकहरू पनि त्यसवेला अभिलेख खोजी र प्रकाशन गर्न चाहन्थे । राणा शासनको चरमोत्कर्ष रहेको उक्त समयमा नेपालका नागरिक शैक्षिक गतिविधिमा संलग्न हुँदा उनीहरू चलाख हुने ठानेर राणाहरूले आफ्नो शासनमा खतरा देख्ने गर्दथे र कतिपय अवस्थामा यस्ता शोधकर्ता वा अन्वेषकहरूलाई दण्डित पनि गर्दथे । त्यसैले राणाशासन रहंदासम्म अभिलेख अध्ययन गरी प्राचीन इतिहास र संस्कृतिको खोजीको कार्यमा प्रत्यक्षरूपले नेपाली नागरिकहरू सङ्लग्न हुन सकेनन् । तर विदेशीहरूले प्रकाशित गरेका नेपालका अभिलेखहरूमा इतिहासका ज्यादै महत्त्वपूर्ण विवरणहरू रहेको देखेपछि त्यस्ता अभिलेखहरूका लिपि र अभिलेखहरूप्रति बाबुराम आचार्य, नयराज पन्त जस्ता धेरै नेपालीहरूको रुचि बढिसकेको थियो ।

सन् १९५०मा नेपालमा राणा शासनको अन्त्य भै प्रजातन्त्रको आगमन भएपछि शैक्षिक र अन्वेषणात्मक गतिविधि सञ्चालन गर्ने राम्रो वातावरण निर्माण भयो। सन् १९५३ देखि योगी नरहरी नाथको सम्पादनमा 'संस्कृतसन्देश' र सन् १९५५देखि 'इतिहास प्रकाश' नामका पत्रिकाहरू प्रकाशन हुन थाले (

रेग्मी,वि.सं. २०६०,पृ.४१) । यी पत्रिकामा र 'हिमवतखण्ड' नामक पत्रिकाहरूमा समेत सन् १९५६ सम्ममा बाबुराम आचार्य, नयराज पन्त, योगी नरहरी नाथ एवं जनकलाल ढकाल जस्ता खोजकर्ताहरूले १८ जति नयाँ अभिलेखहरू प्रकाशित गरे (रेग्मी,वि.सं. २०६०,पृ.४१) । यसैवेला(सन् १९५२देखि) पं नयराज पन्तको नेतृत्वमा र निर्देशकत्वमा धनवज्र वज्राचार्य र अन्य केही व्यक्तिहरू सम्मिलित भै इतिहास संशोधन मण्डल स्थापना गरी इतिहासका त्रुटि सच्चाउने कार्य गर्न थाले *। यसले अभिलेखको खोजीमा र अध्ययन गर्ने कार्यमा ठूलो भूमिका खेलेको थियो ।

यसै बीच रोमबाट प्राध्यापक जिशेप टुचीको नेतृत्वमा नेपालको इतिहास सम्बन्धी प्रकाशन निस्कन थाले । सन् १९५६मा डा.रानिइरो नोलीले 'नेप्लिज् इन्स्क्रिप्शन्ज् इन गुप्त क्यारेक्टर्ज्' नामले ९२ वटा लिच्छविकालका अभिलेखहरूको मूलपाठ र सङ्क्षिप्त परिचय सहितको एक ग्रन्थ निकाले (वज्राचार्य, वि.सं. २०५३, पृ.ठ) । यस पुस्तकमा पहिले प्रकाशित भएका अभिलेखको पाठ शुद्ध पार्ने र अन्य अप्रकाशित अभिलेख प्रकाशमा ल्याउने कार्य गरिएको छ । यसमा ३९ नयाँ अभिलेख प्रकाशित गरिएको थियो । यो वास्तवमा एक अभिलेख संग्रह थियो र यस क्षेत्रमा नेपालकै पहिलो महत्त्वपूर्ण कार्य थियो । यसपछि नेपालको अभिलेख अध्ययनमा योगदान पुऱ्याउने अर्को विदेशी विद्वान् अमेरिकाका टामस ओ. व्यालिन्जर पनि थिए । उनले सन् १९५८मा लिच्छविकालका थप पाँचवटा अभिलेखका चित्र प्रतिलिपि छपाए (वज्राचार्य, वि.स. २०५३, पृ.ट) । सन् १९६०-६३ बीचमा इतिहास संशोधन मण्डलले १२ स-साना भागमा अभिलेख संग्रह प्रकाशित गऱ्यो (रेग्मी,वि.सं. २०६०,पृ.४१) ।

सन् १९६४ मा इतिहास संशोधन मण्डलले 'पूर्णिमा' नामक इतिहास प्रधान त्रैमासिक पत्रिकाको प्रकाशन आरम्भ गऱ्यो (रेग्मी,वि.सं. २०६०,पृ.४१) । यो प्रकाशन अभिलेखहरूलाई नेपाली इतिहासका अन्वेषकहरू समक्ष पुऱ्याउने ज्यादै सशक्त माध्यम बन्न पुग्यो । इतिहास संशोधन मण्डलका खोजकर्ताहरूले खोजी गरेका नयाँनयाँ अभिलेखहरूको मूलपाठ र व्याख्या सहितका अनेकौं लेखहरू यस पत्रिकामा प्रकाशित हुँदै गयो । त्यसैले नेपाली अभिलेख अध्ययनको इतिहासमा यो पत्रिकाको योगदान ज्यादै महत्त्वपूर्ण मानिन्छ ।

नेपालका अभिलेखहरूको संग्रह प्रकाशित गरेर तथा प्राचीन अक्षरहरूको वर्णमाला प्रकाशित गरेर यस क्षेत्रमा धेरै विद्वानहरूले योगदान पुऱ्याएका छन् ।

* धनवज्र वज्राचार्यले आफ्नो पुस्तक 'लिच्छविकालका अभिलेख'को भूमिका लेख्नेक्रममा (पृ.ठमा) वि.स. २००९ (सन् १९५२) देखि नयराज पन्तको नेतृत्वमा इतिहास संशोधन गर्ने कार्य म र मेरा साथीहरूले गर्न थाल्यौं र अभिललेखका अशुद्धीहरूलाई प्रमाणिकरूपमा शुद्ध्याउनुका साथै नयाँनयाँ अभिलेख आदि ऐतिहासिक सामग्रीहरू पत्ता लगाउने पढ्ने आदि काम हुन थाले भन्नु भएको छ ।

सन् १९७४ मा हरिराम जोशीले लिच्छविकालका १७५ वटा अभिलेखहरूको मूलपाठ, त्यसमाथिको टिप्पणी र केही अभिलेखको तस्वीर समेत समेटिएको नेपालको प्राचीन अभिलेख नामक संग्रह प्रकाशित गरे । यसै गरी मोहनप्रसाद खनालले पनि प्राचीन अभिलेखहरूको संग्रह प्रकाशित गरेका थिए । सन् १९७४ मै धनवज्र वज्राचार्यको 'लिच्छविकालका अभिलेख' नामको एक महत्त्वपूर्ण ग्रन्थ प्रकाशित भएको थियो । यस ग्रन्थमा १९० वटा लिच्छवि अभिलेखहरूको पाठको देवनागरी लिप्यान्तरण, नेपाली भाषामा अभिलेखको अनुवाद र त्यसको विस्तृत व्याख्या समेटिएको थियो । यस अभिलेख संग्रहमा पछिल्लो संस्करणमा थप १३ वटा अभिलेखहरू पनि प्रकाशित भएका छन् । धनवज्र वज्राचार्यकै 'मध्यकालका अभिलेख'नामक अर्को ग्रन्थ पनि सन् १९९९मा प्रकाशित भएको छ । यस ग्रन्थमा ४८४ वटा मध्यकालीन अभिलेख र त्यसको व्याख्या प्रकाशित भएको छ । डिल्लीरमण रेग्मीका Inscriptions of Ancient Nepal नामका तीनवटा *भोलुम*हरूमा प्राचीनकालका धेरै अभिलेखहरूको पाठ, तस्वीर र तिनको व्याख्या प्रस्तुत गरिएको छ ।

शंकरमान राजवंशी र हेमराज शाक्यले प्राचीनकालका लिपिका विषयमा पुस्तकहरू प्रकाशित गरेर अभिलेख अध्ययनको कार्यमा ठूलो योगदान पुऱ्याएका छन् । राजवंशीको 'नेपाली लिपि विकाश' ग्रन्थमा लिच्छवि र मध्यकालीन लिपिको विकासक्रमको विस्तृत चर्चा गरिएको छ । हेमराज शाक्यको 'नेपाली लिपि प्रकाश' ग्रन्थमा बाह्मीदेखि नेवारीसम्मका वर्णमाला तयार पारिएको छ । यी पुस्तकहरूले पनि नेपालको अभिलेख अध्ययनमा ठूलो योगदान पुऱ्याएका छन् । नेपालको अभिलेख अध्ययनमा अर्का विद्वान दिनेशचन्द्र रेग्मीको पनि निकै महत्त्वपूर्ण योगदान रहेको छ । उनले त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास संस्कृत तथा पुरातत्त्व विषयको केन्द्रिय विभागमा धेरै लामो समयसम्म पुरालेखन र अभिलेखशास्त्रको प्राध्यापन कार्य गर्नुका साथै धेरै अभिलेखको खोजी र प्रकाशन पनि गरेका छन् । उनका 'पुरालेखन परिचय'सन् १९९१ एवं 'पुरालेखन र अभिलेख' सन् २००३ जस्ता पुस्तकहरू प्रकाशन भएका छन् । यी पुस्तकमा अभिलेख र पुरालेखनका सैद्धान्तिक पक्षहरूको र नेपाली अक्षरहरूको उत्पत्ति र विकासक्रमको विस्तृत व्याख्या एवं विश्लेषण समेटिएको छ । यसरी सन् १८८०मा भगवानलाल इन्द्राजीले सुरु गरेको नेपाली अभिलेख अध्ययनको कार्यलाई हालसम्म आइपुग्दा केही विदेशी विद्वानहरू र धेरै नेपाली विद्वानहरूले निकै अगाडि बढाएको देखिन्छ ।

२.५ नेपाली अभिलेख लेखनका प्रमुख साधनहरू (Materials of Nepali Inscriptions)

अभिलेखहरूलाई लामो समय टिकाउ बनाउने उद्देश्यले छिट्टै नस्ट नहुने कडा माध्यममा कुँदेर वा खोपेर लेखिएका हुन्छन् । प्राचीन भएर पनि यदि कुनै लेखहरू ताडपत्र, भोजपत्र, कपडा,कागज तथा छालामा लेखिएका छन् भने त्यस्ता लेखन सामग्रीहरूलाई अभिलेख नभनी पुरालेखन सामग्री भन्ने प्रचलन छ । त्यसैले अभिलेखहरूको लेखन सामग्री केही सीमित तर धेरै टिकाउ प्रकृतिका हुने गर्दछन् । पुरालेखन सामग्रीहरूमध्ये अभिलेखीय सामग्रीहरूले सुदूरपूर्वको ऐतिहासिक र सांस्कृतिक विवरण प्रदान गर्दछन् । संसारमा अभिलेखहरू प्रायः प्रस्तर, धातु, काठ, माटो र हाड जस्ता साधनमा लेखिएको पाइएको छ । नेपालमा पनि अधिकांश अभिलेख यस्तै माध्यम वा साधनहरूमा लेखिएको पाइएको छ । नेपालमा लिच्छविकालपूर्वका दुई अभिलेख, लिच्छविकालका करिब २०० जति अभिलेख र मध्यकालका हजारौं अभिलेखहरू प्राप्त भएका छन् । प्राप्त यी अभिलेखहरू निम्न साधनहरूमा लेखिएको पाइएको छ ।

२.५.१ प्रस्तरका वस्तुहरू(Stone Objects)

प्रस्तर ज्यादै लामो समयसम्म पनि यथावत रहन सक्ने गुण भएको वस्तु हो । त्यसैले यस्तो साधनमा निर्माण गरिने जुनसुकै वस्तुको पनि आयु अत्यधिक लामो हुने गर्दछ । प्रस्तरको यही गुणका कारणले प्राचीनकालका मानिसहरूले लामो समय रहिरहोस् भन्ने उद्देश्यले लेखिने अभिलेखहरू प्रस्तरका वस्तुमा लेखेको पाइन्छ । भारतीय उप-महाद्वीपमा पनि अभिलेख लेखनमा प्रस्तरलाई महत्त्वपूर्ण साधनका रूपमा उपयोग गरिएको पाइन्छ । भारतका सर्वप्राचीन मानिने अशोकका अभिलेखहरू प्रस्तरमै लेखिएका छन् । अशोक स्वयंले प्रस्तरमा लेखिएका उनका अभिलेखहरूलाई उनकै शब्दमा 'चीर स्थितिका' भनेका छन् (Buhlar, 1980, p116) । यसको अर्थ यी शिलालेख चीरकाल पर्यन्त यथावत रहने वस्तु हुन् भन्ने हो । नेपालमा पाइएका सर्वप्राचीन अभिलेखहरू पनि प्रस्तरमै लेखिएको पाइएको छ । नेपालका प्रस्तरमा उत्कृण अभिलेखहरू निम्न वस्तुहरूमा प्राप्त भएका छन् ।

क) शिलापत्र : नेपाली अभिलेख लेखनको प्रमुख साधन शिलापत्र हो । लिच्छविकाल र मध्यकालका बहुसङ्ख्यक अभिलेखहरू यस्तै शिलापत्रमा लेखिएका छन् । यस्ता शिलापत्रहरूलाई अभिलेखमै भने 'शिलापट्ट' नाम

दिइएको पाइन्छ *। नेपालमा लामो र वर्णनात्मक शैलीका अभिलेख लेख्नुपर्दा यस्ता शिलापत्रहरूको प्रयोग गरिएको पाइन्छ । राजाको वंशावली लेखनकार्यमा, राजाले कुनै कुराको दान दिएको उल्लेख गर्नुपरेको अवस्थामा र राजदरवारबाट जारी भएका आदेश वा नियमहरू लेखाउनु परेमा नेपालमा यस्ता शिलापत्रहरूको उपयोग भएको पाइएको छ । वर्तमान समयमा राजपत्रको जुन भूमिका रहेको छ, लिच्छविकालमा शिलापत्रको पनि त्यही भूमिका रहेको देखिन्छ । यस्ता शिलापत्रहरू सामन्यतया मन्दिर, दरवार, ढुङ्गेधारा वा यस्तै अन्य सार्वजनिक स्थलमा राख्ने गरिन्थ्यो । पातलो प्रस्तरलाई आयताकार तर शीर्ष भाग अर्धवृतआकारको हुने गरी काटेर यसको निर्माण भएको हुन्छ । प्रस्तरको सतह सम्म पारेर घोटिएको हुन्छ र सतहमा प्रस्तरकै विशेष लेप लगाई चिल्लो पारिएको हुन्छ । यसरी तयार पारिएको शिलापत्रमा चारैतिर *मार्जिन*को भाग छाडेर अभिलेख कुँदिएको हुन्छ । शीर्ष भाग र बाँयातर्फको *मार्जिन* वाहिरको भागमा विभिन्न धार्मिक चिन्ह र चित्रहरू पनि कुँदिएको हुन्छ ।

नेपालमा पाइएका मध्ये आकारका दृष्टिले निकै ठूलो र महत्त्वपूर्ण शिलापत्र लिच्छविकालमा राजा जयदेव(द्वितीय)ले सं.१५७(सन् ७३३) मा पशुपति मन्दिरको पश्चिमी पर्खालको भित्तामा राखेको शिलापत्र हो । यो अभिलेख लेखिएको शिलापत्र १०९ से.मी. चौडा रहेको छ (Gnoli,1956(Part I),P.115) । यसै गरेर लिच्छविकालकै नक्साल नारायणचौरबाट प्राप्त शिलापत्र पनि आकारमा निकै ठूलो रहेको छ । मध्यकालका ठूलो आकारका शिलापत्रहरूमा प्रताप मल्लले सन् १६५०मा स्वयंभूमा राखेको शिलापत्र र सन् १६५६ मा पशुपतिमा राखेको शिलापत्र विशेष चर्चित रहेका छन् ।

मध्यकालिन नेपाली शिलापत्रको
एक उत्कृष्ट नमूना
(चित्र साभार : रेग्मी, वि.सं. २०६०, फलक नं ३१)

* शिवदेव (प्रथम)ले सं ५१२(सन् ५९०) मा विष्णुपादुका क्षेत्रमा राखेको शिलालेखको सत्रौं पङ्क्तिमा यो शिलापत्रलाई 'शिलापट्ट' भनिएको छ । त्यसै गरेर शिवदेव (प्रथम) र अंशुवर्माको सं ५२०(सन् ५९८)को खोपासीको अभिलेखको बाह्रौं पङ्क्तिमा पनि 'शिलापट्ट' शब्दको प्रयोग भएको छ । यस्तै अन्य अभिलेखहरूमा पनि शिलापत्रलाई 'शिलापट्ट' भनिएको पाइन्छ ।

ख) शिलास्तम्भः संसारभर प्रस्तरबाट निर्माण गरिएका स्तम्भहरूमा अभिलेख कुँद्ने परम्परा रहेको पाइन्छ । भारतीय उपमहाद्वीपमा पनि यस्तो परम्परा निकै लोकप्रिय रहेको थियो । भारतमा यस्ता प्रस्तरका स्तम्भमा लेखिएका अभिलेख अनेकौ प्रकारका पाइएका छन् । पुरालेखनविद् डि.सि. सरकारले आफ्नो पुस्तक *इन्डियन एपिग्राफी*मा भारतमा ध्वजस्तम्भ (मन्दिर आगाडि राखिने), जयस्तम्भ (राजाको युद्ध विजयको गाथा प्रस्तुत गरी राखिएको), कीर्तिस्तम्भ (कसैले कुनै स्मारक वा अन्य कुनै भौतिक वस्तु निर्माण गरिएको जानकारी दिन राखिएको), हिरो पत्थर(कुनै योद्धाको शाहदत वर्णन गरिएको), सति पत्थर (कुनै नारी सति गएको वर्णन गरिएको), छायांस्तम्भ(कुनै व्यक्तिको स्मरणमा राखिएको)तथा साधारण स्तम्भ (कसैले तीर्थयात्राको वर्णन गरी लेखाएको) जस्ता अनेको प्रकृतिका शिलास्तम्भ पाइने गरेको बताएका छन्(Sircar,1965,p,71-72) । भारतमा सम्राट अशोकले सर्वप्रथम यस्ता स्तम्भ निर्माणको परम्परा चलाएका थिए । पछिल्लो समयमा यो निकै लोकप्रिय बन्दै गयो ।

नेपालमा पनि यस्ता अनेकौ शिलास्तम्भहरू पाइएका छन् । अशोकले राखेको ३ वटा शिलास्तम्भहरू नेपालको लुम्बिनी, निग्लीहवा र गोटीहवाबाट प्राप्त भएका छन् । यी मध्ये लुम्बिनी र निग्लीहवा स्तम्भमा अभिलेख पाइएको छ । यी तीनवटै स्तम्भहरू सेतो मार्बल जस्तो चिल्लो प्रस्तमा कुँदिएका छन् । यी स्तम्भ गोलो वा वेलना आकारका छन् । काठमाडौ उपत्यकाभित्र भने वेलना आकारको नभै चारपटे आकारका प्रस्तर स्तम्भ निर्माण गरेर त्यसमा अभिलेख लेख्ने परम्परा रहेको पाइएको छ । भारतमा जस्तै अनेकौ व्यहोराका शिलास्तम्भ अभिलेख नेपालमा पाइदैनन् । यहाँ धेरै जसो गरुड स्तम्भहरूमा अभिलेख लेखिएको पाइएको छ । यस्ता गरुडस्तम्भ वैष्णव मन्दिरहरूको ठीक अगाडि विष्णुको वहान गरुडको प्रतिमा स्थापना गर्नका लागि निर्माण गरिएको हुन्छ । कतिपय यस्ता स्तम्भ अभिलेखमा राजाको युद्ध विजयको पनि वर्णन गरिएको हुन्छ । त्यसैले यिनलाई ध्वजस्तम्भ वा जयस्तम्भ पनि भन्ने गरिन्छ ।

नेपालका चर्तित स्तम्भ अभिलेखहरूमा राजा मानदेवले भक्तपुर चाँगुनारायणमा राखेको सं ३८६ (सन्४६४) को स्तम्भ अभिलेख निकै महत्त्वपूर्ण र चर्चित रहेको छ । यसको छेउमा एक गरुडको प्रतिमा रहेको हुँदा यो त्यतिवेला गरुड स्तम्भको रूपमा निर्माण गरिएको सहजै अनुमान गर्न सकिन्छ । यस स्तम्भमा विविध विषय समेटिएको लामो अभिलेख लेखिएको छ । जसमा राजा मानदेवले यस मन्दिरमा यज्ञ, दान पूण्य गरेको र उनले पूर्व र पश्चिमतर्फका सामन्तहरूको दमन गरेको व्यहोरा लेखिएको छ । यस

आधारमा यो एक ध्वजस्तम्भ र जयस्तम्भ दुवै हो । यसै गरी अर्को चर्चित स्तम्भ अभिलेख काठमाडौं हाँडीगाउँको सत्यनारायण मन्दिर अगाडिको गरुडस्तम्भमा पनि लेखिएको छ । यस स्तम्भमा ७३ पङ्क्तिको लामो अभिलेख लेखिएको छ जसमा अनुपरम नामका व्यक्तिले रचना गरेको महर्षि द्वैपायन(वेदव्यास)को स्तुति कुँदिएको छ(वज्राचार्य,वि.सं. २०५२,पृ.१६२) । त्यसैले यो एक ध्वजस्तम्भ हो । यसै गरेर मध्यकालका पाटनका राजा सिद्धिनरसिंह मल्लले पाटनकै कृष्णमन्दिर अगाडिको गरुड स्तम्भमा लेखाएको अभिलेख पनि यस्तै एक ध्वज स्तम्भको एक उदाहरण हो । यी बाहेक पनि अन्य धेरै प्रस्तरका स्तम्भहरूमा अभिलेखहरू लेखिएको पाइएको छ । त्यसैले यी पनि एक महत्त्वपूर्ण अभिलेख उत्कृण गर्ने साधन मानिन्छन् ।

ग) जलद्रोणी र ढुङ्गेधाराहरू: नेपाली अभिलेख लेखनका प्रस्तर साधनहरूमध्ये लिच्छवि र मध्यकालमा निर्मित जलद्रोणीहरू पनि हुन् । प्राचीन र मध्यकालमा पानी सङ्कलन गर्न र बटुवाहरूलाई पानी खुवाउन प्रस्तरलाई कुँदेर ज्यादै आकर्षक पानी ट्याङ्कीहरू निर्माण गरिन्थ्यो । यिनलाई जलद्रोणी भनिन्छ । यस्ता कतिपय जलद्रोणीहरूमा पानी निस्कने भागलाई महिलाको जोडी स्तनको रूप समेत दिइएको पाइन्छ । जलद्रोणीको पनि आमाको दूध समान पवित्र छ भन्ने देखाउन यस्तो बनाइएको अनुमान गर्न सकिन्छ । यस्ता जलद्रोणीहरूको अग्रभागमा अभिलेख लेख्ने परम्परा रहेको छ । त्यसबाहेक कलात्मक ढुङ्गेधाराको डुँडको दायाँबायाँतर्फ अथवा धारासँग जोडिएका प्रस्तरमा पनि अभिलेख कुँदिएको पाइन्छ । गाई, गोही आदि अनेकौ जनावरका मुखको आकृतिमा कुँदिएका धाराहरूलाई नेपाली अभिलेख उत्कृण गर्ने प्रमुख साधन बनाइएको देखिन्छ । यस्ता अभिलेखहरूका केही उदाहरणहरू यसअघि नेपाली अभिलेखका स्रोतहरूको चर्चा गर्ने क्रममा उल्लेख गरिसकिएको छ ।

घ) प्रतिमा वा शालिकका पादपीठ र शिवलिङ्का जलहरी : नेपालमा देवताका मूर्तिहरू उभ्याउने आधारका रूपमा प्रयोग गरिएका प्रस्तरहरू, मानिसका शालिकहरूका पादपीठहरू,कतिपय मन्दिर अगाडि राखिएका द्वारपाल जनावरका शालिकका पादपीठहरूलाई समेत अभिलेख उत्कृण गर्ने साधनको रूपमा प्रयोग गरिएको देखिन्छ । त्यसै गरेर लिच्छविकालदेखि शिवलिङ्गका जलहरीमा समेत सङ्क्षिप्त अभिलेख लेख्ने गरेको पाइन्छ । यस्ता अभिलेखका धेरै उदाहरणहरू अभिलेखका स्रोतहरू वर्णन गर्ने क्रममा उल्लेख गरिसकिएको छ । त्यसैले प्रस्तरका यस्ता अनेकौ वस्तुहरूलाई अभिलेख लेख्ने साधनको रूपमा प्रयोग गरिएको छ । अभिलेख खोजी गर्दा नेपालमा यस्ता सामग्रीहरूमा सधै ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

२.५.२ धातुका वस्तुहरू (Metal objects)

सबै खालका धातुहरूमा टिकाउ हुने र तापक्रमबाट पग्लने गुण हुन्छ । यसै कारणले प्राचीनकालदेखि मानिसले धातुलाई पनि अभिलेख उत्कृण गर्ने प्रमुख साधनको रूपमा प्रयोग गर्दै आएको पाइन्छ । धातुलाई पिटेर पातला पाताहरूमा ढाल्न सकिन्छ । यस्ता पाताहरूमा तीखो वा धारिलो वस्तुले चोट पारेर अक्षरहरू कुँद्न पनि सकिन्छ । यसबाहेक उल्टो अक्षरयुक्त साँचोमा धातुको तातो झोल खन्याएर उभारदार अक्षर भएका अभिलेखहरू पनि लेख्न सकिन्छ । त्यसैले धातु पनि एक अभिलेख लेख्ने महत्त्वपूर्ण साधन मानिन्छ ।

नेपालमा भने धातुमा कुँदिएका अभिलेख प्रस्तरको तुलनामा केही कम छन् । यहाँ धातु विगतमा केही दुर्लभ रहेको र अभिलेखको महत्त्वप्रति सचेतनाको कमीले धातुका अन्य सामग्री निर्माण गर्ने क्रममा धातुका अभिलेख गालेर अन्य वस्तु बनाइको हुँदा यहाँ यस्ता धातुका अभिलेख कम पाइएको अनुमान गर्न सकिन्छ । चाँगुनारायण मन्दिरको सं. ३१(सन् ६०७)को मूर्तिको कवचमा लेखिएको एक सुवर्णपत्र अभिलेखलाई छाडेर अन्य कुनै सुनका धातुमा लेखिएको अभिलेख प्राप्त भएको छैन् । लिच्छविकालमा यस बाहेक धातुका पातामा लेखिएका अभिलेख त्यति पाइदैनन् । धातुका सिक्काहरूमा लिच्छविकालदेखि नै अभिलेख लेख्ने गरिन्थ्यो । मध्यकालदेखि नेपालमा ताम्रपत्र लेख्ने परम्परा निकै लोकप्रिय हुँदै गएको देखिन्छ । यसबाहेक मध्यकालीन चाँदीका सिक्काहरूमा पनि अभिलेखहरू पाइन्छ । धातुका निम्न तीन वस्तुहरू अभिलेख लेख्ने साधनको रूपमा यहाँ प्रयोग भएका छन् ।

क) ताम्रपत्रहरू : तामा धातु सबैभन्दा पहिले आविष्कार गरिएको धातु हो । ढुङ्गेयुगपछि मानिस तामा धातुको खोजी गरेर धातुयुगमा प्रवेश गरेको हो । ढुङ्गेयुग र धातु युगको सन्धिकाललाई ताम्रप्रस्तरयुग पनि भनिन्छ । मानिसले लेखनकलाको आविष्कार गर्ने समयतिर तामा धातुको पनि आविष्कार वा खोजी भै रहेको थियो । त्यसैले तामा धातुलाई पनि मानिसले अभिलेख लेख्ने प्रमुख साधनको रूपमा छनौट गरेको हुनुपर्दछ । तामा धातुलाई पिटेर पातलो पाता निर्माण गरी लाम्चो वा आयाताकार स्वरूप निर्माण गरी त्यसमा छिनोको सहायताले अक्षर कुँदिएको सामग्रीलाई हाल ताम्रपत्र भनिन्छ । भारतीय उपमहाद्वीपमा पनि निकै पहिलेदेखि यस्ता ताम्रपत्रहरूमा अभिलेख लेख्ने परम्परा रहेको देखिन्छ । चिनियाँ यात्री फाइयान (सन्४००तिर) ले बताएअनुसार भारतमा बुद्धकै समयदेखि बौद्ध विहारलाई दान दिएका विवरण ताम्रपत्रमा लेख्ने गरिन्थ्यो (Sircar, 1965, p.74) । यो भनाईलाई तथ्यहरूले पुष्टि गर्न बाँकी नै रहेको भए तापनि मौर्यकालदेखि भने भारतमा राजकीय सन्देशहरू ताम्रपत्रमै लेखिने गरेको देखिन्छ (Buhler,1980,p.115) । नेपालमा भने ताम्रपत्र अभिलेखहरूको त्यति धेरै लामो इतिहास रहेको देखिदैन । लिच्छविकालमा

लेखिएका ताम्रपत्र अभिलेखहरू प्राप्त नभए तापनि त्यसवेलादेखि नै नेपालमा ताम्रपत्रमा अभिलेख लेख्ने गरिन्थ्यो भन्ने तथ्य प्राप्त भएको छ । देउपाटन कसाईटोलमा प्राप्त नरेन्द्रदेवको सं.७१(सन् ६४७)को एक अभिलेखमा 'सनद ताम्रपत्रमा जुन व्यवस्था लेखिएको थियो,त्यही व्यवस्था अनुसार...' भन्ने वाक्य लेखिएको छ । यसवाट लिच्छविकालमा ताम्रपत्र लेख्ने परम्परा रहेको प्रमाणित हुन्छ । दुर्भाग्यवस ती ताम्रपत्रहरू नष्ट गरी तामाका कुनै भाँडाकुँडा निर्माण गरियो होला जसले गर्दा लिच्छविकालीन ताम्रपत्रहरू हाल प्राप्त हुन सकेका छैनन् । मध्यकालदेखिका ताम्रपत्र अभिलेखहरू भने नेपालमा प्रशस्त प्राप्त भएका छन् । भारतमा धेरै पानाहरूलाई प्वाल पारेर धातुकै डोरीले बाँधिएका लामो विवरण भएका ताम्रपत्रहरू लेख्ने गरिएको पाइन्छ (ओझा,सन् १९७१,पृ१५३) नेपालमा भने अधिकांश एकै पातामा लेखिएका र भित्तामा टाँसेर राख्न मिल्ने किसिमका ताम्रपत्रहरू तयार पारिएको पाइन्छ । ललितपुर दरवारको मूल चोकमा सुनको मोलम्मा लगाइएको पद्यात्मक संस्कृत र गद्यात्मक नेपाल भाषा समेत भएको एउटा ताम्रपत्रमा १४ पङ्क्ति छन् जसको लेख्य भाग २१ से.मी. चौडाइ र २७ से.मी.उचाइ रहेको छ (रेग्मी,वि.सं.२०६०,पृ.२५) । त्यसै गरेर सन् १७०२ मा भूपतिन्द्र मल्ल र योगनरेन्द्र मल्लवीचको सन्धिको विषय उल्लेख भएको भक्तपुर तलेजु चोकको एक ताम्रपत्रको लेख्य भाग ७ से.मी.चौडाइ र १८ से.मी.उचाइ भएको छ । यसरी नेपालमा पाइएका ताम्रपत्रहरू सामान्यतया सानो र आयताकारमा तयार पारिएका छन् । यहाँ राजाले वा अन्य व्यक्तिले भूमिदान दिएको, अन्य कुनै वस्तु देवमन्दिरमा चढाएको र दुई देशवीचमा भएका सन्धि सम्झौता जस्ता विषयहरू यस्ता ताम्रपत्रहरूमा लेखिएको पाइन्छ । त्यसैले ताम्रपत्रलाई यहाँ अभिलेख लेखनका प्रमुख साधनको रूपमा उपयोग गरिएको देखिन्छ ।

ख) सिक्काहरू : प्राचीन र मध्यकालका सबै नेपाली सिक्काहरूमा अक्षरहरू कुँदिएको छ । यी सिक्काहरूमा ताम्रपत्र वा सुवर्णपत्रका जस्तो छिनुले कुँदेर अक्षर लेखिएका छैनन् । यिनमा उल्टा अक्षरयुक्त माटोको साँचोमा धातुको झोल खन्याएर अभिलेख लेखिएको छ । त्यसैले नेपाली सिक्काका अक्षरहरू सतहभन्दा माथि उठेका रेखाहरूवाट बनेका छन् । तामा धातुका लिच्छविकालीन सिक्काहरू र चाँदी धातुका मध्यकालीन सिक्काहरू सबैमा अभिलेख पाइएको छ । मध्यकालमा नेपाल पचासौं स-साना राज्यहरूमा विभाजित भएको थियो तर उपत्यकाका मल्ल राजाहरू र दोलखाका एक राजाले मात्र सिक्का निकालेका थिए । यी सबै सिक्का अभिलेख लेख्ने साधनको रूपमा उपयोग भएको पाइएको छ ।

ग) घण्टहरू : मन्दिर वाहिर भक्तजनहरूले चढाएका घण्टहरूमा पनि अनेकौं अभिलेखहरू लेखिएको पाइएको छ । मध्यकालीन र त्यसपछिका घण्टहरूको बाहिरी किनारमा यस्ता अभिलेख लेखिएको पाइन्छ । उभारयुक्त अक्षरमा तिथि

मिति र घण्ट चढाउने व्यक्तिको परिचय यस्ता अभिलेखमा पाइन्छ । भक्तपुरको नासमुना टोलको नृत्यनाथ मन्दिरको आँगनमा रहेको घण्ट अभिलेख यस्ता अभिलेखको राम्रो उदाहरण हो । संवत् ८२७(सन्१७०७)मा राखिएको यस घण्टको वाहिरी घेरामा ५८से.मी.लामो एक पङ्क्तिको अभिलेख लेखिएको छ (रेग्मी,वि.सं.२०६०,पृ.२६) । पृथ्वीनारायण शाहले वि.सं.१८१६(सन् १७५९)मा भैरवीलाई चढाएको घण्टमा पनि सङ्क्षिप्त अभिलेख लेखाएका छन्(खनाल र पौडेल, वि.सं.२०३२, पृ.२२) यसरी मन्दिरका घण्ट पनि यहाँ अभिलेख कुँद्ने साधन बन्न पुगेका छन् ।

२.५.३ काठका सामग्रीहरू (Wooden Objects)

काठलाई लेखन सामग्री वा लेख्ने साधनको रूपमा प्रयोग गर्ने परम्परा भारत र नेपालमा निकै पुरानो हो । केही दशक अघिसम्म पनि गाउँ घरतिर वालवालिकाले अक्षर लेख्न काठका पाटीको प्रयोग गर्ने गर्दथे । कतिपय ज्योतिषहरूले काठका पाटीमा धुलो छर्केर त्यसमाथि तीखो काठले लेख्दै हिसाव गरी भाग्य वा ग्रहदशाको भविश्यवाणी गर्ने परम्परा अहिलेसम्म पनि यदाकदा देख्न सकिन्छ । यसलाई धुलौटो कोर्ने भनिन्छ । वौद्ध जातक कथाहरू र विनयपिटकमा समेत अक्षर लेख्न प्रयोग हुने फलक (काठको पाटी) को उल्लेख भएको पाइन्छ (Buhlar, 1980, p113) । यसै गरेर मध्य एसियावाट खरोष्ठी लिपिमा लेखिएका काठका फलकहरू ठूलो सङ्ख्यामा प्राप्त भएका छन् (Sircar,1965, p.69) । भारतकै किरारीको स्तम्भमा र भज गुफाको सिलिङ्मा पनि अभिलेख लेखिएको पाइएको छ (Sircar,1965, p69.) भारतमा जस्तै नेपालमा पनि मन्दिरका टुँडाल, तोरण, काठका खम्बा र दलिन तथा निदालहरूमा सङ्क्षिप्त अभिलेख कुँदने गरिएको पाइन्छ । विशेष गरेर काष्ठकलाका वस्तु चढाउने दाताको विषयमा, देवताका सङ्क्षिप्त स्तुतिहरू र तिथि मिति जस्ता विषय यी काष्ठ अभिलेखहरूमा पाइन्छ । भक्तपुर दरवारको कुमारी चोकका तोरणहरूमा सङ्क्षिप्त अभिलेखहरू कुँदिएका छन् । यहाँको एक ढोकाको माथिल्लो ठेलामा चारथरि संवत्हरूमा वर्ष संवत् ८०१(सन् १६८१)र'सुमति जितामित्रमल्ल'जस्ता अभिलेख कुँदिएको छ (रेग्मी,वि.सं.२०६०,पृ.२६) । तलेजु चोकको ढोकाको माथिल्लो ठेलामा १.३ मिटर लम्वाइमा दुई पङ्क्तिको संवत् ८१५(सन् १६९५)को अभिलेख पढ्न सकिने अवस्थामा छैन (रेग्मी, वि.स.२०६०, पृ.२६) । नेपालमा काठका पाटीमा कुँदिएका लामा अभिलेखहरू भने प्राप्त भएका छैनन् । जेहोस काठ पनि नेपाली अभिलेख लेखनको एक महत्त्वपूर्ण साधन रहिआएको छ ।

२.५.४ माटाका सामग्री (Clay Objects)

विगतकालमा माटोलाई पनि मानिसले लेख्य साधनको रूपमा उपयोग गरेको पाइन्छ । वर्तमान इराकमा विकसित मेसोपोटामिया सभ्यतामा माटाका

पाटीहरूमा लामा-लामा अभिलेखहरू लेखिएको कुरा यसअघि पनि प्रसङ्गअनुसार चर्चा गरिसकिएको छ । भारतीय उपमहाद्वीपमा पनि विगतमा माटोलाई लेखन साधनको रूपमा उपयोग गरिएको देखिन्छ । भारतको मथुरा म्युजियम्मा राखिएको माटाको इँटामा इशापूर्व प्रथम शताव्दीका अक्षरमा लेखिएको एक पङ्क्तिको अभिलेख रहेको छ(ओझा,सन् १९७१,पृ१५१)। भारतकै गोरखपुर जिल्लाको गोपालपुर गाउँबाट प्राप्त केही इँटामा बौद्ध सूत्रहरू कुँदिएको छ(ओझा,सन् १९७१,पृ१५१)। भारतमा कनिङ्घम,फुहरर, तथा ह्वे जस्ता पुरातत्त्वविदहरूले यस्ता धेरै अभिलेखयुक्त इँटाहरू भारतका विभिन्न ठाउँबाट खोजी गरेका छन्(Buhlar, 1980, p11 6) । भारतमा इँटाहरूमा बौद्ध धारणी एवं सूत्रहरूका साथसाथ अश्वमेध यज्ञका विषयमा लेखिएका शाही अभिलेखहरू पनि पाइएका छन् (Sircar,1965, p69.)। त्यहाँ कतिपय माटाका भाँडाहरूमा पनि अभिलेख लेखिएको पाइएको छ । नेपालमा भने धेरै किसिमका माटाका सामग्रीहरूमा अभिलेख प्राप्त भएका छैनन् । केही माटाका इट्टाहरूमा सङ्क्षिप्त अभिलेखहरू कुँदिएको पाइएको छ । त्यसै गरेर नेपाल तराईको कपिलवस्तु उत्खनन्बाट प्राप्त माटाका टोकनहरूमा पनि केही अभिलेख कुँदिएको कुरा यसअघि उल्लेख गरिएको छ । काठमाडौं उपत्यकाका विभिन्न ठाउँहरूबाट स-साना उद्देशिक चैत्यहरू, माटाका स-साना छापहरू र माटाका भाँडाका टुक्राहरूमा पनि केही वर्णहरू कुँदिएको पाइन्छन् (रेग्मी, वि.स.२०६० पृ.२७) । त्यसैले माटो पनि नेपाली अभिलेख लेखनको एक साधन मानिन्छ ।

२.६ नेपाली अभिलेख उत्कृण गर्दा प्रयुक्त औजार र विधि (Tools and Technology of Ingreaving Nepalese Inscriptions)

अभिलेखशास्त्र अर्न्तगत अभिलेखहरू कुँद्ने क्रममा विगतमा के-कस्ता औजारको प्रयोग हुने गर्दथ्यो र कस्तो प्रविधिबाट अभिलेखहरू उत्कृण गरिन्थे भन्ने कुराको खोजी पनि गरिन्छ । अभिलेखहरू स्वयंमा यस्ता औजारहरूको र प्रविधिहरूको बारेमा प्रायःउल्लेख गरिएको हुँदैन र स्वभावैले यसका निर्माताहरू पनि जीवित रहेका हुँदैनन् । अभिलेखहरूमां प्रयुक्त सामग्रीहरूको सूक्ष्मअवलोकन तथा यस सम्बन्धी परम्पराहरूको अध्ययनबाट यस्तो खोजी गर्नुपर्ने बाध्यता रहेको हुन्छ । नेपालमा अहिलेसम्म पनि प्रस्तर, धातु, काठ र माटो आदिमा अभिलेख कुँदने परम्परा प्राचीनकालदेखि नै चल्दै आएको छ । विगतबाट निरन्तर चलिआएको परम्पराको सूक्ष्म अध्ययन र अभिलेख कुँदिएका सामग्रीको अवलोकन र विश्लेषणबाट विगतमा अभिलेख लेखनमा प्रयोग भएका औजारहरू र यसमा प्रयोग भएको प्रविधि बारेमा केही तथ्यहरू प्रकट हुन सकेका छन् । यहाँ स्मरण गर्नुपर्ने मुख्य कुरा के हो भने अभिलेख लेखिएका साधन वा वस्तु अनुसार लेख्ने औजार र प्रविधि फरक हुने गर्दछ । किनभने प्रस्तरमा अभिलेख कुँद्ने प्रविधिको प्रयोग काठका वा धातुका वस्तुमा

अभिलेख कुँद्न प्रयोग गर्न सम्भव हुँदैन । त्यसैले यहाँ नेपाली अभिलेख कुँदिएका साधन अनुसार अभिलेख कुँद्ने औजार र प्रविधिको अलगअलग वर्णन गर्नु आवश्यक देखिन्छ ।

२.६.१. प्रस्तरका अभिलेख कुँद्ने औजार र प्रविधि

नेपालमा सबैभन्दा धेरै अभिलेख प्रस्तरमा कुँदिएका छन् । तर कुनै पनि अभिलेखहरूमा ती कुन औजारले कुँदिएको हो र कुन प्रविधिको प्रयोग भएको थियो भन्ने विषयमा वर्णन गरिएको पाइदैन । समकालीन भारतीय प्रविधि र औजार एवं नेपाली लेख्य परम्परा समेत विचार गर्दा लिच्छवि र मल्लकालीन प्रस्तरका अभिलेखहरू निम्न बमोजिम तयार पारिएको देखिन्छ ।

- **लेख निर्माण** : अभिलेख तयार पार्नुअघि ताडपत्र, भोजपत्र वा कागजपत्र जस्त माध्यमहरूमा अभिलेखमा कुँदिने लेख तयार पार्ने कार्य गरिन्थ्यो । यो प्रारम्भिक तर ज्यादै महत्त्वपूर्ण कार्य त्यसवेलाका ब्राह्मण, वा कविहरूले गर्दथे । राजा र राज्यका तर्फबाट धेरै अभिलेखहरू कुँदिने भएको हुँदा राजदरबारमा यस्ता ब्राह्मण वा कविहरू नियुक्त भएका हुन्थे भन्ने सहजै अनुमान गर्न सकिन्छ ♣। लिच्छविकालको चाँगु अभिलेख, जयदेव(द्वितीय)को पशुपति अभिलेख, हाडीगाउँ सत्यनारायण थानको अभिलेख आदि कतिपय अभिलेखहरू छन्दवद्ध कवितामा समेत लेखिएका छन् । सत्यनारायण स्थानको अभिलेखमा त दार्शनिक विषयवस्तुको समेत उल्लेख भएको छ । त्यसैले यस्ता लेख तयार पार्ने कार्य विद्वानहरूबाट हुने गर्दथ्यो । लिच्छविकालका यस्ता लेखक वा कविमध्ये अनुपरम, बुद्धकीर्ति तथा जयदेवको नाम ज्ञात हुन आएको छ । जयदेव स्वयं एक राजा थिए । अन्य गद्यमा लेखिएका अभिलेखहरू पनि निकै स्तरीय र स्पष्ट भाषामा लेखिएको छ । त्यसैले यी गद्य लेखहरू पनि विद्वान लेखकहरूबाट नै लेखिएको देखिन्छ । भारतमा यस्तो अभिलेखको लेख तयार पार्ने व्यक्तिलाई लिपिकार, कायस्थ, कारनिक, दिविर जस्ता शब्दहरूले सम्बोधन गरिन्थ्यो (Buhler, 1980, p120-21) । नेपालमा पनि कायस्थ थरका नेवारहरू रहेका छन् । यस्ता पेसागत विज्ञहरूबाट अभिलेखमा लेखिने लेख तयार पारेपछि अभिलेख लेखाउने व्यक्ति वा राजालाई देखाएर यसलाई अन्तिम रूप दिइन्थ्यो । यसपछि मात्र अभिलेख लेखनको कार्य प्रारम्भ हुने गर्दथ्यो ।

प्रस्तरको तयारी : नेपालमा राखिएका अधिकांश अभिलेखहरू कडा फुस्रो प्रस्तरमा कुँदिएको पाइएको छ । आजभोलि गाउँघरमा जाँतो वा सिलौटो

♣ गौरीशंकर हीराचंद ओझाले आफ्नो पुस्तक 'भारतीय पुरालेखन' (पृ.१४८)मा भारतमा राजाको तर्फबाट जारी भएका राजाज्ञा उल्लेख भएका अभिलेखहरू राजकीय कर्मचारीहरूबाटै लेखिन्थे भन्ने व्यहोरा उल्लेख गरेका छन् । त्यसैले नेपालमा पनि यस्ता अभिलेखका लेखहरू तयार पार्ने कर्मचारीहरू रहेको हुनसक्ने अनुमान गरिएको हो ।

निर्माण गर्न प्रयोग गरिने कडा प्रस्तरमा नै धेरैजसो लिच्छवि र मल्लकालीन शिलापत्रहरू कुँदिएका छन् । अभिलेख लेख्नका लागि छनोट गरिएको प्रस्तरलाई शीर्ष भाग अर्धवृत्ताकार र समग्र प्रस्तरलाई आयताकार हुने किसिमले काटेर पातलो फलक तयार पारिन्थ्यो । यस्तो फलकको सतहको भागलाई छिनोले कुँदेर र घोटेर समतल बनाइन्थ्यो । यसपछि प्रस्तरको धुलो र कुनै रूखको चोप विशेषको मिश्रणबाट बनेको विशेष लेप लगाएर चिल्लो बनाइने गरेको देखिन्छ । हाल प्राप्त कतिपय शिलापत्र अभिलेखहरूमा अक्षर कुँदिएको सतहबाट पाप्रा उप्किएको देखिन्छ । यसबाट अभिलेख कुँदिने शिलापत्रको सतह चिल्लो पार्न लेप लगाइन्थ्यो भन्ने कुराको पुष्टि हुन्छ । यसरी तयार पारिएको प्रस्तरको दायाँ र बायाँतर्फ एवं शीर्ष भागमा *मार्जिन* लाईन काटेर अक्षर लेख्ने भाग तयार पारिन्थ्यो ।

लेखन र कुँदाई : यसरी प्रस्तरको तयारी गरिसकेपछि लिपिकार वा. सूत्राधारहरूले चक वा मसीको प्रयोग गरेर सुन्दर र समान उचाइका अक्षरहर लेख्ने कार्य गर्दथे । अक्षरहरू समान उचाइका र पङ्क्तिबद्ध हुन सकुन् भनेर सर्वप्रथम शलाका वा काठका रुलरहरूले रेखा तान्ने कार्य हुन्थ्यो । अभिलेख लेख्ने प्रस्तर ज्यादै ठूलो भएको अवस्थामा रङ लगाइएको लामो धागो तानेर धर्को तान्ने गरिन्थ्यो । धेरै पङ्क्तिको अभिलेख लेख्नुपर्ने अवस्थामा तन्काउने धागाको तान प्रयोग गरिन्थ्यो । यस्तो धागाको तानलाई नेवारी भाषामा कापाः भनिन्छ(रेग्मी,वि.सं २०६०,पृ २६०) । यसको अधिक प्रयोग हस्तलिखित ग्रन्थ लेखनमा हुने गर्दछ तर धेरै लामो शिलापत्रका पङ्क्ति सोझो बनाउन पनि यसको प्रयोग अवश्य भएको हुनुपर्दछ । यसरी अभिलेखमा समानान्तर रेखाहरू निर्माण गरिन्थ्यो । यसपछि मात्र लेखकहरूले चक वा मसीले प्रस्तरमा सुन्दर अक्षरका लेखहरू लेख्ने गर्दथे । राम्रा अक्षर लेख्न जान्ने यस्ता लेखकहरूलाई सूत्रधार भनिन्थ्यो जसमा धेरै जसो ब्राह्मण, कायस्थ, जैन साधु आदि हुने गर्दथे (ओझा,सन् १९७१,पृ१४८) । यस्तो लेखन कुँद्ने क्रममा मेटिने वा पुछिने सम्भावना भएको हुँदा एकै पटक धेरै पङ्क्ति नलेखी केही पङ्क्ति मात्र लेखिन्थ्यो र लेखिएको भाग कुँदेर सकेपछिमात्र थप भागमा लेखिन्थ्यो । यस्ता सूत्रधार वा लेखकले अक्षर बाहेक शिलापत्रको दायाँ , बायाँ र शीर्ष भागको *मार्जिन* बाहिर बनाउनुपर्ने चित्र वा चिन्हहरू पनि यस्तै मसीले बनाउने गर्दथे ।

यसपछिको महत्त्वपूर्ण कार्य उत्कृण गर्ने वा Engraving को कार्य हुन्थ्यो । लेखिएका अक्षर वा चित्रहरूलाई सिद्धहस्त कालिगढले धारिलो छिनु र हथौडाको सहायताले कुँद्ने गर्दथे । यस्तो कार्य गर्ने कालिगढहरूलाई शिलाकुट वा शिल्पी भन्ने गरिन्थ्यो । उनीहरूले मसी वा चकले लेखिएका अक्षरहरूलाई सावधानीपूर्वक गहिरो गरी कुँद्ने गर्दथे । भारतमा हिन्दूहरूले पत्थरमा गहिरो हुने गरेर अक्षर कुँदी अभिलेख तयार पार्ने गर्दथे तर

मुसलमानहरूले भने पत्थरको सतहभन्दा माथि उठेका उभारदार अक्षरमा अभिलेख लेख्ने गर्दथे (ओझा, सन् १९७१, पृ १४८) । मुसलमानहरूले अभिलेखका अक्षर लेखिएको भागलाई छोडेर खाली रहेको भागलाई कुँदेर हटाउने गर्दथे जसले गर्दा अभिलेखका अक्षरहरू उभारदार बन्दथे । मुसलमानहरूको अनुकरण गरेर भारतमा केही हिन्दूका अभिलेख पनि यस्तै उभारदार अक्षरमा कुँदिएका छन् (ओझा,सन् १९७१,पृ१४८) । नेपालमा भने यस्ता अभिलेख पाइएका छैनन् । त्यसैले यहाँ अक्षरको भागलाई नै छिनुले चोट पारेर गहिरो तुल्याई अक्षरहरू कुँद्ने गरिन्थ्यो । शिलापत्र बाहेक स्तम्भमा, मूर्ति वा शिवलिङ्गका पादपीठहरूमा र जलद्रोणी आदिमा अभिलेख कुँदने प्रविधि पनि प्रायः यस्तै किसिमको हुने गर्दथ्यो । यसरी प्रस्तरका अभिलेखहरू तयार हुने गर्दथे । अभिलेख लेख्ने यो प्रविधि हालसम्म पनि परम्पराको रूपमा चलिनै रहेको पाइन्छ ।

२.६.२. धातुका अभिलेख कुँद्ने औजार र प्रविधि

प्रस्तरभन्दा धातु बेग्लै विशेषतायुक्त साधन हो । त्यसैले यसमा अभिलेखहरू कुँदने प्रविधि केही बेग्लै किसिमको हुने गर्दछ । धातुका अभिलेखहरूमा पनि लेख तयार पार्ने कार्य प्रस्तरकै अभिलेखमा जस्तै हो । धातुका अभिलेखहरूमध्ये नेपालमा सर्वाधिक लोकप्रिय ताम्रपत्रमा लेखिएका अभिलेखहरू हुन् । त्यसैले सर्वप्रथम यहाँ ताम्रपत्रहरूको निर्माण औजार र प्रविधिको चर्चा गर्नु उपयुक्त हुने देखिन्छ । नेपाली ताम्रपत्रहरू अधिकांश अक्षरहरू उत्कृण Engraving गरेर लेखिएका छन् । केही ताम्रपत्रहरू भने उभारयुक्त अक्षरहरूमा पनि लेखिएका छन् । ताम्रपत्रहरूमा राजा तथा सामन्तहरूको तर्फबाट मन्दिर, मठ, ब्राह्मण साधु आदिलाई दानमा दिएको गाउँ, खेत, कुवा आदिको सनदपत्र कुँद्ने प्रचलन प्राचीनकालदेखि नै चलेको पाइन्छ जसलाई दानपत्र, ताम्रपत्र, ताम्रशासन वा शासनपत्र समेत भन्ने गरिन्छ (ओझा,सन् १९७१,पृ१५२)। सामान्यतया ताम्रपत्रहरूमा कुँदिने यस्ता प्रशासनिक र दानदातव्य सम्बन्धी लेखहरू राजाको आज्ञाअनुसार त्यसबेलाका प्रमुख प्रशासकहरूले तयार पर्दथे । भारतमा पनि यस्ता ताम्रपत्रका लेखहरू अमात्य, सन्धिविग्रहिक, बलाधिकृत, अक्षपटलिक, पट्टोपाध्याय आदि अधिकारीले लेख्ने वा लेखाउने गर्दथे (ओझा,सन् १९७१,पृ१५२) । यसरी ताम्रपत्रहरूमा लेखिने लेख तयार हुने गर्दथ्यो ।

तामा धातुलाई अभिलेख उत्कृण गर्न योग्य ताम्रपत्रमा रूपान्तरण गर्ने कार्य परम्परागतरूपमा तामाका भाँडा बनाउने तमौटेहरूले गर्ने गर्दथे । उनीहरूले तामालाई पिटेर निश्चित आकारका पाताला पाता बनाउने गर्दथे । बाक्लो पातामा अक्षर कुँद्न कठिन हुने हुँदा पातालाई सकेसम्म पातलो तुल्याइन्थ्यो । यस्ता पातालाई आयताकार हुने गरी काटेर अभिलेख लेख्न योग्य

ताम्रपत्र तयार पारिन्थ्यो । यसरी तयार पारिएका तामाका पातामा शिल्पी वा कारिगरले सुन्दर अक्षर हुने गरी रङ वा मसीले लेख्ने कार्य गर्दथे । त्यसरी लेखिएका अक्षरहरूलाई छिनो र हथौडाको सहायताले गहिरो रेखा हुने गरी कुँद्ने गरिन्थ्यो र अभिलेख तयार हुने गर्दथ्यो । अक्षरहरू एकनास किसिमले गहिरा बनाउनका लागि नरम र गिलो माटो वा मैनको पृष्टभूमिमा पातालाई राखेर छिनोले चोट पार्ने (Punchगर्ने) गरिन्थ्यो । भारतमा भने कतिपय ताम्रपत्रहरू तयार पार्दा तामाको पातामा मुल्तानी माटोको लेप लगाएर सुकाउने र यसमाथि तीखो औजारले कोरेर अभिलेखहरू लेख्ने गरिएको पाइएको छ(ओझा,सन् १९७१,पृ१५३) । लेखिसकेपछि माटोलाई पानीले धोएपछि ताम्रपत्रमा कोरिएका अक्षरहरू स्पष्ट देख्न सकिन्छ । नेपालमा यस्ता तीखो औजारले कोरेर तयार पारिएका ताम्रपत्रहरू प्राप्त भएका छैनन् । यहाँ कतिपय मल्लकालीन ताम्रपत्रहरू उभारयुक्त अक्षरमा पनि लेखिएका छन् । यस्ता ताम्रपत्र तयार पार्न माटोको साँचोमा उल्टो अक्षरका अभिलेख लेखेर तामाको झोल साँचोमा खन्याएर तयार पारिन्थ्यो । लिच्छविकालका तामाका सिक्काहरूमा पनि यस्तै प्रविधिको प्रयोग गरेर अभिलेख लेखिएका छन् । नेपालमा नेपाली शासकहरूले प्रचलनमा ल्याएका कुनै पनि सिक्काहरूमा चोट पारेर कोरिएका(Punch Mark)अभिलेख पाइएका छैनन् । यहाँ सबै सिक्काहरूमा उभारयुक्त अक्षरमा अभिलेख लेखिएका छन् जसलाई उल्टो अक्षर कोरिएका माटाका साँचोहरूमा धातुको झोल खन्याएर तयार पारिन्थ्यो ।

२.६.३. काठ र माटोमा अभिलेख कुँद्ने औजार र प्रविधि

नेपालमा काठका वस्तुमा कुँदिएका लामा र व्याख्यात्मक अभिलेखहरू प्राप्त भएका छैनन् । टुँडाल, तोरण, खम्बा, दलिनहरू र काठका मूर्तिहरूका पादपीठहरूमा केही सङ्क्षिप्त अभिलेखहरू मात्र प्राप्त भएका छन् । काठका यस्ता अभिलेखहरूमा उभारयुक्त अक्षरहरू त्यति प्रयोग भएको पाइदैन । प्रायः सबैमा कुँदिएका अक्षरहरू नै पाइएको छ । त्यसैले काठमा अभिलेख लेख्नका लागि छनोट गरिएका काष्ठकलाका वस्तुहरूमा पहिले रङ वा मसीले लिपिकारहरूले सुन्दर अक्षरमा अभिलेखहरू लेख्ने गर्दथे । त्यसपछि कारिगरहरूले छिनो र काठका हथौडाको सहयोगले एकनास गहिराई हुने गरी अक्षर कुँद्ने गर्दथे । रङको प्रयोग गरिने काठहरूमा, कुँदिएका अक्षर स्पष्ट देखाउनका लागि पृष्ठभूमिमा भन्दा वेग्लै रङ अक्षरमा प्रयोग गरिएको देखिन्छ ।

माटाका चक्कीहरूमा र माटाका इँटाहरूमा बाहेक नेपालमा अन्य कुनै माटाका अभिलेख प्राप्त भएका छैनन् । प्राप्त भएका माटाका चक्की र इँटाहरू सबैमा उभारयुक्त अक्षरहरूमा अभिलेख लेखिएको पाइएको छ । त्यसैले यहाँ माटामा अभिलेख तयार पार्न सर्वप्रथम उल्टो अक्षर कोरिएका धातु वा काठका साँचोहरू निर्माण गरेर गिलो माटो त्यस्ता साँचोमा राखेर अभिलेखहरू तयार पारिन्थ्यो । यसरी अभिलेख लेखिएका माटोका सामग्रीहरूलाई भट्टीमा पोलेर

पक्की तुल्याइन्थ्यो । यो वाहेक अन्य कुनै जटिल प्रविधिको प्रयोग अभिलेख लेखनमा प्रयोग भएको देखिदैन ।

२.७ अभिलेख उत्कृण गर्दा हुने त्रुटि र त्यसको सुधार (Errors and Corrections of Envgaring Inscriptions)

अभिलेख लेख्ने कार्यमा पनि कमी वा त्रुटि हुनु स्वभाविकै हो । मानिसले गर्ने प्रायः सबै कामहरूमा कमजोरी र त्रुटि हुने सम्भावना रहन्छ । विशेष तयारी र सावधानीपूर्वक लेखिने भएको हुँदा हस्तलिखित ग्रन्थहरूको तुलनामा अभिलेखहरूमा त्रुटि निकै कम पाइन्छ । कतिपय अभिलेखहरूमा लेख्ने क्रममा केही कमी, कमजोरी र त्रुटिहरू भएका हुन सक्छन् यस्ता त्रुटिहरूलाई विभिन्न किसिमले सच्चाइएको पाइएको छ । यहा प्रस्तरका अभिलेखहरूमा हुने यस्ता त्रुटिहरू र तिनलाई सच्चाउन प्रयोग गरिएको विधि वा तरिका बारेमा चर्चा गरिएको छ ।

अक्षर वा शब्द छुटेर हुने त्रुटि : भारतीय उपमहाद्वीपमा राखिएका प्राचीनतम् अभिलेखहरूमा समेत विभिन्न कारणले अक्षर, शब्द, वाक्य र केही पङ्क्तिहरू समेत लेख्न छुट भएको देखिन्छ । सूत्राधार वा लेखकले लेख्न छुटाएर, लिपिकारले अभिलेखमा रङ वा मसीले लेख्न छुटाएर वा कारिगरले कुँद्न विर्सेर यस्तो त्रुटि हुन सक्छ । यसरी लेख्न छुटेर हुने त्रुटिहरूलाई अक्षर थपेर सुधार गर्ने गरिएको पाइन्छ । यसरी अक्षरहरू थप गर्दा छुटेको अक्षरहरूलाई पङ्क्तिको माथि वा तल थप गरेर लेख्ने गरिएको पाइन्छ (Sircar,1966,p.90) । थोरै अक्षर छुटेको अवस्थामा यसरी थप गर्ने गरिन्थ्यो । थप गर्ने अक्षरहरू साँघुरो ठाउँमा लेख्नुपर्ने भएको हुँदा केही सानो आकारमा लेखिएको पाइएको छ । सुरुसुरुमा यसरी अक्षर थप गर्दा कुनै चिन्ह वा सङ्केतको प्रयोग गरिएको पाइदैन । पछिल्लो समयमा भने अक्षर थप गर्दा छुटेको ठाँउ सङ्केत गर्नका लागि काकपद(∧), हंसपद(×) तथा स्वस्तिक चिन्हको समेत प्रयोग गरिएको पाइन्छ (Sircar,1966,p.90) । नेपालमा भने लेखक, लिपिकार र कारिगरको सचेतताको कारणले अक्षर थप गर्नुपर्ने किसिमको त्रुटि त्यति पाइदैन ।

गलत अक्षर कुँदेर हुने त्रुटि : अभिलेख लेखनमा गलत अक्षर, शब्द वा वाक्यहरू लेखिएर पनि त्रुटि हुन सक्छ । लेखक वा लिपिकारले सावधानी नअपनाउँदा यस्तो त्रुटिहरू हुने गर्दछन् । भारतमा प्राप्त धेरै अभिलेखहरूमा यस्ता अनेकौ त्रुटिहरू रहेको र यस्ता त्रुटिहरू सच्चाउन अनेकौ उपायहरू अपनाइएको पाइएको छ । सामान्यतया यस्तो त्रुटिहरू सच्याउन भारतीय उपमहाद्वीपमा तीन उपायहरू अपनाइएको देखिन्छ ।

गलत अक्षरहरूलाई सच्याउने सबैभन्दा पुरानो र लोकप्रिय तरिका त्यस्ता अक्षरहरूलाई छिनोको सहायताले ठाडो र तेर्सो रेखाले काट्ने र सोही ठाउँको माथिल्लो भागमा शुद्ध अक्षरहरू लेख्ने रहेको थियो । यस्तो तरिकाको

राम्रो उदाहरण सम्राट अशोकले राखेको कालसी अभिलेख हो । भारतको उत्तर प्रदेश स्थित देहरादून जिल्लामा रहेको टौंस र यमुना नदीको संगममा कालसी नामक स्थान रहेको छ (पाण्डेय,संवत्२०२२,पृ.१) । यहाँ रहेको अशोकको शिला अभिलेखको ३१ औ पङ्क्तिमा भुलवस ' ति अ प सा ल हा' कुँदिएको रहेछ । त्यसलाई ठाडो र तेर्सो रेखाले काटेर त्यसै ठाउँमा पङ्क्ति माथि शुद्धपाठ 'प ल पा षं ड ग ल हा♣ ' कुँदिएको छ(Sircar,1966,p.90) । यो अभिलेख लेख्ने लिपिकारले राम्रो योजना विना नै अभिलेख लेखेको देखिन्छ । किनभने यसमा अक्षर सुरुसुरुमा ठिक्क उचाइ भएका कुँदिएका छन् भने विस्तारै अक्षरका उचाइ बढ्दै गएका छन् । यसले गर्दा लेख्ने ठाउँको कमी हुनगै लेख्न तयार. पारिएको ठाउँमा लेख नअटाएर प्रस्तरको बायाँतर्फको भागमा पनि लेखिएको छ (पाण्डेय,संवत्२०२२, पृ.१) । यही कारणले लिपिकारले अक्षर लेखनमा पनि त्रुटि गरेको र पछि सच्चाएको हुन सक्दछ ।

अभिलेखको गल्ती सच्याउने दोस्रो तरिका गलत अक्षरहरूमा प्रस्तरसँग मिल्दो जुल्दो धातुको झोल खन्याएर सतहलाई पुनः समतल पार्ने र त्यसमा आवश्यक अनुसारको शुद्ध पाठ कुँद्ने गरिन्थ्यो । यसरी प्रयोग गरिने धातुको सम्वन्धमा जर्ज वुलरको भनाई उधृत गर्दै दिनेशचन्द्र रेग्मीले '..राँगा जस्तो नरम धातु (राँड?) पगालेर त्यसमा भरिन्थ्यो र पुनः शुद्ध वर्ण कुँदिन्थ्यो' भनेका छन् (वि.सं. २०६०,पृ.२७) भने गौरीशंकर हीराचंद ओझाले भने त्यसमा पत्थरकै रडको मिश्रित धातु भरेर त्यसमाथि अक्षर कुँद्ने गरिएको बताएका छन् (सन् १९७१,पृ. १४८) । यसको राम्रो उदाहरण भारत अजमेरमा रहेको राजपूताना म्युजियममा रहेका केही अभिलेखहरूमा देख्न सकिन्छ । त्यहाँ रहेका चौहान राजा विग्रहराज(वीसल देव)ले रचना गरेको 'हरकेली नाटक'का अभिलेख र सोमेश्वर पण्डितले रचना गरेको 'ललित विग्रह राज नाटक'का दुई दुई समेत जम्मा चार शिलालेखहरूमा धेरै ठाउँमा धातु भरिएको छ र त्यसैमाथि अक्षरका अंश पनि कुँदिएको छ (ओझा,सन् १९७१,पृ.१४८) । नेपालमा भने हालसम्म यस्ता त्रुटिहरू सच्याउने उद्देश्यले अभिलेखमा धातुको प्रयोग गरिएको र त्यसमाथि पुनः लेखन गरेर सच्याइएको उदाहरण पाइएको छैन र अभिलेखविदहरूले आफ्ना पुस्तकहरूमा यसको चर्चा गरेको पनि पाइएको छैन ।

अभिलेखमा गलत अक्षर कुँदिएर भएको त्रुटि सच्याउने तेस्रो तरिका पनि भारतीय उपमहाद्वीपमा प्रचलनमा रहेको पाइएको छ । यसमा गलत अक्षरहरू कुँदिएको भागलाई छिनोको सहयोगले काटेर फाल्ने र समग्र सतहभन्दा केही होचो सतह कायम गरी सम्याउने र सोही होचो सतहमा नै शुद्ध अक्षरहरू कुँद्ने । यसरी पनि भारतका कतिपय अभिलेखहरूमा गल्ती सच्चाइएका

♣ यसलाई बि.एम. बरुआले 'पल पापंड गलहा' पढेका छन् । यसैलाई राजवलि पाण्डेयले भने 'पल पापंड गलता' पढेका छन् । हेर्नुहोस् राजवलि पाण्डेयको *अशोकके अभिलेख,* संवत् २०२२, पृ.३६ ।

पाइएको छ । यसका केही उदाहरण भारतकै राजपूताना म्युजियममै रहेका अन्य केही शिलालेखहरूमा देख्न सकिन्छ । सिरोही राज्यको वसन्तगढवाट प्राप्त राजा पूर्णपालको समयको सन् १०४२ मा लेखिएको अभिलेखमा गलत अक्षर लेखिएको सतहलाई छिनोले काटेर अन्य सतहभन्दा एक इन्चभन्दा केही कम (पाव इंच) गहिरो भागमा शुद्ध पाठ कुँदिएको छ(ओझा,सन् १९७१,पृ.१४८) । यसै गरी सोही म्युजियममा रहेका सन् ११०१ र सन् १११० का बाँसवाडा राज्यको अर्थूणावाट प्राप्त अभिलेखहरूमा सतहभन्दा एक इन्च गहिरो भागमा सच्याइएका अक्षरहरू कुँदिएका छन्(ओझा,सन् १९७१,पृ.१४८) । यसरी सच्याइएका अभिलेखहरू देख्दा केही नराम्रो देखिए तापनि पढ्न र बुझ्न सजिला देखिन्छन् । नेपालमा भने सच्याउने यो विधिको पनि त्यति उपयोग भएको देखिएको छैन । यहाँ लेखक, लिपिकार र कारिगरले समेत निकै सावधानी अपनाएर अभिलेख कुँदने गरेको देखिन्छ ।

धातुका अभिलेखमा हुने त्रुटि : प्रस्तरमा जस्तै धातुका अभिलेखहरूमा पनि गल्ती कुनै सम्भावना त्यतिकै रहन्छ । ताम्रपत्रहरूमा ज्यादै लामा र विस्तृत विवरणहरू कुँद्ने गरिन्छ । यस्ता लामा विवरणमा स्वभावैले धेरै त्रुटिहरू हुन पुग्दछन् । तर धातुको लचिलो विशेषता भएका कारणले यस्ता धातुमा लेखिएका अभिलेखका त्रुटि सच्याउन भने प्रस्तरको तुलनामा धेरै सजिलो हुने देखिन्छ । नेपाल र भारतमा समेत अत्यधिक लोकप्रिय रहेका ताम्रपत्र अभिलेखहरूमा लेख्ने वा कुँद्ने क्रममा त्रुटि हुन गयो भने त्यस्ता तामाका पातालाई हथौडाले पिटेर सतहलाई पुनः सम्म तुल्याइन्थ्यो । यसो गर्दा गल्तीले लेखिएका अक्षरहरू सजिलै मेटिन्थे र त्यसमाथि पुनः शुद्ध अक्षरहरू कुँदन सकिन्थ्यो । उभारयुक्त अक्षर भएका ताम्रपत्रहरूलाई पनि माथिवाट हथौडाले पिटेर अक्षर मेट्न सकिन्छ । तलवाट छिनोले उल्टो हुने गरी कुँदेमा उभारयुक्त अक्षर पुन सतहमा देखा पर्दछन् । त्यसै आधारमा धातुका अभिलेखहरूका त्रुटि सच्याइएको सहजै अनुमान गर्न सकिन्छ ।

काठ र माटोमा लेखिने अभिलेखहरूमा पनि यदाकता कमजोरी र त्रुटिहरू भए होलान् । तर यी साधन ज्यादै सर्वसुलभ रहने र सजिलै वनाउन सकिने भएको हुँदा सानो तिनो त्रुटि हुँदा पनि अभिलेख लेख्ने सामग्री पुरै फेर्न वा त्यसलाई हटाएर अर्को सामग्रीमा लेख्न सकिन्थ्यो त्यसैले हाल यस्ता काठ र माटोमा लेखिएका अभिलेखहरूमा भुल सुधार गरिएको उदाहरण त्यति पाइँदैन ।

***

अध्याय तीन

नेपाली अभिलेखका प्रकार

TYPES OF NEPALI INSCRIPTIONS

सामान्य लेख जस्तै अभिलेखहरू पनि स्वभाविकरूपले फरक विषय वस्तुका हुने गर्दछन् । माध्यमका हिसावले अभिलेखलाई प्रस्तरका, धातुका, काठका, हाडका र माटाका अभिलेख जस्ता अनेकौ प्रकारमा विभाजन गर्न सकिन्छ । अभिलेख लेख्ने प्रयोजन अथवा अभिलेखको विषय वस्तुलाई आधार मान्दा पनि यी अनेकौ प्रकारका देखिन्छन् । नेपालमा पाइएका अभिलेखहरूलाई विचार गर्दा पनि कतिपय अभिलेखहरू आफूले गरेका धार्मिक वा सामाजिक कार्यलाई लामो समयसम्म मानिसले सम्झना गरिराखुन् भन्ने उद्देश्यले राखिएको पाइन्छ । कतिपय अभिलेखहरू देशले जारी गरेको नियम कानुन सर्वसाधारणले पालन गरुन् भन्ने उद्देश्यले पनि राखिएको हुन्छ । कतिपय अभिलेखहरू राजाको विजय गाथाको प्रचार वा राजवंश वा राजाको व्यक्तित्वको प्रशंसा गर्ने उद्देश्यले पनि लेख्ने गरिएको पाइएको छ । कतिपय अभिलेखहरू कुनै घटनाको चीर स्मरणका लागि पनि लेखिन्छन् । त्यसैले अभिलेखहरूलाई तिनमा निहित रहेको विषयवस्तु वा अभिलेख लेख्नुको आशयलाई आधार मानेर पनि अनेकौ प्रकारमा विभाजन गर्न सकिन्छ । भारतीय पुरालेखनविद् एवं 'भारतीय अभिलेखशास्त्रका' लेखक डि.सी. सरकारले आफ्नो पुस्तकमा विषयवस्तुलाई आधार मानेर अभिलेखहरू मुख्य दुई किसिमका हुने कुरा बताएका छन् । पहिलो किसिममा त्यस्ता अभिलेखहरू पर्दछन् जुन शासनाधिकारीहरूले राखेका हुन्छन् र दोस्रो किसिममा त्यस्ता अभिलेखहरू पर्दछन् जुन व्यक्ति वा संगठनद्वारा राखिएको हुन्छ(Sircar,1965,p.2) यस्तो विभाजन नेपाली अभिलेखहरूको वर्गीकरणमा पनि सान्दर्भिक देखिन्छ । सांस्कृतिक समानता र मानिसको मनोविज्ञानमा भएको समानताले भारत र नेपालमा प्रायः एकै किसिमका विषयवस्तु उल्लेख भएका र एउटै प्रयोजनका लागि अभिलेख राख्ने परम्परा रहेको पाइन्छ । त्यसैले

नेपालका अभिलेखहरूलाई पनि निम्न लिखित प्रमुख दुई समूहमा वर्गीकरण गर्न सकिन्छ १. सरकारी अभिलेखहरू र २. व्यक्तिगत अभिलेखहरू ।

३.१.सरकारी अभिलेखहरू (Official Inscriptions)

विगतमा राज्यको तर्फबाट वा सरकारको तर्फबाट राखिएका अभिलेखलाई नेपालमा सामान्यतया सरकारी अभिलेखको समूहमा राख्न सकिन्छ । यस्ता अभिलेखहरू राजा, सामन्त वा भारदारहरूबाट कुँदाइएको हुन्छ । यस्ता अभिलेखको विषयवस्तु सामान्यतया देशका सबै सर्वसाधारणलाई सम्बोधन हुने किसिमले लेखिएका हुन्छन् । लिच्छविकालका राजाहरू, अंशुवर्मा(राजा हुनुअघि), भौमगुप्त, जिष्णुगुप्त, विष्णुगुप्त, मध्यकालीन मल्लराजाहरू, भगिरथ भैया, लक्ष्मीनारायण जस्ता व्यक्तिले राज्यको तर्फबाट जारी गरेका अभिलेखहरूलाई यसै समूहमा वर्गीकरण गर्न सकिन्छ । यी अभिलेख, राज्यको उर्दीको रूपमा लेखिएका छन् । यी वर्तमान राजपत्र जस्तै सर्वसाधारणको जानकारीका लागि सरकारी सूचना वा ऐन नियम प्रकाशित हुने माध्यमको रूपमा पनि रहेका छन् । साथै केही आधिकारिक सरकारी दस्तावेजका रूपमा पनि रहेका छन् । यसमा उल्लेखित विषयवस्तुलाई आधार मानेर यस्ता सरकारी अभिलेखहरूलाई भारतमा मुख्य चार प्रकारमा बाँडेर अध्ययन गर्ने गरिएको पाइन्छ । भारतका सरकारी अभिलेखहरूमा १. शाही घोषण २.राजकीय कार्य वा उपलब्धिहरुको प्रशंसा ३. राज्यले विद्वान वा ब्राह्मणलाई दिइएको दानको विवरण र ४. विविध विषय समेटिएका प्रमुख चार किसिमका अभिलेखहरू पाइन्छन् (Sircar,1965,p.3-4) । नेपालमा भने लिच्छवि र मल्लकालमा निकालिएका सरकारी अभिलेखहरूलाई निम्नलिखित ५ समूहमा वर्गीकरण गर्न सकिन्छ ।

३.१.१.राजाज्ञा, आदेश वा राजकीय घोषणा (Royal Charters, order and Proclamations)

विगतकालमा राजा स्वयंले अथवा राजाको अनुमति लिएर राजकीय सत्ता हातमा लिएका प्रशासकहरूले जनताको नाममा जारी गरेका आदेश वा घोषणाहरू यस समूहमा पर्दछन् । यी अभिलेखहरू साधारणतया प्रशासकीय व्यहोरा उल्लेख भएका अभिलेखभन्दा धेरै किसिमले समान व्यहोराका हुन्छन् । प्रसादशासन वा प्रशासकीय अभिलेखहरूमा जस्तो यसमा सबै जनतामा समानरूपले लागू हुने नियम वा कानुन उल्लेख नभै राजाको तर्फबाट कुनै घटना विशेषको सन्दर्भमा कुनै आदेश वा घोषणा गरिएको व्यहोरा कुँदिएका हुन्छन् । भारतीय सम्राट अशोकले प्रस्तरका चट्टानहरूमा र प्रस्तरके खम्बाहरूमा कुँदाएका अभिलेखहरू शाही घोषणा (Royal edicts)को वर्गमा पर्ने अभिलेखहरू हुन्(Sircar,1965,p.3) । यस्ता अभिलेखमा राजाले जनतालाई कुनै अधिकार दिएको वा खोसेको, जनताप्रति खुसी वा आभार प्रकट गरेको वा

कुनै विशेष स्थिति वन्दोवस्त मिलाएको घोषणा गरिएको हुन्छ । नेपालका लिच्छवि र मध्यकालका धेरै अभिलेखहरूमा यस्ता राजाज्ञा वा राजकीय घोषणाका प्रसङ्गहरू पाइन्छ । शिवदेव प्रथमले सन् ५९७ मा सतुङ्गलमा राखेको एक अभिलेखमा अंशुवर्माको सिफारिसमा उनले कादुङ गाउँका वासिन्दाहरू सबैतिरको जङ्गलमा घाँस, पात, दाउरा लिन जाँदा र आउँदा समेत कसैले पनि हँसिया, कटारी वञ्चरो र काठ पात खोस्न नपाउने भन्ने राजाज्ञा जारी गरेका छन् (वज्राचार्य, वि.सं.२०५३,पृ.२६४) यो राजाज्ञाको राम्रो उदाहरण हो । सन् ५९८मा शिवदेव प्रथमले खोपासीमा राखेको अर्को एक अभिलेखमा आफ्नो अनुमति लिएर अंशुवर्माले जारी गरेको आदेश भन्दै कुर्प्पासी गाउँका वासिन्दालाई जनै पिच्छे पचासवटा सेता जातका माटा (कमेरो) बुझाउनु भन्ने आदेश जारी गरिएको व्यहोरा उल्लेख गरिएको छ (वज्राचार्य, वि.सं.२०५३,पृ.२७५) । सन् ६४० मा लिच्छवि राजा भिमार्जुन देव र विष्णुगुप्तले यङ्गालहिटीमा राखेको एक अभिलेखमा विष्णुको जलाशायी मूर्ति निर्माण गर्न लायकको ठूलो ढुङ्गो तानेर ल्याउन सहयोग पुराएको घटनावाट प्रभावित भै राजाले दक्षिणकोली ग्रामका वासिन्दालाई अवदेखि कल्ली, वाजु, र पाउजेबलाई छाडेर अरु सवै गहना लगाउन पाउने अधिकार दिएको घोषणा गरिएको विवरण उल्लेख गरिएको छ (वज्राचार्य, वि.स.२०५३,पृ.४४४) । सर्वसाधारणहरूले गहना लगाउन नपाइने त्यस युगमा यो राजाज्ञावाट त्यस गाउंका जनताले ठूलो अधिकार प्राप्त गरेको वुझिन्छ । सन् १६९९ मा योगनरेन्द्र मल्लले आफ्नै दरवारको मूलचोकमा राखेको एक ताम्रपत्र अभिलेखमा गोष्ठी भित्रका मानिसहरू मर्दा अरूले डेढ महिना आशौच वार्नुपर्ने तर श्री श्री राजाले चाँहि राजदरवारवाट वाहिर गएकाको १२ दिनमात्र आशौच वार्नुपर्ने घोषणा गरेका छन् (वज्राचार्य, वि.सं.२०५६,पृ.३१३)। यी सवै राजाज्ञा वा शाही घोषणा सम्वन्धी अभिलेखहरूका केही उदाहरणहरू हुन् । लिच्छवि र मल्लकालमा समेत राजाको वोली वा आदेश नै कानुन हुन्थ्यो र त्यस्ता आदेशहरूलाई कानुन सरह सवैले निसर्त पालन गर्नुपर्दथ्यो । त्यसैले यस्ता राजाज्ञाहरूलाई अभिलेखमा कुँदाएर सार्वजनिक स्थानमा राख्न लगाइन्थ्यो । जसले गर्दा कसैले पनि राजाको आदेश आफूलाई थाहा नभएको भन्न पाउँदैनथ्यो । राजाले यस्ता आदेशहरू जारी गर्नुअघि प्रमुख प्रशासक, भारदार वा धर्मशास्त्र जान्ने पण्डितहरूसँग सल्लाह र सुझाव लिने गरेको कुरा पनि यस्ता अभिलेखहरूमै उल्लेख गरिएको पाइन्छ ।

३.१.२ प्रशासनिक वा *प्रसादशासन* (Administrative or *Prasadashasana*)

नेपाली अभिलेखहरू मध्ये प्रशासनिक नियम वा स्थिति वन्दोवस्तका लागि राजा वा प्रशासकहरूले जारी गरेका अभिलेखहरूलाई यस समूहमा समावेश

गर्न सकिन्छ । यी प्रायः लामो विवरणात्मक र वर्णनात्मक शैलीमा लेखिएका हुन्छन् । यस्ता सवै अभिलेख शिलापत्रमा लेखिएको पाइएको छ । प्रायः प्रशासन सम्वन्धी कुराको साथसाथ राजाले गरेको निगाह वा प्रसादको चर्चा गर्ने अभिलेखहरूलाई प्रसादशासनपट्टक भनिएको छ (रेग्मी,वि.सं.२०६०,पृ.४८) । यी अभिलेखहरू त्यसवेलाका सरकारी दस्तावेज सरहको मान्यता प्राप्त लेख्य सामग्री थिए । त्यसवेलाका संविधान, ऐन, कानुन र विनियमको कार्य यस्तै अभिंलेखहरूले गर्दथे । त्यसैले यी निश्चित ढाँचा वा व्यहोरामा लेखिएको पाइन्छ । विशेष गरेर लिच्छविकालमा राखिएका यस्ता प्रशासनिक अभिलेखहरूमा जारी गर्ने राजाको नाम, जारी भएको राजदरवारको नाम, आदेशको लागि राजामा अनुरोध पेश गर्ने प्रशासक, आदेश पालना गर्नुपर्ने लक्षित जनता वस्ने गाउँको नाम,गाउँका जनताहरूलाई राजाले कुशलमंगल सोधेको विषय, जारी भएको मिति र यस्तो आदेश पालन नगर्नेलाई दण्डित हुनुपर्ने व्यहोरा उल्लेख गरेर मात्र प्रशासनिक विषय उल्लेख गरिएको पाइएको छ । जनतालाई कर लगाइएको वा करवाट मुक्त गरिएको विषय, सरकारी कर्मचारीहरूलाई जिम्मेवारी तोकिएको वा जिम्मेवारीवाट मुक्त गरिएको विषय, कुनै सरकारी कार्यालय र ती कार्यालयका कर्मचारीहरूलाई कुनै गाउंमा पसेर जनतालाई दुखःदिन नपाउने विषय, कतिपय कार्यकारी अधिकार एक व्यक्ति वा संस्थावाट अर्को व्यक्ति वा संस्थामा हस्तान्तरण गरिएको विषय, कुलो पानीको वन्दोवस्त मिलाइएको विषय, न्याय सम्पादन गर्ने कार्यविधिको विषय जस्ता अनेकौ विषयमा यस्ता प्रशासकीय वा प्रसादशासन अभिलेखहरू कुँदिएको पाइएको छ ।

लिच्छविकालका यस्ता अभिलेखहरू प्रशस्त रहेका छन् । यी मध्ये सन् ५९४ मा शिवदेव र अंशुवर्माले पाटन भिमसेन स्थानमा राखेको अभिलेख पनि एक महत्त्वपूर्ण उदाहरण हो । यसमा कुनै एक गाउंमा* 'कुथेर अड्डाका कर्मचारीहरू 'त्रिकर' उठाउने प्रयोजनका लागि मात्र पस्न पाउंछन् । यसवाहेक .... लिङ्वल, सुल्ली अधिकरण (कार्यालय)ले पञ्चापराधको तहकिकात आदि गर्न पनि यहां पस्नु हुंदैन र यस द्रङ्ग(वजार)का वासिन्दाहरूमा लागीआएको लसुन र प्याजको कर पनि माफ गरिदिएको छ' भन्ने व्यहोरा उल्लेख गरिएको छ(वज्राचार्य,वि.स.२०५३,पृ.२४५) । सन् ५९४ मै शिवदेव र अंशुवर्माले गोलमढी टोलमा राखेको अर्को एक अभिलेखमा पनि माखोपृङ द्रङ्गमा कुथेर अधिकरणले त्रिकर उठाउन मात्र प्रवेश गर्न सक्ने तर पञ्चापराध र लेख्यदानको तहकिकात गर्ने काममा समेत पस्न नपाउने नियम वनाइएको छ

* यंस अभिलेखमा गाउंको नाम लेखिएको ठाउंमा शिला खिइएको हुंदा गाउंको नाम पढ्न सकिएको छैन । अभिलेखको अन्य भागमा यस द्रङ्गमा भन्ने शब्द प्रयोग भएको छ । त्यसैले यो एक वजारमा विकसित भएको कुनै वस्ती थियो भन्ने देखिंन्छ ।

(वज्राचार्य,वि.स.२०५३,पृ.२५१) । यहाँ सरकारी कर्मचारी र पछि हुने राजालाई समेत यो नियमको पालन गर्नु भनिएको छ । सन् ५६० का गणदेव र भौम गुप्तले चौकीटार, बलम्वु, किसिपिंडी र सतुङ्गलमा राखेका अभिलेखहरूमा पनि चारवटै अधिकरणहरूलाई पञ्चापराध र लेख्यदानको तहकिकात गर्न समेत गाउँमा पस्न नपाउने नियम बनाइएको छ (वज्राचार्य,वि.स.२०५३,पृ.१८७-१९३)।

लिच्छविकालीन प्रशासनिक अभिलेखको अर्को महत्त्वपूर्ण उदाहरण नक्साल नारायणचौरबाट प्राप्त अभिलेख पनि हो । धेरै खिइएको र खण्डित रहेको यस अभिलेको पूर्ण पाठ पढ्न सकिएको छैन । मिति र राजाको नाम पढ्न नसकिएको यस अभिलेखलाई धनवज्र वज्राचार्यले जयदेव द्वितीयको समयतिरको अभिलेख भनेका छन् । यसमा अनेकौ प्रशासनिक विषयहरू समेटिएका छन् । मुद्दाको फैसला गर्दा साक्षीलाई सिकाउन नहुने, इसाराद्वारा मुद्दाको कुरा प्रकट गर्न नहुने, लिखत हिनामिना गर्न नहुने, मुद्दाको पुनरावेदन रोगमाचौ दौवारिक कहाँ दर्ता गराउनु पर्ने जस्ता नियमहरू र यी नियम उल्लङ्घन गर्नेहरूलाई हुने जरिवानाको अङ्कसमेत तोकिएको नियम लेखिएको छ (वज्राचार्य,वि.स.२०५३,पृ.५६८) । यसै अभिलेखमा ताम्रकुट्टशाला, मानेश्वर; शाम्भपुर, त्यप्रिंग, पुठम्प्रिङ्ग ,जमयम्वी, पुंदट्ट यी ग्रामहरूलाई द्रङ्गको रूपमा मान्यता दिइएको विषय उल्लेख गरिएको छ(वज्राचार्य,वि.सं.२०५३,पृ.५६८) यसवाट लिच्छविकालमा पनि आजभोलि जस्तै सरकारले विकासको अवस्था हेरेर गाउँलाई बजारको रूपमा घोषणा गर्दो रहेछ भन्ने थाहा पाइएको छ ।

सन् ५९७ मा अशुवर्माले हाँडीगाउँमा राखेको एक अभिलेखमा राजाको निगाहले अधिकारीको रूपमा नियुक्ति पाउने व्यक्तिले विभिन्न देवदेवी र अन्य निकायमा बुझाउनु पर्ने मर्यादा पण वा मयार्दा दस्तुर तोकिएको छ । यहाँ यस्ता अधिकारीहरूले मन्दिर, देवदेवी, राजप्रसाद अधिकृत, राज्याभिषेकको हात्ती, हल्कारा, भण्डारी, पूजारी आदिलाई दिनुपर्ने नगद तोकिएको छ (वज्राचार्य,वि.स.२०५३,पृ.३०२) । यसबाट कुनै लाभको सरकारी पद मा नियुक्ति पाउने व्यक्तिले विभिन्न ठाउँमा दस्तुर बुझाउनु पर्ने नियम रहेको देखिन्छ । मध्यकालमा पनि यस्ता अनेकौ प्रशासनिक अभिलेखहरू राखिएका छन ।

३.१.३ सरकारी दानदातव्य वा *दानशासन* (Donative or Danashasans)

कुनै व्यक्ति वा संस्थालाइं दान दिएको विषयलाई चिरस्थायी वनाउने उद्देश्यले राखिने अभिलेखलाई दान दातव्य सम्बन्धी अभिलेख भनिन्छ । यस्तो दान नगद, जिन्सी वा जग्गा जमिन आदि हुन सक्दछन् । नेपालमा भने विभिन्न धार्मिक संस्थाहरूलाई र व्यक्तिलाई समेत भूमि दान गरेर यसको स्थायीत्वको लागि र सम्झनाका लागि अभिलेख राख्ने चलन निकै लोकप्रिय रहेको देखिन्छ ।

भूमि दान व्यक्ति विशेष र सरकारका तर्फबाट समेत हुने गर्दथ्यो । यी मध्ये भूमि दान सम्वन्धी राजकीय अभिलेखलाई 'दानशासन' भनिन्छ (रेग्मी, २०४८, पृ.४१) । राज्यको तर्फबाट तत्कालीन राजाले कुनै व्यक्ति वा संस्थालाई चार किल्ला छुट्याएर सधैका लागि भूमिदान दिएको र दान पाउने व्यक्ति र दान दिएको जग्गाभित्र बस्ने नागरिकहरूले गर्नुपर्ने कर्तव्यसमेत किटान गरी लेखिएका अभिलेखहरू नै दानशासन अभिलेखहरू हुन् । लिच्छवि राजा वसन्तदेवको पालादेखि मध्यकालसम्मका धेरै अभिलेखहरूमा यस्ता भूमि दानको विवरणहरू कुँदिएको पाइन्छ । त्यसैले यी पनि नेपाली अभिलेखका प्रमुख प्रकार अन्तर्गत पर्दछन् ।

राजा वसन्तदेवले सन् ५०६ मा थानकोट आदिनारायण मन्दिरमा राखेको अभिलेख दानशासन अभिलेखको पहिलो महत्त्वपूर्ण उदाहरण हो । यस अभिलेखमा उनले आफ्नी वहिनी जयसुन्दरीलाई सन्तान दरसन्तानले भोग गर्न पाउने गरी जयपल्लिका गाउँ नै दान दिइएको विषय उल्लेख गरिएको छ(वज्राचार्य, वि.सं. २०५३, पृ.९३) । यस अभिलेखमा दान दिनुअघि गाउँलाई 'कोट्टमर्यादा'ले युक्त गरिएको, 'चाटभाट'लाई गाउँ पस्न नपाउने पारिएको, गाउँमा बस्ने व्यक्तिहरूले भाग,भोग र कर जस्ता दस्तुरहरू जयसुन्दरीलाई नै बुझाउनुपर्ने नियम बनाइएको र यो आदेश उनीपछि हुने राजाले समेत मान्नुपर्ने व्यहोरा समेत उल्लेख गरिएको छ ।

अंशुवर्माले सन् ६१० मा पाटन सुन्धारामा राखेको अभिलेख पनि भूमि दान वा दानशासनको अर्को एक उदाहरण हो । यहाँ माटिङ ग्रामको देव मन्दिरलाई जीर्णोद्धार गरेर सो देवमन्दिर पछि धेरै कालसम्म राम्रो हालतमा रहिरहोस् भन्नका लागि माटिङग्रामको दक्षिणतर्फ र दक्षिण-पश्चिमतर्फ रहेका खेतहरू कोइलाकाँटा गरी मटिङग्रामका पाञ्चालिकहरूलाई सुम्पिएको विषय उल्लेख गरिएको छ (वज्राचार्य,वि.सं.२०५३,पृ.३४०) । त्यसै गरेर अंशुवर्माले नै सन् ६१३ मा टिस्टुङ्ग गाउँबाट एक कोश जति पूर्व दक्षिणमा पर्ने तौखेल गाउँमा राखेको अभिलेख पनि दानशासन अभिलेखको उत्कृष्ट उदाहरण हो । यस अभिलेखमा तिमीहरूको गाउँमा भैंसी सम्वन्धी ठूलो कष्ट परिरहेको छ भन्ने थाहा पाएर सो कष्ट हटाउन हामीबाट गाउँ अन्त सार्नको लागि जग्गा निगाह गरिदिइएको छ भन्ने व्यहोरा उल्लेख भएको छ(वज्राचार्य,वि.स.२०५३,पृ.३४९) । यस अभिलेखमा सिङ्गो गाँउलाई नै सार्न पुग्ने भैंसी पालनका लागि उपयुक्त विशाल भू-क्षेत्र सधैंका लागि गाउँलेलाई दिइएको देखिन्छ । किनभने अभिलेखमै पछि हुने राजाले पनि ऐन कानुनलाई ठूलो सम्झी अघिका राजाले गरेको निगाह थाम्नमा राम्ररी मन लाउनुपर्छ भनिएको छ ।

शिवदेव प्रथम र अंशुवर्माले केही भिन्न प्रकृतिको दानशासन अभिलेख सन् ६०४ मा लेलेमा राखेको पाइएको छ । यस अभिलेखमा पहिलेका राजाले र अरू सज्जनहरूले पुण्य वढोस् भनी जुन खेतहरू दान दिइएका थिए ती कसैले हिनामिना गर्न नपाओस् भन्नका लागि र धेरै कालसम्म ती कायम रहुन् भन्नका लागि हाम्रो अनुमति लिएर अंशुवर्माले यो शिलापत्र गरिदिएका छन् भनिएको छ (वज्राचार्य,वि.सं.२०५३,पृ.२८४) । यहाँ आफूले नभै पहिलेका राजाले दिएको भूमि दानलाई हिनामिना हुनबाट रोक्न अभिलेख राखिएको छ । त्यसैले यो पनि एक राजकीय भूमि दानको निरन्तरताको अभिलेख हो ।

लिच्छविराजा शिवदेव द्वितीयले सन् ६९५ मा लगनटोलमा राखेको अभिलेख पनि दानशासन अभिलेख हो । यसमा पनि शिवदेवले कोट्टको स्थिति बन्देजले युक्त भएको, चाटभाटले पस्न नपाउने गरिएको वैद्यग्रामलाई आमा बाबु र आफ्नो पुण्य बढोस् भनेर सूर्य चन्द्र र पृथ्वी रहुन्जेलका लागि भूमिच्छिद्रन्यायले विर्ता गराई वंश पाशुपत सम्प्रदायका आचार्यहरूलाई (दान) दिएको व्यहोरा लेखिएको छ (वज्राचार्य,वि.सं.२०५३,पृ.५१५) ।

लिच्छविकालमा जस्तै मध्यकालमा पनि भूमि दान दिएर राजाहरूले अभिलेख राख्ने गरेका थिए । सन् १७५१मा राज्यप्रकाश मल्लले फर्पिङ्मा राखेको अभिलेख यसकै उदाहरण हो । यो अभिलेखमा पनि राज्यप्रकाश मल्लले श्री शिखर नारायणको मन्दिर र नृसिंह देवतालाई लक्षित गरेर खेत गुठी राखिदिएको विवरण दिइएको छ(वज्राचार्य,वि.स.२०५६,पृ.४४५) ।

नेपालमा राखिएका दानशासन अभिलेखहरूमा जग्गाको चारकिल्ला तोकेर, उक्त क्षेत्रभित्रको भूमिलाई 'कोट्टमर्यादा' कायम गरेर, 'चाटभाट'लाई उक्त क्षेत्रमा प्रवेश गर्न प्रतिवन्ध लगाएर र भूमिच्छिद्रन्याय युक्त गराएर मात्र दानदिने गरिएको वर्णन पाइन्छ । कोट्टमर्यादा कायम गर्नु भनेको जमिनलाई किल्लावन्दी गरेर विशेष सुविधा प्रदान गरिएको भन्ने हो । चाटभाट त्यसवेलाको मालपोत उठाउने कर्मचारी हो (वज्राचार्य,वि.स.२०५३,पृ.९९ भने भूमिच्छिद्रन्यायको अर्थ सरकारलाई कुनै आम्दानी नहुने खालको र ब्राह्मणहरूलाई अध्ययन, यज्ञ, वा तपस्या गर्नका लागि जमिन दान गर्ने परम्परा वा प्रचलन हो (वज्राचार्य, वि.स.२०५३, पृ ५१७) । यी सबै वन्दोवस्त मिलाएर तथा राज्यको नियन्त्रणबाट मुक्त गरेर मात्र त्यसवेला भूमि दान दिने गरिएको देखिन्छ । यी अभिलेखमा यस्तो दान सधैंका लागि होस् भन्ने कुरामा विशेष जोड दिएको पाइन्छ । त्यसैले अभिलेखको अन्त्यमा यसरी दान दिएको भूमि खोस्ने व्यक्तिलाई दण्डित गरिने र आफूपछि हुने राजाले खोसेमा ठूलो पाप लाग्ने व्यहोरा पनि लेखिएको पाइन्छ ।

३.१.४. प्रशस्ति (Eulogies or Prashasti)

राजाको वंश वा खानदानको, उनको व्यक्तित्व, गुण र चरित्रको तथा उनको दानशीलताको र वहादुरीको सकारात्मक वर्णन गरेर राखिएका अभिलेखहरूलाई प्रशस्ति भनिन्छ । विगतका शासकहरूले आफ्नो यश र कीर्ति चिरकालसम्म मानिसले सम्भना गरिरहुन् भनी यस्ता प्रशस्तिहरू अभिलेखमा कुँदाउने गर्दथे । नेपालमा' यस्ता प्रशस्तिहरू प्रायः प्रस्तरका स्तम्भहरूमा कुँदाउने गरिएको पाइएको छ । यस्ता स्तम्भलाई कीर्तिस्तम्भ पनि भनिन्छ । केही प्रशस्ति भने शिलापत्रहरूमा पनि कुँदिएका छन्* ।

भारतको जुनागढ चट्टानमा कुँदिएको रुद्रदामा प्रथमको अभिलेख तथा इलाहवादमा रहेको समुद्रगुप्तको स्तम्भ अभिलेख यस्तै प्रशस्ति वा काव्य अभिलेखहरू हुन् (Sircar,1965,p.3)। यस्ता कतिपय प्रशस्ति अभिलेखहरू त महान क्षमता भएका कविहरूवाट रचना गरिएका छन् (Sircar,1965,p.4) । नेपालको सन्दर्भमा लिच्छवि राजा मानदेवले सन् ४६४ मा भक्तपुरको चाँगुनारायण मन्दिरमा राखेको गरुडस्तम्भ अभिलेख र जयदेव द्वितीयले पशुपति मन्दिरको पश्चिमतर्फ एक शिलापत्रमा लेखाएका अभिलेखहरू लिच्छविकालका प्रशस्ति अभिलेखका उत्कृष्ट उदाहरणहरू हुन् । चाँगु अभिलेखमा मानदेवले आफ्नो उच्च कुलको वर्णन गर्दै आफूले वहादुरीपूर्वक पूर्व र पश्चिमका सामन्तहरूको दमन गरी राष्ट्रिय अखण्डता कायम गरेको वर्णन अभिलेखमा सगौरव कुँदाएका छन्(वज्राचार्य,वि.सं.२०५३,पृ.१३-१५) । जयदेव द्वितीयले पनि पशुपति अभिलेखमा आफ्नो कुल वा वंशको, आफ्नो ससुराली खानदानको र आफ्नो व्यक्तित्वको प्रशंसा गर्दै आफूले पशुपतिमा सुन र चाँदी धातुको मिश्रणवाट बनाइएको सुन्दर कमलको फूल चढाएको वर्णन गरेका छन्(वज्राचार्य,वि.स.२०५३,पृ.५५२) ।

नेपालका मध्यकालीन शासकहरूले पनि अनेकौ प्रशस्ति अभिलेखहरू कुँदाएको पाइएको छ । सन् १५५४मा तत्कालीन पाटनका शासक विष्णु सिंहले भृगारेश्वरमा राखेको अभिलेख पनि यस्तै काव्यात्मक राजप्रशस्ति नै हो । यस अभिलेखमा विष्णु सिंहले आफ्नो पूर्वजहरू जय सिंह, कीर्ति सिंह, कुसुम सिंह र आमा जयल्लक्ष्मीको गुणगान गर्दै, आफ्नो दानशिलताको वखान गर्दै आफूले भृङ्गारेश्वर महादेवको मन्दिर निर्माण गरेको कुरा निकै काव्यात्मक शैलीमा लेखाएका छन्(वज्राचार्य,वि.सं.२०५६,पृ.१३-१४) । यसै गरी सन् १५६९ मा पाटनकै शासक उद्धव सिंहले मंगलवजार क्षेत्रमा राखेको र हाल राष्ट्रिय संग्रहालय

* अधिकांश प्रशस्ति प्रस्तरका खम्वाहरूमा लेखिएको भएतापनि पशुपतिमा लिच्छवि राजा जयदेव द्वितीयले राखेको प्रशस्ति अभिलेख भने ठूलो शिलापत्रमा लेखिएको छ ।

छाउनीमा राखिएको अभिलेख पनि प्रशस्ति अभिलेखको अर्को उदाहरण हो । यस अभिलेखमा पूर्वज र आफ्नो उच्च राजकीय व्यक्तित्वको प्रशंसा गर्दै ज्यादै सुन्दर आदि नारायणको मन्दिर निर्माण गरी लक्षाहुति यज्ञ गरेको विवरण कुँदाइएको छ(वज्राचार्य,वि.सं.२०५६,पृ.३२-३४) । यसै गरेर सन् १६६६ मा श्रीनिवास मल्लले दरबारको मूलचोकमा राखेको अभिलेख र सन् १७०५ मा सिद्धिनरसिंह मल्लले पाटनको कृष्णमन्दिरको निमार्ण गरी सोही ठाउँमा राखेको अभिलेखहरू राजकीय प्रशस्तिका उत्कृष्ट उदाहरणहरू हुन् । यी अभिलेखमा श्रीनिवास मल्लले मूलचोक निर्माण र चोकको बीचको मन्दिर निमार्णको विषय (वज्राचार्य,वि.सं.२०५६,पृ.१४३)र सिद्धिनरसिह मल्लले कृष्ण मन्दिर निमार्णको विषय अभिलेखमा लेखाएका छन्(वज्राचार्य,वि.सं.२०५६,पृ.३४९)। तर यी दुवै अभिलेख राजकीय प्रशस्तिको शैलीमा लेखिएका छन् ।

नेपाली प्रशस्ति अभिलेखहरूको मुख्य विशेषता तिनमा वर्णन गरिने राजाको गुणगान नै प्रमुख हो । यस बाहेक स्तरीय र लाक्षणिक भाषाशैली र काव्यात्मक प्रस्तुति पनि यस्ता अभिलेखका मुख्य विशेषता रहेको पाइन्छ । चाँगु अभिलेख छन्दबद्ध कवितामा लेखिएको छ । जयदेव द्वितीयको पशुपति प्रशस्ति अभिलेख स्वयंमा(३४औ श्लोकमा) यसलाई काव्य भनिएको छ । गद्यमा लेखिएका प्रशस्तिहरू पनि निकै स्तरीय साहित्यिक भाषामा लेखिएको पाइन्छ । देवीदेवता, राजा र राजाका पूर्वजहरूलाई आदर्श उपमा सहित प्रशंसा गरेर लेख्ने गरिएको देखिन्छ । राजदरवारमा रहने तत्कालीन विद्वान कविहरूले * निकै मेहेनतका साथमा यी अभिलेखको रचना गरेको देखिन्छ । यस्ता कविहरूमा धर्मग्रन्थ र पुराणहरूका विषयमा गहिरो ज्ञान रहेको देखिन्छ । किनभने यी अभिलेखमा राजालाई र राजाका पूर्वजहरूलाई पौराणिक आदर्श पात्रहरू र पौराणिक धार्मिक पात्रहरूसँग तुलना गरिएको हुन्छ । कतिपय प्रसङ्गमा त पौराणिक पात्रभन्दा पनि राजालाई उच्च स्थानमा राखिएको पाइन्छ । उदाहरणको लागि श्रीनिवास मल्लको प्रशस्तिमा उनलाई गरिएको प्रशंसालाई हेरौ :

* राज प्रशस्ति अभिलेखका रचनाकार कविहरू सबैको विवरण अभिलेखमा पाईदैन । पशुपतिमा जयदेव द्वितीयले राखेको प्रशस्तिमा भने विद्वान राजा स्वयंले बनाएका राम्रा पांच श्लोक बाहेक यो अपूर्व काव्य राजा उपरको स्नेहले बुद्धकीर्तिले बनाएका हुन् भनिएको छ । त्यसैले लिच्छविकालका राजकीय प्रशस्तिका एक लेखक बुद्धकीर्ति थिए भन्ने थाह भएको छ ।

"देवराज(इन्द्र) योनिले सिंगारिएका छन् । कामदेव अङ्ग नै नभएका छन् । मृगराज(सिंह) चाहिँ पशु हो । कुवेर किंपुरुषहरूका मालिक हुन् । वरुणले पाश लिएका छन् । यमराज चाहिँ प्रेतहरूका राजा हुन् । सूर्य राहुवाट ग्रस्त छन् । चन्द्रमामा दाग लागेको छ । यसकारण राजा श्रीनिवास मल्लसँग दाँजो लाग्ने संसारमा कोही छैनन्(वज्राचार्य, वि.सं.२०५६, पृ.१४३) । "

यहाँ अभिलेखका लेखकको पौराणिक कथाको उच्च ज्ञान र उनले राजालाई पौराणिक देवताहरूभन्दा पनि उत्तम देखाउन प्रस्तुत गरेको तर्क निकै उच्चस्तरको देखिन्छ ।

यस्ता अभिलेखहरूको अर्को विशेषता देवताको कलात्मक र काव्यात्मक स्तुतिबाट अभिलेखको सुरुवात गरिनु पनि हो । चाँगु अभिलेखमा दोला शिखरस्वामीको, पशुपति अभिलेखमा पशुपतिको, विष्णु सिंहको अभिलेखमा भृंगारेश्वर महादेवको, उद्धव सिंहको अभिलेखमा नारायणको र श्रीनिवास मल्लको अभिलेखमा देवी पार्वतीको कलात्मक स्तुति गरी अभिलेखको सुरुवात गरिएको छ । यसपछि यस्ता अभिलेखमा राजाको कूल वा वंशको वर्णन गरिएको पाइन्छ । सबै अभिलेखमा आफ्नो कूललाई पौराणिक आदर्श राजा र चर्चित ऐतिहासिक शासकसँग जोडेर आफू ठूलो कुल वा वंशमा जन्मिएको वर्णन गरिएको हुन्छ । जयदेव द्वितीयको प्रशस्तिमा त आफूलाई ब्रम्हा, सूर्य, मनु, दशरथ जस्ता पौराणिक पात्रहरू आफ्नै वंशजका थिए भन्ने वंशावली प्रस्तुत गरिएको छ ।

यसपछि प्रशस्ति अभिलेखमा राजाको ज्यादै कलात्मक ढङ्गले प्रशंसा गरिएको हुन्छ । चाँगु अभिलेखमा राजा मानदेवलाई गरिएको वर्णन यस्तो छ :

"छोरा (राज्यवतिका छोरा मानदेव) पनि छातीदार, पराक्रमी, धैर्यवान, सहनशील, दुनियाँमा प्रेम गर्ने, काम गर्ने तर नउड्कने, मुसुक्क हाँसी कुरा गर्ने, सधै आफै अघिबाट बोल्ने, तेजिला भए पनि घमण्ड नगर्ने, लोकको व्यवहारलाई ठीक ठीक पहिचान्ने, गरीब र अनाथहरूका मित्र, पाहुनालाई प्यारो गर्ने, शत्रुहरूको घमण्ड तोड्ने, हतियार चलाउने र रोक्ने काममा सिपालु हुनाले सच्चा पराक्रम जाहेर भएका, राम्रा हात भएका, वाना लाएको सुन जस्तै मिहिन सफा वर्ण भएका, पुष्ट काँध भएका, फुलेको नील कमलको पातको जोडा लाग्दो आँखा भएका, साक्षात् देह धरेका कामदेव जस्ता, सुन्दरीका विलासको उत्सव स्वरूप हुनुभयो (वज्राचार्य,वि.स २०५३,पृ.१५)"।

यहाँ राजा मानदेवलाई प्रशंसा गर्न कुनै शब्द र उपमा बाँकी नराखिएको देखिन्छ । यसपछि मात्र अभिलेखको विषय वर्णन गरिएको हुन्छ । यसपछि युद्ध विजय गरिएको, कुनै धार्मिक स्मारकहरू, राजदरबारको चोक आदि निर्माण गरिएको कुरा निकै काव्यात्मक शैलीमा वर्णन गरिएको हुन्छ । तिथि मिति लेखेर अभिलेखको अन्त्य गरिएको पाइन्छ । ज्यादै अतिशयोक्तिपूर्ण वर्णन गरिएको कारणले यस्ता अभिलेखहरूमा राजा र उनका पूर्वजको बारेमा बताइएको बहादुरी र व्यक्तित्व जस्ताको तस्तै बुझ्न नहुने देखिन्छ ।

३.१.५ सन्धि पत्र (Treaties or *Sandhipatra*)

नेपालमा प्राप्त अभिलेखहरूमध्ये दुई देशबीचमा भएका सन्धि सम्झौताको विषय उल्लेख भएका अभिलेखहरू पनि उल्लेख्य सङ्ख्यामा पाइएका छन् । त्यसैले यी पनि नेपाली अभिलेखका एक प्रकार मान्नु पर्दछ । सरकारी अभिलेखको समूहमा पर्ने यस्ता अभिलेखहरू पनि विशेष भाषामा लेखिएको पाइन्छ । लिच्छविकालमा नेपाल राज्य विस्तृत भू-भागमा फैलिएको थियो । छिमेकी राज्यसँग निरन्तर युद्ध र सन्धि गर्नुपर्ने अवस्था त्यति नरहेको देखिन्छ । त्यसैले प्राप्त लिच्छविकालका अभिलेखहरूमा दुई देशबीचको सन्धिको व्यहोरा लेखिएको पाइएको छैन । पछिल्लो मध्यकालमा भने काठमाडौं उपत्यकामा मात्र तीनवटा मल्ल राज्यहरू रहेका थिए र ती राज्य आपसमा निरन्तर युद्ध गरिरहन्थे । त्यसैले त्यतिबेला दुई राज्य आपसमा मिलेर मैत्री सन्धि गर्ने र तेस्रो राज्यमाथि आक्रमण गर्ने राजनैतिक संस्कृति नै बनिसकेको थियो । त्यसैले मध्यकालका यस्ता सन्धिपत्र अभिलेखहरू प्रशस्त पाइएका छन् । यस्ता अभिलेखहरू ताम्रपत्रमा कुँदिएको पाइन्छ । प्रायःयस्ता अभिलेखहरू नेपाल भाषामा लेखिएका छन् ।

सन्धिपत्र अभिलेखको एक उत्कृष्ट उदाहरण पाटन दरबारको मूलचोकमा राखिएको योगनरेन्द्र मल्लको पालाको सन् १६९८ को ताम्रपत्र अभिलेख हो जसमा पाटनका राजा योगनरेन्द्र मल्ल, काठमाडौंका भुपालेन्द्र मल्ल र भक्तपुरका भूपतिन्द्र मल्लबीचमा भएको त्रिपक्षीय सन्धि कुँदिएको छ । त्यसबेलाको शक्तिशाली भारदार महादेव ओझा र उसको छोरा कांतु ओझाले तीनवटा राज्यबीचमा फुट पैदा गर्न र आफ्नो स्वार्थ सिद्ध गर्न गरेका षडयन्त्रका कुरा उल्लेख गर्दै तीनवटै राज्यले महादेव ओझाका सन्तानहरूलाई आ-आफ्ना राज्यमा प्रवेश गर्न नदिने सन्धि गरिएको छ (वज्राचार्य, वि.सं.२०५६, पृ. ३०७) । यहाँ कुनै राजा, काजी, रानी वा कसैले महादेव ओझाको वंशलाई भित्र पस्न दिए, कुराकानी गरे, आगो, पानी, अन्न वा वस्त्र

दिए भने तलेजुमाईको कुदृष्टि परोस् । पशुपति आदि नेपालका सबै देवताको कुदृष्टि परोस् । कोटि पंचमहापाप लागोस् कोटि शिवलिङ्ग बिगारेको पाप लागोस् । कोटि अभक्ष्य खाएको पाप लागोस् भनिएको छ (वज्राचार्य, वि.सं.२०५६, पृ. ३०७) ।

राज्य र राजाहरूबीचमा हुने भएको हुँदा यस्ता सन्धिपत्रहरूमा अवज्ञा गर्नेहरूलाई कानुनको डर नदेखाई देवताको डर देखाइएको पाइन्छ । यस्ता सबै अभिलेखहरूमा त्यसबेलाका गन्यमान्य र स्वतन्त्र व्यक्तिहरूलाई दृष्टि साक्षी राखिएको हुन्छ र अनिवार्यरूपमा तिथि मिति पनि लेखिएको हुन्छ । प्राय यस्ता अभिलेखहरू राजदरबारको मूलचोकको भित्तामा वा देवीदेवताको मन्दिरको भित्तामा टाँसेर राख्ने गरिन्थ्यो ।

नेपाली सन्धिपत्र अभिलेखहरू मुख्य दुई विषयमा लेखिएको पाइएको छ । केही सन्धिपत्रहरू राजनैतिक विषयमा लेखिएको हुन्छ । भने दोस्रो किसिमका सन्धिहरू सांस्कृतिक विषयका संझौता गरी लेखिएका हुन्छन् । सन् १७०३ मा भक्तपुरका राजा भूपतिन्द्रमल्ल र कान्तिपुरका राजा भाष्करमल्लको बीचमा भएको सन्धिपत्रमा राजनैतिक विषय उल्लेख गरिएको छ । जसमा कान्तिपुर र भक्तपुर केही सर्त सहित आपसमा मिलेर ललितपुरलाई एक्लो पारिएको कुरा परेको छ(रेग्मी,वि.स.२०६०,पृ.५५) । यसै गरी सन् १६९६ मा ललितपुरका राजा योगनरेन्द्रमल्ल र भक्तपुरका राजा जितामित्र मल्लबीचमा भएको सन्धिपत्र विशुद्ध धार्मिक प्रकृतिको हो जसमा एक राज्यले अर्को राज्यको धार्मिक कृत्य र विधि विधानमा हस्तक्षेप वा परिवर्तन गर्न नपाइने कुरामा दुवै पक्षले सहमति जनाएका छन् (रेग्मी,वि.सं.२०६०,पृ.५५) ।

यसरी नेपालमा सरकारको तर्फबाट राखिएका अभिलेखहरू मुख्यतया पाँच अलग अलग किसिमका पाइएका छन् । यी अभिलेखहरू नेपालको तत्कालीन इतिहास र संस्कृतिको अध्ययनका लागि विशेष महत्त्वपूर्ण छन् । किनभने यिनमा राज्यको साधन स्रोत र जनशक्तिको प्रयोग भएको छ जसले गर्दा 'जनसाधारणले राखेको अभिलेखहरूको तुलनामा वढी लामा, व्याख्यात्मक र अधिक विषयवस्तु समेटिएका छन् ।

३.२ व्यक्तिगत अभिलेखहरू

व्यक्ति विशेषले विभिन्न निर्माण कार्यको स्मरण गराउन, आफूले कुनै धार्मिक संघसंस्था वा देवदेवीको नाममा जग्गा दान दिएको विषयलाई चीरस्थायी बनाउन र दान दिएको जग्गाको आयस्थाको खर्च के-कस्तो कुरामा होस् भन्ने

आफ्नो चाहाना रहेको छ भन्ने कुरा आफ्नो शेषपछि पनि सबैले थाहा पाइरहुन् भन्ने उद्देश्यले राखिएका अभिलेखहरू व्यक्तिगत अभिलेखहरू हुन् । नेपालमा आफू र आफ्ना पूर्वजहरूको पुण्यबढोस् र स्वर्ग प्राप्ति होस् भन्ने उद्देश्यले मूर्ति, मन्दिर, बाटो, कुलो, पोखरी, ढुङ्गेधारा आदि निर्माण गर्ने र त्यस्ता कीर्तिहरूमा अभिलेख कुँदाउने परम्परा निकै लोकप्रिय रहेको छ । त्यसैले लिच्छवि र मल्लकालमा राखिएका यस्ता धेरै व्यक्तिगत अभिलेखहरू प्राप्त भएका छन् । यस्ता व्यक्तिगत अभिलेखहरू पनि मुख्य दुई प्रकारका पाइएका छन् ।

३.२.१ संस्मरणात्मक अभिलेख

आफू, आफ्ना आफन्तजन वा स्वर्गवासी पूर्वजहरूलाई सबैले सम्झना गरुन् र आफूहरू सबैलाइ भलो वा पुण्य प्राप्त होस् भन्ने उद्देश्यले व्यक्तिले राखेका अभिलेखहरू यस समूहमा पर्दछन् । यस्ता अभिलेखहरूमा आफूलाई मृत्युपछि पनि सबैले सम्झना गरुन् भनी धार्मिक स्मारक वा पाटी पौवा, कुलो धारा आदि बनाएर त्यसको मरमत वा सञ्चालनको लागि जग्गा गुठी राखिदिएर यी संरचनाको आफू निर्माता रहेको कुरा अभिलेखमा लेखाइएको हुन्छ । कतै स्वर्गबासी पति, आमा, बुवा, तथा अन्य पूर्वजहरूको सम्झना गर्दै तिनीहरूको नाममा यस्तै संरचना निर्माण गरी अभिलेखहरू कुँदाइएको हुन्छ । कतिपय अभिलेखमा पूर्वजका शालिक निर्माण गरी उनीहरूको स्मरण गरिएको व्यहोरा पनि लेखिएको पाइन्छ । लिच्छविकालमा व्यक्तिले यस्ता संस्मरणात्मक अभिलेखहरू राख्दा तत्कालीन राजाको अनुमति लिने गरेको र राजाको सम्मान स्वरूप अभिलेखमा फलानो राजाको शासनकालमा यो अभिलेख राखिएको भन्ने व्यहोरा कुंद्ने चलन रहेको देखिन्छ । मध्यकालमा भने राजाको नाम नलेखी सोझै अभिलेखको विषय वस्तुमा प्रवेश गरिएको पनि पाइन्छ । यस्ता अभिलेखहरूमा शुभ र मंगल सूचक शब्द एवं तिथि मितिहरू भने प्रायः सबैमा लेखिएको पाइन्छ ।

लिच्छविकालमा व्यक्तिले राखेका संस्मरणात्मक अभिलेखहरूमा भक्तपुरको चाँगुनारायणमा सन् ५०५ मा निरपेक्ष नामका व्यक्तिले राखेको अभिलेख एक हो । यसमा उनले आफ्ना बाबु आमाको शालिक बनाएको व्यहोरा उल्लेख गर्दै देवता र पितृलाई मान्ने मेरा परदेश(परलोक) गएका बाबु आमाको अर्को चोखो जन्ममा पनि पक्का भेटघाट होस् भनिएको छ (वज्राचार्य,वि.स २०५३,पृ.८०) । यसै गरेर पशुपतिमा सन् ५४० मा आभिरी गोमिनीले राखेको अभिलेख पनि संस्मरणात्मक अभिलेखको अर्को उदाहरण हो ।

यस अभिलेखमा आभिरीले आफ्ना स्वर्गवासी पति(अनुपरमेस्वर)को पुण्य बढोस् भनेर उनकै स्मरणमा अनुपरमेश्वर नाम गरेको महादेव स्थापना गरेको र धनको थुप्रोले, दानले, मानले ब्राह्मणहरूलाई समेत पूजा गरेको र खेत समेत गुठी राखिदिएको व्यहोरा लेखाएका छन् (वज्राचार्य,वि.सं.२०५३,पृ.१७१)। सन् ५५० मा मानदेवका छोरीका छोरा भारविले स्वादिलो चिसो सफा पानी आउने यो कीर्ति(धारा) बनाउनु भयो भन्ने व्यहोराको अभिलेख काठमाडौं हाँडीगाउँमा लेखाएर राखेका छन् (वज्राचार्य,वि.सं.२०५३,पृ.१८०) । यो पनि एक संस्मरणात्मक अभिलेख हो । यहाँ भारविले स्वयं आफ्नो स्मरण लोकले गरिरहोस् भन्ने उद्देश्यले यो अभिलेख लेखाएका हुन् ।

लिच्छविकालमा जस्तै मध्यकालमा पनि यस्ता संस्मरणात्मक कार्य गर्ने र त्यसमा अभिलेख राख्ने कार्य गरिन्थ्यो । पाटन धालटोल इनारमुनि गणेश-देवलको भित्तामा टाँसिएको अभिलेख रहेको छ जसमा ने.सं.८०२ (सन् १६८२) मा गदामुनिले दिवङ्गत बाबु नारायणसिंह भारोको नामले स्थान गणेशको देवल बनाई मूर्ति स्थापना गरी प्रतिष्ठा गरे भन्ने व्यहोरा लेखिएको छ (वज्राचार्य,वि.स.२०५६,पृ.२२९) । त्यसैले यो बाबुको संस्मरणमा छोराले राखेको अभिलेखको राम्रो उदाहरण हो । ल.पु.ई बाहाल खाटोल त्रिलिङ्गेश्वर महादेवको अगाडि सन् १७१९मा राखेको एक गणेशको अभिलेखमा शिवशङ्कर नामका व्यक्तिले बाबु हरिवंश र आमा गौरीको संस्मरण गर्दै पापबाट मुक्ति पाइयोस् भनी ब्राह्मणहरूलाई पूजा गरी पाटीको प्रतिष्ठा गरेको विवरण लेखाएका छन् (वज्राचार्य,वि.सं.२०५६,पृ.४२१) । यसै गरी कीर्तिपुर खासीबजारको ने.सं.८०२(सन् १६८२) को एक अभिलेखमा रामकृष्ण मुल्मी भारोले दिवंगत बाबु हाकुदेव मुल्मी भारोको नाममा नारायण, आमा अन्नपूर्ण मयीको नाममा श्रीलक्ष्मी, आफ्नो नाममा श्री ३ नारायण, दिवंगत पत्नी कन्यावतीको नाममा श्री लक्ष्मी, तथा अर्की पत्नी यशोदाको नाममा श्री सरस्वती यी पाँच देवता यस पाटीमा स्थापना गरी, सम्पूर्णाहुति यज्ञ गरी प्रतिष्ठा गरियो भन्ने व्यहोराको अभिलेख लेखाइएको छ(वज्राचार्य,वि.स २०५६,पृ.५२९) । यी सबै मध्यकालीन संस्मरणात्मक अभिलेखका उदाहरणहरू हुन् । स्मरणीय कुरा के रहेको छ भने लिच्छवि र मल्कालमा समेत व्यक्तिगत संस्मरणत्मक अभिलेखहरू कुनै न कुनै कीर्ति निर्माण गरेर मात्र आफ्नो, परिवारको र आमा बाबुको संस्मरण गरिएको पाइएको छ । अन्यथा अभिलेखका अक्षरहरूबाट मात्र संस्मरणीय बन्न र बनाउन खोजिएको देखिदैन ।

३.२.२ व्यक्तिगत दानदातव्य सम्बन्धी

व्यक्तिले राख्ने अभिलेखहरूमध्ये दानको विषय उल्लेख भएका अभिलेखहरू अर्को महत्त्वपूर्ण प्रकार हो । पुण्य प्राप्तिका लागि र आफ्नो यश वा कीर्ति पछिसम्म रहिरहोस् भनी व्यक्तिले पनि दान गर्ने गर्दथे र यस्तो दान दिएको विवरण अभिलेखहरूमा कुँदाउने गर्दथे । दान नगदी वा जिन्सी दुवै हुन सक्छ । विशेष गरी लामो समय टिक्ने र आयस्थाबाट निरन्तर आम्दानी भैरहने भएको हुँदा विगतकालमा भूमि दान गर्ने परम्परा निकै लोकप्रिय रहेको थियो । लिच्छवि र मल्लकालमा राज्यको तर्फबाट गरिएजस्तै सक्षम धनी व्यक्तिले पनि यस्तो भूमि दान गर्ने गर्दथे । राज्यको तर्फबाट राखिएका दानशासन अभिलेखहरूमा धेरै विवरणहरू कुँद्ने गरिन्थ्यो र एक निश्चित शैली वा ढाँचामा तयार पारिएको हुन्थ्यो । व्यक्तिगत दानका अभिलेखहरू केही सङ्क्षिप्त हुन्छन् र शैली वा ढाँचामा त्यति समानता पनि पाइदैन । दाताको नाम र परिचय, दान दिइएको संस्था, दान दिइएको भूमिको क्षेत्रफल, दान पाउनेले गर्नुपर्ने कर्तव्य तथा तिथि मितिहरू र स्वस्ति वा मंगलसूचक शब्दहरू यस्ता अभिलेखमा लेखिएको पाइन्छ । लिच्छविकालका यस्ता अभिलेखमा तत्कालीन राजाको नाम समेत उल्लेख भएको पाइन्छ ।

व्यक्तिगत दानदातव्य सम्वन्धी अभिलेखहरूमा लिच्छविकालमा राखिएको चावहिलको एक अभिलेख निकै महत्त्वपूर्ण रहेको छ । मिति मेटिएको यस अभिलेखमा कुनै एक महिलाले चैत्य निर्माण गरेर वर्षेनी ४५ मनिका धान आउने खेत यहाँ गुठी राखिएको र (बौद्ध) सङ्घलाई भोजन गराउन महामुनिको पूजा गर्न २८ मनिका कुत आउने खेत दान दिइएको विवरण उल्लेख गरिएको छ (वज्राचार्य,वि.सं.२०५३,पृ.२) । यस अभिलेखमा ती महिलाले यो अनौठो दान-धर्म गरेर मलाई जो पुण्य भएको छ त्योद्वारा मैले स्त्रीत्व छोडी पुरुषत्व पाई दुखः सुख रूपी... (यो संसारबाट मुक्ति पाउँ) भन्ने विवरण लेखाएकी छन् । यो व्यक्तिगत दानको विवरण उल्लेखित पहिलो लिच्छविकालीन अभिलेख पनि हो । काठमाडौं टेवहालमा सन् ४८० मा लिच्छविकालीन एक व्यापारी गुहमित्रले इन्द्र नामका भगवान सूर्यको (मूर्ति) स्थापना गरी गुम्पद्वृं भन्ने ठाउँमा ६० मनिका• पिण्डक(कुत) आउने सय भूमि♣ खेत गुठी राखेको विवरण लेखाएका छन् (वज्राचार्य, वि.सं. २०५३, पृ.६०) । लिच्छविकालमै सन् ४९१ मा जयलम्भ

• लिच्छविकालमा अनाज नाप्न प्रयोग गरिने हालको मुरी बराबरको एकाइ

♣ भूमि शब्द लिच्छविकालमा जग्गाको क्षेत्रफल नाप्ने एक एकाइ थियो । धनवज्र वज्राचार्यले भूमि आजभोलिको एक रोपनी बराबरको जग्गाको क्षेत्रफल बुझाउने शब्द हो भन्ने विचार व्यक्त गरेकोछन् ।

नामका व्यक्तिले पशुपतिनाथमा राखेको अर्को एक अभिलेखमा उनले आफ्नै नामको जयेश्वर शिवलिङ्ग स्थापना गरेर कारण पूजा राम्ररी चलाउनको लागि २०० मनिका पिण्डक(कुत) आउने ४५० भूमि (खेत) गुठी राखेको विवरण लेखाएका छन् (वज्राचार्य, वि.सं.२०५३, पृ.६२) । अर्को एक लिच्छवि अभिलेखमा पनि व्यक्तिगत दानको वर्णन परेको छ । ललितपुर चपःटोलमा मृगिनी नामकी एक महिलाले आफ्ना आमा, बाबु, पतिसहित सारा प्राणीका सबै दुःख हटुन् भनेर गन्धकुटी(विहार)को मरम्मत तथा आर्य भिक्षुणी संघलाई खुवाउन भनी पनप्फु भन्ने ठाउँको पश्चिमतिर सय भूमि, पचास मनिका कुत र सोही ग्रामको दक्षिणतिर साठी भूमि, छत्तीस मनिका कुत...(आउने जग्गा दान दिएको) विवरण लेखाएकी छन् (वज्राचार्य, वि.सं.२०५३, पृ.८०) । पशुपति छत्रचण्डेश्वरमा रहेको एक अभिलेखमा आचार्य भगवत्प्रनर्दन प्राणकौशिकले धाराको मरम्मतको लागि, आचार्यहरूको संघलाई, वराहस्वामी आदिलाई समेत गरी असी मनिका कुत आउने खेत दान दिइयो भन्ने विवरण लेखिएको छ (वज्राचार्य,वि.सं.२०५३,पृ.४२७) । यी सबै लिच्छविकालमा राखिएका व्यक्तिगत दानदातव्य सम्वन्धी अभिलेखका उदाहरणहरू हुन् ।

मध्यकालमा पनि यस्ता व्यक्तिगत दानका विवरण उल्लेख भएका धेरै अभिलेखहरू पाइन्छन् । पाटन यकछेटोल दगुवाहालभित्र दक्षिणपट्टिको घरको भित्तामा एक अभिलेख रहेको छ । सन् १७६५ मा देविदास भारो, आमा रुक्मिणी, र पत्नी शिवलक्ष्मी समेतले राखेको यस अभिलेखमा भुततेको(ठाउँको नाम) खेत दुईकर्प♣ दुइहात र विरुनमहा(ठाउँको नाम) खेत समेत वुद्ध भगवान र धर्मशाला एवं सत्तलका लागि दान दिएको विवरण लेखिएको छ(वज्राचार्य,वि.स.२०५६,पृ.४६६) । कीर्तिपुर खासीबजार शिव मन्दिरमा रहेको सन् १६६१ को अर्को एक अभिलेखमा श्री कीर्तिपुरदेश वंथटोल सत्रयन्तागृहका मानसिंह भारोले देवमन्दिर र आफ्नो ढुङ्गे सालिक स्थापना गरी शिरा भमरसिपोदो खेत एक रोपनी दुई जवर आठ रुपिया गुठी राखे । फेरि आफ्ना जेठा छोरा मनोहरि सिंह भारो, भाई हरिहरसिंह भारो दुई दाजुभाइले महादेवलाई बुसाधन यज्ञ गर्नको लागि चावु खेत एक रोपनी ..जव, तवलि खेत एक रोपनी तीन जव गुठि राखे भन्ने व्यहोरा लेखिएको छ । सन् १६६४ मा कीर्तिपुर लोहंदेवलमा सुगतराम भारोले राखेको अर्को एक अभिलेखमा पनि यिनका पति पत्नीले थेवगल खेत रोपनी साढे ६ कर्प, परिडा वतिव यकलिव्वाक जम्मा ६ वर्ष(कर्प ?) परिडाटोल माजनवुको वारी २ कर्प तथा

♣ कर्प पनि जमिन नाप्ने मध्यकालीन एक एकाइ थियो ।

वीस रुपियाँ यति खेत गुठी राखे भन्ने व्यहोरा उल्लेख गरिएको छ (वज्राचार्य,वि.सं.२०५,पृ.५०५) । यस्ता अनेको व्यक्तिगत भूमिदानको व्यहोरा उल्लेख भएका अभिलेखहरू पाइन्छन् । यसरी प्रमुख दुई प्रकारका व्यक्तिगत किसिमका अभिलेखहरू नेपालमा पाइन्छन् ।

३.३ नेपाली अभिलेख अभिव्यक्तिका प्राविधिक पक्ष (Technical Expressions of Nepalese Inscriptions):

लेखन अभिव्यक्तिको एक महत्त्वपूर्ण माध्यम हो । अभिव्यक्तिमा आफ्नोपन वा मौलिकता हुनु स्वभाविकै हो । त्यसैले सबै खालका लेखनमा अभिव्यक्तिको विशेष प्रविधि वा तरिका निर्धारण गरिएको हुन्छ । अभिलेख पनि लेखन नै हुन् । त्यसैले यिनमा पनि अभिव्यक्तिमा यस्तो आफ्नोपन वा मौलिकता हुन्छ नै । नेपालका अभिलेखहरूको प्रस्तुतिमा विशेष खालको शैली वा प्रविधिको प्रयोग भएको पाइन्छ । त्यसैले शैलीगतरूपले नेपाली अभिलेखहरू संसारका अन्य अभिलेखहरूभन्दा भिन्न रहेका छन् । यस्तो अभिव्यक्ति शैली सामान्यतया अभिलेख राखिएको समयको धर्म र संस्कृतिबाट निर्धारण हुने गर्दछ । लिच्छवि र मल्लकालमा राखिएका हजारौं अभिलेखहरूमा विषयवस्तु, उद्देश्य र प्रयोजन समेत भिन्न रहेको छ । त्यसैले सबैमा एउटै शैलीगत प्रविधिको प्रयोग भएको छैन । तैपनि अधिकांश अभिलेखहरूमा मोटामोटी शैली वा ढाँचा समान रहेको देखिन्छ । यहाँका अभिलेखहरूलाई भिन्न शैलीको तुल्याउने निम्न प्राविधिक पक्षहरूको चर्चा गरिएको छ ।

३.३.१ अभिलेखको सुरुवात र अन्त्य गर्ने सूत्र (Beginning and closing formulas)

लिच्छवि र मल्लकालका नेपाली अभिलेखहरूको सुरुवात र अन्त्य गर्ने तरिका विशेष किसिमको रहेको छ । व्यक्ति विशेषले राखेका सङ्क्षिप्त अभिलेखहरू र केही राजप्रशस्तिलाई छोडर अन्य सबै सरकारी अभिलेखहरूमा सुरुवात गर्ने र अन्त्य गर्ने सूत्रहरू प्रायः समान रहेको पाइन्छ । अभिलेखका विषयवस्तुहरू फरक रहे तापनि अभिलेखको उठान गर्ने र समापन गर्ने आधारभूत तरिका समान रहेको पाइन्छ । केही अपवादहरूलाई छाडेर निम्नलिखित पक्षहरूको क्रमबद्ध प्रस्तुतिबाट मात्र नेपालका अभिलेखहरू पूरा गरिएको देखिन्छ ।

शुभ र मंगलसूचक शब्दबाट सुरुवात : नेपालका प्रायः सबै अभिलेखहरू शुभ र मंगल सूचक शब्दहरूबाट सुरु गरिएको पाइन्छ । लिच्छविकालका अधिकांश

अभिलेखहरू 'ॐ' वा 'ॐ स्वस्ति' शब्दबाट सुरुवात गरिएको पाइन्छ । ॐ एक अक्षर मात्र नभै एक शब्द पनि हो जसको सामान्य अर्थ सबैको कल्याण होस् भन्ने पनि हो । त्यसैले लिच्छविकालका प्राय सबै अभिलेखको सुरुवात यसैबाट भएको पाइन्छ । सरकारी अभिलेखहरूमा ॐ स्वस्ति शब्द र व्यक्तिले राखेका अभिलेखहरूम साधारणतया ॐ शब्दपछि मात्र अभिलेखको अन्य व्यहोरा अगाडि बढाइएको पाइन्छ ♣। शिवदेव र अंशुवर्माले राखेका गोलमढी टोल तथा तुलाछें टोलका केही अभिलेखहरू भने ॐ अक्षर नलेखी सोझै स्वस्ति शब्दबाट पनि अभिलेखको सुरुवात गरिएको पाइन्छ (वज्राचार्य,वि.सं.२०५३,पृ.४२४९ र २५३) ।

मध्यकालका अभिलेखहरूमा सुरुवातमा लेखिने यस्ता मंगल सूचक शब्दहरूमा धेरै विविधता पाइएको छ । अधिकांश मध्यकालीन अभिलेखका 'श्रेयोऽस्तु' शब्दबाट अभिलेखको सुरुवात गरिएको पाइएको छ । यो शब्द बहुसङ्ख्यक सरकारी र व्यक्तिगत अभिलेखहरूमा समेत प्रयोग गरिएको छ । यसको अर्थ पनि कल्याण होस् भन्ने नै हो । यसबाहेक अन्य केही अभिलेखमा यस्तै आशयका ॐ, 'ॐस्वस्ति', 'स्वस्ति', 'ॐ नम' , 'स्वतु श्री', 'श्रीर्वतु' र 'शुभ' जस्ता शब्दहरूबाट पनि अभिलेखको सुरुवात गरिएको पाइएको छ ♦। यस्ता सबै शब्दको अर्थ सबैको कल्याणहोस् वा मंगलहोस् भन्ने नै हो । इस्लाम संस्कृति अवलम्बन गर्ने समाजमा कुनै पनि कुरा लेख्नुअघि 'विस्मील्लाह' अर्थात् अल्लाहको निगाह प्राप्त होस् भन्ने वाक्य लेख्ने गरिन्छ । यसै गरी हिन्दू संस्कृति अवलम्बन गर्ने लिच्छवि र मल्लकालीन नेपालीहरूले अभिलेखको सुरुवातमा यस्ता शुभ वा मंगलकारी शब्दहरूबाट अभिलेखको उठान गर्ने गरेको देखिन्छ ।

♣ कठोर नियमका रूपमा नभएतापनि जयलम्वले पशुपतिमा राखेको अभिलेख र पशुपतिमै आभिरी गोमिनीले राखेको अभिलेख तथा शङ्खमुल सिकुवहीमा देशभट्टारिकाले राखेका व्यक्तिगत अभिलेखहरूम ॐ मात्र लेखिएको र थानकोट आदिनारयणको बसन्तदेवको अभिलेख, चौकीटार बलम्भु आदि ठाउंमा राखिएका गणदेवका अभिलेख र अंशुवर्मा तथा नरेन्द्रदेवका धेरै जसो अभिलेखमा 'ॐ स्वस्ति' बाट अभिलेखको सुरुवात गरिएको छ ।

♦ सुरुवातमा यस्ता शब्दहरूको प्रयोग बारे केही उदाहरणहरू धनवज्र वज्राचार्यको मध्यकालका अभिलेख(वि.स.२०५६)को निम्न पृष्टहरूमा क्रमश हेर्नुहोस् 'ॐ' पृ.२३६ , 'ॐ स्वस्ति' पृ.१४२,'स्वस्ति' पृ.७८ र ७९, 'ॐनम' पृ.६२, 'स्वतुश्री' पृ.२०४,'श्रीर्वंतु' पृ.१४६, 'शुभ' पृ.६३ आदि ।

देवस्तुति : अभिलेखमा उल्लेख गर्नुपर्ने विषयवस्तुको प्रस्तुति गर्नुपूर्व नै नेपाली अभिलेखमा देवीदेवताको विशेष कलात्मक र काव्यात्मक स्तुतिगान प्रस्तुत गरिएको पाइन्छ । फलानो देवताले तिमीहरूको कल्याण गरुन् भन्ने कुरा लेख्नको लागि कल्याण गर्ने देवताको उपमा र विशेषणयुक्त वर्णन गरिएको पाइन्छ । उदाहरणको लागि साँगामा अंशुवर्माले सन् ६०८ मा राखेको अभिलेखमा सुरुमै रौद्ररूपका महादेवको स्तुति गर्दै भनिएको छ -

> "कानमा गहनाको रूपमा लाईराखेका डरलाग्दा सर्पहरूको फुत्कारको हावाले जटा छ्यान्न व्यान्न भएको, भरखरै काटिएको तात्तातो रगत चुहिरहेको मुण्डमाला लाएको, ठूलो स्वरले खित्का छोडेर हाँसिरहेको, रगत चुहिरहेको हात्तीको छाला ओढेको, पार्वतीले डराई डराईकन हेरिएको महादेवको रूपले तिमीहरूलाई रक्षा गरोस् (वज्राचार्य,वि.सं.२०५३,पृ.३३७)" ।

यहाँ डरलाग्दो रूपका महादेवले तिमीहरूको कल्याण गरुन् भन्नका लागि महादेवको यस्तो रौद्ररूपको वर्णन र उनले सबैको कल्याण गरुन् भन्ने कामना गरिएको छ । कतिपय अभिलेखहरूमा भने देवताको विलासी स्वरूपको पनि वर्णन पाइन्छ । धानकोटको भिमार्जुनदेव र जिष्णुगुप्तको सन् ६३३ मा राखेको अभिलेखमा विष्णुको स्वरूपको वर्णन गर्दै भनिएको छ -

> "चोरी औलाले कान कन्याउँदा भएको सुखले आधा आँखा चिम्लिरहेका, लक्ष्मीलाई अंगाल्दा दुई स्तनको स्पर्शले रोमाञ्चित भएका, समुद्रको सफा पानीले जिउ भिजेका, अर्धनिद्रामा रहेका विष्णुले हर्युङ्गोले मुख छोपिकन गरिएको हाइले तिमीहरूको भलो गरोस् (वज्राचार्य,वि.स.२०५३,पृ.४३५)" ।

मंगलवजार नरसिंह मन्दि्रको पुरन्दर सिंहले सन् १५९० मा राखेको अर्को मध्यकालीन अभिलेखमा पनि -

> "नरसिंहलाई नमस्कार । रिसले जिभ्रो चलाईरहेका, मुख वाएका, चन्द्र,सूर्य र अग्निसमान आँखा भएका, तीखो(नङ्ग्रा भएका) , दैत्यको जीउ चिरेका, शङ्ख, चक्र, गदा, वज्र र पाश लिएका, मणि जडेका गहना गुरिया लाएका नृसिंहको स्तुति गर्दछु । दैत्यहरूका शत्रु, करोडौं हनाईले पनि घाइते पार्न नसकिएका हे नृसिंह हामीलाई रक्षा गर्नुहोस्" भनिएको छ(वज्राचार्य, वि.सं.२०५६, पृ.४१) ।

यसपछि मात्र अभिलेखको अन्य व्यहोरा लेखिएको छ ।

व्यक्तिको तर्फबाट वा राज्यको तर्फबाट कुनै मन्दिर वा मूर्ति निर्माण गरी लेखाइएको वा कुनै धार्मिक संघ संस्थाहरूलाई जग्गा दान दिएको वा गुठी राखिदिएका सबै लिच्छवि र मल्लकालका अभिलेखहरूको सुरुवातमा देवी देवताका यस्ता स्तुतिहरू 'अनिवार्यरूपले राखिएको पाइन्छ । केही व्यक्तिगत सङ्क्षिप्त अभिलेखहरूमा र राज्यको तर्फबाट राखिएको भए तापनि धार्मिक विषयवस्तुमा नभै विशुद्ध प्रशासनिक विषय मात्र उल्लेख भएका अभिलेखहरूमा भने यस्तो स्तुति लेखिएको हुँदैन । प्रशासनिक वाहेक प्रायः सबैमा यस्तो स्तुति पाइन्छ ।

राजदरवार र राजाको नाम : मंगलसूचक शब्द र देवस्तुतिपछि नेपालका अभिलेखहरूमा उक्त अभिलेखहरू कुन राजदरवारबाट कुन राजाले जारी गरेका हुन् भन्ने व्यहोरा उल्लेख गरिएको हुन्छ । लिच्छविराजा मानदेवका अभिलेखमा राजदरवारको नाम उल्लेख भएको पाइदैन । उनको शासनकालसम्म लिच्छविकालका तीनवटै दरवार निर्माण भएका थिएनन् । उनका नाति वसन्तदेवको अभिलेखदेखि भने जारी गरिएको राजदरवारको नाम समेत लेख्ने प्रचलन सुरु भएको हो । वसन्तदेवले थानकोट आदिनारायणमा सन् ५०६ मा राखेको अभिलेखमा पहिलो पटक राजदरवारको नाम(मानगृह)उल्लेख गरेका छन् । यसपछि प्रायः सबै प्रसादशासन र दानशासन अभिलेखमा समेत दरवारको नाम लेख्ने परम्परा नै वन्न पुग्यो (वज्राचार्य,वि.सं.२०५३,पृ.९३) । वसन्तदेवदेखि भिमार्जुनदेवसम्मका शासकहरूका अभिलेख मानगृहवाट, अंशुवर्मादेखि जयदेव द्वितीयसम्मका अभिलेख कैलाशकूट दरवारवाट र नरेन्द्रदेवका केही अभिलेख भद्राधिवास दरवारवाट जारी भएको व्यहोरा लिच्छविकालका अभिलेखमा पाइन्छ । कतिपय अभिलेखमा त दरवारको नाम मात्र नलेखी त्यसको सौन्दर्य र भव्यताको पनि वर्णन गरिएको पाइन्छ । साँगामा अंशुवर्माले सन् ६०८मा राखेको अभिलेखमा "पृथ्वीतलको टीका जस्तो भएको, कुरीकुरी लागेका दुनियाँहरूले आँखा झिम्म नगरेर हेरिएको कैलाशकूट भवनवाट...(जारी भएको)." भनिएको छ (वज्राचार्य,वि.स.२०५३,पृ.३३७)। नरेन्द्रदेवको भन्सार चोकको सन् ६४३ को अभिलेखमा पनि "जूनले टल्केको हिमालयको टाकुरो झै झलमल्ल गर्ने, संसार प्रशिद्ध कैलाशकूट भवनवाट..." भनिएको छ (वज्राचार्य, वि.सं.२०५३, पृ. ४५९) । यसै गरेर सन् ६५६मा नरेन्द्रदेवले अनन्तलिङ्गेश्वरमा राखेको अभिलेखमा पनि "कैलाशको टाकुरो जस्तो भएको, आँखालाई आनन्द दिने, राम्रो, संसारमा प्रशिद्ध भएको कैलाशकूट भवनवाट....." भनी दरवारको वर्णनसहित नाम उल्लेख गरिएको छ । यसरी

लिच्छविकालमा अभिलेख जारी हुने दरवारको नाम उल्लेख हुनु एक परम्परा वनेको देखिन्छ । मल्लकालका अभिलेखमा भने यो परम्परा पाइदैन ।

राजदरबारको नामको लगत्तैपछि उपाधि र विशेषणसहित अभिलेख जारी गर्ने राजाको नाम उल्लेख गर्ने परम्परा नेपाली अभिलेखको एक शैली बन्न पुगेको देखिन्छ । लिच्छवि राजाहरूको समानान्तर शक्ति प्राप्त गरी शासन गरेका तत्कालीन सहशासकका नाम पनि अभिलेखहरूमा यस्तै विशेषणका साथ उल्लेख गरिएको पाइन्छ । भौमगुप्त, अंशुवर्मा(राजा हुनुपूर्व), जिष्णुगुप्त र विष्णुगुप्तको पनि यसरी नै अभिलेखमा नाम लेखाइएको छ । सरकारी बाहेक व्यक्तिले राखेका अभिलेखमा पनि तत्कालीन राजाको नाम लेखाइएको छ । लिच्छविकालका अभिलेखमा राजाको नाम लेख्नुपूर्व उनलाई दिइएका विशेषण वा उपाधिहरूका केही उदाहरण विशेष उल्लेखनीय रहेका छन् । सन् ६०४ मा धापासीमा राखिएको अभिलेखमा "पूर्णिमाको जुन जस्तो सफा कीर्तिको फैलावटले सारा दिशा ढाकेका, लिच्छविकुलका भ्ष्ण्डा जस्ता भएका, गाथमा आराम भएका भट्टारक महाराज श्री शिवदेवबाट ..." भनिएको छ (वज्राचार्य,वि.सं.२०५३,पृ.२८०) । सन् ६०७ मा भटुवालमा राखेको अभिलेखमा "सारा संसारमा कीर्ति फैलाएका, आर्य मर्यादाका बन्देजलाई ननाघेका, भगवान पशुपतिनाथको पाउको अनुग्रह पाएका, बप्प(बुवा)को पाउको अनुग्रह पाएका, गाथमा आराम रहेका श्री महासामन्त अंशुवर्माले ....." भनिएको छ (वज्राचार्य,वि.स.२०५३,पृ.३१०) । सन् ६५६मा नरेन्द्रदेवले अनन्तलिङ्गेश्वरमा राखेको अभिलेखमा-

> "जुन राजा अरू सबै मानिसलाई माथ गर्ने गुणहरूद्वारा लिच्छविकुलका राजाहरूमा मणि जस्तै हुनुहुन्छ, प्रभुशक्ति, मन्त्रशक्ति, उत्साहशक्तिद्वारा मण्डलको लक्ष्मीलाई परिपूर्ण पारेका हुनाले चन्द्रमा भ्ैं राजाहरूको हेरिरहुँ जस्तो हुनुहुन्छ । विनय, नीति, पराक्रमले गर्दा जीउ सुहाएका, भगवान् पशुपतिनाथको पाउको अनुग्रह पाएका, बप्प(बुवा)बाट अनुग्रह पाएका, गाथमा आराम रहेका उहाँ भट्टारक महाराजाधिराज श्री नरेन्द्रदेवबाट...."भन्ने व्यहोरा उल्लेख गरिएको छ (वज्राचार्य, वि.सं.२०५३,पृ.३१०) ।

मध्यकालका अभिलेखमा पनि यो परम्परालाई निरन्तरता दिइएको छ । ललितपुर राजदरबार मूलचोकमा रहेको सन् १७६१ को राजा जयप्रकाश मल्लको एक अभिलेखमा :

> "श्री पशुपतिका पाउरूपी कमलका धूलाले कपाल फुस्रो भएका, आफ्ना इष्टदेवता श्रीमानेश्वरीबाट वर प्रसाद पाएका उज्याला, ठूलो इज्जत भएका, उरघुको कुलमा जन्मेका, सूर्यवंशका टीका जस्ता, हनूमद्ध्वज, नेपालका मालिक, महाराजाधिराज, राजराजेन्द्र, सबै राजसमूहका मालिक, आफ्ना इष्टदेव र इष्टदेवीले कृपापूर्वक कटाक्षले हारिएका, आफ्नै पराक्रमले खेदागरी ल्याएका हात्तीका धनी, सधैं लडाई जित्ने श्री श्री जयप्रकाश मल्लदेव परमभट्टारक प्रभू ठाकुरबाट .. " भनिएको छ (वज्राचार्य,वि.सं.२०५६,पृ.४५७) ।

यसरी राजाको प्रशस्ति सहित नाम उल्लेख गरेर मात्र अभिलेखको व्यहोरा लेखिने परम्परा नेपाली अभिलेखहरूको लेख्य अभिव्यक्तिको महत्त्वपूर्ण शैली बनेको देखिन्छ ।

जनताको कुशलमंगल सोधनी : नेपालका विशेषगरेर लिच्छविकालका अभिलेखहरूमा विषयवस्तुको उल्लेख गर्नुअघि सम्बन्धित गाउँ वस्तीका जनताहरूको कुशलमंगल सोधनी गरेको व्यहोरा लेख्ने गरेको पाइन्छ । लिच्छविकालीन प्रशासनिक र दानशासन सम्वन्धी अभिलेखहरूमा यस्तो सोधनीको व्यहोरा उल्लेख गरिएको छ । गाउँ, तल वा द्रङ्गका 'चारै अड्डाका अधिकारीहरू, मुखिया, ब्राह्मण लगायत सबै गृहस्थीहरूलाई कुशलमंगल शोधेर (राजाले) आज्ञा गर्नु भएको छ' भन्ने व्यहोरा उल्लेख गरिएको पाइन्छ ♣ । सरकारी कर्मचारीहरूलाई लक्षित गरेर लेखाएको अभिलेखमा अधिकारीहरूलाई र ब्राह्मण, मुखिया वा गाउँलेलाई लक्षित गरेर लेखिएको भए उनीहरूलाई नै राजाले कुशलमंगल सोधनी गरेको व्यहोरा लेखाउने गरिन्थ्यो । जुन गाउँलाई राजाले कर दस्तुर वा श्रमको नियम तोकेका हुन् सोही गाउँको नाम लिएर कुशलमंगल सोध्ने प्रचलन रहेको पाइन्छ । आदेश दिनुअघि राजाले यस्तो हालखबर सोधनी गर्ने यो एक शिष्टाचार जस्तै थियो । मध्यकालमा भने अभिलेखमा यस्तो वाक्य लेख्ने परम्परा हटिसकेको देखिन्छ । लिच्छविकालीन अभिलेखमा भने यस्तो वाक्य लेख्ने परम्परा अभिलेख अभिव्यक्तिको एक शैली नै थियो ।

मुख्य विषय वस्तु : माथि उल्लेख गरिएका सूत्रहरू अभिलेख आरम्भ गर्ने सूत्रहरू हुन् । यी सूत्रहरू पछि मात्र मुख्य विषयमा प्रवेश गर्ने परम्परा रहेको

♣ हेर्नुहोस् : धनवज्र वज्राचार्यको लिच्छविकालीन अभिलेख(वि.स.२०५३)को पृ.१२३, १८८, २४१,४०२, ४१५आदिमा

थियो । मुख्य विषयवस्तु भने अभिलेखअनुसार फरकफरक हुने गर्दथे । यस्तो मुख्य विषय वस्तुपछि अभिलेखको अन्त्य गर्ने कतिपय सूत्रहरू लेखाउने परम्परा रहेको पाइन्छ । यस्ता अभिलेख समाप्तीका सूत्रहरू निम्नानुसार रहेको पाइन्छ ।

आदेश पालना गर्नुपर्ने सन्देश : लिच्छवि र मल्लकालका वहुसङ्ख्यक अभिलेखहरू प्रसादशासन र दानशासन प्रकृतिका अभिलेखहरू छन् । यी दुवै किसिमका अभिलेखहरूको अन्त्य गर्नुअघि राजाले आफूले बनाएको नियम सबैले पालना गर्नुपर्ने सन्देश दिएका वाक्यहरू लेखाउने गर्दथे । प्रसादशासन अभिलेखहरूमा 'आफ्नो आदेश पालना नगर्नेलाई हामी कुनै हालतमा सहने छैनौं' भन्ने धम्कीयुक्त वाक्यहरू लेखाउने गर्दथे । खोपासीमा शिवदेव र अंशुवर्माले सन् ५९८ मा राखेको अभिलेखमा पनि अभिलेख अन्त्य गर्नुअघि"..यस कुरालाई बुझेर हाम्रो निगाहबाट जीविका चलाउनेहरूले र अरू कसैले पनि यो निगाहलाई अन्यथा नगर्नू । जसले यो आज्ञालाई नटेरेर अन्यथा गर्ला वा गराउला, स्थितिवन्देज नाघ्ने त्यसलाई हामी विलकुल सहने छैनौं" भनिएको छ(वज्राचार्य, वि.सं.२०५३,पृ.२७५) । यस प्रकृतिका प्रायः सबै अभिलेखहरूमा यस्तो वाक्य उल्लेख भएको पाइन्छ । यसको अर्थ अभिलेखमा कुँदिएको व्यहोरा सरकारको नियम हो । यो नियम पालन नगर्ने व्यक्तिलाई कुनै पनि वाहानामा माफ नगरिने कडा चेतावनी थियो । आदेश प्रभावकारी होस् र कसैले अवज्ञा गर्ने हिम्मत नगरोस् भनी लिच्छविकालमा अभिलेखहरूमा राजाले 'यो मेरो आफ्नै आज्ञा हो' भन्ने जस्ता वाक्यहरू पनि लेखाउने गरेको पाइन्छ । देउपाटनमा अंशुवर्माले सन् ६१५ मा राखेको अभिलेखमा पनि आफूले यस अभिलेखमा जारी गरेको प्रशासनिक आदेशको व्यहोरा लेखिसकेर अभिलेख अन्त्य गर्नुअघि "यो मेरो आफ्नै आज्ञा हो " भन्ने वाक्य लेखाएका छन् (वज्राचार्य, वि.सं.२०५३,पृ.३५८)। यस्ता सयौं अभिलेखमा यो वाक्यलाई समापन गर्नुअघि कुँदिएको पाइएको छ । यस्ता वाक्यहरूले गर्दा अभिलेखमा लेखिएका आदेशहरू अक्षरस पालन हुने गर्दथे भन्ने सहजै अनुमान लगाउन सकिन्छ । मध्यकालका अभिलेखहरूमा भने आदेश नमान्ने व्यक्तिलाई 'पञ्चमहापाप लागोस्' भन्ने वाक्यहरू लेखेर डर देखाउने परम्परा रहेको देखिन्छ ।

सरकारी कर्मचारी, प्रशासक र सर्वसाधारण जनताहरू त यी वाक्यहरूबाटै तर्सन्थे र अवज्ञा गर्न सक्दैनथे । तर राजाको मृत्युपछि राजा हुने व्यक्ति त स्वर्गवासी राजासँग डराउने कुरा भएन । त्यसैले आफ्नो शेष पछिका राजाले पनि आफ्नो आदेश पालन गरिरहुन् र आफूले बनाएको नियम

र दिएको भूमि दान लामो समय टिकिरहोस् भनि अभिलेख समापन गर्नुअघि आफूपछि हुने राजाका नाममा पनि केही सन्देशहरू लेखाउने चलन रहेको देखिन्छ । पछि हुने राजाहरूलाई कतै यो आदेश पालन गरिरहुन् भन्ने अनुरोध, कतै धर्मशास्त्रको उदाहरण दिएर पापको डर र कतै प्रलोभनका वाक्यहरू लेखाउने गरिएको पाइन्छ । शिवदेव र अंशुवर्माको सन् ५९८मा खोपासीमा राखेको अभिलेखमा यस्तो अनुरोधात्मक वाक्य लेखिएको छ । त्यहा भनिएको छ" पछि हुने राजाहरूले पनि धर्मलाई ठूलो सम्झी अघिका राजाले गरेको निगाहको ख्याल राखेर यस आज्ञाको राम्रोसँग पालना गर्नुपर्छ भन्ने अनुरोध छ"(वज्राचार्य, वि.सं.२०५३,पृ.३५८) । कतिपय अभिलेखहरूमा भने यस्तो अनुरोध नगरी पापको डर देखाइएको पाइन्छ । विशेष गरेर भूमि दान गरिएको विषयका अभिलेखहरूमा दान दिएको भूमि पछि हुने राजाले वा अन्य कसैले हरण गरेमा पाप लाग्ने कुरा लेखिएको पाइएको छ । पौराणिक राजा सगरको र महाकाव्यका आदर्शपात्र युधिष्ठिरको नाम लिंदै आफूले दान दिएको भूमि पछि हुने राजाहरूबाट रक्षाहोस् भन्ने वाक्य र हरण गर्ने व्यक्ति विष्टाको कीरा भएर नरकमा पर्ने जस्ता वाक्यहरू लेख्ने गरिएको देखिन्छ । थानकोट आदिनारायणमा वसन्तदेवले सन् ५०६मा राखेको अभिलेखको अन्त्यमा भनिएको छ :

> "पछि हुने हाम्रा वंशका राजाले पनि हामीले दिएको यो जग्गा थाम्नुपर्छ । किनभने सगर आदि धेरै राजाहरूले पृथ्वीको पालना गरिसकेका छन् । जसको पालामा जुन भूमि छ । त्यसवेला त्यसको फल उनीलाई नै हुन्छ । आफूले वा अरूले दिएको जग्गा जसले हर्ला, त्यो विष्टाको कीरा भएर नरकमा पर्ला" (वज्राचार्य, वि.स.२०५३,पृ.९३) ।

त्यसै गरेर अनन्तलिङ्गेश्वरको सन् ६५६ को नरेन्द्रदेवको अभिलेखमा पछि हुने राजाहरूलाई सङ्केत गर्दै "अघिका राजाले बाँधेका स्थितिवन्देज कायम राख्नुपर्छ । शास्त्रमा पनि भनिएको छ राजामा श्रेष्ठ हे युधिष्ठिर, अघिका राजाहरूले ब्राह्मणलाई दान दिएको जग्गा कोसिससाथ रक्षा गर्नुहोस् । दान दिनुभन्दा पहिलेको दान थामिदिनु उत्तम हो"भनिएको छ (वज्राचार्य, वि.स २०५३, पृ.४८८) । लगनटोलको सन् ६९५को शिवदेव द्वितीयको अभिलेखमा यो वाक्यका साथमा "जग्गा दान दिने मानिस साठी हजार वर्षसम्म स्वर्गमा सुखसँग बस्छ । जग्गा हर्ने र हर्न लाउने मानिस त्यति नै वर्ष नरकमा पर्छ" भन्ने वाक्य थप गरिएको छ(वज्राचार्य, वि.स.२०५३, पृ.५१६) ।

केही दानशासन अभिलेखहरूमा भने समापन वाक्यको रूपमा प्रलोभनयुक्त वाक्यहरू पनि लेखाइएको पाइन्छ । यी वाक्यहरू पनि आदेशको स्थायीत्वका लागि नै लेखिएका हुन् । जयदेव द्वितीयको पालातिरको सन् ७२४को मीननाथमा रहेको अभिलेखमा भनिएको छ :

> "हामीभन्दा पछि हुने राजाहरूले पनि अघिका राजाले गरेका स्थितिबन्धेज थाम्नातिर लाग्नूपर्छ । भनिएको पनि छ - जनताको हित गर्ने स्थिति-बन्धेज बाँध्ने अघिका राजाहरूले बाँधेका उत्तम स्थितिबन्धेजहरू जसले थाम्छन् : तिनीहरूले आफ्नै पत्नीलाई जस्तै लक्ष्मीलाई धेरै कालसम्म साथ पाउनेछन् तथा मृत्युपछि पनि इन्द्रले जस्तै स्वर्गमा बास पाउनेछन्" (वज्राचार्य, वि.सं.२०५३, पृ.५४५)।

मध्यकालमा राखिएका दानशासन सम्बन्धी अभिलेखहरूमा पनि यस्ता समापन वाक्यहरू लेख्ने गरिएको पाइएको छ । यसबेला धेरैजसो अभिलेखमा आदेशको अवज्ञा गर्ने व्यक्तिलाई 'पञ्चमहापाप लागोस् ' वा 'पञ्च महापातक लागोस्' भन्ने वाक्यहरूलाई समापन वाक्यको रूपमा लेख्ने गरिएको देखिन्छ ♣ ।

दूतक र दृष्टसाक्षीको उल्लेख : लिच्छविकालमा अभिलेखको अन्त्यतिर दूतकको नाम लेख्ने परम्परा रहेको पाइन्छ । विशेषगरेर वसन्तदेवको पालादेखि सरकारबाट जारी भएका अभिलेखको अन्त्यमा यस्ता दूतकहरूको नाम लेखिएको पाइएको छ । खबर आदानप्रदान गर्ने व्यक्तिलाई दूत भनिन्छ । लिच्छवि अभिलेखमा उल्लेख भएको दूतक वास्तवमा राजाको आज्ञालाई सर्वसाधारण जनता समक्ष सम्प्रेषण गर्ने अधिकार पाएको व्यक्ति थियो । सायद राजाको आज्ञालाई कार्यान्वयन गराउने दायित्व पनि दूतककै हुने गर्दथ्यो । त्यसैले सबै खालका प्रसादशासन र दानशासन अभिलेखमा ' यहाँ दूतक... (दूतकको नाम) रहेका छन् ' भन्ने वाक्य लेखाइएको हुन्छ । सुरुसुरुमा राजाका विश्वास प्राप्त व्यक्तिलाई यस्तो दूतकका रूपमा नियुक्त गरिएको पाइन्छ । यस्ता दूतकहरूमा याज्ञिक विरोचनगुप्त, रविगुप्त, भौमगुप्त, वभ्रुवर्मा ब्रह्मुङ, कुलप्रविर, रामशील, विन्दुश्वामी, विक्रमसेन, भोगवर्मा आदिको नाम लेखाइएको पाइन्छ । अंशुवर्माको पालादेखि भने युवराजलाई नै दूतक बनाउने गरिएको देखिन्छ ।

♣ हेर्नुहोस् धनवज्र वज्राचार्यको *मध्यकालका अभिलेख* (वि.सं.२०५६) को पृ ४१, ८६, १७५ आदि ।

. मध्यकालीन अभिलेखहरूमा भने दूतकको ठाउँमा दृष्टसाक्षीको नाम लेखाउने परम्परा रहेको देखिन्छ । कुनै पनि कुराको देखी जान्ने साक्षीलाई दृष्टिसाक्षी वा दृष्ट भनिन्छ । यस्तो साक्षी अन्य सुनी जान्ने साक्षीभन्दा धेरै आधिकारिक र प्रमाणिक हुन्छ । त्यसबेलाका शक्तिशाली र प्रतिष्ठित व्यक्तिहरूलाई राजाले दिएको आदेशको यस्तै दृष्ट साक्षी बनाइएको पाइएको छ । मध्यकालका धेरै सरकारी अभिलेखहरूमा यस्तै दृष्ट साक्षीको नाम लेखाइएको छ । सन् १६७५ मा दरबारको मूलचोकमा श्रीनिवास मल्लले राखेको अभिलेखको समापन वाक्यको रूपमा अभिलेखका दृष्ट साक्षीको रूपमा देविदास, भगिरथ भैया र देवराम प्रमान रहेको कुरा लेखिएको छ । यसै गरेर सन् १६७६मा भण्डारखालमा सिद्धिनरसिंह मल्लले राखेको अभिलेखको अन्त्यमा पनि दृष्टसाक्षी श्रीनिवास मल्लदेव प्रभु ठाकुर कै नाम लेखिएको छ । त्यसै गरेर बुङ्गमती गाउँ यताटोल मत्स्येन्द्र बहालको सन् १६७६ कै अर्को शिलालेखमा पनि दृष्टसाक्षीको रूपमा नरेन्द्र मल्लठाकुर र भगिरथ भैयाको नाम लेखिएको छ♣ । शक्तिशाली भारदारहरूको समर्थन रहेको हुनाले यो आदेश बाध्यकारी छ भन्ने देखाउन यस्तो लेख्ने परम्परा रहेको अनुमान गर्न सकिन्छ ।

तिथि मिति : नेपाली सबै सरकारी अभिलेखहरूको अन्त्य मिति र तिथिबाट गरिएको पाइन्छ । लिच्छविकालमा यस्तो मिति शक संवत् र लिच्छवि संवत्मा लेख्ने गरिएको पाइन्छ । मध्यकालका अभिलेखहरूमा भने नेपाल संवत्को प्रयोग गरिएको हुन्छ । सबै अभिलेखको अन्त्यमा अङ्क मा संवत् लेखिएको हुन्छ । केही अभिलेखमा भने अक्षरहरूमा पनि सवत् लेखिएको पाइएको छ । अंशुवर्माले चाँगुनारायणमा राखेको एक अभिलेखमा संवत् ३१ लेख्नका लागि 'एकत्रिंशत्तमे वर्षे ' अर्थात् ३१ औ वर्ष लेखिएको छ (वज्राचार्य, वि.सं.२०५३,पृ.३१७) । सामान्यत: अभिलेखमा संवत्को नाम उल्लेख नगरी संवत् मात्र लेखिएको हुन्छ । सबै नेपाली अभिलेखहरूमा मितिको साथमा तिथि पनि लेखिएको हुन्छ । महिना, शुक्ल वा कृष्ण पक्ष, तिथि, बार र नक्षत्र समेत अभिलेखमा लेखिएको पाइन्छ । नेपाल संवत् चन्द्रमासमा आधारित भएको र आफ्ना अलग्गै महिनाहरू रहे तापनि अभिलेखमा वैशाख, जेष्ठ जस्ता महिना, पक्ष, नक्षत्र र बार नै लेखिएको

♣ मध्यकालीन अभिलेखमा समापन वाक्यको रूपमा दृष्टसाक्षीको नाम लेखिएको उदाहरण हेर्नको लागि हुर्नहोस् - धनवज्र वज्राचार्यको मल्लकालका अभिलेख (२०५६) पृ १८६, पृ १८८, पृ १९२ आदि ।

हुन्छ । सामान्यतयाः यस्ता तिथि र मिति उल्लेख गरी सकिएपछि अभिलेख समाप्त हुने गरेको पाइन्छ ।

माथि उल्लेख गरिएका सूत्रहरू सबै सरकारी अभिलेखमा पाइन्छन् । व्यक्तिले राख्ने गरेका व्यक्तिगत दान र संस्मरणात्मक अभिलेखहरूको सुरुवात र अन्त्य भने केही भिन्न हुन्छ । यिनमा त्यस्तो स्थापित सूत्र वा नियम पाइँदैन । यस्ता अभिलेख निकै सङ्क्षिप्त हुन्छन् । सामान्यतया यी अभिलेखहरूमा पनि तत्कालीन राजाको नाम, तिथि मिति, देवस्तुति जस्ता विवरण पाइन्छन् र यी कुराको साथमा सङ्क्षेपमा मुख्य व्यहोरा लेख्ने गरिएको देखिन्छ ।

३.३.२ नेपाली अभिलेखको भाषा र शैली (Language and Style of Nepalese Inscription)

नेपाली अभिलेखहरूको अभिव्यक्ति सम्बन्धी प्राविधिक पक्षहरूको चर्चा गर्दा यी अभिलेखमा प्रयुक्त भाषा शैलीको पनि चर्चा गर्नु आवश्यक हुन्छ । किनभने अभिव्यक्तिको सबैभन्दा महत्त्वपूर्ण प्राविधिक पक्ष नै त्यसको भाषा शैली हो । त्यसैले यहां लिच्छवि र मध्यकालमा लेखिएका नेपाली अभिलेखहरूको भाषा शैलीको विषयमा चर्चा गरिएको छ ।

अभिलेखमा प्रयुक्त भाषा : नेपालमा लिच्छविकालको सुरुवातदेखि अभिलेखहरू राख्ने परम्पराको सुरुवात भएको हो । भारतीय मौर्य सम्राट अशोकले लुम्बिनी र निग्लीहवामा राखेका दुई अभिलेखहरू नेपाली भूमिमा राखिएको भए तापनि यी अभिलेख नेपालीले नभै तत्कालीन भारतीय शासक अशोकले यहां राखेका थिए । हालैको खोजबाट मालीगाउँमा प्राप्त जयवर्मनको संवत् १०७ (सन् १८५ ?) उल्लेख भएको एक सङ्क्षिप्त अभिलेख केही अघिको जस्तो देखिन्छ । तर लिच्छविकालको सुरुवातको तिथि स्पष्ट ज्ञात नभएसम्म यसलाई लिच्छकाल सुरु नहुँदैको भन्न सक्ने अवस्था देखिदैन । त्यसैले लिच्छविकालदेखि अभिलेख राख्न सुरु गरिएको हो भनिएको हो । जयवर्मनदेखि अन्तिम लिच्छवि राजा जयदेव द्वितीय (अभिलेखमा आफ्नो नाम लेखाउने अन्तिम लिच्छवि राजा) सम्मका सबै अभिलेखहरूमा संस्कृत भाषाको प्रयोग भएको पाइएको छ । हालसम्म सङ्कलन भएका करिब २०० अभिलेखहरू सबैमा स्तरीय र परिपक्क खालको संस्कृत भाषाको प्रयोग भएको छ । यसबाट लिच्छविकालमा लेखपढ गर्ने माध्यम भाषा संस्कृत नै रहेको थियो भन्ने देखिन्छ । यसको अर्थ लिच्छविकालमा सबै नेपालीहरू संस्कृत मै बोलीचाली गर्दथे भन्ने होइन । सायद कुनै एक वा अनेक स्थानीय भाषामा बोलीचाली हुने

गर्दथ्यो । त्यसैले अभिलेखहरूमा प्रयोग भएका नामहरूमा प्रशस्त गैरसंस्कृत भाषाको प्रभाव देख्न सकिन्छ । यस विषयमा धनवज्र वज्राचार्य लेख्दछन् :

> "लिच्छविकालका शासकहरूले संस्कृतलाई 'राजभाषा' बनाएका थिए । उनीहरूले यावत् कुरा संस्कृतमै लेखाएको पाइन्छ । तर लिच्छविकालका मुख्य चार अधिकरण -कुथेर, शुल्ली, लिङ्वल, माप्चोक-का नाम संस्कृत भाषाका छैनन् । यसै गरी ब्रम्हमुङ, शुल्म्मुङ सिङ्र, फलन्जविष्टि आदि शासन व्यवस्थासँग सम्बन्ध राख्ने अनेक नाम संस्कृत भिन्न भाषाका छन् । नेपाल उपत्यकाका असी प्रतिशतभन्दा वढी ठाउँ, नदी कुलो, पोखरी, डाँडो आदिका नाम पनि संस्कृत भाषाका छैनन् । उपर्युक्त नाउँहरू किरात परिवारका भाषाबाट रहेका छन्" (वज्राचार्य, वि.सं.२०५३,पृ ४६) ।

यी बाहेक लिच्छविकालका अभिलेखमा केदुम्बाट, हाम्हु, कुम्हु, खोप्रिङ, लेम्वटी जस्ता अनेकौ गैर संस्कृत भाषाका नामहरू लेखिएका छन् । यसो भए तापनि समग्र अभिलेखहरू भने संस्कृतमै लेखिएको पाइएको छ ।

मध्यकालीन अभिलेखहरू भने पूर्णरूपमा संस्कृत, संस्कृतका साथसाथै नेवारी र पूर्णरूपमा नेवारी भाषामा मात्र पनि लेखिएको पाइएको छ । मध्यकालमा संस्कृत भाषा बुझ्ने मानिस कमी रहेको र नेवारी भाषा जनमानसको अभिव्यक्तिमा अधिक लोकप्रिय हुदै गएको थियो । तर सुन्दर र गहन अभिव्यक्ति संस्कृत भाषामा मात्र व्यक्त गर्न सकिन्छ भन्ने परम्परागत मान्यता भएका पण्डितको पनि बोलवाला रहेको बुझिन्छ । फलस्वरूप मध्यकालका अभिलेखमा प्रयोग भएको भाषा संस्कृतबाट नेवारीमा संक्रमित हुँदै गएको अवस्थामा रहेको देखिन्छ । फलस्वरूप पूर्वमध्यकालका अधिकांश अभिलेखहरू संस्कृत भाषामा लेखिएका छन् । मध्यकालको मध्यवर्ती समयका अभिलेखहरू संस्कृत र नेवारी भाषा मिसाएर लेखिएका छन् भने पछिल्लो मध्यकालका धेरै अभिलेखहरू नेवारी भाषामा मात्र लेखिएको पाइएको छ । उदाहरणका लागि सन् १५४४ को भृङ्गारेश्वरको विष्णु सिंहको अभिलेख, सन् १५६६को मंगलबजार पाटनको पुरन्दर सिंहको अभिलेख, सन् १५६९को हाल राष्ट्रिय संग्रहालयमा रहेको उद्धव सिंहका केही लामा लामा अभिलेखहरू नेवारी शब्दहरूको प्रशस्त प्रयोग भए तापनि संस्कृत भाषामा मात्र लेखिएका छन्[♣]। । यसको करिब

♣ संस्कृत भाषामा मात्र लेखिएका यी अभिलेखहरू बारेमा हेर्नुहोस् क्रमश : धनवज्र वज्राचार्यको मध्यकालका अभिलेख(वि.सं. २०५६)को पृ. ११, पृ.२२ र पृ. २९ मा । यी

एक शताब्दीपछिका कतिपय अभिलेखहरू भने संस्कृत र नेवारी दुवै भाषामा लेखिएका छन् जस्तै पाटन मंगलवजारको भाइदेवलमा रहेको सन् १६७८ को भागिरथ भैयाको अभिलेख, पाटन वंशगोपाल मन्दिरको सन् १६८० को श्रीनिवास मल्लको अभिलेख, सन् १६८१को पाटन भिमसेन मन्दिरको श्रीनिवास मल्लको अभिलेख जस्ता धेरै अभिलेखहरूमा भने आरम्भमा संस्कृतका श्लोकहरूमा राजा वा भारदारको प्रशस्ति प्रस्तुत गरेर पछिल्लो खण्डमा नेवारी भाषामा अभिलेखको विषयवस्तु लेखाइएको पाइन्छ ♦। अभिलेखमै भने संस्कृत बाहेकको यस्तो नेवारी भाषालाई कतै देश भाषा र कतै नेपाल भाषा भनिएको छ ♠। त्यसै गरेर मध्यकालको पछिल्लो समयतिरका अभिलेखहरू भने सुरुवातका केही औपचारिक वाक्यहरू बाहेक प्रायः सबै नेवारी भाषामा मात्र लेखिएको पाइन्छ । धनवज्र वज्राचार्यको मध्यकालका अभिलेख (वि.सं.२०५६) पुस्तकमा प्रकाशित गरिएका पछिल्लो मध्यकालका अधिकांश अभिलेखहरूमा नेवारी भाषाको प्रयोग भएको छ । कीर्तिपुरबाट प्राप्त पछिल्लो मध्यकालका अभिलेखहरू पनि प्रायः सबै नेपाल भाषा वा नेवारी भाषामै लेखिएको पाइएको छ ।

अभिलेखमा प्रयुक्त भाषाशैली :

नेपाली अभिलेखहरू संस्कृत वा नेवारी जुन सुकै भाषामा लेखिएको भए तापनि अत्यन्त स्तरीय भाषा शैलीमा लेखिएका छन् । विषयवस्तु साधारण हुँदा पनि प्रस्तुतीकरण ज्यादै स्तरीय रहेको देखिन्छ । धेरैजसो अभिलेखहरू संस्कृतभाषा र साहित्यको राम्रो ज्ञान भएका पण्डितहरूबाट लेखाइएको देखिन्छ । नेवारी भाषामा लेखिएका मध्यकालीन अभिलेखहरूमा पनि प्रौढ अभिव्यक्ति

केही उदाहरणहरू मात्र हुन् । यस समयका धेरै अभिलेखहरू संस्कृत भाषामा लेखिएका छन् ।

♦ संस्कृत र नेवारी दुवै भाषामा लेखिएका यी अभिलेखहरूका बारेमा हेर्नुहोस् ':क्रमशः धनवज्र वज्राचार्यको मध्यकालका अभिलेख(वि.सं. २०५६)को पृ. १९७, पृ.२०९ र पृ. २१६ मा । यी बाहेक यस समयका अन्य धेरै अभिलेखहरू संस्कृत र नेवारी भाषामा लेखिएका छन् ।

♠ वंशगोपाल मन्दिरको श्रीनिवास मल्लको अभिलेखको १३ औ श्लोकमा 'अतप्पर देशभाखा लिख्यते ' भनिएको छ । पाटन कृष्णमन्दिरको सन् १७०५को अभिलेखको २०औ श्लोकमा 'अतः पर नेपालभाषा ' भनिएको छ । धेरैजसो अभिलेखमा भने नेवारी भाषालाई 'नेपाल भाषा' भनिएको पाइएको छ ।

झल्केको पाइन्छ । नेपालका समग्र अभिलेखहरूको अभिव्यक्ति शैलीलाई निम्नानुसार स्पष्ट गर्न सकिन्छ ।

- काव्यात्मकता : धेरैजसो अभिलेखहरू सुन्दर कवितामा रचना गरिएका छन् । राजप्रशस्तिहरू त ज्यादै सुन्दर कवितामा लेखिएका छन् । धार्मिक ग्रन्थहरूको राम्रो ज्ञान भएका, उच्च बौद्धिक व्यक्तित्व भएका र कविताको छन्द सम्बन्धी राम्रो ज्ञान भएका कविहरूले अभिलेखको व्यहोरा तयार पारेको कुरा सहजै अनुमान गर्न सकिन्छ । सन् ७३३ मा पशुपतिमा जयदेव द्वितीयले राखेको अभिलेख मै यसको व्यहोरालाई एक 'अपूर्व काव्य' भनिएको छ (वज्राचार्य, वि.सं.२०५३,पृ.५४५) । अभिलेखमा भनिए जस्तै यो अभिलेख साँच्चिकै अपूर्व काव्यको रूपमा नै रचना गरिएको छ । यस अभिलेखको श्लोक १, ३, ५, १९, २०, २२, २३, ३० र ३२ स्रगधरा छन्दमा, श्लोक २, ४, ६, ७, १२-१५, १७, २१, २५-२९, ३३, ३४ शार्दुलविक्रिडित छन्दमा, श्लोक ८,११र १६ वसन्ततिलका छन्दमा , श्लोक ९,२४,३१ क्रमशः उपजाति, इन्द्रवज्रा तथा उपेन्द्रवज्रा छन्दमा लेखिएका छन् (Gnoli, 1956 (Part I), P.115) । बाँकी १० औं र १८ औ श्लोकहरूलाई भने रोनिइरो नोलीले श्लोकमात्र भने पनि यी श्लोकलाई डिल्लीरमण रेग्मीले अनुष्टुप छन्द भनेका छन् (Regmi, 1983 vol iii, p. 237) लिच्छविकालकै मानदेवको चाँगु अभिलेख ज्यादै सुन्दर छन्दबद्ध कवितामा रचना गरिएको छ । यो पनि एक काव्यकै रूपमा रचना गरिएको छ । हाँडीगाउँ सत्यनाराण मन्दिरको स्तम्भ अभिलेख पनि कवितात्मक शैलीमा लेखिएको छ । यसबाहेक विष्णुपादुका फेदीको एक सङ्क्षिप्त अभिलेख पनि कवितामा लेखिएको छ । यो अभिलेख एक श्लोकको मात्र छ (वज्राचार्य, वि.सं.२०५३,पृ.४७) । मध्यकालका अभिलेखहरूमा पनि यस्तो काव्यात्मक विशेषता प्रशस्त पाइन्छ । राजाका प्रशस्तियुक्त सबै मध्यकालीन अभिलेखहरू संस्कृतका सुन्दर पद्यमा रचना गरिएका छन् । यस्ता काव्यात्मक पद्य अभिलेखका रचनाकारहरू सबैको नाम थाह हुन सकेको छैन । लिच्छविकालका यस्ता कविहरू मध्ये एकजना राजा जयदेव द्वितीय स्वयं थिए । उनले पशुपति अभिलेखका सुन्दर पाँच श्लोक कविता रचना गरेको व्यहोरा सोही अभिलेखमा लेखिएको छ । अर्का लिच्छविकालीन कवि वा काव्यात्मक अभिलेखका रचनाकार बुद्धकीर्ति थिए । पशुपति अभिलेखका बाँकी सबै श्लोकहरूको रचना उनैले गरेका थिए भन्ने व्यहोरा पनि सोही अभिलेखमै लेखिएको छ । मध्यकालमा यस्ता काव्यात्मक अभिलेखहरूका चर्चित रचनाकार हरिवंश नामका कवि रहेको थाहा पाइएको छ । मध्यकालका धेरै संस्कृतका पद्यमा रचना गरिएका

अभिलेखहरू उनैले लेखेको व्यहोरा तत्कालीन अभिलेखहरूमा लेखिएको पाइन्छ[*] । उनले पनि सुन्दर पद्यमा राजाको प्रशस्तिहरू लेखाएका छन् । उनका पद्य कवितापछि मात्र नेवारी भाषामा अभिलेखको व्यहोरा लेखिएको पाइन्छ । त्यसैले काव्यात्मकता वा पद्यलाई जोड दिनु नेपाली अभिलेखको प्रमुख शैली बन्नपुगेको छ ।

साहित्यिक गद्य : कतिपय अभिलेखहरू गद्यमा लेखिएका छन् । यस्ता गद्य अभिलेखहरू पनि ज्यादै सुन्दर र साहित्यिक किसिमको शैलीमा लेखिएको पाइन्छ । देवीदेवताको स्तुतिको रचना गर्दा, राजाको प्रशस्तिको रचना गर्दा र आफूले निर्माण गरेका मूर्ति, मन्दिर वा अन्य स्मारकको सौन्दर्यको वारेमा अभिलेखमा लेखाउने व्यहोराको रचना गर्दा धेरै किसिमका विशेषता, विशेषण, र उपमाहरूको प्रयोग गरिएको पाइन्छ । साँगामा प्राप्त अंशुवर्माको एक गद्य अभिलेख(वज्राचार्य, वि.सं.२०५३,पृ.३३७)लाई हेरौं । यहाँ महादेवको स्वरूपको वर्णन गर्दै भनिएको छ "कानमा गहनाको रूपमा लाईराखेका डरलाग्दा सर्पहरूको फुत्कारको हावाले जटा छ्यान्न व्यान्न भएको, भरखरै काटिएको ताततातो रगत चुहिरहेको मुण्डमाला लाएको, ठूलो स्वरले खित्का छोडेर हाँसिरहेको, रगत चुहिरहेको हात्तीको छाला ओढेको , पार्वतीले डराई डराईकन हेरिएको महादेवको स्वरूप...." । त्यसै गरेर सोही अभिलेखमा कैलाशकूट दरवारको सौन्दर्यको वर्णन गर्दा भनिएको - " पृथ्वीतलको टीका जस्तो भएको, कुरीकुरी लागेर दुनियाँहरूले आंखा झिम्म नगरेर हेरिएको कैलाशकूट भवन ..." । त्यसै गरेर अंशुवर्माको वर्णन गर्दै " दुनियाँको हित हुने काममा लागेका, भगवान पशुपतिनाथको पाउंको अनुग्रह पाएका, वप्प(बुवा)को पाउंको अनुग्रह पाएका, गाथमा आराम भएका...." भनिएको छ । यो एक उदाहरण मात्र हो । लिच्छवि र मध्यकालका धेरै गद्य अभिलेखहरूमा यस्तै शैलीको प्रयोग गरिएको छ । यसरी गद्यलाई पनि धेरै विशेषण, विशेषता र उपमाहरूले सिंगारेर निकै सुन्दर वाक्यमा अभिलेख कुंद्नु नेपाली अभिलेखको एक परम्परा वा शैली बन्न पुगेको छ ।

धार्मिकता र दार्शनिकता : नेपाली अभिलेखहरूको भाषिक प्रस्तुतीकरणमा प्रशस्त धार्मिक र दार्शनिक शैलीको प्रयोग भएको पाइन्छ । लिच्छविकालका

[*] पाटन मंगल बजारको सन् १६७८ को भाइदेवलको अभिलेख, वंशगोपाल मन्दिरको सन् १६८० को श्रीनिवास मल्लको अभिलेख जस्ता केही अभिलेखमा 'श्रीहरि वंशले यी पद्य बनाएका हुन्' भनिएको छ । हेर्नुहोस् : धनवज्र वज्राचार्य, मध्यकालका अभिलेख पृ.१९९, २११ आदि ।

अभिलेखहरूमा विषयवस्तुलाई प्रभावकारी र महत्त्वपूर्ण बनाउन धार्मिक प्रसङ्गहरू र धर्मग्रन्थका पात्रहरूको प्रशस्त उदाहरणहरू प्रस्तुत गरिएको छ । धार्मिक भावनाले ओतप्रोत लिच्छविकालीन जनतालाई राजाले स्वर्ग, नर्क जस्ता हिन्दू धार्मिक विश्वासको प्रलोभन वा डर देखाएर आदेशको कार्यान्वयन गराउने प्रयास गरेको देखिन्छ । पौराणिक राजा सगरको र महाभारत महाकाव्यका आदर्श पात्र युधिष्ठिरको धेरै अभिलेखहरूमा चर्चा गरिएको कुरा प्रसङ्गअनुसार यसअघि नै चर्चा गरिसकिएको छ । धेरै राजाहरूको प्रशस्ति लेखनको क्रममा पनि पौराणिक र महाकाव्यका राजाहरूसँग तुलना गरिएको पाइन्छ । यस्तो धार्मिक शैलीको प्रस्तुतीकरण मध्यकालका अभिलेखहरूमा पनि प्रशस्त पाइन्छ । कतिपय नेपाली अभिलेखहरू दार्शनिक शैलीमा पनि रचना गरिएका छन् । लिच्छविकालको हाँडीगाउँ सत्यनारायण स्थानको शिलास्तम्भमा अनुपरम नामका व्यक्तिले रचना गरेको अभिलेखमा काव्यात्मक र दार्शनिक शैलीमा द्वैपायन(वेदव्यास)को स्तुति प्रस्तुत गरिएको छ । यो अभिलेखमा हिन्दू वेदान्त दर्शन सूत्रका आत्मा, चैतन्य आदि दार्शनिक विषयलाई पद्यमा सुन्दर ढंगले उतारिएको छ(वज्राचार्य, वि.स.२०५३,पृ.१६३) । त्यसैले नेपाली अभिलेखहरूको भाषाशैलीमा धार्मिकता र दार्शनिकताको पनि प्रभाव रहेको देखिन्छ ।

३.३.३ नेपाली अभिलेखको ढाँचा, कला र शिल्प (Motif, Art and Craft of Nepalese Inscription) :

नेपाली अभिलेखहरूको वाह्यस्वरूप वा *डिजायन*मा पनि आफ्नै खालको मौलिकता रहेको पाइन्छ । यहाँ अभिलेखहरू अनेकौ वस्तु र माध्ययमा लेखिएको विषयमा यसअघि नै चर्चा गरिएको छ । मूर्ति र शिवलिङ्गका पादपीठहरूमा, जलद्रोणी र ढुङ्गेधाराहरूमा, धातुका सिक्काहरूमा, काठका टुँडालहरूमा पनि अभिलेखहरू लेखिएका छन् । यी वस्तुहरू अभिलेख कुंद्नका लागि तयार पारिएका होइनन् । त्यसैले यस्ता अभिलेखको motif वा ढांचाका विषयमा अलगै चर्चा गर्नु आवश्यक देखिदैन । यहाँ अभिलेखकै लागि तयार पारिएका वस्तुहरूमा सबैभन्दा प्रमुख शिलापत्र र ताम्रपत्रहरू हुन् । यसवाहेक कतिपय शिलास्तम्भहरू पनि अभिलेख लेख्ने प्रयोजनकै लागि तयार पारिएको जस्तो देखिन्छ । यद्यपि सबै शिलास्तम्भहरूमा देवदेवीका वाहनका शालिकहरू स्थापना गरिएको पाइन्छ । त्यसैले यहाँ यी तीन किसिमका अभिलेखहरूको वाह्यस्वरूप वा ढांचा विषयमा चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

नेपाली शिलापत्रहरू आफ्नै मौलिक ढांचामा तयार पारिएको देखिन्छ । सामान्यतया शिलापत्रहरू चौडाइ(अक्षरका पङ्क्ति भएको भाग) भन्दा उचाइ

अग्लो भएको आयताकार प्रस्तरमा बनाइएको हुन्छ । यस्तो प्रस्तरको शीर्षभागलाई भने समतल किसिमले नकाटी अर्धवृत्त वा माथितर्फ चुच्चो हुने गरी काटिएको हुन्छ । जसले गर्दा शिलापत्रहरू पनि शिखरशैलीका मन्दिर जस्ता देखिन्छन् । टोखामा रहेको शिवदेव र अंशुवर्माको अभिलेख, काठमाडौ बाँसबारी नजिकैको धर्मपुरमा रहेको शिवदेव र अंशुवर्माको अभिलेख, खोपासीमा रहेको शिवदेव र अंशुवर्माको अभिलेखजस्ता धेरै शिलापत्रहरू यस्तै आकर्षक ढाँचामा तयार पारिएको छ । पशुपतिमा रहेको जयदेव द्वितीयको प्रशिद्ध अभिलेख भने शिलापत्रमै लेखिएको भए तापनि यसको ढाँचा बेग्लै रहेको छ । यो अभिलेख शीर्षभाग समतल रहेको र उचाइभन्दा अक्षरका पङ्क्ति कुदिएको भाग लामो हुने गरी कुँदिएको छ । त्यसैले यो उचाइ कम भएको आयताकार स्वरूपमा कुँदिएको छ । शिलापत्रको ढाँचाको हिसाबले यो एक अपवाद नै हो । मध्यकालका शिलापत्रका वाह्यस्वरूप वा ढाँचा लिच्छविकालकै निरन्तरता जस्ता देखिन्छ । मध्यकालका शिलापत्रहरूमा मध्य भागलाई केही साँघुरो हुने गरी कुँदिएको थप विशेषता पाइन्छ । यस्तो कुँदाईले शिलापत्रहरूलाई अझै सुन्दर बनाएका छन् । भक्तपुर दरबारको सुवर्णद्वारको पश्चिमतर्फ रहेको यक्षमल्लको अभिलेख पनि यस्तै ढाँचामा तयार पारिएको छ । यो अभिलेख शिर्षभाग केही चुच्चे हुँदै गएको अग्लो आयताकार स्वरूपमा निर्माण गरिएको छ र अभिलेखको मध्य भागलाई केही साँघुरो पारिएको छ । यस्तो साँघुरो पारिएको मध्य भाग सुन्दर युवतिको मसिनो कम्मर जस्तै प्रतित हुन्छ । त्यसैले मध्यकालका शिलापत्र लिच्छविकालका तुलनामा अझै सुन्दर बन्न पुगेका छन् ।

ताम्रपत्रहरू पनि अभिलेखकै लागि तयार पारिएका वस्तुहरू हुन् । यिनको ढाँचा पनि निकै सुन्दर देखिन्छ । सामान्य किसिमका ताम्रपत्रहरू उचाइ केही बढी हुने गरी आयताकार तामाका पाताहरू काटेर तयार पारिएको हुन्छ । विशेष ताम्रपत्रहरू भने मध्यकालीन शिलापत्रकै स्वरूपका र विशेष कलात्मक किसिमका हुन्छन् । लम्बाइभन्दा उचाइ बढी भएका यस्ता ताम्रपत्रहरूलाई तल्लो भागदेखि माथितर्फ क्रमशः ठूलो पार्दै लगिएको हुन्छ । शीर्षभागतर्फ फेरि क्रमशः साँधुरो पार्दै लगेर सबैभन्दा माथि गजूर आकारको चुच्चो भाग बनाइएको हुन्छ । मध्यकालका यस्ता कलात्मक ढाँचाका ताम्रपत्रहरूमा रणजित मल्लले भक्तपुर सुवर्णद्वारको दाँयातर्फ राखेको ताम्रपत्र पनि एक हो । यही सुन्दर ढाँचामा तयार पारिएकोले होला यो ताम्रपत्रको तस्वीर दिनेशचन्द्र रेग्मीको पुस्तक 'पुरालेखन र अभिलेख'को आवरण पृष्टमा पनि छपाइएको छ ।

मध्यकालका ताम्रपत्रको यो एक प्रतिनिधि उदाहरण मात्र हो । अधिकांश मध्यकालीन ताम्रपत्रको ढाँचा यस्तै रहेको पाइएको छ ।

मन्दिरहरूको अगाडि राखिने प्रस्तरका स्तम्भमाथि गरुड, सिंह आदि देवदेवीका वाहनका शालिकहरू राखिएको हुन्छ । तर यस्ता स्तम्भ राख्नुको भित्रि उद्देश्य भने राजाको प्रशस्ति लेखाउने वा कुनै लामो अभिलेख कुँदाउने रहेको पाइन्छ । किनभने नेपालका यस्ता स्तम्भहरूमा निकै लामा र व्याख्यात्मक अभिलेखहरू कुँदिएको पाइएको छ । भारतमा यस्ता अभिलेख कुँदिएका प्रस्तरस्तभहरू गोलाकार वा बेलनाकारका हुन्छन् । भारतीय मौर्य सम्राट अशोकले लुम्बिनी, निग्लीहवा र गोटीहवामा♣ राखेका स्तम्भहरू गोलाकार रूपमा कुँदिएबाट पनि यस्तो भारतीय परम्पराको पुष्टि हुन्छ । तर नेपालमा भने अभिलेख सहितका प्रायः सबै स्तम्भहरू चारपाटे आकारमा बनाइएका छन् । बेलाना आकारका स्तम्भहरूमा अभिलेख लेख्न र लेखेको अभिलेख पढ्न समेत कठिन हुन्छ । त्यसैकारणले होला नेपालका सबै स्तम्भहरू चारपाटे आकारका बनाइएका छन् । कतिपय स्तम्भका चारैपाटामा अभिलेखहरू कुँदिएका छन् । चाँगुनारायणको मानदेवको अभिलेख, हाँडीगाउँको सत्यनारायणस्थानको अनुपरमको अभिलेख आदि यस्तै चारपाटे ढाँचामा कुँदिएका छन् । मध्यकालीन स्तम्भका ढाचाँहरू पनि यस्तै किसिमका रहेका छन् ।

नेपाली अभिलेखहरूको ढाँचाका विषयमा चर्चा गरी सकेपछि यिनमा पाइने कला र शिल्पको पनि चर्चा गर्नु आवश्यक देखिन्छ । यहाँका अभिलेखहरूमध्ये शिलास्तम्भहरूको शीर्षभागमा अभिलेखकै अङ्गको रूपमा गरुड, सिंह आदि अनेकौ वाहनका मूर्तिहरू नै निर्माण गरिएको हुन्छ । त्यसैले यस्ता शिलास्तम्भ अभिलेखहरू स्वभाविकरूपमा सुन्दर र कलात्मक हुन्छन् । यसबाहेक शिलापत्रहरूका शीर्षभागमा ज्यादै सुन्दर कलाकृतिहरू कुदिएको पाइएको छ । शिलापत्रको शीर्षभाग समतल नबनाई माथितर्फ चुच्चो हुँदै गएको वा अर्धवृत्त आकारको बनाइएको हुन्छ । अभिलेखको पहिलो पङ्क्तिमाथि खाली हुन आउने यस्तो शीर्ष भागमा अनेकौ कलात्मक रेखाचित्रहरू कोरिएको हुन्छ ।

लिच्छविकालका अधिकांश शिलापत्रहरूमा मध्य भागमा कलात्मक चक्र निर्माण गरी त्यसको दायाँ बायाँ शङ्खको आकृति निर्माण गर्ने परम्परा रहेको

♣. गोटीहवामा पाइएको प्रस्तरस्तम्भमा अभिलेख कुदिएको भाग भाचिएर हराएको छ । त्यसैले यो कसले राखेको अभिलेख हो भन्ने स्पष्ट हुन सकेको छैन । अभिलेखको ढाँचा भने अशोक स्तम्भसँग मिल्दो जुल्दो भएको हुँदा यसलाई क्रुकुच्छन्दबुद्धको जन्मस्थलमा अशोकले राखेको स्तम्भ मान्ने गरिएको छ ।

पाइन्छ । सन् ५१२ को बसन्तदेवको टिस्टुङको शिलापत्र, सन् ५१३ को छत्रचण्डेश्वर नजिकैको बसन्तदेवको शिलापत्र, सन् ५६० को बलम्बु चौकीटारको गणदेवको शिलापत्र आदि दर्जनौ लिच्छविकालीन शिलापत्रमा यस्ता आकृति पाइन्छन्(जोशी, वि.स.२०३०, पृ.८८, पृ.९१, पृ.१५२आदि) । यीमध्ये सन् ५६७ को गङ्गादेवको चपलीगाँउमा रहेको शिलापत्रको शीर्षभागमा कुँदिएको चित्र विशेष कलात्मक छ ♠ । केही अभिलेखमा भने शिलापत्रको शीर्षभागमा दायाँतर्फ शङ्ख र बायाँतर्फ चक्रको आकृति निर्माण गरी मध्यभागमा कलात्मक पूर्णकलश चित्रित गरिएको पाइएको छ । यसको राम्रो उदाहरण काठमाडौं हाँडीगाउँमा रहेको अंशुवर्माको सन् ६०६ को शिलापत्र र अंशुवर्माकै टिस्टुङ्गमा रहेका शिलापत्रहरूलाई लिन सकिन्छ । यिनमा दायाँ बायाँ क्रमश: शङ्ख र चक्र बनाइ यी दुईको बीचमा ज्यादै सुन्दर पूर्णकलश बनाइएको छ् . (जोशी,वि.सं.२०३०,पृ.२७६ र पृ.२८५) ।



अंशवर्मांको टिस्टुङमा प्राप्त लिच्छविकालिन अभिलेखको शीर्षभागमा कँदिएका कलाकतिहरू

यी दुई शिलापत्रहरूमा कलशलाई ज्यादै राम्रा बुट्टाले सिँगारिएको साथै शङ्ख एवं चक्रलाई पनि आकर्षक पुष्प बुट्टामाथि राखिएको देखाइएको छ ।

लिच्छविकालकै केही शिलापत्र अभिलेखहरूमा शीर्ष भागलाई कलात्मक बनाउन त्रिशूलका चित्र पनि बनाइएको पाइएको छ । सन् ६०८ को साँगाको अंशुवर्माको अभिलेखमा दुई चक्रको बीचमा भव्य त्रिशूलको चित्र बनाइएको छ र सन् ६२१को चित्लाङको उदयदेवको शिलापत्र अभिलेखमा पनि यस्तै एक त्रिशूल बनाइएको छ(जोशी,वि.स.२०३०,पृ.२९९ र पृ.३६५) । नेपाली अभिलेखको कला र शिल्पको चर्चा गर्दा यिनमा कुँदिएका पुष्प बुट्टाहरूलाई पनि बिर्सन सकिदैन । भक्तपुरको चाँगुनारायण मन्दिर परिसरमा रहेको शिवदेव(प्रथम)को एक शिलापत्र अभिलेखमा र शिवपुरी डाँडास्थित बूढानिलकण्ठमा घण्टसँगै पर्खालमा राखेको सन् ५९५ को शिवदेव(प्रथम)कै अभिलेखमा पनि शीर्ष भागमा

♠ हेर्नुहोस् : हरिराम जोशीले सम्पादन गर्नुभएको 'नेपालको प्राचीन अभिलेख' नामक पुस्तकको अन्त्यमा अभिलेख नं ५४ क को तस्वीर ।

फूलहरूको आकार प्रकारले सिँगारिएको छ (जोशी,वि.स.२०३०,पृ.२२१रपृ.२४०) । यस्तो पुष्प बुट्टाहरू अभिलेखको चारैतिर पनि बनाइएको हुन्छ । अक्षर कुँद्ने भागलाई चारैतिर यस्तै बुट्टाले घेरेर सुन्दर बनाइएको हुन्छ । लिच्छविकालका अभिलेखहरूमा विशेष गरेर पछिल्लो समयका केही अभिलेखहरूलाई शीर्ष भागमा सुन्दर साँढेको चित्रले पनि सिँगारिएको पाइएको छ । अंशुवर्माले राखेको भन्सार हिटिको शिलापत्रको शीर्ष भागमा, सन् ६१५मा अंशुवर्माले देवपाटनस्थित गणेशको मन्दिर समिपमा राखेको एक अभिलेखमा, ध्रुवदेव र जिष्णुगुप्तले काठमाण्डौ आदेश्वरमा राखेको शिलापत्र अभिलेख जस्ता केही अभिलेखको शीर्ष भागमा सुन्दर साँढेका चित्रहरू बनाईएका छन्(जोशी, वि.सं.२०३०,पृ.३२८, पृ.३३१ र पृ.३८४) यी अभिलेखहरूमा ठूलो जुरो, मोटोघाटो शरीर र सुन्दर सिङ भएको साँढेलाई आनन्दसँग बसिरहेको अवस्थामा चित्रित गरिएको छ ।



काठमाडौं आदेश्वरको ध्रुवदेव र जिष्णु गुप्तको एक लिच्छवि अभिलेखको शीर्षभागमा कुँदिएको साँढेको कलात्मक चित्र

बौद्धधर्मसँग सम्बन्धित केही लिच्छवि अभिलेखहरूका ज्यादै कलात्मक धार्मिक चित्रहरू पनि प्राप्त भएका छन् । जीर्णभै अभिलेखको विषयवस्तु प्रस्ट हुन नसकेको ललितपुर भिमसेन मन्दिरको अगाडि प्राप्त भै हाल नेपाल म्युजियममा राखेको एक अभिलेखको मध्यभागमा दुईवटा हरिण र दुइजना घुंडा टेकेर प्रार्थनामा लागेका भक्तहरूको माझमा भगवान बुद्धको आकृति अङ्कित गरिएको छ((जोशी, वि.स.२०३०, पृ.३४७) । त्यसै गरेर सन् ६६५को वटुक भैरवको मन्दिरस्थित एक अभिलेखको शीर्ष भागमा दुईवटा मृगका चित्रहरूको बीचमा धर्मचक्रको आकृति पनि बनाइएको छ(जोशी,वि.स.२०३०,पृ.४९७) । यी मध्ये नेपाल म्युजियममा रहेको अभिलेखका चित्रहरूमा बुद्धका भक्तको रूपमा मानव आकृति पनि चित्रित गरिनु कलाका दृष्टिले बढी महत्वपूर्ण हुन पुगेको

छ । मृगका चित्रहरूका वीचमा बनाइएको चक्र धर्मचक्र परिवर्तनको साङ्केतिक चिन्ह हुनु पर्दछ । सन् ६२४मा ध्रुवदेव र जिष्णुगुप्तले ललितपुर त:भ्या छिन्नमस्तामा राखेको एक शिलापत्र अभिलेखमा त माछाको चित्र पनि बनाइएको छ(जोशी,वि.सं.२०३०,पृ.३६९) जेहोस् यी रेखाचित्रहरूले लिच्छविकालीन कलाशैलीको अध्ययनमा ठूलो योगदान पुऱ्याका छन् ।

लिच्छविकालमा जस्तै मध्यकालीन शिलापत्रहरूमा पनि सुन्दर कला र शिल्पको यथेस्ट प्रयोग भएको पाइन्छ । ताम्रपत्रका शीर्ष भागमा पनि यस्ता आयुध, वाहन, पुष्पबुट्टा आदिले सिँगारिएको पाइन्छ । शिलापत्रहरूमा पनि अनेकौं शिल्प र कलाकृतिहरू कुँदिएका छन् । हेमराज शाक्यले आफ्नो पुस्तक 'नेपाली लिपि प्रकाश'मा स्वयंभूमा रहेको एक मध्यकालीन शिलापत्रको तस्वीर प्रकाशित गरेका छन् । यसमा सप्ताक्षरी 'ह क्ष म ल व र यं ' लाई नै संयुक्त कुटाक्षरमा लेखेर सुन्दर चित्रात्मक आकृतिको रूपमा कुँदिएको छ (शाक्य, वि.सं.२०३०, पृ.४४-४५) । यस्तो सुलेखन कलालाई चित्रकलाकै रूपमा प्रयोग गर्नु मध्यकालीन अभिलेख शिल्पको एक महत्त्वपूर्ण विशेषता मान्न सकिन्छ । सोही पुस्तकमा प्रकाशित फर्पिङको प्रचलित नेवारी लिपि कुँदिएको मध्यकालीन अर्को एक अभिलेखको शीर्ष भागमा मानव हातहरूलाई अनेकौ मुद्रामा प्रदर्शन गराइएका चित्रहरू कुँदिएको छ (शाक्य, वि.सं. २०३०, पृ.४४-४५) । यी कलात्मक विशेषताका कारणले नेपालका अभिलेखहरू ऐतिहासिक विषयवस्तु वताउने सामाग्री मात्र नभै तत्कालीन कालाकौशल प्रस्तुत गर्ने एक माध्यमका रूपमा पनि निर्माण गरिएको देखिन्छ ।

३.४ नेपालको इतिहास र संस्कृतिको अध्ययनमा अभिलेखको महत्त्व (Importance of epigraphy for the study of history and culture of Nepal)

कुनै पनि समाजको इतिहास र प्राचीन संस्कृतको अध्ययनमा अभिलेखको ज्यादै ठूलो महत्त्व रहेको हुन्छ । अभिलेखहरू यस्ता सामग्रीहरू हुन् जसले विगतको इतिहासका अनेकौ रहस्यहरू आफ्नो साथमा हजारौं वर्षदेखि सुरक्षित राखेका हुन्छन् । त्यसैले अभिलेखहरू इतिहास र प्राचीन संस्कृतिका जीवित स्वरूप समान मानिन्छन् । संसारका अन्य सबै खालका तथ्यहरू वर्तमान समाजमा विद्यमान रहेका हुन्छन् तर इतिहास र प्राचीन संस्कृति सम्वन्धी तथ्य वा जानकारीहरू वर्तमान समाजमा खोजेर पाइँदैनन् । यस्तो तथ्यका प्रमुख र भरपर्दा स्रोत अभिलेखहरू नै हुन् । इतिहासको अध्ययनमा अभिलेखीय स्रोतको महत्त्वलाई दर्शाउने क्रममा भारतका एक अभिलेखशास्त्री डि.सी सरकारले भनेका छन् कि- भरपर्दो इतिहास आफ्नो सन्ततिलाई

हस्तान्तरण गर्न प्राचीन भारतले हेरोडोटस्, थ्यूसिडाइस अथवा टासिटस जस्ता इतिहासकारहरू जन्माउन सकेन । त्यसैले यो अभाव पूर्तिका लागि विभिन्न किसिमका स्रोतहरूको उपयोगवाट भारतको गौरवमय इतिहासको पुन: निर्माण आवश्यक भएको छ । यस कार्यमा अभिलेखीय स्रोतहरू नै सवैभन्दा महत्त्वपूर्ण बनेका छन्(sircar,1965,p.7) । नेपालमा पनि प्राचीन इतिहासको निर्माताहरूको जन्म हुन सकेको थिएन । फलस्वरूप मध्यकालसम्म पनि इतिहास लेखनको कार्य हुन सकेन । मध्यकालमा पनि वैज्ञानिक र तथ्यपूर्ण इतिहास लेखनको कार्य अगाडि बढाइएको थिएन । राजाको प्रशस्तियुक्त वंशावली लेखनलाई नै इतिहास लेखन ठानिन्थ्यो । यसवाट भरपर्दो र तथ्यपूर्ण इतिहास तयार हुन सम्भव थिएन । सन् १८८० मा भगवानलाल इन्द्राजीले नेपालमा अभिलेख अध्ययन र प्रकाशनको कार्य सुरु गरेदेखि नै यहाँको भरपर्दो र तथ्यपूर्ण इतिहास लेखनको कार्य आरम्भ भएको हो । यसवाट पनि नेपालको इतिहास र यहाँको प्राचीन संस्कृतिको अध्ययनमा अभिलेखको महत्त्व कति धेरै रहेछ भन्ने थाहा पाउन सकिन्छ ।

अभिलेखीय स्रोतहरू इतिहास र प्राचीन संस्कृतिको अध्ययनमा विशेष महत्वपूर्ण हुनाको प्रमुख कारण तिनका तथ्यहरूको अपरिवर्तनियता हो । रचना गरिएको मितिदेखि हालसम्म तिनमा लेखिएका विवरणहरू अपरिवर्तित रूपमा वा यथाअवस्थामा रहेका हुन्छन् । कतिपय साहित्यिक स्रोतका विवरणहरू अर्को पुस्तामा हस्तान्तरण हुँदा वा पुन: लेखन हुँदा थपघट हुने सम्भावना रहन्छ । वेद र वैदिक ग्रन्थहरू संसारकै सवैभन्दा पुराना ग्रन्थहरू भएर पनि तिनमा उल्ललेखित विवरणहरू पूर्ण विश्वास योग्य हुन सकेका छैनन् । यसको प्रमुख कारण तिनमा भएको निरन्तरको परिमार्जन वा थपघट नै हो । अभिलेखहरूमा भने यस्तो अविश्वसनियताको कुनै सम्भावना हुँदैन । त्यसैले यी बढी विश्वासनीय हुन्छन् ।

यी सामग्रीको महत्त्व र विश्वसनियताको अर्को कारण यिनमा लेखिने विवरण समकालीन विषय वस्तुमा केन्द्रित हुनु पनि हो । अभिलेखका लेखकहरूले सामान्यतया समकालीन विवरणहरू नै अभिलेखमा कुँदेका हुन्छन् । वंशावली वा पुराण जस्ता साहित्यिक स्रोतहरूमा धेरै वर्ष पुराना विवरणहरू सुनेको भरमा लेख्ने गरिन्छ । अभिलेखमा भने विजेताको विजयगाथा, दाताको दानको विवरण, निर्माणकर्ताको निर्माणकार्य, आदेशकर्ताको आदेश वा आज्ञा सबै समकालीन विषयवस्तुमै केन्द्रित रहेर लेखिएका हुन्छन् । यसकारण पनि अभिलेखका विवरणहरू विश्वासिला हुने गर्दछन् । केही प्रशस्तियुक्त अभिलेखहरू भने यसको अपवाद हुने गर्दछन् । यस्ता प्रशस्तिहरूमा भने राजाको वंशावली वर्णन गरिएको हुन्छ जुन काल्पनिक र अतिशयोक्ति पनि हुन सक्दछन् । अन्य अवस्थामा अभिलेखका विवरणहरू समकालीन वर्णनमा नै केन्द्रित रहेको पाइन्छ । यहाँ नेपालको सन्दर्भमा इतिहास र प्राचीन संस्कृतिको

अध्ययन गर्न अभिलेखहरूको के-कस्तो महत्त्व वा भूमिका खेलेका छन् भन्ने विषयमा चर्चा गर्ने प्रयास गरिएको छ ।

३.४.१ नेपालको इतिहास अध्ययनमा अभिलेखको महत्त्व :

विगतकालको घटना, विचार र कार्यहरूको तथ्यपूर्ण र प्रमाणिक खोजी गर्ने र विगतबाट पाठ सिक्दै समाजलाई भविश्यको सुन्दर बाटोतर्फ उन्मुख गराउने विषय इतिहास हो । तर विगतकालमा इतिहासको अर्थ केही भिन्न रहेको थियो । विगतमा कसैले भनेको वा कतैबाट सुनेको आधारमा भएपनि विगतका राजा महाराजाहरूको व्यक्तित्वको आदर्शपक्षको वर्णन गरेर त्यसका पाठकहरूलाई आदर्शतर्फ उन्मुख बनाउन प्रेरणा प्रदान गर्ने विषयलाई इतिहास भनिन्थ्यो । त्यसैले हिन्दूधर्म अन्तर्गतका पुराण एवं महाकाव्यहरू सबै इतिहास कहलाउँथे । यस्तो इतिहासका लागि तथ्य वा प्रमाणको आवश्यकता पर्दैनथ्यो । यस्ता कथाका नायकहरूको सौर्य, बहादुरी वा आदर्शहरूको कलात्मक वर्णन भए पुग्दथ्यो । वर्तमान समयमा भने यस्तो काल्पनिक काव्यात्मक वर्णनहरूलाई इतिहास भनिदैन । हाल तथ्य र प्रमाणले पुष्टि गर्ने ऐतिहासिक विवरणहरू मात्र इतिहास कहलाउँछन् । त्यसैले इतिहासका लागि सबैभन्दा महत्वपूर्ण पक्ष विगत बताउने प्रमाणहरू नै हुन् । इतिहास बारेमा देखी जान्ने र सुनी जान्ने मानवीय प्रमाणहरू त जीवित रहन सम्भव छैन । त्यसैले यस्तो प्रमाण भनेकै लिखित प्रमाणहरू हुन् । यस्ता लिखित प्रमाणहरूमध्ये कमजोर माध्यममा लेखिएका लिखतहरू र पुनः परिमार्जन गर्दै वा सार्दै आइएका लिखतहरूमा विश्वसनियता नहुन सक्दछन् । त्यसैले इतिहासको बारेमा वर्णन गर्ने सबैभन्दा भरपर्दा र विश्वासिला स्रोत वा आधार भनेकै अभिलेखहरू हुन् । त्यसैले यिनको सबैभन्दा धेरै महत्त्व रहेको हुन्छ । नेपालको सन्दर्भमा अभिलेखको अध्ययनको सुरुवात भएपछि मात्र प्रमाणित र भरपर्दो इतिहास लेखन र अध्ययन कार्य सुरु भएको कुरा यसअघि नै उल्लेख गरी सकिएको छ । यहाँ नेपालको इतिहासको अध्ययनमा यहाँका अभिलेखहरूले के-कस्तो योगदान पुराएका छन् र तिनको महत्त्व कति छ भन्ने विषयमा बुँदागत रूपमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

प्रमाणित इतिहासको निर्माण : वंशावलीहरूले गोपालवंशका राजाहरूले नेपालमा राज्यव्यवस्था सुरू गरेको विवरण दिएका छन् । त्यसपछि महिषपाल र किराँतहरूले शासन गरेको पनि बताइएको छ । तर त्यसवेलाका कुनै पनि अभिलेखीय प्रमाणहरू प्राप्त भएका छैनन् । त्यसैले त्यसवेलाको इतिहास प्रमाणित हुन सकेको छैन । अभिलेखीय सामग्रीकै अभावले गर्दा वंशावलीहरूमा

k|frLg n]vgsf] cWoog

ती राजवंशका राजाको नाम, शासनक्रम, शासन अवधि आदि अनेकौ कुरामा द्विविधा र विवाद रहेको छ । लिच्छवि राजा मानदेवको राज्यकालदेखि यहाँ तिथि मिति सहितका र वर्णनात्मक शैलीका अभिलेखहरू राख्ने परम्परा सुरुवात भएको देखिन्छ । त्यसैले लिच्छविकालको इतिहास यिनै अभिलेखका कारणले तथ्यपूर्ण, विवादरहित र प्रमाणित हुन पुगेको छ ।

संयोगले नेपालका धेरैजसो अभिलेखहरूमा तिथि मितिहरूको उल्लेख भएको पाइन्छ । लिच्छविकालको सुरुवातका अभिलेखमा सं ३८६ देखि क्रमशः सं ५२६ सम्मका मिति र तिथिहरूको उल्लेख भएको पाइन्छ । अभिलेखमा संवत् मात्र लेखिए तापनि इतिहासकारले यसलाई सक संवत् ठहर गरेका छन् । लिच्छविकालको उत्तरार्धदेखि भने सं २९ देखि सं १५७ सम्मका मिति उल्लेख भएका अभिलेख पाइन्छन् । यो संवत् सन् ५७६ मा सुरु भएको लिच्छवि संवत् थियो । मध्यकालदेखिका अभिलेखमा सन् ८७९ मा सुरु भएको नेपाल संवत् लेखाउने परम्परा सुरु भएको पाइन्छ । यस्ता तिथि मिति सहितका अभिलेखहरूले नेपालको लिच्छवि र मध्यकालको इतिहासलाई सिलसिलाबद्ध रूपले प्रस्तुत गर्न सम्भव तुल्याई दिएका छन् । त्यसैले नेपालको इतिहासलाई प्रमाणित गर्न र क्रमबद्धरूपले लेख्न अभिलेख निकै महत्त्वपूर्ण र सहयोगी बनेका छन् ।

कतिपय ऐतिहासिक तथ्य र विवरणका एक मात्र स्रोत : हाल प्रकाशमा आएका केही ज्यादै महत्त्वपूर्ण ऐतिहासिक तथ्यहरूका एक मात्र स्रोत अभिलेख रहेका छन् । बौद्ध साहित्यहरूमा वर्णन गरिएको बुद्धको जन्मस्थल लुम्बिनी कैयौ शताब्दीसम्म कुन ठाउँमा पर्दछ भन्ने कुरा अज्ञात रहेको थियो । लुम्बिनीमा प्राप्त अशोकस्तम्भ अभिलेख एक मात्र यस्तो स्रोत हो जसले 'शाक्यमुनि बुद्ध जन्मेको लुमिनि गाउं यही हो' भन्ने कुरा किटानी गरेको छ । यसै गरी निग्लीहवामा प्राप्त अशोकस्तम्भ अभिलेखले कनकमुनि बुद्धको जन्मस्थलको पहिचान गर्ने एक मात्र आधार प्रस्तुत गरिदिएको छ । लिच्छवि अभिलेखहरू एक मात्र त्यस्ता स्रोतहरू हुन् जसले लिच्छविकालमा राजाभन्दा शक्तिशाली भएर भौमगुप्त, जिष्णुगुप्त र विष्णुगुप्तले शासन गरेका थिए भन्ने जानकारी प्रदान गरेका छन् । शासनमा अंशुवर्माको उदयको इतिहास, नरेन्द्रदेवले गुमेको राज्य फिर्ता गरेको विवरण, मानगृह, कैलाशकूट र भद्राधिवास जस्ता राजदरबारका निर्माता आदि अनेकौ ऐतिहासिक सूचनाहरू अभिलेखबाट मात्र प्रकाशमा आएको हो । लिच्छविकालको करिब ९० प्रतिशत तथ्यहरू त्यसवेलाका अभिलेखबाट मात्र सङ्कलन गरिएको हो । मध्यकालका

कला वास्तुकला अहिलेसम्म पनि हाम्रा सामु यथा वस्थामा रहेका छन् । यी स्मारकका निर्माता, निर्माण मिति र निर्माण गर्नुपर्ने कारण वा तत्कालीन परिस्थितिका विषयमा ती स्मारक परिसर मै राखिएका मध्यकालीन अभिलेखहरूले मात्र वताएका छन् । त्यसैले अभिलेखहरू कतिपय ऐतिहासिक तथ्यहरूका एक मात्र स्रोतहरू हुन् । यसकारणले पनि नेपाली अभिलेखहरू इतिहास अध्ययनका दृष्टिले महत्वपूर्ण छन् ।

शासकको गुण चरित्र र शक्तिको मुख्य सूचक : मध्यकालदेखि नेपालमा वंशावली लेख्ने परम्परा सुरु भएको थियो । यस्ता वंशावली साहित्यिक स्रोत भएर पनि यिनमा राजा वा शासकका गुण र चरित्रको वर्णन गरिएको पाइन्छ । तर मध्यकालअघिका राजाहरूको व्यक्तित्वका विषयमा जानकारी दिने स्रोतहरूको सर्वथा अभाव रहेको थियो । शासकीय व्यक्तित्वको जानकारी पनि इतिहासको धेरै महत्वपूर्ण आयाम हो । लिच्छविकालका अभिलेखहरूले यो अभावको पनि पूर्ति गरिदिएका छन् । लिच्छवि अभिलेखमा तत्कालीन शासकहरूको शारीरिक सौन्दर्यदेखि लिएर वानी व्यहोरा र समग्र व्यक्तित्वको वर्णन गरिएको पाइएको छ । चाँगुनारायणमा मानदेवले राखेको अभिलेख र पशुपतिमा जयदेव द्वितीयले राखेका अभिलेखहरू राजप्रशस्ति कै अनुपम नमूना हुन् । यी अभिलेखमा राजाको वंशावली र उनको व्यक्तित्व र योगदानको विसत् चर्चा गरिएको छ । मानदेवकी छोरी विजयावतिले पशुपति सूर्यघाटमा राखेको एक अभिलेखमा राजा मानदेवको शारीरिक सौन्दर्यको वर्णन गर्दै 'सधैं (वुढेसकालमा पनि) सोभ्रो (नकुप्रिएको) जीउ हुँदा अङ्ग- ढङ्ग मिलेका, यश, वुद्धि, पराक्रम ऐश्वर्य यी सवै थोक भएका ...' भनी वर्णन गरिएको छ । साथै सोही अभिलेखमा उनले रानी भोगिनीको वर्णन गर्दै 'असल गुणरूपी रत्नका खानी भएकी, प्राणीमा दया गर्ने, विनयले युक्त भएकी, विणाको आवाज जस्तै मधुर स्वर र राम्रो बोलीवचन भएकी श्री भोगिनी ....' भनिएको छ (वज्राचार्य, वि.सं २०५३,पृ ८३) । यी विवरणहरू केही अतिशयोक्तिपूर्ण हुनसक्ने सम्भावना भए तापनि यिनवाट शासकको व्यक्तित्वको केही सङ्केत भने अवश्य पाइन्छ । अंशुवर्मामा गुप्तहरूलाई दवाउनसक्ने व्यक्तित्व थियो र धुवदेवको शासनकालमा राज्य संचालनको काममा अघिसरा भै काम गर्नसक्ने 'उच्च व्यक्तित्व जिष्णुगुप्तमा विद्यमान थियो भन्ने तथ्य पनि अभिलेखहरूवाट नै थाहा भएको हो ☙। परम्परागत वर्ण धर्म पालन गराउनमा गौरव गर्ने स्वभाव

☙ हेर्नुहोस् : धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेखको क्रमश : पृ. २७५ र ४०८ मा

लिच्छविराजा शिवदेव द्वितीयमा रहेको थियो भन्ने तथ्य पनि उनको सन् ७०५को बलम्बु अभिलेखवाट स्पष्ट भएको छ (वज्राचार्य, वि.स.२०५३,पृ ८३) । त्यसैले राजाको गुण चरित्र र व्यक्तित्वको अध्ययन गर्नमा पनि नेपालका अभिलेखहरूको महत्त्व रहिआएको छ ।

प्राचीन राज्यको सीमानाको सूचक: राजनैतिक इतिहासको अर्को एक महत्त्वपूर्ण पक्ष विगतको राज्यको सीमाना, राज्यको एकीकरण तथा राज्य विखण्डन जस्ता विषय पनि हुन् । यो विषय राजनैतिक इतिहासको मुख्य पक्ष पनि हो । यसको सूचना पनि नेपालका अभिलेखहरूबाट प्राप्त भएको छ । प्रत्यक्षरूपले भन्दा परोक्षरूपले नेपाली अभिलेखहरूले यसको जानकारी दिएका छन् । लिच्छविकालको मानदेवले राखेको चाँगु अभिलेखले नेपालको तत्कालीन सीमाना उपत्यकाभन्दा पूर्वतर्फ र उपत्यका बाहिरको गण्डकी पारिको मल्लपुरीसम्म विस्तार भएको सूचना दिएको छ । शिवदेव(द्वितीय) र जयदेव(द्वितीय)ले जारी गरेका लिच्छवि अभिलेखहरू गोरखावाट प्राप्त भएको र जुम्लाको लामथाडा गुफाबाट लिच्छवि लिपि अङ्कित अभिलेखहरू प्राप्त भएको छ ♠ । लिच्छवि राज्यको विस्तार गोरखासम्म फैलिएको प्रमाणित भएको छ । यो राज्य जुम्लासम्म पनि विस्तार भएको अनुमान गर्न सकिन्छ । यक्ष मल्लको विशाल राज्य उनका सन्तानहरूले विभाजन गरेको कुरा मध्यकालमा तीनवटा सहरलाई तीनवटा अलग राज्यको रूपमा विभाजन गरी फरकफरक राजाले राखेको अभिलेखहरू प्राप्त भएवाट पनि थाहा पाउन सकिन्छ । यसरी अप्रत्यक्षरूपमा नेपालका अभिलेखहरूले विगतको राज्यको सीमाना, राज्य विखण्डन आदिको सूचना पनि प्रदान गरेका छन् । यसलाई पनि अभिलेखको ऐतिहासिक महत्त्व मान्न सकिन्छ ।

आर्थिक र प्रशासनिक इतिहासका एक मात्र स्रोत : मध्यकालदेखि इतिहास लेखनकार्यको रूपमा वंशावलीहरूको रचना गर्ने प्रचलन सुरु भएको देखिन्छ । यसवेलासम्म इतिहास भनेको राजनैतिक इतिहास मात्र हो भन्ने धारणा विकसित थियो । त्यसैले त्यस्ता ऐतिहासिक सामग्रीहरूमा राजनैतिक विषय मात्र उल्लेख गरिएको पाइन्छ । यी सामग्रीहरूमा आर्थिकपक्ष र प्रशासनिकपक्षको कुनै चर्चा गरिएको पाइदैन । त्यसैले नेपालमा अभिलेखहरूको अध्ययन गर्नुपूर्व विगतको आर्थिक पक्ष र प्रशासनिक पक्षको

♠ हेर्नुहोस् : धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेखको पृ५२३,पृ. ५७८ र पृ. ५९८ मा

कुनै जानकारी हुन सकेको छैन । लिच्छविकालको कर व्यवस्था, करछुटको व्यवस्था, जन श्रमदानको व्यवस्था, करलाग्ने वस्तुहरू, भन्सारको व्यवस्था आदि अनेकौ विषयको जानकारी तत्कालीन अभिलेखहरूले मात्र दिएका छन् । लिच्छविकालमा कुथेर, शुल्ली, लिङ्वल, माम्चोक जस्ता प्रशासनिक कार्यालयहरू रहेको र ती कार्यालयहरूले फरकफरक विषयको प्रशासनिक कार्य गर्ने गरेको जानकारी पनि लिच्छवि अभिलेखहरूबाट मात्र प्राप्त भएको हो । यी अभिलेखहरूले त्यसवेलाका सरकारी कर्मचारीहरूका विषयमा पनि प्रशस्त जानकारी दिएका छन् । केही अभिलेखहरूले तत्कालीन न्याय व्यवस्थाका विषयमा पनि जानकारी दिएका छन् । मध्यकालको अर्थव्यवस्था, प्रशासन र न्याय व्यवस्थाका बारेमा केही साहित्यिक स्रोतहरूमा सङ्क्षिप्त विवरण पाइए तापनि लिच्छविकालको यस्ता विषयको जानकारी दिने एक मात्र स्रोतहरू अभिलेख मात्र हुन् । अभिलेखको अभावमा यी विषय अझै रहस्यकै रूपमा रहने थिए । यसले पनि नेपाली अभिलेखहरूको ऐतिहासिक महत्त्व स्पष्ट पारेका छन् ।

माथि उल्लेख भएका प्रमुख विषय बाहेक अभिलेखहरूले नेपालका राजा, रानी, युवराज, दूतक, प्रमुख प्रशासक, शक्तिशाली भारदार, युद्ध, द्वन्द्व, शान्ति वा सन्धि, जस्ता अनेकौ राजनैतिक र अन्य ऐतिहासिक विवरणहरू प्रकाशमा ल्याउन सहयोग पुऱ्याएका छन् । विशेष गरेर लिच्छविकालका अभिलेखहरूले त्यसवेलाको इतिहास लेखन कार्यमा अद्वितीय भूमिका निर्माण गरेका छन् । त्यसैले यहाँका अभिलेखहरू ज्यादै महत्त्वपूर्ण रहेका छन् ।

३.४.२ नेपालको प्राचीन संस्कृतिको अध्ययनमा अभिलेखको महत्त्व :

मूर्त र अमूर्त सबै खालका मानवीय आविष्कारहरू संस्कृति हुन् । यस्तो संस्कृति पूर्वजहरूबाट सिकिएको मानवीय व्यवहार हो । त्यसैले संस्कृतिको मूल र आरम्भिक स्वरूप ऐतिहासिक कालखण्डमा निर्माण भएको हुन्छ । वर्तमान समाजमा त संस्कृतिको विकसित अग्रभाग मात्र प्रकट भएको हुन्छ । त्यसैले संस्कृतिको पूर्ण अध्ययन विगतको संस्कृतिको समग्र अध्ययनबाट मात्र सम्भव हुन्छ । यस्तो विगतको संस्कृति सम्बन्धी सूचना दिने भरपर्दो स्रोत पनि अभिलेख नै हो । नेपालको सन्दर्भमा लिच्छविकालका करिब २०० वटा अभिलेखहरू र मध्यकालका हजारौं अभिलेखहरूबाट प्रत्यक्ष र परोक्षरूपमा त्यसवेलाको संस्कृतिका विभिन्न पक्षहरूको बारेमा अनेकौ तथ्यहरू प्राप्त भएका छन् । त्यसैले संस्कृति अध्ययनका दृष्टिले पनि अभिलेखहरू ज्यादै महत्त्वपूर्ण छन् । यहाँ नेपालका लिच्छवि र मध्यकालका अभिलेखहरूले

त्यसवेलाको संस्कृतिको अध्ययनमा पुऱ्याएको योगदान वा महत्त्वका विषयमा चर्चा गरिएको छ ।

मूर्त संस्कृतिका प्रत्यक्ष प्रमाण : नेपालका प्रायः सबै अभिलेखहरू कलात्मक वस्तुहरूमा लेखिएका छन् । शिलापत्र, शिलास्तम्भ, ढुङ्गेधारा, जलद्रोणी, मूर्ति आदि कलात्मक सामग्रीहरूलाई नै अभिलेख लेखनका लागि छनोट गरिएको पाइन्छ । त्यसै गरेर शिलापत्र तथा ताम्रपत्रहरूमा पनि अनेकौ रेखाचित्रहरू कोरेर सुन्दर बनाइएको छ । यस विषयमा नेपाली अभिलेखको कला र शिल्प शीर्षकमा विस्तृत चर्चा गरिएको छ । यस्ता सबै अभिलेखीय सामग्रीहरू तत्कालीन भौतिक संस्कृतिका अनुपम उदाहरणहरू हुन् । अभिलेख कुँदिएका यी सामग्री हेरेर विगतमा भौतिक कलाको यथार्थ अवस्था थाह पाउन सकिन्छ । त्यसैले नेपालको मूर्ति, चित्र र स्थापत्यकलाको अध्ययनमा अभिलेखहरूको विशेष महत्त्व रहेको छ ।

अभिलेखीय सामग्रीबाहेक अभिलेखका लिखतहरूले पनि विगतको कलाको धेरै जानकारी दिएका छन् । अंशुवर्मा र नरेन्द्रदेवले राखेका अभिलेखहरूमा कैलाशकूट दरवारको सौन्दर्यको वर्णन गरिएको छ । यी अभिलेखमा यो दरवारलाई पृथ्वीतलको टीका जस्तो, जूनले टल्केको हिमालको टाकुरा जस्तो, मानिसले आँखा झिम्म नपारी हेरिरहने जस्तो भनी वर्णन गरिएको छ♣ । जयदेव द्वितीयको पशुपति अभिलेखमा उनले पशुपतिमा चढाएको कलात्मक कमलको फूलको सौन्दर्यको वर्णन गरिएको छ । यहाँ सुनको केसर र चाँदीको अष्टदल पत्र भएको यो धातुको कमलको फूल यति सुन्दर छ कि यसले संसारका वास्तविक कमलको फूलहरूलाई गिज्याइ रहेको छ भन्ने भाव प्रस्तुत गरिएको छ♠ । यसबाहेक अभिलेखहरू कुँदिएका मूर्तिहरूबाट र केही अभिलेखको वर्णनबाट❖ त्यसवेलाको वस्त्र, आभूषण जस्ता भौतिक संस्कृतिको पनि जानकारी लिन सकिन्छ । यसरी नेपालका अभिलेखहरूले विगतको भौतिक

♣ सन् ६०८को अंशुवर्माको सांगाको अभिलेखमा र नरेन्द्रदेवले सन् ६४३ मा भन्सारचोकमा राखेका अभिलेखहरूले कैलाशकूट दरबारको यस्तो वर्णन गरेका छन् । हेर्नुहोस् धनवज्र वज्राचार्यको पुस्तक लिच्छविकालका अभिलेखहरूको पृ.३३७ र पृ. ४५९मा ।

♠ हेर्नुहोस् : धनवज्र वज्राचार्यको पुस्तक लिच्छविकालका अभिलेखको पृ. ५५४ मा

❖ मानदेवले सन् ४७६ मा लाजिम्पाट र तिलगङ्गामा अभिलेख कुँदेका विष्णुविक्रान्त मूर्ति फलकहरू बनाएका छन् । यस्ता फलकहरूमा बनाइएका मूर्तिहरूबाट त्यसवेलाको वस्त्र र आभूषणको जानकारी लिन सकिन्छ । त्यसै गरेर सन् ६४० मा भिमार्जुनदेव र विष्णुगुप्तले यङ्गाल हिटीमा राखेको अभिलेखमा त्यसवेलाका आभूषणहरू कल्ली, पाउजेब, बाजु आदि गहनाहरूको उल्लेख गरिएको छ ।

कलाकृतिको पनि वर्णन गरेका छन् । त्यसैले यस्तो भौतिक कलाको जानकारी पाउन पनि नेपालका अभिलेखहरू महत्त्वपूर्ण र सहयोगी बनेका छन् ।

भाषिक विकासक्रमको अध्ययन सामग्री : भाषा र साहित्य अमूर्त संस्कृतिका महत्त्वपूर्ण पक्ष हुन् । यस्तो संस्कृतिको अध्ययनमा पनि अभिलेखको ठूलो महत्त्व रहेको हुन्छ । हाल कुनै पनि समाजमा के भाषा बोल्ने गरिन्छ भन्ने कुराको अध्ययन वर्तमान समाजमै गर्न सकिन्छ । तर हाल प्रचलनमा रहेको भाषा कुन समयदेखि प्रचलनमा रहेको थियो भन्ने थाहा पाउने एक मात्र आधार विगतका आभिलेखहरू नै हुन् । अभिलेख बाहेक अन्य पुरालेखन सामग्रीहरूमा लेखिने लिखतको आयु स्वभाविकरूपले छोटो हुन्छ । धेरै पुरानो भाषिक इतिहास वा विकासक्रम अभिलेखबाट मात्र थाहा हुन सक्छ । नेपालमा पाइएका सर्वप्राचीन अशोकस्तम्भ अभिलेखमा पाली भाषाको प्रयोग भएको छ । यो भाषा बुद्धको जीवनकालमा भारतमा प्रचलनमा रहेको र हाल संसारबाट लोप भैसकेको छ । काठमाडौं उपत्यकामा नेपाली शासकहरूले राखेको लिच्छविकालीन अभिलेखहरू सबैमा संस्कृत भाषा प्रयोग गरिएको छ । यसबाट लिच्छविकालमा लेखन कार्यमा संस्कृत भाषाको प्रयोग हुने गरेको स्पष्ट भएको छ । त्यसवेला सायद बोलीचालीमा कुनै स्थानीय भाषाको पनि प्रयोग हुने गर्दथ्यो । त्यसैले ठाउँ, सरकारी कार्यालय आदिको नाम किराँत भाषाबाट पनि राखिएको छ । पूर्वमध्यकालका अभिलेखहरूमा संस्कृत भाषाको प्रयोग भएको पाइएको छ । केही पछिका मध्यकालीन अभिलेखहमा एउटै अभिलेखमा पनि सुरुवात संस्कृत भाषाबाट गरेर समापन नेवारी भाषामा गरिएको पाइन्छ । मध्यकालको अन्त्यतिर भने पूर्णरूपले नेवारी भाषामा लेखिएका अभिलेख पाइएका छन् । यो तथ्य धनवज्र वज्राचार्यको मध्यकालका अभिलेख नामक पुस्तकको क्रमिक अध्ययनबाट स्पष्ट हुन्छ । यसबाट मध्यकालमा लेखपढको भाषा संस्कृतबाट नेवारी तर्फ संक्रमणको अवस्थामा रहेको थाहा हुन्छ ।

भाषा जस्तै साहित्यको विक्रसक्रमको अध्ययनमा पनि अभिलेख निकै उपयोगी भएका छन् । प्राचीनतम् अभिलेखहरूमध्येको चाँगुअभिलेख छन्दवद्ध कवितामा लेखिएको छ । अनुपरमको हाँडीगाउँको सत्यनारायण स्थानको अभिलेख पनि सुन्दर काव्यकै रूपमा रचना गरिएको छ । जयदेव द्वितीयको पशुपति अभिलेखलाई सोही अभिलेख मै एक अपूर्व काव्य भनिएको छ । यस अभिलेखको श्लोक १, ३, ५, १९, २०, २२, २३ ,३० र ३२ स्रगधरा छन्दमा, श्लोक २, ४, ६, ७, १२-१५, १७, २१, २५-२९, ३३ र ३४ शार्दुलविक्रिडित छन्दमा, श्लोक ८, ११र १६ बसन्ततिलका छन्दमा, श्लोक ९, २४ र ३१

क्रमशः उपजाति, इन्द्रवज्रा तथा उपेन्द्रवज्रा छन्दमा लेखिएका छन् (Gnoli,1956 (Part I),P.115) । बाँकी १० औं र १८ औं श्लोकहरूलाई भने रोनिइरो नोलीले श्लोकमात्र भने पनि यी श्लोकलाई डिल्लीरमण रेग्मीले अनुष्टुप छन्द भनेका छन् (Regmi,1983 vol iii, p.237) । यस्ता छन्दवद्ध कवितामा लेखिएका अभिलेखहरूले लिच्छविकालको साहित्यिक श्रेष्ठताको परिचय दिएका छन् । लिच्छविकालीन साहित्यका यी नै एक मात्र प्रमाणहरू हुन् । मध्यकालका अभिलेखमा पनि यस्तो उच्चस्तर झल्काउने संस्कृत साहित्यको प्रशस्त प्रमाण पाइन्छ । त्यसैले विगतकालको साहित्यिक अवस्थाको जानकारी दिने कारणले पनि नेपाली अभिलेखहरूको सांस्कृतिक महत्त्व रहेको देखिन्छ ।

लिपि विकासक्रम अध्ययनका एक मात्र आधार : समाजमा प्रचलनमा रहेको लिपि पनि सामाजिक आविष्कार नै हो । त्यसैले यो पनि एक महत्वपूर्ण संस्कृति हो । लिपिको उत्पत्ति र विकासक्रमको खोजी अभिलेखहरूबाट मात्र सम्भव हुन्छ । यस आधारमा पनि अभिलेखको सांस्कृतिक महत्त्व रहेको हुन्छ । नेपालमा प्राप्त सर्वप्राचीन लुम्बिनी र निग्लीहवाका अभिलेखहरू ब्राह्मी लिपिमा लेखिएको पाइएका छन् । काठमाडौं उपत्यकामा प्राप्त सर्वप्राचीन जयवर्मनको अभिलेखदेखि लिच्छविकालसम्मका सबै अभिलेखहरू ब्राह्मीबाटै विकसित लिच्छवि लिपिमा लेखिएको पाइएको छ । मध्यकालमा लेखिएका अभिलेखहरूमा भने प्राचीन नेवारी लिपि र यसका अनेकौ डिकोशैली एव कलम शैलीका रञ्जना, भुजिमों, गोलमों, लितुमों जस्ता अनेकौ लिपिमा लेखिएका पाइन्छन् । पछिल्लो मध्यकालदेखि उपत्यका बाहिर विस्तारै देवनागरी लिपिको प्रचलन सुरु भएको देखिन्छ । नेपालका यी सबै अभिलेखहरूलाई सिलसिलाबद्ध किसिमले अध्ययन गरेमा प्राचीन ब्राह्मी लिपिबाट कस्तोकस्तो विकारका चरणहरू पार गर्दै वर्तमान देवनागरी लिपिको स्वरूप तयार हुन पुग्यो भन्ने तथ्य स्पस्ट हुन्छ । यिनै अभिलेखबाट प्रत्येक वर्णहरूको विकास प्रकृया अध्ययन गर्न सम्भव भएको छ । लिच्छविकालीन अभिलेखहरूले त्यसवेला कसरी भारतीय गुप्तलेखन संस्कृतिको प्रभाव नेपालमा विस्तार भएको थियो भन्ने कुराको अध्ययनमा समेत सहयोग पुराएका छन् । त्यसैले पुरालेखन र अभिलेखशास्त्रीय अध्ययनका दृष्टिले पनि नेपाली अभिलेखहरूको महत्त्व रहेको छ ।

वर्ण र वर्ग विभाजनको सूचक : नेपालमा कहिलेदेखि सामाजिक वर्ग विभाजनको सुरुवात भएको थियो भन्ने तथ्य र नेपाली समाजको कुरूपपक्षको

कलाकृतिको पनि वर्णन गरेका छन् । त्यसैले यस्तो भौतिक कलाको जानकारी पाउन पनि नेपालका अभिलेखहरू महत्त्वपूर्ण र सहयोगी बनेका छन् ।

भाषिक विकासक्रमको अध्ययन सामग्री : भाषा र साहित्य अमूर्त संस्कृतिका महत्त्वपूर्ण पक्ष हुन् । यस्तो संस्कृतिको अध्ययनमा पनि अभिलेखको ठूलो महत्त्व रहेको हुन्छ । हाल कुनै पनि समाजमा के भाषा बोल्ने गरिन्छ भन्ने कुराको अध्ययन वर्तमान समाजमै गर्न सकिन्छ । तर हाल प्रचलनमा रहेको भाषा कुन समयदेखि प्रचलनमा रहेको थियो भन्ने थाहा पाउने एक मात्र आधार विगतका आभिलेखहरू नै हुन् । अभिलेख बाहेक अन्य पुरालेखन सामग्रीहरूमा लेखिने लिखतको आयु स्वभाविकरूपले छोटो हुन्छ । धेरै पुरानो भाषिक इतिहास वा विकासक्रम अभिलेखबाट मात्र थाहा हुन सक्छ । नेपालमा पाइएका सर्वप्राचीन अशोकस्तम्भ अभिलेखमा पाली भाषाको प्रयोग भएको छ । यो भाषा बुद्धको जीवनकालमा भारतमा प्रचलनमा रहेको र हाल संसारबाट लोप भैसकेको छ । काठमाडौं उपत्यकामा नेपाली शासकहरूले राखेको लिच्छविकालीन अभिलेखहरू सबैमा संस्कृत भाषा प्रयोग गरिएको छ । यसबाट लिच्छविकालमा लेखन कार्यमा संस्कृत भाषाको प्रयोग हुने गरेको स्पष्ट भएको छ । त्यसवेला शायद बोलीचालीमा कुनै स्थानीय भाषाको पनि प्रयोग हुने गर्दथ्यो । त्यसैले गाउँ, सरकारी कार्यालय आदिको नाम किराँत भाषाबाट पनि राखिएको छ । पूर्वमध्यकालका अभिलेखहरूमा संस्कृत भाषाको प्रयोग भएको पाइएको छ । त्यसपछिका मध्यकालीन अभिलेखहमा एउटै अभिलेखमा पनि सुरुवात संस्कृत भाषाबाट गरेर समापन नेवारी भाषामा गरिएको पाइन्छ । मध्यकालको अन्त्यतिर भने पूर्णरूपले नेवारी भाषामा लेखिएका अभिलेख पाइएका छन् । यो कुरा धनवज्र वज्राचार्यको मध्यकालका अभिलेख नामक पुस्तकको क्रमिक अध्ययनबाट स्पष्ट हुन्छ । यसबाट मध्यकालमा लेखपढको भाषा संस्कृतबाट नेवारी तर्फ संक्रमणको अवस्थामा रहेको थाहा हुन्छ ।

भाषा जस्तै साहित्यको विक्रसक्रमको अध्ययनमा पनि अभिलेख निकै उपयोगी भएका छन् । प्राचीनतम् अभिलेखहरूमध्येको चाँगुअभिलेख छन्दवद्ध कवितामा लेखिएको छ । अनुपरमको हाँडीगाउँको सत्यनारायण स्थानको अभिलेख पनि सुन्दर काव्यकै रूपमा रचना गरिएको छ । जयदेव द्वितीयको ... अभिलेखलाई सोही अभिलेख मै एक अपूर्व काव्य भनिएको छ । यस अभिलेखको श्लोक १, ३, ५, १९, २०, २२, २३ ,३० र ३२ स्रगंधरा छन्दमा, श्लोक २, ४, ६, ७, १२-१५, १७, २१, २५-२९, ३३ र ३४ शार्दुलविक्रिडित छन्दमा, श्लोक ८, ११र १६ बसन्ततिलका छन्दमा, श्लोक ९, २४ र ३१

क्रमशः उपजाति, इन्द्रवज्रा तथा उपेन्द्रवज्रा छन्दमा लेखिएका छन् (Gnoli,1956 (Part I),P.115) । बाँकी १० औं र १८ औं श्लोकहरूलाई भने रोनिइरो नोलीले श्लोकमात्र भने पनि यी श्लोकलाई डिल्लीरमण रेग्मीले अनुष्टुप छन्द भनेका छन् (Regmi,1983 vol iii, p.237) । यस्ता छन्दवद्ध कवितामा लेखिएका अभिलेखहरूले लिच्छविकालको साहित्यिक श्रेष्ठताको परिचय दिएका छन् । लिच्छविकालीन साहित्यका यी नै एक मात्र प्रमाणहरू हुन् । मध्यकालका अभिलेखमा पनि यस्तो उच्चस्तर झल्काउने संस्कृत साहित्यको प्रशस्त प्रमाण पाइन्छ । त्यसैले विगतकालको साहित्यिक अवस्थाको जानकारी दिने कारणले पनि नेपाली अभिलेखहरूको सांस्कृतिक महत्त्व रहेको देखिन्छ ।

लिपि विकासक्रम अध्ययनका एक मात्र आधार : समाजमा प्रचलनमा रहेको लिपि पनि सामाजिक आविष्कार नै हो । त्यसैले यो पनि एक महत्त्वपूर्ण संस्कृति हो । लिपिको उत्पत्ति र विकासक्रमको खोजी अभिलेखहरूबाट मात्र सम्भव हुन्छ । यस आधारमा पनि अभिलेखको सांस्कृतिक महत्त्व रहेको हुन्छ । नेपालमा प्राप्त सर्वप्राचीन लुम्बिनी र निग्लीहवाका अभिलेखहरू ब्राह्मी लिपिमा लेखिएको पाइएका छन् । काठमाडौं उपत्यकामा प्राप्त सर्वप्राचीन जयवर्मनको अभिलेखदेखि लिच्छविकालसम्मका सबै अभिलेखहरू ब्राह्मीबाटै विकसित लिच्छवि लिपिमा लेखिएको पाइएको छ । मध्यकालमा लेखिएका अभिलेखहरूमा भने प्राचीन नेवारी लिपि र यसका अनेकौ डिकोशैली एवं कलम शैलीका रञ्जना, भुजिमों, गोलमों, लितुमों जस्ता अनेकौ लिपिमा लेखिएका पाइन्छन् । पछिल्लो मध्यकालदेखि उपत्यका वाहिर विस्तारै देवनागरी लिपिको प्रचलन सुरु भएको देखिन्छ । नेपालका यी सबै अभिलेखहरूलाई सिलसिलाबद्ध किसिमले अध्ययन गरेमा प्राचीन ब्राह्मी लिपिबाट कस्तोकस्तो विकारका चरणहरू पार गर्दै वर्तमान देवनागरी लिपिको स्वरूप तयार हुन पुग्यो भन्ने तथ्य स्पस्ट हुन्छ । यिनै अभिलेखवाट प्रत्येक वर्णहरूको विकास प्रकृया अध्ययन गर्न सम्भव भएको छ । लिच्छविकालीन अभिलेखहरूले त्यसवेला कसरी भारतीय गुप्तलेखन संस्कृतिको प्रभाव नेपालमा विस्तार भएको थियो भन्ने कुराको अध्ययनमा समेत सहयोग पुराएका छन् । त्यसैले पुरालेखन र अभिलेखशास्त्रीय अध्ययनका दृष्टिले पनि नेपाली अभिलेखहरूको महत्त्व रहेको छ ।

वर्ण र वर्ग विभाजनको सूचक : नेपालमा कहिलेदेखि सामाजिक वर्ग विभाजनको सुरुवात भएको थियो भन्ने तथ्य र नेपाली समाजको कुरूपपक्षको

रूपमा रहेको भेदभावपूर्ण वर्ण र जातीय विभाजनको सुरुवात र यसलाई संस्थागत गर्ने कार्य इतिहासको कुन-कुन कालखण्डमा भएको हो भन्ने तथ्यको सूचना पनि नेपालका अभिलेखहरूले दिएका छन् । मानदेवको चाँगुअभिलेख मै मानदेवले ब्राह्मणलाई दान दिएको र सामान्तसँग युद्ध गरेर उनले क्षेत्रीय धर्म निर्वाह गरेको तथ्य बताइएको छ । यसबाट ब्राह्मण र क्षेत्रीय वर्णको अस्तित्व र उनीहरूको वर्ण धर्मको जानकारी पाइन्छ । मानदेवकै अन्य अभिलेखमा व्यापार व्यवसायमा सङ्लग्न सार्थवाह (वैश्य वर्ण)को प्रसङ्ग पाइन्छ । मानदेवका नाति बसन्तदेवले थानकोटमा राखेको एक अभिलेखमा त्यसवेला लिच्छवि समाजमा ४ वर्ण र १८ जातको अस्तित्व रहेको सङ्केत गरिएको छ । नरेन्द्रदेवका अभिलेखमा तल्लो जातको रूपमा चण्डाल (शुद्र जात)को प्रसङ्ग उल्लेख गरिएको छ । यी तथ्यहरूले लिच्छविकालको सुरुवातदेखि नै उचनीचमा आधारित भेदभावपूर्ण वर्ण र जाति व्यवस्था नेपालमा सुरु भैसकेको थियो भन्ने सूचना पाइएको । त्यसबेला ब्राह्मणले बौद्धिक र धार्मिक कार्य गरी दान ग्रहण गर्ने गर्दथे, क्षेत्रीयहरूले राजनीति गर्दथे, वैश्य वा सार्थवाहहरू व्यापार व्यवसाय गर्दथे र शुद्रहरू सेवा गर्दथे भन्ने स्पष्ट जानकारी अभिलेखहरूले नै गराएका छन् । शिवदेव द्वितीय जस्ता लिच्छवि राजाहरूले त यस्तो वर्ण अनुसारकै पेशा मात्र अपनाउन पाउने व्यवस्था (वर्णधर्म) कडाइकासाथ लागू गरेकोमा गौरव समेत गर्दथे भन्ने कुरा पनि उनका अभिलेखबाट थाहा पाइएको छ । लिच्छविकालमा लागू भैसकेको यो वर्ण र जाति व्यवस्थालाई मध्यकालका राजा जयस्थिति मल्लले पुनः व्यवस्थित मात्र गरेका थिए । जयस्थिति मल्लको यो बन्दोबस्तको विसद् वर्णन गोपाल वंशावलीमा गरिए तापनि मध्यकालका अभिलेखहरूबाट समेत वर्ण र जाति व्यवस्थाका अनेकौ जानकारीहरू प्राप्त भएका छन् । त्यसैले नेपालका अभिलेख नेपाली समाजको वर्ण र जाति व्यवस्थाको इतिहास अध्ययनमा समेत उपयोगी भएका छन् । यसलाई पनि यहाँका अभिलेखहरूको सांस्कृतिक महत्त्व मान्नुपर्दछ ।

धार्मिक आरोह अवरोहका प्रत्यक्ष साक्षी : नेपालका अधिकांश अभिलेखहरू देवीदेवताको स्तुति गानबाट प्रारम्भ गरिएका हुन्छन् । अक्षरमा देवदेवीको नाम नभएका कतिपय अभिलेखमा त्यसवेलाका लोकप्रिय देवीदेवताका आयुध वा बाहनहरूको चित्र समेत बनाइएको पाइन्छ । त्यसैले विगतकालमा नेपालमा कस्तो-कस्तो धार्मिक आस्था प्रचलनमा रहेको थियो । यहाँको धार्मिक विकासक्रम, अमुक धर्मको लोकप्रियताको उतारचढाव जस्ता कुराको यी अभिलेखहरू प्रत्यक्ष साक्षीको रूपमा रहेको पाइन्छ । अभिलेखको प्राप्ति कालदेखि हालसम्म नेपालको धार्मिक आस्थाका सजिव चित्र यी अभिलेखले दिएका छन् ।

आरम्भिक लिच्छविकालमा राजा मानदेवले वैष्ण धर्मलाई विशेष महत्त्व दिएको, अंशुवर्माको समयदेखि शैवधर्मको लोकप्रियता केही बढेको र शैवधर्मभित्र पनि त्यसवेला पाशुपत, दानश्रृङ्खलिक आदि सम्प्रदायको उदय भएको तथ्यहरू नरेन्द्रदेवको पालाको देउपाटनको एक अभिलेखबाट थाहा पाइन्छ । लिच्छवि राजाहरू धार्मिकरूपले निकै सहिष्णु भए तापनि त्यसवेलाका शक्तिशाली गुप्तहरू बौद्धधर्म प्रति अनुदार थिए भन्ने तथ्य अनुपरम गुप्तले हाँडीगाउं ,सत्यनारायण मन्दिरको गरुडस्तम्भमा लेखाएको अभिलेखमा बौद्धहरूलाई 'नास्तिक, कुतार्किक, मूर्ख, कुमति आदि शब्दको प्रयोग गरी निन्दा गरेवाट' (वज्राचार्य, वि.सं.२०५३,पृ.१६३) स्पष्ट हुन्छ । लिच्छविकालमा केही ओझेलमा परेको शाक्तधर्म मध्यकालदेखि बढी लोकप्रिय हुँदै गएको थियो । तलेजु र कुमारी जस्ता देवीहरू मल्ल राजाका इष्टदेवीको रूपमा स्थापित हुँदै गएका थिए । देवीको लोकप्रियता तीनै सहरमा बढ्दै गएको थियो भन्ने तथ्य मल्लकालीन अभिलेखहरूले सङ्केत गरेका छन् । पाटन दरवारको मूलचोकमा रहेको योगनरेन्द्र मल्ल, भुपालेन्द्र मल्ल र भूपतिन्द्र मल्लले आपसमा महादेव ओझाको वंशलाई तीनै शहरमा पस्न नदिने व्यहोराको ताम्रपत्र लेखाएका छन् । यस्तो त्रिपक्षीय सन्धिपत्र अभिलेखलाई तलेजुमाई कहाँ ताम्रपत्र गरी टाँसेर राख्यौ भन्ने व्यहोराको अभिलेख लेखाएबाट पनि मल्लकालमा तीनै शहरमा तलेजुको लोकप्रियता स्पष्ट हुन्छ । यसरी नेपालमा धर्मको इतिहास अध्ययनमा पनि यहाँका अभिलेखहरूको ज्यादै ठूलो महत्त्व रहेको छ ।

वस्त्र र आभूषण संस्कृतिको जानकारी : नेपाली अभिलेखहरू केही गरुडस्तम्भहरूमा र केही मूर्तिका पादपीठहरूमा पनि कुँदिएका छन् । अभिलेख लेखिएका यस्ता गरुडस्तम्भमा मानव स्वरूपका गरुडहरूको सुन्दर प्रतिमा स्थापना गरिएको हुन्छ । यी गरुडहरू एकजोडी पखेटा थप गरिनु बाहेक अन्य सबै दृष्टिले मानव सालिक समान देखिन्छन् । हाँडीगाउँ सत्यनाराण स्थानमा अनुपरमले राखेको गरुडस्तम्भ अभिलेखको माथिल्लो भागमा एक सुन्दर युवा पुरुषलाई गरुडको रूपमा निर्माण गरिएको छ । चाँगुमा रहेको मानदेवका अभिलेख पनि यस्तै गरुडस्तम्भ अभिलेख हो । यसको छेउमा जुंगा सहितको सुन्दर पुरुषलाई गरुडको रूपमा निर्माण गरिएको छ । यी गरुडका मूर्तिहरूमा लगाइएको वस्त्र र आभूषणले त्यसवेलाको वस्त्र आभूषण संस्कृतिको सङ्केत गर्दछन् । पादपीठमा अभिलेख लेखिएका मूर्तिको अवलोकनबाट पनि तत्कालीन वस्त्र र आभूषणको बारेमा जानकारी लिन सकिन्छ । यसबाहेक केही अभिलेखमा आभूषणको नाम पनि लेखिएको पाइन्छ । भिमार्जुनदेव र जिष्णुगुप्तको सन् ६४०को यङ्गाल हिटीको एक अभिलेखमा त्यसवेला लगाइने

कल्ली पाउजेव र बाजु जस्ता गहनाको नाम उल्लेख भएको छ र सर्वसाधारणले यी गहना लगाउन राजाको अनुमति चाहिने कुरा पनि उल्लेख गरिएको छ । यसरी प्रत्यक्ष वा परोक्षरूपमा विगतमा कस्तो वस्त्र र आभूषण लगाउने संस्कृति विद्यमान रहेको थियो भन्ने जानकारी दिनमा पनि नेपालका अभिलेखहरू निकै उपयोगी भएका छन् ।

खानपान संस्कृतिको सङ्केत : लिच्छविकालको खानपानका विषयमा जानकारी दिने त्यसवेलाका अभिलेखबाहेक अन्य कुनै पनि स्रोतहरू उपलब्ध हुन सकेका छैनन् । लिच्छवि अभिलेखहरूमा धेरै ठाउँमा धानको उल्लेख भएको छ । जग्गा गुठी राखिदिएको व्यहोरा लेखाउँदा निश्चित मनिका धान आउने खेत गुठी राखिदिएको भन्ने व्यहोरा उल्लेख गरिएको पाइन्छ । ध्रुवदेव र जिष्णुगुप्तले आदेश्वरमा राखेको एक अभिलेखमा गहुँ फल्ने डाँडाको उल्लेख भएको छ । यसवाट लिच्छविकालमा भात र रोटी खाने गरिन्थ्यो भन्ने सङ्केत पाइन्छ । शिवदेव र अंशुवर्माको सन् ५९४को पाटन भिमसेन स्थानमा रहेको एक अभिलेखमा लसुन प्याज जस्ता तरकारीको उल्लेख भएको छ । 'बलम्बुको शिवदेव द्वितीयको एक अभिलेखमा आँपको उल्लेख छ । बलम्बुको शिवदेव द्वितीयकै एक अभिलेखमा नुनको प्रसङ्ग पाइन्छ । कतिपय अभिलेखमा घीउ र तेलको उल्लेख भएको पाइएको छ । कुनै अभिलेखमा सुँगुर, मल्ल(भेँडा ?), गाई, भैसीं, माछा आदि पशुहरूको पनि उल्लेख भएको पाइएको छ । यी खाद्यवस्तु र पशुहरूको नाम उल्लेख हुनु भनेको त्यसवेला यी अन्न फलफूल र मासुका अनेक परिकारहरू खाने गरिन्थ्यो भन्ने अनुमान गर्न गाह्रो पर्दैन । त्यसैले खानपान संस्कृतिको अध्ययनका दृष्टिले पनि नेपालका अभिलेखहरूको ज्यादै ठूलो महत्त्व रहेको छ ।

माथि उल्लेख गरिए बाहेक नेपालका अभिलेखहरूवाट विगतकालमा सतीप्रथा कायम रहेको, बालविवाह र बहुविवाह प्रथा कायम रहेको जस्ता अनेकौ सांस्कृतिक तथ्यहरू प्रकाशमा ल्याउन सहयोग गरेका छन् । लिच्छविकालमा कैलाशजात्रा, लोकपालस्वामीको जात्रा, द्वारोत्घाटनजात्रा, मण्डपीजात्रा, पशुपतिजात्रा, आदि प्रचलनमा रहेको, लिच्छवि समाजमा गुठी व्यवस्था निकै लोकप्रिय रहेको, भूमि, मनिका, पण, पुराण, ढक तराजु जस्ता नापतौलका भिन्दै एकाइहरूको प्रचलन रहेको जस्ता अनेकौ सांस्कृतिक तथ्यहरू प्रकाशमा ल्याउन सहयोग गरेका छन् । त्यसैले नेपालका लिच्छवि र मध्यकालीन अभिलेखहरूको ज्यादै ठूलो सांस्कृतिक महत्त्व पनि रहेको छ ।

३.५ नेपाली अभिलेखहरूका कमजोरी वा त्रुटिहरू (Demerit of Nepali Inscriptions) :

अभिलेखहरू साहित्यिक स्रोतहरूभन्दा धेरै विश्वासिला र भरपर्दा हुन्छन् । यसो भन्दैमा अभिलेखका सबै विवरणहरू पूर्ण सत्य भने हुँदैनन् । यिनमा पनि धेरै त्रुटि वा कमीकमजोरी रहेको पाइन्छन् । यिनै कमजोरीका कारणले अभिलेखका कतिपय विवरणहरूले तथ्य प्रकाश पार्नुको सट्टा भ्रम पैदा गर्ने गर्दछन् । त्यसैले अभिलेखशास्त्रका सबै विद्यार्थीहरू र प्राचीन इतिहास र संस्कृतिका अनुसन्धानकर्ताहरू अभिलेखमा हुनसक्ने कमजोरी वा तिनमा हुनसक्ने त्रुटिका विषयमा सचेत हुनु आवश्यक छ । यस विषयमा भारतीय अभिलेखशास्त्री डि.सी.सरकारले आफ्नो पुस्तक '*इण्डियन एपिग्राफी*' मा भारतका प्राचीन अभिलेखहरू लुप्त इतिहासलाई पुनःनिर्माण गर्न ज्यादै उपयोगी भए तापनि कतिपय अवस्थामा यस्ता अभिलेखको काव्यात्मकता र प्रशस्तिको कारणले वास्तविक इतिहास ओझेलमा पर्ने गरेको वा वास्तविक घटनालाई ज्यादै सङ्क्षिप्त वा द्विविधात्मक पारिएको बताएका छन् (Sircar,1965,p.23) । उनले भारतका अभिलेखहरूमा अधिक काव्यात्मकता, अस्वभाविक राजप्रशस्तिले वास्तविक घटनाक्रलाई छायाँमा पार्नु, सीमित ठाउँका कारणले घटनाको व्याख्या कम हुन, तिथि मितिको गलत उल्लेख हुनु तथा गलत गोत्रको उल्लेख हुनु जस्ता अनेकौ कमजोरी वा त्रुटिहरू रहेको तथ्य औल्याएका छन् (Sircar,1965,p.23-30) । भारतमा जस्तै नेपालका अभिलेखहरूमा पनि यस्ता अनेकौ कमजोरीहरू र त्रुटिहरू रहेको पाइएको छ । यहाँ नेपालका लिच्छवि र मध्यकालीन अभिलेखमा प्राप्त भएका केही त्रुटिहरूलाई बुँदागत रूपमा औल्याउने प्रयास गरिएको छ ।

अतिशयोक्ति र अतिरञ्जना : नेपालका केही अभिलेखहरूमा राजाको विषयमा अतिशयोक्तिपूर्ण वर्णन गरेर अभिलेखलाई अविश्वसनीय तुल्याइएको पाइन्छ । राजाको प्रशस्तिहरूको रचना गर्ने कवि वा लेखकहरूले राजालाई खुसी पार्न यस्तो वढाइचढाई वर्णन गर्ने गर्दथे । वंशावलीहरूमा पाइने यस्तो कमजोरी केही अभिलेखहरूमा पनि स्पष्ट देखिएको छ । उदाहरणका लागि किशोर अवस्थामा अचानक राजा हुन पुगेका मानदेवलाई चाँगु अभिलेखमा ज्यादै शक्तिशाली राजाको रूपमा वर्णन गरिएको छ । उक्त अभिलेखमा उनको रूप र सौन्दर्यको वर्णन पनि अतिशयोक्तिपूर्ण नै देखिन्छ । जयदेव द्वितीयको पशुपति अभिलेखमा त द्वैध अर्थ दिने शब्दहरूको प्रयोग गरी उनले भारतका धेरै राज्यहरूमाथि विजय गरेको भ्रम पैदा गर्न खोजिएको छ । अभिलेखमा राजा जयदेवलाई अङ्ग, कामरूप, काञ्ची, सुराष्ट्र आदि(देशको)को पालना गर्ने कामवारे चिन्ता गरिरहेको, चक्रवर्ती राजाको चरित्रलाई प्रकट गर्नुहुन्छ भनिएको छ । वास्तवमा यी शब्द देशको नाम नभै यिनको अर्थ क्रमशः राम्रो अङ्ग भएका, कामदेव भन्दा राम्रा, मेखलाको सिक्री बाँधेका, असलराज्यका शासक आदि मात्र हो (Regmi,1983 vol iii, p.236) । यहाँ यी प्राचीन राज्य उनले जितेर चक्रवर्ती राजा बनेको भ्रम उत्पन्न गराउन खोजेको देखिन्छ ।

मध्यकालमा पाटन जस्तो साधारण भू-क्षेत्रमा माहापात्रको रूपमा शासन गर्ने उद्धवसिंह र विष्णुसिंहलाई उनीहरूका अभिलेखमा 'संसार विजयी' र 'पृथ्वीको पालन गरेको' राजा भनी वर्णन गरिएको छ (वज्राचार्य, वि.सं.२०५६, पृ.२४ र ३३)।

राजाको प्रशस्तिबाहेक केही राजकीय अभिलेखमा विषयवस्तुलाई अतिरञ्जित बनाइएको पनि पाइन्छ। उदाहरणको लागि मानदेवको चाँगु अभिलेखमा गण्डकी नदीलाई ज्यादै विशाल भन्दै समुद्रसँग तुलना गरिएको छ। जयदेव द्वितीयको पशुपति अभिलेखमा पशुपतिमा चढाएको कमलको फूलको सौन्दर्य वर्णन गर्ने क्रममा ज्यादै अतिरञ्जित वर्णन गरिएको छ। राजा आफैंले रचना गरेको अभिलेखको ३०औं श्लोक त यो फूलको वर्णन अतिरञ्जनाको पराकाष्ठा बनेको छ(Regmi,1983 vol iii, p.237)। अर्को एक श्लोकमा संसारका वास्तविक फूललाई यो धातुको फूलले गिज्याइरहेको जस्तो पनि भनिएको छ। कैलाशकूट दरबारको सौन्दर्यको अभिलेखीय वर्णन पनि अस्वभाविक लाग्दछ। यसरी नेपालका कतिपय राजकीय प्रशस्ति शैलीका अभिलेखहरूमा अतिशयोक्ति र अतिरञ्जनापूर्ण वर्णन गरिएको कारणले यस्ता केही अभिलेखहरूले भ्रम पनि पैदा गराएका छन्। जनसाधारणले राखेको अभिलेखहरू र विशुद्ध प्रशासनिक अभिलेखहरूमा भने यस्तो कमजोरी पाइँदैन।

अशुद्ध र अपूर्ण वंशावली नेपालका केही अभिलेखहरूमा अशुद्ध वा अवास्तविक वंशावली लेख्ने गरेको पाइएको छ। यो सबैभन्दा ठूलो कमजोरी रहेको छ। भारतका मध्यकालीन अभिलेखहरूमा पनि यस्तो अशुद्ध वंशावली लेखाउने चलन रहेको पाइन्छ। भारतीय पूर्व मध्यकालीन शाही परिवारमा प्राचीन साहित्य (विशेषगरी हिन्दू धर्म ग्रन्थ)मा वर्णित सूर्य, चन्द्र र यादव जस्ता प्रतिष्ठित वंशसँग आफूलाई जोडेर अभिलेख लेखाउने फेसन नै रहेको थियो (Sircar 1965,p.24)। यसको प्रत्यक्ष प्रभाव नेपाली अभिलेखमा पनि परेको छ। लिच्छवि राजा जयदेव द्वितीयले पशुपति अभिलेखमा आफूलाई [illegible] ब्रह्माजीको वंशज भनेका छन्। यसमा ब्रह्मा, सूर्य, सगर, भगीरथ, दशरथ, आदि अनेकौं पौराणिक र धर्मग्रन्थहरूका पात्रहरूलाई आफ्नो पूर्वज भएको बताइएको छ। दशरथदेखि आठ पुस्तापछि लिच्छवि राजा भएको र उनै लिच्छविको कुलमा राजा जयदेवको जन्म भएको बताइएको छ। यो वास्तवमा एक अवास्तविक र अशुद्ध वंशावली मात्र हो। यसै गरेर जयस्थिति मल्लका सन्तानहरूले पनि आफूलाई जयस्थिति मल्लका सन्तान नभनेर जयस्थिति मल्लको नाम उल्लेख नगरी कर्णाटवंशी नान्यदेवतर्फ आफ्नो वंश जोडेको देखिन्छ। यसरी नेपालका कतिपय अभिलेखहरूमा जानीजानी गलत वंशावलीको उल्लेख गर्ने गरेको पाइन्छ।

कतिपय अभिलेखहरूमा भने राजाहरूले आफ्नो वंशलाई जानीजानी लुकाउने र ऐतिहासिक कालक्रममा कमजोर शासक ठहरिएका पूर्वजहरूका

k|frLg n]vgsf] cWoog

नामै नलेखी अधुरो छाडिदिने गरिएको पाइन्छ। आफ्नो व्यक्तित्वको बढाइ चढाइ वर्णन गरेर अभिलेख राख्न लगाउने र आफूले बनाएको कैलाशकूट दरबारको सौन्दर्यको वर्णनमा समेत धेरै शब्द खर्च गर्ने अंशुवर्माले आफ्ना पिता र आफ्नो वंशको सामान्य जानकारी समेत नदिनु यसका अभिलेखमा पाइने सबैभन्दा ठूलो कमजोरी मान्नुपर्छ। जयदेव द्वितीयले आफ्नो पशुपति अभिलेखमा आफूभन्दा निकट विगतमा शासन गरेका र उनीहरूको बारेमा प्रशस्त जानकारी हुँदा हुँदै पनि वसन्तदेव पछिका १२ पुस्ताका राजाहरूका नाम लेखाएका छैनन्। गुप्तहरूको अधीनमा रही शासन गरेका कमजोर शासक भनेर आफ्नै पूर्वज भए तापनि उनीहरूको नाम यस वंशावलीमा छुटाइएको देखिन्छ। यो पनि नेपाली अभिलेखमा पाइने ज्यादै उल्लेख योग्य कमजोरी वा त्रुटि हो।

लाक्षणिक प्रस्तुति कतिपय अभिलेखहरूमा उल्लेख भएका वाक्यहरू यथार्थ नभै सांकेतिक वा लाक्षणिक शैलीका छन्। [illegible]

[illegible]

अभिलेखका विवरणलाई शंकास्पद बनाई दिने हुँदा यसलाई नेपाली अभिलेखहरूको कमजोरी मान्न सकिन्छ ।

अपूर्ण विवरण : अभिलेखहरूमा ज्यादै महत्वपूर्ण ऐतिहासिक विषयहरूको उठान गर्नु, तिनका बारेमा केही कुरा संङ्केत गर्नु तर तिनको पूर्ण विवरण उल्लेख नगर्नु नेपालका अभिलेखहरूको सवैभन्दा ठूलो कमजोरी हो । अभिलेख कुँदने ढुङ्गाको आकारको सीमितताले, लेख्ने स्थानको अभावमा वा अन्य कारणले अभिलेखका विवरणहरू प्रायः सङ्क्षिप्त नै हुन्छ । त्यसमा पनि नेपाली अभिलेखहरूमा राजाको प्रशस्ति, देवताको स्तुति, जनताको कुशलमंगल जस्ता अनेकौं औपचारिक विवरणहरू लेख्नैपर्ने प्रचलन रहेको कारणले पनि मुख्य विषयवस्तुलाई स्थान अभाव हुनु स्वभाविकै हो । यसै कारणले अभिलेखमा चर्चा गरिएका कतिपय ऐतिहासिक विवरणहरू अपूर्ण र अधुरा बन्न पुगेका छन् । उदाहरणका लागि मानदेवको चाँगुनारायणमा रहेको स्तम्भ अभिलेखमा केन्द्र सरकार कमजोर भएको मौका पारेर स्वतन्त्र हुन खोज्ने मल्ल र उनीहरूको शासनक्षेत्र मल्लपुरीको उल्लेख हुनु तर त्यो मल्लपुरी कहाँ थियो भन्ने विषयमा कुनै उल्लेख नहुनु, आफ्नो मामाको बारेमा सङ्केत मात्र गरी उनको विषयमा थप विवरण उल्लेख नगर्नु , धर्मदेवको अचानक मृत्युको कारण त्यति लामो अभिलेखमा उल्लेख नहुनु, त्यस्तो काव्यात्मक चाँगुअभिलेखका रचनाकारको उल्लेख नहुनु, अंशुवर्मा जस्ता शक्तिशाली शासकले आफ्ना त्यति धेरै अभिलेखमा कतै पनि वंश र परिवारको उल्लेख नगर्नु , आफूलाई राजगद्दी सुम्पने शिवदेव प्रथमसँग अंशुवर्माको नाता सम्वन्धको विषयमा उल्लेख नगर्नु आदि सयौं यस्ता अपूर्णताहरू लिच्छवि र मध्यकालका अभिलेखहरूमा रहेका छन् । अभिलेखका यी कमजोरीले गर्दा कतिपय अधुरो विवरणलाई हालसम्म पनि पूर्ण गर्न सकिएको छैन ।

संवत् सम्वन्धी अन्योल : नेपाली अभिलेखको सबैभन्दा महत्वपूर्ण विशेषता अधिकांश अभिलेखमा तिथि मिति उल्लेख हुनु हो । टुटफुट भएर पढ्न नसकिएको वा केही अपवादलाई छाडेर प्रायः सबै अभिलेखको अन्त्य वा सुरुमा संवत्, तिथि, वार र नक्षत्र समेतको उल्लेख गरिएको पाइन्छ । प्राचीन संस्कृति र इतिहास अध्ययनका दृष्टिले तिथि मितिको ज्यादै ठूलो महत्त्व रहेको हुन्छ । दुर्भाग्यवस यहाँका अभिलेखमा उल्लेखित संवत्को नाम भने उल्लेख गरिएको पाईदैन । नेपालमा पाइएका सर्वप्राचीन अशोकस्तम्भ अभिलेखहरूमा संवत् नलेखी देवताका प्रिय प्रियदर्शी राजाको राज्याभिषेकको चौधौं वर्षमा निग्लीहवा अभिलेख राखिएको र बीसौं वर्षमा लुम्बिनी अभिलेख राखिएको उल्लेख गरिएको छ । तर ती अभिलेखहरूमा राज्याभिषेकको मिति भने उल्लेख गरिएको छैन । यसले गर्दा ती अभिलेखमा मिति लेख्न चाहेर पनि वास्तविक मिति अज्ञात हुन पुगेको छ । नेपाल राज्यमा लिच्छवि र मल्लकालमा राखिएका अन्य सबै अभिलेखमा पनि संवत् वा सं.मात्र लेखेर अङ्क वा अक्षरमा संवत्

लेखिएको हुन्छ । लिच्छविकालका अभिलेखमा संवत् ३८१ (पशुपतिमा प्राप्त)वाट सुरु भै संवत् ५२६ सम्म चलेको एक संवत् उल्लेख भएको पाइन्छ। तर यो कुन संवत् हो भन्ने कुरा अभिलेखमा कतै उल्लेख भएको पाइँदैन। यसबाट लिच्छवि इतिहासको कालक्रम निर्धारणमा ठूलो समस्या उत्पन्न भएको थियो । निकै ठूलो तर्क वितर्क र विवादपछि मात्र यो सन् ७८ देखि सुरुभएको शक संवत् हो भन्ने थाहा भयो । लिच्छविकाल मै अंशुवर्माले सं २९ देखि प्रचलनमा ल्याएको नयाँ संवत् कुन संवत् हो ?, यसका संस्थापक को हुन् ?, किन २९ वर्ष पछिमात्र यसको प्रचलन सुरु भएको हो ? भन्ने विषयमा अभिलेखमा कुनै कुरा उल्लेख गरिएको छैन । हाल यसलाई सन् ५७६ देखि प्रारम्भ भएको, कुनै अज्ञात मानदेव प्रवर्तक रहेको लिच्छवि संवत् मान्ने गरिएको छ । यसै गरेर मध्यकालका अभिलेखहरूमा प्रयोगमा ल्याइएको संवत्लाई पनि अधिकांश अभिलेखहरूमा संवत् वा सं. मात्र भनिएको छ* । सन् ८७९ मा राघवदेवले आरम्भ गरेको मानिने यो संवत्लाई १४८ वर्ष नपुग्दासम्म हस्तलिखित ग्रन्थहरूमा समेत संवत् मात्र लेख्ने गरिन्थ्यो । पहिलो पटक राजा रुद्रदेवको पालामा सारिएको अष्टसहस्रिका प्रज्ञापारमिता ग्रन्थको पाण्डुलिपिको पुष्पिका वाक्यमा मात्र 'नेपालवत्सरे १४८' उल्लेख गरिएको पाइएको छ (रेग्मी,२००१,पृ.१६) । केही अपवाद वाहेक सबै मध्यकालीन अभिलेखहरूमा नेपाल संवत्लाई संवत् मात्र लेखिएको हुँदा सुरुसुरुमा कालक्रम निर्धारणमा समस्या उत्पन्न भएको थियो । त्यसैले मिति लेख्ने यो परम्परा पनि नेपाली अभिलेखमा देखिएको एक कमजोरी मान्न सकिन्छ ।

भाषिक अशुद्धी : नेपालका केही अभिलेखहरूमा लेखक वा लिपिकारले भाषिकरूपले अशुद्ध शब्दहरू कुँदाएका छन् । जसले अर्थको अनर्थ हुन पुग्ने अवस्था सृजना भएको छ । लिच्छविकालको सन् ५९५को शिवदेव र अंशुवर्माको बूढानिलकण्ठ स्थानमा रहेको एक अभिलेखको १० औ पङ्क्तिमा (दीर्घ)'स्त्रीकर' शब्दको उल्लेख भएको छ । यसको सोझो अर्थ महिलामा लाग्ने कर भन्ने हुन्छ । यसबाट लिच्छविकालमा भेँडा, माछा, लसुन, प्याज आदिमा जस्तै घरमा रहेका महिलाहरूको पनि कर तिर्नु पर्दथ्यो कि ? भन्ने भ्रम उत्पन्न हुनसक्छ । वास्तवमा यो लिपिकारवाट भएको एक त्रुटि मात्र थियो (Regmi,1983 vol iii, p.110) । यस अघिका शिवदेव र अंशुवर्मा कै तुलाँछेँ टोलको सन् ५९४को अभिलेख, गोलमढीटोलको सन् ५९४को अभिलेख, सोही मितिको

* धेरैजसो मध्यकालका अभिलेखहरूमा प्रयोग भएको संवत्लाई सं, वा संवत् मात्र भनिएको छ । तर पाटन थबुटोल पाटीमा रहेको एक शिलालेखमा भने 'सम्वन्नेपालिक ७६२ माघ मासे सशुक्लपक्षे ..' अर्थात् नेपाल संवत् पनि लेखिएको छ । अभिलेखमा पूर्णरुपमा 'नेपाल संवत्' लेखिएको यो दुर्लभ अभिलेख हो । हेर्नुहोस् : धनवज्र वज्राचार्यको मध्यकालका अभिलेख (वि.सं. २०५६) को पृ८६ ।

पाटन भिमसेनस्थानको अभिलेखमा त्यसवेलाको भाग, भोग र कर सहितका त्रिकरलाई (ह्रश्व) स्त्रिकर लेखिएको छ । यी अभिलेखहरू पूर्णरूपमा संस्कृत भाषामा लेखिएका छन् । संस्कृतको व्याकरणअनुसार अगाडिको शब्दको अन्तमा विसर्ग भएमा 'त' वर्गका व्यञ्जनमा स जोडिन्छ र त्रिकर **स्त्रिकर** हुन जान्छ (रेग्मी,वि.सं.२०६०,पृ.४०) । यसअनुसार **स्त्रिकर** लेखिनु त स्वभाविकै हो, तर **'स्त्रीकर'** लेखिनु चाँहि गम्भिर त्रुटि थियो ।

मध्यकालका अभिलेखहरूमा पनि यस्तो भाषागत त्रुटिका उदाहरण पाइन्छन् । नेपाल संवत् ७८९ (सन् १६६९)मा पाटन सतुंगल देउननिटोलको वैष्णवी मन्दिरमा राखिएको एक शिलालेखको छैटौं पङ्क्तिमा 'सतंगल देश' भनिएको छ । यसबाट उपत्यका भित्रै धेरै मल्लराज्य भएको अवस्थामा पाटन भेकमा सतुंगल नामको छुट्टै देश पनि रहेको थियो कि ? भन्ने भ्रम उत्पन्न हुन जान्छ । यो पनि एक भाषिक त्रुटि मात्र थियो । यहाँ ठाउँ भन्ने अर्थमा सतंगल(सतुंगल)लाई देश भनिएको हो यो अलग देश थिएन । यसरी कतिपय भाषिकरूपले त्रुटिपूर्ण अभिलेखहरू लेखिनुलाई पनि नेपाली अभिलेखका कमजोरी मान्न सकिन्छ । स्मरणीय कुरा के रहेको छ भने यी कमजोरीहरू अभिलेखका कमी कमजोरीहरू गहिरिएर खोजी गर्दा फेला परेका केही उदाहरणहरू मात्र हुन् । यसको अर्थ नेपालका अभिलेखहरूमा कमजोरी मात्र रहेका छन् भन्ने होइन । संसारका अन्य ठाउँका अभिलेखहरूसँग तुलना गरी हेर्दा नेपालका अभिलेख लेखनमा तुलनात्मकरूपमा निकै सावधानी अपनाइएको र सकेसम्म कम गल्ती गरिएको कुरालाई पनि विर्सनु हुँदैन ।

***

अध्याय चार

नेपालका हस्तलिखित सामग्रीहरू

Manuscript Writings of Nepal

नेपालमा पाइएका अभिलेखहरूको वाह्य स्वरूप र भित्री अन्तर्वस्तुका विषयमा अघिल्लो अध्यायमा विस्तृत चर्चा गरिएको छ । अब यस अध्यायमा नेपालमा प्राप्त हस्तलिखित सामग्रीहरूका बाहिरी स्वरूप र तिनमा उल्लेखित विषय वस्तुका विषयमा चर्चा गर्ने प्रयास गरिएको छ । कडा माध्यममा कुँदिएका ज्यादै पुराना लिखित सामग्रीहरू अभिलेख हुन् भन्ने कुरा यसअघि नै प्रसङ्गअनुसार चर्चा गरिसकिएको छ । त्यसैले यस्ता अभिलेख वर्गमा [illegible] नहुने कागजपत्र, ताडपत्र, भोजपत्र, छाला आदि कमजोर माध्यममा [illegible] मसीले लेखिएका केही पछिल्लोकालका लेखन सामग्रीहरूलाई [illegible] हस्तलिखित सामग्रीको रूपमा चर्चा गर्न खोजिएको हो । यस्ता हस्तलिखित सामग्रीहरू पुरालेखन सामग्री अन्तर्गत पर्ने विषयमा पनि यसअघि नै [illegible] गरिएको छ । यसै पुस्तकको पहिलो अध्यायमा पुरालेखन वा यसलाई [illegible]

अंग्रेजी शब्द Palaeography को अर्थका विषयमा विशेष चर्चा गरिएको छ । अतः यहाँ नेपालका हस्तलिखित सामग्रीहरूको अर्थ वा परिचयबाट विषय प्रवेश गरिएको छ ।

४.१ नेपालका हस्तलिखित सामग्रीहरूको परिचय (Introduction of Nepalese Manuscripts) :

हस्तलिखित ग्रन्थको अर्थ : साधारण अर्थमा हातले लेखिएका सबै खालका लिखित सामग्रीहरू हस्तलिखित सामग्री हुन् । पुरालेखनशास्त्रको विषयगत् अर्थमा भने छापाखानाको आविष्कार हुनुअघि ताडपत्र, भोजपत्र, कागजपत्र, कपडा, छाला जस्ता माध्यममा रङ वा मसीले लेखिएका अथवा तीखो वस्तुले गहिरो डोब बनाई त्यसमा रङ वा गाजल आदि भरेर लेखिएका लिखतहरूलाई हस्तलिखित सामग्रीको रूपमा बुझ्ने गरिन्छ । यसर्थ प्राचीन समयमा हातले लेखिएका ग्रन्थ,ध्यासफू वंशावली, चिठीपत्र, सन्धि सम्झौताहरू लगायत विभिन्न लिखित सामग्रीहरूलाई नै हस्तलिखित सामग्रीको रूपमा बुझ्ने गरिन्छ । यस्ता सामग्रीहरूलाई बुझाउने अंग्रेजी शब्द Manuscript को अर्थ पनि छाप्नुअघि हातले लेखिएका पुस्तक वा अन्य लिखित सामग्री भन्ने बुझिन्छ । यसलाई नेपालीमा हाल पाण्डुलिपि प्रनि भन्ने गरिन्छ । वास्तवमा *मेनुस्कृप्ट* वा पाण्डुलिपिले वर्तमान समयमा छाप्नका लागि हातले लेखिएका वा कम्पप्यूटरमा टंकन गरिएका लिखित सामग्री समेतलाई बुझाउने गर्दछ । पाण्डुलिपि शब्द हिन्दू महाकाव्य महाभारतका एक पात्र पाण्डुसँग सम्बन्धित रहेको छ । पाण्डु जन्मजात सेतो रङको छाला भएका व्यक्ति थिए । धर्मग्रन्थको यस्तो वर्णनको प्रभावले सेतो रङ पाण्डुको प्रतिक बन्दै गयो । उनको जस्तो सेतो वा फुस्रो छाला हुने रोगलाई आजभोलि पनि पाण्डु रोग भन्ने गरिन्छ । कागजको आविष्कार हुनुअघि लेखन सामग्रीको रूपमा ताडपत्र, भोजपत्र आदिको प्रयोग गरिन्थ्यो । यी सामग्रीहरू कागज जस्तो सेतो हुँदैनथे । पछि सेतो कागजको आविष्कार भएपछि सेतो पृष्ठभूमिका कागजमा हातले लेखिएका सामग्रीहरूलाई 'सेतोमा लेखिएको लिपि' भन्ने अर्थमा 'पाण्डुलिपि' भन्न थालिएको हो । कालान्तरमा सबै हातले लेखिएका लेखहरू पाण्डुलिपि बन्न पुगेका हुन् । यसर्थ सबै पाण्डुलिपि यहाँ उल्लेख गर्न खोजिएका हस्तलिखित सामग्री होइनन् । यहाँ ज्यादै पुराना ताडपत्र, भोजपत्र, वा कागजपत्रमा लेखिएका, छापाखानामा छपाउने उद्देश्यले नभै यही रूपमै पढ्न वा देवताको रूपमा पूजा गर्नका लागि हातले लेखिएका सामग्रीहरूलाई हस्तलिखित सामग्री भनिएको हो ।

यस्ता हस्तलिखित सामग्रीहरूलाई अंग्रेजीमा *अर्काइभ* (archive) शब्दको पनि प्रयोग गर्ने परम्परा रहेको छ । यसको अर्थ सरकारी कार्यालयहरूबाट सङ्कलन गरिएका प्राचीन महत्वका र प्राचीन समयका

सरकारी लिखतहरू भन्ने हुन्छ । वास्तवमा यी पनि हस्तलिखित सामग्रीहरू नै हुन् । यस्ता *अर्काइभहरू* भने सबै ज्यादै पुराना नहुन पनि सक्छन् । यस्ता सामग्रीहरूको प्रशासनिक बाहेक ऐतिहासिक र सांस्कृतिक महत्व नहुन पनि सक्छन् । तर यहाँ चर्चा गर्न लागिएका हस्तलिखित सामग्रीहरू भने लिच्छविकालको अन्तिम समयदेखि मध्यकाल र शाहकालसम्मको धार्मिक, सामाजिक र सांस्कृतिक इतिहास अध्ययनका ज्यादै महत्वपूर्ण स्रोतहरू पनि हुन् । विशेष गरेर नेपालमा यस्ता सामग्रीहरू के-कस्ता रहेका छन् ?, तिनको बाह्यस्वरूप के कस्तो रहेको छ ? र तिनमा के कस्तो विषयवस्तु उल्लेख भएको छ ? भन्ने विषयमा यस अध्ययायमा चर्चा गरिएको छ ।

४.१.१ हस्तलिखित सामग्रीहरू (Materials of Manuscripts)

प्राचीन समयमा नेपालमा निम्नलिखित सामग्रीहरूलाई ग्रन्थ लेखन तथा अन्य फुटकर लेखन कार्यमा प्रयोगमा ल्याइएको पाइएको छ । यहाँ यी सामग्रीहरूको बारेमा सङ्क्षेपमा परिचय र इतिहास प्रस्तुत गरिएको छ ।

क) ताडपत्र (Palmyra Leaf) कागजको आविष्कार हुनुअघि भारतीय उप-महाद्वीपमा सबैभन्दा धेरै उपयोग गरिएको लेखन सामग्री ताडपत्र हो । यसको प्रचलन यहाँ निकै पुरानो मानिन्छ । भारतमा लेखिएका प्राचीन बौद्ध साहित्यहरूमा लेखन सामग्रीको रूपमा 'पण्ण' अर्थात् पातको चर्चा गरिएको पाइन्छ । ती सामग्रीहरूमा यस्ता पातहरू कुन रूखका हुन्थे भन्ने विषयमा केही उल्लेख नगरिए तापनि ती पछि सर्वाधिक लोकप्रिय बन्न पुगेका ताडवृक्षकै पात थिए भन्ने कुरामा कुनै सन्देह देखिदैन (Buhler,1980,p.113) । चिनियाँ यात्री ह्वेनसाङले पनि सातौं शताब्दीतिर भारतमा ताडपत्रमा लेख्ने प्रचलन रहेको बताएका छन् (Sircar,1965,p .62) । भारतमा जस्तै नेपालमा पनि कागजको आविष्कार हुनुअघि ताडपत्रलाई लेखन सामग्रीको रूपमा उपयोग गर्ने प्रचलन ज्यादै लोकप्रिय थियो भन्ने कुरा राष्ट्रिय अभिलेखालयमा रहेको ताडपत्रमा लेखिएका हस्तलिखित ग्रन्थको विशाल भण्डारले पुष्टि गर्दछ ।

ताडपत्र भनेको ताड, ताडी वा ताल समेत भनिने रूखको पात हो । यो रूख दक्षिण भारतमा र पञ्जाव क्षेत्रमा समेत अधिक मात्रामा पाइन्छ । विशेष गरेर समुद्री किनारमा फैलने यो रूखका पातहरू ज्यादै ठूलो आकारका हुन्छन् । यी पातको फेंद(भेट्नो)देखि टुप्पातर्फ कडा नसा वा डाँठ फैलिएका हुन्छन् ।

यी डाँठहरूको बीचको भागलाई आवश्यक आकारमा काटेर लेखन सामग्रीको रूपमा प्रयोग गरिन्छ । यसैलाई ताडपत्र भन्ने गरिन्छ । ताडवृक्ष मुख्य दुई प्रजातिका हुन्छन् । तालीपात वा ताडीपट भनिने प्रजातिको रूखमा विशेष ठूलो आकारका पातहरू हुन्छन् । त्यसैले यस प्रजातिका रूखको पातबाट बनेको ताडपत्र विशेष लामो र चौडा आकारका हुन्छन् । पातको गुणस्तर पनि यसमा राम्रो हुन्छ । दोस्रो पामिरा जातको रूख हो जसका पातहरू केही साना आकारका हुन्छन् । यस्तो ताडपत्रको आकार केही सानो हुन्छ । नेपालमा सुरुका ग्रन्थहरू उत्तम खालको तालीपात वा ताडीपटका छन् । पछिका ग्रन्थहरू भने साधारण पामिरा जातको ताडपत्रका छन् (रेग्मी, वि.सं. २०६०, पृ२५८)।

ताडपत्रमा रूखबाट पात टिपेर सोझै लेख्न मिल्ने हुँदैन । यसलाई लेख्न योग्य तुल्याउन विशेष प्रकृया पूरा गर्नुपर्दछ । पुस्तक वा अन्य सामग्री लेख्नका लागि ताडपत्र तयार पार्दा सर्वप्रथम ताडका पातको डाँठ वा नसाहरू बीचको भागलाई आवश्यक आकारमा काटिन्थ्यो । पातको दुई डाँठ वा नसाको बीचको भाग मात्र लेख्नको लागि उपयुक्त हुने हुँदा चौडाइ कम भएको लाम्चो आकारको पत्र तयार हुन्थ्यो । यसरी काटिएको पातलाई सुकाइन्थ्यो । सुकेका पातहरूलाई पानीमा उमालिन्थ्यो अथवा पानीमा लामो समयसम्म भिजाएर राखिन्थ्यो । यसो गर्दा पातहरू नभाँचिने किसिमको नरम बन्दछन् । उमालेका वा भिजाएका पातहरूलाई पुनः सुकाएर त्यसलाई शङ्ख, कौडा, अथवा चिल्लो पत्थरले घोटी सकेपछि ताडका पातहरू बलिया र नरम लेख्य सामग्री बन्दथे (ओझा,१९७१,पृ.१४२) । नेपालमा ताडवृक्षहरू नपाइने हुँदा भारतबाट ल्याएका पातहरू यहाँ पनि सोही विधिबाट लेख्न योग्य बनाइने गरेको अथवा तयारी अवस्थाका ताडपत्रहरू ल्याएर लेख्ने गरिएको अनुमान गर्न सकिन्छ ।

चिनियाँ यात्री ह्वेनसाङ्का चेला ह्यूलीले ह्वेनसाङ्को जीवनी लेखेका छन् । उक्त जीवनी ग्रन्थमा उल्लेख भए अनुसार बुद्धको महापरीनिर्वाण भएको वर्ष जुन बौद्ध सभा बसेको थियो, त्यसमा ताडपत्रमै बुद्धका उपदेशहरू लेखिएका थिए(उधृतःओझा,१९७१,पृ.१४२,पादटिप्पणी नं १) । गौरीशंकर हीराचंद ओझाले भारतमा सर्वप्रथम लेख्ने कार्य ताडपत्रमै कुँदेर लेखिएको हुनुपर्दछ भन्ने अनुमान गरेका छन् । उनले यो अनुमानको आधारका रूपमा केही तर्क प्रस्तुत गरेका छन् । जस्तो :प्राचीन संस्कृत साहित्यमा धेरै आउने 'लिख्' धातुको मूल अर्थ नै कोतर्नु भन्ने ;हुन्छ । दक्षिण भारतमा हालसम्म पनि ताडपत्रमा तीखो कलमले कोरेर ग्रन्थ लेखिन्छ । ग्रन्थ, सूत्र, आदि शब्द ताडपत्रलाई प्वाल पारेर डोरीले बाँधिएको एक मुठा वा गाँठ शब्दको निकट

देखिन्छ । प्राचीन ग्रन्थको खण्ड विभाजनलाई स्कंध, शाखा, काण्ड, वल्ली आदि शब्दको प्रयोग गर्नु पनि ताडवृक्ष वा रूखकै अङ्गसँग सम्बन्धित देखिन्छन् (१९७१,पृ.१४२) । यसरी हेर्दा भारतमा ताडपत्र लेखनको इतिहास ज्यादै पुरानो देखिन्छ । यसका भौतिक प्रमाणहरू भने त्यति पुराना छैनन् । ओझाले आफ्नो पुस्तकमा उल्लेख गरेअनुसार भारतमा ई.सं.को दोस्रो शताब्दीको एक नाटकको अंश ताडपत्रमा लेखिएको पाइएको छ । मि.मँकार्टले काशगरबाट पठाएको ताडपत्रको टुक्रा चौथो शताब्दीको हो । मध्य भारतबाट जापानको होरियूजि मठमा पुगेका 'प्रज्ञापारमिताहृदयसूत्र' तथा 'उष्णीषविजयधारणी' जस्ता ताडपत्र ग्रन्थ छैटौं शताब्दी आसपासमा लेखिएका हुन्(ओझा,१९७१,पृ.१४२) ।

नेपालको राष्ट्रिय अभिलेखालयमा हजारौंको सङ्ख्यामा ताडपत्र ग्रन्थहरू सङ्ग्रह गरिएका छन् । यी मध्ये राष्ट्रिय अभिलेखालयका 'दशभूमिश्वर' र 'रत्नकेतुसूत्रप्रकीर्ण' जस्ता ताडपत्र ग्रन्थहरूलाई हेमराज शाक्यले पूर्वलिच्छवि लिपिमा लेखिएका विक्रमको चौथो देखि सातौं शताब्दीका ग्रन्थ भनेका छन् (शाक्य, वि.सं.२०३०, पृ.४) । अभिलेखालयको स्कन्दपुराण ग्रन्थ, क्याम्ब्रिज विश्वविद्यालयको पुस्तकालयमा रहेको परमेश्वरतन्त्र र अभिलेखालयमा रहेको लंकावतार आदि विशेष प्राचीन मानिन्छन् । यी ग्रन्थको प्राचीनता भने विवादास्पद रहेको छ । स्कन्दपुराणलाई हरप्रसाद शास्त्रीले सातौं शताब्दीको भनेको हुँदा धेरै लेखकले उनलाई उधृत गर्दै यसलाई सातौं शताब्दीको भनेका छन्♣ । अभिलेखालयमा प्रदर्शनमा राखिएको यस ग्रन्थको *क्याप्सन*मा भने यसलाई मानदेव संवत् २३४ अर्थात् सन् ८१० को भनिएको छ । राष्ट्रिय अभिलेखालयका अनुसन्धान अधिकृत समेत रहेका लेखक राजु मैनालीले पनि यसलाई अभिलेखालयको मिति उल्लेखित सबैभन्दा पुरानो ताडपत्र ग्रन्थ भन्दै सन् ८१० को भनेका छन् (Rimal,2069 B .S.,p.120) । परमेश्वरतन्त्रमा संवत् २५२ लेखिएको छ । यसलाई ओझाले हर्ष संवत् भन्दै सन् ८५९को भनेका छन् (ओझा,१९७१,पृ.१४३) भने रेग्मीले यसलाई अंशुवर्माको पालामा चलेको संवत् मान्दै सन् ८२८ को भनेका छन् (रेग्मी,वि.सं.२०६०,पृ.२५९)। लंकावतार ग्रन्थ भने ने.सं.२८ अर्थात् सन् ९०८ को हो । यसबाट नेपालमा लिच्छविकालको उत्तरार्द्धदेखि नै ताडपत्रमा ग्रन्थहरू लेख्न सुरु गरिएको स्पष्ट हुन्छ । त्यसवेलादेखि लिएर शाहकालसम्मका हजारौं ताडपत्र ग्रन्थहरू अभिलेखालयमा

♣ हरप्रसाद शास्त्रीलाई उधृत गर्दै गौरीशकर हीराचंद ओझा(१९७२ १४३पृ.), दिनेशचन्द्र रेग्मी(वि.सं २०६०पृ.२५९), र डि.सी. सरकार(१९६५पृ.६३)ले समेत यसलाई सातौं शताब्दीको भनेका छन् ।

सङ्ग्रह गरिएका छन् । ठूलो संख्यामा यस्ता नेपाली ग्रन्थहरू देश बाहिर रहेको अनुमान गर्न सकिन्छ ।

ख) भूर्जपत्र/भोजपत्र (Birch Bark) भूर्जपत्र एक प्रकारको रूखको भित्री बोक्रा हो जसलाई प्राचीनकालमा लेख्ने कार्यमा प्रयोग गरिन्थ्यो । स्थानीय बोलीचालीको भाषामा यसलाई भोजपत्र पनि भनिन्छ । मानिसको हत्केला आकारका साना पात हुने र हिमाली भेकमा पाइने एक प्रकारको रूखलाई भूज वृक्ष भनिन्छ । हात बुझाउने संस्कृत भाषाको भूज शब्दबाट यो वृक्षको नाम भूर्ज वा भोज रहन गएको हुन सक्छ । यसको भित्री बोक्रा अत्यन्त पातलो र ठूलो आकारमा निकाल्न सकिने किसिमको हुन्छ । यस्तो बोक्रालाई कागजको आविष्कार हुनुअघि भारतीय उप-महाद्वीप क्षेत्रमा व्यापक मात्रामा लेख्ने कार्यमा प्रयोग गरिन्थ्यो । यस्तो वृक्ष भारतको जम्मुकाश्मीर क्षेत्रमा अत्यधिक मात्रामा पाइन्छ । त्यसैले त्यस भेकमा लेखन कार्यमा भोजपत्रको अधिक प्रयोग भएको देखिन्छ । शंकरमान राजवंशीले यो रूख नेपालको जुम्ला क्षेत्रमा पनि पाइने कुरा आफ्नो पुस्तक नेपाली लिपि विकासमा उल्लेख गरेका छन् (पृ.८) । हिमालय क्षेत्रमा मात्र पाइने यो रूखका बोक्राको लेखन कार्यमा उपयोग भने सिङ्गो भारत र नेपालमा समेत हुने गर्दथ्यो ।

ताडपत्र र आजभोलि पाइने कागजभन्दा पनि यस्ता भोजपत्रहरू पातला हुन्छन् । त्यसैले यी कमजोर पनि हुन्छन् । यसलाई बलियो, नरम र लेख्न योग्य बनाउन रूखबाट सकेसम्म ठूलो आकारमा बोक्रा निकालेर त्यसलाई तेल लगाई घाममा सुकाइन्थ्यो । यसरी सुकाइएका बोक्रालाई शङ्ख वा चिल्लो पत्थरले घोटेर सतहलाई सम्म तुल्याइन्थ्यो । यसपछि ताडपत्रकै आकारमा लाम्चो हुने गरी काटेर लेख्ने गरिन्थ्यो । निकै चौडा आकारमा पाइए तापनि ताडपत्र निर्माणको पुरानो परम्पराको प्रभावले गर्दा भोजपत्रका ग्रन्थहरू पनि ताडपत्र कै जस्तो लाम्चो आकारका तयार पारिएको पाइन्छन् ।

रूखको बोक्रामा लेख्ने परम्परा भारतमा ज्यादै पुरानो देखिएको छ । इशापूर्व ३२७-३२५ मा भारत आएका युनानी विद्वान क्यू.कर्टियसले आफ्नो यात्रा वर्णनमा भारतीयहरूले रूखको बोक्रामा लेख्ने गरेको कुरा बताएका छन्(Buhler,1980,p.20) । उनले सङ्केत गरेको बोक्रा पक्कै पनि भोजपत्र नै हुनुपर्दछ । भारतको पुर्वोत्तर क्षेत्रमा र विशेष गरी आसाम क्षेत्रमा 'सासीपात' भनिने रूखको भित्री बोक्रा (Inner bark of the Aguru or Aloe tree)मा पनि हस्तलिखित सामग्रीहरू लेख्ने परम्परा रहेको बताइन्छ(Sircar,1965,p.65) । तर यो सामग्री भारतका सबै ठाउँमा विस्तार नभएको हुँदा क्यू.कर्टियसले भनेको बोक्रा भोजपत्र नै भएको अनुमान गर्न सकिन्छ । महाकवि कालिदासले रचना

गरेको कुमार संभव महाकाव्यमा (श्लोक १.७ मा) विद्याधर सुन्दरीहरूद्वारा प्रेमपत्रहरू लेखनमा भूर्जपत्रको प्रयोग गर्ने गरेको कुरा बताइएको छ (जोशी,वि.सं२०५६,पृ.१२) । अमरकोश(श्लोक२:४:४६)मा पनि भूर्जपत्र एक वनौषधी भएको र त्यसका ३ नामहरू भूर्ज, चर्मिन र मृदुत्वक् भएको उल्लेख गरिएको छ (जोशी,वि.सं२०५६,पृ.१२)। यी संस्कृतका प्राचीन साहित्य बाहेक मध्यकालीन विदेशी यात्रुले पनि भोजपत्रमा लेख्ने परमपराको चर्चा गरेका छन् । एघारौं शताब्दीमा भारतको भ्रमणमा आएका प्रसिद्ध अरबी यात्री अलबेरुनीले पनि 'भारतीयहरूले 'तुज' वृक्षको बोक्रामा लेख्ने गर्दछन् जसलाई भूज पनि भनिन्छ । उनीहरूले त्यस्ता बोक्रालाई नरम र बलियो बनाउन तेलको पालिस गर्दछन् र त्यसमा लेख्ने गर्दछन्' भनेका छन्(Sircar,1965,p.63) । यी तथ्यहरूले भारतमा भोजपत्रमा लेख्ने निकै पुरानो र लामो परम्परा रहेको पुष्टि गर्दछ ।

भारतमा प्राप्त सर्वप्राचीन भूजपत्र ग्रन्थ खोतानबाट प्राप्त खरोष्ठी लिपिमा लेखिएका 'धंमपद'का केही अंश हुन् , जुन इस्वीको दोस्रो वा तेस्रो शताब्दीमा लेखिएको हुनुपर्दछ (ओझा,१९७१,पृ.१४४) । ओझाकै अनुसार चौथो शताब्दीको संस्कृतको संयुक्तागमसूत्र, छैटौं शताब्दीको मि.बावरको पुस्तक, र आठौं शताब्दीको बख्शालीको अंक गणित आदि भारतका पुराना भोजपत्र ग्रन्थका उदाहरणहरू हुन् (१९७१,पृ.१४४) । यी ग्रन्थहरू स्तुपको भित्र राखिएको वा पत्थरको बीचमा गाडेर राखिएको हुनाले मात्र रहन सकेका हुन् । अन्यथा भोजपत्रको आयु यति लामो हुन सक्दैन । छिटो नष्ट हुने स्वभावका कारणले भारतमा प्राप्त धेरैजसो ताडपत्रहरू १५ औं शताब्दी पछिका मात्र छन् ।

नेपालमा ताडपत्रको तुलनामा भोजपत्रमा लेखिएका हस्तलिखित ग्रन्थहरू ज्यादै कम प्राप्त भएका छन् । शंकरमान राजवंशीले विक्रमको चौथो शताब्दीताका भुजपत्रमा लेखिएका आगमसूत्र तथा पंचरक्षाका पुस्तक पाइन्छन् भन्ने व्यहोरा लेखेका छन् (राजवंशी,१९७४,पृ.८) । तर उनले ती ग्रन्थ कहाँ पाइन्छन् भन्ने उल्लेख गरेका छैनन् । प्राचीन र मध्यकालका भोजपत्र ग्रन्थहरू उल्लेख्य मात्रामा नपाइए पनि पछिल्लो समयका र देवनागरी लिपिमा लेखिएका केही भोजपत्रहरू नेपालको राष्ट्रिय अभिलेखालयमा रहेका छन् । अभिलेखालयमा प्रदर्शनमा राखिएको लम्बकर्ण भट्टले लेखेको वि.सं.१७६२ (सन् १७०५) को भुर्जपत्रको तान्त्रिक यन्त्र यसको राम्रो उदाहरण हो । यो ग्रन्थ वर्गाकार एक पानाको भोजपत्रमा सूक्ष्माक्षरमा विशेष गोलो चक्राकार पङ्क्तिमा लेखिएको छ । ताडपत्रका हजारौं ग्रन्थ सङ्ग्रहित अभिलेखालयमा पछिल्लो समयका सीमित भोजपत्र ग्रन्थहरू मात्र रहनु यसको कम टिकाउ गुणका कारणले हुन सक्दछ ।

ग) कागत (Paper) : वनस्पतिजन्य कच्चा पदार्थबाट निर्माण गरिने पातलो र नरम लेखन सामग्री कागत वा कागज हो । रूखका बोक्रा र नरम रेशादार

वनस्पतिलाई कुटेर झोल तुल्याई त्यसलाई समतल सतह भएको वस्तुमा पातलो पत्र हुने गरी फिजाएर घाममा सुकाई कागज तयार पारिन्छ । हाल विश्वभर लेखन कार्यमा यही कागज वा कागत निकै लोकप्रिय बन्न पुगेको छ । कागज निर्माणको इतिहास भारतमा निकै पुरानो देखिन्छ । एक युनानी विद्वान निअर्कसले ई.पू.३२७ मा सिकन्दर बादशाहका साथमा भारतको भ्रमण गर्ने क्रममा देखेको आधारमा भारतीयहरूले कपासलाई कुटेर लेख्नका लागि कागज निर्माण गर्दछन् भनेका छन् (ओझा,१९७१,पृ.१४४) । यसै गरेर मध्य एसियाको यारकंद नजिकैको कुगिअर नामक स्थानबाट भारतीय गुप्त लिपि अङ्कित कागजमा लेखिएका चार पुस्तक मि.वेबरले प्राप्त गरेका छन् । यी कागजी पुस्तक पाँचौं शताब्दीतिरका हुनुपर्दछ (ओझा,१९७१,पृ.१४५) । यी तथ्यहरूले इसापूर्व चौथो शताब्दीदेखि इ.सं.को पाँचौ शताब्दीसम्म भारतमा कागजको प्रचलन व्यापक थियो भन्ने कुराको पुष्टि भने गर्न सकिदैन । किनभने यस्ता कपासबाट बन्ने कागज सहजै प्राप्त हुने भए ताडपत्र र भोजपत्रको लोकप्रियता भारतमा त्यति धेरै हुने थिएन । ताडपत्र र भोजपत्रका तुलनामा यी कागजहरू पक्कै पनि खर्चिलो र दुर्लभ रहेको हुनुपर्दछ । कपासबाट कागज बनाउँदा मसी सर्ने र मसीको टाँका फुल्ने समस्या हुन्थ्यो । जसबाट बच्न यस्ता कागजलाई लेख्नु अघि चामलको पिठोको माड लगाएर सुकाउनु पर्दथ्यो र सुकेपछि शङ्खले घोटेर चिप्लो पार्नु पर्दथ्यो । रूखका बोक्राहरूबाट कागज बनाउने प्रविधिको आविष्कारपछि मात्र कागज सहज र सर्वसुलभ बन्न पुगेको हो । यस्ता रूखका बोक्रा र वनस्पतिबाट कागज बनाउने कलाको आविष्कार भने चीनमा सन् १०५ (वि.सं १६२) मा मात्र भएको थियो (राजवंशी,१९७४, पृ.८) । चीनबाटै यो कला अरबक्षेत्र हुँदै विश्वभर फैलिएको हो । त्यसैले भारत र नेपालमा समेत रूखको बोक्राहरू र वनस्पतिहरू कुटेर कागज बनाउने कला चीनबाटै भित्रिएको अनुमान गर्न सकिन्छ । यस्तो कागज निर्माणको प्रविधि भित्रिएपछि मात्र ताडपत्र र भोजपत्रको ठाउँ कागजले लिन पुगेको हो ।

नेपालमा कागज निर्माण गर्ने प्रेरणा चीन वा अन्य बाहिरी मुलुकबाट प्राप्त भयो होला । तर यहाँ कागज निर्माण गर्ने आफ्नै किसिमका मौलिक प्रविधिहरू आविष्कार भएको र भिन्न किसिमका टिकाउ कागजहरू बन्ने गरेको कुरा बिर्सन सकिदैन । यहाँ प्राचीनकालमा साधारण खालको पातलो नेपाली कागत, धेरै तहका पातलो कागजलाई माडले टाँसेर त्यसमा हरिताल लगाएर सुकाई शङ्ख वा चिप्लो पत्थरले घोटेर ग्रन्थहरू लेख्न योग्य तुल्याइएका मोटो, बाक्लो वा बलियो देखिने पहेँलो रङको पाको कागत र बाक्लो तुल्याइएको कागतमा नीलो रङ र नीलोतुथो लगाई तयार पारिएको नीलो रङको देखिने नीलपत्र जस्ता मुख्य तीन किसिमका कागतहरू निर्माण र प्रयोग भएका छन् । साधारण घरायसी कामकाजमा पातलो नेपाली कागजको प्रयोग भए तापनि

पहेँलो रङका पाको कागत र नीलो रङका नीलपत्र कागजहरू ठूला-ठूला ग्रन्थहरूको लेखनमा उपयोग गरिएको पाइन्छ । नीलपत्र ग्रन्थहरूमा सुन र चाँदीको मसी प्रयोग गरी सुन्दर अक्षरमा ग्रन्थहरू लेखिएको छ । ताडपत्र ग्रन्थ कलाको प्रभावले यस्ता कागत वा नीलपत्रका ग्रन्थहरू पनि लाम्चो आकारका कागतका पानाहरूमा लेख्ने गरिएको छ । यहाँ पाको कागतलाई लामो आकारमा तयार पारेर पत्रपत्र हुने गरी पट्याएर हरेक पत्रमा ग्रन्थ वा दैनिकी लेख्ने प्रचलन निकै लोकप्रिय रहेको थियो । यस्तो कागतका लेख्य सामग्रीलाई नेवारी भाषामा थ्यासफू भनिन्छ ।

भारतीय जलवायुमा कागज धेरै वर्ष टिक्न सक्दैन । भारतमा हालसम्म प्राप्त सर्वप्राचीन कागजी ग्रन्थ गुजरातबाट प्राप्त सन् १२२३-२४को ग्रन्थ हो (Buhler,1980,p.116) । भारतकै काश्मीरबाट भने सन् १०८९ मा कागजमा लेखिएको सतपथ ब्राह्मण ग्रन्थ प्राप्त भएको छ (Sircar,1965,p.68)। नेपालमा भने एघारौं शताब्दी देखिकै कागजमा लेखिएका ग्रन्थहरू प्राप्त भएका छन् । यहाँ बनाइएका पाको कागत र नीलपत्र रसायनिक उपचार गरी तयार पारिएको हुँदा यिनलाई कीराले नष्ट गर्न सक्दैन र यहाँको चिसो जलवायुले गर्दा कागजी ग्रन्थहरू बढी टिकाउ पनि हुने गर्दछन् । नेपालमा प्राप्त सबैभन्दा पहिलो कागतमा लेखिएको सामग्री कुन हो भन्ने खोजी गर्न सकिएको छैन । हेमराज शाक्यले काठमाडौ कमलाछी टोलस्थित पूर्णहर्ष बज्राचार्यको सङ्ग्रहमा रहेको सं २२० अङ्कित उष्णीषविजय धारणी नामक ग्रन्थ नीलपत्र (कागत)मा लेखिएको बताउनु भएको छ (शाक्य,वि.सं.२०३०,पृ.६) । अभय मल्लको पालामा लेखिएको राष्ट्रिय अभिलेखलयमा रहेको अर्को नीलपत्र ग्रन्थ 'विष्णुधर्मोत्तर' मा पनि सं ३४० उल्लेख गरिएको छ । हिरण्यवर्ण महाविहारमा रहेको 'प्रज्ञापारमिता' नामक नीलपत्र ग्रन्थमा पनि सं ३४५ र राजा अभयमल्ल लेखिएको छ♣ । यी नीलपत्रको संवत् कुन संवत् हो भन्ने खुलेको छैन । तर अभय मल्लको राज्यकाल(सन् १२१७-१२५५)लाई हेर्दा यी ग्रन्थमा प्रयोग भएको संवत् नेपाल संवत् हो भन्ने स्पष्ट हुन्छ ❖ । अतः उष्णीषविजय नीलपत्र ग्रन्थ सन् ११०० मा लेखिएको देखिन्छ । विष्णुधर्मोत्तर सन् १२२० मा र हिरण्यवर्ण विहारको प्रज्ञापारमिता नीलपत्र ग्रन्थ सन् १२२५ मा लेखिएको स्पष्ट हुन्छ । पुरालेखनविद् दिनेशचन्द्र रेग्मीले पनि आफ्नो पुस्तकमा सन् ११०५मा लेखिएको एक कागतको ग्रन्थ (उनको विचारमा ज्ञात हुन सकेको पहिलो ग्रन्थ)को चर्चा गरेका छन् । (वि.सं.२०६०,पृ.२५९) । यी प्राचीन कागतका

♣ यी ग्रन्थहरूको विवरण रञ्जना लिपिको ऐतिहासिकता बताउने सन्दर्भमा हेमराज शाक्यले आफ्नो पुस्तक'नेपाली लिपि प्रकाश'को पृ. ६ मा उल्लेख गरेका छन् ।

❖ हेर्नुहोस् पेशल दाहालको नेपालको इतिहास(वि.सं २०५७)को पृ.१३१-१३३ मा । यहाँ अभयमल्लको राज्यकाल वि.सं १२७४ देखि १३१२ दिइएको छ ।

ग्रन्थहरूबाट नेपालमा कागतमा ग्रन्थ लेखनको सुरुवात एघारौं शताब्दी अन्त्यतिर सुरु भएको र बाह्रौं शताब्दीदेखि व्यापक लोकप्रिय हुँदै गएको देखिन्छ । हाल राष्ट्रिय अभिलेखालयमा हजारौंको सङ्ख्यामा संस्कृत, नेवारी तथा नेपाली भाषामा लेखिएका नेपाली कागत, पाको पहेँलो कागत र नीलपत्रमा लेखिएका ग्रन्थ एवं थ्यासफू सङ्ग्रह भएका छन् ।

४.१.२ नेपाली हस्तलिखित सामग्रीहरूको आकार (Size of Nepalese Manuscript):

ताडपत्र ग्रन्थ : सबैभन्दा पुराना ग्रन्थहरू ताडपत्रमा लेखिएका पाइन्छन् । ताडपत्र आकारमा ठूलो भए तापनि पातको भेट्नोदेखि टुप्पोसम्म फैलिएका कडा डाँठहरू रहेका हुन्छन् । यी डाँठहरूको बीचको भाग मात्र लेख्न योग्य हुन्छ । त्यसैले ताडपत्रका पानाहरू वर्गाकार हुनु सम्भव छैन । यी पानाहरू चौडाइ छोटो र लम्बाइ भने प्रयाप्त लामो आकारका हुन्छन् । यसकारण ताडपत्रका हस्तलिखित ग्रन्थहरू पनि चौडाइभन्दा लम्बाइ निकै वढी भएका बनेका छन् । भारतमा पाइएका ताडपत्र ग्रन्थहरूको आकारका विषयमा धेरै पुरालेखन विद्हरूले चर्चा गरेका छन् । जर्ज बुलरले ताडपत्र निर्माण गर्ने विधिको उल्लेख गर्दै यस्ता ताडपत्रहरू एकदेखि तीन फिट लम्बाइका र सवा एकदेखि चार इन्चसम्म चौडाइ भएका हुन्छन् भनेका छन्(Buhler,1980, p.114) । गौरीशंकर हीराचंद्र ओझाले भने यस्ता ताडपत्रहरूको लम्बाइ उल्लेख नगरी एकदेखि चार इन्चसम्म चौडाइ र अधिक लम्बाइका हुने कुरा बताएका छन् (ओझा,१९७१,पृ१४२) । एघारौं शताब्दीमा भारतको भ्रमण गर्ने अरव यात्री अलवेरुनीले भारतको ताडपत्रको आकारका विषयमा भनेको भनाईलाई डि.सी.सरकारले आफ्नो पुस्तकमा उद्धरण गरेका छन् । अरवेरुनीका अनुसार भारतीय हिन्दूहरूले लेखन कार्यमा प्रयोग गर्ने र उनीहरूले ताडपत्र भन्ने लेखन सामग्रीको लम्बाइ एक यार्ड र चौडाइ तीन अंगुलको हुने वताएका छन्(उधृत:Sircar,1965, p.61) । यार्ड विगतमा नेपालमा पनि प्रचलनमा रहेको गज (३ फिट वा ९० से.मि.) वरावरको एकाई हो । तथ्यहरूलाई विचार गर्दा भारतमा पाइने ताडपत्रहरू बढीमा चार इन्च चौडाइ र धेरैमा तीन फिटसम्म लम्बाइका छन् भन्ने पुष्टि हुन्छ । सानो आकार भने आवश्यकता अनुसार जतिसुकै सानो पनि बनाउन सकिन्थ्यो ।

नेपालमा पाइने ताडपत्र पनि भारतवाटै ल्याइएका हुन् भन्ने स्पष्ट छ । नेपाली जलवायुमा ताडपत्रको उत्पादन सम्भव छैन । यो दक्षिण भारतमा अधिक पाइने वृक्ष हो । त्यसैले नेपालमा पाइने ताडपत्र ग्रन्थहरूको आकार प्रकार पनि भारतीय ताडपत्रसँग मिल्दो जुल्दो हुनु स्वभाविकै हो । नेपालमा लेखिएका ताडपत्रहरूको नापजाँच गरी प्रकाशमा ल्याउने र हजारौं ताडपत्र ग्रन्थको आकार विश्लेषण वा तुलना गर्ने कार्य भएको छैन । अभिलेखालयमा सङ्ग्रहित ग्रन्थहरू पनि सबै प्रदर्शनमा राखिएका छैनन् । कपडाको विशेष खालको खोलमा बेरेर सङ्ग्रह गरिएका छन् । त्यसैले तिनको आकारका विषयमा स्पष्ट भन्न कठिन छ । केही नेपाली पुरालेखनविदहरूले भने यस्ता ग्रन्थको आकारका विषयमा केही चर्चा गरेको पाइएको छ । शंकरमान राजवंशीले नेपाली ताडपत्रहरू एकदेखि चार इन्चसम्म चौडाइ भएका छन् भनी उल्लेख गरेका छन् (राजवंशी,१९७४,.पृ.८) । यहाँ उनले यी ग्रन्थहरूको लम्बाइको चर्चा गरेका छैनन् । यसै गरी हरिराम जोशीले आफ्नो एक लेखमा यस्ता ताडपत्रहरू एकदेखि तीन फुट लम्बाइ र चार इन्चदेखि सवा फुटसम्म चौडाइ भएका छन् भनी उल्लेख गरेका छन् (जोशी,वि.सं.२०५५,पृ.३२) । यसै गरी दिनेशचन्द्र रेग्मीले आफ्नो एक पुस्तकमा नेपाली ताडपत्र ग्रन्थहरू ठूलो आकारका तालीपातबाट निर्मित ताडपत्रमा लेखिएका छन् जसको लम्बाइ झण्डै एक मिटर (करिब ३ फिट ४इन्च) र चौडाइ ६.५ देखि ९ सेमी (करिब २.५ देखि ३.५ इन्च) सम्म हुने उल्लेख गरेका छन् । यी तथ्यहरूलाई विचार गर्दा नेपालका ताडपत्रहरू भारतका भन्दा लम्बाइमा केही ठूला पनि रहेको देखिन्छ । यहाँका ग्रन्थहरूको पनि चौडाइ सामान्यतया चार इन्चसम्मको भएको देखिन्छ । जोशीले उल्लेख गरेको सवा एक फुटसम्म चौडाइका ताडपत्र पातहरूलाई आपसमा गाँसेर मात्र बन्न सम्भव छ । अन्यथा हालसम्म प्रकाशित तथ्यअनुसार यहाँका धेरैजसो ग्रन्थको चौडाइ ४ इन्च र लम्बाइ बढीमा ३ फिट ४ इन्चसम्मका भएको देखिन्छ । यसअघि पनि उल्लेख गरिएको छ कि पामिरा जातको ताडपत्र भने आकारमा केही सानो हुने हुँदा यस्ता पातमा लेखिएका ताडपत्र स्वभाविकरूपले केही सानो आकारका छन् । यसको यथार्थ विवरण भने सम्पूर्ण ग्रन्थको नाप प्रकाशित भएपछि मात्र थाह हुन सक्दछ ।

भोजपत्र ग्रन्थ : भारतीय उप-महाद्वीपमा ग्रन्थ लेखनमा प्रयोग भएको भूर्ज पत्र वा भोजपत्र आकारमा ताडपत्रभन्दा ठूलो पनि हुन सक्छ । अग्लो र मोटो फेँद भएको भूर्ज वृक्षबाट निकै चौडा आकारको बोक्रो पनि निकाल्न सकिन्छ । तर ताडपत्रका ग्रन्थ लेख्न र पढ्नमा अभ्यस्त भारतीयहरूले भोजपत्रका ग्रन्थहरूलाई पनि ताडपत्रकै *साइज*मा काटेर ग्रन्थ लेख्ने गरेको पाइन्छ । त्यसैले यी पनि चौडाइ थोरै र लम्वाइ धेरै भएका आयताकारमा निर्माण गरिएको छ । अल वेरुनीले ताडपत्र जस्तै भारतमा एघारौं शताब्दीतिर लेखन कार्यमा प्रयोग गरिने भोजपत्रको आकारका विषयमा पनि चर्चा गरेका छन् । उनले यस्ता भोजपत्रहरू एक एल(ell) लम्वाइ र एक स्पान (Span) चौडाइका हुने वताएका छन् (उधृत:Buhler,1980, p.114) । एक एलमा २७ इन्च र एक स्पानमा एक वित्ता अर्थात् ९ इन्च हुन्छ । गौरीशंकर हीराचंद ओझाले भारतका भोजपत्रहरू करिव एक गज लामा र एक *वालिश्त* (वित्ता अर्थात् ९इन्च) चौडाइका हुने वताएका छन् ।

नेपालमा भने भोजपत्रका ग्रन्थहरू ज्यादै नगन्य मात्रामा लेखिएका छन् । यहाँ ताडपत्रकै अधिक लोकप्रियता रहेको हुँदा पुराना भोजपत्र ग्रन्थहरू प्राप्त भएका छैनन् । देवनागरी लिपिमा लेखिएका पछिल्लो समयका केही भोजपत्र ग्रन्थहरू अभिलेखालयमा सङ्ग्रह गरिएका छन् । यी सबै ग्रन्थहरू ताडपत्रकै आकारका अर्थात् २-३ फिट लम्वाइ र करिव ५-६ इन्च चौडाइ भएका छन् । राष्ट्रिय अभिलेखालयमा रहेको भोजपत्रमा लेखिएको एक तान्त्रिक यन्त्र भने करिव एक वर्ग फिट आकारमा लेखिएको छ । यस ग्रन्थमा अत्यन्त साना अक्षरमा गोलो चक्राकार पङ्क्तिमा अक्षरहरू लेखिएका छन् र आकारमा पनि यो लम्वाइ चौडाइ वरावर हुने गरी तयार पारिएको छ ।

कागतका ग्रन्थ : ताडपत्र र भोजपत्र रूखका पात र बोक्राहरू हुन् । यिनको आकार मानिसले चाहेर वढाउन वा ठूलो बनाउन सक्दैन । कागत भने मानव निर्मित वस्तु भएको हुँदा यिनलाई मानिसले आफ्नो इच्छा अनुसारको आकार प्रकारमा निर्माण गर्न सक्दछ । त्यसैले कागतका ग्रन्थहरू ताडपत्र जस्तो लामो आकारकै बनाउन जरुरी हुँदैन । पुरानो परम्पराबाट ज्यादै वलियोसँग बाँधिएका नेपाली लेखकहरूले भने ग्रन्थ लेख्ने वस्तु लामो नै हुनुपर्छ भनेजस्तै गरी कागजहरू पनि लामो आकारकै बनाएको पाइन्छ । भारतमा पनि सुरुसुरुका कागजका ग्रन्थहरूमा ताडपत्रकै नक्कल गरी लामो आकारमा निर्माण गर्ने र ताडपत्रमा जस्तै प्वाल पार्ने ठाउँमा अक्षर नलेखी खाली छोडने गरिएको पाइन्छ(ओझा,१९७१,पृ.१४५) । नेपालमा पनि यस्तो परम्परा सुरुसुरुमा कामय रहेको देखिन्छ । त्यसैले सुरुका कागजी ग्रन्थहरू अधिक लामा र चौडाइ निकै कम भएका तयार पारिएको पाइन्छ । पछिल्लो समयमा भने विस्तारै कागजको लम्वाइ घट्ने र चौडाइ वढ्दै गएको पाइन्छ । विशेष गरेर नीलपत्रहरूमा लेखिएका ग्रन्थहरू केही ताडपत्रका तुलनामा चौडाइ वढी र लम्वाइ केही कम भएका

बनाइएका छन् । यस्ता नीलपत्रहरूको चौडाइ ५-६ इन्च र लम्वाइ १-१.५ फिटसम्मका बनाइएको पाइन्छ । केही पछिल्लो समयमा कागतमा लेखिएका थ्यासफूहरूमा यस्तो लम्वाइ अझै घटेको र चौडाइ वढेको देखिन्छ । राष्ट्रिय अभिलेखालयले प्रकाशित गरेको नेवारी लिपिमा लेखिएका हस्तलिखित ग्रन्थहरूको सूचीपत्रमा उल्लेख गरिएका अधिकांश सारिणी शीर्षकका थ्यासफूहरूको आकार २७/२८ से.मी. लम्वाइ र ११/१२ से.मी. चौडाइ (करिव ११ इन्च लम्वाइ र ५ इन्च चौडाइ) रहेको देखिन्छ (राष्ट्रिय अभिलेखालय(प्रका.),वि.सं.२०५८,पृ.१८४-८५) । सोही सूचीपत्रमा उल्लेखित नेपाली कागतमा र नेवारी लिपिमा लेखिएको एक रामायण ग्रन्थको आकार भने विशेष ठूलो रहेको छ, जसको लम्वाइ १३.१×४३.६ से.मी. (करिव ५ इन्च ×१७ इन्च) रहेको छ (ऐजन पृ.१३३) । यो वाहेक अन्य सबै कागतका हस्तलिखित ग्रन्थहरू सामान्यतया ६ इन्च चौडाइ र त्यसको दोब्बर अर्थात् एक फिटसम्म लम्वाइ भएका छन् । आजभोलि हामीहरूले पढ्ने छापिएका ग्रन्थहरू यसको ठीक विपरीत उचाइ वढी र लम्वाइ कम भएका पाइन्छन् । यो स्वरूपका ग्रन्थहरू छापाखानाको आविष्कारपछि मात्र निर्माण हुन थालेको हो ।

४.१.३ नेपाली हस्तलिखित ग्रन्थहरूको लेखन (Writing of Nepali Manuscript)

यस अघि नेपालका हस्तलिखित ग्रन्थ लेखनमा प्रयोग भएका सामग्रीहरू तथा तिनका आकार प्रकारका विषयमा चर्चा गरियो । अब यहाँ ती ग्रन्थहरूमा कस्तो किसिमको लेखनको प्रयोग भएको छ भन्ने विषयमा चर्चा गर्न खोजिएको छ । लेखनका मुख्य दुई पक्ष रहेका हुन्छन् । पहिलो पक्ष लेखनको भौतिक स्वरूप वा ढाँचा हो भने दोस्रो लेखनको आन्तरिक स्वरूप वा अभिव्यक्ति कौशलता हो । लेखनमा अभिव्यक्तिको क्रममा अपनाइएको शैली वा कलालाई लेखन शैली भन्ने गरिन्छ । यो अक्षरहरूको बाह्य स्वरूपभन्दा शब्दहरूको संयोजन वा भावको प्रस्तुती करणसँग सम्वन्धित रहेको हुन्छ । यहाँ भने यस्तो लेखन शैलीको चर्चा गर्न खोजिएको होइन । यहाँ नेपाली हस्तलिखित ग्रन्थहरूमा प्रयुक्त लेखनको आकार, प्रकार र वाहिरी सौन्दर्यको पक्षसँग सम्वन्धित रहेको छ । अर्थात् यहाँ हस्तलिखित ग्रन्थहरूमा प्रयुक्त लेखनको भौतिक शैली वा वाहिरी बनावटको चर्चा गर्न खोजिएको छ ।

प्राचीनकालदेखि नै नेपालमा लेखन कार्यलाई पवित्रता, धार्मिकता, शुद्धता र आत्मिक सन्तुष्टिका लागि गरिने एक साधना मान्दै आइएको छ । लिखित वस्तुहरूलाई त्यसको एक साधनको रूपमा लिने गरिएको पाइन्छ । त्यसैले ग्रन्थहरूलाई विचार प्रवाह वा अभिव्यक्तिको माध्यमका रूपमा मात्र नहेरी तिनलाई पूजनीय र दर्शनीय वस्तुका रूपमा पनि हेर्ने गरिन्छ । त्यसैले यहाँ हस्तलिखित ग्रन्थहरू तयार पार्दा तिनमा प्रयुक्त अक्षरहरू सुन्दर,

आकर्षक, दर्शनीय बनाइएको छ । पङ्क्तिहरूलाई विशेष कलात्मक बनाइएको छ र लेखन कार्यमा विशेष रङ वा मसीको प्रयोग गरिएको छ । साथसाथै समग्र गन्थहरूलाई ईश्वरकै प्रतिमा सरह पूजनीय समेत होस् भन्ने ठानिएको देखिन्छ । अतःनेपालका हस्तलिखित ग्रन्थहरूमा प्रयुक्त लेखनको बाह्य स्वरूपका निम्न विशेषताहरू रहेको पाइएको छ ।

सु-लेखन :अक्षरहरूमा प्रयुक्त सौन्दर्य वा कलात्मकतालाई अंग्रेजीमा Calligraphy भनिन्छ जसलाई नेपालीमा सु-लेखन भन्न सकिन्छ । अक्षरहरूलाई अभिव्यक्तिका साधनको रूपमा मात्र प्रयोग नगरी कला अभिव्यक्तिको साधनको रूपमा समेत प्रयोग गरिएको अवस्थामा त्यस्तो लेखनलाई सु-लेखन भन्न सकिन्छ । नेपालका हस्तलिखित ग्रन्थको लेखनमा पनि यस्तो सु-लेखनको व्यापक प्रयोग गरिएको पाइन्छ । मध्यकालमा विकसित भएका अनेकौ लिपिहरू यस्तै सु-लेखनका परिणाम थिए । विशेष गरेर रञ्जना लिपिमा लेखिएका ग्रन्थहरू सबै सु-लेखनका उदाहरणहरू हुन् । रञ्जना लिपिमा प्रयोग हुने कोणात्मक मोटो डिको,चौडा अक्षर,मोटो टाँकाको लेखाई, दाहिनेतिर ढल्केको पातलो रेखाले बनेका मात्रा चिन्ह आदि रञ्जनाका मुख्य विशेषता हुन्(रेग्मी,वि.सं.२०६०,पृ.२३३) । यी विशेषताले यस लिपिको लेखनलाई कलात्मक, दर्शनीय र सुरञ्जित बनाएको छ । सु-लेखनकै लागि प्रयोग गरिने यो लेखन नेपालमा ११औं शताब्दीदेखि १८औं शताब्दीसम्मका हस्तलिखित ग्रन्थहरूमा प्रयोग भएको पाइन्छ (शाक्य,वि.सं.२०३०पृ.५) यस लिपिको लेखन झट्ट हेर्दा पङ्क्तिबद्ध रूपमा कुँदिएका बुट्टाहरूजस्तै देखिन्छ ।



ॐ न मः श्री २ व ज्रा स ना य ॥ स्वस्ति ॥ श्री म त शु प-

AUM NA MAH SHRĪ 2 VA JRĀ SA NĀ YA SVASTI SHRĪ MA TPA SHU PA

रञ्जना लिपि : नेपाली सुलेखन कलाको नमूना ।

यसै गरी मध्यकालमा लेखिएका ग्रन्थहरूमा विभिन्न शैली र ढाँचाको डिको प्रयोग गरी अक्षरलाई सुन्दर बनाइएको छ । भूजिंमोल (सर्प आकारको डिको युक्त लेखन), कुंमोल(कोणात्मक डिकोयुक्त लेखन), क्वेमोल(घुमाउरो डिकोयुक्त लेखन), हिंमोल(वेष्ठित डिकोयुक्त लेखन)आदि अनेक किसिमका लिपिको आविष्कार अक्षरलाई सुन्दर बनाउनकै लागि भएको थियो । त्यसैले यी सबै लिपिमा लेखिएका ग्रन्थहरूमा सु-लेखनको प्रयोग भएको छ । यसलाई नेपाली हस्तलेखनको एक विशेषता मान्न सकिन्छ ।

संयुक्ताक्षर लेखन : नेपाली हस्तलेखनको अर्को उल्लेखनीय पक्ष संयुक्ताक्षर वा कुटाक्षरयुक्त लेखन पनि हो । स्वर र व्यञ्जन वर्णको समिश्रण(मात्रा), र व्यञ्जनमा व्यञ्जन वर्णकै मिश्रण गर्ने(संयुक्ताक्षर) पद्धति ब्राह्मी लिपिबाट विकसित सबै लेखनमा प्रयोग हुन्छ । यो कुनै उल्लेखनीय कुरा होइन । तर नेपालका कतिपय हस्तलिखित ग्रन्थहरूमा सिङ्गो मन्त्रलाई नै एउटै अक्षरमा जोडेर लेख्ने गरिएको पाइन्छ । यसलाई कुटाक्षर भन्ने गरिन्छ ।



व्यञ्जन

संयुक्ताक्षर कुटाक्षरको एक नमुना

चित्र आभार : (शाक्य,वि.सं. २०३० पृ.३७)

कतिपय कुटाक्षरमा सातवटा अक्षरहरूलाई पनि एउटै अक्षरमा गाँसेर निकै कलात्मक तरिकाले लेखिएको पाइन्छ । यसमा 'हक्षमलवरयं'जस्ता सात अक्षरलाई एउटै अक्षरमा एकाकार गरी लेखिएको हुन्छ । यसलाई सप्ताक्षर कुटाक्षर पनि भनिन्छ । कुनै तान्त्रिक देवताका मन्त्रहरूलाई गोप्य गर्नका लागि यी गोप्य मन्त्रहरूलाई पढ्न कठिन हुने किसिमले यस्ता कुटाक्षरमा लेख्ने गरिन्थ्यो । विस्तारै यो लेखन शैलीको रूपमा विकसित हुन पुग्यो । फलस्वरूप धेरै वज्रयानी बौद्ध तान्त्रिक ग्रन्थहरू यस्तै कुटाक्षरमा लेखिएको पाइन्छ ।

आफ्नै सङ्ग्रहमा रहेको यस्तै हस्तलेखन हेमराज शाक्यले आफ्नो पुस्तक नेपाल लिपि प्रकाश(पृ.३९) मा प्रकाशित गरेका छन् । यो लेखन हेर्दा कुनै कलात्मक बुट्टा वा कुनै अमूर्त सुन्दर चित्र जस्तै देखिन्छ । त्यसैले यो पनि नेपाली हस्तलेखनको एक विशेषता बन्न पुगेको छ ।

सूक्ष्माक्षर लेखन : नेपालका कतिपय ग्रन्थहरू आश्चर्य लाग्दो किसिमले सूक्ष्म अक्षरमा लेखिएका छन् । नाङ्गो आँखाले पढ्न नसकिने र झट्ट हेर्दा मसिना रेखा वा धर्का जस्तो देखिने तर गहिरिएर हेर्दा वा कुनै अक्षर ठूलो पार्ने ग्लासको प्रयोग गरी हेर्दा सुन्दर सफा र स्पष्ट अक्षरहरूमा लामा लामा ग्रन्थहरू लेखिएको देखिन्छ । पढ्नै नसकिने यी अक्षर कस्तो लेखन औजारको प्रयोगले कसरी लेखिन्थ्यो भन्ने कुरा एक आश्चर्य र खोजीकै विषय रहेको छ । अझ आश्चर्य लाग्दो कुरा के छ भने ती सूक्ष्म अक्षरहरू पनि सफा, स्पष्ट र केरमेट नगरी लेखिएका छन् । नेपालको राष्ट्रिय अभिलेखालयमा देवनागरी लिपि प्रयोग गरी यस्तै सूक्ष्माक्षरमा लेखिएको महाभारत ग्रन्थ प्रदर्शनमा राखिएको छ । यो हस्तलिखित ग्रन्थ नेपाली लेखनकलाकै एक अनुपम र आश्चर्य लाग्दो उदाहरण हो । पढ्न कठिन हुने यस्ता सूक्ष्माक्षरमा यति ठूला ग्रन्थहरू लेखिनुको कुनै स्पष्ट कारण देखिदैन । सायद लेखकले आफ्नो

असाधारण लेखन क्षमता वा प्रतिभा प्रदर्शन गर्नकै लागि यी ग्रन्थहरू लेखिएको अनुमान गर्न सकिन्छ ।

चक्राकार लेखन : नेपालका हस्तलिखित ग्रन्थहरूमा प्रयुक्त लेखनको अर्को स्वरूप चक्राकार वा वृत्ताकार लेखन पनि हो । जुनसुकै लेखन गति हुने लिपि पनि सामान्यतया सोझो पङ्क्तिमै लेख्ने गरिन्छ । दायाँ बायाँ वा तलमाथि जता लेखे पनि अक्षरका पङ्क्तिहरू प्रायः सोझो नै हुन्छन् । नेपालमा भने कतिपय ग्रन्थहरू वृत्ताकार पङ्क्तिमा सुन्दर ढंगले लेखिएको पाइन्छ । पछिल्लो मध्यकालमा तान्त्रिक शैवधर्म र बौद्धधर्मको विकाससँगै अनेकौ तान्त्रिक ग्रन्थहरूको रचना हुन थाल्यो यसै क्रममा कतिपय तान्त्रिक ग्रन्थहरूलाई मण्डलाकारमा वा वृत्ताकारमा पनि लेखिएको पाइन्छ । वर्गाकार कागजको मध्यविन्दुबाट लेख्न सुरु गरेर गोलो घेरायुक्त पङ्क्तिमा लेख्दै लेख्दै बाहिरी किनारा तर्फ विस्तार गरिएको पाइन्छ । राष्ट्रिय अभिलेखालयमा भोजपत्रमा लेखिएको यस्तै चक्राकार लेखनको तान्त्रिक यन्त्रलाई प्रदर्शनमा राखिएको छ । यो ग्रन्थका पङ्क्तिहरू यस्तै चक्र आकारका छन् । कागजलाई घुमाई घुमाई पढ्नु पर्ने यो ग्रन्थका पङ्क्तिहरू शान्त तलाउमा ढुङ्गा फ्याक्दा पानीमा देखिने चक्राकार छाल जस्तै सुन्दर देखिन्छन् । यस्तो लेखनलाई नेपाली लेखनकलाको एक महत्त्वपूर्ण विशेषता मान्नुपर्दछ ।

उत्कृणलेखन : कतिपय ताडपत्रमा लेखिएका हस्तलिखित ग्रन्थहरूमा उत्कृण लेखनको पनि प्रयोग गरिएको छ । यसलाई नेपाली हस्तलेखनको एक महत्त्वपूर्ण पक्ष मान्न सकिन्छ । उत्कृण लेखन भनेको ताडपत्रहरूमा रङ वा मसीले नलेखेर कुनै तीखो चुच्चो भएको औजारले खोपेर वा कुँदेर लेखिने अक्षरहरूलाई बुझिन्छ । यसरी लेखिएका अक्षरहरू सुरुमा देख्न सकिदैन । पछि यसमा रङ वा गाजलको लेपन गरिन्छ र सफा कपडाले पुछिन्छ । यसो गर्दा सतहमा लागेको रङ वा गाजल पुछिन्छ र तीखो औजारले खोपिएको अक्षरका डोबहरूमा रङ बस्दछ र कालो रङका अक्षरहरू प्रकट हुन आँउछन् । यस्तो उत्कृण लेखन ताडपत्रहरूमा मात्र लेख्न सकिन्छ । बहुसंख्यक ताडपत्रमा यस्तो लेखन नभए तापनि राष्ट्रिय अभिलेखालयमा सङ्ग्रह गरिएका कतिपय ग्रन्थहरू यस्तै उत्कृण अक्षरमा लेखिएका छन् । अभिलेखालयमा रहेको दोस्रो लगत नं १५७ को स्कन्दपुराण पुरुषोत्तम महात्म्य नामक ताडपत्रमा लेखिएको एक ग्रन्थ यस्तै उत्कृणाक्षरमा लेखिएको छ(राजवंशी,१९७४,पृ.८) । यसबाहेक अन्य कतिपय उत्कृणाक्षर ग्रन्थहरू पनि अभिलेखालयमा सङ्ग्रह गरिएको छ ।

सुवर्ण र रजत लेखन : नेपालको राष्ट्रिय अभिलेखालयमा रहेका कतिपय ताडपत्र र नीलपत्रका ग्रन्थहरू सुन र चाँदीको मसीले लेखिएका छन् । नीलो रङको पृष्ठभूमि भएका नीलपत्रमा सुनको मसीले लेखिएका अक्षरहरू ज्यादै आकर्षक र सुन्दर देखिन्छन् । कतिपय नीलपत्रमा चाँदीको मसीले पनि लेखिएको पाइन्छ । विशेष गरी रञ्जना लिपिमा ग्रन्थहरू लेख्नको लागि सुन र चाँदीको मसी प्रयोग गरिएको पाइन्छ । नीलपत्रमा अक्षर लेख्न र सबै माध्यमका पुस्तकमा चित्र लेख्न प्रयोग हुने सुन र चाँदीका मसी बनाउन निकै मेहेनत गर्नुपर्थ्यो । स-साना पातालाई पिटीपिटी बनाइएका 'बरक' वा 'तपक'लाई गुँदमा घोटेर मसी तयार गरिन्थ्यो(रेग्मी,वि.सं.२०६०,पृ.२६०) । सुन र चाँदीका मसिना टुक्राहरूलाई बालुवा र पारोमा मिसाएर घोटेपछि पनि सुन र चाँदीको लेप तयार हुन्थ्यो । यस्तो लेपलाई पनि ग्रन्थ लेखन कार्यमा मसीको रूपमा प्रयोग गरिन्थ्यो । यस्तो मसीले ग्रन्थ लेख्ने प्रविधि र शैली पनि नेपाली लेखनको ज्यादै महत्त्वपूर्ण विशेषता हो ।

४.१.४ नेपाली हस्तलिखित ग्रन्थका चित्रहरू (Nepalese Miniature Painting)

नेपाली हस्तलिखित ग्रन्थहरूमा अक्षरहरू मात्र हुँदैनन् । अक्षरहरूका साथसाथै विभिन्न कलात्मक चित्रहरूले पनि यी ग्रन्थहरूलाई सुशोभित तुल्याइएको हुन्छ । यस्ता सचित्र गन्थहरू निर्माण गर्ने परम्परालाई नेपाली हस्तलिखित ग्रन्थहरूको अर्को एक महत्त्वपूर्ण विशेषता मान्नुपर्दछ । यस्ता हातले लेखिएका ताडपत्र, भोजपत्र, नीलपत्र र कागजका ग्रन्थहरूका भित्री पानाहरूमा र ग्रन्थहरूको सुरक्षाका लागि राखिने काठका गाताहरूमा कोरिएका चित्रहरूलाई ग्रन्थ चित्र(miniature painting) भनिन्छ । यस्ता चित्रहरू अक्षरहरूको बीचबीचमा कोठाहरू बनाएर कोरिएका हुन्छन् । यसै गरेर ग्रन्थकै आकारमा निर्माण गरिएका गाताका भित्री र बाहिरी सतहमा पनि कोरिएको पाइन्छ । राष्ट्रिय अभिलेखालयमा सङ्ग्रह गरिएका, चित्र सङ्ग्रहालयमा रहेका, व्यक्तिगत सङ्ग्रहमा रहेका र विदेशमा पुगेका ठूलो सङ्ख्याका नेपाली हस्तलिखित ग्रन्थहरूमा यस्ता चित्रहरू पाइएका छन् । यी चित्रहरू नेपाली चित्रकलाको उत्पत्ति, विकास र कलात्मक पक्षको अध्ययनका दृष्टिले ज्यादै महत्त्वपूर्ण रहेका छन् । यहाँ भने नेपालका हस्तलिखित ग्रन्थहरूको विशेषताको सन्दर्भमा तिनमा

कोरिएको चित्रका विषयमा चर्चा गर्न मात्र खोजिएको छ । त्यसैले यहाँ ग्रन्थ चित्रकलाको कलात्मक पक्षको बारेमा नभै यी चित्रको इतिहास र चित्रको विषय वस्तुको साधारण परिचय प्रस्तुत गरिएको छ ।

हस्तलिखित ग्रन्थहरूलाई सुन्दर र कलात्मक देखाउन, ईश्वरकै प्रतिमूर्तिका रूपमा ग्रन्थहरूलाई पूजा गर्न योग्य तुल्याउन, धार्मिक विषयवस्तुहरू सर्वसाधारणका लागि बोधगम्य बनाउन र देवीदेवताको स्वरूपलाई पाठकसमक्ष दृश्यरूपमा प्रस्तुत गर्न ग्रन्थहरूमा चित्र बनाउने गरेको देखिन्छ । मूर्तिलाई जस्तै पुस्तकलाई पनि पूजा गर्ने परम्परा नेपालमा हालसम्म पनि रहेको देखिन्छ । त्यसैले ग्रन्थलाई पूजनीय तुल्याउनु ग्रन्थ चित्रकलाको प्रमुख उद्देश्य हुन सक्छ । यो परम्परा सर्वप्रथम महायान र वज्रयान सम्प्रदायका बौद्ध धर्मावलम्वीहरूले सुरु गरेका थिए भन्ने कुरा नेपालमा प्राप्त सर्वप्राचीन ग्रन्थचित्रहरू बौद्धधर्मका ग्रन्थमा कोरिएको र सङ्ख्यात्मकरूपले पनि धेरै चित्र तान्त्रिक बौद्ध धर्मसँग सम्बन्धित रहेको तथ्यबाट स्पष्ट हुन्छ । नेपालका बौद्ध ग्रन्थका लेखकहरूलाई ग्रन्थमा चित्र कोर्ने प्रेरणा कहाँबाट प्राप्त भयो ? भन्ने निश्चित गर्न कठिन छ । आठौं शताब्दीदेखि बाह्रौं शताब्दीको बीचमा बंगाल क्षेत्रका पाल शासकहरूको शासनकालमा विशेष शैलीका ग्रन्थ चित्रहरू निर्माण हुन थालेका थिए । वुद्धको जीवनीसँग सम्बन्धित लघुचित्रहरू र गौरवमय आसनमा बसेका प्रभामण्डलसहितका वोधिसत्वका चित्रहरू पालकालीन ग्रन्थचित्रका मुख्य विशेषता थिए(रेग्मी,वि.स.२०६०,पृ.२६२) । यसैको प्रभाव र प्रेरणाले सर्वप्रथम नेपालमा लेखिएका बौद्ध धर्मग्रन्थहरूमा चित्र कोर्न थालिएको हुनसक्ने अनुमान गर्न सकिन्छ । किनभने अघिदेखि नै पालकालीन बंगाल र नेपालका बीच घनिष्ठ सांस्कृतिक सम्बन्ध कायम रहेको पाइन्छ (रेग्मी,वि.स.२०६०,पृ.२६२) । प्रेरणा जहाँबाट प्राप्त गरे तापनि नेपालमा निकै लामो समयदेखिको मूर्ति निर्माणको सुदृढ र परिपक्क परम्पराले ग्रन्थचित्रहरूमा आरम्भदेखि नै विदेशी प्रभावभन्दा मौलिकता र विशिष्टता कायम रहेको देखिन्छ । यसरी नेपालमा बौद्धधर्मका हस्तलिखित ग्रन्थहरूबाट सुरु भएको ग्रन्थचित्र कोर्ने परम्परा केही समयपछि हिन्दू धर्मग्रन्थहरूमा पनि विस्तार भयो । बाह्रौं शताब्दीदेखिका नेपाली ग्रन्थहरूमा पहिलोपल्ट हिन्दू देवदेवीका तस्वीर लेखिएका छन्(रेग्मी,वि.सं.२०६०,पृ.२६२) । यसपछि भने सचित्र ग्रन्थ लेख्ने परम्परा हिन्दू ग्रन्थहरूमा पनि व्यापक र लोकप्रिय बन्दै गएको देखिन्छ ।

नेपालमा ग्रन्थचित्र लेख्ने परम्पराको आरम्भ मिति थाहा पाउनु निकै कठिन रहेको छ । किनभने कतिपय यस्ता चित्रयुक्त ग्रन्थहरूमा तिथि मिति हुँदैन । भएको मितिमा पनि 'सं.' वा 'संवत्'मात्र लेखिएको हुन्छ जसले गर्दा उल्लेखित संवत् कुन हो भन्ने थाहा पाउन कठिन हुन्छ । लामो समय अन्तरालमा ग्रन्थहरूका चित्रयुक्त गाताहरू अदलाबदली भएका हुन सक्छन् । नेपालमा विगतकालमा कतिपय पुरानो मितियुक्त ग्रन्थहरूलाई पढ्न वा सङ्ग्रह गर्न चाहने व्यक्तिले धेरै समय पछि मितिसहित जस्ताको त्यस्तै सार्ने वा सार्न लगाउने परम्परा पनि रहेको थियो । छापाखानाको आविष्कार हुनु अघि पुस्तक प्राप्त गर्ने एक मात्र तरिका सार्न लगाउनु नै थियो । यी कारणहरूले ग्रन्थ चित्रकलाको वास्तविक उत्पत्ति मिति थाहा पाउन कठिन रहेको छ ।

> "मनवज्र वज्राचार्यले पाटनको महाबौद्धमा रहेको प्रज्ञापारमिता ग्रन्थलाई ने.सं. ४० (सन् ९२०)को मानी यसमा भएका चित्रलाई सबैभन्दा पुराना ग्रन्थचित्र भन्नुभएको थियो । तर सो ग्रन्थको मिति मनवज्रले उल्लेख गरे अनुसारको समयको नभएको स्पष्ट भइसकेको छ । हाल क्याम्ब्रिज युनिभर्सिटी पुस्तकालयमा रहेको ने.सं. १३५(सन् १०१५)को अष्टसहस्रिकाप्रज्ञापारमिता तथा कलकत्ताको एस.के. सरस्वतीको सङ्ग्रहमा रहेको ने.सं १४८(सन्१०२८)को प्रज्ञापारमिता नामक दुई ग्रन्थचित्रहरूको प्राप्तीले इश्वीको एघारौं शताब्दीभन्दा अगाडिदेखि नै नेपाली ग्रन्थचित्र विकसित भइसकेको तथ्य प्रमाणित हुन्छ (दाहाल र खतिवडा,वि.सं.२०५८,पृ.१५१)"।

आरम्भिक समयका मानिएका यी ग्रन्थका चित्रहरूको कलात्मक उत्कृष्टतालाई हेर्दा नेपालमा यस्ता ग्रन्थचित्रकलाको उत्पत्ति कम्तीमा पनि दसौं शताब्दीको अत्यतिर भैसकेको सहजै अनुमान गर्न सकिन्छ । सुरुसुरुमा वौद्धधर्मका ग्रन्थहरूमा मात्र चित्र लेखिए तापनि केही समयपछि हिन्दू धर्मका ग्रन्थहरू र ग्रन्थका गाताहरूमा पनि चित्र लेखिएको पाइन्छ । राष्ट्रिय अभिलेखालयमा रहेका ११औं १२ औं शताब्दीतिरका शिवधर्मशास्त्रम्, विश्वप्रकाशकोष, विष्णुधर्म तथा दशावतार जस्ता ग्रन्थका गाताहरूमा पनि उत्कृष्ट चित्रहरू बनाइएका छन्(मैनाली,वि.सं.२०६३,पृ.६९-८५) यी हिन्दूग्रन्थका पुराना चित्रहरूका उत्कृष्ट उदाहरणहरू हुन् । यसरी ११ औं शताब्दीदेखि सुरु भएको ग्रन्थचित्रकलाको परम्परा नेपालमा १८औं शताब्दीसम्म निरन्तर चलेको देखिन्छ ।

नेपालका ग्रन्थचित्रहरूमा सम्वन्धित ग्रन्थका देवीदेवताका चित्रहरू अधिक बनाइएको पाइन्छ । बौद्ध धर्मग्रन्थहरूमा बुद्धको जीवनी झल्कने चित्र, ध्यानी बुद्ध, बोधिसत्व, तारा आदिका चित्रहरू अधिक बनाइएको पाइन्छ । हिन्दू धर्मग्रन्थहरूमा भने विष्णुका दसअवतार, शिव र शैव परिवार, देवी तथा कतिपय भक्त पुरुष एवं स्त्रीका चित्रहरू पनि बनाइएको पाइन्छ । जेहोस् यस्ता सचित्र ग्रन्थ लेख्ने परम्परा नेपाली हस्तलिखित गन्थका विशेषता मानिन्छन् ।

४.१.५ नेपाली हस्तलिखित ग्रन्थका समापन वाक्यहरू (Colophons of Nepalese Manuscripts)

नेपालमा जंगबहादुर राणाको समयमा छापाखाना भित्रिएको थियो । यसअघि नेपालमा जति पनि ग्रन्थ वा लेख्य सामग्रीहरू तयार भएका थिए ती सबै हातैले लेखिएका वा सारिएका थिए । मध्यकालमा काठमाडौं उपत्यका एक महत्त्वपूर्ण शैक्षिक केन्द्रको रूपमा विकसित भएको थियो । त्यसबेला यहाँ पुराना पुस्तकहरू सार्ने र नयाँ ग्रन्थहरूको रचना गर्ने कार्य एक उद्योगकै रूपमा चलेको थियो । भारत र तिब्वतलाई चाहिने बौद्ध र हिन्दू धर्मग्रन्थहरूको लेखन वा अनेकौ प्रतिमा सार्ने कार्य पनि नेपालमा हुने गर्दथ्यो । ग्रन्थहरू हातले लेखिसकेपछि वा सारिसकेपछि लेखकले ग्रन्थको विशषयवस्तुसँग सम्बन्ध नभएको थप एक वाक्य वा अनुच्छेद लेख्ने गर्दथे । यस्तो अतिरिक्त वाक्य लेख्ने परम्परा नेपालमा निकै लोकप्रिय रहेको देखिन्छ । प्राय: सबै हस्तलिखित ग्रन्थहरूमा यस्तो वाक्य पाइएको छ । यही वाक्य वा अनुच्छेदलाई समापन वाक्य भन्ने गरिन्छ । ग्रन्थ समाप्त भएपछि त्यसको अत्यमा समाप्तिको सूचक स्वरूप फूलबुट्टा बनाउने चलन यहाँ प्रचलनमा रहेको छ । यस्तो फूलबुट्टा वनाईसकेपछि लेखिएको वाक्य भन्ने अर्थमा यस्ता ग्रन्थका समापन वाक्यलाई बोलीचालीको भाषामा पुष्पिका वाक्य भन्ने गरिन्छ । संस्कृत भाषामा फूललाई पुष्प भनिन्छ । यही पुष्प शब्दबाट 'पुष्पिकावाक्य' बनेको बुझिन्छ । यस्ता समापन वाक्य वा पुष्पिका वाक्य ग्रन्थको मूल विषयसँग सम्वन्धित हुँदैनन् । पुस्तक लेख्ने व्यक्ति वा लेखिएको ग्रन्थलाई कसैका निम्ति सारिदिने व्यक्तिका निजी अभिव्यक्तिको रूपमा रहेका हुन्छन् । यस्तो अतिरिक्त वाक्य लेख्ने परम्परा नेपाली हस्तलिखित ग्रन्थका महत्त्वपूर्ण विशेषता बन्न पुगेका छन् । नेपालका यस्ता पुष्पिका वाक्यहरूमा निम्नलिखित विवरणहरू लेखिएको पाइन्छ । :

समाप्ति सूचक वाक्य : जनसुकै भाषामा ग्रन्थहरू लेखिएको भए तापनि अधिकांश पुष्पिका वाक्यहरूमा संस्कृत भाषा प्रयोग गरी ग्रन्थ लेख्ने कार्य

कुशलतापूर्वक समापन भयो भन्ने वाक्य उल्लेख गरिएको हुन्छ । उदाहरणका लागि ने.सं ८२९(सन्१७०९)को नेपाल भाषामा लेखिएको हरिवंश ग्रन्थको पुष्पिका वाक्यको सुरुमा 'इति श्री महाभारते श्री हरिवंश वृत्तान्त सङ्ग्रह समाप्त'लेखिएको छ(राष्ट्रिय अभिलेखालय(स),वि.सं.२०५८,पृ.२०२) । यी वाक्यहरूको प्राप्तिले ग्रन्थको पूर्ण अंश प्राप्त भएको सूचना दिने गरेको छ । त्यसैले यसको विशेष महत्त्व रहेको हुन्छ ।

पूर्ण तिथि मिति : ग्रन्थहरूको लेखनमा स्वभाविकरूपले महिनौको समय लाग्ने गर्दथ्यो । यस्तो लामो परिश्रमपूर्ण कार्य समाप्ति भएको दिन सम्झना राख्न लेखकले यस्ता पुष्पिका वाक्यमा पूर्ण तिथि मिति लेख्ने गर्दथे । कतिपय ग्रन्थहरूमा संवत्(प्राय नेपाल संवत्मा), मास(महिना), पक्ष(शुक्ल/कृष्ण), तिथि, नक्षत्र, योग, मुहूर्त, बार आदि विवरण लेखेर यस्तो शुभ अवसरमा पुस्तक लेख्ने कार्य समाप्त भएको हो भन्ने विवरण लेखेका हुन्छन्♣ । यी वाक्यहरूले नै पुस्तकको लेखन समय निर्धारण गर्न सकिन्छ । अन्यथा सयौं वर्ष पुराना ग्रन्थहरू हुबहु सार्दा कुन नयाँ र कुन पुरानो ग्रन्थ हो भन्ने नछुट्टिन पनि सक्छ । त्यसैले यस्ता तिथि मिति ग्रन्थको ऐतिहासिकता जान्नका लागि निकै महत्त्वपूर्ण बनेका छन् ।

समकालीन राजाको नाम : ग्रन्थहरूसँग राजाको कुनै सरोकार नभए तापनि त्यसबेला हस्तलिखित ग्रन्थका पुष्पिका वाक्यहरूमा फलानो राजाको विजय राज्यमा अथवा फलानो राजाले राज्य गरिरहेको समयमा भन्ने वाक्य पनि प्राय:सबै ग्रन्थहरूमा लेखिएको पाइएको छ । कतिपय ग्रन्थहरूमा फलानो राजाको सेवक ,म फलानोले यो पुस्तक लेखेको हुँ भन्ने वाक्यहरू पनि लेखिएका हुन्छन् । यस्ता वाक्यले नेपालका राजाहरूको वंशक्रम जान्नमा ठूलो मद्दत पुराएका छन् ।

लेख्ने र लेखाउनेको नाम र पूर्ण ठेगाना : प्राय: सबै ग्रन्थहरूका पुष्पिका वाक्यहरूमा कुन ठाउँ बस्ने, कसको छोरा, कसले यो पुस्तक, कसको लागि लेखिदिएको हो ? भन्ने विवरण पनि उल्लेख गरेको पाइन्छ । सामान्यतया पुस्तक कुन ठाउँमा सारिएको हो वा लेखिएको हो भन्ने विवरण पनि दिइएको पाइन्छ । राष्ट्रिय अभिलेखालयमा सङ्ग्रह गरिएको, नेवारी भाषाको, राजेन्द्र विक्रम शाहदेवको पालामा ज्ञानदत्तले लेखेको ने.सं ९६५(सन् १८४५) को

♣उदाहरणका लागि हेर्नुहोस् : दैवज्ञ भुवन सिंहले सं ८५० मा नेवारी भाषामा लेखेको अको हरिवंश ग्रन्थमा यी सबै तिथि मितिहरू उल्लेख गरिएको छ (राष्ट्रियअभिलेखालय स.,वि.स २०५८,पृ २०३) ।

रामायण ग्रन्थको पुष्पिकावाक्यमा भरतखण्ड, जंवो द्वीप, हेमुपाद, वासुकी क्षेत्र, उपछन्दोह क्षेत्र, गोपुच्छ पर्वत, स्वयंभू चैत्य स्थान नेपाल मण्डल आदि विस्तृत ठेगाना समेत उल्लेख गरिएको छ ।

समकालीन घटना विवरण : माथि उल्लेख गरिएका विवरणहरूबाहेक पुष्पिका वाक्य वा समापन वाक्यहरूमा ग्रन्थ लेख्ने समयमा लेखकले देखेका वा भोगेका अनेकौं घटनाहरूको विवरण पनि लेख्ने गरेको पाइन्छ । त्यसवेलाका चाडपर्व सम्बन्धी घटना, जात्राहरू, युद्ध, महामारी, राज्यव्यवस्था, राजाको परिवर्तन जस्ता अनेकौं घटनाहरूको विवरण दिइएको हुन्छ । ने.सं ८८३(सन् १७६३) मा सारिएको एक रामायण ग्रन्थको पुष्पिकावाक्यमा पृथ्वनारायण शाहले त्यसवेला गरेको आर्थिक नाकाबन्दी र त्यसवाट काठमाडौं उपत्यकामा सृजना भएको भयावह अवस्थाको वर्णन गरिएको छ । यो पुष्पिकावाक्यमा 'यो रामायण ग्रन्थ लेखेको वर्ष गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल उपत्यकाबाहेक सबैतिर राज्य गरी सबैतिर छेकी, अलिकता कपास, अलिकता नूनसम्म पनि भित्र पस्न दिएन र नेपाल उपत्यकामा नून खानै नसकिने भयो, खुर्सानी समेत १ दामको ६/७ वटा मात्र पाइयो, किन्नै नसकिने भयो । कपास भने १ मोहरको १तोला मात्र पाइने हुँदा सबैका लुगा भुत्रा-भुत्रा भए..' भनिएको छ(दाहाल,विस २०५७,पृ ७) । यस्ता घटना विवरणहरू तत्कालीन इतिहास र संस्कृति अध्ययनका लागि ज्यादै महत्त्वपूर्ण स्रोत बन्न पुगेका छन् । यसरी विविध दृष्टिकोणले महत्त्वपूर्ण मानिएका अतिरिक्त वाक्यहरू पुस्तकको समापनको क्रममा लेख्ने परम्परा नेपाली हस्तलिखित ग्रन्थहरूको महत्त्वपूर्ण विशेषता बन्न पुगेको छ ।

४.२ नेपालको ग्रन्थकला (Book Art of Nepal)

छापाखानाको आविष्कार हुनुअघि नेपालमा लेखिएका हजारौं हस्तलिखित ग्रन्थहरूलाई कसरी ग्रन्थको रूप दिइएको छ भन्ने विषयमा यस अध्यायमा चर्चा गर्न खोजिएको छ । ग्रन्थकलाभित्र ग्रन्थमा उल्लेखित अक्षरहरूको कलात्मक पक्ष पनि समावेश हुन्छन् । तर यस्ता अक्षरहरूको विषयमा यसअघि नै यहाँको 'लेखन' शीर्षकमा चर्चा गरिसकिएको छ । अतः यस अध्यायमा नेपालका हस्तलिखित ग्रन्थहरूको भौतिक स्वरूप अर्थात् ग्रन्थको आकार प्रकार र बाह्य भौतिक संरचना निर्माणमा अभिव्यक्त भएको सौन्दर्य पक्षलाई ग्रन्थकलाको रूपमा चर्चा गरिएको छ । नेपालको राष्ट्रिय अभिलेखालयमा सङ्ग्रह गरिएका हजारौं हस्तलिखित ग्रन्थहरूको संरचनालाई हेर्दा यहाँ मुख्य तीन भिन्न किसिमका ग्रन्थहरू निर्माण गरिएको पाइन्छ ।

क) साधारण ग्रन्थ : नेपालका बहुसंख्यक हस्तलिखित ग्रन्थहरू विशेष आकार प्रकारमा निर्माण गरिएका छन् । चौडाइभन्दा लम्बाइ धेरै भएका अर्थात् लाम्चो आकारका ताडपत्रहरूलाई लेख्नको निम्ति तयार पारिएपछि त्यस्ता ताडपत्रको बाहिरी किनारमा निश्चित *मार्जिन* छाडेर पुष्पबुट्टा वा रेखाले घेरेर लेख्ने भाग छुट्याइएको हुन्छ । लामो ग्रन्थ भएमा समानान्तार मध्यदूरीमा दुईवटा सानो कोठा र छोटो आकारको ग्रन्थ भए मध्यभागमा एक सानो कोठा छोडिएको हुन्छ । यी कोठाभित्र ताडपत्रलाई ग्रन्थ बनाउने क्रममा प्वाल पारिन्थ्यो र यी प्वालहरूमा डोरीले उनेर बाँध्ने काममा उपयोग गरिन्थ्यो । त्यसैले प्वाल पार्न छुट्टाइएका यी कोठाहरूमा कुनै पनि अक्षर वा चित्र निर्माण नगरी खाली छोडिएको हुन्छ । यस्ता अनेकौं पत्रहरूमा ग्रन्थ लेखिसकेपछि हरेक पानामा *मार्जिन* बाहिर पेज नम्बर लेख्ने गरिन्थ्यो । यी अलगअलग पत्रहरूलाई क्रमिकरूपले राखेर हरेक पानामा प्वाल पारिन्थ्यो । पानाकै आकारका पातला काठका फलेकहरूलाई गाताको रूपमा तल र माथि राखिन्थ्यो♣ र गाता र पानालाई समेट्नेगरी ग्रन्थमा बनाइएका एक वा दुई प्वालहरूमा डोरीले उनेर बाँधिन्थ्यो । यसरी नेपालका हस्तलिखित ग्रन्थहरू तयार पारिएका छन् । पढ्ने वेला यिनमा बाँधिएका डोरीहरू खुकुलो पारिन्थ्यो र पानाहरू पल्टाउदै पढ्ने गरिन्थ्यो । पढिसकेपछि यी ग्रन्थहरूलाई चिठ्ठीका लिफा आकारका कपडाका विशेष खालका थैलाहरूमा राख्ने गरिन्थ्यो र थैलामा जोडिएको तुनाले बेर्ने गरिन्थ्यो । हाल राष्ट्रिय अभिलेखालयमा पनि यस्तै थैलामा बेरेर ग्रन्थहरूलाई भण्डार गरिएको छ । पछि बनेका भोजपत्र, नीलपत्र, र नेपाली कागजका ग्रन्थहरू पनि यस्तै किसिमले निर्माण गरिएका छन् ।

ख) थ्यासफू ग्रन्थ : केही नेपाली हस्तलिखित ग्रन्थहरू साधारण ग्रन्थभन्दा वेग्लै किसिमका छन् । यस्ता ग्रन्थहरूलाई प्वाल पारेर धागोले बाँध्ने गरिएको पाइँदैन । कागजलाई गाँसेर निकै लामो आकारको बनाई त्यस्ता कागतलाई पत्रपत्र हुने गरी पट्याएर राखिन्थ्यो र हरेक पत्रमा क्रमशः अक्षरहरू लेख्ने गरिन्थ्यो । यस्ता पत्रपत्र हुने गरी पट्याएर तयार पारिएका विशेष खालका नेपाली ग्रन्थहरूलाई नेवारी भाषामा 'थ्यासफू' भनिन्छ । पट्याएर राखिएको अवस्थामा यी ग्रन्थहरू पनि अन्य साधारण ग्रन्थ जस्तै देखिन्छन् । तर पढ्ने वेला यी ग्रन्थका पानाहरू अलग गर्न सकिदैन पल्टाउन मात्र सकिन्छ । यस्ता थ्यासफू ग्रन्थहरू सामान्यतया दैनिकी लेखनमा प्रयोग गरिएको पाइन्छ । कतिपय ग्रन्थहरूमा दुर्गा कवच, दुर्गा पूजा विधि, देवता चित्र सङ्ग्रह, दिक्षा

♣ अधिकांश ग्रन्थहरूमा चित्र सहितका काठका गाता राख्ने गरिएको छ । तर राष्ट्रिय अभिलेखलयमा स्तोत्र सङ्ग्रह नामक नीलपत्र ग्रन्थमा राखिएको एक हस्तीहाडको गाता पनि प्रदर्शनमा राखिएको छ । यसवाट नेपालमा महत्त्वपूर्ण हस्तलिखित ग्रन्थहरूमा हस्तीहाडका गाता पनि राख्ने प्रचलन रहेको देखिन्छ ।

विधि, द्वादश स्थापना विधि जस्ता धार्मिक र कर्मकाण्डका पुस्तकहरू पनि लेखिएका छन् । नेपाली कागजमा मात्र यस्ता थ्यासफू ग्रन्थहरू निर्माण भएको पाइन्छ । यस्ता विशिष्ट प्रकारका कलात्मक पुस्तक नेपालका मौलिक सृजना थिए ।

ग) बेरुवा ग्रन्थ : राष्ट्रिय अभिलेखालयमा अनौठो आकारका केही हस्तलिखित ग्रन्थहरू सङ्ग्रह गरिएको छ । त्यस्ता ग्रन्थलाई बेरुवा ग्रन्थ भन्न सकिन्छ । यी ग्रन्थहरूको निर्माण र व्यवस्थापन विशेष किसिमले गरिएको छ । पातलो कागतका धेरै पत्रहरूलाई माडले टाँसेर (मड्याएर) बाक्लो तुल्याई यस्ता बाक्ला पानाहरूलाई आपसमा गाँसेर लामो आकारको बनाइएको छ । यसरी तयार पारिएको लामो आकारको कागतमा ग्रन्थहरू लेखिएका छन् । लेखी सकेपछि कागजलाई बेलना आकारमा बेरिन्छ र तुनाले बाँधिन्छ । यस्ता ग्रन्थहरूमा सुरक्षाको लागि गाता राख्न मिल्दैन । त्यसैले यी ग्रन्थहरू धातुका ढुङ्ग्रोहरूमा बन्द गरेर राखिन्छ । हाल राष्ट्रिय अभिलेखालयमा यस्तै एक बेरुवा ग्रन्थ राख्ने ढुङ्ग्रो पनि प्रदर्शन गरिएको छ । यी ग्रन्थहरू पढ्ने समयमा ग्रन्थलाई फुकाएर माथिबाट पढ्दै गइन्छ र तलतिरको भागमा पढ्दा माथिल्लो भाग स्वतह बेरिँदै जान्छ । यस्ता बेरुवा ग्रन्थहरूमा अत्यधिक लामा ग्रन्थहरू लेख्न कठिन हुन्छ । त्यसैले स-सानो आकारका धर्मग्रन्थहरू वा टिपोटहरूको लेखनमा यी ग्रन्थहरूको उपयोग गरिएको पाइन्छ । यसरी बेलाना आकारमा बेरेर ढुङ्ग्रोमा बन्द गरी राख्न मिल्ने ग्रन्थहरूको निमार्ण गरिनु पनि नेपाली ग्रन्थकलाको एक महत्त्वपूर्ण विशेषता रहिआएको छ

४.३ नेपालका अभिलेख र हस्तलिखित सामग्रीहरूमा प्रयुक्त संवत्

(Eras Used in Inscriptions and Manuscripts of Nepal)

नेपालमा प्राप्त भएका अधिकांश लिखित सामग्रीहरूमा तिथि मितिको उल्लेख भएको पाइएको छ । नेपालमा प्राप्त सबैभन्दा पुराना अभिलेख लुम्बिनी र निग्लीहवामा प्राप्त भएका आशोक स्तम्भ अभिलेखहरू हुन् । यी अभिलेख राख्ने समयमा व्यवस्थित किसिमले तिथि मिति लेख्ने परम्परा सुरु भै नसकेको देखिन्छ । त्यसैले निग्लीहवाको अभिलेखमा राजा अशोकको राज्याभिषेकको १४ औं वर्षमा र लुम्बिनीको अभिलेखमा राज्याभिषेकको २० औं वर्षमा यी अभिलेख राखिएको व्यहोरा लेखिएको छ । यसलाई पनि तत्कालीन परम्परा अनुसारकै तिथि मिति मान्न सकिन्छ । नेपालमा नेपालीले राखेको हालसम्मकै ज्ञात पहिलो अभिलेख मालिग्राउँमा पाइएको र हाल राष्ट्रिय सङ्ग्रहालय छाउनीमा राखिएको जयवर्मनको शालिकको पादपीठमा उल्लेखित सङ्क्षिप्त अभिलेख हो । एकमात्र पङ्क्तिको यस छोटो अभिलेखमा पनि सं १०७ उल्लेख गरी मिति लेख्न छुटाइएको छैन । अभिलेखहरू खिइएर वा अक्षर मेटिएर पढ्न

नसकिएको अवस्थामा बाहेक प्राय: सबै लिच्छवि र मल्लकालका अभिलेखहरूमा मिति उल्लेख गरिएको पाइन्छ । पछिल्लो लिच्छविकालका र मध्यकालको सुरुदेखिका हजारौं हस्तलिखित ग्रन्थहरू प्राप्त भएका छन् । अधिकांश ग्रन्थहरूमा पनि तिथि मिति उल्लेख गरिएको छ । तर दुःखको कुरा नेपालका यी अभिलेख र पुरालेखन सामग्रीहरूमा प्रयोग भएका संवत्लाई स्पष्ट नाम नदिइएको र अधिकांश ठाउँमा सं वा संवत्मात्र लेखिएको छ । यसबाट यी कुन संवत् हुन भन्ने कुरामा ठूलो जटिलता उत्पन्न हुन पुगेको छ । यस अध्यायमा नेपालमा प्रयुक्त संवत्हरूको पहिचान, परिचय र प्रयोगका विषयमा चर्चा गरिएको छ । भारतीय शासक अशोकका स्तम्भमा उल्लेखित राज्याभिषेको १४ औं र २० औं वर्षको प्रसङ्गलाई छोडेर नेपालमा नेपालीहरूले अभिलेख र हस्तलिखित ग्रन्थहरूमा प्रयोगमा ल्याएका संवत्हरू मुख्य ४ किसिमका रहेका छन् । यी चारै किसिमका संवत्हरू निम्नानुसार रहेका छन् ।

४.३.१ शक संवत्

जयवर्मनको शालिकको पादपीठ अभिलेखमा प्रयोग गरिएको सं १०७ नेपालका अभिलेखमा प्रयोग भएको पहिलो संवत् हो । यसपछि निकै लामो समयसम्मका अभिलेख पाइएका छैनन् र संवत्को उदाहरण पनि पाइँदैन । सं १०७ कै निरन्तरता जस्तै गरी पशुपतिमा प्राप्त अर्को एक खण्डित अभिलेखमा सं ३८१ को प्रयोग भएको पाइन्छ (वज्राचार्य,वि.सं.२०५३,पृ६००क)। यी दुई अभिलेखहरूमा प्रयुक्त लिपिमा सामान्य विकास सहितको निरन्तरता देखिन्छ । यसको लगत्तै पछि चाँगुनारायण स्थानमा प्राप्त लिच्छविराजा मानदेवको अभिलेखमा सं ३८६ को प्रयोग भएको छ । यसपछि लिच्छविकालको पूर्वार्द्धभर यही संवत्को निरन्तर प्रयोग भएको देखिन्छ । मानदेवको चाँगु अभिलेखदेखिका करिब '६७ वटा अभिलेखहरूका यही संवत्को प्रयोग भएको' पाइन्छ(Regmi,1983 vol iii,p.270) । यो संवत् ५२६ सम्म निरन्तररूपमा र सं ५३५ र ५३६❖ सम्म

❖ यो संवत् शिवदेव र अंशुवर्माले संयुक्तरूपमा राखेको लेलेको अभिलेखमा अन्तिम पटक प्रयोग गरिएको छ र यसमा सं ५२६ उल्लेख भएको छ । यसपछि अंशुवर्माका अभिलेखहरूमा सं २९ उल्लेख गरी भिन्दै संवत्को प्रयोग गरिएको छ र पुरानो संवत्को प्रचलन टुटेको देखिन्छ । तर यसको केही समयपछि ज्यावहालनिरबाट प्राप्त एक अभिलेखमा सं ५३५ उल्लेख भएको छ । यसै गरेर श्यामसुन्दर राजवंशीले काठमाण्डौको गोकर्ण नजिक बालुवा गाउँमा प्राप्त अर्को एक अभिलेखमा संवत् ५३६ उल्लेख भएको कुरा सन् १९९० को रोलम्बा पत्रिका मार्फत प्रकाशमा ल्याएका छन । यसबाट यो संवत ५२६सम्म व्यापक रूपले र ५३६सम्म फाट्टफुट्ट मात्र चलेको देखिन्छ ।

फाट्टफुट्टरूपमा चलनमा रहेको देखिन्छ । यसपछि भने यो संवत् प्रयोग गर्ने प्रचलन काठमाडौं उपत्यकामा♣ प्रायः समाप्त भएको देखिन्छ । जयवर्मनको सालिक अभिलेखमा प्रयुक्त संवत्लाई पनि लिच्छविकालका प्रारम्भिक संवत्कै श्रृङ्खला मान्ने हो भने नेपालमा प्राप्त सुरुसुरुका अभिलेखहरूमा ४२९ वर्षसम्म यो संवत् निरन्तर प्रचलनमा रहेको देखिन्छ । तर दुर्भाग्यको कुरा यो संवत्मा नाम उल्लेख नगरी सम्पूर्ण अभिलेखमा 'संवत्' मात्र भनिएको छ । त्यसैले यो संवत् कुन संवत् हो भन्ने विषयमा निरन्तर विवाद र वहस हुँदै आएको छ । मानदेवको चाँगु अभिलेखमा उल्लेख भएको 'सं ३८६' कुन संवत् हो ? भन्ने विषयमा धनवज्र वज्राचार्य भन्दछन् :

> "यसलाई सबभन्दा पहिले पं. भगवान्लालले छपाउँदा यो संवत् 'विक्रमसंवत्' हो भनी मानेका छन् । परन्तु फ्लीट(जे.एफ.फ्लीट) यस संवत्लाई 'गुप्त संवत्' मान्दछन् । विक्रम संवत्' र गुप्तसंवत्मा ३७६ वर्षको अन्तर पर्दछ । यसैले फ्लीटको मतअनुसार मानदेव ३८६+३७६ =७६२ का हुँन आउँछन् । सिल्भाँ लेभीले यस संवत्लाई विक्रमभन्दा १६७ वर्षपछि चलेको 'लिच्छविसंवत्' हो भनी मान्दछन् । यो संवत वि.सं.१३५ देखि चलेको शक संवत् हो भन्ने ऐ.शि.बाबुराम आचर्याहरूको मत छ । यसरी ग्रन्थकारै पिच्छे भिन्नाभिन्नै संवत् विषयका कल्पनाले त्यसवेलाको घटनाक्रममा कसरी उल्टो-पुल्टो पर्न गएको होला, सोझै अनुमान गर्न सकिन्छ"(वज्राचार्य,वि.स २०५३,पृ.१६) ।

यसबाहेक के.जी.शङ्करले यसलाई सन् ३४ मा चलेको नयाँ संवत्, शंकरमान राजवंशीले सन् ५६ मा चलेको लिच्छविसंवत् र श्यामसुन्दर राजवंशीले सन् ७६ मा चलेको लिच्छवि संवत् मानेका छन्(रेग्मी,वि.स.२०६०,पृ.६३-६४) । यी विचारहरूले यो संवत्लाई झन विवादास्पद र अन्योलपूर्ण वनाएको छ ।

यस्ता अनेकौ विवाद र छलफलपछि नयराज पन्तले लिच्छविसंवत्को निर्णय नामक पुस्तक प्रकाशित गरे । उनले यस पुस्तकमा यसअघि प्रस्तुत

♣ लिच्छविकालको उत्तरार्द्धदेखि मध्यकाल्भर काठमाडौं उपत्यकामा यस्तो पुरानो (शक) सवत् प्रचलनमा रहेको देखिदेन तर उपत्यका वाहिर भने यो सामान्य प्रचलनमा रहेको देखिन्छ । पोखराको भिमसेन मन्दिरमा रहेको एक पानसमा संवत् १७२१ उल्लेख भएको छ । त्यहाँ रहेका केही समकालीन अभिलेखहरूमा मिति विक्रम संवत्मा पनि लेखिएको छ । यिनको तुलनाबाट यो भिन्न सवत् शक संवत् भएको पुष्टि हुन्छ ।

विचारहरूमा भएका त्रुटि र कमजोरीहरूलाई औल्याउँदै सबैको खण्डन गरे । राष्ट्रिय अभिलेखालयमा रहेको सुमतितन्त्रनामक ग्रन्थमा उल्लेखित संवत् प्रचलन सम्वन्धी विवरण, अंशुवर्माको जीवनकालमा प्रचलित दुईथरि संवत्को विश्लेषण, वेदाङ्गज्योतिषीय गणना र चिनियाँ यात्री युआन च्वाङ्गको लुम्बिनी यात्राको क्रममा अंशुवर्माको भर्खरै मृत्यु भएको जस्ता तथ्यहरूको विश्लेषण गरी उनले यस संवत्लाई 'शक संवत्' हो भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् (पन्त, वि.सं.२०४३,पृ.५५५) । उनको यो निष्कर्षलाई हालसम्म धेरैले मान्दै आएका छन् । इतिहास शिरोमणि बाबुराम आचार्य, रमेशचन्द्र मजुम्दार तथा दिनेशचन्द्र रेग्मीले पनि पनि यसलाई शक संवत् नै स्वीकारेका छन् । त्यसैले मानदेवको चाँगुनारायण अभिलेखमा उल्लेखित संवत् ३८६ लाई सन् ७८वाट वा वि.सं १३५वाट प्रचलनमा आएको शक संवत् मानेर वि.सं ५२१ अर्थात् सन् ४६४ को मान्दै आइएको छ ।

लिच्छविकालका अभिलेखहरूमध्ये चाँगुमा निरपेक्षले राखेको सं ४२७ कात्तिकको अभिलेखमा राजा मानदेवले शासन गरिरहको कुरा उल्लेख भएको छ भने सं ४२७ आषाढ महिनामा पशुपति सूर्यघाटमा विजयावतीले राखेको अभिलेखमा राजा मानदेव हुनुहुन्थ्यो (हाल मृत्यु भयो) भन्ने व्यहोरा लेखिएको छ । एउटै वर्षमा कात्तिकमा जीवित रहेका मानदेवको अषाढमा आइपुग्दा मृत्यु भैसकेको भन्ने कुराले यो संवत् चैत्र महिनाबाट फेरिने संवत् होइन र कात्तिक महिनाबाट फेरिने संवत् हो भन्ने स्पष्ट भएको छ । विचारणीय कुरा के छ भने शक संवत् चन्द्रमास अनुसार चैत्र महिनाबाट फेरिने संवत् हो । त्यसैले यो कसरी शक संवत् भयो भन्ने प्रश्नको चित्त बुझ्दो उत्तर स्वयं नयराज पन्तले पनि दिएका छैनन् । श्यामसुन्दर राजवंशीले यही समस्याको समाधान गर्ने नाममा यसलाई चैत्र महिनामा फेरिने शक संवत् भन्दा १ बर्ष ५ महिना पहिले सुरु भएको कार्तिक महिनादेखि फेरिने 'शाके संवत्' भन्ने तर्क गरेका छन् (राजवंशी,वि.सं.२०६८,पृ.४८)। तर उनले १७ महिनाको अन्तरमा शाके संवत् र शक संवत् नामका दुई अलग संवत् कसरी आरम्भ भए र यी संवत्हरू कहाँ सुरु भै नेपालमा प्रचलनमा आए भन्ने कुरा स्पष्ट गरेका छैनन् । त्यसैले यो विवाद अहिलेसम्म पनि टुङ्गिसकेको छैन । तर बहुसङ्ख्यक विद्वानहरूको तर्कपूर्ण अभिव्यक्तिलाई आधार मानेर हाललाई यो संवत् कात्तिक महिनामा फेरिने शक संवत् मान्दै आइएको छ ।

यसरी नेपालमा सर्वप्रथम प्रयोगमा आएको संवत्लाई शक संवत् मानिएको प्रसङ्गपछि शक संवत् कस्तो संवत् हो ? भन्ने विषयमा

सङ्क्षेपमा चर्चा गर्नु सान्दर्भिक देखिन्छ । शक संवत् भारतमा सन् ७८ मा सुरु भएको र सम्पूर्ण भारतमा प्रचलनमा आएको भारतीय संवत् हो । भारतबाटै यसको प्रचलन नेपाल भित्रिएको हो । भारतको उत्तरप्रदेश र बिहारमा निकै लोकप्रिय बन्न पुगेको यो संवत्को प्रचलन त्यहीबाट नेपालसम्म विस्तार भएको र लिच्छविकालका प्रारम्भिक अभिलेखमा प्रयोग गरिएको देखिन्छ(Sirca,1965, p.265) । तर भारतमा यो संवत् किन र कसले प्रारम्भ गरेको हो भन्ने प्रश्नको उत्तर खोज्न सकिएको छैन । त्यसैले यहाँ शक संवत्को उत्पत्ति र नामकरणको सङ्क्षिप्त इतिहासको चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

सर्वप्रथम भारतको काठिआवाड तथा कच्छबाट प्राप्त पश्चिमी क्षत्रपका शिलालेखहरूमा यो नयाँ संवत्को प्रयोग सुरु भएको पाइन्छ । ती शिलालेखहरूमा संवत् ५२ देखि यो संवत्को प्रयोग भएको पाइन्छ । ५२ देखि १४३ सम्म यो संवत्लाई शिलालेखहरूमा संवत्को नाम उल्लेख नगरी 'वर्षे' अर्थात् वर्ष मात्र लेखेर संवत्को अङ्क उल्लेख गरिएको छ(ओझा,१९७१,पृ.१७२) । त्यसपछिका केही सिक्काहरूमा पनि यो संवत्को प्रयोग भएको छ । संवत् १०० देखि संवत् ३१० सम्मका सिक्काहरूमा संवत् वा वर्ष समेत नलेखी संवत्को अङ्क मात्र लेखिएको पाइन्छ(ओझा,१९७१,पृ.१७२) । सिक्कामा ठाउँको अभावमा यसो गर्नु स्वभाविकै पनि देखिन्छ । यी अभिलेख र सिक्काहरूमा कतै पनि यसलाई शक संवत् भनिएको पाईंदैन । संवत् ४२७ मा पंचसिद्धांतिका नामक संस्कृत ग्रन्थमा यो संवत्लाई पहिलो पटक शक संवत् भनिएको पाइन्छ । संवत् ५०० देखि १२६२ सम्मका भारतका अभिलेखहरूमा पनि यसलाई 'शकनृपतिराज्याभिषेक संवत्सर', 'शकनृपतिसंवत्सर', 'शकनृपसंवत्सर', 'शकनृपकाल', 'शकसंवत', 'शकवर्ष', 'शककाल', आदि नामले सम्बोधन गरी शक राजवंशसँग जोडिएको देखिन्छ(ओझा,१९७१,पृ.१७२) । संवत् सुरु भएको ५०० वर्षपछि मात्र यसलाई शक संवत् भनिएको हुँदा कुन चाँहि शक वंशीय राजाले किन यसको प्रचलन सुरु गरे ? भन्ने कुरा संवत्को प्रयोग कर्तालाई पनि थाहा नहुनु स्वभाविकै थियो । तर भारतमा यसको लोकप्रियता भने निरन्तर बढ्दै गयो । संवत् १२७६को विजयनगरका यादवराज बुक्कराय प्रथमको हरिहरगाँउबाट प्राप्त अभिलेखमा भने पहिलो पटक संवत् लेख्ने क्रममा 'नृपशालिवाहनशक १२७६' उल्लेख गरी यस शक संवत्लाई दक्षिण भारतका प्रसिद्ध राजा शालिवाहनसँग सम्बन्धित गराइएको देखिन्छ (ओझा,१९७१,पृ.१७२) । यसपछिका धेरै अभिलेखमा यो संवत्लाई शालीवाहन (हाल यी राजालाई सातवाहन पनि भनिने) ले सुरु गरेको संवत्का रूपमा उल्लेख गर्न थालिएको देखिन्छ । शालीवाहन वा

सातवाहान दक्षिण भारतको पैठण क्षेत्रमा इ.पू.दोस्रो शताब्दीतिर शासन गर्ने प्रसिद्ध शासक थिए । उनको राजधानी प्रतिष्ठानगर क्षेत्रमा थियो । उनको वंशजहरूले सन् २२५ को आसपाससम्म शासन गरेका थिए । उनीहरूका कुनै पनि अभिलेखहरूमा यो संवत् उनीहरू आफैले चाहि प्रयोग गरेको पाइएको छैन । त्यसैले यो संवत्लाई शालीवाहन वा सातबाहनले नै सुरु गरेका हुन् भन्न सकिएको छैन । यद्यपि भारतमा यस्तो जनविश्वास व्यापक रहेको पाइन्छ । पछिल्लो समयमा भारतीयहरूले यो संवत् शक वंशका 'वेननस्' वा 'अज' जस्ता कुनै राजाले सुरु गरेको हुनसक्ने अनुमान मात्र गरेका छन् । तर वास्तविकता अझै स्पष्ट हुन सकेको छैन । यस संवत्को नाम भने संवत् आरम्भ भएको ५०० वर्षदेखि हालसम्म शक संवत्कै रूपमा सम्बोधन गरिंदै आएको छ । उत्पत्तिको वास्तविकता भारतमै अन्योल रहेको यस संवत्लाई लिच्छविराजाहरूले नेपालमा किन प्रयोग गरे होलान् ? भन्ने प्रश्न भने हालसम्म अनुत्तरित नै रहेको छ । स्मरणीय कुरा के छ भने भारतमा यस संवत्लाई शक संवत्को रूपमा सम्बोधन गर्न थालिएको लगत्तै पछि भने तत्कालीन राजा अंशुवर्माले यसको प्रयोग बन्द गरी नयाँ संवत्को प्रयोग थालनी गरेका थिए । यो विदेशीहरूले प्रचलनमा ल्याएको विदेशी संवत् हो भन्ने थाह हुने बित्तिकै यसको प्रयोग बन्द गरिएको हुन सक्ने अनुमान भने गर्न सकिन्छ । यो संवत्लाई इस्वी संवत्मा बदल्नु परेमा सामान्यतया ७८ र विक्रम संवत्मा बदल्नु परेमा १३५ जोडनु पर्दछ ।

४.३.२ मानदेव संवत्[⊗]

शक संवत् ५१५ (सन्५९३)तिरको[♣] चाँगु अभिलेखबाट शिवदेव प्रथमको सहयोगी वा सह शासकको रूपमा अंशुवर्माको उदय भएको देखिन्छ । उनले

⊗ यो संवत्को नामका विषयमा निकै विवाद रहेको छ । यसलाई विभिन्न विद्वानहरूले अनेकौ नाम दिएका छन् । यसलाई नेपालमा चलेको मौलिक 'लिच्छवि संवत्' भन्ने चलन पनि छ । यहाँ नयराज पन्तले उल्लेख गरे अनुसार 'मानदेव संवत्' नाम दिइएको हो ।

♣ चाँगुनारायणबाट प्राप्त शिवदेव र अंशुवर्माले संयुक्तरूपमा राखेको यो अभिलेखमा मिति पढ्न सकिएको छैन । धनवज्र वज्राचार्यले यो अभिलेख शक संवत् ५१५ तिरको हुनपर्छ भन्ने अनुमान गरेका छन् हेर्नुहोस् : लिच्छविकालका अभिलेख(२०५३)को पृ२३६ ।

शिवदेव प्रथमसँग संयुक्त शासन गर्दासम्म अभिलेखहरूमा शक संवत् नै प्रयोग गरेका थिए । यस्तो अन्तिम संयुक्त अभिलेख शक संवत् ५२६(सन्६०४) को लेलेको अभिलेख हो । जसमा शिवदेव र अंशुवर्मा दुवैको नाम उल्लेख भएको छ । यसपछि अंशुवर्माले आफ्नो नाममा मात्र कुँदाएको वुङ्मतिको अभिलेखमा भने पहिलो पटक एक नयाँ संवत्को प्रयोग गरेका छन् । स्वतन्त्ररूपमा श्री महासामन्तको पद सहित देखा परेका अंशुवर्माले यस अभिलेखमा एकै पटक सं २९ लेखाएका छन् । अर्थात् २९ वर्ष पहिले सुरु भएको कुनै संवत्लाई पहिलो पटक अंशुवर्माले आफू स्वतन्त्र शासक भएपछि प्रयोगमा ल्याएका छन् । यसपछि निरन्तर रूपमा अंशुवर्मा र लिच्छवि वंशका सबै राजाहरूले अभिलेखमा यही संवत्लाई निरन्तरता दिएको देखिन्छ । २९बाट सुरु भएको यो संवत् जयदेव द्वितीयको पशुपति अभिलेखमा प्रयोग भएको संवत् १५७ सम्म निरन्तर रूपमा प्रचलनमा रह्यो । यसपछिका केही सङ्क्षिप्त अभिलेखहरूमा पनि यही संवत् प्रयोग भएको देखिन्छ । चाँगुनारायण स्थानमा प्राप्त एक अभिलेलमा यही 'संवत् २७१' को प्रयोग भएको छ (वज्राचार्य, वि.सं.२०५३,पृ.५९५)। हस्तलिखित ग्रन्थहरूमा भने यो संवत् मध्यकालमा नेपाल संवत्को सुरु नहुँदासम्म निरन्तर चलिरहेको देखिन्छ❖ । यसरी करिव ३०० वर्षसम्म निरन्तर प्रयोगमा आएको संवत्मा कतै पनि संवत्को नाम उल्लेख नहुँदा यो कुन संवत् हो ? यसलाई कहिले कसले प्रचलनमा ल्यायो ? भन्ने विषय निकै समयसम्म विवाद र वहसको विषय वन्न पुग्यो । यस्तो विवादको विषयमा दिनेशचन्द्र रेग्मी लेख्दछन् :

> आरम्भमा यस संवत्लाई "भगवानलाल इन्द्राजी, जे.एफ.फ्लीट र आइ.जी.वासक ले सन् ६०६ देखि चलेको हर्ष संवत् भने । सिल्वाँ लेवीले सन् ५९५ देखि चलेको तिव्वती संवत् र के.पी जयसवाले ठकुरी संवत् भने । के.जी शङ्करले यसलाई सन् ५३८ देखि चलेको यशोधर्म संवत् भने । आर.सी मजुमदारले शकसंवत्को ५०० वर्ष पछि एकदेखि गनिएका वर्ष भएको विचार व्यक्त गरे । बालचन्द्र शर्माले सन् ५७१ देखि चलेको ठकुरी संवत् भने । यसै गरी हितनारायण झाले सन् ५७४ देखि चलेको अंशुवर्मा संवत् भने ।

❖ राष्ट्रिय अभिलेखालयमा प्रदर्शनमा राखिएको स्कन्द पुराण नामक ताडपत्र ग्रन्थमा प्रयोग भएको सवत् २३४ लाई अभिलेखालयको *स्याप्सनमा* यही संवत् भनिएको छ । सोही ठाउँमा रहेको र लिच्छविकालका अभिलेखमा (पृ५९९)मा प्रकाशित 'सहोत्तरतन्त्र' नामक ताडपत्र ग्रन्थको उपसंहारमा पनि सं ३०१ लेखिएको छ। यसलाई पनि यही संवत् मानेर धनवज्रले नेपाल सवत् सुरु हुनुभन्दा ३ वर्ष पहिले लेखिएको ग्रन्थ भनेका छन् ।

> सुरुमा शंङ्करमान राजवंशीले सन् ५५२मा चलेको अंशुवर्मा संवत् र श्यामसुन्दर राजवंशीले सन् ७६मा उठेको संवत्को ५०० वर्ष पुगेपछि एकदेखि गनिएका वर्ष भएको बताएका थिए" (रेग्मी,वि.सं.२०६०,पृ.६५) ।

माथि उल्लेख गरिएका विचारहरू विभिन्न कारणले सर्व स्वीकार्य हुन सकेका छैनन् । अंशुवर्माले शिवदेव प्रथमका साथमा शासन गर्नेवेला राखेका अभिलेखमा प्रयुक्त ५१६ देखि ५२६ सम्मका संवत्लाई शक संवत् मान्दा अंशुवर्मा शिवदेवका सह-शासक रहेको समय सन् ५९४ देखि सन ६०४ सम्म हुन आउँछ । यसपछि मात्र उनी स्वतन्त्र शासक भएका हुन् । त्यसैले उनी स्वतन्त्र शासक भएको देखाउने संवत् २९ सन् ६०४ भन्दा पछिको हुनु अनिवार्य हुन्छ । यसरी हेर्दा धेरैजसो विद्वानका माथि उल्लेखित विचारहरू स्वतह खण्डित हुन पुग्दछन् । सं.२९ लाई के.जी. शङ्करले भने अनुसार यशोधर्म संवत् मान्दा (५३८+२९) सन् ५६७ हुन आउँछ । वालचन्द्र शर्माले भने अनुसार ठकुरी संवत् मान्दा (५७१ +२९) सन् ६०० हुन आउँछ । हितनारायण झाले भने जस्तो अंशुवर्मा संवत मान्दा (५७४+२९) सन् ६०३ हुन आउँछ । र शंकरमान राजवंशीले भने जस्तो अंशुवर्मा संवत् मान्दा (५५२+२९) सन् ५८१ मात्र हुँन आउँछ । सन् ६०४ सम्म शिवदेवका सह-शासक रहेको प्रमाणित भैसकेको अंशुवर्मालाई त्यसअघि नै स्वतन्त्र शासक थिए भन्ने देखाउने माथिका तर्कहरू स्वतः खण्डित हुने हुँदा यी विचारहरू स्वीकार्य हुन नसकेका हुन् । शक संवत् ५०० पुगेपछि १ देखि गन्न सुरु गरिएका वर्षहरू भन्ने मजुमदार र श्यामसुन्दरका तर्कलाई ५२६ तथा ५३६ सम्मका अभिलेखहरूले स्वतः कमजोर पारिदिएका छन् ।

यो संवत्लाई हर्ष संवत् र तिब्वती संवत् मान्ने तर्कहरूले निकै लामो समयसम्म भ्रम पैदा गर्न सफल भए । तर पछिल्लो खोजहरूले यी तर्कमा पनि सत्यता नभएको पुष्टि भएको छ । चिनियाँ यात्री युवान च्वाङ्ग ले आफ्नो यात्रा वृत्तान्तमा नेपालका राजाको विषयमा वर्णन गर्दै 'हालै त्यहाँ (नेपालमा) बल तथा आफ्ना विद्या र चातुर्य तथा व्यक्तित्वले चिनिएका अंशुवर्मा भन्ने राजा थिए' भनेका छन्(पन्त,वि.सं.२०४३,पृ.२१६) । यसबाट युवान च्वाङ्गले अंशुवर्माको सन्दर्भमा 'हालै' र 'थिए' भन्ने शब्दको प्रयोग गरेको हुँदा उनी भारत तथा नेपालको लुम्विनी क्षेत्रको भ्रमण गर्ने समयमा अंशुवर्माको भर्खरै मृत्यु भैसकेको देखिन्छ । नयराज पन्तले उनको यो भ्रमण सन् ६३७ (वि.सं. ६९४) मा भएको बताएका छन् (पन्त,वि.सं.२०४३,पृ.२१७) । यस तथ्यबाट सन् ६३७ अगावै अंशुवर्माको मृत्यु भएको पुष्टि हुन्छ । नेपालका लिच्छवि

अभिलेखहरूमध्ये टुण्डिखेलको एक अभिलेखमा संवत् ४५ सम्म अंशुवर्माले शासन गरिरहेको भन्ने व्यहोरा उल्लेख गरिएको छ । यो संयत्लाई हर्ष संवत् मान्दा (६०६+४५) सन् ६५१ हुन आउँछ । अर्थात् सन् ६५१ सम्म अंशुवर्मा जीवित रहेको भन्ने हुन्छ । यो कुराले युवान च्वाङ्गको भ्रमणको १४ वर्ष पछिसम्म अंशुवर्मा जीवित थिए भन्ने मान्नुपर्छ जुन कुरा कुनै हालतमा सत्य देखिदैन । त्यसैले यो हर्ष संवत् हुन नसक्ने देखिन्छ ।

यो संवत्लाई सन् ५९५ मा चलेको तिब्बती संवत् मान्दा पनि नरेन्द्रदेवको शासनकालको आरम्भको मितिसँग तालमेल नमिल्ने देखिएको छ । सन् ६४५ मा नेपालको भ्रमण गर्ने वाङ् युन्चे त्यसवेला नेपालमा नरेन्द्रदेव राजा भएको वताएका छन् । अभिलेखमा संवत् ६७ उल्लेख भएको भन्सार चोकको अभिलेखमा मात्र पहिलो पटक नरेन्द्रदेवले राजगद्दी फिर्ता लिएर राजा भएको बताएको छ । यसलाई तिब्बती संवत् मान्दा (५९५+६७) सन् ६६२मा मात्र नरेन्द्रदेव राजा भएको देखिन्छ । जबकि यसको १७ वर्ष अघिनै नरेन्द्रदेवले राज्यगरिरहेको विवरण वाङ् युन्चेले बताएका छन् । यसबाट यो तिब्बती संवत् पनि होइन रहेछ भन्ने देखिन्छ । यसरी सबैका तर्कहरू अप्रमाणित हुँदै गएको अवस्थामा नेपालमै लेखाएको सुमतितन्त्रनामक एक हस्तलिखिति ग्रन्थमा यो संवत्लाई पहिचान गर्ने रहस्य लुकेको कुरा पण्डित नयराज पन्तले पत्ता लगाए । सोही ग्रन्थले गरेको सङ्केत र बेदाङ्ग ज्योतिषशास्त्रको अधिकमास गणना सम्बन्धी गणितीय विश्लेषण गर्दै नयराज पन्तले 'लिच्छवि संवत्को निर्णय' नामक पुस्तक लेखेर आफूले यो संवत्को पहिचान गरेको स-प्रमाण व्याख्या गरेका छन् । उनको भनाई र तर्कलाई हालसम्म अधिकांश इतिहासकारले विश्वास गरेका छन् । इतिहासका पुस्तकहरूमा उनकै निष्कर्ष अनुसारको तिथि मिति उल्लेख गर्ने गरिएको छ ।

नयराज पन्तको निष्कर्ष अनुसार अंशुवर्माले प्रचलनमा ल्याएको यो संवत् शक संवत् ४९८ (तदअनुासर सन् ५७६ अक्टोवरमा अथवा वि.सं. ६३३ कात्तिक) मा आरम्भ भएको 'मानदेव संवत्' हो । यो संवत् अंशुवर्मा स्वतन्त्र शासक भएर अभिलेख राखेको वर्षभन्दा २९ वर्षअघि नै सुरु भैसकेको थियो । शिवदेव प्रथम राजा हुँदासम्म यो, संवत् निस्कृय रहेको थियो । २९ वर्षपछि अर्थात् (५७६+२९) सन् ६०५ देखि अंशुवर्माले यसलाई सक्रिय बनाई प्रचलनमा ल्याएका मात्र हुन् । यसबाट सन् ६०४ (शक संवत् ५२६)सम्म शिवदेव र अंशुवर्माको संयुक्त शासन चलेको र सन् ६०५ (मानदेव संवत

२९)देखि अंशुवर्मा स्वतन्त्र राजा भएको देखिन्छ । जुनकुरा धेरै दृष्टिकोणले सत्य देखिन्छ ।

यसलाई सन् ५७६ (शक संवत् ४९८)मा सुरु भएको मानदेव संवत् नै हो भन्ने कुराको प्रमाण स्वरूप नयराज पन्तले सुमतितन्त्रको मूल वाक्य र पछि थप गरिएका वाक्यहरू, यही संवत्को १०७९ मा सारिएको हरिवंश नामक हस्तलिखित ग्रन्थको पुष्पिका वाक्य र भोटमा स-सक्य-पान-चेन(वि.सं.१२३९-१३०८)को समयमा प्रचलित विश्वासलाई मुख्य आधार मानेका छन् । अब यी सामग्रीहरूमा उल्लेख भएका तथ्यहरूका विषयमा चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

सुमतितन्त्र ग्रन्थ एउटा ताडपत्रमा भूँजिमोल लिपिको प्रयोग गरी लेखिएको हस्तलिखित ग्रन्थ हो । ज्योतिष विषय वर्णन गरिएको यो ग्रन्थको रचना नेपाल उपत्यका मै सन् ५७६ देखि सन् ८७९ को बीचमा भएको कुरा नयराज पन्तले बताएका छन् । यसको सन् १३७४ मा सारिएको एक प्रति नेपाल राष्ट्रिय अभिलेखालयमा र सन् १३५५ मा सारिएको एक प्रति ब्रिटिश म्युजियममा रहेको छ(पन्त,वि.सं.२०४३,पृ.१२१-१२३) । १५२ पृष्ठको यस ग्रन्थमा दुई थरिका हस्तलिपि प्रयोग भएको छ । यस ग्रन्थको मूल वाक्यमा स्पष्टसँग "....त्यसपछि ४९८ वर्षसम्म शक राजाको संवत् चल्ने छ " भनिएको छ र काकपाद दिई माथि थप गरिएको एक वाक्यमा " त्यसपछि (शकसंवत ४९८ पुगेपछि) ३०४ वर्षसम्म मानदेवको संवत् चल्ने छ" भन्ने वाक्य लेखिएको छ पन्त,वि.स.२०४३,पृ २२३) । हरिवंश नामक हस्तलिखित ग्रन्थ सारी सकेपछि पुष्पिका वाक्यमा यो पुस्तक सारिएको मिति विभिन्न संवतमा दिइएको छ । जसमा यो ग्रन्थ सारी सकिएको मिति कलिगत संवत्४७५६, विक्रम संवत् १७१२, शकसंवत् १५७७, मानदेव संवत् १०७९ र नेपाल संवत् ७७५ हो भनी उल्लेख गरिएको छ(पन्त,ऐ.पृ.४) । यसबाट पनि शक संवत् ४९८ (सन् ५७६) र वि.स ६३३ मा यो मानदेव संवत् सुरु भएको हो भन्ने पुष्टि हुन्छ* । त्यसबाहेक लुसियानो पेटेकले ***इष्ट एण्ड वेस्ट*** नामक जर्नल (वर्ष १९६१, अङ्क १२ संख्या ४, पृ.२२७-२३२)मा *"द क्रोनोलजी अफ द अर्लि इन्सक्रिप्सन्स अफ नेपाल"* नामको निबन्ध प्रकाशित गरेका थिए । यसमा उनले वि.सं. ६३३ (सन् ५७६)मा नेपालमा नयाँ संवत् चल्यो भन्ने परम्परा भोटमा छ । त्यहाका स-सक्य-पान- चेन(वि.सं.१२३९-१३०८)ले यही परम्परालाई आधार मानी काल गणना

* शक सवत् १५७७ - ४९८ = मानदेव १०७९ हुन्छ ॥ त्यस्तै वि.स १७१२- ६३३ = मानदेव १०७९ । त्यसैले यहाँ उल्लेख गरिएको मानदेव सवत शक सवत् ४९८ मा , वि.सं ६३३ र सन् ५७६ मा सुरु भएको हो भन्ने पुष्टि हुन्छ ।

गरेका थिए भन्ने कुरा बताएका छन् (उधृत:पन्त,वि.सं. २०४३,पृ.६) । यसरी सन् ५७६ अर्थात् वि.सं. ६३३ मा नेपालमा नयाँ संवत् सुरु भएको देखिएको र लिच्छवि अभिलेखमा २९ देखि प्रयोगमा ल्याइएको संव्तलाई यही मानदेव संवत् मान्दा अंशुवर्माका जीवनकाल र लिच्छविकालका पछिल्ला अभिलेखमा उल्लेखित तिथि मितिसँग राजाहरूको वंशक्रम पनि मिल्न आएको हुँदा यसलाई अधिकांश विद्वानहरूले मानदेव संवत् स्वीकार गरेका हुन् ।

यो संवत्को नामका विषयमा भने अझैसम्म स्पष्ट हुन सकिएको छैन । चाँगुनारायण स्थानमा अभिलेख राख्ने मानदेवसँग उनको शासनकालको शताब्दीभन्दा धेरैपछि सुरु भएको यो संवत्को कुनै सम्वन्ध रहेको देखिदैन । शिवदेव प्रथम र अंशुवर्मा शासनमा उदय हुनुपूर्व नै यो संवत् सुरु भैसकेको देखिन्छ । शक संवत् ४८९ (सन् ५६७) मा राजा गंगादेवले राज्य गरेको कुरा उनको चपली गाउँमा प्राप्त अभिलेखबाट थाहा पाइन्छ । यसपछि एकै पटक शक संवत् ५१२ (सन् ५९०)मा शिवदेव प्रथम राजा भएको देखिने अभिलेख विष्णुपादुका फेदीबाट पाइएको छ । त्यसैले सन् ५६७ देखि सन् ५९० बीचको २३ वर्षसम्म नेपालमा को राजा थियो भन्ने समेत थाहा पाउन सकिएको छैन । यस अवधिमा व्यक्ति विशेषले राखेका केही अभिलेख पाइएका छन् । तर तिनमा पनि राजाको नाम उल्लेख गरिएको छैन । यस वीचमा कुनै दोस्रो मानदेव राजा भएको र उनैले यो संवत् चलाएको जस्तो सङ्केत सुमतितन्त्र र हरिवंश ग्रन्थको पुष्पिका वाक्यले दिएका छन् । तर त्यसको पुष्टि गर्ने अभिलेखीय प्रमाण प्राप्त हुन सकेको छैन । केवलपुरबाट प्राप्त धुवदेव र जिष्णुगुप्तको एक अभिलेखमा" भट्टारक महाराज श्री वसुराज, श्री महीदेव, श्री मानदेव, श्री गणदेव, हाम्रा बाजे श्री भूमगुप्त आदि हाम्रा मान्य अधिका राजाहरूले.." भन्ने वाक्य उल्लेख गरिएको छ (वज्राचार्य,वि.स. २०५३,पृ.४१५) । यस अभिलेखमा जिष्णुगुप्तले प्रथम मानदेवका नाति महिदेवपछि लिच्छविकालमा अर्का एक मानदेव राजा भएका थिए भन्ने सङ्केत गरेको जस्तो देखिन्छ । यदि यो २३ वर्षको वीचमा मानदेव द्वितीय नामका अर्का राजा भएको भए उनैले यो संवत् चलाएको र उनकै नामवाट यो संवत्लाई मानदेव संवत् भन्न थालिएको हुन सक्ने अनुमान भने गर्न सकिन्छ । के कारणवाट यो संवत्को प्रचलन सुरु भयो भन्ने प्रश्न भने अझैसम्म अनुत्तरित नै रहेको छ ।

४.३.३ नेपाल संवत् :

नेपालका अभिलेख र पुरालेखन सामग्रीहरूमा अत्यधिक प्रयोग भएको संवत नेपाल संवत् पनि हो । मध्यकालको आरम्भसँगै यहाँ एक नयाँ मौलिक

संवत्को प्रचलन सुरु भएको थियो । यसलाई सुरुमा संवत् मात्र लेख्ने गरिएकोमा विस्तारै 'नेपाल संवत्' भन्न थालिएको र हालसम्म यही नामले सम्बोधन गर्ने गरिएको देखिन्छ । यो संवत् मध्यकालभरि नै सम्पूर्ण अभिलेख, हस्तलिखित सामग्री एवं तत्कालीन सिक्काहरूमा समेत एकछत्ररूपले प्रचलनमा रहेको थियो । उपत्यकाका तीनवटै मल्लराजाहरूले यसलाई सरकारी अभिलेख तथा सन्धिपत्रहरूमा समेत प्रचलनमा ल्याएर राष्ट्रिय संवत्कै रूपमा प्रयोग गर्दै आएका थिए । नेपालको एकीकरण पश्चात गोरखा राज्यसँग मल्लहरू पराजित भएपछि यो संवत्को प्रचलनमा पनि कमी आयो । नेपालमा विस्तारै विक्रम संवत्को प्रचलन बढ्दै गयो । काठमाडौँका नेवार समुदायले भने आजसम्म पनि आफ्नो संस्कृतिक पर्व एवं उत्सवहरूमा यही नेपाल संवत्को प्रयोग गरिरहेको देखिन्छ ।

नेपाल संवत् उल्लेख भएका मध्यकालीन अभिलेखहरूमा वर्षका साथसाथै तिथि नक्षत्र बार आदिको पनि उल्लेख भएको छ । डा.कीलहर्नले ती शिलालेख र हस्तलिखित ग्रन्थमा यस संवत्का साथमा दिइएको महिना, पक्ष, तिथि, बार र नक्षत्रहरूको गणितीय विश्लेषणबाट यो संवत् सन् ८७९ अक्टोबर २० तारिखमा तदअनुसार चैत्रादि विक्रम संवत् अनुसार ९३६ कात्तिक शुक्ल १ (प्रतिपदा तिथि)मा सुरु भएको निश्चय गरेका छन् (ओझा,वि.सं.१९७१ ,पृ.१८१) । चन्द्रमासमा आधारित यो संवत्का अछला, बछला, तछला, थिँला, गुँला, यँला जस्ता आफ्नै नेवारी नामका १२ महिनाहरू रहेका छन् । हरेक वर्ष कात्तिक महिनाको शुक्ल प्रतिपदाको दिनदेखि यो संवत्को नयाँ वर्ष आरम्भ हुने गर्दछ । नेपालमा उत्पत्ति भएको यो दोस्रो संवत् हो । नेपालमै सुरु भएको पहिलो मानदेव संवत्लाई यही नेपाल संवत्ले विस्तापित गरेको देखिन्छ । यसको आरम्भपछि काठमाडौंमा यसअघि चलेका शक संवत् र मानदेव संवत्को प्रचलन भएको पाइदैन । नेपालमा प्रयोग भएका संवत्हरूमध्ये सबैभन्दा धेरै कालसम्म निरन्तर चलेको संवत् पनि यही हो । जयवर्मनको [illegible] अभिलेखलाई छाडेर नेपालमा शक संवत् निरन्तर रूपमा चलेको ३८१ देखि ५२६ सम्म मात्र हो । त्यसैले यो करिब १४५ वर्ष मात्र प्रचलनमा रह्यो । यसपछिको मानदेव संवत् करिब २७४ वर्षसम्म मात्र प्रचलनमा रह्यो । किनभने यो संवत् २९ देखि मात्र नेपालमा प्रचलनमा आएको थियो र [illegible] सम्म मात्र अधिक प्रचलनमा रहेको थियो । नेपाल संवत् भने नेपाल एकीकरण नहुँदासम्म अर्थात् करिब ८८९ वर्षसम्म सरकारी संवत्कै रूपमा र त्यसपछिका करिब २४५ वर्षसम्म नेवार समुदायको संस्कृतिक [illegible] निरन्तर चलिरहेको छ ।

यसरी हजारौं वर्षसम्म हजारौं अभिलेख र पुरालेखन सामग्रीहरूमा प्रयोग हुँदै आएको नेपाल संवत्‌को सुरुवात कसले किन गरेको हो ? भन्ने प्रश्नको चित्त बुझ्दो र प्रमाणिक जवाफ भने हालसम्म पाउन सकिएको छैन । विगत लामो समयदेखि विभिन्न इतिहासकारहरूले अनेक अड्कल गर्ने गरेका छन् । पछिल्लो समयमा अप्रमाणित भैसकेका धेरै थरिका विचार वा अनुमानहरूलाई यहाँ दोहोऱ्याउन उचित ठानिएको छैन । यस सम्बन्धमा हालसम्म धेरै जनालाई प्रभावित पार्ने मुख्य दुई थरी विचारहरूको यहाँ चर्चा गर्नु आवश्यक ठानिएको छ ।

काठमाडौं उपत्यकामा बसोबास गर्ने र नेपाल संवत्‌लाई हालसम्म पनि निरन्तर प्रयोग गर्दै आएका नेवार समुदायले भावनात्मरूपले स्वीकार गरिआएको 'विश्वास' अनुसार शङ्खधर शाख्वा नामका (शुद्र जातका) तत्कालीन एक व्यापारीले अप्रत्यासितरूपले आर्जन गरेको धनको प्रयोग गरी सबै जनतालाई ऋणबाट मुक्त गरिदिएको अवसरमा यो संवत् प्रचलनमा आएको हो भन्ने रहेको छ । यस्तो विश्वासको मुख्य आधार मध्यकालको पछिल्लो समयमा लेखिएका केही भाषा वंशावलीहरूको भनाई हो । यस्ता केही वंशावलीहरूले शुभ मुहूर्तमा विष्णुमतिबाट ल्याएको बालुवा सुनमा परिणत भएपछि यही सुनले जनताको ऋण तिरिदिएको घटना विवरणहरू दिएका छन् । वंशावलीका यी कथनहरूबाट पशुपति क्षेत्रमा रहेको, हातमा शङ्ख लिएको एक शालिकलाई शङ्खधरको शालिक ठान्ने र पशुपति नजिकको शिनामंगल क्षेत्रमा रहेको एक प्रस्तरलाई शङ्खधरले ऋणमुक्त गर्दा जम्मा पारेका तमसुक बराबरको तौल भएको तथा उनैले स्थापना गरेको प्रस्तर ठान्ने परम्पराको पनि विकास भएको देखिन्छ । जनभावनाको कदर गर्दै हाल नेपाल सरकारले शङ्खधर नामका यी काल्पनिक पात्रलाई राष्ट्रिय विभूति घोषणा गरेको छ । हाल उनका शालिकहरू निर्माण गर्ने क्रम तीव्र भएको हुँदा यो विश्वास अझै बढिरहेको छ । तर ऐतिहासिक तथ्यका हिसाबले यो विश्वास निकै कमजोर रहेको छ । अभिलेखीय वा पुरातात्त्विक प्रमाणहरूले शङ्खधरको ऐतिहासिकता पुष्टि नहुँनु, बालुवा सुन बनेको विवरणहरू वैज्ञानिक दृष्टिले विश्वास योग्य नहुनु, शङ्खधरको विषयमा वर्णन गर्ने वंशावली नेपाल संवत् स्थापना भएको हजारौं वर्षपछि मात्र किंवदन्तीका आधारमा रचना गरिनु र वंशावलीहरूले उक्त घटनाको समयमा भक्तपुरमा आनन्द मल्ल र काठमाडौंमा जयदेव मल्ल राजा भएको बताएकोमा ती राजा नेपाल संवत् सुरु भएको शताब्दीयौं पछिका मात्र थिए भन्ने पुष्टि भएको हुँदा यो संवत्‌को निर्माता शङ्खधर हुन् भनी विश्वास गर्न निकै कठिन हुन गएको छ ।

दोस्रो विचार आरम्भिक मध्यकालमा अर्थात् नेपाल संवत् सुरु भएको निकट समयमा रचना गरिएका केही वंशावलीहरूका भनाइमा आधारित छ । लुसियानो पेटेकले प्रकाशित गरेको वंशावलीमा, केशर वंशावलीमा, र कमलप्रकाश मल्लले प्रकाशित गरेको नेपाल वंशावलीमा समेत राघवदेव नामका राजाले नयाँ संवत् चलाएको विवरण दिएका छन् (रेग्मी,२००१,पृ.१४-१५) । यी वंशावलीमा राघवदेवद्वारा 'पशुपतिनाथ'मा संवत् चलाइयो भन्ने आशय पनि व्यक्त गरिएको छ (ऐजन) । यी वंशावलीमा उल्लेख भएका नयाँ संवत्‌का प्रवर्तक राजा राघवदेव नेपाल संवत्‌को आरम्भ भएको वर्ष सन् ८७९मा नेपालको राजा थिए भन्ने पनि परोक्षरूपमा ऐतिहासिक प्रमाणहरूले पुष्टि गरेका छन् । मानदेव संवत् ३०१ (सन् ८७७) मा लेखिएको सहोत्तरतन्त्रको उपसंहार खण्डमा त्यसवेला नेपालमा मानदेव नामका राजा भएको कुरा उल्लेख गरिएको छ (वज्राचार्य,वि.स.२०५३,पृ.५९९)। विजयदेव(जयदेव द्वितीयका छोरा) पछिका शासकहरू बारेमा सर्वसाधारणद्वारा राखिएका अभिलेख, हस्तलिखित ग्रन्थ, वंशावली आदिबाट क्रमशः गणदेव, मानदेव तृतीय, वलिराज, बलदेव, मानदेव चतुर्थ(इ.सं.८७७)अनि राघवदेव(इ.सं.८७९) राजा भएको देखिन्छ (चालिसे,२००२,पृ.१५२) । यसको ४० वर्षपछि नेपालमा शंकरदेव राजा भएको कुरा ने.सं.४०(सन् ९२०)मा लेखिएको प्रज्ञापारमिता नामक ग्रन्थको पुष्पिका वाक्यबाट थाहा पाइन्छ, जनु राघवदेवकै छोरा थिए (चालिसे,२००२,पृ.१५३१५५) । यसरी सन् ८७७ मा मानदेव राजा भएको र सन् ९२० मा उनैका नाति शंकरदेवले शासन गरिरहेको देखिन्छ । यस आधारमा नेपाल संवत्‌को आरम्भको वर्ष मानदेवका छोरा र शकरदेवका पिता राघवदेव नै राजा भएको हुनसक्ने संभावना प्रवल देखिन्छ । यस कुरालाई विचार गर्दा राघवदेवले नयाँ संवत् चलाए भन्ने वंशावलीको भनाइ विश्वास योग्य देखिन्छ । यही समयमा चलेको हुँदा राघवदेवले चलाएको नयाँ संवत् नेपाल संवत् नै थियो भन्ने पनि स्वतः पुष्टि हुने देखिन्छ ।

हाल यो संवत् नेपाल संवत्‌को नामले प्रचलित रहेको तर वंशावलीहरूले राघवदेवले चलाएको संवत्‌लाई कतै 'ताम्बुल' र कतै 'पशुपतिभट्टारक' जस्ता नाम दिएको हुँदा यो विषय अझै अन्योलपूर्ण रहेको देखिन्छ । हालसम्म प्राप्त तथ्यअनुसार यो संवत्‌लाई १४८ वर्षपछि मात्र नेपाल संवत् नाम दिइएको पाइएको छ(रेग्मी,२००१,पृ.१६)। त्यसैले आरम्भमा यसको नाम भिन्दै रहेको पनि हुनसक्ने सम्भावना रहेको देखिन्छ । राघवदेवले किन यो संवत् चलाए भन्ने विषयमा पनि स्पष्ट उत्तर पाउन सकिएको छैन । हाललाई नववर्ष आरम्भको अवसरमा नेवारहरूले गर्ने म्ह पूजाको परम्परा र वंशावलीले यस संवत्‌संग

पशुपतिलाई जोडेको तथ्यका आधारमा डिल्लीरमण रेग्मीले कुनै महामारीपछि राघवदेवले पशुपतिमा ठूलो यज्ञ गरेको अवसरमा यो संवत् सुरु भएको अनुमान गरेका छन्(उधृत: चालिसे,२००२,पृ.१५६) । यही अनुमानलाई धेरैले विश्वास गरिआएको पाइन्छ । उत्पत्तिको कारण जेसुकै भए तापनि नेपालका मध्यकालीन सम्पूर्ण अभिलेख, समकालीन सम्पूर्ण हस्तलिखित ग्रन्थहरू र सिक्काहरूमा समेत यही संवत्को प्रयोग गरिएको हुँदा नेपाली पुरालेखनको अध्ययनका दृष्टिले यसको महत्त्व ज्यादै ठूलो रहेको छ ।

४.३.४ विक्रम संवत्

पछिल्लो समयका कतिपय अभिलेखहरू र हस्तलिखित सामग्रीहरूमा विक्रम संवत्को पनि प्रयोग भएको पाइएको छ । उपत्यका बाहिर १८ औं शताब्दी वा त्योभन्दा पहिलेदेखि विक्रम संवत्को प्रयोग हुँदै आएको थियो । काठमाडौं उपत्यकामा भने नेपाल एकीकरणपछि मात्र यसको प्रचलन सुरु भएको देखिन्छ । सुरुमा लिच्छविकालमा प्रयुक्त पहिलो संवत्लाई विक्रम संवत् हो कि ? भन्ने भ्रम पैदा भएको थियो । तर पछि यो शक संवत् भएको पुष्टि भएपछि यो भ्रमको निवारण भयो । लिच्छविकाल र सिङ्गो मल्लकाल भर प्रचलनमा नआएको विक्रम संवत् एकीकरणपछि नेपालमा प्रयोग गर्न थालिएको थियो । त्यस वेलादेखि हालसम्म यही संवत् आम प्रचलनमा रहिरहेको छ । यो भारतमा उत्पत्ति भै निकै लामो समय पश्चात् नेपालमा प्रचलनमा ल्याइएको विदेशी संवत् हो ।

भारतमा दुई किसिमका विक्रम संवत्हरू प्रचलनमा आएका थिए । पहिलो इशापूर्व ५७ मा प्रचलनमा ल्याइएको विक्रम संवत् हो । यसलाई मालव संवत् समेत भनिन्छ । दोस्रो सन् १०७६ मार्च ९ देखि प्रचलनमा आएको चालुक्य विक्रम संवत् (Sircar,1965,p.303) हो । यी दुई मध्ये चालुक्य विक्रम संवत् भारत कल्याणपुरका चालुक्य वंशका राजा विक्रमादित्य छैटौंले त्यसवेला प्रचलनमा रहेको शक संवत्लाई हटाएर आफ्नै नामको विक्रम संवत् चलाएका थिए(ओझा,१९७१,पृ.१८१)। पुरानो विक्रम संवत्बाट अलग देखाउन भारतमा यो संवत्लाई अभिलेखहरूमा 'चालुक्य विक्रमकाल' अथवा 'चालुक्य विक्रमवर्ष' आदि लेख्ने गरेको पाइन्छ । तर भारतमै पनि यो संवत् करिब १०० वर्ष मात्र प्रचलनमा रह्यो । संवत् ९४ नै यस संवत्को अन्तिम उदाहरण पाइएको छ (ओझा,१९७१,पृ.१८१) । त्यसपेछि यसको प्रचलन पूर्णरूपले हराएको देखिन्छ । त्यसैले यो विक्रम संवत् नेपालसम्म आइपुगेन । यहाँ प्रचलनमा

रहेको विक्रम संवत् पहिलो अर्थात् मालव विक्रम संवत् हो । त्यसैले यहाँ मालव विक्रम संवत्को विषयमा मात्र परिचय प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ ।

यस संवत्को विषयमा भारतमा प्रचलित विश्वासअनुसार 'मालव'का राजा विक्रम या विक्रमादित्यले शकहरूलाई पराजित गरेर आफ्नो नामको यो विक्रम संवत् प्रचलनमा ल्याएका हुन् । तर यस नाम गरेका राजाको ऐतिहासिकता पुष्टि हुन नसकेको हुँदा यस्तो प्रसिद्ध संवत्को निर्माता र निर्माणको कारण अहिलेसम्म पनि अन्योलपूर्ण रहेको छ । भारतमा प्राप्त अभिलेखहरूमा यस संवत्लाई सुरु सुरुमा 'मालव गणले प्रचलित गरेका वर्ष', 'कृत वर्ष' , 'मालवहरूको गणको स्थितिबाट' 'मालव जातिका राजाहरूको वर्ष' आदि शब्दहरूका साथमा मात्र संवत्को अङ्क लेख्ने गरिएको पाइन्छ(ओझा,१९७१,पृ.१६६) । त्यसैले सुरुमा यसलाई विक्रम संवत् नभनी मालवहरूको संवत्को रूपमा मात्र सम्बोधन गरिएको देखिन्छ । संवत् सुरु भएको ८९८ वर्षपछि भारतको धौलपुरबाट प्राप्त चंडमहासेनको अभिलेखमा पहिलो पटक यस संवत्लाई विक्रम संवत् भनिएको छ (ओझा,१९७१,पृ.१६५) । यस समयदेखि हालसम्म यसलाई निरन्तर विक्रम संवत् भन्दै आइएको छ । स्थापनाको करिब ९०० वर्षपछि यस संवत्सँग विक्रम नाम कसरी जोडियो भन्ने थाह हुन सकेको छैन् । कतिपय इतिहासकारहरूले मालवलाई हराउने चन्द्रगुप्त(द्वितीय)ले आफ्ना सिक्काहरूमा 'विक्रम', 'विक्रमादित्य' 'श्रीविक्रम' आदि उपाधि लेखाएका थिए । मालव संवत्को इतिहास बिर्सिएको अवस्थामा भुलवस यस संवत्लाई उनै चन्द्रगुप्त(द्वितीय)ले लिएको उपाधिसँग जोडेर विक्रम संवत् भन्न थालिएको अनुमान गरेका छन् । कतिपयले मालव वंशमै कुनै विक्रम नामको राजा भएको र उनले अवन्ती क्षेत्र जितेको हुनसक्ने अनुमान गरेका छन् । पछि उनले जितेको राज्य मालव राज्य र उनले विजय गरेको मिति संवत्को रूपमा प्रचलनमा आएको अनुमान गरेका छन् । दोस्रो शताब्दीतिर भारतमा लेखिएको 'गाथासप्तसती' नामक ग्रन्थमा उल्लेख भए अनुसार यो ग्रन्थ लेख्नुअघि पनि भारतमा विक्रम नामका प्रसिद्ध राजा भएको देखिन्छ । यिनै विक्रम राजासँग यस संवत्को नाम जोडिएको पनि हुनसक्ने अनुमान गरिएको छ (ओझा,१९७१,पृ.१६७) । वास्तविकता भने अझै खोज कै विषय रहेको छ । भारतमा यो संवत्को नयाँ वर्ष भिन्नभिन्न समयमा फेरिने परम्परा रहेको छ । दक्षिणी भारतमा यो कार्तिक शुक्ल प्रतिपदादेखि सुरु हुन्छ भने उत्तरी भारतमा चैत्र शुक्ल प्रतिपदादेखि सुरु हुन्छ । उत्तर भारतमा प्रचलित चैत्रादि विक्रम संवत् नै नेपाल भित्रिएको र प्रचलनमा आएको संवत् हो ।

यसरी भारतमै प्रचलनको इतिहास अन्योलपूर्ण रहेको विक्रम संवत्लाई नेपालमा साढे दुई शताब्दीदेखि निरन्तर प्रचलनमा लाइएको छ। नेपाल मै सुरु भएको मानदेव संवत् र नेपाल संवत् प्रचलनाट हराउनु तर भारतबाट भित्रिएको विक्रम संवत् यहाँ निरन्तर प्रचलनमा रहनुमा राजनैतिक कारण नै विशेष जिम्मेवार रहेको देखिन्छ । उत्तर भारतसँगको सांस्कृतिक सम्बन्धका कारणले यो मध्यकालको अन्त्यतिर उपत्यका बाहिरका बाइसे चौबीसे राज्यमा भित्रिएको अनुमान गर्न सकिन्छ । गोरखा राज्यमा लोकप्रिय भैसकेको यो संवत्लाई काठमाडौं उपत्यका विजय गरेपछि पृथ्वीनारायण शाह र उनका सन्ततीहरूले सरकारी कामकाजमा र दैनिक व्यवहारमा प्रयोग गर्न थालेपछि यो नेपालभर प्रचलनमा आएको हो । यसपछि लेखिएका अभिलेखहरू र हस्तलिखित ग्रन्थहरूमा यही संवत्को प्रयोग गरिएको हुँदा नेपाली पुरालेखनशास्त्रको अध्ययनका दृष्टिले यो पनि त्यत्तिकै महत्त्वपूर्ण बन्न पुगेको छ ।

४.४.नेपाली हस्तलिखित ग्रन्थ अध्ययनको इतिहास (A history of the study of Nepali manuscripts)

नेपालमा ग्रन्थ लेखन कार्य कहिलेदेखि सुरु भयो भन्ने यकिन हुन सकेको छैन । चाँगुनारायण स्थानमा राखिएको लिच्छवि राजा मानदेवको प्रशस्ति अभिलेख, हाँडीगाउँ सत्यनारायण स्थानमा अनुपरम्ले रचना गरेको महर्षि द्वैपायनको स्तुति गरिएको अभिलेख र पशुपतिमा जयदेव द्वितीयले राखेको प्रशस्ति अभिलेख जस्ता काव्यात्मक अभिलेखहरूलाई हेर्दा हस्तलिखित ग्रन्थहरूको निर्माण लिच्छविकालको सुरुदेखि नै हुन थालेको अनुमान गर्न सकिन्छ । किनभने यी अभिलेखमा कुँदिएका काव्यहरू सर्वप्रथम ग्रन्थकै रूपमा रचना गरिएको र पछि त्यसैलाई प्रस्तरका स्तम्भ एवं शिलापत्रहरूमा कुँदाइएको सहजै अनुमान गर्न सकिन्छ । तर त्यसवेलाका ग्रन्थहरूको भौतिक प्रमाण भने हाल प्राप्त भएका छैनन् । हाल नेपालमा प्राप्त सवैभन्दा पुरानो ग्रन्थ राष्ट्रिय अभिलेखालयमा सङ्ग्रह एवं प्रदर्शन गरिएको सन् ८१० (मानदेव संवत् २३४)को स्कन्दपुराण नामक ताडपत्र ग्रन्थ हो । यसरी नवौं शताब्दीको आरम्भदेखि १८औं/१९औ शताब्दीसुम्म विशेष गरेर राणाकालमा छापाखानाको आविष्कार नुहँदासम्म हातले लेखिएका हजारौं हस्तलिखित ग्रन्थहरूको विशाल सङ्ग्रह हाल राष्ट्रिय अभिलेखालयमा रहेको छ । यी ग्रन्थहरूको अध्ययनको इतिहास जान्नका लागि यी सामग्रीहरूको सङ्ग्रहका विषयमा सङ्क्षेपमा चर्चा गर्नु आवश्यक देखिन्छ ।

प्राचीनकालदेखि नै धर्मप्रति अधिक आस्था भएको नेपाली समाजमा नियमित पाठ गर्ने प्रयोजनका लागि घरका पूजा कोठाहरूमा धर्मग्रन्थहरू सङ्ग्रह गर्ने परम्परा रहिआएको थियो । यही परम्पराअनुसार यहाँका राज दरवारका पूजा कोठाहरूमा अत्यधिक सङ्ख्यामा ग्रन्थहरूको सङ्ग्रह हुनु स्वभाविकै थियो । मन्दिर छेउमा बनाइने मठ र विहारहरूलाई यहाँ शैक्षिक केन्द्रकै रूपमा विकास गरिन्थ्यो । त्यसैले नेपालका मठ र विहारहरूमा पनि धर्मग्रन्थहरूको सङ्ग्रह हुने गर्दथ्यो । यस्ता धार्मिक संस्थाका अन्तिम संरक्षकहरू राजा नै हुने गर्दथे । त्यसैले मठ र विहारका ग्रन्थहरू पनि सुरक्षा तथा अन्य विविध कारणले अन्त्यमा दरवारमै जम्मा हुने गर्दथे । छापाखानाको आविष्कार नभएको युगमा यस्ता ग्रन्थहरू स्वभाविकै रूपले हस्तलिखित ग्रन्थहरू हुने गर्दथे । हस्तलेखनको युगमा लिपिको परिवर्तन तीव्र गतिमा हुने गर्दथ्यो । त्यसैले ती ग्रन्थका लिपि बुझ्ने वा पढ्न सक्ने मानिस भने क्रमश कम हुँदै गएका थिए । धेरै पुराना ग्रन्थका अक्षरहरू दुर्वोध्य हुँदै गएका थिए । काठमाडौं उपत्यकाका चिसो जलवायु र उचित वातावरणको कारणले यहाँ ज्यादै पुराना ताडपत्र, भोजपत्र र नीलपत्र आदिका ग्रन्थहरू पनि अन्य मुलकमा भन्दा बढी सुरक्षित रहन सके । मध्यकालीन र शाहकालीन राजाहरूले आफ्नो दरवारमा हस्तलिखित ग्रन्थहरूको भण्डार निरन्तर बढाउदै लगे । यस तरहले जम्मा हुँदै जाँदा सन् १८१२ सम्ममा तत्कालीन राजा गीर्वाणयुद्ध विक्रम शाहको दरवारमा हजारौंको सङ्ख्यामा यस्ता हस्तलिखित ग्रन्थहरू जम्मा हुन आएको देखिन्छ । अव्यवस्थितरूपमा सङ्ग्रह हुँदै आएका यी ग्रन्थहरूको महत्त्वलाई वुझेर गीर्वाणयुद्ध विक्रम शाहले सन् १८१२ (वि.स.१८६९ भाद्र ६ गते शुक्रबार)मा एक लालमोहर जारी गर्दै यी पुस्तकको संरक्षणको जिम्मा पण्डित केदारनाथलाई सुम्पेका थिए । यस लालमोहरमा केदारनाथलाई वार्षिक रु १२५ पारिश्रमिक तोकेर उनलाई यसवापत दरवारमा रहेका पुस्तकहरूको संरक्षण गर्ने, कीराबाट बचावट गर्ने, वासा(कपडाको खोल) फेर्ने, विना हुकुम पुस्तकहरू कसैलाई नदिने, अशुद्धलाई शुद्ध पार्ने, पुस्तकको पूजा गर्ने तथा पूजाकोठामा बत्ति बाल्ने आदि कुराको जिम्मा दिइएको छ (डंगोल,वि.सं.२०४४,पृ.५४) । यस लालमोहरले प्राचीन हस्तलिखित ग्रन्थहरूको संरक्षणमा विशेष योगदान पुगेको देखिन्छ । यसपछि यी हस्तलिखित ग्रन्थको संरक्षणमा जंगबहादुर राणाको भूमिका विशेष उल्लेखनीय रहेको थियो । यस बारेमा डंगोल भन्दछन् :

यसरी नेपालको राजदरबारमा संरक्षित हस्तलिखित ग्रन्थहरू "सन् १८४७ मा जंगबहादुर राणाको आज्ञाबाट बसन्तपुर दरवारबाट आफ्नो

थापाथलीस्थित दरबारमा सारियो (डंगोल,वि.सं.२०४४,पृ.५५) । सन् १८५३ मा दरवार स्कुलको निर्माण भएपछि यी पुस्तकहरूलाई फेरि थापाथलीबाट दरबार स्कुलको वुइगलमा राखियो । सन् १९०० मा वीर शमशेरले घण्टाघर पुस्तकालय भवनको निर्माण गरेपछि ती पुस्तहरूलाई नयाँ पुस्तकालय भवनमा ल्याएर राखियो । त्यस समयदेखि नै यस पुस्तकालयलाई दरबार पुस्तकालय वा वीर पुस्तकालय भन्ने अद्यपि चलन छ "(डंगोल,वि.सं.२०४४,पृ.५६)॥

वसन्तपुर दरवार, थापाथली दरवार, दरवार स्कुल र वीर पुस्तकालयमा रहुँन्जेलसम्म नेपाली सर्वसाधारण जनताको पहुँचमा ती हस्तलिखित ग्रन्थहरु वा पुस्तकहरू थिएनन् । गीर्वाणयुद्ध विक्रमको लालमोहरमै 'विना हुकुम पुस्तक कसैलाई नदिनु' भनिएको हुँदा यी पुस्तक राजाको निगाह नभएसम्म कसैले पढ्न र हेर्न पाउँदैनथ्यो । ज्ञान विज्ञानका भण्डारकै रूपमा रहेको यस वीर पुस्तकालयमा विदेशीहरूका लागि भने खुला गरिएको थियो । नेपाली विद्वान र अन्वेषकका लागि यो वन्द नै थियो । कठोर राणा शासनकालमा राणाहरूलाई रिझाएर नेपालभित्र पस्न अनुमति पाएका विदेशी विद्वान्हरूले मात्र नेपालको संस्कृति र इतिहास सम्वन्धी अन्वेषण र अध्ययन ,गर्ने एकाधिकार नै पाए, अरू चाहिं वञ्चित भए । त्यसवेला कुनै नेपाली विद्वानले नेपालभित्र वसी नेपाल सम्वन्धी ऐतिहासिक तथ्यहरू अन्वेषण र अनुसन्धान गरी प्रकाशमा ल्याउने हिम्मत गर्न सकेनन् । एक त सम्भव पनि थिएन, सम्भव नै भएमा पनि 'मकैपर्व' झैं एक पर्व उब्जीहाल्थ्यो* । यसरी अध्ययन अवलोकनवाट नेपालीहरू वञ्चित हुँदै गर्दा यी ग्रन्थको लिपि बुझ्ने र त्यसको भाव स्पष्ट गर्न सक्ने नेपालीहरूको कमी हुँदै गयो ।

यसबीचमा राणाहरूको अनुमति लिनसक्ने विदेशीहरूले नेपालमा बाँकी रहेका सीमित लिपि विज्ञ तथा प्राचीन ग्रन्थहरूको अर्थ गर्न सक्ने. केही नेपालीहरूको सहयोग लिएर हस्तलिखित ग्रन्थहरूको अध्ययन अनुसन्धानको सुरुवात गरेको देखिन्छ । सन् १७९३ तिर नेपालको भ्रमण गर्ने विलियम कर्कपेट्रिकले सन् १८११ मा नेपालको इतिहास सम्वन्धी पहिलो पुस्तक प्रकाशित गरेका थिए । उनले यो पुस्तक यिनै नेपाली हस्तलिखित सामग्रीहरूलाई आधार बनाएर लेखेका थिए । नेपालको चर्चित राइट वंशावलीको प्रकाशन गर्ने डेनियल राइट पनि राणाकालमा नेपालका हस्तलिखित वंशावलीको अध्ययन गर्ने एक महत्त्वपूर्ण व्यक्ति थिए । यहाँका

* हेर्नुहोस् : हेमराज शाक्यको नेपाल लिपि प्रकाश पुस्तकमा सत्यमोहन जोशीले लेखेको भूमिका ।

हस्तलिखित ग्रन्थको व्यवस्थित अध्ययनको सुरुवात गर्ने विदेशी विद्वानमा राजेन्द्रलाल मित्रको नाम पनि विशेष स्मरणीय छ । उनले सन् १८८२ मा नेपालका हस्तलिखित ग्रन्थहरूको छानविन गरेर व्यवस्थित सूचीपत्र छपाउने कार्य गरे (रेग्मी,वि.सं. २०६०, पृ.८०) । सन् १८८४-८५ को हिँउदमा नेपालको भ्रमण गरेका सेसिल वेण्डालले *पनि नेपालमा रहँदा यहाँका हस्तलिखित ग्रन्थहरूको व्यापक अध्ययन गरेको देखिन्छ । यही अध्ययनकै परिणामस्वरूप उनले पाण्डुलिपिको रूपमा रहेको प्रसिद्ध गोपाल वंशावलीलाई सन् १९०३ मा बंगालको एसियाटिक सोसाइटीबाट प्रकाशित गरे (शर्मा वि.सं.२०५९, पृ.७) । अर्का फ्रान्सेली विद्वान सिल्भाँ लेभीले पनि नेपालका अभिलेखहरूका साथसाथै हस्तलिखित ग्रन्थहरूको अनुसन्धान र प्रकाशनमा विशेष योगदान पुऱ्याएको देखिन्छ । उनले सन् १८९४मा फ्रान्सेली भाषामा *'Note sur la chronologie du Nepal'* शीर्षकमा नेपालको एक वंशावली र त्यसमाथिको टिप्पणी प्रकाशन गरेका थिए । उनका अन्य नेपाली इतिहासका पुस्तक पनि प्रकाशित भएका छन् ।

नेपालका हस्तलिखित ग्रन्थहरूको अध्ययनमा महत्त्वपूर्ण योगदान पुराउने विदेशी विद्वानमा भारतका पण्डित हरप्रशाद शास्त्री विशेष महत्त्वपूर्ण रहेका छन् । उनले सन् १९०५मा *एसियाटिक सोसाइटीको* तत्त्वावधानमा वीर पुस्तकालयमा रहेका महत्त्वपूर्ण ग्रन्थहरूको सूचीपत्र छपाए(डंगोल, विस.सं.२०४४, पृ.५६) । उनले यसपछि पनि पटकपटक तत्कालीन दरबार पुस्तकालय र बंगालको एसियाटिक सोसाइटीको सङ्ग्रहमा रहेका ग्रन्थहरूका अनेकौं भागमा सूचीपत्रहरूको सम्पादन गरे तथा टिप्पणी र प्रतिवेदन लेखे (रेग्मी,वि.सं.२०६०,पृ.८०) । सन् १९२२ मा चन्द्र शमसेरको आज्ञाबाट एउटा लगत तयार समिति खडा गरियो र यस समितिले पनि यस पुस्तकालयका पुस्तकहरूको लगत तयार पार्ने कार्य गऱ्यो(डंगोल,वि.सं.२०४४,पृ.५६) । यसरी राणा शासन कायम रहँदासम्म हस्तलिखित ग्रन्थहरूको अध्ययन र प्रकाशनको कार्य केही विदेशी विद्वानहरूबाट मात्र भएको देखिन्छ । यहाँ स्मरणीय कुरा के रहेको छ भने यी विदेशीहरू छोटो नेपाल बसाइको क्रममा पुरालेखन सामग्रीहरूको अक्षर पढ्न, यहाँको इतिहास र संस्कृति बुझ्न् र तिनको

* हेर्नुहोस् : C . Bendall को A Journey of Literary and Archaeological Reserach in Nepal and Northern India During the winter of 1884-85' शीर्षकको पुस्तक जुन पुस्तक cambridge University Press बाट 1886 मा प्रकाशित भएको थियो ।

व्याख्या गर्न आफै सक्षम भएका होइनन् । त्यसवेला पनि नेपालमा हस्तलिखित ग्रन्थहरू पढ्न र व्याख्या गर्न सक्ने विद्वानहरू रहेका थिए । तिनैको सहयोगले उनीहरूले यी ग्रन्थहरूको अध्ययन र प्रकाशन गर्न सकेका थिए । सिद्धिहर्ष वज्राचार्य र जीवहर्ष वज्राचार्यले भगवानलाल इन्द्राजी एवं सिल्भाँ लेभीलाई पुरालेखन सामग्रीहरूको उतार र अध्ययनमा सहयोग गरेको थाहा पाइएको छ (रेग्मी,वि.सं.२०६०,पृ.८०) । डमरुवल्लभ पन्तले वेण्डाललाई यस कार्यमा सहयोग गरेको देखिएको छ (पन्त,वि.सं.२०४३,पृ.उपोद्घात १०) । त्यसैले यी नेपालीहरूले यहाँको पुरालेखन अध्ययन एवं प्रकाशनमा पुऱ्याएको योगदानलाई पनि बिर्सन सकिदैन ।

सन् १९५० मा नेपालमा राणा शासनको अन्त्य भयो र प्रजातन्त्रको उदय भयो । यसपछि यहाँ सङ्ग्रह भएका पुरालेखन सामग्रीहरूको अध्ययन अनुसन्धानमा नेपालीहरूलाई पनि ढोका खुल्यो । यसअघि आफ्नै सङ्ग्रहमा रहेका पुरालेखन सामग्रीहरू पनि अध्ययन र प्रकाशन गर्ने कार्यमा नेपालीहरू सङ्लग्न हुँदैनथे । यसपछि विस्तारै स्वदेशी विद्वानहरूले पनि यस क्षेत्रमा रुचि बढाउदै लगेको देखिन्छ । सन् १९५२ मा पुरातत्त्व विभाग स्थापना भएदेखि यी हस्तलिखित सामग्रीहरू यही विभाग परिसरमा रहेको राष्ट्रिय अभिलेखालयमा सङ्ग्रहित रहेका छन् । सन् १९६१ (वि.सं.२०१८,मंसिर,७)मा सिंहदरवार परिसर नजिकै अभिलेखालय भवनको शिलान्यास भै सन् १९६७ (वि.सं.२०२४ आश्वीन १७)मा राजा महेन्द्रले यो भवनको उद्घाटन गरेदेखि, यही भवनमा ग्रन्थहरूको संरक्षण र सर्वसाधारणको लागि समेत खुल्ला भएको हो (डंगोल,विस.सं.२०४४,पृ.५६)। यसरी राजदरवारका केही मानिसमा मात्र सीमित रहेका हस्तलिखित ग्रन्थहरू सर्वसाधारणको पहुँचमा आइपुगे ।

राणा शासनकालपछि केशर शमसेरको सक्रियतामा 'नेपाल सांस्कृतिक परिषद' नामक संस्थाको जन्म भयो । यस संस्थामार्फत् ज्ञानमणि नेपाल तथा शंकरमान राजवंशीहरूले 'जयरत्नाकर' नाटक र 'ऐतिहासिक पत्र सङ्ग्रह प्रथम भाग' जस्ता दुई ग्रन्थहरू प्रकाशित गरे (पन्त,वि.सं.२०४३,पृ.उपोद्घात२२) । यी कार्य नेपालीहरूको तर्फबाट भएका आरम्भिक र महत्त्वपूर्ण कार्य थिए । यसपछि भने पन्नाप्रसाद जोशी, नयराजपन्त, बाबुराम आचार्य, शंकरमान राजवंशी, हेमराज शाक्य, हरिराम जोशी जस्ता अनेकौं नेपाली विद्वानहरूले हस्तलिखित ग्रन्थहरूको अध्ययन अनुसन्धान गरी प्रकाशन गर्ने कार्यहरू गर्दै आएका छन् । अभिलेखालयका हजारौं ग्रन्थहरूमा भने अझै कसैको आँखा पर्न सकेको छैन ।

***

अध्याय-पाँच

प्राचीन अङ्कलेखन प्रणालीहरूको अध्ययन
(Study of Ancient Numeral system)

प्राचीन लेखनको अध्ययनमा त्यस समयको अङ्क लेखनको अध्ययन पनि निकै महत्त्वपूर्ण मानिन्छ । मानिसले आफ्ना विचारहरू लेख्य चिन्हहरूमार्फत् अभिव्यक्त गर्न थालेदेखि नै विभिन्न कुराको गणनालाई सङ्ख्यात्मक चिन्हमार्फत् अभिव्यक्त गर्ने प्रयास थालेका हुन् । यस क्रममा वर्णात्मक लेखनका स्वर, व्यञ्जन, मात्रा तथा संयुक्त अक्षरका चिन्हहरूसँगै मानिसले अङ्कका चिन्हहरू निर्माण गरेर ती चिन्हहरूलाई अनेकौ तरिकाले प्रस्तुत गरेर सङ्ख्या अभिव्यक्त गर्न थालेका हुन् । वर्णात्मक लेखनको विकासले गर्दा मानिसले थोरै वर्ण चिन्हहरूबाट अनेकौ भाषिक ध्वनिलाई लिपिबद्ध गर्न सक्ने क्षमता विकास गर्न सक्यो । यसै क्रममा मानिसले सकेसम्म थोरै अङ्कका चिन्हहरूको प्रयोग गरी करोडौ वा त्यसभन्दा पनि धेरै सङ्ख्या अभिव्यक्त गर्न सक्ने विभिन्न उपायहरूको खोजी गरिरहेको थियो । यसै क्रममा प्राचीन अभिलेख तथा पुरालेखन सामग्रीहरूमा थोरै अङ्क चिन्हहरूबाट धेरै सङ्ख्या अभिव्यक्त गर्ने भिन्न भिन्न तरिकाहरू प्रयोग गरेको पाइएको छ । यी तरिकाहरूलाई नै यहाँ प्राचीन अङ्कलेखन प्रणाली भनिएको हो । समग्र भारतीय उप-महाद्वीपमा र त्यस अर्न्तगतको नेपालमा अङ्कलेखनको इतिहास र यस्तो लेखनमा प्रयोग भएका प्रणालीहरूको विविधता निकै चाखलाग्दो रहेको छ ।

भारतीय उप-महाद्वीपको अङ्कलेखनको इतिहास निकै पुरानो देखिन्छ । यस क्षेत्रको सबैभन्दा पुरानो सिन्धुघाँटी सभ्यतामा पाइएको लेखनमा पनि अङ्कहरू लेख्ने गरिएको अनुमान गर्न सकिन्छ । समग्र लिपि पढ्न नसकिएको अवस्थामा त्यसवेलाका अङ्क चिन्हहरू पनि स्वभाविकरूपमा पढ्न र बुझ्न सकिएको छैन । तर त्यस समयमा अङ्कहरू लेखिन्थ्यो भन्ने कुरालाई पुष्टि गर्ने किसिमका अनेकौ चिन्हहरू त्यहाँको पुरातात्त्विक उत्खननबाट प्राप्त

माटाका चक्कीहरूमा कोरिएका छन् । अहमद हसन दानीले आफ्नो पुस्तक Indian Palaeography मा यहाँबाट प्राप्त अनेकौ किसिमका रेखा वा धर्काहरूलाई अङ्क चिन्हहरू नै हुन् भन्ने ठोकुवा गर्न नसकिए तापनि यी रेखाहरूले अङ्कहरू तर्फ नै सङ्केत गर्ने बताएका छन् (Dani,1986,p.19) । उनले अङ्कचिन्ह, कोष्ठकचिन्ह र अन्य शीर्षकमा सङ्कलन र वर्गीकरण गरेका सिन्धुलेखनका चिन्ह* हरूमा १ देखि १२ वटासम्म रेखाहरू रहेका छन् र ती रेखाहरूलाई अनेकौं किसिमले कोरिएका छन् । दुई वा तीन पङ्क्तिमा ठाडो, तेर्सो, छड्के तथा अन्य विभिन्न किसिमले यस्ता रेखाहरू दिइएका छन् । यी रेखा चिन्हहरू एक दुई तीन आदि अङ्कका चिन्ह हुन् ? वा १०, १०० आदिका चिन्हहरू हुन् भन्ने कुरा भने अझै रहस्यको गर्भ मै रहेको छ ।

सिन्धु सभ्यतापछिको वैदिक सभ्यतामा पनि भारतीयहरूले अङ्कको प्रयोग गर्दथे भन्ने देखिन्छ । यजुर्वेदको वाजसनेयी संहिताको पुरुषमेघ प्रकरणमां दश, सत, सहस्र, अयुत, नियुत, प्रयुत, अर्वुद, न्यर्वुद, समुद्र,मध्य, अन्त र परार्ध जस्ता शब्दहरूको प्रयोग भएको छ जसले क्रमश: दसदेखि दस खर्वसम्मका सङ्ख्या बुझाउने गर्दछन् (ओझा,१९७१,पृ.१२) । पुरातात्त्विकरूपले पुष्टि नै हुन नसकेको यस वैदिक युगमा गणना गरिएका यी सङ्ख्या बुझाउने अङ्क चिन्हहरू कस्ता थिए र ती अज्ञात चिन्हहरूलाई कसरी लेखेर यति धेरै सङ्ख्या बुझाउने गरिन्थ्यो भन्ने कुरा थाहा हुन सकेको छैन । यसरी अङ्कचिन्ह तथा अङ्कलेखन प्रणाली थाहा हुन नसके तापनि त्यसवेला अङ्कको लेखन र प्रयोग हुने कुरा भने यसबाट स्पष्ट हुन्छ ।

भारतीय उप-महाद्वीपमा पढ्न सकिएका सर्वप्राचीन अङ्क चिन्हहरू र बुझ्न सकिएको अङ्कलेखन प्रणाली भने इशापूर्वको तेस्रो शताब्दीका अशोकका अभिलेखमा प्रयोग भएका तथा उनी पछिका ब्राह्मी अभिलेखका अङ्कहरू नै हुन् । अशोकका अभिलेखहरूमध्ये अधिकांशमा शब्दहरूबाटै अङ्कहरू लेख्ने गरिएको छ । जस्तो नेपालको लुम्बिनीमा प्राप्त अभिलेखमा २० अङ्कलाई अक्षरमा 'विसति' लेखिएको छ । निग्लिहवाको अभिलेखमा १४ अङ्कलाई अक्षरमा 'चोदस' लेखिएको छ । भारतमा प्राप्त उनका अभिलेखहरूमा पनि धेरैजसो अङ्कलाई यस्तै अक्षरमा नै लेखिएको छ । सबैभन्दा पहिलो पटक अशोकको सिद्धापुर, सहस्राम तथा रूपनाथका ब्राह्मी लिपिका अभिलेखहरूबाट ४, ६, ५० र २०० का अङ्क चिन्हहरू प्राप्त भएका

* हेर्नुहोस् उनको पुस्तकको Plate II b F का चिन्हहरू ।

छन्(ओझा,१९७१,पृ.१११) । यसको एक शताब्दीपछि शातबाहन राजाद्वारा यज्ञका अवसरहरूमा दिइएको दानको विवरणको प्रसङ्गमा महाराष्ट्र प्रदेशको पुणें जिल्लाको नानाघाटको गुफा अभिलेखमा १९ वटा अङ्क चिन्हहरू अङ्कित गरिएका छन् । ती हुन् : १, २, ४, ६, ७, ९, १०, २०, ८०, १००, २००, ३००, ४००, ७००, १०००, ४०००, ६०००, १०००० र २००००(रेग्मी,वि.सं.२०६०,पृ.) । यी चिन्हहरू मध्ये ४००, ७००, ४०००, ६०००, १०००० तथा २०००० का चिन्हहरू एकल वा स्वतन्त्र नभै दुईवटा अङ्क चिन्हहरू जोडेर बनाइएका संयुक्त चिन्हहरू हुन् भने अन्य सबै स्वतन्त्र चिन्हहरू हुन् । यसपछि इश्वीको प्रथम र दोस्रो शताब्दी तिरका ब्राह्मी अभिलेखहरूमा बाँकी ३, ५, ८, ३०, ४०, ६०, ७०, र ९० का स्वतन्त्र चिन्हहरू प्राप्त भएका छन् । यसरी भारतमा ब्राह्मी लिपिमा लेखिएका अभिलेखहरूमा हालको जस्तो ० देखि ९ सम्मका जम्मा १० वटा मात्र अङ्क चिन्हहरूको प्रयोग नभै ० बाहेक १ देखि ९ सम्मका नौ वटा अङ्क, १०, २०, ३०, ४०, ५०, ६०, ७०, ८०, ९०, १०० तथा १००० का थप एघार वटा अङ्क समेत जम्मा बीसवटा अङ्कका चिन्हहरूको प्रयोग भएको पाइएको छ । ०. बुझाउने कुनै चिन्हको प्रयोग नै नगरी अङ्कहरू लेख्ने विशेष पद्धतिको प्रयोग भएको छ । भारतमा राखिएका खरोष्ठी लिपिका अभिलेखहरूमा पनि भिन्न खालका अङ्क चिन्हहरू र वेग्लै किसिमको अङ्कलेखन प्रणालीको प्रयोग भएको पाइएको छ ।

यसरी भारतीय उप-महाद्वीपमा सिन्धु सभ्यतादेखि नै अङ्कको प्रयोग आरम्भ भएको देखिन्छ । तर पुरातात्त्विकरूपले यहाँ सङ्ख्या लेखनको लागि अङ्क चिन्हहरूको प्रयोग भने इशापूर्व तेस्रो शताब्दीदेखि मात्र भएको पाइएको छ । नेपालमा अशोककै अभिलेखहरू लुम्बिनी र निग्लीहवाबाट प्राप्त भए तापनि त्यहाँ अङ्क चिन्हहरूको प्रयोग नभएको कुरा यसअघि नै उल्लेख गरिसकिएको छ । प्राचीन नेपाल राज्य अर्थात् काठमाडौं उपत्यकामा प्राप्त सर्वप्राचीन अभिलेख मालीगाउँको जयवर्माको अभिलेख हो जसमा १०० र ७ का दुई अङ्क चिन्हहरूको प्रयोग गरिएको छ । यसपछिका सबै लिच्छवि अभिलेखहरूमा संवत् लेख्ने क्रममा र मन्दिरहरूलाई राज्यकोषबाट छुट्टाइएको रकमको अङ्क लेख्ने क्रममा भारतको ब्राह्मी लेखनमा जस्तै २० वटा स्वतन्त्र अङ्क चिन्हहरूको प्रयोग भएको पाइएको छ । विस्तारै भारतीय उपमहाद्वीपमा र नेपालमा अङ्क लेख्ने यो बाहेक पनि अनेकौ प्रणालीहरूको विकास भएको पाइएको छ । यहाँका अभिलेख तथा हस्तलिखित ग्रन्थहरूमा प्रयोग भएका यस्ता भिन्न प्रणाली वा तरिकाहरूका विषयमां विस्तृत चर्चा गरिएको छ ।

५.१ प्राचीन अङ्कलेखन पद्धति (Ancient Numeral System) :

सङ्ख्यालाई अभिव्यक्त गर्ने अनेकौ तरिकाहरूमध्ये भारतीय उपमहाद्वीपमा सर्वप्रथम प्रयोगमा आएको र ब्राह्मी लिपिका अभिलेखहरूदेखि गुप्त वा लिच्छवि लिपिहरूका अभिलेखहरूमा समेत प्रयोग भएको अङ्क लेख्ने विशेष पद्धतिलाई यहाँ प्राचीन पद्धति भनिएको हो । हाल प्रचलनमा नरहे तापनि भारतमा इशापूर्व तेस्रो शताब्दीदेखि करिब एक सहस्राब्दीसम्म र नेपालमा जयवर्माको मालीगाउँ अभिलेखदेखि लिच्छविकालको जयदेव द्वितीयसम्मका सबै अभिलेखहरूमा एकछत्ररूपमा प्रयोगमा रहेको थियो भने लिच्छविकालपछिका केही हस्तलिखित ग्रन्थहरूमा पनि फाट्टफुट्टरूपमा प्रयोग रहेको देखिन्छ ।

५.१.१ अङ्क चिन्हहरू

यस प्रणालीमा जम्मा २० वटा अङ्क चिन्हहरूको प्रयोगबाट हजारौं किसिमका सङ्ख्या लेख्ने गरिन्छ । यसमा शून्य ० अङ्कको प्रयोग हुँदैन र यसको कुनै चिन्ह पनि निर्धारण गरिएको पाइँदैन । यी २० वटा चिन्हहरू मोटामोटीरूपमा तत्कालीन ब्राह्मी लिपि र त्यसबाट विकसित भएका गुप्त अथवा लिच्छवि लिपिका स्वर, व्यञ्जन तथा संयुक्त वर्णहरूसँग मिल्दाजुल्दा देखिन्छन् । केही वर्णहरू भने कुनै पनि वर्णहरूसँग नमिल्ने किसिमका छन् । ब्राह्मी लिपिको विकासक्रममा स्वर तथा व्यञ्जन वर्णहरूमा क्रमशः भिन्नता देखिए जस्तै यी अङ्क चिन्हहरू पनि क्रमशः भिन्न स्वरूपमा विकासित हुँदै गएका छन् । यस प्रणालीमा प्रयोग भएका २० वटा अङ्क चिन्हहरूको स्वरूप निम्नानुसारको रहेको छ♣ ।

१,२ र ३ का चिन्हहरू : यस पद्धतिमा एक अङ्कको लागि केही तलतिर ढल्केको एउटा तेर्सो रेखा, दुईका लागि तलतिर ढल्केको तलमाथि हुने गरी कोरिएका दुई तेर्सा रेखा र तीनका लागि तलमाथि हुने गरी कोरिएका र सिधा नभै केही तलतिर ढल्किएका तीनवटा तेर्सा रेखाहरूको प्रयोग गरिएको छ । कालान्तरमा हात नउठाई लेख्ने क्रममा यसैबाट हालका १,२ र ३ अङ्कका चिन्हहरू वन्न गएको देखिन्छ ।

♣ तल उल्लेख गरिएका अङ्कँ चिन्हहरूको स्वरूप सम्बन्धी विवरण भारतका अभिलेखहरूमा प्रयोग भएका अङ्क चिन्हहरू गौरीशंकर हीराचंद ओझाको पुस्तक(१९७१)का आधारमा तथा नेपालका: अङ्क चिन्हहरू दिनेशचन्द्र रेग्मीको पुस्तक(वि.सं.२०६०) र जर्ज बुलरको पुस्तक(1980) मा उल्लेख गरिएको विवरणलाई आधार मानेर तयार परिएको हो । विस्तृत जानकारीको लागि (ओझा,१९७१,पृ.१०३-११४) ,(रेग्मी,वि.स.२०६०,पृ.२४७-२५१) र (Buhler,1080,p.97-101) हेर्नुहोस् ।

४ का अङ्क चिन्हहरू : अभिलेखहरू र हस्तलिखित ग्रन्थहरूमा ४ का चिन्हहरूमा ज्यादै विविधता रहेको पाइएको छ । आरम्भिक मौर्यकालीन ब्राह्मी लिपिमा ४ को लागि क को चिन्ह प्रयोग गरिएको छ । पछिल्लो समयमा अक्षरको स्वरूप परिवर्तन हुँदै जाँदा माथि खुल्ने कोणात्मक डिको भएको क को प्रयोग गरि ४ अङ्क लेख्ने गरिएको देखिन्छ । यसपछिका अभिलेखहरूमा परिवर्तित ब्राह्मी लिपिका प्क ल्क, तथा न्क जस्ता अक्षरहरूबाट ४ अङ्क लेख्ने गरिएको छ । नेपालका अभिलेखहरूमा भने लिच्छविकालमा प्क र मध्यकालीन अभिलेखहरूमा न्क जस्ता तत्कालीन लिपिका अक्षरलाई ४ अङ्कको रूपमा प्रयोग गरिएको छ ।

५ का अङ्क चिन्हहरू : भारतका आरम्भिक समयका ब्राह्मी अभिलेखहरूमा पाँच अङ्कका लागि तृ, त, ता जस्ता अक्षरहरूको प्रयोग गरिएको छ । पछिल्लो समयमा परिवर्तित लिपिका पु, हु, रु तृा ना, त ह, तथा हृ जस्ता अक्षरहरू पनि प्रयोग भएका छन् । नेपालका आरम्भिक अभिलेखहरूमा ह, हु, ह्य, ह्व, तृ जस्ता अक्षर चिन्हहरू र मध्यकालका केही अभिलेख तथा हस्तलिखित ग्रन्थहरूमा भने नेवारी लिपिको ज अक्षरलाई पनि ५ अङ्कको रूपमा प्रयोग गरिएको छ ।

६ का अङ्क चिन्हहरू : मौर्यकालीन ब्राह्मी अभिलेखहरूमा तत्कालीन ज अक्षरलाई ६ अङ्कको रूपमा प्रयोग गरिएको छ । पछिल्लो समयमा भने परिवर्तित ब्राह्मी लिपिका तत्कालीन फ्र, फ्रा, फ, फा, हा जस्ता अक्षरहरू पनि क्रमशः ६ अङ्कको रूपमा अभिलेखहरूमा प्रयोग भएको पाइएको छ । नेपालमा भने लिच्छवि अभिलेखहरूमा ट तथा टा जस्ता अक्षरहरू र मध्यकालीन अभिलेख तथा हस्तलिखित ग्रन्थहरूमा नेवारी लिपिका ह्र, भ्र, भु, ङ तथ हु जस्ता अक्षरहरूलाई नै ६ अङ्कको रूपमा प्रयोग गरिएको छ ।

७ का अङ्क चिन्हहरू : भारतका आरम्भिक ब्राह्मी अभिलेखहरूमा ७ अङ्कको लागि ग्र अथवा गु अक्षरहरू प्रयोग भएका छन् । नेपालमा भने यसको स्वरूप पछिल्लो समयका लिपिअनुसार भिन्नभिन्न रहेको देखिन्छ । पहिलो मालीगाउँको जयवर्माको अभिलेखमा कुनै पनि अक्षरसँग नमिल्दो ७ को चिन्ह प्रयोग भएको छ । यहाँ बायाँ भुजा लामो भएको र दायाँ भुजाको तल्लो भागबाट एक सानो तेर्सो रेखा तानिएको डिको विहिन तत्कालीन त जस्तो चिन्ह प्रयोग भएको छ । लिच्छवि अभिलेखहरूमा तत्कालीन वक्र स्वरूपको त्र जस्तो अक्षरलाई प्रयोग गरिएको छ । मध्यकालीन अभिलेख र हस्तलिखित ग्रन्थहरूमा भने तत्कालीन

लिपिका गु, भु, ग्गु, श्रा, ण, पु, न्तु, त्तु आदि अक्षरहरूलाई नै ७ अङ्को रूपमा प्रयोग गरिएको छ ।

८ का अङ्क चिन्हहरू : आरम्भिक भारतीय अभिलेखहरूमा ८ का लागि क्रमश: ह्र, ह्रा, ह, हा, जस्ता अक्षरहरूको प्रयोग भएको छ । पछिल्लो समयका अभिलेखहरूमा भने तत्कालीन लिपिका उ, पु, ट, टा, र ब्र तथा द्रा जस्ता अक्षरहरूलाई पनि प्रयोग गरिएको छ । नेपालमा भने आरम्भिक अभिलेखहरूमा ड जस्तो वर्ण र पछिल्लो समयमा ग्रा अक्षरलाई ८ अङ्कको रूपमा प्रयोग गरिएको छ ।

९ का अङ्क चिन्हहरू : सुरुसुरुका भारतीय अभिलेखहरूमा कुनै पनि अक्षरसँग नमिल्ने स्वतन्त्र चिन्ह जस्तो ९ अङ्क चिन्ह प्रयोग भएको छ । पछिल्लो समयमा भने ब्राह्मी लिपिका परिवर्तित वा विकसित स्वरूपमा तत्कालीन उ तथा ॐ अक्षर जस्तो देखिने चिन्हको प्रयोग भएको पाइन्छ । नेपालमा लिच्छविकालका अभिलेखहरूमा आजभोलि प्रश्नचिन्हको रूपमा प्रयोग हुने चिन्ह जस्तो ९ अङ्कको प्रयोग भएको छ । मध्यकालका अभिलेख तथा हस्तलिखित ग्रन्थहरूमा भने तत्कालीन लिपिका लु, ड, तो, वा, डा, तथा डो जस्ता अक्षरहरूलाई ९ को रूपमा प्रयोग गरिएको पाइन्छ ।

१० का अङ्क चिन्हहरू : आरम्भमा कुनै पनि ब्राह्मी अक्षरसँग मेल नखाने स्वतन्त्र चिन्हलाई भारतीय अभिलेखहरूमा १० को रूपमा प्रयोग गरिएको छ । त्यहा पछिल्लो समयमा भने परिवर्तित लिपिका न्य(र्य), ह, हृ, ख, ठु एवं ठ अक्षरसँग मिल्दो चिन्हहरूको प्रयोग भएको छ. । नेपालमा लिच्छविकालका अभिलेखहरूमा तत्कालीन लिपिको ण्ट, णु, णृ र कतै णू सँग मिल्दा वर्णहरूलाई १० को रूपमा प्रयोग गरिएको छ ।

२० को अङ्क चिन्ह : २० अङ्कको लागि आरम्भदेखि नै थ अक्षरको प्रयोग भएको छ । पछिल्लो समयमा पनि परिवर्तित स्वरूपका थ हरूलाई नै प्रयोग गरिएको छ । नेपालमा पनि लिच्छवि लिपि र मध्यकालीन लिपिका थ वर्णहरूलाई नै २० अङ्कको रूपमा प्रयोग गरिएको छ ।

३० को अङ्क चिन्ह : ब्राह्मी र त्यसबाट विकसित भएका तत्तत् समयका ल वर्णलाई भारत र नेपालमा ३० अङ्क चिन्हको रूपमा लेखिएको पाइन्छ ।

४० को अङ्क चिन्ह : भारतका अभिलेखहरूमा ४० अङ्कको लागि प्त अथाव स अक्षरसँग मिल्दोजुल्दो चिन्हको प्रयोग भएको पाइन्छ । नेपालमा भने सम्बन्धित लिपिको प्त अक्षरलाई नै ४० को रूपमा प्रयोग गरिएको छ ।

५० को अङ्क चिन्ह : मौर्यकालीन अभिलेखदेखि यो प्रणालीको प्रयोग रहेसम्म ५० अङ्कको लागि ब्राह्मीका कुनै अक्षरसँग मेल नखाने स्वतन्त्र चिन्हको प्रयोग भएको छ । यो चिन्ह टुप्पाहरू भित्रतिर मोडिएको अंग्रेजी वर्णमालाको C अक्षरसँग मिल्दो देखिन्छ । कतै यो चिन्ह उल्टो किसिमले पनि लेखिएको छ । नेपालमा पनि सुरुदेखि नै यस्तै चिन्हको प्रयोग भएको छ ।

६० का अङ्क चिन्हहरू : भारतका अभिलेखहरूमा यसको लागि प, पु तथा प्र जस्ता अक्षरसँग मिल्दो जुल्दो चिन्हको प्रयोग भएको छ । नेपालमा भने सुरुदेखि नै तत्तत् लिपिका ह्रस्व चु वर्णसँग मिल्दो चिन्हलाई ६० को अङ्क चिन्हको रूपमा प्रयोग गरिएको छ ।

७० का अङ्क चिन्हहरू : यो चिन्ह भारतका पुरालेखन सामग्रीहरूमा सम्बन्धित लिपिका स, म, रो, मा, प्र हृ जस्ता अक्षरहरूसँग मिल्दो देखिन्छ । नेपालमा भने यसको लागि सम्बन्धित लिपिको दीर्घ चू वर्णलाई प्रयोग गरिएको छ । यहाँ अङ्कहरूका साथमा लेखिएको चु लाई ६० र चू लाई ७० पढ्ने गरिन्छ ।

८० को चिन्ह : यसको लागि कुनै वर्णहरूसँग नमिल्ने स्वतन्त्र चिन्हको प्रयोग गरिएको छ । यो चिन्ह माथिल्लो भाग केही भित्र पसेको वृत्तलाई आधा पार्ने गरी ठाडो रेखा कोरिएको चिन्ह जस्तो देखिन्छ । नेपालमा पनि सुरुदेखि नै यही चिन्ह प्रयोग गरिएको छ ।

९० को चिन्ह : यसको लागि पनि कुनै वर्णहरूसँग नमिल्ने विशेष चिन्हको प्रयोग भएको पाइन्छ । भारत र नेपालका अभिलेख तथा हस्तलिखित सामग्रीहरूमा वृत्ताकार चिन्हको भित्र ठाडो र तेर्सो रेखा तानिएको हुन्छ । कतिपय अभिलेखहरूमा वृत्तको परिधिको चारैतिर केही भित्र पसेको जस्तो पनि देखिन्छ ।

१०० को चिन्ह : सामान्यतया भारतका अभिलेखहरूमा सु तथा अ अक्षरलाई नै १०० को अङ्क चिन्हको रूपमा प्रयोग गरिएको छ । पछिल्लो समयमा यो चिन्ह तत्कालीन लिपिका लृ, से, स्रो, स्रों सँग पनि मिल्दोजुल्दो पाइएको छ । नेपालमा भने सुरुदेखि नै यो चिन्ह तत्कालीन लिपिको अ सँग मिल्दोजुल्दो रहेको छ । लिच्छवि अभिलेखमा यो चिन्ह डिको विहिन वर्तमान स वर्णसँग मिल्दो देखिन्छ । त्यसवेला अ वर्ण पनि यस्तै लेखिन्थ्यो ।

यस प्रणालीमा २०० र ३०० लेख्नका लागि सामान्यतया १०० को चिन्हमा एक वा दुई तेर्सो रेखा वा अङ्कुश थपिएको हुन्छ । यदि १०० को चिन्हमा

आकार जस्तै एक तेर्सो रेखा वा अङ्कुश थपिएको छ भने त्यसलाई २०० पढ्नु पर्दछ । भारतमा भने सुरुसुरुमा यसको लागि भिन्दै चिन्हको पनि प्रयोग हुने गरेको देखिन्छ । अशोकको अभिलेखमा २०० का लागि कुनै वर्णसँग नमिल्ने स्वतन्त्र चिन्ह प्रयोग भएको छ । कतिपय अभिलेखमा यो चिन्ह सु, आ, ला, तथा सू अक्षरसँग पनि समान देखिन्छ । पछिल्लो समयमा छुट्टै २०० चिन्ह प्रयोग नगरी १०० मा एक तेर्सो रेखा थपेर २०० बनाउन थालिएको हो । यसै गरेर १०० को चिन्हमा शीर्ष भागमा र मध्यभागमा दुई तेर्सो रेखा वा अङ्कुश थपिएको अवस्थामा यसलाई ३०० पढ्नु पर्दछ । नेपालका अभिलेखमा १०० को चिन्हमा एक वा दुई तेर्सो रेखा थपेर क्रममा २०० तथा ३०० को चिन्ह बनाइएको छ ।

१००० को चिन्ह : भारतका अभिलेखहरूमा यो चिन्ह तत्कालीन लिपिका **रो, धो, चु , वु** जस्ता अक्षरसँग मिल्दोजुल्दो देखिन्छ । नेपालका लिच्छवि र मध्यकालीन अभिलेखहरूमा यो अङ्कको प्रयोग भएको पाइँदैन । त्यसैले सुरुमा यो कस्तो लेखिन्थ्यो भन्ने थाहा हुन सकेको छैन । मध्यकालका हस्तलिखित ग्रन्थहरूमा भने यो अङ्क प्रयोग भएको पाइएको छ । शंकरमान राजवंशीले आफ्नो पुस्तकमा उल्लेख गरेको यो चिन्ह ८० को चिन्हमा तल्लो भागमा ऊकार लगाइएको जस्तो देखिएको छ (राजवंशी,१९७४,प्लेट १०१.) । काशिनाथ तमोटले भने पहिलो पटक नेपालका 'विद्युज्ज्वालाकराल' तथा 'सुवन्तरत्नाकार' हस्तलिखित ग्रन्थमा यो चिन्ह पाइएको र **थु** अक्षरलाई नै १००० को अङ्क चिन्हको रूपमा प्रयोग गरिएको बताएका छन्(तमोट,वि.सं.२०६९,पृ.६२) ।

५.१.२ सङ्ख्या लेख्ने विधि

यस पद्धतिमा प्रयोग हुने अङ्कका चिन्हहरूको विषयमा जानकारी भएपछि यसमा सङ्ख्याहरू कसरी लेख्ने गरिन्थ्यो भन्ने जान्नु आवश्यक देखिन्छ । किनभने यस पद्धतिमा आजभोलि प्रयोग हुने दसमलव पद्धतिमा भन्दा भिन्न तरिकाले सङ्ख्याहरू लेख्ने गरिन्थ्यो ।

एकाई मात्र हुने सङ्ख्याहरू लेख्नका लागि १ देखि ९ सम्मका सङ्ख्याहरू बुझाउने माथि उल्लेखित अलग चिन्हहरूको प्रयोग गरिन्थ्यो । नेपालका अभिलखेहरूमा यस्ता एक स्थानी सङ्ख्याहरूमात्र निकै कम प्रयोग भएका छन् । दस वा सय स्थानी सङ्ख्याका साथमा मात्र यिनको प्रयोग भएको छ । अंशुवर्माको संवत् ३२ उल्लेखित् हाँडीगाउँको अभिलेखमा भने देवीदेवाताहरूलाई राज्यको तर्फबाट रकम छुट्टाउने क्रममा पण र पुराण

उल्लेख गरिएका यस्ता एक स्थानी सङ्ख्याहरूको प्रशस्त प्रयोग भएको छ । यी सबैमा साधारण किसिमले १ देखि ९ सम्मका सङ्ख्या लेखिएका छन् ।

दसमानसम्मका सङ्ख्याहरू लेख्ने क्रममा यस प्रणालीमा विशेष विधि अपनाउने गरिएको छ । १० अङ्कको लागि स्वतन्त्र चिन्ह रहेको हुँदा थप चिन्हको आवश्यकता पर्दैन । सोही चिन्ह मात्र लेख्दा पुग्दछ । ११ देखि १९ सम्म लेख्नका लागि भने भिन्न तरिका अपनाइएको पाइन्छ । ११ लेख्नको लागि सर्वप्रथम १० को चिन्ह लेखेर त्यसको दायाँतर्फ १ को चिन्ह थप गरिएको हुन्छ । १२ लेख्नको लागि १० र २ लेखिएको छ । १३ का लागि १० र ३ लेखिएको छ । एवं रितले १० र ९ बाट १९ सम्मका सङ्ख्याहरू लेखिएको छ ।

२० को अलग चिन्ह हुन्छ भने २१ का लागि २० र १ को चिन्ह प्रयोग गरिएको छ । २२ लेख्नका लागि २० र २ को चिन्ह प्रयोग गरिएको छ । यही तरिकाले ९९ सम्मका सङ्ख्याहरू लेखिएका छन् । सम्झनुपर्ने कुरा के छ भने यहाँ दसमलव पद्धतिमा जस्तो ७ र ८ जोडेर ७८ लेखिँदैन । यसका लागि ७० को चिन्ह र ८ को चिन्हलाई साथमा लेखिएको हुन्छ । उदाहरणको लागि संवत् २९ लेख्नुपर्दा २० र ९ को चिन्ह लेखिएको छ । ३५ लेख्नुपर्दा ३० र ५ को चिन्ह लेखिएको छ । ४२ लेख्नु पर्दा ४० र २ को चिन्ह लेखिएको छ ।

शतमानसम्मका सङ्ख्याहरू लेख्नको लागि पनि यस्तै विधि अपनाइएको छ । सर्वप्रथम १००, २०० ३०० ४०० आदिका चिन्ह लेखिएको छ । ध्यान दिनुपर्ने कुरा के छ भने २०० र ३०० लेख्नका लागि १०० को चिन्हमा एक तथा दुईवटा तेर्सो रेखा थप गरिएको छ । ४०० भन्दा माथिका अङ्कका लागि भने १०० को चिन्ह अगाडि ४, ५ ६ आदि थपेर ४००, ५००, ६०० बनाइएको छ । यसरी शतमानको अङ्क लेखिसकेपछि दायाँतर्फ १०, २०, ३० आदि दशमानका चिन्हहरू लेखिएको छ र त्यसपछि मात्र एकाइका चिन्हहरू लेखिएको छ । उदाहरणको लागि मानदेवको चाँगु अभिलेखमा संवत् ३८६ लेख्नका लागि ३०० ८० ६ लेखिएको छ । वसन्तदेवको थानकोट अभिलेखमा संवत् ४२८ लेख्नकोलागि १०० ४ २० ८ लेखिएको छ । शिवदेव र अंशुवर्माको अभिलेखमा ५२६ लेख्दा १०० ५ २० ६ लेखिएको छ ।

शहस्रमानसम्मका सङ्ख्याहरू नेपालका अभिलेखमा पाइएको छैन । भारतमा प्राप्त अभिलेखहरूमा यस्तो हजारसम्मको सङ्ख्या लेख्दा पनि पहिले १००० को चिन्ह, त्यसपछि एकाइको चिन्ह त्यसपछि १०० को चिन्ह, त्यसपछि पुन: एकाइका चिन्ह, त्यसपछि दसमानका चिन्ह र अन्त्यमा पुन एकाइको चिन्ह

लेख्ने गरिएको पाइन्छ । उदाहरणको लागि ५८३९ लेख्नुपर्दा १००० ५ १०० ८ ३० ९ लेख्ने गरिन्थ्यो । मध्यकालमा लेखिएका नेपालका हस्तलिखित ग्रन्थहरूमा पनि यस्तै किसिमले लेखिएको देखिन्छ । यहाँको एक हस्तलिखित ग्रन्थमा १८०० लेख्नुपर्दा १००० १०० ८ लेखिएको (राजवंशी,१९७४, प्लेट १०१) छ । अर्को हस्तलिखित ग्रन्थ 'सुवन्तरत्नाकार' मा ११६० लेख्नुपर्दा १००० १०० ६० लेखिएको छ (तमोट,वि.सं.२०६९,पृ.६२) ।

लाखसम्मको स्थानमान हुने ठूला सङ्ख्याहरू भने अभिलेख तथा हस्तलिखित ग्रन्थहरूमा प्राप्त नभएको हुँदा कसरी लेख्ने गरिन्थ्यो भन्ने थाहा पाउन सकिएको छैन । यदि लेख्ने गरिएको भए लाख बुझाउने स्वतन्त्र चिन्हको प्रयोग गरी माथिकै पद्धितिबाट लेख्ने गरिएको हुनुपर्दछ भन्ने अनुमान मात्र गर्न सकिन्छ । तर लाखको कुनै चिन्ह भने अहिले सम्म प्राप्त भएको छैन ।

ठाडो लेख्ने विधि : नेपालका केही हस्तलिखित ग्रन्थहरूमा पृष्ठ सङ्ख्या लेख्ने क्रममा यो पद्धतिको वेग्लै प्रयोग पनि गरिएको पाइएको छ । जसमा ठाडो किसिमले सङ्ख्याहरू लेखिएको छ । सयमानको सङ्ख्या सबैभन्दा माथि लेखेर त्यसको तल दसमानको चिन्ह लेखिएको तथा सबैभन्दा तल एकाइका चिन्हहरू लेखिएका छन् । जस्तो ११२ लेख्नु पर्दा माथि १००, त्यसमुनि १० र सबैभन्दा तल २ को चिन्ह लेखिएको छ । तेर्सोको सट्टा ठाडो किसिमले सङ्ख्या लेख्ने यो तरिका अभिलेखहरूमा भने प्रयोग भएको छैन । मध्यकालका केही हस्तलिखित ग्रन्थहरूमा मात्र यसको प्रयोग भएको छ । यसरी सङ्ख्या लेख्दा एकाइको स्थानमा कुनै अङ्क नहुने अवस्थामा केही ग्रन्थहरूमा खालिठाउँमा ० को अङ्क लेखिएको पनि पाइएको छ । उदाहरणका लागि कुनै हस्तलिखित ग्रन्थहरूको पृष्ठ सङ्ख्या लेख्ने क्रममा १२० लेख्नुपर्दा १०० को चिन्हको मुनि २० को चिन्ह मात्र लेख्नुपर्नेमा सबैभन्दा माथि १००; त्यस मुनि २० र सबैभन्दा तल ० पनि लेखिएको छ । यहाँ ० को कुनै प्रयोजन देखिदैन । यस्तो परम्परा दसमलव पद्धतिको प्रयोग सुरु भैसकेको तर लेखनमा पुरानो परम्परा त्याग्न नसकेको संक्रमणकालमा अर्थात् मध्यकालमा देखिएको छ । प्राचीन लेखन पद्धति बिर्सेर पनि त्याग्न नसकेका लेखकहरूले अनावश्यक ० थपेर लेखेको यस कार्यलाई ओझाले 'मक्षिका स्थाने मक्षिका' (झिँगा च्यापिएर मरेका ठाउँमा झिँगा नै टाँसेर पुस्तक सार्ने व्यवहार) भनेका छन(ओझा,१९७१,पृ.१०९) ।

५.१.३ पद्धतिको नाम :

यस पद्धतिमा लेखिने अङ्कका चिन्हहरूमध्ये कतिपय चिन्हहरू तत्कालीन लिपिका स्वर, व्यञ्जन तथा संयुक्त वर्णका चिन्हहरूसँग मेल खाएको आधारमा

केही लिपिविद्हरूले यसलाई अङ्कलेखनको अक्षरात्मक पद्धति नाम दिएको पाइन्छ । काशीनाथ तमोटले आफ्नो लेखको शीर्षकमै 'सहस्रबोधक अक्षराङ्क' लेखेर (तमोट,वि.सं.२०६९,पृ.६२) यस पद्धतिलाई अक्षराङ्क पद्धति स्वीकार गरेको देखिन्छ । दिनेशचन्द्र रेग्मीले पनि केही अङ्क चिन्हहरूको तुलना कतिपय वर्ण या संयुक्ताक्षरसँग गर्न सकिएकाले अङ्क चिन्हहरूलाई अक्षरकै आधारमा बनेको मानेर यस पद्धतिलाई अक्षरात्मक पद्धति मान्नु ठीकै देखिन्छ भनेका छन् (रेग्मी,वि.सं.२०६०,पृ.२५१)। यस पद्धतिलाई अक्षराङ्क पद्धति मान्ने र यसमा प्रयोग हुने अङ्क चिन्हहरू अक्षरका चिन्हबाटै बनेका हुन् भन्ने विचार दृढतापूर्वक प्रस्तुत गर्ने विचारक भगवानलाल इन्द्राजी हुन् (ओझा,१९७१,पृ.१०५र१०६) । उनैलाई उधृत गर्दै जर्ज बुलरले पनि आफ्नो पुस्तकमा यस पद्धतिलाई अक्षरात्मक अङ्क पद्धति नाम दिएका छन्(Buhler, 1980,p97) । पुरालिपिविद्ले मात्र नभै कतिपय हस्तलिखित ग्रन्थहरूमा पनि अङ्कसूचक अक्षरादिको सूची प्रस्तुत गरेर विभिन्न अङ्क बुझाउने अक्षरहरूको सूची दिइएको पाइन्छ (ओझा,१९७१,पृ.१०७) । यसबाट यो अङ्क लेख्ने पद्धतिलाई अक्षरात्मक पद्धति भन्ने परम्परा जस्तै बन्न पुगेको देखिन्छ । मध्यकालतिर डिकोसहितका अक्षरहरू विकसित भै सकेपछि नेपालका लेखकहरू यही परम्परागत प्रभावले प्रभावित् भै यहाँ लेखिएका कतिपय लेखहरूमा अङ्क चिन्हहरूलाई पनि डिको दिएर अक्षरहरू जस्तै बनाउने गरेको देखिन्छ(ओझा,१९७१,पृ.१०७) । वास्तवमा यस पद्धतिका केही अङ्क चिन्हहरू तत्कालीन लिपिका संयुक्ताक्षरसँग सामान्य निकटता रहेको कारणले यस्तो विश्वास विकसित भएको हुनुपर्दछ । तर यसलाई अक्षरात्मक पद्धति भन्ने नाम दिनुअघि निम्न तथ्यहरूलाई पनि बिर्सन सकिदैन :

- **स्वतन्त्र चिन्हहरूको प्रयोग** : यस पद्धतिमा प्रयोग हुने करिब २० वटा अङ्क चिन्हहरू मध्ये १, २ ,३, ९(नेपालमा), ५०, ८० र ९० गरी जम्मा ७ वटा अङ्कका चिन्हहरू ब्राह्मी र त्यसबाट विकसित कुनै पनि लिपिका वर्णहरूसँग मिल्दैनन् । अर्थात् यी अङ्का चिन्हहरू कुनै अक्षर नभै स्वतन्त्र चिन्हहरू हुन् । अक्षरहरूबाटै अङ्क चिन्हहरूको निर्माण गरिएको भए यति धेरै चिन्हहरू अक्षरभन्दा भिन्न हुने थिएनन् । एक तिहाई चिन्हहरू अक्षरभन्दा भिन्न रहेको अवस्थामा यी चिन्हहरू अक्षरबाट बनाइएको हो भन्ने आधार देखिदैन ।

- **सग्लो अक्षरका चिन्हहरूको अभाव** : यसमा ८, २०, ३० र १०० गरी जम्मा चारवटा अङ्कका चिन्हहरू मात्र सग्लो अक्षरका चिन्हहरू रहेका

छन् । यीबाहेक कुनै पनि चिन्हमा सरल अक्षर प्रयोग भएको पाइदैन । धेरै अक्षरहरूमा मात्राहरू समेत मिसिएको ज्यादै जटिल संयुक्त अक्षरहरूका चिन्हहरू नै प्रयोग भएका छन् । अक्षरबाट चिन्ह बुझाउने प्रयास गरिएको भए यति ठूलो ब्राह्मी वर्णमालाका सरल अक्षरहरू नै २० वटा अङ्क चिन्हहरूका लागि प्रयाप्त थिए । यस्ता जटिल संयुक्त अक्षरका चिन्हहरू प्रयोग गर्नुपर्ने कुनै आवश्यकता देखिदैन । कतिपय संयुक्ताक्षरहरू त उच्चारण समेत गर्न नमिल्ने किसिमका देखिन्छ । भारतका केही अभिलेखहरूमा ५ अङ्कका लागि तॄा र १०० अङ्कका लागि र्सो अक्षरका चिन्हहरू प्रयोग भएका छन् (ओझा,१९७१,पृ.१०५र१०६) जसको उच्चारण गर्न समेत कठिन देखिन्छ । यति धेरै सरल र सग्ला अक्षर हुँदाहुदै यति जटिल अक्षरका चिन्ह बनाउने कुरा विश्वासिलो देखिदैन । यसले पनि यी अङ्क चिन्हहरू संयोगले मात्र कुनै संयुक्ताक्षरका चिन्हसँग मिल्न गएको हो कि ? भन्ने देखिन्छ ।

- **अक्षरसँग दुरुस्त मेल नखानु** : अक्षरका चिन्हसँग मिल्ने भनिएका अङ्क चिन्हहरू पनि दुरुस्त समान देखिदैन् । यी चिन्ह मोटामोटीरूपमा मात्र अक्षरसँग मिल्दो देखिएको हो । यस्तो समानता आजभोलिका अङ्क चिन्हहरू डिको हटाइएका अक्षरसँग तुलना गरेर २ र बाट, ३ रु बाट, ५ पु बाट, ६ र्द बाट, ७ उ बाट र ८ ट बाट बनेका हुन् भन्नु जस्तै हो (ओझा,१९७१,पृ.१०६) । आजभोलिको १ को चिन्ह वसँग, २ को रसँग, ३ को उसँग, ४ को आधा म सँग र ५ पुसँग मिल्ने भएको हुँदा यी अङ्क चिन्हहरू तत्तत् अक्षरबाट बनाइएका हुन् भन्नु र प्राचीन अङ्क प्रणालीका चिन्हहरू त्यसवेलाका अक्षरबाट बनेका हुन् भन्नु उस्तै कुरा हो जुन सत्यको नजिक देखिदैन । यसबाट पनि यी चिन्हहरू लेख्दै जाने क्रममा संयोगले मात्र अक्षरसँग निकट बन्न पुगेका हुन् भन्ने देखिन्छ ।
- **क्रमबद्धताको अभाव** : अक्षरका चिन्हहरूबाटै अङ्कका चिन्हहरू बनाइएको भए वर्णमालाका अक्षरहरू र अङ्कका चिन्हहरूको क्रम मिल्दो हुनुपर्ने हो । अर्थात् क को चिन्हबाट १, ख को चिन्हबाट २, ग को चिन्हबाट ३ र घ को चिन्हबाट ४ बनाइनुपर्ने हो । चिन्हहरूको यस्तो कुनै क्रम देखिदैन ।

माथि उल्लेखित तथ्यहरूलाई विचार गर्दा यी अङ्क चिन्हहरू अक्षरका चिन्हबाट बनेका थिएनन् भन्ने देखिन्छ । भारतीयहरूले जसरी स्वरवर्ण, व्यञ्जनवर्ण, व्यञ्जनमा स्वर मिसिने मात्रा तथा व्यञ्जनमा व्यञ्जन मिसिने

संयुक्ताक्षरका चिन्हहरूको निर्माण गरेका थिए त्यसै गरेर अङ्कका २० वटा अलग चिन्हहरू पनि बनाएका थिए र सङ्ख्या लेख्ने विशेष पद्धतिको पनि आविष्कार गरेका थिए भन्ने स्पष्ट हुन्छ । यो वास्तविकता पछिल्लो समयमा बिर्सदै गएको र लेखकहरूलाई अक्षरबाटै अङ्क चिन्हहरूको निर्माण भएको भ्रम पैदा भएको हुनुपर्दछ । यही भ्रमका कारणले उनीहरूले अङ्कका चिन्हहरूलाई पनि कुनै अक्षर वा संयुक्त अक्षरसँग मिल्दो बनाउँदै लगेको तथा अङ्क चिन्हहरूलाई पनि अक्षरमा जस्तै डिको लगाइदिन थालिएको हुनुपर्दछ । यसर्थ यस अङ्क लेखन पद्धतिलाई अक्षराङ्क पद्धति भन्नु उचित देखिदैन । सबैभन्दा पुराना लिखित सामग्रीहरूमा यही पद्धतिको प्रयोग भएको हुँदा यसलाई प्राचीन अङ्कलेखन पद्धति भन्नु नै उपयुक्त देखिन्छ ।

अङ्क चिन्हहरूको व्युत्पत्ति : प्राचीन अङ्कलेखन पद्धतिमा प्रयोग भएका अङ्क चिन्हहरू ब्राह्मी र त्यसबाट विकसित लिपिका अक्षरबाट व्युत्पत्ति भएको होइन भन्ने देखिएपछि यी चिन्ह कसरी उत्पत्ति गरिए वा भए भन्ने विषयमा पनि छलफल गर्नुपर्ने आवश्यकता देखिन्छ । यस सम्बन्धमा हालसम्म पनि प्रमाणित र भरपर्दो तथ्य प्राप्त हुन सकेको छैन । त्यसैले यसबारेमा विभिन्न विद्वानहरूका भिन्नभिन्न विचारहरू प्रस्तुत भएका छन् ।

सन् १८७८ मा बर्नेलले एक लेखमार्फत् ब्राह्मी लिपिका अङ्क चिन्हहरू 'इजिप्ट(मिश्र)को डेमोटिक अङ्कसँग सामान्य समानता रहेको हुँदा यिनको उत्पत्ति पनि सोही डेमोटिक अङ्क चिन्हहरूबाट नै भएको हुनसक्ने अनुमान गरेका छन् । साथै उनले यो अङ्कलेखन पद्धतिको समग्र विकास भने भारतीयहरूले नै गरेको बताएका छन् (उधृतः ओझा,१९७१,पृ.११०) । अर्का एक पुरालेखनविद् इ.सी. बेलेद्वारा लेखिएको 'वर्तमान अङ्कको वंशक्रम' नामक लेखमा भारतीय (प्राचीन) अङ्क शैलीको सिद्धान्त मिश्रको हिएरोग्लिफिक् अङ्कलेखनबाट निकालिएको तथा चिन्हहरू भने फोनेसियन, ब्याक्ट्रियन तथा अक्केडियन अङ्कका अक्षर(चिन्ह)हरूबाट ल्याइएको हो । तथापि यसलाई विदेशी उत्पत्ति नै हो भनी प्रमाणित गर्न भने नसकिने बताइएको छ (उधृतः ओझा,१९७१,पृ.११०)। यसको अर्थ प्रणाली र चिन्ह निर्माणमा बाहिरबाट अवधारणा प्राप्त गरे तापनि समग्र अङ्कलेखनमा भारतीयहरूको आफ्नो मौलिकता समेत रहेको छ भन्ने हो । प्रोफेसर कर्न पनि यी अङ्कहरू भारतीय ब्राह्मणहरूले नै उत्पत्ति गरेको कुरामा सहमत रहेका छन्(उधृतः ओझा,१९७१,पृ.११०) । यस्तै विवाद र भिन्न मतहरू रहेका कारणले सन् १९६९ मा यसै विषयमा 'Indian Numerals' शीर्षकमा पुस्तक लेख्ने डा.शोभना

लक्ष्मण गोख्ले पनि यसै निष्कर्षमा पुगी भारतीयको र सबै चिन्हहरू तथा यसअघिका विचारहरू सङ्कलनमा मात्र केन्द्रित रहेको देखिन्छ (Buhler,1986,p.x) ।

अहमद हसन दानीले पनि यस सम्बन्धमा भिन्न विचार प्रस्तुत गरेका छन् । उनले आफ्नो पुस्तक Indian Palaeographyको दोस्रो संस्करणको भूमिकामा यस विषयमा विस्तृत चर्चा गरेका छन् । उनका अनुसार यो भारतीयहरूकै मौलिक आविष्कार हो । ब्राह्मी तथा खरोष्ठी लिपिका अङ्कलेखन पद्धति तथा चिन्हहरूको विस्तृत समीक्षा गर्दै यो चार, दस, बीस र असीको एकाइमा आधारित पद्धति प्रमाणित गर्ने कोसिस गरेका छन् । उनले यी एकाई सम्बन्धी अवधारणा मानिसका अङ्गहरू जस्तै चार हातखुट्टा, दस वा बीस औंला आदिबाट ल्याइएको उल्लेख गरेका छन् (Buhler,1986,p.x) । उनले एकदेखि चारसम्मका अङ्क चिन्हहरू रेखाहरूबाट बनाइएको बाँकी पाँचदेखि ९ सम्मका र २० देखि ९० सम्मका अङ्क चिन्हहरू साथै १०० र १०००का सबै चिन्हहरू १० को चिन्हमा ठाडो, तेर्सो रेखाहरू थपथाप गरेर तथा १० कै दुई वा चारवटा चिन्हहरूलाई खप्टाएर निर्माण गरिएको बताएका छन् (Buhler,1986,p.x- xiii) । उनले १० को मौलिक चिन्ह भने अर्धवृत्त आकृतिबाट बनेको बताएका छन् । उनले उल्लेख गरेअनुसार यस प्रणालीको मुख्य एकाई १० नै हो । ५ देखि ९ सम्मका अङ्क चिन्हहरू दसबाट घट्दोक्रमको सिद्धान्तअनुसार बनेका छन् । २०, ३०, ४० आदि अङ्क चिन्हहरू दसकै गुणान क्रमको सिद्धान्त अनुसार निर्माण भएका छन् । जेहोस् उनले यी अङ्क चिन्हहरूको व्युत्पत्ति भारतीयहरूले नै गरेको कुरामा जोड दिएको देखिन्छ ।

यी विभिन्न विद्वानहरूका विचारहरूलाई संश्लेषण गरेर हेर्दा यसमा प्रयोग भएको अङ्कलेखन प्रणाली कतैबाट प्रेरणा लिएर भारतमै व्यवस्थित र विकसित गरिएको तथा अङ्कका चिन्हहरू भने आरम्भमा वर्ण चिन्हभन्दा भिन्न स्वतन्त्र चिन्हहरू प्रयोग गरिए तापनि कालान्तरमा लेखकहरूले यी चिन्हहरूलाई संयुक्त वर्णका चिन्हहरूसँग निकट तुल्याउँदै लगेको हुनसक्ने देखिन्छ । हजारौं वर्षको अन्तरालमा यी चिन्हहरू अक्षरका चिन्हहरूबाटै निर्माण गरिएको भ्रम उत्पन्न हुँदै गएको देखिन्छ ।

५.२ दशमलव अङ्क पद्धति (Decimal Numeral System)

० देखि ९ सम्मका जम्मा १० वटा सङ्ख्यासूचक अङ्क चिन्हहरूको प्रयोग गरेर आवश्यक पर्ने जुनसुकै सङ्ख्या लेख्न सकिने आधुनिक अङ्क प्रणालीलाई

दसमलव प्रणाली भनिन्छ । यसमा प्राचीन पद्धतिमा जस्तो प्रत्येक अङ्कको निश्चित अङ्कमान नभै एउटै अङ्कको पनि स्थानमान अनुसार अङ्क मूल्य भिन्नभिन्न हुने व्यवस्था रहेको हुन्छ । यस प्रणालीमा कुनै एउटा अङ्क लेखिएको स्थानबाट बायाँतर्फ सर्दैजाँदा सोही अङ्कको मूल्य १० गुणा बढ्दै जान्छ । त्यसैले यसलाई दसमलव पद्धति भनिएको हो । उदाहरणको लागि ८८८८ अङ्कमा सबैभन्दा दायाँतर्फको ८ को मुल्य ८ मात्र हो । त्यसपछि क्रमशः बाँया तर्फका ८ हरूको मूल्य क्रमशः ८०, ८०० र ८००० रहेको हुन्छ । अर्थात् प्रत्येक बायाँ तर्फका ८हरूको मूल्य १० गुणाका दरले बढ्दै जान्छ । यस विधिले जुनसुकै सङ्ख्या पनि यी १० वटा चिन्हहरूको आधारमा लेख्न सकिन्छ । हाल विश्वका अधिकांश स्थानमा यही प्रणालीको प्रयोग भएको देखिन्छ । त्यसैले यो वर्तमान समयको सर्वाधिक लोकप्रिय अङ्क लेखन प्रणालीको रूपमा स्थापित भएको छ ।

यो पद्धति प्राचीन अङ्कलेखन पद्धतिभन्दा धेरैपछि मात्र भारतमा प्रयोगमा आएको देखिन्छ । यहाँ यस प्रणालीका अनेकौ प्रयोगहरू भएका छन् । अङ्क चिन्हहरूबाट सङख्या लेख्ने पद्धतिमा, शब्दहरूबाट अङ्क बुझाउने पद्धतिमा र अक्षरहरूबाट अङ्क बुझाउने पद्धतिमा समेत यो दसमलव पद्धतिको प्रयोग भारतीय पुरालेखन सामग्रीहरूमा भएको पाइएको छ । अङ्कलेखनको यो वैज्ञानिक र व्यवस्थित पद्धति पनि भारतीयहरूकै आविष्कार मानिन्छ(ओझा,१०७१,पृ.११७) । त्यसैले भारतमा यसको प्राचीनता निकै पुरानो देखिन्छ । यद्यपि यो प्राचीन पद्धतिभन्दा पछि मात्र विकसित र प्रयोग गरिएको हो । भारतबाटै यो पद्धति अरब हुँदै युरोपसम्म फैलिएको थियो र विस्तारै यो विश्वव्यापी हुनपुगेको हो (उही) ।

भारतीय उप-महाद्वीपमा यो पद्धतिको आविष्कार कसले गरेको हो भन्ने थाह हुन सकेको छैन । कहिलेदेखि यसको प्रयोग थालियो भन्ने कुराको पनि यकिन हुन सकेको छैन । सर्वप्रथम बराहमिहरले रचना गरेको 'पंचसिद्धान्तिका' नामको ज्योतिष ग्रन्थमा शब्दाङ्क पद्धतिअनुसार अङ्क लेख्दा यो प्रणालीको प्रयोग भएको पाइएको छ । उदाहरणका लागि यस ग्रन्थमा १५० लाई 'ख तिथि' अर्थात् ० १५ लेखिएको छ(ओझा,१०७१,पृ.११५) । यो शब्दाङ्कलाई बायाँतर्फको गतिमा दसमलव पद्धतिअनुसार पढ्दा 'एकसय पचास' हुन्छ⊗। यो ग्रन्थ प्राचीन ज्योतिषाचार्यहरूका ज्योतिष सिद्धान्तहरूको सारसङ्ग्रह गरिएको

⊗ यस पद्धतिको विषयमा विस्तृत विवरण यसपछिको शब्दाङ्क पद्धतिमा दिइएको छ ।

ग्रन्थ हो । जसको रचना काल शक ४२७ अर्थात् सन् ५०५ मा भएको हो (ओझा,१०७१,पृ.११५) । यस ग्रन्थले पुरानो परम्परालाई दर्शाउने भएको हुँदा भारतमा दसमलव पद्धतिको प्रयोग भारतमा पाँचौं शताब्दीतिर भैसकेको थियो भन्ने सहजै अनुमान गर्न सकिन्छ* । यसरी ज्योतिषका ग्रन्थहरूमा प्रयोग भएको लामो समयसम्म पनि यो पद्धति भारतमा लोकप्रिय हुन नसकेको देखिन्छ । अभिलेख, दानपत्र र पुरालेखन ग्रन्थहरूको लेखनकार्यमा पुरानो परम्परा सहजै त्याग्न नसक्ने भारतीय पण्डितहरूको मनोविज्ञानका कारणले यी पुरालेखन सामग्रीहरूमा पनि प्राचीन अङ्क पद्धतिको प्रयोगलाई निरन्तरता दिएको देखिन्छ । दानपत्रमा दसमलव पद्धतिको पहिलो प्रयोग सातौं शताब्दीमा अर्थात् कलचुरी संवत् ३४६ (सन् ६९५) मा राखिएको र संखेडामा प्राप्त भएको गूर्जरवंशी कुनै राजाको दानपत्रमा भएको छ (ओझा,१०७१,पृ.११५) । यसमा अक्षरका साथसाथै अङ्कमा पनि दसमलव पद्धतिअनुसार ३४६ लेखिएको छ । यसपछि पनि केही शताब्दीसम्म भारतीय पुरालेखनमा यसको व्यापक प्रयोग भएन । सातौंदेखि दशौं शताब्दीसम्मका पुरालेखन सामग्रीहरूमा कतै प्राचीन प्रणाली र कतै यो दसमलव प्रणालीको प्रयोग भएको देखिन्छ । दसौं शताब्दीपछि भने अधिकांश पुरालेखन सामग्रीहरूमा अङ्क, शब्द र अक्षरहरूबाट लेखिने अङ्कहरूसमेत यही दसमलव प्रणलीबाट लेख्ने गरिएको पाइन्छ ।

भारतमा उत्पत्ति भएको यो अङ्क प्रणाली भारतमा लोकप्रिय नहुँदै अरव तथा युरोपसम्म विस्तार भएको थियो । *इन्साइक्लोपिडिया अफ ब्रिटानिका* नामको विश्वकोषमा उल्लेख भए अनुसार दसगुणोत्तर अङ्कक्रमको यो प्रणाली भारतमा उत्पत्ति भयो र ई.सं. ७३३ मा एक भारतीय राजदूतले यसलाई अरबको वग्दाद मा विस्तार गरे । नवौं शताब्दीमा प्रसिद्ध अवुजफर मुहम्मद अल खरिज्मीले अरवी भाषामा यसको विस्तृत विवेचना गरेपछि सम्पूर्ण अरब क्षेत्रमा यो लोकप्रिय बन्न पुग्यो । अरवहरूले स्पेनमा अधिकार कायम गरेपछि अरबबाट यो प्रणाली युरोप भित्रियो र १२ औं शताव्दीपछि युरोपमा पनि

* यो विचार ठोस प्रमाणको अभावमा केही विवादास्पद पनि रहेको छ । मि.के नामका विद्वानले भारतीयहरूले १० औं शताब्दीभन्दा पहिले दसमलव पद्धतिको प्रयोग जान्दैनथे भन्ने तर्क गरेको छन् भने गौरीशंकर हीराचंद ओझा पंजावको बख्शाली गाउँबाट प्राप्त भोजपत्र ग्रन्थमा प्रयोग भएको आधारमा यसको प्रयोग भारतमा इस्वीको आरम्भतिरबाट भएको बताएका छन् । हेर्नुहोस् (ओझ,१९७१पृ.११६) । त्यसैले वराहमिहरको पुस्तकलाई आधार मान्दा यो प्रणाली पाँचौ शताब्दीमा भारतमा पक्कै प्रचलनमा थियो भन्ने अनुमान गरिएको हो ।

लोकप्रिय बन्न पुग्यो (उधृतःओझा,१९७१,पृ.११८) । विस्तारै यो संसारभर फैलियो । नेपालमा कहिलेदेखि यो प्रणालीको प्रवेश भयो भन्ने यकिन हुन सकेको छैन । लिच्छविकालका अभिलेखहरूमा पूर्णरूपले प्राचीन अङ्क प्रणलीको प्रयोग भएको छ । यहाँ दसमलव पद्धतिको प्रयोग देखिएको छैन । मध्यकालका, केही नेपाल संवत्मा मिति उल्लेख भएका र शब्दाङ्क पद्धतिको प्रयोग भएका अभिलेखमा भने दसमलव पद्धतिको प्रयोग भएको पाइएको छ । हस्तलिखित ग्रन्थहरूमा शब्दाङ्क पद्धतिको प्रयोग गर्दा पनि यही दसमलव पद्धति नै प्रयोग भएको छ । यसर्थ नेपालमा यो पद्धति ११ औं शताब्दीपछि प्रवेश भएको देखिन्छ (रेग्मी,वि.सं.२०६०,पृ.२५३) भन्ने केही विद्वानहरूको विचार युक्तिसङ्गत नै देखिन्छ । बाह्रौं शताब्दीपछि लेखिएका नेपालका अभिलेख तथा पुरालेखन सामग्रीहरूमा अङ्क, शब्द तथा अक्षर पद्धतिमा समेत यसको प्रयोग लोकप्रिय हुँदै गएको देखिन्छ । त्यसैले प्राचीन अङ्क पद्धतिबाहेक अन्य अङ्क पद्धतिहरू जुन यसपछि चर्चा गरिएको छ ती सबैमा यही दसमलव पद्धतिको प्रयोग भएको देखिन्छ ।

५.३ शब्द अङ्क पद्धति (Word Numeral System)

भारतीय उप-महाद्वीपमा रचना गरिएका कतिपय पुरालेखन सामग्रीहरूमा शब्दहरूबाट अङ्क अभिव्यक्त गर्ने पद्धतिको प्रयोग गरिएको पाइएको छ । यस्तो पद्धतिलाई शब्दाङ्क पद्धति भनिन्छ । शंकरमान राजवंशीले कुनै वस्तुलाई कहने(सम्बोधन गर्ने) शब्दको पद प्रयोगद्वारा सङ्ख्या बुझाउने यस पद्धतिलाई अङ्कनिघण्टु* नाम दिएका छन् (राजवंशी,१९७४,पृ.३६) । हेमराज शाक्यले भने यसलाई भावार्थ अङ्क भनेका छन् (शाक्य,वि.सं.२०१७,पृ.११)। यस्तो शब्दाङ्क, भावार्थ अङ्क वा अङ्कनिघण्टु पद्धतिमा संसारमा निश्चित सङ्ख्या भएका वस्तु वा पदार्थको नांम लेखेर ती वस्तु वा पदार्थको सङ्ख्या बुझाउने गरी अङ्क लेखिन्छ । उदाहरणको लागि ० बुझाउन आकाश, १ बुझाउन पृथ्वी, २ बुझाउन नेत्र, ३ बुझाउन गुण आदि शब्दको प्रयोग गरिन्छ । किनभने आकाश शून्यको प्रतिक हो । पृथ्वी एकमात्र छ अर्थात् ब्रम्हाण्डमा दोस्रो पृथ्वी छैन । आँखा सबैका दुई मात्र हुन्छन् । पूर्वीय मान्यताअनुसार गुणहरू सत्व, रज र तम गरी तीनवटा मात्र हुन्छन् । यसमा कुनै एक अङ्कको लागि एक मात्र नभै सोही सङ्ख्याका अनेकौं वस्तु तथा पदार्थको

* संस्कृत भाषाका शब्दहरूका पर्यायवाची शब्दहरु सङ्ग्रह भएको प्राचीन कोशलाई निघण्टु भनिन्छ । यहाँ केही संस्कृत शब्द र तिनका पर्यायवाची शब्दहरूको प्रयोगबाट अङ्क बुझाउने पद्धतिलाई उनले अङ्कनिघण्टु भनेको देखिन्छ ।

नाम र ती नामका अनेकौं पर्यायवाची शब्दहरूको पनि प्रयोग गरिन्छ । भारत र नेपालमा यस्तो शब्दका माध्यमले अङ्क बुझाउने पद्धति निकै लामो समयसम्म प्रयोगमा रहेको थियो । पद्यमा रचना गरिएका नेपालका हस्तलिखित ग्रन्थहरूमा पनि यस्तो पद्धति प्रयोग गरिएको छ । त्यसैले पुरालेखनशास्त्रको अध्ययन गर्नेहरूका लागि यस्तो अङ्क लेखन पद्धतिको ज्ञान हुन जरुरी रहेको छ ।

शब्दाङ्क अर्थात् अङ्कनिघण्टु पद्धतिको प्रयोग विशेष गरेर ज्योतिषशास्त्रका ग्रन्थहरू, गणितका शास्त्रीय ग्रन्थहरू एवं अभिलेख तथा हस्तलिखित ग्रन्थहरूमा प्रयोग हुने तिथि मितिहरूमा समेत प्रयोग भएको पाइएको छ (Buhler,1986,p.103) । नेपालमा पनि धेरै लामालामा सङ्ख्या बुझाउने अङ्क लेख्नुपर्ने ज्योतिषशास्त्र र गणित सम्बन्धी हस्तलिखित ग्रन्थहरूमा यस्तो पद्धतिअनुसार अङ्क लेखिएको पाइन्छ । विशेष गरेर पद्यमा रचना गरिएका शास्त्रीय ग्रन्थहरूमा यस्तो पद्धतिको विशेष प्रयोग भएको छ ।

यस्तो अनौठो अङ्कलेखन पद्धति भारतीयहरूले किन प्रयोगमा ल्याए होलान् ? भन्ने प्रश्नको प्रमाणिक उत्तर प्राप्त नभए तापनि भारतीयहरूको श्रुति स्मृति परम्पराको पठनपाठन प्रणाली नै यसको कारण हुनसक्ने धेरैको अनुमान रहेको छ । भारतीय आर्यहरूमा वेदका मन्त्रहरूको अशुद्ध उच्चारणले यजमानहरूको विनाश हुनसक्छ भन्ने विश्वास रहेको थियो । त्यसैले पण्डितहरू वेदको सही उच्चारणलाई निकै जोड दिने गर्दथे । वेद पढ्नु भनेको त्यसलाई स-स्वर वाचन गर्दै त्यसका सम्पूर्ण ऋचाहरूलाई कण्ठस्थ पार्नु भन्ने बुझिन्थ्यो । यसबाट विस्तारै सबै वैदिक ग्रन्थहरूलाई मुखाग्र पार्ने परम्परा यहाँ विकसित भएको थियो । यसले गर्दा मुखस्थ विद्याको महिमा भारतीय क्षेत्रमा लोकप्रिय भैरहेको थियो । गद्यका ग्रन्थहरूभन्दा पद्यमा रचना गरिएका ग्रन्थ कण्ठ पार्न केही सजिलो हुन्थ्यो । त्यसैले अधिकांश ग्रन्थहरू पद्यमा नै रचना गरिन्थ्यो र पठनपाठन गराइन्थ्यो । यस्तो अवस्थामा ज्योतिष तथा गणित जस्ता धेरै अङ्क र लामा-लामा सङ्ख्याहरू समेत लेखिएका ग्रन्थहरू कण्ठस्थ गर्नु निकै चुनौतिपूर्ण मानिन्थ्यो । यही चुनौतिको सामना गर्न यस्ता ग्रन्थहरूलाई पनि पद्यमा अर्थात् छन्दबद्ध कवितामा भाष्यहरू तयार पार्न थालिएको थियो । अङ्क सहितका ग्रन्थहरूलाई पद्यमा लेख्न र तिनलाई छन्दमा आबद्ध गर्न सम्भव हुदैनथ्यो । त्यसैले भारतीयहरूले अङ्कलाई पनि शब्दमा लेख्ने परम्परा विकास गरेका थिए जसले गर्दा गणित र ज्योतिषका

ग्रन्थहरू पनि छन्दमा लेख्न सकियोस् । यसरी गणितलाई पनि पद्यमा लेख्ने प्रयास नै शब्दाङ्क पद्धतिको जन्मको प्रमुख कारण रहेको देखिन्छ ।

यस पद्धतिमा विभिन्न सङ्ख्या बुझाउन प्रयोग भएका शब्दहरू गौरीशंकर हीराचंद ओझाले आफ्नो पुस्तक(१९७१,पृ.१२०)मा ठूलो सङ्ख्यामा सङ्कलन गरेका छन् । उनले उल्लेख गरे अनुसार यी अङ्क बुझाउने साङ्केतिक शब्दहरू मानिसका अङ्गहरू, छन्द तथा तिनका चरणहरू अक्षरहरू, देवता, साहित्यका अङ्गहरू, ग्रह, नक्षत्र आदि संसारका अनेक निश्चित पदार्थका सङ्ख्याद्वारा कल्पना गरिएका छन् । सामान्यतया यी प्रयोग अङ्कबुझाउने शब्दहरू संस्कृत भाषामा दिइएको पाइन्छ र ती निम्न अनुसार रहेका छन्* ।

०: शून्य, ख, गगन, आकाश, अंबर, अभ्र, वियत् , व्योम, अंतरिक्ष, नभ, पूर्ण, रंध्र आदि ।

१: आदि, शशि, इंदु, विधु, चन्द्र, शीतांशु, शीतरश्मी, शोम, शशांक, शुधांशु, भू, भूमि, क्षिति, धरा, उर्वरा, गो,
बसुंधरा, पृथ्वी, धरणी, वसुधा, इला, कु, मही, रूप, पितामह, नायक, तनु आदि ।

२: यम, एमल, अश्विन, नासत्य, दस्र, लोचन, नेत्र, अक्षि, दृष्टि, चक्षु, नयन, ईक्षण, पक्ष, बाहु, कर, कर्ण, कुच, ओष्ठ, गुल्फ, जानु, जंधा, द्वन्द्व, युगल, युग्म, कुटुंव, रविचन्द्रौ, आदि ।

३: राम, गुण, त्रिगुण, लोक, त्रिजगत्, भुवन, काल, त्रिकाल, त्रिगत, त्रिनेत्र, सहोदराः, अग्नि, दहन, तपन, हुताशन,
ज्वलन, शिखिन्, कृशानु, होतृ, आदि ।

४: वेद, श्रुति, समुद्र, सागर, अब्धि, जलधि, उदधि, जलनिधि, अंबुधि, केंन्द्र, वर्ण, आश्रम, युग, तुर्य, कृत, आय, निशा, वंधु, कोष्ठ, आदि ।

५: वाण, शर, सायक, इषु, भूत, वर्ण, प्राण, पांडव, अर्था, विषय, महाभूत्, इन्द्रिय, रत्न आदि ।

* यहाँ उल्लेख गरिएका सबै अङ्क बुझाउने शब्दहरू गौरीशंकर हीराचंद ओझाको पुस्तक 'प्राचीन भारतीय लिपिमाला'(१९७१) पुस्तकको पृ.१२० बाट साभार गरिएको हो ।

६: रस, अङ्ग, काय, प्राण, गात्रार्थ, दर्शन, राग, अरि, शास्त्र, तर्क, कारक आदि ।

७: नग, अग, भूभृत्, पर्वत, शील, अद्रि, गिरि, ऋषि, मुनि, अत्रि, वार, स्वर, धातु, अश्व, तुरग, बाजि, छन्द, धी, कलत्र आदि ।

८: वसु, अहि, नाग, गज, दंति, दिग्गज, हस्तिन, मातंग, कुंजर, द्वीप, सर्व, तक्ष, सिद्धि, भूति,अनुष्टुप,मंगल,आदि ।

९: अङ्क, नन्द, निधि, ग्रह, छित्र, द्वार, गो, पवन आदि ।

१०: दिश, दिशा, आशा, अंगुलि, पङ्क्ति, कुकुभ, रावणशिरम, अवतार, कर्मन् आदि ।

११: रुद्र, इश्वर, हर, ईश, भव, भर्ग, शूलिन्, महादेव, अक्षौहिणी, आदि ।

१२ : रवि, सूर्य, अर्क, मार्तंड, भानु, आदित्य, दिवाकर, मास, राशि,व्यय, आदि ।

१३: विश्वेदेवा:, काम, अतिजगती, अघोष आदि ।

१४: मनु, विद्या, इन्द्र, शक्र, लोक, आदि ।

१५: तिथि, घस्र, दिन, अहन्, पक्ष आदि ।

१६: नृप, भूप, भूपति, अष्टि, कला आदि ।

१७: अत्यष्टि, मेघ आदि ।

१८: धृति ।

१९: अतिधृति ।

२०: नख, कृति ।

२१: उत्कृति, प्रकृति, स्वर्ग ।

२२: कृति जाति,

२३: विकृति ।

२४:गायत्री, जिन, अर्हत्, सिद्ध आदि ,

२५: तत्त्व ।

२७: तक्षत्र, उडु, भ आदि । :

३२: दन्त, रद आदि ।

३३: देव, अमर, त्रिदश, सुर आदि ।

४०: नरक ।

४८: जगती ।

४९: तान । आदि र यी शब्दहरूवाहेक अन्य कतिपय समानार्थी र पर्यायवाची शब्दहरूलाई पनि अङ्कको रूपमा प्रयोग गरिएको पाइन्छ ।

लेखन पद्धति : यो पद्धतिमा शब्दहरूले प्रकट गर्ने अङ्कलाई बायाँबाट पढ्नु पर्दछ । अङ्कहरूको लेखन गति अक्षरहरूको भन्दा उल्टो अर्थात् दायाँबाट बायाँतर्फ अघि बढ्ने किसिमको हुन्छ भन्ने मान्यतामा आधारित रहेको हुन्छ । यहाँ 'अङ्कानां बामतो गति' अर्थात् अङ्कहरूको बायाँतर्फ अघि बढ्ने गति हुन्छ भन्ने मान्यताअनुसार लेखिएको हुन्छ । उदाहरणको लागि कतै अङ्क लेख्ने क्रममा 'पृथ्वी-वेद' अर्थात् १ ४ लेखेको रहेछ भने दायाँ तर्फबाट ,बाँयातर्फ पढ्नुपर्ने नियम अनुसार चौध नपढी एकचालीस पढ्नु पर्दछ । ख-शशि-नेत्र (० १ २) लेखिएको भए यसलाई २१० पढ्नु पर्दछ । माथि उल्लेखित उदाहरणबाटै स्पष्ट भएको हुनुपर्दछ कि यो पद्धति प्राचीन अङ्क पद्धति नभै आजभोलि प्रयोगमा आउने दसमलव पद्धतिअनुसार लेखिने प्रणाली हो । यहाँ सबैभन्दा बाँयातर्फको शब्दले एकाइ बुझाउँछ । त्यसपछि क्रमश: दाँया तर्फका शब्दहरू दस, सय र हजार स्थानमानमा लेखिएका हुन्छन् । उदाहरणको लागि 'भूमि-नाग-निधि-लोक' शब्दहरूले १ ८ ९ ३ बुझाउँछन् र यसलाई बायाँतर्फ गति हुने गरी पढ्दा ३,९८१ (तीनहजार नौसय एकासी) पढ्नु पर्दछ । यसर्थ यहाँ लोक हजारको स्थानमा निधि सयको स्थानमा नाग दसको स्थानमा र भूमि एकको स्थानमा रहेको मानिन्छ । यसर्थ यसलाई पढ्नको लागि सर्वप्रथम शब्दलाई अङ्कमा ढाल्नुपर्दछ । त्यसपछि अङ्कहरूलाई दायाँबाट बाँयातर्फ हुने गरी उल्टाउनु पर्दछ । त्यसपछि दसमलव पद्धतिअनुसार सङ्ख्या पढ्नु पर्दछ ।

उदाहरणका लागि पञ्चसिद्धान्तिक(४:४४) ग्रन्थमा १४४०० लेख्नको लागि ख (०), ख (०), वेद (४), समुद्र (४) शितारश्मय(१) लेखिएको छ । यसै गरेर सोही ग्रन्थको (९:९)मा २१,६०० को लागि ख(०) ख(०) आस्ती(१६) यम(२) लेखिएको छ (Buhler,1980,p.105) ।

नेपालमा यस पद्धति अनुसार शिलापत्रमा संवत्का केही वर्षहरूको उदाहरण दिनेशचन्द्र रेग्मीको आधारभूत प्राचीन पुरालेखन र अभिलेख(वि.सं.२०६०,पृ. २५२-५३)मा निम्नानुसार प्रस्तुत गरिएका छन् :

संवत्सरवेदाब्धिचन्द्रे = वेद ४, अब्धि(समुद्र) ४, चन्द १ अर्थात् यसलाई बाँयातर्फ पढ्दा = १४४

आकाशनयनदहन = आकाश ०, नयन २, दहन ३ अर्थात् यसलाई बाँयातर्फ पढ्दा = ३२०

भुजग्रहाक्षिगुणिते = भुजा २, ग्रह ९ अक्षि (आँखा) २ अर्थात् यसलाई बाँयातर्फ पढ्दा = २९२

ऋतुग्रहसमायुक्ते संवत्सरशतद्वये = ऋतु ६, ग्रह ९, शतद्वये २०० अर्थात् यसलाई बाँयातर्फ पढ्दा= २९६

संवत्सरयुगे जाते चन्द्रवह्निसमन्विते = युग ४, चन्द्र १, वह्नि ३ अर्थात् यसलाई बाँयातर्फ पढ्दा = ३१४

गुणषड्वह्नि = गुण ३, षड् ६, वह्नि ३ अर्थात् बाँयातर्फ पढ्दा = ३६३

खस्वरखरै = ख ०, स्वर ७, खर ७ अर्थात् बाँयातर्फ पढ्दा = ७७०

माथि उल्लेख गरिएका बाहेक मध्यकालमा लेखिएका र नेपाल संवत्मा तिथि मिति उल्लेख भएका केही अभिलेखहरूमा पनि यस्तो शब्दाङ्क पद्धतिबाट मिति उल्लेख गरिएको छ । यी अभिलेखमा उल्लेखित मिति निम्ननुसार रहेका छन्(शाक्य,वि.सं.१०१७,पृ ११) ।

स्वयंभुस्थानको अभिलेखमा ने.सं. ७७० लेख्नको लागि **खमुनिगिरि** लेखिएको छ ।

शान्तिपुरस्थानको अभिलेखमा ने.सं. ७७८ लेख्नको लागि **बसुहयमुनि** लेखिएको छ ।

पशुपति स्थानको अभिलेखमा ने.सं. ५८८ लेख्नको लागि **नागेबसौमदनबाण** लेखिएको छ ।

पशुपति बालसुकी अभिलेखमा ने.सं. ७७० लेख्नको लागि **आकाशसूर्यबाह्रमुनि** लेखिएको छ ।

कमलाछिटोलको अभिलेखमा ने.सं.७७१ लेख्नको लागि **भूमिअश्वमुनि** लेखिएको छ ।

मखवहिलको अभिलेखमा ने.सं. १०३० लेख्नको लागि **खवन्हिखेन्दु** लेखिएको छ ।

विष्णुमतिपारिको अभिलेखमा ने.सं. ८३७ लेख्नको लागि **मुनिभुवनबसु** लेखिएको छ ।

इचांगुनारायणको अभिलेखमा ने.सं. ३२० लेख्नको लागि **आकाशमयनदहने** लेखिएको छ ।

पाटनबलिमको अभिलेखमा ने.सं.२९२ लेख्नको लागि **भुजग्रहाक्षि** लेखिएको छ ।

कुम्भेश्वर स्थानको अभिलेखमा ने.सं. ९०३ लेख्नको लागि **गुणविन्दुनन्द** लेखिएको छ ।

स्वयंभुस्थान अभिलेखमा ने.सं. ७२४ लेख्नको लागि **वेदयुग्माचल** लेखिएको छ ।

पिंवहाल अभिलेखमा ने.सं. ४७७ लेख्नको लागि **मुनिनगजलधौ** लेखिएको छ ।

मंगलबजारको अभिलेखमा ने.सं. ६८६ लेख्नको लागि **ऋतुवसुरस** लेखिएको छ ।

पशुपतिको अभिलेखमा ने.सं. ७९९ लेख्नको लागि **ग्रहनिधितुरगै** लेखिएको छ ।

५.४.अक्षर अङ्क पद्धति (Letter Numeral System)

भारतीय उपमहाद्वीपमा लेखिएका कतिपय पुरालेखन सामग्रीहरूमा अक्षरहरूबाट पनि अङ्क लेख्ने पद्धतिको प्रयोग गरिएको पाइन्छ । यसलाई अक्षराङ्क पद्धति भनिन्छ । हुन त प्राचीन अङ्कलेखन पद्धतिमा प्रयोग भएको केही अङ्क चिन्हहरू तत्कालीन अक्षरहरूसँग मिल्दो जुल्दो देखिएको आधारमा केही विद्धानहरू त्यसलाई पनि अक्षराङ्क पद्धति भन्ने गर्दछन् । तर केही अङ्क चिन्हहरू संयोगले अक्षरसँग मेल खाए तापनि यो अक्षराङ्क पद्धति थिएन भन्ने विषयमा यसअघि नै स्पष्ट पारिएको छ । यहाँ उल्लेख गर्न खोजिएको अक्षराङ्क पद्धति भने ब्राह्मी लिपि र त्यसबाट विकसित लिपिका स्वर तथा व्यञ्जन वर्णहरूलाई नै अक्षरको रूपमा प्रयोग गरिने पद्धति हो ।

ज्योतिष तथा गणितका पद्यात्मक ग्रन्थहरूमा छन्दबद्ध श्लोक निर्माण गर्दा अङ्क बुझाउने शब्दहरूको प्रयोग गर्नु निकै जटिल मानिन्थ्यो । यसबाट छन्दका सूत्रहरू भङ्ग हुने र सुन्दर पद्य निर्माण गर्न नसकिने हुन्थ्यो । यस कठिनाइबाट मुक्ति पाउन भारतीय ब्राह्मणहरूले अक्षरबाट अङ्क बुझाउने पद्धतिको विकास गरेको विश्वास गरिन्छ । यस पद्धतिले ज्योतिष तथा गणितका छन्दबद्ध पद्यात्मक ग्रन्थहरूमा अङ्क लेख्न निकै सजिलो हुने गर्दथ्यो । ठूलाठूला सङ्ख्याहरू लेख्नुपर्ने ग्रन्थहरू पनि यस पद्धतिले गर्दा कवितामा लेख्न सकिन्थ्यो । त्यसवेलाको श्रुति स्मृति परम्पराको पठनपाठन अनुसार कण्ठ गर्न पनि सहज हुने गर्दथ्यो ।

अक्षराङ्क पद्धतिको सामान्य प्रयोग पाणिनीको अष्टाध्यायी ग्रन्थमा नै भएको देखिन्छ(ओझा,१९७१,पृ.१२४) । तर त्यसबेला त्यसको प्रयोग व्यवस्थित र व्यापक भने थिएन । यस पद्धतिलाई व्यवस्थितरूपमा विकास गर्ने र प्रयोग गर्ने व्यक्ति आर्यभट प्रथम थिए । [illegible] ज्योतिषशास्त्रका ग्रन्थहरूमध्ये सर्वप्रथम उनले सन् ४९९ मा रचना गरेको आर्यभटीय (आर्यसिद्धान्त) ग्रन्थमा नै अक्षराङ्क पद्धतिलाई व्यवस्थितरूपमा प्रयोग गरिएको छ । यस ग्रन्थमा निम्न अक्षरहरूलाई निम्नानुसारका अङ्कहरू हुने बताइएको छ (ओझा,१९७१,पृ.१२२) :

क् = १,	ख् = २,	ग् = ३,	घ् = ४,	ङ् = ५,
च् = ६,	छ् = ७,	ज् = ८,	झ = ९,	ञ् = १०,
ट् = ११,	ठ् = १२,	ड् = १३,	ढ् = १४,	ण् = १५,
त् = १६,	थ् = १७,	द् = १८,	ध् = १९,	न् = २०,
प = २१,	फ् = २२,	ब् = २३,	भ् = २४,	म् = २५,
य् = ३०,	र् = ४०,	ल् = ५०,	व् = ६०,	श् = ७०
ष् = ८०	स् =९०,	ह = १००		

अ = १,

इ = १००,

उ = १०,०००,

ऋ = १०,००,०००,

लृ = १०,००,००,०००,

ए = १०,००,००,००,०००

ऐ = १०,००,००,००,००,०००

ओ = १०,००,००,००,००,००,०००

औ = १०,००,००,००,००,००,००,०००

यस प्रणालीमा स्वर वर्णहरूमा ह्रस्व र दीर्घ स्वरको कुनै महत्त्व हुँदैन । अर्थात् दीर्घ ई र ह्रस्व इ दुवैको मान १०० हुन्छ । त्यसै गरेर व्यञ्जन वर्णहरूमा स्वररहित हलन्त वर्णले मात्र १, २, ३ आदि सङ्ख्या बुझाउने गर्दछन् । ठूलाठूला अङ्क लेख्नको लागि व्यञ्जन वर्णमा स्वर वर्णहरूको गुणन

गरिन्छ । अर्थात् मात्रा लागेका मिश्रित वर्णहरूमा व्यञ्जन वर्णमा स्वर वर्णको गुणन गरिन्छ । व्यञ्जनमा व्यञ्जन मिसिने संयुक्ताक्षरमा भने दुई व्यञ्जन वर्णहरूको योग गरिन्छ । यी व्यञ्जन वर्णमा अन्य कुनै मात्राहरू थपिएमा ती मात्रा जनाउने स्वरले गुणन हुन जान्छ ।

उदाहरणको लागि क = (क् X अ) १ X १ = १

की = (क X इ) १ X१०० = १००

कु = (क Xउ) १ X१०००० =१००००,

गृ =(ग Xऋ) ३ X१०००००० = ३००००००

ङि = (ङ Xइ) ५ X १०० = ५००

बु =(ब Xउ) २३ X१०००० = २३००००

यस पद्धतिमा संयुक्ताक्षर भएमा दुई हलन्त वर्णको प्रयोग गर्नुपर्दछ । यदि मात्रा मिसिएको संयुक्त वर्ण भएको अवस्थामा दुवै हलन्त व्यञ्जनलाई मात्राले गुणन गरेर मिसिएका व्यञ्जनको योग गर्नुपर्दछ । अर्थात् स्वरले गुणन गरेर दुई व्यञ्जनको योग गर्नुपर्दछ । उदाहरणको लागि :

क्य् = (क् +य्) १+३० = ३१

ख्य =(ख् +य Xअ) २ +३० X१) = ३२,

घृ =(घ Xऋ)४ X१०००००० = ४००००००

ख्यु = (ख् Xउ + य् X

उ) (२ X१००००+३० X१००००) = (२००००+३०००००) = ३२००००

'ख्युघृ' = ३२००००+४०००००० = ४३२००००

यस पद्धतिमा कहिलेकाहीं एउटै अङ्क व्यक्त गर्नका लागि भिन्नभिन्न अक्षर वा संयुक्त अक्षरहरू पनि प्रयोग भएका हुन सक्छन् । उदाहरणको लागि ३० जनाउनको लागि एउटै अक्षर 'य्' पनि प्रयोग भएको हुनसक्छ अथवा यही ३० जनाउन 'ङ्म्' (५+२५) अक्षरको पनि प्रयोग भएको हुन सक्दछ । यसै गरेर 'ङ्'ले ५+१ = ६ बुझाउँछ भने यही ६ बुझाउनका लागि 'च' अक्षरको पनि प्रयोग गरिन्छ ।

यो अङ्क प्रणाली ज्योतिषाचार्यहरूका लागि निकै उपयोगी रहेको थियो । किनभने यसबाट ज्यादै थोरै वर्णहरूको प्रयोग गरेर निकै ठूलाठूला सङ्ख्याहरू

पनि लेख्न सकिन्थ्यो । तर यो पछिल्लो समयमा त्यति लोकप्रिय हुन सकेन । पछिल्लो समयका ज्योतिषाचार्यहरूले नै यो प्रणाली त्याग गर्दै गए । अभिलेख तथा अन्य पुरालेखन सामग्रीहरूमा त यसको प्रयोग खासै हुन सकेन । अङ्क बुझाउने यी अक्षर वा संयुक्ताक्षरहरू उच्चारण गर्दा त्यति कर्णप्रिय हुँदैनथे । जस्तो ४३२०००० बुझाउने **ख्युघृ** , ५७७५३३३६ बुझाउने **चयगियिङुशुछ्लृ** , १५८२२३७५०० बुझाउने **ङिशिबुण्लृख्षृ** जस्ता अक्षरहरू (ओझा,१९७१,पृ.१२२) उच्चारण गर्न समेत कठिन हुने खालका थिए । यही कठिनाइका कारणले यो अक्षराङ्क पद्धति प्रचलनबाट हट्दै गएको हुनसक्दछ । यसको विशेष प्रयोग दक्षिण भारतमा भएको थियो (Buhler,1980, p:106) । त्यसैले नेपालका अभिलेखहरूमा यस्तो अङ्क प्रणालीको प्रयोग भएको छैन । हस्तलिखित ग्रन्थहरूमा पनि यो प्रणालीको उपयोग भएको उदाहरण त्यति पाइदैनन् ।

अक्षरहरूबाटै अङ्क लेख्ने दोस्रो पद्धति पनि भारतीय उपमहाद्वीपमा प्रचलनमा रहेको थियो । यो पद्धतिलाई 'कटपयादि' अक्षराङ्क पद्धति भन्ने प्रचलन रहेको छ । यस प्रणालीमा क, ट, प तथा य अक्षरहरू १ को अङ्क बुझाउन प्रयोग गरिन्छ । त्यसैले यसको यस्तो नाम रहेको हो । यो पद्धति ११ औं शताब्दी आसपासमा आर्यभट द्वितीयले प्रचलनमा ल्याएका थिए (ओझा,१९७१,पृ.१२२) । उनको आर्य सिद्धान्त मा १ देखि ९ सम्मका तथा ० अङ्क बुझाउन निम्न अक्षरहरूको व्यवस्था गरिएको छ ।

१	क्	ट्	प्	य्
२	ख्	ठ्	फ्	र्
३	ग्	ड्	ब्	ल्
४	घ्	ढ्	भ्	व्
५	ङ्	ण्	म्	श्
६	च्	त्	ष्	
७	छ्	थ्	स्	
८	ज्	द्	ह्	
९	झ्	ध्		
०	ञ्	न्		

यस प्रणालीमा अङ्क लेख्ने मुख्य दुई विधिहरू प्रयोगमा रहेको पाइएको छ । पहिलो विधिमा केवल स्वररहित व्यञ्जन वर्णको मात्र अङ्कसूचक मूल्य रहेको मानिन्छ । यी व्यञ्जनका साथमा मिसिएर आउने स्वरवर्णको (मात्राहरूको) कुनै पनि मूल्य हुँदैन अर्थात् यी ० सूचक मानिन्छन् । उदाहरणका लागि 'कनकणै' =१०१५ हुन्छ । यहाँ णै अक्षरमा ण को मात्र मूल्य रहेको छ । ऐकारको कुनै अतिरिक्त अङ्क मूल्य रहेको हुँदैन । यदि व्यञ्जनमा व्यञ्जन मिसिएको संयुक्त व्यञ्जन अर्थात् संयुक्त अक्षर लेखिएको अवस्थामा

भने प्रत्येक व्यञ्जनको अलगअगल अङ्क सूचक मूल्य रहेको हुन्छ । जस्तै '**क्य**' = ११ हुन्छ । यहाँ क र य दुवैको अलग अलग १ अङ्क मुल्य रहेको मानिन्छ । यो पहिलो विधि भारतमा दसमलव पद्धतिको प्रचलन व्यापक लोकप्रिय रहेको अवस्थामा आविष्कार गरिएको थियो । त्यसैले यहाँ अङ्कहरू आधुनिक दसमलव पद्धतिअनुसार लेखिन्छन् । यसमा '**अङ्कानां बामतो गति**' भन्ने भारतीय प्राचीन मान्यतालाई समेत अनुसरण गरिएको हुँदैन । अर्थात् यहाँ अङ्क बुझाउने अक्षरहरूलाई पनि क्रमशः बायाँबाट दायाँतर्फ नै लेख्ने गरिएको हुन्छ । अर्थात् पढ्दा उल्टो बनाउनु पर्दैन । उदाहरणको लागि '**कणघझझझिला**' को अङ्क मूल्य १५९९९९३ हुन्छ । यस पद्धतिमा यसलाई उल्टो बनाएर अर्थात् दायाँबाट बायाँतर्फ पढ्नु पर्दैन् । आधुनिक दसमलव पद्धतिअनुसार नै पढ्नु पर्दछ । यसै अनुरूप भारतका केही पुरालेखन सामग्रीहरूमा ७२९ लेख्नको लागि '**सरधै**' लेखिएको, १० लेख्नको लागि '**कन**' लेखिएको, २० लेख्नको लागि '**खेनै**' लेखिएको र ५८१७०९ लेख्नको लागि '**मुदयसिनघ**' लेखिएका उदाहरणहरू पाइन्छ(ओझा,१९७१,पृ.१२३) ।

भारतमा केही पछिल्लो समयमा भने यही 'कट्पयादि' अक्षराङ्क पद्धतिलाई नै वेग्लै किसिमले प्रयोग गरिएको पाइएको छ । यसमा पनि व्यञ्जन वर्णमा मिसिएको स्वरवर्णको कुनै महत्त्व हुँदैन तर संयुक्त व्यञ्जन वर्णहरूमा भने अन्तिम व्यञ्जन वर्णको मात्र मूल्य हुन्छ अन्य जोडिएका व्यञ्जनको कुनै मूल्य हुँदैन । उदाहरणको लागि 'त्व'को मुल्य ४ मात्र हुन्छ । यसमा जोडिएको त को कुनै मुल्य हुँदैन । 'न्त्या' को अङ्कमुल्य १ मात्र हुन्छ । अन्तिम वर्ण **य** बाहेक यसमा जोडिएका **न** र **त** को कुनै मूल्य हुँदैन । यो पछिल्लो वा दोस्रो पद्धतिमा भने अङ्क बुझाउने अक्षरहरूलाई दायाँबाट बाँयातर्फ पढ्नुपर्ने परम्परा कायम गरिएको पाइएको छ । अर्थात् यी अक्षरहरूलाई उल्टो बनाएर पढ्नुपर्ने हुन्छ । जस्तो भारतका केही शिलालेखमा संवत् लेख्ने क्रममा शक संवत् १४४२ लेख्नको लागि '**राघवाय-२४४१**' लेखिएको छ(ओझा,१९७१,पृ.१२३) । यसलाई दायाँबाट बाँयातर्फ पढ्दा मात्र १४४२ हुन्छ । यसै गरेर एक दानपत्रमा १३४६ लेख्नको लागि '**तत्वलोके-६४३१**'लेखिएको छ भने एक पुस्तकमा १५६५१३२ लेख्नको लागि '**खगोन्त्यान्मेषमाये-२३१५६५१**' लेखिएको छ (ओझा,१९७१,पृ.१२३) ।

दक्षिण भारतको मालवार तथ तेलुगु प्रदेशमा पुस्तकको पृष्ठ लेखनमा माथि उल्लेख गरिएको बाहेक अर्कै किसिमको अक्षराङ्क पद्धतिको पनि प्रयोग भएको पाइएको छ (ओझा,१९७१,पृ.१२३) । तर यो पद्धतिको प्रयोग नेपालका पुरालेखन सामग्रीहरूमा प्रयोग नभएको र भारतमा पनि यसको व्यापक प्रयोग नभएको हुँदा यसको विशेष चर्चा आवश्यक देखिदैन । नेपालका हस्तलिखित ग्रन्थहरूमा पनि कटपयादि अङ्कलेखनको प्रयोग भएको पाइन्छ ।

***

सन्दर्भ सूची

ओझा, रायबहादुर पंडित गौरीशंकर हीराचंद, (१९७१ तेस्रो संस्करण), **भारतीय प्राचीन लिपिमाला**, न्यू दिल्ली : मुन्सीराम मनोहरलाल ।

खनाल, मोहनप्रसाद र नयनाथ पौडेल (सं.),(वि.सं. २०३२) **अभिलेख-माला,** काठमाडौं : सम्पादकद्वय ।

खनाल, मोहनप्रसाद, (वि.सं. २०२९) **नेपालका केही मल्लकालीन अभिलेख,** काठमाडौं : मोहन खनाल ।

चालिसे, पुष्पराज,(२००२) **नेपालको इतिहास र सभ्यता (प्राचीन र मध्यकाल)** , काठमाडौं : रत्नपुस्तक भण्डार ।

जोशी हरिराम(सं.),(वि.सं.२०३०) **नेपालको प्राचीन अभिलेख**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

............वि.सं.२०५५), "लेखन सामग्रीको रुपमा ताडपत्र",**अभिलेख** , (वर्ष १६, अङ्क १६) पृ.३१-३३ ।

............(वि.सं.२०५६)," भूर्जपत्र (भोजपत्र) ", **अभिलेख**, (वर्ष १७, अङ्क १७) पृ. ११-१४ ।

डंगोल,वलरामदास,(वि.सं.२०४४) **अभिलेख बन्दोबस्तको सिद्धान्त र राष्ट्रिय अभिलेखालय**, काठमाडौं : रमादेवी ।

तमोट,काशीनाथ,(वि.सं. २०६९)" पुरालेखमा सहस्रवोधक अक्षराङ्क प्राप्ति" **अभिलेख**(वर्ष३०,पुर्णाङ्क ३०) पृ.६१-६३ ।

दाहाल, पेशल(वि.सं. २०५७) **नेपालको इतिहास**, काठमाडौं : एम.के पव्लिशर्स एण्ड डिस्ट्रिव्यूटर्स ।

दाहाल, पेशल र सोमप्रसाद खतिवडा,(वि.सं.२०५८) **नेपालको कला र वास्तुकला**, काठमाडौ : एम.के. पव्लिशर्स एण्ड डिस्ट्रव्यूटर्स ।

नीहारिका, (२००४),**प्राचीन भारतीय पुरातत्त्व,अभिलेख एवं मुद्राएँ**, वाराणासी: विश्वविद्यालय प्रकाशन ।

पन्त,नयराज, (वि.सं.२०४३) **लिच्छवि संवत्को निर्णय**, काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पाण्डेय, राजवली (सं.२०२२),**अशोकके अभिलेख**, वाराणासी : ज्ञानमण्डल लिमिटेड ।

मैनाली, सावित्री,(वि.सं.२०६३)"*राष्ट्रिय अभिलेखालय स्थित केही महत्त्वपूर्ण हिन्दूग्रन्थ गाताचित्रहरु: एक अध्ययन*" **अभिलेख**, (वर्ष२४,अङ्क२४), पृ.६९-८५ ।

राजवंशी, शंकरमान, (सन् १९७४)"नेपाली लिपि विकास" कैलाश,(२ : १-२)पृ. २३ -१२० (उउद्धरण गर्दा पृ. २३ लाई पृ.१ मानेर उद्धरण गरिएको)

राजवंशी, श्यामसुन्दर(वि.सं.२०६८)"संवत् समस्या र कालक्रम समस्यामा समाधानको वाटो", **अभिलेख** (वर्ष २९, पूर्णाङ्क २९) पृ.४७-६८ ।

राष्ट्रिय अभिलेखालय(प्रका.), वि.सं. २०५८, **नेपाल भाषामा लेखिएका हस्तलिखित अभिलेख ग्रन्थहरुको वर्णनात्मक सूचीपत्र**, काठमाडौं : श्री ५को सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पुरातत्त्व विभाग, राष्ट्रिय अभिलेखालय ।

रेग्मी, जगदिशचन्द्र (२००१),"नेपाल संवत् सम्बन्धमा ऐतिहासिक विश्लेषण", ***कल्चर एण्ड प्रिजरभेसन, जर्नल अफ कल्चर टिचर्स सोसाइटी अफ नेपाल*** (*भोलुम*१, *नम्वर*१,प्रथम सम्मेलन विशेषाङ्क) पृ.१४-२२ ।

रेग्मी, दिनेशचन्द्र, (वि.सं. २०४८) **पुरालेखन परिचय**, काठमाडौ : श्रीमती सुशिला रेग्मी ।

....................(वि.सं.२०६०), **पुरालेखन र अभिलेख** , काठमाडौं : हिमालय बुक स्टल ।

वज्राचार्य, धनवज्र, (वि.सं.२०५३ दोस्रो संस्करण), **लिच्छविकालका अभिलेख** , काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि.

.... (वि.सं.२०५६), **मध्यकालका अभिलेख** , काठमाडौ : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

शर्मा, देविप्रसाद,(वि.सं. २०५९ छैटौं संस्करण), **आधुनिक नेपालको इतिहास**,काठमाडौं : रत्नपुस्तक भण्डार ।

शाक्य, हेमराज(सं.), (वि.सं.२०१७), **वर्ण परिचय (प्रचलित नेवारी लिपि)** , कठमाडौ : श्री ५ को सरकार, पुरातत्त्व र संस्कृति विभाग, नेपाल ।

...................(वि.सं.२०३०) **नेपाल लिपि-प्रकाश**, काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

Buhler, Georg, (1980 Reprinted), **Indian Paleography**, New Delhi : Oriental Books Reprint Corporation.

Burkitt,M.C.,(1992 Fourth impression) ,**The Old Stone Age**,Delhi : Rupa & Co.

Dani, Ahamad Hasan, (1986, First Indian edition), **Indian Palaeography**, New Delhi: Munshiram · Manoharlal Publishers Pvt.Ltd.

Gelb, I.J., (1965 2nd ed., 2nd Impression) **A Study of Writing** , Chicago& London: The University of Chicago Press .

Gnoli, Raniero, (1956), **Nepalese Inscriptions In Gupta Characters, Part I** , Roma : Istituto Italiano per il medio de estremo oriente .

Goyal,S.R.,(1979) " Brahmi An Invention of the Early Mauryan Period " **The Origin of Brahmi Script**. (Edited book by S.P Gupta and K.S.Ramachandran)

Gupta, S.P and K.S.Ramachandran(edit), (1979), **The Origin of Brahmi Script** , Delhi : D.K. Publications .

Regmi, D.R., (1983) **Inscriptions of ancient Nepal (vol II)**, New Delhi : Shakti Malik, Abhinav Publications .

................(1983) **Inscriptions of ancient Nepal (vol III)**, New Delhi : Shakti Malik, Abhinav Publications .

Rijal Babu Krishna,(1979),**Archaeological Remains of Kapilvastu, Lumbini Devadaha**, Kathmandu : Educational enterprises (PVT) LTD.

Rimal, Raju (2069 BS). "A Brief Introduction to the Collection of the National Archives and to Scripts, along with Script Tables for *Skandapurans* and *Lankavatara* Manuscripts" **Abhilekha,** (vol 30,no.30) p.120-132 .

Sircar,D.C. (1965), **Indian Epigraphy**, Delhi: Motilal Banarsidass

g]kfnL

k'/fn]vg kl/ro